# खजुरा प्रज्ञा प्रतिष्ठान

खजुरा गाउँपालिका
भाषा, साहित्य, कला र साँस्कृतिक विभागको प्रकाशन

# खजुराको बृहत् इतिहास

खजुरा प्रज्ञा प्रतिष्ठान

खजुरा गाउँपालिका खजुरा, बाँके

खजुरा गाउँपालिकाको भाषा, साहित्य, संस्कृति र कला विभाग
खजुरा प्रज्ञा प्रतिष्ठानको प्रकाशन

| | |
|---|---|
| कृति | : खजुराको बृहत् इतिहास |
| सम्पादक | : डा. इन्द्रबहादुर भण्डारी, |
| सह-सम्पादक | : मणिदेव अर्याल |
| विधा | : ऐतिहासिक विषयवस्तुको खोजमूलक लेखसङ्ग्रह |
| प्रकाशक | : खजुरा प्रज्ञा प्रतिष्ठान, खजुरा गाउँपालिका बाँके । |
| सर्वाधिकार | : खजुरा प्रज्ञा प्रतिष्ठानमा |
| विशेषज्ञ मूल्याङ्कन | : सहप्राध्यापक तेजबहादुर के.सी. र डा. इन्द्रबहादुर भण्डारी |
| प्रकाशन मिति | : २०८० जेठ |
| व्यवस्थापन | : मणिदेव अर्याल |
| व्यवस्थापन सहयोगी | : माधव शर्मा, कल्पना पौडेल, प्रदीप सुनार |
| भाषा सम्पादन सहयोगी | : नरबहादुर बाँठा, चरित्रा शाह, हिमाल पौडेल |
| आवरण फोटो सौजन्य | : सतिश निरौला |
| प्रकाशन प्रति | : ७०० |
| मूल्य | : ७५०/- |
| सेटिङ र डिजाइनिङ | : सकिल इद्रिसी, गुल्जार हसन |
| मुद्रण | : मिसन अफसेट प्रेस, कोहलपुर, बाँके |

# शुभकामना

हामीले यस गाउँपालिकाको नेतृत्व सम्हालेपछि यस गाउँपलिकामा रहेको भाषा, साहित्य, कला सँस्कृति लगायतका सम्पदाहरूको संरक्षणका लागि नेपालको संविधानले व्यबस्था गरेको संवैधानिक अधिकारको प्रयोग गरी यस पालिकामा प्रज्ञा प्रतिष्ठानको गठन गरेका थियौं । यस समितिले तत्कालै आफ्नो महत्वपूर्ण कार्य सम्पन्न गरेको छ । यस कार्यप्रति हामीले निकै गर्व गरेका छौं ।

इतिहास भनेको विगतप्रतिको दस्तावेज त हो नै साथै विगतको गौरवशाली परम्पराको अभिलेखीकरण पनि हो । यो कार्य अरू कार्यजस्तो सरल र सहज छैन यसका लगि जिम्मेवारीपूर्ण खोजी र अध्ययनको त आवश्यकता पर्छ नै साथमा लेखन सिप र ज्ञानको भरपूर आवश्यकता पर्छ यसका लागि हाम्रो प्रज्ञा प्रतिष्ठानका साथीहरू अत्यन्तै सक्षम रहेछन् भन्ने कुरामा अब दुईमत देखिन्न । यस कार्यमा खजुराको सम्पूर्ण पक्षको ऐतिहासिक विवरणहरू समावेश भएका छन् । यस कार्यका लागि यो प्रज्ञाको टिमले निकै नै मेहनत गरेको छ । यसका लागि यस पालिकाको तर्फबाट यो टिमलाई धेरैधेरै बधाई दिन चाहन्छौं । यसमा लगभग आउनुपर्ने सबै विषयहरू आएका छन् र यदि छुटेका विषयहरू छन् भने ती विषयहरूलाई आगामि प्रकाशनमा समेटिने नै छ । इतिहास लेख्ने काम स्थिर हुँदैन यसको गतिसँगै आगामी दिनमा यसले गति पाउने नै छ ।

खजुरा गाउँपालिका त्यस्तो पालिका हो जसले निकै ठूलो इतिहास बोकेको छ । जहिलेदेखि यहाँको माटोले वीर सपूतहरूको स्पर्षपूर्ण माया प्राप्त गऱ्यो त्यहिले देखि नै यहाँको धर्तिले गौरवपूर्ण इतिहास रच्दै आएको छ । वीर शहिद यही धर्तिले जन्माएको छ भने भाषा, साहित्य, कला, सँस्कृति त छँदै छ साथमा र खेलकुद, शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा यस धर्तिले अमर सन्तानहरू जन्माएको थियो जसको इतिहास कुनै दिन कसै न कसैबाट लेख्नु नै पर्ने थियो । यो कार्य अहिले आएर सम्पन्न भएको छ । खजुरेली जनतालाई एउटा सुन्दर फूल उपहारका रूपमा सुम्पिएका छौं । यसको चाँजोपाँजो मिलाउन अत्यन्तै सार्थक मेहनत गर्नुहुने खजुरा प्रज्ञा प्रतिष्ठानका उपकुलपति डा. इन्द्रबहादुर भण्डारी र उहाँको टिमलाई धेरैधेरै धन्यवाद ज्ञापन गर्दै यस कृतिको भव्य स्वागत होस् भन्ने शुभकामना व्यक्त गर्दैछौं ।

**डम्बरबहादुर बि.क. 'तुफान'**
**कुलपति**
**खजुरा प्रज्ञा प्रतिष्ठान**
**खजुरा गाउँपालिका बाँके ।**

# शुभकामना

खजुरा क्षेत्रलाई विगत लामो समयदेखि भोग्दै र चिन्दै आएको परिवेशमा यस क्षेत्रले गौरवशाली इतिहास बोक्दै आएको छ । यहाँका हरेक बस्तीबस्तीहरूमा समाज परिर्वत र इतिहास निर्माणको सुगन्ध फैलिँदै आएको छ । यहाँको राजनीति, संस्कृति, साहित्य, भाषा, कलालगायतका विषयहरूले पश्चिम नेपालकै प्रतिनिधित्व गर्दै आएका छन् । लोकतन्त्रको स्थापनापश्चात् यस गाउँपालिकामा स्थापना भएको पालिका स्तरीय देशकै पहिलो प्रज्ञा प्रतिष्ठानले यहाँको गौरवशाली इतिहासलाई लिपिवद्ध गर्ने महान् कार्य सबैका लागि अनुकरणीय छ । खजुरा गाउँपालिका त्यस्तो पालिका हो जसले पश्चिम नेपालमा चेतनाको दियो बाल्दै वीर सपूतहरूलाई जन्माउने काम गरेको छ भने तिनीहरूको न्यानो स्पर्शपूर्ण माया पनि प्राप्त गर्दै आएको छ जसको फलस्वरूप यहाँको धर्तिले गौरवपूर्ण इतिहास रच्दै आएको छ । राष्ट्रको लागि बलिदान दिने वीर शहिद यही धर्तिले जन्माएको छ भने भाषा, साहित्य, कला, सँस्कृतिको गौरवशाली परम्परा पनि छ साथमा खेलकुद, शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा यस धर्तिले अमर सन्तानहरू जन्माएको छ । यहाँको इतिहास कुनै न कुनै दिन कसै न कसैबाट लेख्नु नै पर्ने थियो । यो कार्य अहिले आएर खजुरा प्रज्ञा प्रतिष्ठानले सम्पन्न गरेर खजुरेली जनतालाई एउटा सुन्दर फूल उपहारका रूपमा सुम्पिएको छ । यसको सफल र सार्थक नेतृत्व गर्ने खजुरा प्रज्ञा प्रतिष्ठानका उपकुलपति डा. इन्द्रबहादुर भण्डारी, मणिदेव अर्याल, माधव शर्मा र कल्पना पौडेलको टिमलाई धेरैधेरै धन्यवाद ज्ञापन गर्दै यस कार्यको भव्य स्वागतका साथ शुभकामना व्यक्त गर्दछौं ।

**अर्जुन सुवेदी**
**प्रमुख प्रशासकीय अधिकृत**
**खजुरा गाउँपालिका बाँके ।**

# सम्पादकीय

समाजका धेरै महत्वपूर्ण विषयहरू त्यसै त्यसै खेर गइरहेका छन् जसको भविष्यमा निकै नै ठूलो मूल्य र महत्व हुने छ । भविष्यले सही दिशा प्राप्त गर्नका लागि विगतको अध्ययन, समीक्षा र मूल्यबोध गर्नुपर्ने जरूरी हुन्छ । खजुरा गाउँपालिका त्यस्तो पालिका हो जसले निकै ठूलो इतिहास बोकेको छ । जहिलेदेखि यहाँको माटोले वीर सपूतहरूको स्पर्शपूर्ण माया प्राप्त गर्‍यो त्यहिले देखि नै यहाँको धर्तिले गौरवपूर्ण इतिहास रच्दै आएको छ । वीर शहिद यही धर्तिले जन्माएको छ भने भाषा, साहित्य, कला, सँस्कृति त छँदै छ साथमा खेलकुद, शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा यस धर्तिले अमर सन्तानहरू जन्माएको थियो जसको इतिहास कुनै दिन कसै न कसैबाट लेख्नु नै पर्ने थियो । समय अलि ढिलो त भएकै हो तर पनि हामी यसतर्फ प्रतिवद्ध थियौं । आउने पुस्तालाई विगतको गौरवशाली परम्परा सुम्पिनु त पर्ने नै थियो साथमा विगतप्रति न्याय गर्नु पनि थियो । त्यसैले खजुरा गाउँपालिकाको प्रतिवद्धतापूर्ण सहयोग, सचेत जनताको हौसलापूर्ण सहयोग र साथीहरूको लगनशीलतापूर्ण खटनपटनले गर्दा यो कार्यले सार्थकता प्राप्त गरेको हो । खजुरा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष लगायत आठवटै वडाका वडा अध्यक्षज्यूहरू, प्रमुख प्रशासकीय अधिकृत, लेखाअधिकृत प्रति अमूल्य सहयोगका लागि आभार प्रकट गर्दछौं । इतिहास लेखकहरूप्रति त आभार प्रकट गरेर मात्रै पुग्दैन उपयुक्त समयमा मूल्याङ्कन त गरिने नै छ ।

खजुराको इतिहास हालसम्म कतैबाट पनि लेखिएको छैन । यो यस विषयको पहिलो प्रयास हो । यसमा लगभग सबै जसो प्राथमिक श्रोतका सामग्रीहरू आएका छन् । यसमा समावेश गरिएका सामग्री र कलविभाजनको आधार लेखकको आफ्नै रूची, इच्छा र सामग्री उपलब्धतामा भर परेको छ । यसमा आएका सम्पूर्ण सामग्री लेखकका आफ्नै निजी सम्पत्ति र सामग्रीहरू हुन् । यी लेखहरूको विश्वासनीयता र वैधता लेखक आफै भएकाले यससम्बन्धी जिज्ञासा वा सल्लाह सुझाउ लेखकले आगामी प्रकाशनका लागि सङ्कलन गर्नु हुने नै छ र थप अध्ययनको विषय पनि हुनसक्छ । यो यस्तै भयो अब आउने संस्करणमा यसको परिमार्जन र परिष्कार हुने नै छ । धेरै कुराहरू छुटेका छन् । राख्नैपर्ने र हटाउनै पर्ने विषयलाई आगामी संस्करणमा समावेश गरिने छ । अन्तमा यस कार्यले देश र समाजलाई योगदान दिन सकोस् र पाठकहरूबाट यसको उचित स्वागत होस् भन्ने अपेक्षा गर्दछौं ।

**सम्पादक**
**डा. इन्द्रबहादुर भण्डारी**


# विषय क्रम


| शीर्षक | पेज नं. |
|---|---|
| १. खजुराको सामान्य परिचय | १ |
| २. खजुराको राजनीतिक इतिहास – *नरेन्द्रजङ पिटर* | ३ |
| ३. खजुराको साहित्यिक इतिहास – *डा. इन्द्रबहादुर भण्डारी* | ६९ |
| ४. खजुराको शैक्षिक इतिहास – *ऋषिराम सापकोटा* | ९१ |
| ५. खजुराको साँस्कृतिक इतिहास – *सुन्दर गुरूङ* | १३५ |
| ६. नारी सशक्तिकरण हिजोदेखि आजसम्म – *कल्पना पौडेल* | २१६ |
| ७. खजुराको धार्मिक इतिहास – *बोधराज प्याकुरेल* | २४५ |
| ८. खजुराको सामाजिक इतिहास – *सुरेशकुमार खत्री* | २९६ |
| ९. खजुराको मधेसी मुस्लिम इतिहास – *आरिफ खान* | ३२१ |
| १०. खजुरा मधेसी समुदायको इतिहास – *इमरान खान* | ३५५ |
| ११. खजुरा गाउँपालिकामा नेपाली काङ्ग्रेस – *राजेन्द्र आचार्य* | ३७५ |
| १२. पञ्चायत कालमै थियो खजुरामा "कम्यून" – *सतिश निरौला* | ३७८ |
| १३. खजुरामा स्नातकोत्तर तह उत्तीर्ण गरेका व्यक्तिहरूको विवरण | ३८० |

# खजुराको सामान्य परिचय

खजुरा गाउँपालिका नेपालको पछिल्लो प्रशासनिक विभाजन अनुसार लुम्बिनी प्रदेशको बाँके जिल्लामा पर्दछ । उचाईमा विवधता नभएकोले भौगोलिक रूपमा अनुकूल यो गाउँपालिकामा समुन्द्र सतहबाट १३० मि. देखि १६४ मि. को उचाईसम्मको मात्र विविधता रहेको छ । १०१.९१ वर्ग कि.मी. क्षेत्रफल रहेको यस खजुरा गाउँपालिकाको पूर्वमा कोहलपुर नगरपालिका र जानकी गाउँपालिका, पश्चिममा बर्दिया जिल्ला, उत्तरमा बैजनाथ गाउँपालिका र दक्षिणमा भारत पर्दछन् ।

तत्कालीन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरेको नमुना बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगले मिति २०७३ पुस २२ मा पेश गरेको प्रतिवेदन अनुसार तत्कालिन संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा देहाय बमोजिम साविकका गा.वि.स. बागेश्वरी, सीतापुर, राधापुर, उढरापुर, सोनपुर, र रनियापुर समेटर ८ वटा वडाहरू कायम गरी यो गाउँपालिका निर्माण गरिएको हो । यस गाउँपालिकाको कुल क्षेत्रफल १०१.९१ वर्ग किलोमिटर रहेको छ । २०७८ को जनगणना अनुसार खजुरा गाउँपालिकाको कुल जनसंख्या ६२,७८९ रहेको छ जस मध्य पुरूषको जनसंख्या २९,५७९ र महिला जनसंख्या ३३,२१० जना रहेको छ र जम्मा परिवार संख्या १३,७०६ रहेको छ । यस गाउँपालिकाको मुख्य बजार खजुरा १ र खजुरा २ मानिन्छ २०७८ को जनगणना अनुसार गाउँपालिका तर्फ सबै भन्दा बढी जनसख्या हुनेमा खजुरा गाउँपालिका तेस्रो स्थान रहेको छ ।




सौजन्य : खजुरा गाउँपालिका

# खजुराको राजनीतिक इतिहास

नरेन्द्रजङ पिटर

## परिचय

समयको पदचापसँगै जति ज्ञानका क्षेत्रफल चौडिंदै जान्छन्, सूचनाले इतिहास बोध गर्दै, खार्दै जान्छ तब हरेक क्षेत्रको आफ्नै एउटा महाकाव्य बन्न सक्छ । त्यस्तै खजुरा क्षेत्र अझ अन्तर्राष्ट्रिय सीमासँग जोडिएको सीमावर्ती गाउँ पनि भएकाले यसको सामरिक महत्व समेत जोडिएको छ । खजुराको इतिवृत्तमा समग्र पश्चिम अझ बाँकेको राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक इतिहासको सम्बन्ध पनि गाँसिन्छ । यो एउटा राजनीतिक भुगोल मात्रै नभएर सामाजिक मनोविज्ञान पनि हो । कुनैबेला नयाँ मुलुकको सदरमुकाम र कालान्तरमा मध्य तथा सुदूरपश्चिमाञ्चलको केन्द्र रहेको नेपालगञ्जभन्दा ८ किलोमिटर पश्चिम, बर्दिया सडक खण्डदेखि खजुरा गाउँपालिका सुरू हुन्छ । वि.सं. १९६२ मा प्रधानमन्त्री चन्द्र शमशेरले अङ्ग्रेज ठेकेदार कोइलियारलाई काठको ठेक्का दिएपछि यहाँका काठ पानी जहाजका पटरा बनेर सात समुद्रयात्रा गर्न थाले । अझ सन् १८८६ डिसेम्बर १५ देखि त रूपैडिहासम्म रेल नै आइपुग्यो । त्यसबेला भनिन्थ्यो, "हरियो वन, नेपालको धन" । अहिले पनि साँघुरो बाटालाई बाँके–बर्दियामा कोलियारको नामबाट कोलिया भन्ने गरिन्छ ।

छ दशक पहिलासम्म छिचोल्नै नसक्ने महाझाडी जङ्गलै जङ्गल, हिंस्रक जनावर, विषैला सर्प र बिच्छीको बासस्थान रहेको खजुराको तत्कालीन अवस्थाको बारेमा आजको सोंचले वास्तविकता पहिचान गर्नै सकिँदैन ।

## पृष्ठभूमि

खजुराको बारेमा लेख्दै गर्दा इतिहासका बारेमा पनि जान्नुपर्ने र भन्नुपर्ने हुन्छ । वास्तवमा हामी त्यहि मात्र देख्न खोज्छौं, जे हामी देख्न चाहन्छौं तर इतिहासले भने देख्न नचाहेको विषय पनि देख्न वाध्य बनाउँछ, शिक्षा दिन्छ, नलिनेलाई दण्ड पनि दिन्छ ।

इतिहास लेखनमा कालक्रमको आवश्यकता हुन्छ । "रोम एकैदिनमा बनेको होइन" भन्ने भनाइ जस्तै कुनै पनि ठाउँ विकसित क्षेत्र बन्ने कारणमा युगका धेरै कथा व्यथा, शक्तिबीच टसलका परिणाम जोडिएका हुन्छन् ।

बाँकेको खजुरा पनि यस भेगकै राजनीतिक सत्ताको विभाजनमा पर्दैगयो । कहिले जुम्ला, दैलेखको स्वामित्वमा, कहिले अङ्ग्रेजको त कहिले चर्दा र नानपारा सियासतको । फेरि नयाँ मुलकको राणाहरूको मौजा बिर्ता । स्वामित्वका चरित्रसँगै परिचय पनि फेरिँदै गए । भूगोल त त्यहि रहन्छ तर शासकहरू बीचका टसल र युद्धले राजनीतिका सीमा भने फेरिँदै जान्छन् । राजस्वामित्व फेरिँदै जाँदा जनपरिचय पनि फेरिँदै जान्छ । भूगोलको परिचय पनि फेरिँदै जान्छ । इतिहासमा वैश्विक र क्षेत्रीय शक्ति सन्तुलनले प्रभाव पारिरहन्छ । एउटा सानु थलाको इतिहास, सभ्यता, भाषा, संस्कृति र आर्थिक सम्बन्धले राष्ट्रिय र क्षेत्रीय सरोकार पनि राख्छ ।

इतिहास कथा र उपन्यास त हुँदै होइन, तथ्य र अनुसन्धानमा टेकेर गरिने व्याख्या हो । आजको नजरियाले न अध्ययन गर्न सकिन्छ, न लेख्नै । इतिहासको भूगोल हुन्छ, त्यहाँका बासिन्दा हुन्छन्, भाषा र संस्कृति हुन्छन्, परम्परा र भुइँमान्छेका कथा व्यथा हुन्छन्, सामाजिक टसल हुन्छन् । आर्थिक मनोविज्ञान र समाज सम्बन्धले समाजशास्त्रको महल खडा भएको हुन्छ । सलल बगेको

मैदानी भागको नदी नभै इतिहास पहाडबाट छ्याङ्-छ्याङ्ती बग्ने खोलाभैँ भीरपाखासँग टक्राउँदै आफ्नै बाटो बनाउँदै यात्रा गर्छ । बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक खजुराको इतिहासका घायल पक्ष लेख्न अझ मुस्किल छ । अभिजात वर्गको ऐतिहासिक सौन्दर्य भिन्न हुन्छ भने सवार्ल्टन (भुई-मान्छे) फरक । इतिहास त हित अनुसार व्यवस्थापन गर्ने प्रयास पनि गरिन्छन् तर भुइँमान्छे जागेका बेला बर्चश्वशाली समाजले सोँचे अनुसार भने हुँदैन ।

इतिहासका पात्र र प्रवृत्ति सम्झनाका धेरै कारण हुन्छन् । कसैको निजी आग्रह, मान्यता, विश्वाससँग इतिहासको साइनो हुँदैन । इतिहासबाट ऊर्जा लिन इतिहासलाई सम्झिने गरिन्छ । व्यक्ति, शासन वा समयको हित अनुसार त्यसको महिमा मण्डन गरेर वर्तमानमा आफूलाई सान्दर्भिक बनाउने प्रयत्न गर्छन् भने कतिपयले घृणामा आफ्ना औचित्य खोज्ने । जब इतिहासका गौरव सम्झेर अभिजातहरु आफूलाई श्रेष्ठ सावित गर्न खोज्छन्, त्यसले जातीय अहंकारको रुप लिन्छ । तब सवार्ल्टनहरु (भुई-मान्छेहरू) इतिहासका कुरुपताका चिहान खोतलेर अभिजातीय चिन्तन, संस्कृति माथि जाइलाग्नु स्वाभाविकै हो । खजुराको इतिहास लेखनपूर्व यति लेखिसकेपछि गम्भीर पाठकले खजुराबारे लेखकले के लेख्यो ? भन्ने तस्वीरमा संवेदना, सूचना, सपना, सभ्यता विकासमा सामाजिक टसलका झल्को नियाल्न सक्छन् । इतिहासले आफ्नो युगीन भूमिका व्यक्तिमार्फत् समाजमा सोंचको हस्तान्तरण गर्छ । ती नायक र खलनायक जे पनि हुन सक्छन् । नायकत्व जोगाउनु व्यक्तिका लागि सबभन्दा ठूलो चुनौती हुन्छ । इतिहासले निर्मम यात्रा गर्छ, कसैलाई पनि दयामाया गर्दैन । आजका नायक वा शक्तिकेन्द्र कुन दिन ध्वस्त हुने हुन् थाहापत्तै हुँदैन । खजुराका धेरै प्रधानहरू अहिले कसैको सम्झनामा छैनन् ।

५० वर्षका खजुराका ठूलेहरूको याद गर्ने सम्झने मान्छे अहिले प्रायः भेटिँदैनन् । खजुराको इतिवृत्त खोतल्न थाल्दा विस्मृतिका गर्भमा छिपेका तथ्य उधेल्न मैले धेरै पाका र अध्येतासँग सर्म्पक गरेँ । सन्दर्भ सामग्री खोज्न थालेँ । निरर्थक रह्यो । यसै त नयाँ मुलुक, त्यसमा पनि खजुरा । खजुराबारे हिजो सम्झँदै छु, आज देख्दै छु, भविष्यलाई गम्दैछु । लोक कथा, जुम्ला र दैलेखी इतिहास, अङ्ग्रेजी गजेटियर र भारत स्वतन्त्र पहिलाका चर्दा र नानपारा स्टेटका अभिलेखले लेखन अध्ययन आवश्यक भयो । अङ्ग्रेजी गजेटियर अध्ययन नगरी यस भूगोलको इतिहास अध्ययन गर्न मुस्किल पर्‍यो । त्यसै सजगतामा यो ऐतिहासिक लेख तयार भएको हो ।

## खजुरा

खजुराको अर्थ चुल्ठो बाट्ने धागो वा फुसको घर छाउने खजुर पात भए तापनि बाँके, खजुराको नामकरण भने कनसुत्लोको (कनखजुरा) कारण मानिन्छ । विगतदेखि वर्तमानसम्म खजुरा नियाल्दा यस बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक भूगोलका अनेकौं पक्ष छन् । जङ्गल क्षेत्र, कनसुत्लोको बिगबिगी, छोटी खजुरा, बडी खजुरा, बजार खजुरा, खजुराखुर्द, पुनर्वासको मर्म, बसाइँसराइका मनोभाव, पुराना बस्तीहरूका ज्ञात अज्ञात कथाहरु । रैथाने थारु मात्रै हुन्, अन्य जातिहरु विभन्न समयमा बसाइँ सर्दै यस भेगमा आए । कोही एङ्गलो नेपालवारको आसपास, कोही पुनर्वास सुरू भएपछि । पूर्वी बाँके र पश्चिम बाँकेका बस्तीका कथा पनि फरक छन् ।

राजनीतिक भूगोल बन्छन्, भत्कन्छन्, फेरि फैलिन्छन् । खजुरा पनि यसै नियतिबाट गुज्रिरहेको छ । अहिलेको खजुरा

गाउँपालिका २७ फागुन २०७३ पहिला राधापुर, सीतापुर, बागेश्वरी, सोनपुर, उढरापुर र रनियापुर गरी ६ वटा गाउँविकास समिति थियो । तिनलाई मिसाएर एक सय दुई वर्ग किलोमिटरमा फैलिएको ८ वार्डको राजनीतिक भूगोल नै खजुरा गाउँविकास समितिको नयाँ परिचय खजुरा गाउँपालिका हो । सोनपुर, उढरापुर र रनियापुर गाउँहरू प्रायः पुराना बस्तीहरू हुन् । बाँकी घना जङ्गललाई आवादी गरेर पुनर्वास, बस्ती विकास र बसाइँसराइबाट बसेका पछिल्लो कालखण्डका गाउँहरू । अझ रनियापुर त मुस्लिम बाहुल्य एउटै बस्ती रह्यो । प्रायः सबै जिल्लाका मानिसहरू बसाइँ सरेर खजुरा पुगे । बर्मा र पूर्वोत्तर भारतबाट खेदिएका नेपाली भाषीको पनि शरणस्थली पुनर्वास बन्यो ।

खजुरा क्षेत्रको इतिहासलाई चार कालखण्डमा राखेर अध्ययन गर्न सकिन्छ :

क) एङ्गलो नेपाल युद्द पहिला

ख) एङ्गलो नेपाल युद्ध १९५१ देखि २००७ सम्म

ग) सन् १९५१ देखि पुनर्वास थालनीसम्म

घ) पुनर्वास थालनीदेखि अहिलेसम्म २०७९

## एङ्गलो नेपाल युद्ध पहिला

बसाइँसराइ मानवीय स्वभावै हो । राज्य र राष्ट्र अवधारणा विकास पहिला यो क्षेत्र घनाजङ्गल र अत्यन्तै कम मानव बस्ती थियो । राज्यको उपस्थिति थिएन । प्रोफेसर डा. महेश चौधरीका अनुसार, "चौथो हिमयुगको अन्त्यसँगै ११ हजार वर्ष पहिलासम्म रहेको क्वाटर्नरी हिमयुग (Quaternary Iceage) यहाँ मानव बस्तीको सुरूवात भयो । मानव महाविचरणकालमा बर्दियाली मानवको उपस्थिति दान वा तालमा रहेकोमा नवशास्त्रीहरूको

ठम्याई छ । (१) थारूहरूलाई औलो लाग्दैन । मलेरिया प्रतिरोधी जिनका कारण हो । मलेरियाको कालखण्ड ३ हजार २ सय वर्ष पुरानो छ । त्यसभन्दा पहिला देखिनै थारूहरु यहाँ रहेको प्रमाणित हुन्छ । राज्यको विकासका साथै पशुपालनका ग्वालाहरु सीमा रहित भूगोलमा यत्रतत्र विचरण गर्थे, छेकथुन थिएन । राजा रजौटाले ठूला सामन्त हुँदै किसानहरूमा उठाइने कर जुन क्षेत्रसम्म उठाउन सक्थे आखिर त्यही नै उक्त सामन्तको राज्य बन्थ्यो । राज कृपापात्र क्षेत्रीय सामन्तका शिकार क्षेत्र या पशुचरणका कारण राज्यका सीमा निर्धारित हुन्थे । सीमा स्पष्ट हुँदैनथ्यो । यो क्षेत्र एङ्गलो नेपाल युद्ध पहिला अवधन बाबाको मातहतमा थियो भने आजको नेपाल बन्नु पहिला बाँकेको अवस्था जुम्ला र दैलेखी राज्य अन्तर्गत अझ दक्षिणतिर फैलिएको थियो । स्वतन्त्रता पहिला भारत भन्ने देशै थिएन, रियासत मात्र थिए । बादशाहको अधीनमा रजौटा र रियासत हुन्थे । मुगलकालको पनि बन्न नसकेको एकीकृत छिमेकीमुलुक अङ्ग्रेजले भारत बनाए । इतिहासकार रामनिवास पाण्डेका अनुसार, "पश्चिम नेपालका राजवंशका मल्लहरु पालवंशी हुन सक्छन्" भनेका छन् । उनका अनुसार, "जुम्लाका राजा अवशेष चल्लले आफूलाई गौड परिवारका तथा दानव भूतलका राजा समेत भनेका छन् ।" दानव भूतल भनेको बर्दियाको दानवा ताल नै हो । 'गौड' भारतको एउटा प्रदेश हो, जहाँ पालवंशीहरूको राज्य थियो । आठौं शताब्दीदेखि ११ औं शताब्दीसम्म नेपालगञ्जको यो भूमि पालवंशी मल्लहरूको अधीनमा रहेको थियो । सुरूमा जुम्ला राज्य अन्तर्गत तराईको मलवारा क्षेत्रसम्म रहेको साम्राज्यमा नेपालगञ्ज र यसको भू-भाग रह्यो । वि.सं. १४७० देखि बाइसी राज्यको निर्माण प्रारम्भ भयो । वि.सं. १२०० देखि १४७० सम्म कर्णाली प्रदेशका खस मल्ल राजाहरूको

अधिनमा नेपालगञ्जको भू-भाग रहेको थियो ।"

"चौधौं शताब्दी दैलेखमा सामन्त कर्णसिंह रावल राज्य विस्तार गरी नयाँ राज्य निर्माण गरेर राजा हुने मनसायले तराईतिर झरे । उनी आफ्ना केही सैनिकहरूका साथ तराई त झरे तर तराईको औलो सहन नसकेर टिक्न सकेनन् । कर्णसिंह रावल थारु सैन्य सङ्गठन गरी जङ्गल फाँडी राज्य बिस्तार गर्न थाले । उनको मिलनसारता थारु संस्कृति प्रतिको प्रेमले गर्दा थारूहरूले उनलाई देवता समान मान्न थाले । करण र जुवा उनीहरूको मिथकीय नायक बने । कर्णसिँह रावल पनि तराईको औलो सहन नसकेर बिते । थारूहरूले उनको समाधी बनाई उनलाई देवता सरह पुज्नथाले ।" - ३

मेचीदेखि महाकाली - ४ को समालोचना गर्दै वि. विकास लेख्छन्, "ऐतिहासिक पृष्ठभूमिमा बाँकेलाई पूर्वमा खसिया मल्लहरूको अधीनमा खसिया मल्लहरूको पतनपछि चौधौं शताब्दीमा कर्णाली प्रहण्व क्षेत्रको बाइसे राज्यहरु मध्ये दैलेखको अधीनमा रणबहादुर नायबीकालमा आछाम र डोटी सर गरी एकीकरण हुँदाको अवस्थामा अवधका नवाव, बजिर र अङ्ग्रेज इष्ट इन्डिया कम्पनीसँग सीमाना विवाद नउठेको उल्लेख गर्छन् । यो भेग अछाम, दैलेखलाई एकीकृत नेपालमा विलय गराउँदा बहादुर शाहको नायबीकालमा नेपाल सरहद भएको देखिन्छ ।" - ४

## एङ्ग्लो नेपाल युद्धदेखि १९५१ (२००७ सम्म)

सन् १८१४ देखि १६ सम्म भएको एङ्ग्लो नेपाल युद्ध र सन् १८१६ को सुगौली सन्धिले नेपालको आफ्नो अधीनस्थ २ तिहाइ भू-भाग गुमाउनु परेको थियो । सन्धिमा ब्रिटिस इस्ट इन्डिया कम्पनी र नेपाल बीच २ डिसेम्बर १८१५ मा हस्ताक्षर भएर पुष्टि

४ मार्च १८१६ भयो । सन्धि गरेर ब्रिटिसद्वारा पर्वतीय राज्य नेपालमाथि दोस्रो पल्ट आक्रमणले अङ्ग्रेज-नेपाल युद्ध समाप्त भयो । यो भेगमा अङ्ग्रेजी श्रेष्ठता कायम भयो । सन्धिमा हस्ताक्षर गर्नेमा नेपाल पक्षबाट राजगुरू गजराज मिश्र र चन्द्रशेखर उपाध्याय तथा ब्रिटिस कम्पनी पक्षका लेफि्टनेन्ट कर्नेल प्यरिस ब्राडसा थिए । सन्धिपछि यो क्षेत्र ब्रिटिस इन्डियालाई गएको हो ।

एङ्लो नेपाल युद्धसम्मका अङ्ग्रेजले दक्षिणतिरका अधिकांश रियासत कब्जा गरिसकेका थिए । नेपालकै पनि पूर्व-पश्चिम र दक्षिणका धेरै क्षेत्र कब्जा गरेर सुगौली सन्धिका लागि बाध्य पारे । फ्रान्स र डचलाई भारतमा तह लगाइ सकेका थिए तर सन् १८५७ मा आइपुग्दा भने परिस्थिति फेरियो । रियासत र जनताको संयुक्त सशक्त प्रतिरोध पहिलो स्वतन्त्र सङ्ग्राम गदर बिद्रोह झेल्न कठिन पर्‍यो । गदर बिद्रोहको केन्द्र अवधको लखनउ बनेको थियो । नवाबले आत्मसमर्पण गरेका थिएनन् । गदर नेता नाना रावहरूलाई अङ्ग्रेजले परास्त गर्न नसकेपछि अङ्ग्रेजले नेपालसँग सहयोग माग्यो ।

सन् १८५७ जुलाई २ मा जङ्गबहादुरले कर्णेल मदनमान सिंह बस्नेतको नेतृत्वमा फौज पठाए । सो टोली बुटबलबाट भारतीय क्षेत्रमा प्रवेश गर्‍यो तर चन्द्रापत्तीमा बिद्रोही आक्रमणमा परी नेपाली कमान्डर मारिए । त्यसपछि अङ्ग्रेज भायसराय लर्ड क्यानिङ्ले नेपालसँग थप सहयोग माग गरे । दोश्रो पटक जङ्गबहादुर राणा आफ्नै नेतृत्वमा सेना सहित ६ जनवरी १८५८ मा गोरखपुर पुगे । जङ्गबहादुरको नेपाल-अङ्ग्रेज सेनाको संयुक्त फौजले ११ मार्चसम्म लखनउमा बिद्रोही गदरलाई दबाउन सफल भयो । - ५

बिद्रोहको गढ लखनउ पराजय भएपछि गदरहरु उत्तरतर्फ

लागे । शरण लिइरहेको नानपारा (२६ दिसंबर १८५८) र चर्दा (२८ दिसंबर १८५८) अङ्ग्रेज सेनाले कब्जा गऱ्यो । नानपारा र चर्दा रियासतको पतनपछि यस भू-भागको नक्सा नै फेरियो । बागी घोषित नानाराव पेशवा बाजिराव द्वितीय एवं बेगम हजरत चर्दामा शरण लिएका थिए । त्यहाँका राजा जोधसिँहले बिद्रोही नेताहरूलाई सम्पन अङ्ग्रेजले दिएको प्रलोभन अस्वीकार गरे । गोण्डा नरेश ज्वाइँ देवीबक्स सिंहको संरक्षकत्व उत्तर तर्फ पठाए । ७ बेगम हजरत महल र नानाराव नेपालको सुनार हुँदै उत्तरपूर्व लागे ।

सन् १८५७ को गदर बिद्रोह दबाउन अङ्ग्रेजलाई नेपालले सहयोग गर्ने बेला तुलसीपुर स्टेट रानी ईश्वरी देवी, (कतैकतै राजेश्वरी देवी पनि भनिन्छ) गोण्डा नरेश देवी, बक्श सिँह, चर्दा नरेश जोध सिंह थिए । – ९

गदर सुरू हुँदा चेहलारीमा बलभद्र सिंह र नानपारामा युवराज जङ्गबहादुर खाँ (राजा मुनव्वर अलीको मृत्यु १८४५ मा भएकाले १३ वर्षीय नाबालक छोरा) रियासतको उत्तराधिकारी रहेका थिए । त्यहाँका एक कमान्डर कल्लू खान बेगम हजरत महललाई नेपालसम्म सुरक्षित पुऱ्याउने मध्य एक थिए । – १०

अधिकांश खजुराका पुराना बस्तीहरु पनि गदर पछाडि आवाद भएका गाउँहरु हुन् । बाँके वा खजुराको आधुनिक राजनीतिक इतिहासको चर्चा गर्दै दक्षिणी सीमा अवधमा चलेको अङ्ग्रेज विरोधी गदर बिद्रोह, नानपारा र चर्दा रियासतको उल्लेख गरिनु अनिवार्य भएको हो । २९ डिसेम्वर १८५८ मा चर्दा राजपतन भएपछि नरेश जोध सिँह चर्दाबाट खजुरा सँगैको जोडिएको परसपुर ढोडे गाउँमा रहन थाले । गदरका अधिकांश बिद्रोहीहरु बाँकेमै बसे, फर्केनन् । उनै चर्दा नरेश जोध सिंहका चौथो पुस्ता

कुँवर बबन सिंह, पाचौँ पुस्ता कुँवर मुरारी सिंह, छैटौँ पुस्ता ठाकुर अमोल सिंह हुन् । उनीहरूसँग १४ मौजा बिर्ता थियो । बिर्ता उन्मूलन र भूमि सुधार लागेसँगै सिंह परिवारको सय बिघा भन्दा ज्यादा जमिन थियो । - ११

तराई क्षेत्रका केही भागहरु सन् १८१६ मा नेपाललाई फर्काइए तापनि सन् १८५७ को बिद्रोहलाई दबाउन नेपालले दिएको सहयोगको निम्ति कृतज्ञता प्रकट गर्न पुनः यस क्षेत्रका केही भागहरु (हालका बाँके, बर्दिया, कैलाली र कञ्चनपुरको चुरेको दक्षिण पानी ढलो) अङ्ग्रेजले सन् १८६० अक्टुबर १ बढैया ताल (कटकुईया दक्षिण सीमापारी) सन्धिले फिर्ता भए । पूर्वी बाँके तत्कालीन तुलसीपुर स्टेट सँग सम्बन्धित थियो भने पश्चिम चर्दा र नानपाराकै रह्यो । - १२

अरेका कुरा गर्दा कुँवर बबन सिंह भन्छन्, "जैसपुरमा चर्दाको कर असुली आयाम पनि थियो अरे ।"



*(चर्दा नरेश जोध सिंहका चौथा पुस्ता ढोडेगाउँ निवासी कुवर बब्बन सिंह, सुनेका, भागेका र देखेका कुरा लेखकलाई सुनाउँदै)*

अहिलेको खजुरा गाउँपालिकामा पूर्वतिरका बन्जाडे गाउँ, ढोढे गाउँ र उत्तरपूर्व रहेका इन्द्रपुर, खजुराखुर्द, उत्तरतिरका सोनपुर, उढरापुर र रनियापुर भन्दा अन्यत्र खासै मानवबस्ती थिएनन् । गदरका अधिकांश योद्धा नफर्की यहीँ घरजाम बसाए । अङ्ग्रेज ठेकेदारले काठको काम गर्न मजदुर, तिनलाई कज्याउने मेठ र लगानी लगाउने महाजन पनि साथै ल्याए । यसै पनि नेपालगञ्ज बजार बसाउन सुब्बा सिद्दीमान राज भण्डारी र सुब्बा पदम नाथले नेतृत्व गर्दा  साहुकार र व्यापारी त नेपाल सरकारले मुग्लानबाट निम्त्याइएकै थिए ।

गदरको बिद्रोही चेतना निरन्तरता रह्यो । कालान्तरमा लोकाभार किसान आन्दोलनको प्रेरक बन्नपुग्यो । त्यस मनोविज्ञान पछ्याउने राणा शासन विरोधी आन्दोलनका बाँकेका मस्तिष्क प्रजातान्त्रिक काङ्ग्रेसका बाबुकृष्ण शर्मा कुशल सङ्गठक बन्न पुगे । नेपालगञ्जमा राणा शासनको दवाब बढेपछि रूपैडिया अशर्फी लाल भुजउको घरमा दशरथ चन्द आश्रम खुल्यो ।

## वि. सं. २००७ सालदेखि

बाँकेमा वि.सं. २००७ सालको आन्दोलनको नेतृत्व नेपाली काङ्ग्रेसको पूर्वघटक प्रजातान्त्रिक काङ्ग्रेसका बाबुकृष्ण शर्माको अगुवाइमा भयो । कलकत्तामा भएको संयुक्त सम्मेलनले केन्द्रीय सदस्य कुँवर कल्लु सिंह भए । शर्माले आफूभन्दा सिंहलाई अघि सारे । शर्माका भरपर्दो सहयोगी र कुशल सङ्गठक सिंह मङ्गल माध्यमिक स्कुलका शिक्षक थिए । राष्ट्रिय राजनीतिमा संगठनात्मक उपल्लो हैसियत पुग्ने उनी पहिलो तराई, मधेशबाट प्रतिनिधित्व गर्ने नेता हुन् । विद्रोही अखडा गगनगन्जको बिडी फ्याक्टरी

शासनको निगरानीमा परेपछि राणा विरोधी आन्दोलनको केन्द्र रूपैडिया सरेको हो ।

- काङ्ग्रेसमा नरम दल, गरम दल र किसान सङ्गठन हुन्थे । गरम दलमा जनक बहादुर कर्माचार्य र जोगारामजी थारु थिएभने किसान सङ्गठनका अगुवा मामुलायम बेहना र बैजनाथ थारु थिए । गाउँमा जमिन्दार र मोहीकिसान बीच टकराउ अत्यन्तै तीव्र थियो । लोकाभार किसान आन्दोलन र जमिन्दार, मोही किसान बीच बटैया, अधियाँ, तिकुर विषयमा टसल बढ्यो । समस्या बढ्दै गएपछि ब्रम्ह शमशेरको नेतृत्वमा किसान समस्या हल गर्ने कमिटी नेपालगञ्जमा दौडाहामा आयो ।

- लोकाभार किसान आन्दोलनको अगुवा र जुझारू किसान नेता बाबा मुलायम बेहना पूर्वबाट (हाल डुडुवा गाँउविकास समितिको खडैचा, सन्तलिया) र पश्चिमबाट पेडारीका बैजनाथ थारु थिए ।

- बाँकेका अन्तिम राणा बडा हाकिम ध्रुव शमशेर थिए । वि.सं. २००७ साल मङ्सिर १६ गते (२९ जनवरी १९५१) राणाको पश्चिमकिल्ला नेपालगञ्ज ढल्यो । राजेश्वरी प्रसाद उपाध्याय अल्पकालको नेतृत्व रह्यो । नयाँ सत्ताको नेतृत्व केन्द्रीय सदस्य कुँवर कल्लु सिंहलाई चार्ज बुझाउन थालिएपछि चित्रबहादुर गुरूङले विरोध गरेर जगतबहादुर सिंहलाई बुझाइयो ।

- जमिन्दारहरु भारतीय अपराधीलाई लठैत बनाउँथे, उनीहरु मार्फत डकैत गराएर हिस्सा पनि लिन्थे ।

- किसान सङ्घर्षले अत्तालिएका जमिन्दारहरूले नानपारामा जमिन्दार सङ्गठन खोले । त्यसमा ठूला र चर्चित जमिन्दारहरुमा हरिहर गौतम, हरिवंश शर्मा, भारतीय वकिल गोविन्द श्रीवास्तव, फत्तेजंग शाह, विश्वेश्वर मिश्र, खड्ग बहादुर मल्ल थिए भने अन्य जिम्मेवारहरूले उक्त सङ्गठनलाई सहयोग पुऱ्याउँथे । उत्तर प्रदेशका

ठूला जमिन्दारहरु र नेपाली जमिन्दारहरूको घनिष्ठ सम्बन्ध थियो । गोविन्द श्रीवास्तवको खजुरा नजिक बन्जाडे गाउँमा जमिनदारी भएजस्तै भारतीय जमिन्दारहरूको धेरै जमिन बाँके, बर्दियामा थियो ।

- जमिन्दारहरु भारत सरकारमा पहुँच राख्थे । "नेपालमा कम्युनिष्ट आयो, नियन्त्रण गर्नु पर्यो" भन्ने प्रोपोगण्डा फैलिएपछि सन् १९५१ अप्रिल ११ तदनुसार वि.सं. २००७ साल चैत्र २९ गते भारतीय सेना नेपाल पस्यो । पश्चिम राजापुर बर्दियादेखि कटकुइँयासम्म ३ दिन रह्यो । सयौं किसान गिरफ्तार भए ।

- वि.सं. २००७ साल चैत्र २९ गतेको यातनाबाट पेडारीका किसान नेता बैजनाथ थारुको ३ दिनपछि निधन भयो । धम्बोझीका राजाराम कुर्मी र उचुवाका दुलारे पण्डितको यातनाबाटै मृत्यु भयो । काङ्ग्रेसका नेताहरु बाबुकृष्ण शर्मा, ललितचन्द, गोपालबहादुर श्रेष्ठ, बदलुराम नेपाली, प्रेमलाल, गिरफ्तार गरिएर ३० गते बहराइच जेल चलान भए । उनीहरूलाई नेपाललाई सुपुर्दकी गरेपछि वि.सं. २००८ साल भदौ २५ गते तदनुसार १९५१ को १० सेप्टेम्बरमा ६ महिनापछि काठमाडौंबाट रिहाई गरियो ।

कम्युनिष्ट पार्टीलाई वि.सं. २००८ मा प्रतिबन्ध लागे पनि किसान आन्दोलन भने रोकिएन ।

पहिलो संसदीय चुनावमा बाँके एउटै मात्र निर्वाचन क्षेत्र थियो । यसलाई क्षेत्र नं ६३ भनिन्थ्यो । २०१५ फागुन ७ बाट सुरू भएको चुनाव वि.सं. २०१६ साल बैशाख १८ गते अन्तिम परिणाम आयो । चुनावमा ५ दलले प्रतिस्पर्धा गरे । ४ जना स्वतन्त्र उम्मेदवार थिए । नेपाली काङ्ग्रेस विजय भयोभने निकटतम प्रतिद्वन्दी स्वतन्त्र उम्मेदवार थिए ।

**पहिलो संसदीय चुनाव बाँकेका उमेदवार र पाएका मत**

१) ललित चन्द नेपालगञ्ज, नेका,
प्राप्त मत - (७ हजार २ सय २३)

२) राम गोाल पुरैना, स्वतन्त्र,
प्राप्त मत - (३ हजार ४ सय २९)

३) योगेश्वर मिश्रा वैध्य स्युपुर, स्वतन्त्र,
प्राप्त मत - (१ हजार १ सय ४९)

४) मुलचन्द आजाद नेपालगञ्ज बजार, संप्रपा,
प्राप्त मत -(१ हजार १४)

५) रूपसिंह क्षेत्री, रामनगर, नेकपा,
प्राप्त मत - (७ सय ६)

६) महावीर प्रसाद, नेपालगञ्ज बजार, हलो नेप्रपा,
प्राप्त मत - (२ सय ९०)

७) बामन प्रसाद नेपालगञ्ज बजार, स्वतन्त्र,
प्राप्त मत - (२ सय ७१)

८) शम्भुप्रसाद श्रेष्ठ ग्यासबाँकीगाँउ, स्वतन्त्र प्राप्त मत - (२ सय ७)

९) इन्द्रमणि नेपालगञ्ज बजार, नेप्रमस,
प्राप्त मत - (१ सय ७९)

काङ्ग्रेसबाट निर्वाचित भएर सांसद र मन्त्री बनेका ललित चन्द पञ्चायत कालका अगुवा बने । तब अधिकांश काङ्ग्रेसीहरु पञ्चायतमा प्रवेश गरे । पुराना काङ्ग्रेसीहरु पञ्चायतका गाउँ फर्के, दाग नलागेका बिरलै छन् ।

**औलो र खजुरा**

पुनर्वासमा बस्ती विकास औलो उन्मूलनपछि मात्रै सुरू भयो ।

नेपालमा औलो उन्मूलन सुरू २० मङ्सिर २०१६ मा भयो भने नेपालगञ्ज कार्यालय स्थापना वि.सं. २०१९ मा (सन् १९६३) भयो । भनिन्छ, "अघोषित फाँसीका लागि प्रशासनले मधेस ल्याएर भोको पेटमा दहीच्युरा खुवाएर सालको पातले छोपेर छोडिदिन्थ्यो । त्यस्ता अभियुक्तहरू मलेरिया लामखुट्टेले टोकेपछि औलो लागेर मर्थे । तराई–मधेशमा पञ्चखत बाहेकका अपराधीलाई कानूनी छुट पनि दिइन्थ्यो ।"

पब्लिक हेल्थ सर्भिस अन्तर्गत नेपाल आएका अमेरिकी डा. जर्ज मुरेले तत्कालीन अवस्थाको चित्रण गर्दै भनेका छन्, "नेपालमा राणाकाल सकिँदासम्म जम्मा नौ जना फजिसियन डाक्टर थिए, जसले राज परिवार, राणा र सैनिक परिवारलाई मात्रै सेवा दिन्थे ।" उनैले नेपालको तराई क्षेत्रमा औलो ल्याउने लामखुट्टे निर्मूल गर्न तथा बिफर बिरूद्धको खोप लगाउन राजा समक्ष सुझाव पेश गरेका थिए ।

मलेरियाका किटाणु र औलो प्रतिरोधी क्षमता थारूको जिनफ्याक्टरले रहेको छ । औलो प्रकोपित क्षेत्रमा रहेका आदिबासीहरू केही अफ्रिकन, भारतीय र नेपाली थारूहरूमा औलो देखिँदैन । हालै शान्ति सेनाबाट फर्किएका एक सैनिकमा (माघ २०७९) औलौ देखिएर अस्पताल भर्ना भई डिस्चार्ज भएको कुरा सिक्लेस विशेषज्ञ डा. राजन पाण्डे बताउँछन् । डा. पाण्डे भन्छन, "औलोको सम्भावना अझै टरिसकेको छैन ।"

## पुनर्बास र आधुनिक खजुरा

बाँकेमा पुनर्बास सुरू गर्नुअघि पाइलट प्रोजेक्ट नवलपुरमा प्रयोग भयो । नवलपुरमा बस्ती बिस्तार गरे लगत्तै वि.सं. २०२३ मै खजुरा केन्द्र बनाएर पुनर्वास योजना लागु गरियो । खजुरासँग

नेपाली कूटनीतिको इतिहास जोडिएको छ । पहिलो निर्वाचित प्रधानमन्त्री बि.पी. कोइरालाले इजरायली समकक्षी डेभिड बेनगुरियन बीच वि.सं. २०१७ जेठ १९ गते दौत्य सम्बन्धको सम्झौतामा हस्ताक्षर गरे । छिमेकी चीन र भारतले मान्यता नदिंदा पनि इजरायललाई मान्यता दिएका प्रधानमन्त्री कोइरालाले ठूलो जोखिम मोलेका थिए । त्यही कारण उनको सरकार राजा महेन्द्रले बर्खास्ती बिरूद्ध उत्तर र दक्षिणका छिमेकीले राजालाई कुनै दबाब दिएनन् । तर खजुरा पुनर्वासका लागि भने उक्त सम्झौता बरदान भयो । नेपाली टोली वि.सं. २०१७ सालमै इजरायल गएर पुनर्वासको अध्ययन गऱ्यो । वि.सं. २०१९ सालमा जुइस एजेन्सिज सेटलमेन्ट डिपार्टमेन्टका डा. एभिगडोर केडेम नेपाल आए । डा. केडेम आधुनिक पुनर्वासका विश्व चर्चित विशेषज्ञ थिए । नेपाली विशेषज्ञ सहितको टोलीले नवलपुर, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरको सर्वेक्षण गऱ्यो । अध्ययन प्रतिवेदन अनुसार वि.सं. २०२० मा नेपाल पुनर्वास कम्पनी गठन भयो । यो कम्पनीले सीमावर्ती क्षेत्रमा पुनर्वास सुरू गर्ने निर्णय गऱ्यो । यो रणनीति तीन जना बाहेक अरूलाई भनिएन । सार्वजनिक भयो भने भारतले सीमावर्ती इलाकामा काम गर्न नदेला भन्ने ठानियो । राजा सम्बन्धित अञ्चालाधीश र आयोजना प्रमुखलाई मात्रै जानकारी हुने गरी रणनीति तय भए ।

कहाली लाग्दा झाडी, घनघोर जङ्गल, खतरा जनावर, विषालु सर्प भएका जङ्गल फाँडिंदै गए । विभिन्न जिल्लाबाट मात्रै बाढी पहिरो पीडित ओइरो लागे । अर्को जीवनाश्रय दिने पुनर्वास कल्पनाको स्वर्ग बन्यो । भाषा, संस्कृति, रहनसहन घुलमिल भएर नयाँ समाज बन्दै गयो । जङ्गललाई आवाद गर्नु, हिंश्रक बाघ भालुसँग जोगिनु, करेट, बिच्छी र गोमनको आतङ्कबाट जोगिनु, सरकारी कोटाको खानामा टिक्न नसकेर कतिपय जग्गा

नै नलिई फर्के पनि, यसरी एउटा घना जङ्गल कालान्तरमा गाउँबस्ती बन्दै उदयमान सहरमा फेरिँदै गयो ।

इजरायली सोच र सहयोगमा यहाँ प्लटिङ भए । किसानको माटोसँग औधी नजिकको नाता गाँसिएको हुन्छ । बाँझो धरतीको चपरा पल्टाएर जङ्गल क्रमशः उर्वरा भूमिमा फेरिँदै गए । नयाँ गाउँबस्तीहरु अङ्ग्रेजी वर्णमाला अनुसार नामकरण गरिँदैगए । सबैभन्दा पहिले ए, बी, सी, डी. ई र आदि गाउँमा प्रति परिवार ४ बिगाहा जग्गा दिएर ४ सय ४ बिगाहा जग्गामा सबैभन्दा पहिले बस्ती बसालियो । यी गाउँहरुमा सुर्खेत, दैलेख र जाजरकोटका पहिरो पीडित थिए । लगत्तै एल गाउँ, के गाउँ र सी गाउँमा पनि प्रति परिवार ४ बिगाहाका दरले १ सय २ परिवारलाई जग्गा दिइयो ।

भविष्यको शहर आकार दिइएको बस्तीमा प्रत्येक ४ परिवारका बीचमा चोक, चौडा सडक र हरेक चोक बीचमा फूलवारीको नक्साङ्कन गरिए । खेती योग्य जग्गा र जग्गाकै अगाडि घर बनाउने घरप्लट, बाटा, इनार व्यवस्थित र पहुँच योग्य तरिकाले बने ।

गाउँहरु अङ्ग्रेजी अल्फाबेट अनुसार, घर परिवारको परिचय प्लट नम्बर अनुसार रहे । कालान्तरमा गाउँबासी जात र नाम भन्दापनि जनजिब्रोमा प्लट नम्बरका आधारमा चिनिन थालिए । सुरक्षित सोच्न टाठाबाठाहरुले प्रशासनसँग अनुरोध गर्दै चोकमा घडेरी नलिई माझतिर लिएर दलितहरुलाई छोडिदिए । अधिकांश चोकहरुमा दलितहरुका घरबास थिए । १ सय २ परिवारबीच एक गाउँ बनेको थियो भने त्यहाँ ४ विघाको एउटा स्कुल बनाइन्थ्यो ।

नेपाल पुनर्वास कम्पनीले (राष्ट्रिय आवास कम्पनी लिमिटेड) पुनर्बासका थालनीमा ५१ वटा इनार खनेको थियो, बोरिङ पनि

थिए, भूमिगत सिचाइ अभ्यास भएको थियो ।

इजरायली कृषि प्राविधिक ओफ्री, प्राविधिक बेनहुर र नेपाली कृषिविज्ञ विरेन्द्रसिंह नेपालीलाई पुनर्वास क्षेत्रले बिर्सनै सक्दैन । उनीहरूको अगुवाइमा एक विघामै ७५ क्विन्टल धान फलाएका एमाले नेता बाबुराम गौतम अहिले पनि सम्झिरहन्छन् ।

## सीमा रक्षक

बाँके, बर्दियामा भारतीय डाँकाको दबदबा थियो । सीमा समस्या जङ्गे पिलरले मात्रै सुरक्षा गर्न सक्दैनथ्यो । तब पुनर्बाससँगै सीमा क्षेत्रमा भूतपूर्व सैनिकको बस्ती बसाइयो । सैनिक गाउँमा जग्गा पाउन पेन्सनपट्टा भएको सैनिक नै हुनुपर्ने नीति थियो । पूर्वसैनिकले आफ्नो पेन्सनपट्टा देखाएपछि मात्रै जग्गा पाउँथे । सुरूमा सी. र जे. गाउँ सैनिक गाउँ बने । कालान्तरमा सैन्य मनोविज्ञान अनुसार ती बस्तीलाई बहादुरपुर, वीरपुर र चन्द्रनगर नामकरण गरिए । नेपाली, ब्रिटिस र भारतीय सेनाबाट पेन्सन पाएका सैनिकलाई सीमामा बसालिएको विषय सीमा सुरक्षासँग जोडिएको दीर्घकालीक सोच थियो । सैनिक गाउँमा अघोषित रूपमा सरकारले हतियार समेत उपलब्ध गराएको भनिन्छ । जग्गा पाएकालाई पुनर्वास कम्पनीले रासन भर्ने व्यवस्था त गऱ्यो, तर पूर्वसैनिकले भने रासन लिन स्वीकार गरेनन्, आफ्नै पौरखमा धानिए ।

## कम्युन

नयाँ बस्तीमा नयाँ प्रयोग र अभ्यास सहजै हुनसक्छ । समाजवादी सोचका पुर्नवास कम्पनीका व्यवस्थापक नारायण घिमिरेले कम्युनको सपना देखे । इजरायल भ्रमणबाट फर्केका घिमिरे

मोसामसितुकी अर्थात् सामूहिक कृषि बसोबासबाट अत्यन्तै प्रभावित भएर गौघाटका बर्मेली बस्तीमा त्यस्तै बस्ती सुरूवात गरे । म्यानेजर घिमिरेले गौघाटको ५२ बिघामा कम्युन सुरूवात गराए । पञ्चायतकालमा पुनर्वास क्षेत्रमा सहकारी खेती गर्न थालिएपछि सत्तालाई अपाच्य भयो । चीनमा सांस्कृतिक क्रान्ति चलिरहेको बेला कम्युन भनेको कम्युनिष्टको साझा उत्पादन पद्धति सोचेर वि.सं. २०३० मा उक्त सामूहिक बस्ती विघटन गरियो । यसै पनि पुनर्वास क्षेत्रमा कम्युनिष्ट सक्रियता बढिसकेको थियो ।

## राजनीतिक पीडित र जमिन

वि.सं. २०२६/०२७ सालमा टङ्कप्रसाद आचार्य आयोगले वि.सं. २००७ का राजनीतिक योद्धालाई देशका विभिन्न भागमा जग्गा दिए तापनि बाँकेमा भने २०३२ सालमा निर्णय गरेर सोनपुर, वार्ड नम्बर ७ तारा सुगर मिलको भूमि सुधारमा राष्ट्रियकरण भएको जग्गा उपलब्ध गराइयो । त्यसमा बाँकेका १७ परिवारले जग्गा पाए । वि.सं २००७ सालमा नेपालगञ्ज अभियानमा घाइते रामकृष्ण मानन्धरको परिवारको पनि त्यही बसाइँ छ । त्यसमध्ये पेडारीका सहिद बैजनाथ थारूको परिवार र सोमई थारूले पनि जग्गा पाएका हुन् । अहिले धेरैले उक्त जमिन बेचे ।

## सांस्कृतिक नक्सामा खजुराको जनसङ्ख्या

हरेक भाषा, संस्कृति र धार्मिक आस्थाले समाजको चरित्र निर्माण गरिरहेको हुन्छ भने सामाजिक सम्बन्ध कायम गर्छ । जनसङ्ख्याले त्यस भू-भागको संस्कृति र सामाजिक तस्वीर कोर्छ । समकालीन राजनीतिलाई प्रभाव पार्छ । वि.सं २०३५

सालमा पुनर्वास क्षेत्रको जनगणना अनुसार जातीय अवस्था (परिवार) क्षेत्री ४ सय ३, मगर ३ सय २०, ब्राह्मण ३ सय २, विश्वकर्मा ३ सय २, सन्यासी ६०, दमाई ४२, गुरूङ ३७, नेवार ३०, सार्की २५, वादी ११, थारु २५ कुमाल ४, लामा ४, गाइने २, मुसलमान २, कुमाई १, भोटे १ थिए । गाउँपालिकाको पछिल्लो तथ्याङ्क अनुसार १० हजार ६ सय ७१ घरधुरी रहेको छ (कोड) । भूगोलका बासिन्दा खस नेपाली, अवधी, उर्दू, मगर, गुरूङ्ग, नेवारी भाषा बोल्छन् । जातीय रूपमा आर्य र मङ्गोल छन्, भने धार्मिक रूपमा हिन्दू (पहाडी र मधेसी) बौद्धिष्ट (पहाडी) मुसलमान (पहाडी र मधेसी) ख्रितान (पहाडी, मधेसी र थारु) छन् ।

देशैभरका लोककथा, लोकगीत, लोकसंस्कृतिको एउटै गाउँ हेर्न, बुझ्न र अध्ययन गर्न सकिन्छ खुजुरा गाउँपालिकामा । एउटै सानो भूगोलमा अनेकौँ जाति, भाषा, धर्म, संस्कृतिको सङ्गम बनेको खजुरा नृवंशशास्त्रको अध्ययनशाला पनि बन्न सक्छ ।

खजुरा गाउँपालिकाको क्षेत्रफल १ सय २ वर्ग किलोमिटर हो । पछिल्लो जनगणना अनुसार ५५ हजार मानिसको बसोबास छ (कोड) । संसारमा क्षेत्रफल र जनसङ्ख्या नियाल्ने हो भने खजुराभन्दा साना धेरै देश छन् । संसारमा सबभन्दा साना राज्य भनेको इसाईहरूको धार्मिक केन्द्र भेटिगन सिटी मात्र ०.४ स्क्वायर किलोमिटर र जनसङ्ख्या १ हजार मात्रै छ । मोनाकोको क्षेत्रफल २ स्क्वायर किलोमिटर, जनसङ्ख्या ३६ हजार ६ सय ६, जिब्राल्टर ६ स्क्वाएर किलोमिटर क्षेत्रफल र जनसङ्ख्या ३२ हजार ६ सय ६९ छ । टोकेलाउ १२.२ स्क्वाएर किलोमिटर क्षेत्रफल र जनसङ्ख्या १ हजार ६ सय ४७ छन् । नाउर २१ स्क्वायर किलोमिटर, टुवालु २६ स्क्वायर किलोमिटर, मैरिनो ६१.२ स्क्वायर किलोमिटर जस्ता देश भन्दाखजुरा एउटै गाउँपालिका ठूलो छ ।

**समकालीन राजनीतिमा खजुरा**

२० को दशकदेखि नै खजुरा चेतनाको केन्द्र, सत्ताविरोधी आन्दोलनको हेडक्वार्टर, अझ कम्युनिष्ट आन्दोलनको कारखाना नै बन्नपुग्यो ।

वि.सं. २०२४ सालदेखि दोस्रो चरणको कम्युनिष्ट पार्टी सक्रिय भयो । त्यसको केन्द्र पुनर्वास क्षेत्र बन्यो । बिस्तारै गतिविधि बढ्दै गएपछि पञ्चायती सरकारले पनि दमनकारी भूमिका बढायो ।

सीतापुर गाउँ पञ्चायतमा त पञ्चायत काल देखिनै निरन्तर कम्युनिष्टहरूले विजय हासिल गर्दै आए । धौलागिरीलाई मसालपुर भनिन्थ्यो ।

खजुरा भेगको थप राजनीतिक हलचल र फैलावटमा घिया किसान सङ्घर्ष वि.सं. २०३७ र ०३८ को धौलागिरीको सांस्कृतिक कार्यक्रम पछिको प्रशासनिक दमन महत्वपूर्ण रहे । खजुरा सांस्कृतिक कार्यक्रममा सहभागी र सहयोगीहरु ८३ जना वारेन्टेड बने । कैयौं कर्मचारी निष्कासनमा पनि परे ।

पश्चिमेली राजनीतिक नेपालगञ्जिया प्रतिरोधी आन्दोलनमा सधै खजुरा अग्रस्थानमा रहने गरेको छ । विशेष गरेर खजुरा वि.सं. २०३६ को विद्यार्थी आन्दोलन, ०३७ को जनमत सङ्ग्रह, ०४२ सत्याग्रह, ०४६ को पञ्चायत विरोधी आन्दोलन, ०५२ देखिको जनयुद्ध र ०६२/६३ को जनआन्दोलनको अग्रमोर्चामा थियो । ०४२ को शिक्षक आन्दोलनको केन्द्र पनि खजुरा नै रह्यो । ०६२/६३ आन्दोलनमा देशैभरमा पहिलो ७ दल र माओवादी बीचको संयुक्त सङ्घर्ष समिति पनि खजुरामै बन्यो । दोस्रो जनआन्दोलनकी सहिद सेतु बि.क. खजुरा सीतापुर निवासी थिइन् ।

बहुदल पक्षीय अभियान र जनमत सङ्ग्रहमा खजुराले महत्वपूर्ण अगुवाई गऱ्यो । काङ्ग्रेस र मार्क्सवादीको अग्रणी भूमिका रह्यो ।

वि.सं. २०४२ सालको काङ्ग्रेस नेतृत्वको सत्याग्रहमा उलेख्य सहभागिता जनायो ।

जनयुद्धकालमा माओवादी नेता र कार्यकर्तालाई सुरक्षित सेल्टर खजुराले नै दिएको थियो ।

**जसको ऋण खजुराले तिर्न मुस्किल पर्छ**

आधुनिक खजुरा बन्न र बनाउन धेरैको सोच, भूमिका, सक्रियता र जीवन खर्चिएको छ । हरेक समाजको वर्तमान भनेको अग्रेंजहरूको भूमिका र देन हुन्छ । एकैदिन आधुनिक खजुरा बनेको होइन । त्यस्तै खजुरा भेगका अगुवा मध्येका अगुवाहरूको सङ्क्षिप्त चित्रण गरौँ :

**बैजनाथ थारु**

१) पेडारीमा जन्मेका बैजनाथ थारूको जन्म मिति ठ्याक्कै थाहा नभए पनि वि.सं. १९९० को भुइँचालोमा लक्काजवान भएका सहयोद्धा काका दुखाराम चौधरी भन्छन् । निरक्षर बैजनाथको बाबुको नाम लालबहादुर थारु र आमाको नाम गुर्या थारु थियो । हजुरबुबा लोहारी थारु गाउँका बढघर थिए ।



*(बैजनाथको गौरव र लौहाटोपा आक्रमणबारे बताउँदै बैजनाथका काका दुखाराम चौधरी)*

उनी विद्रोही थिए, जिम्दारका आतङ्क किसान नेता थिए । उनलाई कानूनी जालमा फसाउने अनेकौं प्रयास गरियो । एकपटक त कुनै मरेको मान्छेको टाउको परालको कुनिउँमा राखेर पक्राउन पुलिस समेत ल्याइयो । जालीको जाल चाल पाएका बैजनाथले षड्यन्त्रको सुइको पाएर कुनिउँ खोतल्दा त टाउको भेटाए । त्यो अन्यत्र लगेर फ्याँकिदिए । पुलिस र सामन्तले परालको कुनिउँ खोतले तर भेटाउन सकेनन् । प्रहरी र जिम्दार मोहन पछाईको जाल च्यातिएको, योजना ध्वस्त भएको देखेर आर्श्चयमा परेको काका दुखाराम बताउँछन् । आफन्त मारेको आरोप लगाइयो उनी लखनउमा रहेछन् । त्यो जिम्दारको चाल पनि विफल भयो । जिम्दार टिकाउनको निरन्तर टकराउ रह्यो । तर्क र सहास मात्रै होइन शरीरले पनि बलिया थिए । रनियापुरका जमिनदार याकुब मियाँ पेडारीका जमिनदारका खास मान्छे । बारम्बार सङ्गठित आक्रमण पेडारीका किसान माथि भइरहन्थ्यो । किसानहरूको सशक्त प्रतिरोधले वरपरका जिम्दारहरु पनि हायलकायल थिए ।



*(दुखाराम र बैजनाथ थारूका राजनीतिक गुरू एवं दशरथचन्द आश्रमका परिकल्पनाकार, अभ्यासकर्ता, काङ्ग्रेस सङ्गठक बाबुकृष्ण शर्मा)*

११ अप्रिल १९५१ मा भारतीय सेनाले बर्दियाको राजापुरदेखि बाँकेको कटकुईयासम्म एकैपटक किसान बिरूद्ध आक्रमण गऱ्यो । सो आक्रमण नानपारामा रहेका जमिनदार सङ्गठनको उक्साहटमा भएको थियो । ती दिन सम्झँदै काका दुखाराम भन्छन, "गाउँ घेराबन्दी भयो, गाउँबाट कोही बाहिर भित्र गर्न नपाउने । अगाडि अगाडि गोबर्धन बिप्ता (ढेङ्ग बबुवा) लौहा टोपालाई (फलामका हेल्मेट लगाएका भारतीय सेना) देखाउँदै

रह्यो । वरिपरिका जमिनदारहरु सबै बैजनाथसँग रिसिबी साध्न पेडारी आइपुगे । सौवा गाउँका बिदुर राणा, पेडारीका मोहन पछाई, मैटहवाका रामदयाल थारु, अकलघरुवाका ढोर्हे थारु, चपरगौडीका फुलाराम चौधरी, घियाका याकुब मियाँ सबै थिए । डेहरीमा लुकेको वा हतियार लुकाएको छ कि भनेर भाला बर्छाले हान्थे । डेहरीका अनाज छताछुल्ल पोखे । सबै लोग्ने मान्छेलाई धुस्नु पारेर पिटे । धुस्नु पारेर पिटाई खाएका बैजनाथलाई मऱ्यो भनेर छोडे । त्यसबेलासम्म लौहाटोपा फर्किसकेका थिए । धुकधुकी सास रहेका बैजनाथलाई लडियामा हालेर नेपालगञ्ज लगियो । आखिर बचाउन सकिएन । अनि लासलाई झन्डा ओढाएर नारा जुलुस सहित बजार घुमाइयो । मान्छेको भिड कति हो कति !"

**सत्यदेव भट्टराई**

पुनर्वासको सङ्गठित राजनीतिका पहिलो अभ्यासकर्ता सत्यदेव भट्टराईको जन्म सुर्खेतको सिम्ता भाल्चामा वि.सं. २००० जेष्ठ २५ गते भएको हो । उनको शिक्षादीक्षा बनारसमा भयो । वि.सं. २०२२ मा कम्युनिष्ट पार्टी सदस्य भएका भट्टराई वि.सं. २०२३ मा पुनर्वासमा बस्न थालेर सङ्गठनात्मक राजनीतिमा सक्रिय भए । पुष्पलालबाट प्रशिक्षित भएका भट्टराई केही समय तुल्सीलाल नेतृत्वमा पनि सक्रिय भए । मनमोहन समूहको वि.सं. २०३६ सालमा केन्द्रीय सदस्य भएका भट्टराई ०४७ सालमा माले र मार्क्सवादी एकतापछि पनि केन्द्रीय सदस्य भए । ०३६ सालको जनमत सङग्रहमा भेरी–कर्णालीमै पार्टीको नेतृत्व गरे । कम्युनिष्ट पार्टीको दोश्रो चरणको पहिलो गिरफ्तारी तुलसीलाल समूहका गङ्गाविक्रम थापाको आश्रय थलो भट्टराईकै घर थियो । उनी नौ महिना नेपालगञ्ज जेलमा रहे । खजुरा भेगबाट पहिलो राजनीतिक

बन्दी थापा हुन् । ०४२ सालको नेपाली काङ्ग्रेसले सञ्चालन गरेको सत्याग्रह आन्दोलनमा सक्रिय सहभागी भएका भट्टराई ०४६ को पञ्चायत बिरूद्धको आन्दोलनको यातनाले भने जीवनभर अस्वस्थ भए ।



राजनीतिसँगै सामाजिक क्षेत्रमा पनि सक्रिय भट्टराई केही समय शिक्षक रहे । सिम्ता र पुनर्वासमा स्कुल, चारपाते क्लब खोले । पुनर्वासको आलु खेतीका अगुवा भट्टराई, तरकारी खेतीको पनि प्रेरक मानिन्छन् । उनी सहकारी आन्दोलनका अगुवा पनि हुन् । आलु भण्डारण गर्न कोहलपुर कोल्ड स्टोरको पहलकर्ता भट्टराईले नानपारा (भारत), बुटवल र हेटौँडा भण्डारणका लागि आलु लैजाने झण्झट बाट किसानलाई मुक्त गराउन पहल गरे । राजनीतिलाई सामाजिकीरण गर्ने उदाहरण र प्रेरक बनेका भट्टराईको वि.सं. २०७९ आश्विन २ गते मृत्यु भयो ।

**बाबुराम गौतम**



बाबुराम गौतमको जन्म गुल्मीको थोर्गामा वि.सं. २००२ साल फागुन ३० गते भएको हो । प्राथमिक शिक्षा गुल्मीमै पढेका गौतमको उच्च शिक्षा बनारसमा भयो । उनले संस्कृत महाविद्यालयमा १० रूपियाँको छात्रवृत्तिले अध्ययन गर्न थाले । ०२३ मा उनले आयुर्वेदाचार्य गरे । उनी सिम्ता सुर्खेतमा अध्यापन

गराउँदै पार्टी सङ्गठनमा सक्रिय भएका गौतमको भूमिगत सङ्गठनको कार्य क्षेत्र भेरी अञ्चल रह्यो ।

रञ्जित गुरूङ र गौतम मिलेर ०३३ देखि ०३४ सम्म मुक्तिज्वाला पत्रिका निकाले । पार्टी नेतृत्वको व्यवस्थापन र राजनीतिक प्रशिक्षणमा उनको विशेष योगदान रह्यो । नेकपा माले र एमालेको एकीकरणपछि एमालेको जिल्ला सचिव बनेका गौतम एमाले विभाजनपछि माले बने । विभाजनपूर्व बाँके सचिव रहेका गौतम ०५८ मा एमालेमा फर्केर ०७४ को प्रदेश सभाको प्रतिनिधि बने । पुनर्वास क्षेत्रको मार्क्सवादी सङ्गठन र खजुरा भेगको कम्युनिष्ट आन्दोलनमा उनको उल्लेखनीय भूमिका रह्यो ।

## दुर्गाप्रसाद ज्ञवाली (मधु गुरू)



गुल्मीको बालेटक्सार, घुर्चुलेमा वि.सं. १९९३ असार १० मा जन्मेका दुर्गाप्रसाद शास्त्री पार्टी, आन्दोलन र जनताबीच मधु गुरूका नामले परिचित भए । गुल्मी, अर्घाखाँची र बागलुङमा शिक्षक भएर कम्युनिष्ट पार्टीमा सक्रिय रहेका मधुगुरू अविभाजित एकीकृत कम्युनिष्ट पार्टीकै सदस्य हुन् ।

बनारस हिन्दु विश्वविद्यालयबाट शास्त्री गरेका मधु गुरू लुम्बिनी अञ्चलमा किसान आन्दोलनका अगुवा नेतामध्य एक थिए । चर्चित किसान आन्दोलन हरेबर्रे विद्रोहले त्यो भेग क्रान्तिको चर्चाको केन्द्रमा पुग्यो । सशक्त र प्रतिरोधी किसान आन्दोलनको प्रत्यक्ष भूमिकामा उनको पुष्पलालसँग मत मिल्दैनथ्यो । उनी भूमिगत सक्रिय भए । दमनले पराकाष्ठा रुप लिएपछि मधु गुरू

पनि वि.सं. २०३० मा पुनर्वास आए । ०३६ देखि मनमोहनसँग रहे । दशरथपुरको किसान विद्रोह उनकै योजना र नेतृत्वमा भएको थियो । मार्क्सवादी सशस्त्र सङ्घर्षको परिकल्पनाकार पनि उनै थिए । पश्चिमको पाको कम्युनिष्ट नेता मधु गुरू माले र मार्क्सवादी एकतामा पोलिटब्युरो सदस्यमा छानिए । ०४८ को संसदीय चुनावमा बाँके क्षेत्र नम्बर ३ को एमाले उम्मेदवार थिए । वामदेव गौतमसँग कार्यक्षेत्रको विवाद परेपछि सुदूरपश्चिम नगएर एमाले पार्टीबाट अलगिए । प्रभुनारायण चौधरीसँग सहकार्य गरेर फेरि मार्क्सवादी पार्टी ब्युँझाए । अन्तसम्म सोही पार्टीमा सक्रिय भए । खजुराको कम्युनिष्ट आन्दोलनमा नेतृत्वदायी भूमिका खेलेका उनको वि.सं. २०७३ मङ्सिर ११ मा मृत्यु भयो ।

**गणेशनीधि गौतम 'निदी'**



*"कविता, कविता भुत्रो कविता*
*के, को गर्छौ यस्तो रमिता*
*जानै लाग्यो, छेक बाटो,*
*लानै लाग्यो ठोक लाठो"*

तिलस्मी क्रान्तिकारी गणेशराज गौतम 'निदी' को जन्म वि.सं. २००५ मा ओखलढुङ्गा लिखु, दक्षिण लेतीगोतामे गाउँको धनाढ्य परिवारमा भएको थियो ।

उनी सङ्गठित राजनीतिमा वि.सं. २०२१ देखि लागे । ०२८ सालको भोकमरीमा 'भकारी फोर' अभियानमा जुटे । सुतेका ब्युँझाउँदै आन्दोलनमा उतारे । अनिकाल पीडित सहयोग समिति, लिखु खोलाबाट फैलिएको किसान आन्दोलनले जिल्लाका ठालुहरू र प्रशासन आतङ्कित भयो । यही क्रममा पक्राउ परेका उनलाई ओखलढुङ्गाबाट अड्डासार गर्दै अञ्चल प्रशासन राजविराज

पुऱ्याइयो । केही दिनपछि मुक्त गरेर इलाका नजरबन्द राख्दै महिने तारिखमा हाजिर हुनुपर्ने गरी ओखलढुङ्गामै फिर्ता पठाइयो । उनी ०२८ पुसमा नेपालगञ्ज आएर खजुरा कार्यक्षेत्र बनाउँदै क्याम्पसलाई आन्दोलन र कर्मथलो बनाए र नवयुवाहरु सहयोद्धा बने । ०२८ सालमा नेपालगञ्जबाट सहसम्पादक महेन्द्र शर्मा समेत मिलेर समसामयिक सङ्कलन पत्रिका 'स्वर' प्रकाशन गरे । क्याम्पसबाट 'दियालो' पत्रिका निक्लिन थाल्यो । जनकपुरबाट प्रकाशित 'नयाँपाइलो' र राजधानीको 'मातृभूमि' साप्ताहिकको संवाददाता त थिए नै ।

प्रशासनको दमन बढेपछि वि.सं. २०३१ बैशाख २४ गते दुई छोरा साथै गर्भवती श्रीमती सपना श्रेष्ठलाई काठमाडौँमा पुऱ्याएर नेपालगञ्ज फर्केका 'निदी' जेठ २४ मा गिरफ्तारमा परे । प्रशासनले खजुराको घरमा आगो लगाइदियो । सहयोगीहरुले पुनः घर बनाइदिए । बाँके गाउँ बिष्णु बहादुर गुरूङका घरमा आफ्ना सामग्री छाडेर दुई सय रूपैयाँ लिएर अलप भएका निदी, अन्तिम पटक नेपालगञ्जमै ०३१ असारमा देखिएका हुन् । उनको सक्रियता, जुझारूपना, सम्बन्ध र कार्यशैली बुझेकाहरु उनको गोप्य हत्या भएको आशङ्का गर्छन् । त्यसबेला पञ्चायती हत्यारा दस्ताले गोप्य रुपमा राजनीतिकर्मीलाई देशभित्र वा भारतमा गएर पनि हत्या गर्थ्यो ।

## नारायण घिमिरे


सङ्खुवासभा जिल्ला, कोक्सामा वि.सं. १९९१ साल फागुन १५ मा जन्मेका राजकुमार आमाको मृत्युपछि बैरागिएर भारतको पटना पुगे । जिन्दगीले हन्डर ख्वाउँदै पटनामा भारतीय मनकारी सिंहजीको नजिक पुऱ्यायो तब राजकुमारको परिचय सिंह साहबको

थर जोडिँदै नारायण सिंह घिमिरेमा फेरिदियो । त्यही आइ. एस्. सी. पढेर बी. एस्. सी. पढ्दै गर्दा गाउँ फर्केर शिक्षक बने पनि उनलाई गाउँले बाध्न सकेन । उनी इनर्वा, सुन्सरी झरे । चङ्ख र राजनीतिक चेतका धनी घिमिरे त्यहीँ बसे । स्थानीयलाई चेतनाको मसाल जलाउँछन् भन्ने सोचेर त्यसबेलाका चर्चित पञ्चनेता दिलबहादुर श्रेष्ठले काठमाडौँ तानेर पनौती (काभ्रे) खोपासी जलविद्युतको शाखा अधिकृत बनाए ।

वि.सं. २०१५ देखि वि.सं. २०१९ सम्म शिक्षक रहेका घिमिरे वि.सं. २०२० देखि ०२४ सम्म खोपासी (काभ्रे) जलविद्युत आयोजनामा सेक्सन अफिसर रहेर यात्रा बढाउँदै जङ्गलात रहेको बाँके पुनर्वासमा पहिलो (२०२४-२०२९) म्यानेजर भए । पुनर्वास बनाउन इजरायलले योजना र प्राविधिक सहयोग गरेको थियो । इजरायल भ्रमणमा मोसामसितुकी अर्थात् सामूहिक कृषि बसोबासबाट अत्यन्तै प्रभावित भएर गौघाटको बर्मेली बस्तीमा कम्युन सुरूवात गरे । त्यो उनीलाई जिन्दगीको अभिशाप र महाघुम्टी बन्यो । व्यवस्थाले इजरायली मोसामसितुकी अभ्यासलाई कम्युनिष्टको कम्युन सोच्न पुगेर उनलाई भ्रष्टाचारको आरोप लगाउँदै वि.सं. २०२८ मा गिरफ्तार गऱ्यो । आत्मबल तोड्न र जनसमर्थन ध्वस्त गर्न अड्डासार गर्दै पैदल काठमाडौँ चलान गरियो । उनी माथिको मुद्दा वि.सं. २०३३ मा डिसमिस भयो । फर्केर जागिरमा जाने प्रयास गरेनन्, खेतीपाती र राजनीतिमा शेष जीवन बिताए ।

समाजवादी सोचका मेनेजर घिमिरेले यस पङ्क्तिकारसँग संवादमा रार्वटओवेन रसेन्ट साइमन जस्ता काल्पनिक समाजवादीसँग अत्यन्तै प्रभावित भएको बताउँथे । कवि त थिए नै, राजकुमारका नाममा उनी साहित्य र समाजवादी दर्शन पनि लेख्थे । नेपालगञ्जमा हुने 'प्रयास' समूहका अधिकांश साहित्यिक कार्यक्रममा सहभागी हुन्थे ।

विसं. २०१९ देखि साहित्यमा संलग्न घिमिरेले 'मेरी माया' गीति काव्यबाट साहित्यिक यात्रा थालनी गरी इतिहासको कालो अध्याय 'सम्पत्तिको आतङ्क' र 'उमा महाकाव्य' जस्ता कृति प्रकाशित छन् ।



वि.सं. २०३६ देखि नेपाली काङ्ग्रेस खजुराका खम्बा रहेका घिमिरे, पार्टी जिल्ला समिति सदस्य (०३९ देखि ०४८) र सचिव (२०५१-०५३) रहे । सिंह म्यानेजरका नामले पुनर्वासमा परिचित घिमिरे निष्कृय बस्न नसक्ने व्यक्ति हुन् । बाँके काङ्ग्रेसमा सक्रिय राजनीतिक यात्रा वि.सं. २०३६ देखि ०५५ सम्म रहेर वि.सं. २०५६ मा साधारण सदस्य पनि नरहने गरी पार्टी परित्याग गरे । उनले राजनीति र सामाजिक सक्रियतालाई दर्शनको 'समय सापेक्षतावाद' केन्द्रित रह्यो । काङ्ग्रेस परित्याग गरेपछि अन्य कुनै पार्टीमा प्रवेश नगरेका घिमिरेको मृत्यु वि.सं. २०५६ असोज २४ मा भयो ।

**हरिभक्त कँडेल**



हरिभक्त कँडेल बाग्लुङ जिल्लाको बिउँकोटमा वि.सं. २०११ साउन १४ गते जन्मेका हुन् । शिक्षकसँगै बाग्लुङमै कम्युनिष्ट पार्टीको सदस्य बनेका कँडेलको खजुरा बसाइँसराइ वि.सं. २०३४ मा भयो । केन्द्रीय न्युक्लसको पर्चा दलबहादुर थापाले ल्याए पनि गणेश निधिको खजुरामा व्यक्तिगत एवं तिलस्मी सक्रियता मात्रै थियो ।

त्यसबेलासम्म चौँथो महाधिवेशन समूहको क्याम्पमा मात्रै सङ्गठन थियो, अन्यत्र थिएन । कँडेल नै चौंथो महाधिवेशनका बाँकेका संस्थापक नेतृत्व हुन् । चौथो महाधिवेशन, मसाल र एकता केन्द्र बनिन्जेल उनी विभिन्न तहमा नेतृत्वमा रहे । खजुराको शिक्षक आन्दोलनमा उनको महत्वपूर्ण भूमिका रह्यो । माओवादी जनयुद्ध पहलकर्ता १९ सदस्यीय केन्द्रीय कमिटीमा उनी पनि एक थिए । हाल नेकपा क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य एवं प्रवक्ता छन् ।

**रामेश्वर कँडेल**



रामचन्द्र कँडेलका जेठोछोरा रामेश्वर कँडेलको जन्म वि.सं. २००६ साल कार्तिकमा बाग्लुङको बिउँमा भएको हो । वि.सं. २०३२ साउनमा खजुरा बसाइँ सरेपछि निरन्तर काङ्ग्रेसमा सक्रिय रहे । उनी बाग्लुङका काङ्ग्रेस नेता गोविन्द कँडेलबाट राजनीति प्रशिक्षित भएका हुन् ।

खजुरामा वि.सं २०३६ देखिका हरेक आन्दोलनको अग्रभागमा रहेका जैविक काङ्ग्रेस कँडेल बाग्लुङबाटै पार्टीमा सक्रिय रहे । वि.सं. २०३९ सालदेखि निरन्तर जिल्ला कार्यसमितिमा रहे । सामान्य शिक्षादीक्षा रह्यो । उनी वि.सं. २०३६ को विद्यार्थी आन्दोलनमा सक्रिय भएर लागे र वि.सं. २०३९ मा उनको पहिलो गिरफ्तारी भयो । वि.सं. २०४२ सालको सत्याग्रह, ०४६ सालको जनआन्दोलन १ र ०६२/६३ को जनआन्दोलन २ मा अग्रमोर्चामा सक्रिय रहे । खजुरा भेगमा बनेको ७ दल र माओवादी बीच बनेको संयुक्तमोर्चाका काङ्ग्रेस प्रतिनिधि समेत थिए ।

## मिलन सापकोटा



बाँकेमा नेकपा मालेको पहिल्यै कोअर्डिनेसन काल २०३४ सालमै भएपनि खजुराको माले पार्टी विकासमा भने मिलन सापकोटाको योगदान उल्लेख्य छ । २००५ चैत्र २९ गते मादी गाउँपालिका तारकाङ, पोखरामा जन्मेका सापकोटा २०३५ मा खजुरा-२ मा स्थायी बसोबास गर्न थाले । उनी माले पार्टीको सङ्गठन खजुराको नेतृत्व मात्रै नभै बिचारलाई सार्वजनिक गर्ने व्यक्तित्व पनि हुन् । बालकृष्ण पौडेल, दीपक के.सी. (सी गाउँ) र सापकोटा खजुराका माले सङ्ठनको मियो थिए ।

०५४ को छैंटौं महाधिवेसनमा एमाले भित्रको महाकाली सन्धिपक्ष र विपक्ष बीच पार्टी विभाजनका बेला उनी माले तर्फ रहे । मालेको जिल्ला सचिव पनि भए । माले एमाले पुनर्मिलनमा फेरि एमाले बनेका सापकोटा संयुक्त जनसङ्घर्ष समितिमा समेत रहेर ०६२/६३ को नेतृत्व प्रदान गरे । कालान्तरमा माओवादी पार्टीमै रहँदा उनको २०६६ ज्येष्ठ ५ गते मृत्यु भयो ।

## सेतु बि.क.

सीतापुरकी सेतु बि.क. दोस्रो जनआन्दोलन २०६२/०६३ मा राजतन्त्र अन्त्य गरी गणतन्त्र प्राप्तिका लागि लड्दा-लड्दै आफ्नो प्राण आहुति दिने सहिद मध्येकी एक हुन् । उनको सहादत २०६३ बैशाख ५ गते नेपालगञ्ज न्युरोडमा भएको हो ।

## कुरा राजनीतिक पार्टीका

पार्टी भनेको समान विचारधाराको सङ्ठित शक्ति र सामूहिक चिन्तन हो । तर, त्यसका लागि नैतिक पूँजी, इच्छाशक्ति र

दीर्घकालीक मार्गचित्र आवश्यक हुन्छ । नेतृत्व समूहमा सामाजिक अपिल गर्ने आत्मबल र नैतिक पूँजी रहेपछि मात्रै पार्टीहरू आन्दोलन र विचारको अगुवाइ गर्न सक्छन् । कहिलेकाही विद्रोहबाट सङ्गठित भएर पार्टी बन्छ भने कहिले समान उद्देश्य प्राप्तिका लागि एउटै सोचका व्यक्तिहरूको सामूहिक शक्ति सङ्गठन बन्छ । त्यसका नीति, विधि, आचरण, लक्ष्य, लक्ष्य प्राप्तिको कार्यनीति र अभ्यास हुन्छन् । हरेक राजनीतिक परिवर्तनमा राजनीतिक पार्टीको मुख्य भूमिका हुने गर्छ । त्यसै कसीमा अध्ययन गर्दा कति वास्तविक पार्टी र कति कानूनी पार्टी छन्, नियाल्नै पर्छ । कुन पार्टी हुन् ? कुन हैनन् भन्दापनि यस आलेखमा भने खजुरा क्षेत्रमा २०६९ चुनावमा सहभागी भएका र प्रभाव रहेका राजनीतिक पार्टीको मात्र चर्चा गरिने छ ।

**नेपाली काङ्ग्रेस**

खजुरा क्षेत्रमा पहिलो सक्रियता नेपाली काङ्ग्रेसको अगुवाइमा रह्यो । २००७ साल पहिला पार्टीमा गरमदल र नरम दल थिए । गाउँमा लोकाभार किसान अन्दोलनले थियो । क्रान्तिकारी काङ्ग्रेसहरू एकातर्फ अर्कातर्फ जमिन्दार सङ्गठन, राणा सरकार र उनका पक्षधर अभिजातहरू ।

पहिलो संसदीय चुनाव २०१५ मा नेपाली काङ्ग्रेसका ललित चन्द निर्वाचित भएर राज्यमन्त्री बने । तर २०१७ पुष १ गते राजा महेन्द्रले संसद् विघटन गरेर पूर्ण नेतृत्व लिएपछि भने उनी पञ्चायत प्रवेश गरेर मन्त्री, राष्ट्रिय पञ्चायतका अध्यक्ष समेत भए ।

काङ्ग्रेसको पश्चिमी सक्रियतामा पनि २०३७ को निर्दल र बहुदल बीचको जनमत सङ्ग्रमा भने निर्दलले पञ्चायत नै जित्यो ।

जनमत सङ्ग्रह खजुरामा काङ्ग्रेसको अग्रणी सक्रियता रह्यो । शिक्षक सङ्घर्ष र २०४२ को सत्याग्रहमा स्पष्ट छाप छोड्यो ।

पञ्चायतको अन्त्य पछिका संसदीय पहिलो चुनावमा कृष्णसिंह परियार र दोस्रोमा मेराज अहमद शाह (पराजित) तेस्रोमा कैलाशनाथ कसौधन रहे । तीनै जना खजुरा बासी थिएनन् । त्यसपछिका २ चुनावमा कृष्णमान श्रेष्ठ पराजित भए । ०७९ को संसदीय चुनावमा भने माओवादीसँग गठबन्धन गरेर किशोर सिंह राठोरले विजय हासिल गरे ।

२०५६ मा काङ्ग्रेसको केन्द्रीय विभाजनमा बाँके र खजुरा पनि प्रभावित भयो । गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा संस्थापन पक्ष रह्यो भने शेरबहादुर देउवाको नेतृत्वमा प्रजातान्त्रिक काङ्ग्रेस । खजुरा क्षेत्रमा संस्थापन पक्षबाट किरण कँडेललाई निलम्बन नै गरिएपछि कमल रेग्मी क्षेत्रीय सभापति बने । प्यारे बर्माको मृत्युपछि रामेश्वर कँडेल सभापति बने । प्रजातान्त्रिक काङ्ग्रेस जगदम्बा पाठक र महेन्द्र मल्ल क्षेत्रीय सभापति बने ।

खजुरा क्षेत्रमा जैविक काङ्ग्रेसको अग्रणी नेतृत्वदायी भूमिकामा गणेश कर्माचार्य, जगनाथ बडै, नारायण घिमिरे, रामेश्वर कँडेल, हरिप्रसाद ढुङ्गाना, क्षेत्रबहादुर गुरूङ, लतिफ शेख, कृष्णमान श्रेष्ठ रहे । नेका र प्रजातान्त्रिक काङ्ग्रेस बीच २०६३ मा एकता भयो । अहिले नक्की खाँ (०६८) क्षेत्रीय सभापति हुन् ।

## नेपाल कम्युनिष्ट पार्टी

कम्युनिष्ट पार्टीको पहिलो सङ्गठन नेपालगञ्जमा २००८ मा कमाण्डर रूप सिंह सिजापतिको नेतृत्वमा बन्यो । पार्टीका नेतृत्वमा धेरै किसान सङ्घर्ष भए । २००९ माघ ११ गते पार्टी माथि प्रतिबन्धको बाँकेमा पनि असर पऱ्यो । २०१३ सालमा टंकप्रसाद

आचार्यको सरकारले नेकपा माथिको प्रतिबन्ध हटाएपछि संविधान सभाको चुनावको पक्षमा जनतालाई सचेत, जागृत र सङ्गठित गर्दै पार्टी अघि बढ्दै थियो । २०१५ सालको चुनावमा सिजापति उम्मेदवार भए । २०१७ सालको संसदीय व्यवस्थामा राजाले अपहरण गर्दा गिरफ्तार परे । बाँकेमा उनी मात्रै पञ्चायतमा आत्मसमर्पण नगरी २ वर्ष ६ महिना जेल बिताएर रिहा भएको कुरा तत्कालीन प्रहरी प्रमुख श्याम तामाङको भनाइ रह्यो । उनी आजीवन कम्युनिष्ट रहेरै जीवन व्यतीत गरे ।

खजुरामा कम्युनिष्ट आन्दोलन बढाउन भने सत्यदेव भट्टराई, मधु गुरू, बाबुराम गौतम, नन्दलाल रोकाय, गणेशनीधि गौतम, हरिभक्त कणेल, दिवाकर शर्मा, मिलन सापकोटा र बालकृण पौडेलको अग्रणी र नेतृत्वदायी भूमिका रह्यो । "संसारका मजदुर एक हौं भन्ने कम्युनिष्टहरु नेपालमा भने टुक्राटुक्रा हौँ, आपसमा भिडन्तको अभ्यास गरौं" भन्ने मूल मन्त्र लिएर अनेकौँ समूह, गुट र गिरोहमा फेरिए । अहिले खजुरा क्षेत्रमा सक्रिय रहेका कम्युनिष्टहरूका ८ घटक छन् । ठूला घटकमा नेकपा एमाले र नेकपा माओवादी केन्द्र हुन् ।

## नेकपा मार्क्सवादी

नेकपा मार्क्सवादी पुनर्वास क्षेत्रमा सक्रिय र बलियो जनधार भएको पहिलो राजनीतिक पार्टी हो । बाँकेको दोश्रो चरणको कम्युनिष्ट पार्टीको सक्रियता सत्यदेव भट्टराई बनारसबाट २०२३ मा फर्केपछि सुरू हुन्छ । पुष्पलाल समूहमा आएका उतारचडाउ, रूस र चीनको विवादले पारेको असर, मार्क्सवादी सोचमा आएको अन्तरसङ्घर्षले खजुराको कम्युनिष्ट आन्दोलनमा पनि प्रभाव पारेको थियो । केही समय सत्यदेव भट्टराई तुलसीलाल समूहमा रहे पनि

पछि पुष्पलाल समूहमै फर्किए । तुलसीलाल अमात्य र मनमोहन अधिकारीको बाँके पुग्दाको सेल्टर पुनर्वास हुन्थ्यो । पार्टी कालान्तरमा नेकपा मार्क्सवादी नाममा परिचित हुँदै यहीबाट भेरी अञ्चलको पार्टी सञ्चालन बी. गाउँ हर्कबहादुर थापाको प्लट नम्बर ४९ बाट हुन्थ्यो । पार्टीले स्पन्देहीदेखि कैलालीसम्मको हुलाक सञ्चालन गरेको थियो । त्यसको नेतृत्व रूक्मागत नेपालले गर्थे । लुम्बिनी अञ्चलका किसान सङ्घर्षका नेता कार्यकर्तालाई सेल्टर पुनर्वासले दिन्थ्यो । पार्टीलाई फैलाउन सत्यदेव भटटराई, बाबुराम गौतम, मधु गुरू, नन्दलाल रोकाय, मानबहादुर वली, पुरण चन्द, वीरबहादुर वली, बिनोद के.सी., हरि ददेल, डबलबहादुर सिँह ठकुरी, वीरप्रसाद देवकोटाको भूमिका रह्यो ।

**फिलङ्गा हर्रेबर्रेका, भूमिकामा पुनर्बास**

नेकपा (पुष्पलाल समूह) को लुम्बिनी अञ्चल कमिटीको निर्णय अनुसार भएको किसान सङ्घर्ष उठाउने निर्णयमा नेत्रलाल अभागी र देबेन्द्र घिमिरेको भने भिन्न मत रह्यो । २६ कात्तिक २०३० मा ६ वटै जिल्लामा सशक्त किसान अन्दोलनले ठूलो जुलुस प्रदर्शन गऱ्यो । अर्घाखाँचीमा भने वैधानिकताको घेरा तोडिए । हर्रेबर्रेमा २८ गते १५ जनाको टिमले जिल्लाकै ठूला ब्याजी शोभाकर बेलबासे स्थानीय जालि तमसुक च्यात्ने काम गऱ्यो । आइन्दा शोषण, दमन नगर्ने भनेर दण्डात्मक कारवाही गऱ्यो । धेरै तमसुक र २५ हजार बराबरको नगद र सुनचाँदी कब्जा गऱ्यो । सहभागी एकजनाले पोल खोलिदिँदा १५ दिनपछि ९ जना गिरफ्तारीमा परे । आन्दोलनका कमाण्डर केशरमणि ७ वर्षपछि रिहा भए भने अरूले १० वर्ष जेल भुक्तान गरे । यातायातको सुगमता र सञ्चार सुविधा नभएको समय बाँकेको पुनर्बास र

लुम्बिनीका दूरी धेरै टाढा हुन्थ्यो । तर बिचार सहितको भावनाले भौगोलिक दूरीलाई छोट्याउँथ्यो । किसान आन्दोलन लुम्बिनीमा केन्द्रित भएपनि सङ्गठन त राधापुर, सीतापुरमा पनि थियो । त्यहाँका भूमिगत, वारेन्टेड कार्यकर्ताको आश्रय स्थल बन्यो । छोटो समय पुनर्वासमा अमर शर्मा अर्थात देवराज भार पनि रहे ।

## मार्क्सवादीको सशस्त्र प्रशिक्षण र अभ्यास

लुम्बिनी किसान सङ्घर्षले अग्रपङ्क्तिका धेरै कार्यकर्ता यत्रतत्र भएपनि केही अगुवा पुनर्वासमा पुगे । तीमध्ये मधु गुरू (पुनर्वास) र लेखनाथ ज्ञवाली (नेपालगञ्ज) । आन्दोलनलाई नयाँ रूप र निरन्तरता दिन छापामार आन्दोलन गर्ने निर्णय गरेर प्रलयहाङ्ग सुव्वाले (पूर्वको रातो झण्डा) २५ राउन्डको यस.यम.जी. (सट मिसिन गन) ल्याए भने रामपुरमा किनिएको २ पेस्तोल मधु गुरूले मिठाइमा लुकाएर ल्याएको बाबुराम गौतम बताउँछन् । गौतमका अनुसार, "यल. गाउँमा छापामार प्रशिक्षण रञ्जित गुरूङ्ग र तारा गुरूङले दिए । मधु गुरूले छापामारको ड्रेस व्यवस्था गरे । गुल्मी, तमघास कारवाही गर्न गएको रञ्जित गुरूङ्ग र मेहलकुनाका दुर्गाबहादुर खत्रीको टोलीले एम. एस. थापासँग भेट्न सकेन, कारबाही असफल भयो । पूर्वको रातो झन्डाबाट जोडिएका प्रलयहाङ्ग सुब्बाको नेतृत्वमा लमही कारवाही पनि असफल भयो । केही छापामारहरू अगैयाका जङ्गलमा मारिए पनि । सुर्खेत दशरथपुर किसान सङ्घर्ष मधु गुरूको योजना र पुनर्बाससँग तार जोडिएको थियो । २०३६ जेठ १५ गते भएको उक्त घटनामा इन्द्रबहादुर बि.सी. लगायत अन्य ६ जनाको हत्या भएको थियो । दुर्गाबहादुर खत्री भने यातनाबाट घाइते भए, घुडाँको जोर्नी फुस्कियो, अपाङ्ग भए । सशस्त्र सङ्घर्षका लागि जम्मा गरिएको

एउटा हतियार सुर्खेत गुर्भाकोटका युवराज फौजाले दुरूपयोग गरे ।

## नेकपा चौथो महाधिवेशन

२०२८ मङ्सिर २० गते जेलमा रहेका नेताहरु छुटेर बाहिर आएपछि केन्द्रीय न्युक्लियस गठन गरियो । त्यसमा मनमोहन अधिकारी, शम्भुराम श्रेष्ठ, मोहन विक्रम सिंह, निर्मल लामाहरू थिए । त्यसले पुष्पलालसँग पनि छलफल गऱ्यो तर सहमति बन्न सकेन । अन्ततः २०३१ भदौ ३० देखि असोज ७ गतेसम्म भारतको वाराणसीमा केन्द्रीय न्युक्लियसका मोहनविक्रम सिंह र निर्मल लामाको अगुवाइमा चौंथो महाधिवेशन आयोजना गरियो । केन्द्रीय न्युक्लियस पर्चा सहकारीमा कार्यरत दलबहादुर थापाले ल्याए । तर, सङ्गठन नै बन्नभने सकेको थिएन । केही पहल गणेशनिधि गौतमद्वारा भए तापनि सङ्गठनात्मक आकार ग्रहण गर्न सकेको थिएन । जब हरिभक्त कँडेल खजुरा (२०३१ मा) पुगे तब सङ्गठन र सङ्घर्षले निरन्तरता पाउँदै गयो ।

चौंथो महाधिवेशन, मसाल, एकता केन्द्र, माओवादी र माओवादी केन्द्रका नाम, भूमिका, सङ्गठनात्मक चरित्र फेरिँदै गएको पार्टी जिल्ला नेतृत्वमा हरिभक्त कँडेल, खेमबहादुर अधिकारी, मणित शर्मा, बिकेश श्रेष्ठ, प्रकाश सुवेदी, आइपी खरेल, पदम जोशी, सरला रेग्मी, ज्ञानप्रसाद चालिसे, महेश्वर गहतराज (अथक), गोपाल शर्मा, डम्बर बि.क. (तुफान) हुँदै सङ्गठन बढ्यो । हरिभक्त कँडेल, मणित शर्मा, आई. पी. खरेल, दयाराम दवाडी, डम्मर रानाभाट परिवार (धौलागिरी) कपिल अर्यालको परिवार (सोनपुर) चौंथो महाधिवेशन, मसाल र एकताकेन्द्र माओवादी फैलाउन खजुरा भेगमा विशेष योगदान रह्यो ।

चौंथो महाधिवेशनको फुटले बाँके अथवा खजुरालाई कुनै असर परेन तर २०४२ को मसालको विभाजनले भने मसाल र मसालका रूपमा सक्रिय भयो । एकताकेन्द्र माओवादी २०४७ मा भएको नेकपा मसाल, चौंथो महाधिवेशन र सर्वहारा श्रमिक सङ्गठनको एकताले नेकपा एकताकेन्द्र र चुनावी सङ्गठन संयुक्त जनमोर्चा रहे । जनमोर्चाको तर्फबाट पूर्णा सुवेदी संसदीय चुनावमा ३ नं. क्षेत्रबाट विजयी भईन् । नेकपा एकता केन्द्रमा जनयुद्ध गर्ने/नगर्ने बीचको भिन्न बिचारले २०५१ मा बिभाजन भयो । त्यसको असर खजुरालाई कुनै परेन । २०५६ को आइ.पी. खरेलको विद्रोहले खजुरालाई भावनात्मक असर पाऱ्यो, तर सङ्गठनात्मक रूपमा हैन । उनी एकता केन्द्र मसालमा सक्रिय भए । एकता केन्द्र मसाल विभाजन भएर माओवादीसँग एकता केन्द्रको पुनर्मिलन भएपछि खरेल फेरि एकतामा जोडिए ।

**जनयुद्ध र खजुरा**

पश्चिम नेपालमा सत्ताको केन्द्र नेपालगञ्ज थियो भने खजुरा जनयुद्धको सङ्गमथलो । शहरी आन्दोलन, अर्बान गुरिल्ला छापामार, भूमिगत कार्यकर्ताको आश्रय स्थल बन्यो । खजुरामा गाउँपालिकामा जनयुद्धका ३५ जना घाइते र १३ जना जनयोद्धाको सहादत भई जनयुद्धले नपुरिने घाउहरु बोकेको छ :

*राज्य पक्षबाट*

- डम्बर रानाभाट, खजुरा - ३
- अमरनाथ अधिकारी, खजुरा - २
- प्रतिमा गौतम खजुरा - ३
- कोपिला रानाभाट, खजुरा - ३

- प्रेम बहादुर बुढाक्षेत्री, खजुरा - ४
- सियाराम चौधरी (पदम) खजुरा - ४
- रज्जब अली खाँ, खजुरा - ५
- मनौवर खाँ (सुनिल), खजुरा - ५
- हबिउल्ला नाउ, खजुरा - ५
- बाँन्द्रा धोबी, खजुरा - ७
- दिनेश धोबी, खजुरा - ७
- बदलु हरिजन, खजुरा - ५
- भागीराम चौधरी, खजुरा - ८
- समिउल्ला खाँ, खजुरा - ७
- अमर बहादुर ध्यार, खजुरा - ७

*विद्रोही पक्षबाट*

- अशोक बिक, बागेश्वरी
- साहिद अली खाँ, बागेश्वरी - ९
- त्रिवेणी प्रसाद बनिया (गूप्ता) बागेश्वरी - ९
- मो. मुस्ताक खाँ, रनियापुर - ९
- प्रेमबहादुर वली, उडरापुर - ४
- बसन्ती लामा, बागेश्वरी
- तेजबहादुर बस्नेत, खजुरा
- रमेश विक्रम कुवर, बागेश्वरी - ४

**जीवनमा मैले देखेको ठूलो बिद्रोह (खजुरा डिस्टिलरी बिद्रोह)**

खजुराको शाह डिस्टिलरी (कर्णाली डिस्टिलरी) रक्सी विरोधी आन्दोलन हो । देशैभरि चलेका मदिरा विरोधी आन्दोलनमा महिलाले सक्रिय र नेतृत्वदायी भूमिका लिए । खजुरामा पनि

२०५८ भदौमा त्यसको लप्का पुग्यो । देख्दा-देख्दै त्यो विरोध आन्दोलन शाह डिस्टिलरी केन्द्रित भयो । बाँके, बर्दियाका हजारौं महिला, पुरूष आन्दोलनमा सरिक भए । विद्रोही मात्रै हैनन् महादारूबाज पनि मदिरा विरोधी बनेर देखा परे । आयोजकको नियन्त्रणमा बिद्रोह रहेन र आगजनी भयो । आगोले बोइलर नछुँदा पड्केन, हजारौँको हुनसक्ने ज्यान दुर्घटनाबाट जोगियो । दिनभरि नाराजुलुस लागिरहे । डिष्टिलरी र सडक पुरै कब्जा भयो । पुलिस, प्रशासन लाचार बने । दमकलका फोहराले कुनै काम गरेन । बिद्रोहका रोचक पक्ष भनेको डिस्टिलरीका रक्सीका बोतल पनि बिद्रोहीहरूले कब्जामा लिए । जो मदिरा विरूद्ध आन्दोलनमा सहभागी भए, उनले नै कब्जा गरिएको रक्सी खाएर यत्रतत्र ढलिरहेका देखिन्थे । जति सक्यो रक्सी बोतल पनि घर लिँदैथिए । कुनै पनि विद्रोह शालीन, भद्र र आयोजकको नियन्त्रणमा हुँदो रहेनछ ।

## नेकपा माले

२०२८ सालमै पूर्व कोसी प्रान्तीय कमिटी अन्तर्गतको झापा जिल्ला कमिटीले सशस्त्र सङ्घर्ष गर्ने निर्णय गर्‍यो । त्यसका तरङ्ग देशैभरि फैलिए । झापा विद्रोहकै धार अन्तर्गत २०३२ जेठ २५ गतेसम्म एक भूमिगत बैठक गरी अखिल नेपाल क्रान्तिकारी कोअर्डिनेसन कमिटी (माले) को गठन भयो । (२०३४ भदौ १४ मा मुक्तिमोर्चा र २०३५ मङ्सिर २७ मा दाङको सन्देश समूह र 'पूर्वको रातो झन्डा' थपेर ।) २०३५ पुस ११ गते मोरङको इटहरीमा राष्ट्रिय सम्मेलन गरी नेकपा (माले) को स्थापना भयो । सि.पी. मैनाली नवगठित पार्टीको महासचिव चयन भए । २०३८ सालमा भएको अन्तर सङ्घर्षमै सि.पी. मैनाली कारवाही परेर झलनाथ खनाल महासचिव बने ।

कोर्डिनेशन केन्द्रकै समय बाँकेमा मालेको सङ्गठन सुरू भइसकेको थियो । बाँके-बर्दियाका इन्चार्ज मुकेश चालिसे र सदस्यमा गोविन्द कोइराला र इन्द्र कमल थापा थिए । २०३५ मा नेपालगञ्ज पुगेका, नेपाल बैंक लिमिटेडमा कार्यरत स्याङ्जाका चन्द्र ठकुरी २०३४ बाटै कोके सम्पर्क पुगेका थिए । २०३७ पौषबाट उनी बाँके जिल्ला सदस्य बने । बाँके स्पेसल कमिटी इन्चार्ज देवेन्द्र घिमिरे, सचिव चन्द्र ठकुरी, सदस्यमा दिवाकर शर्मा र गोविन्द पौडेल रहे । समय बित्दै जाँदा खजुरा भेगमा मालेको विकासमा मिलन सापकोटा, बालकृष्ण पौडेल, राजकुमार सापकोटा, राजेन्द्र सापकोटा, महेन्द्र बि.सी. हरूको विशेष भूमिका रह्यो । भक्तबहादुर के.सी. पनि रूकुमबाट जोडिन पुगे । ०३८ को अन्तर सङ्घर्षले ज्यादै प्रभाव पार्‍यो । गोविन्द कोइराला, गौरा प्रसाईहरू बाँके पार्टी नेतृत्वबाट क्रमशः ओझिलिए । कोइरालाको कार्यक्षेत्र सुदूरपश्चिम बन्न पुग्यो । ०४६ सालको जनआन्दोलनसँगै ओझिलिएका र अलगिएकाहरूलाई जोड्ने वा नेतृत्वमा पुग्ने, पुर्‍याउने प्रकृया सुरू भयो । भूमिगत कालमा बाँके, नेतृत्वमा गोविन्द कोइराला, चन्द्र ठकुरी, हरि पराजुली, वामदेव गौतम रहे ।

## नेकपा एमाले

२०४७ पुस २२ गते मनमोहन अधिकारी र साहना प्रधानको नेकपा मार्क्सवादी र नेकपा मालेबीच एकीकरण भएर एकीकृत पार्टीको नाम नेकपा एकीकृत मार्क्सवादी, लेनिनवादी अर्थात् नेकपा (एमाले) रह्यो । नेकपा मार्क्सवादी सत्यदेव भट्टराई, दुर्गाप्रसाद ज्ञवाली, नन्दलाल रोकाको अग्रणी एवं नेतृत्वदायी भूमिका रह्यो । देवराज भार अञ्चलमा जोडिए । एमालेको पहिलो संयुक्त केन्द्रीय समितिमा रहने मधु गुरू र सत्यदेव भट्टराई दुवै

खजुरा पुनर्वासका थिए । एकीकृत पार्टीको सचिव क्रमशः हरि पराजुली, बद्री कोइराला, बाबुराम गौतम, देवराज भार, अशोक कोइराला बने ।

२०५४ माघ १२-१८ गतेसम्म नेपालगञ्जमा नेकपाको छैटौँ राष्ट्रिय महाधिवेशन आयोजना भयो । महाकाली सन्धि पक्षधर र विरोधी २ खेमा भए । त्यसैले नेकपा एमाले २०५६ मा विभाजन भयो । त्यसको असर खजुरामा पनि पर्‍यो । विभाजनमा एमाले सचिवमा बद्री कोइराला र मालेको सचिवमा बाबुराम गौतम रहे । २०५८ फागुन ३ गते विभाजित नेकपा (माले) सि.पी. मैनालीको जिम्मा छाडेर बामदेव गौतम र सहाना प्रधानको नेतृत्वमा उक्त समूहको ठूलो हिस्सा पुनः नेकपा एमालेमा सामेल भयो । त्यसको पुरै असर नेपालगञ्जमा पर्‍यो । मिलन सपकोटाहरु फेरि एमालेमै समावेश भए । विभाजित एमालेबाट बनेको मालेमा पनि विभाजन आएर कालीबहादुर धिताल, शालिकराम सापकोटा र पुरण चन्दहरूले २०५७ मा जनवादी एकता केन्द्र बनाए । सो सङ्गठनले पछि नेकपा माओवादीसँग एकता गर्‍यो ।

वि.सं. २०७४ को चुनावमा एमाले र माओवादी गठबन्धनमा लड्दा एमालेका नन्दलाल रोका, प्रदेश १ मा आइ.पी. खरेल र २ मा बाबुराम गौतम विजय भए । एमाले र माओवादी बीच एकता भएर डबल नेकपा बनेपछि बाँके पार्टी माओवादीका तर्फबाट खजुराका आइ.पी. खरेल अध्यक्ष बने भने सचिवमा अशोक कोइराला । फेरि पार्टी फुटेर नेकपा एमालेका इन्चार्ज सांसद सूर्य ढकाल छन् । अध्यक्षमा खजुराकै किस्मत कक्षपति र ३नं. निर्वाचन क्षेत्र प्रमुखमा भीम ओली ।

०६९ मा बनेको माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको संयुक्त सरकारमा नेकपा एमाले समावेश भयो । नयाँ

गठबन्धनले पुरानो गठबन्धन विस्थापित गरेपछि २ महिनामै सरकारलाई दिएको समर्थन र सहभागिता एमालेले फिर्ता लियो ।

## नेकपा मसाल

एकीकृत मसाल वि.सं. २०४२ मा विभाजित भएपछि पातलो मसालको नामले मोहनविक्रम समूह सक्रिय रह्यो । यसको ४२ सालपछिको नेतृत्वमा राजेन्द्र कक्षपति रहे । ०४६ सालको जनआन्दोलनमा बिद्रोही मसालको नाममा हरिबोल गजुरेल र बाबुराम भट्टराईको नेतृत्वमा एकता केन्द्रमा सामेल हुँदा बाँकेलाई पनि असर पऱ्यो । जिल्ला नेतृत्वमा टङ्क आर्चाय र बेदप्रकाश आचार्य खजुरा भेगमा रनियापुरका बैतुल मियाँ र खजुरा बजारका पूर्ण भण्डारी, मानबहादुर भण्डारी, इन्द्रबहादुर भण्डारीहरु मसालमै रहे । राष्ट्रिय जनमोर्चामा त्यो भेगको अहिलेको नेतृत्वमा मोबिना खातुन रहेकी छिन् ।

## सर्वहारा श्रमिक सङ्गठन

सर्वहारा श्रमिक सङ्गठन एकता केन्द्र बन्नु पहिला स्वतन्त्र अस्तित्व रह्यो । माडी चितवनबाट बसाइँ सरेकाको मनकामनापुरमा सङ्गठन थियो । पछि सो सङ्गठन होमबहादुर बि.क., मानबहादुर बि.क., राजमानको नेतृत्वमा नेकपा एकता केन्द्रमा सामेल भयो ।

## नेपाल मजदुर किसान सङ्गठन

नेपाल मजदुर किसान पार्टीको बाँकेमा सुरू वि.सं. २०४७ मा भयो । यसले नौबस्ता सुकुम्बासी आन्दोलनमा नेतृत्व गऱ्यो । संस्थापक अध्यक्ष बिष्णु सिंह हुन् । यो पार्टी ०७९ को चुनावमा सहभागी बन्यो ।

## नेकपा (समाजवादी)

नेपालको सबैभन्दा ठूलो कम्युनिस्ट पार्टी नेकपा (एमाले) बाट विभाजन भएपछि नेकपा (एकीकृत समाजवादी) दल वि.सं. २०७८ भदौ २ गते निर्वाचन आयोग आधिकारिक रूपमा दर्ता भयो । विभाजनमा माधव नेपालको अगुवाइमा नेकपा समाजवादी बन्यो । ३ नं. संसदीय क्षेत्रको (खजुरा भेग) नेतृत्व दीपक जि.एम. ले गरे पनि ०७९ संसदीय चुनावमा खजुरा क्षेत्रमा सहभागी भएन ।

## नेपाल कम्युनिष्ट पार्टी मार्क्सवादी (पुष्पलाल)

वीरबहादुर वली क्षेत्रीको नेतृत्वमा रहेको नेपाल कम्युनिष्ट पार्टी मर्क्सवादले ०७९ को संसदीय चुनावमा खजुरा क्षेत्रबाट ६ सय १६ मत पाएको थियो ।

## मधेसवादी पार्टी

क) सद्भावना पार्टी

नेपाली काङ्ग्रेसबाट अलग्गिएर गजेन्द्र नारायण सिंहले २०४० सालमा सद्भावना परिषद् नामक संस्था गठन गरी मधेसको अधिकार खोजी गर्न थाले । बहुदलपछि ०४७ सालमा नेपाल सद्भावना पार्टी गठन भयो । सद्भावना पार्टी ७ दलको एउटा घटक थियो । ०६२/६३ को जनयुद्ध र जनआन्दोलनले सत्ताचरित्र फेरिदिए पछि स्वाभीमान र पहिचान राष्ट्रिय बहस र मुद्दा बने । २०६४ जेठ २५ गते फेरि पार्टी एकता भयो । एकीकरणपछि गजेन्द्र नारायणले राखेकै नाम नेपाल सद्भावना पार्टी राखियो भने पार्टीको नेतृत्व आनन्दी देवीले गरिन् । त्यो एकता धेरै टिक्न नसकेर पार्टी फेरि तीन टुक्रा भयो । २०६५ मंसिर २४ गते राजेन्द्र महतोले आफ्नो नेतृत्वमा सद्भावना पार्टी गठन गरे । राजेन्द्र

महतो नेतृत्वको सद्भावना पनि दुई टुक्रा भयो । अनिल कुमार झा र सरिता गिरी मिलेर सङ्घीय सद्भावना पार्टी गठन गरे । रामनरेश रायले समेत अर्को पार्टी खोले ।

खजुरा क्षेत्रमा सद्भावनामा सत्यदेवी कुर्मी, जगदम्बा पाठक नेतृत्वमा रहे । यो दल खजुरा भेगको ०६२/६३ को जनआन्दोलनको ७ दलको एक घटक थियो । सात दल भित्रको एक घटक र खजुरामा सयुक्त सङ्घर्ष समितिको एक सदस्य रह्यो । ०६२/६३ को सयुक्त आन्दोलनपछि सद्भावनामा विभाजन आयो भने अरु मधेसवादी दलहरु देखा पर्दै गए । सद्भावना जनआन्दोलनपछि फुट्दै गएर ०७९ को चुनावमा खजुरामा देखा परेन ।

## जनता समाजवादी पार्टी (जसपा)

कुनैबेला पुष्पलाल समूहको विद्यार्थी सङ्गठन नेपाल प्रगतिशील विद्यार्थी युनियनका उपाध्यक्ष भएका उपेन्द्र यादव एमालेको उम्मेदवार भएर संसदीय चुनावमा सहभागी भइसकेका थिए । उनले ०५४ सालमा 'मधेसी जनअधिकार फोरम' एन.जि.यो. मार्फत् राजनीति सुरू गरे । माओवादी जनयुद्धसँग पनि साइनो जोडिएका यादवले ०६३ माघ १ 'मधेसी जनअधिकार फोरम नेपाल' गठन गरे । ०६९ को संसदीय चुनावमा बाँकेमा २ सिटमा विजय समेत भयो । त्यसको प्रभाव बाँके खजुरा क्षेत्रका पुराना बस्तीमा अत्यन्तै पऱ्यो । ०७२ जेठमा फोरममा अशोक राईको संघीय समाजवादी पार्टी मिसिएपछि मधेसी जनअधिकार फोरमको नाम' संघीय समाजवादी फोरम' बन्यो । ०७६ मा बाबुराम भट्टराईको नयाँ शक्ति जोडिएपछि समाजवादी पार्टी बन्यो ।

०७७ सालमा समाजवादी पार्टी र महन्थ ठाकुर नेतृत्वको राष्ट्रिय जनता पार्टी (राजपा) एकता भएर 'जनता समाजवादी

पार्टी' (जसपा) बन्यो । एक वर्षपछि महन्थहरू अलगिए । जसपाले २०६९ को सङ्घीय संसदमा भने उपस्थिति जनाउन सकेन । हिरालाल लोनियाले जसपा फैलाउन महत्वपूर्ण भूमिका खेले । ०७९ को क्षेत्र नं. ३ (खजुरा) सङ्घीय सांसदका लागि नायन्द्र धिताल र प्रदेश सांसदको लागी गयासुद्दिन खाँ र राजकिशोर मिश्रले उम्मेदवारी दिएका थिए ।

## लोकतान्त्रिक समाजवादी पार्टी

२०६३ सालको हिउँदको मधेस विद्रोहका बेला महन्थ ठाकुर मन्त्री थिए । जनआन्दोलन २ पछि गिरिजाप्रसाद कोइराला मन्त्री परिषद्का वरिष्ठ मन्त्री महन्थ ठाकुरले ०६४ सालको संविधान सभा निर्वाचनअघि मन्त्रीबाट राजीनामा गरे । नेपाली काङ्ग्रेस त्याग्दै मधेसमा आधारित राजनीति गर्न 'तराई-मधेस-लोकतान्त्रिक पार्टी' (तमलोपा) गठन गरी संविधान सभामा भाग लिए । तमलोपाले खजुरा क्षेत्रबाट ०७९ मा उम्मेदवारी भने दिएन ।

## जनमत पार्टी

नेपाल अखण्ड, स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न राष्ट्र हो भन्ने पहिलो बुँदा राखेर शान्तिपूर्ण तरिकाले राजनीति गर्न प्रतिबन्धन लगाइने सहमति पत्रमा २०७५ साल फागुन २४ गते के.पी. ओलीको नेतृत्वको संयुक्त सरकारसँग सहमितपछि डा. चन्द्रकान्त (सीके) राउत अध्यक्ष रहेको जनमत पार्टीको  स्थापना २०७५ साल चैत ४ गते भएको हो । यसले खजुरामा (क्षेत्र नं. ३) संघीय संसदका लागि राजकुमार कुर्मी र प्रदेश संसद्का लागि शाहनुद्दिन अन्सारीको उम्मेदवारी दिएको थियो ।

## कुरा मधेसको, काम अर्थोपार्जन

उन्मादले झण्डै जातीय दङ्गाको रूप लिन खोज्दा दुई समूह बीचको तनाव अत्यन्तै बढेर ०६३ फागुनमा कर्फ्यु लगाउने अवस्थासम्म पुग्यो । हिंसात्मक भूमिकामा उत्रिएको अराजक भिडले लक्षित व्यक्ति नभेटेपछि खसी काटेर समेत खाएको थियो । हरेक आन्दोलन वा विद्रोहका बाइप्रोडक्ट पनि निक्लन्छन्, मधेश विद्रोहमा खजुरा भेगमा पनि देखा परे । बागेश्वरी गा.वि.स.- ५ का देबबहादुर खत्रीको मृत्यु भयो ।

कुरा राजनीतिका, भूमिका र आचरण भने अर्थोपार्जन गर्ने अनेकौं नामका जनतान्त्रिक सङ्गठन रहे । मधेसी पहिचान र स्वभिमानको आन्दोलनलाई बदनामसम्म गराउन पुग्यो । चन्दा भनिने पैसा असुली धन्दा चल्यो । सीतापुर गाउँविकास समितिका सचिव इन्द्रबहादुर श्रेष्ठको हत्या हुन पुग्यो ।

## राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)

बहुदलको स्थापनासँगै पूर्वपञ्चहरू अर्थात् सत्तारूढ कुलीन वर्गले २०४७ साल जेठ १५ गते सूर्यबहादुर थापा र लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा राप्रपा गठन गरी खजुरामा त्यसको नेतृत्व अघि बढ्यो । २०४९ सालमा पहिलो महाधिवेशन एकता भयो । लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा रहेको एउटा समूहले नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवाद-लेनिनवाद) सँग गठबन्धन सरकारमा सामेल भएपछि २०५३ सालमा दललाई विभाजन गरेको थियो भने फागुन २९ गते चन्द प्रधानमन्त्री भए। २०५३ पछि एमाले समर्थनमा चन्दको र काङ्ग्रेस समर्थनमा थापा सरकार बन्यो । फेरि २०७३ मङ्सिर ६ मा, एकीकरणको घोषणा गरे । जुट्नु र फुट्नु सामान्य घटना बनेको राप्रपा कमल थापा र राजेन्द्र

लिङ्गदेन नेतृत्व बिच छैटौं पटक २०७९ श्रावण २३ गते अर्को विभाजन भयो । कमल थापाले महाधिवेशनमा पार्टी विभाजनको मुख्य दोष पूर्वराजालाई लगाए । खजुरा भेगमा कमलप्रसाद पोखरेल, गणेश उपाध्याय, सर्वजित पुन, रेशम थापा, गणेश प्याकुरेल, तेजबिक्रम शाह, कैलास पछाई र रेशमबहादुर जि.सी. खजुरा भेगका राप्रपा नेता रहे । २०७९ को संसदीय चुनावमा नेकपा एमालेसँग कतिपय ठाउँमा तालमेल गरेको राप्रपाले खजुरा क्षेत्रमा पनि एमालेलाई सक्रिय सहयोग गऱ्यो । गणतन्त्र र धर्मनिरपेक्षताका सूत्रधार मानिने माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको संयुक्त सरकार २०७९ मा राजावादी एवं अति धर्मवादी राप्रपा समावेश भएको थियो ।

## जनमुक्ति पार्टी

जनजातिको विषयलाई प्रधानता दिने जनमुक्ति पार्टी बामपन्थी पृष्ठभूमिका गोरेबहादुर खपाङ्गीले सुरू गरेका हुन् । उनले पार्टीलाई आर्य विरोधी सेतामगुराली (शेर्पा, तामाग, मगर, गुरङ, राई, लिम्बु) जनजातिमा केन्द्रित गराए पनि आखिरमा राजा ज्ञानेन्द्रको सरकारमा सामेल भए । पार्टीको खजुरा क्षेत्रमा प्रभाव राम्रै थियो । यसको नेतृत्व रामचन्द्र थापाले गरेका थिए । राजाको नेतृत्वमा खपाङ्गी मन्त्री बन्दा थापाको केन्द्रीय भूमिका नै रह्यो । तर ०७९ को चुनावमा भने पार्टीले खजुरामा उपस्थिति जनाएन ।

## नागरिक उन्मुक्ति पार्टी

नागरिक उन्मुक्ति पार्टीको मुख्य प्रभाव कैलाली जिल्लाको थारूहट क्षेत्रमा रहेको छ । यसको अध्यक्ष रञ्जिता श्रेष्ठ हुन् ।

प्रतिनिधि सभा सदस्य रेशमलाल चौधरीको संयोजकत्वमा यो पार्टी २०७८ पुष २९ गते गठन भएको हो । केही कानुनी अड्चनले पार्टीको अध्यक्षता गर्न नसकेपछि चौधरीले पत्नीलाई अध्यक्षको रूपमा चयन गरे । उनले लोसपा परित्याग गरीदलको स्थापना गरेका हुन् । बाँके क्षेत्र नं ३, प्रदेश सभा सदस्यमा चन्तराम थारु उम्मेदवार बनेका थिए ।

## संयुक्तजन आन्दोलन परिचालन समिति

०६२/६३ को जनआन्दोलन पहिला खजुरा पुनर्वास क्षेत्रमा जनआन्दोलनरत ७ दल र जनयुद्धरत माओवादी बीच संयुक्त जनआन्दोलन परिचालन समिति बन्यो । बीरबहादुर वलीको संयोजकत्वमा बनेको सो समितिमा मिलन सापकोटा, रामेश्वर कँडेल, महेन्द्र मल्ल, हरि ददेल, केयर सिंह, कमल रेग्मी, कान्तु गौतम, देवफल यादव र डम्बर बि.क. (तुफान) रहेका थिए । त्यो जनआन्दोलनरत सात पार्टी र जनयुद्ध गर्ने माओवादी बीचको देशैभरिको पहिलो संयुक्त सङ्घर्ष समिति हो । त्यसले ०६२/६३ को सदरमुकाम केन्द्रित नेपालगञ्जका हरेक आन्दोलनमा जनसहभागीता जुटाउने र जनयुद्धसँग हातेमालो गर्ने महत्वपूर्ण र हस्तक्षेपकारी भूमिका निभायो ।

## सांसद, मन्त्री र उच्चतहमा निर्वाचित प्रतिनिधि

सांसद ललित चन्द, फत्तेसिंह थारु, कृष्णसिंह परियार, कैलास कसौधन, पूर्णा सुवेदी, दलबहादुर सुनार, नन्दलाल रोकया र किशोरसिंह राठोर भए । मन्त्रीमा ललित चन्द, फत्तेसिंह, राज्यमन्त्रीमा दलबहादुर सुनार र उपसभामुखमा पूर्णा सुवेदी भइन् । प्रदेश

सांसदमा पहिलो चरणमा आइपी खरेल र बाबुराम गौतम, दोश्रो चरणमा रत्नखत्री र बादशाह कुर्मी भए ।

**गाउँपञ्चायतका प्रधानपञ्च एवम् गाउँविकास समितिका अध्यक्ष गाउँफर्क पञ्चायत**

१) खड्गबहादुर मल्ल र कमलप्रसाद पोखरेल ।

त्यसपछि गाउँपञ्चायत टुक्रियो । राधापुर र सीतापुर २ गाउँविकास समिति बने । राधापुर गाउँविकास समिति (गाविस) देवप्रसाद बूढा २ पटक अध्यक्ष भए ।

**सीतापुर**

- नन्दलाल रोकाय, रूद्रबहादुर मल्ल, मानबहादुर वली

**बागेश्वरी प्रधानपञ्च**

- तीर्थराज गिरी, कर्णबहादुर थापा, परबहादुर थापा, जगतबहादुर खड्का, रूद्रबहादुर श्रीस, खड्गबहादुर कामी ( उपप्रधानबाट कार्यवाहकसम्म)

**- सोनपुर गाविस (सोनपुर कलहसन पञ्चायत)**

- प्रधानपञ्च असर्फीलाल कुर्मी (२०१९-०२६), गणेशकुमार उपाध्याय (०२६-०३०), सुम्मन खाँ (०३०-०३३), २०३३ मा सोनपुर र उढरापुर मिलाइएर बसन्तपुर बन्यो, प्रधानपञ्च गणेशप्रसाद उपाध्याय (०३३-.०३८), प्रधानपन्च गणेशप्रसाद उपाध्याय (०४३-०४७, अध्यक्ष अतिउल्लाह खाँ (०४८-०५३), अध्यक्ष अतिउल्लाह खाँ (०५३-०५८)

## उढरापुर

- (गोमती गुप्ता (शाह) (२०१९-०२६), कोइली खाँ (०२६-३०), गाँउफर्ककालमा गणेशप्रसाद उपाध्याय उढरापुर र सोनपुर संयुक्त, कोइली खाँ (०३८-०४३), कोइली खाँ (०४३-०४६), कृष्णमान श्रेष्ठ (०४८-०५३), कृष्णमान श्रेष्ठ (०५३-०५८) ।

## रनियापुर

- याकुव खाँ, जिनिता खाँ, भिख्खु भन्ने अब्दुल अहत खाँ, जमिल खाँ, अतिउल्लाहा खाँ पठान

## खजुरा गाँउविकास समिति

साबिकका ६ गा.वि.स. मिलाएर २०७३ फागुन २७ गतेको निर्णय अनुसार खजुरा गाउँपालिका बन्यो । गाउँपालिकाका पहिलो अध्यक्ष किस्मत कुमार कक्षपति र दोस्रोमा डम्बर बि.क. तुफान (०७८) रहेका छन् ।

## संस्कृतिमा धनी खजुरा क्षेत्र

खजुरा राजनीतिक रूपले मात्र होइन खेल र संस्कृतिका रूपले पनि धनी छ । जन्मथलो छाडे पनि छाडेको ठाउँको नाम र संस्कृति भने पुनर्वास क्षेत्रका बासिन्दाले पटक्कै बिर्सेनन् । आफ्नो जन्मस्थान छाडेको दशकौं बितिसक्दा पनि पुनर्वास क्षेत्रका बासिन्दाले आफ्नो भाषा र संस्कृति भुल्न सकेका छैनन् । सल्यानका सिङ्गारू, बनगाडी (कुटकुटे) लहरे, सरङ्गे, सुर्खेतका सिङ्गारू, टप्पा, झाप्रे, जाजरकोटका (धाचा, दरी, सिङ्गारू र ढाल तरबार नाँच, रूकुमका सिङ्गारू, पैसेरू, भुमे, मयुर नाच । ती सबै मेला, पर्व वा चाँडबाँडमा यहाँ अहिले पनि देख्न सकिन्छ । पुनर्बास

भेगमा सुर्खेतको सिँगारू, टप्पा सबैभन्दा चर्चित नाचमा पर्दछ । महिलाहरूको भेषमा पुरूषलाई सिँगारेर नाचिने नाँच नै सिँगारू हो ।

सिने कलाकार दिवङ्गत मित्रलाल शर्मा पनि मनकामनापुर खजुराकै हुन् भने चर्चित गायिका अन्जना गुरूङ्ग र चन्द्रा गुरूङ्ग, नृत्य कलाकार सुन्दर गुरूङ, के.बी. शाही, राकेश गुरूङ, शंकर बि.सी. कुमार शर्मा र सूर्य श्रेष्ठ पनि खजुराकै हुन् । तर, आधुनिकता र सत्ता केन्द्रित अभिजातीय सांस्कृतिक सोचका कारण अवधी सांस्कृतिक अभ्यास भने खस्कँदै छ । अवधी संस्कृतिको नौटङ्की, बिराहा, कजेरी जस्ता नृत्य साबिक सोनपुर र उढरापुरमा भेटिने गरिए पनि झण्डै ३ दशकयता सार्वजनिक क्षेत्रमा देख्न छोडिँदै छ । अवधी संस्कृतिका इनार र बगैँचा बीच विवाह पनि कम हुनथाल्यो । मन्दिर र कुवाँ बीच विवाह देख्न पाइँदैन पाइए पनि अत्यन्तै कम हुन्छ । अवधी समाजको हरेक शुभ-कार्यमा फुपाजुको महत्व अत्यन्तै हुन्छ । कृषिसँग जोडिएका अनेकौं पर्व हुन्छन् । संस्कृति समाजको स्वर र पहिचान हो तर त्यसको संरक्षण र विकास सत्ता चरित्रसँग जोडिएको हुन्छ ।

## इतिहास बन्दै गएका खजुराका गहना

कुनै पनि ठाँउको कमजोर राजनीतिक नेतृत्व भयो भने समाज र देशले नै दुख पाउँछ । उपलब्धिको रक्षा र नयाँ उपलब्धि पाउन सक्दैन । खजुराका गहना लुटिन र उपलब्धिको जगेर्ना गर्न नसक्नुमा यहाँको राजनीतिक कमजोर नेतृत्वको कारण हो ।

## खजुरा र एयरपोर्ट

खजुरामा अब टाँगाका टपटप र धान गहुँ बेच्न आउने लडिवानका हह ताक् ताक् का हकाई सुन्न पाइँदैन साथै गल्लामण्डी

सक्किए । टाँगाको ठाउँ टेम्पोले लियो भने लडियाको ठाउँ ट्रयाक्टर, ट्रकले लिए । यो प्रविधि विकास र सडक सञ्जालको विस्तारमा पर्नु स्वभाविकै हो । खजुराको मुख्य गहना विमान स्थल थियो । रनवे बढाउने जग्गा प्रसस्त थियो तर कमजोर स्थानीय राजनीतिक नेतृत्व र निष्क्रिय नागरिक समाजका कारण एयरपोर्ट फुत्क्यो । खजुरा बासीले २०३९ सालमा पछि आफ्नै आँगनमा हवाई जहाज उत्रेका र उडेको हेर्न पाएनन् । त्यसैबेला तेलको टंकी पनि एयरपोर्टसँगै राँझा गयो । देशैभरिका मान्छे खजुराबाटै आँउथे, जान्थे । खजुरा चर्चा र आकर्षणमा रहन्थ्यो ।

## कपास र कृषि

पुनर्वासको आर्थिक उत्पादन र आधुनिक जीवन परिचय भनिएको सेतो सुन अर्थात कपास थियो । इजरायली प्रविधिले विकास भएको कपास अर्को खजुराको गहना थियो । कपास विकास समिति २०३७ पुस १ गते गठन गर्ने निर्णय भएको एक वर्षपछि अर्थात २०३८ सालमा कार्यान्वयनमा आयो । बाँकेमै पहिलो केन्द्रीय कार्यालय कपास विकास समिति, खजुरा थियो ।

वार्षिक कपास उत्पादन ३५ सय टनबाट घटेर अहिले ७० टनमा सीमित छ भने ८ सय ५० बिगाहा जग्गा मध्ये अतिक्रमणमा २२ बिगाहामा झरेको छ । उत्पादित कपास पनि बिक्री हुन सकेको छैन । बुटवल धागो कारखाना र हेटौँडा कपडा उद्योग बन्द भएपछि कपास उत्पादनमा पनि सङ्कट आइलाग्यो । २०४८ सालको महत उदारवादी आर्थिक नीतिको पहिलो प्रहार बुटवल धागो कारखाना र हेटौँडा कपडा कारखानामा पर्दा त्यसको प्रत्यक्ष प्रभावको पहिलो चपेटामा कपास खेती पर्न गयो । अहिले भने विराटनगर कपडा मिलले मासिक १० टन कपास खरिद गर्छ ।

कपासको कार्यालय छ, नाम छ, तर घाटे वैद्यकोमा पुगेको रोगीको अवस्थामा ।

खजुरा कृषि केन्द्र देशकै ठूलो कृषि अनुसन्धान केन्द्र हो । किसानहरूका ज्ञान र सूचना सङ्कलन गर्ने थलो हो । आधुनिक कृषि विज्ञान, अनुसन्धान केन्द्र, उन्नत जातका कुखुराको ब्रुडर एण्ड ह्याचरी, उन्नत जातका बीउबिजन अध्ययन, अनुसन्धान, उत्पादन हुन्थे, अझै पनि केही हुँदैछन् । धिकिर–धिकिर धानेका छन्, पूर्ण गतिमा चल्न सकेका छैनन् । आइ.एससी. एजी. को कृषि अध्ययन गर्ने कृषि क्याम्पस थियो । अब ती इतिहासका कथा भए, राजनीतिकर्मीको दूरदृष्टिको अभावले पार्ने प्रभाव यहाँ देख्न सकिन्छ ।

एयरपोर्ट राँझा सरेपछि खजुरा बेहुली अन्माएको आँगनझैं भयो । एयरपोर्ट सर्नुसँगै खजुराका गौरव पनि क्रमशः खस्कँदै गए । कुनै दिन सेतो सुन भनिने कपास खजुरा पुनर्वासको गहना थियो, देशमै चर्चित थियो । खजुरामा बागवानीमा उत्पादित अङ्गुर देशदेशान्तर पुग्थे । आधुनिक कृषिको ज्ञान विकास गर्न देशैभरिका अगुवा किसान ओइरो लाग्थे यस्ता धेरै कुरा अब कथा बने ।

पछिल्लो समयमा भने खजुरा क्यान्सर अस्पताल, लुम्बिनी प्रदेश विश्वविद्यालय र कृषि क्याम्पस खजुराले गौरवको सङ्घर्षमा रहेको खजुरालाई केही आशाका ज्योति जगाएका छन् ।

## पुनर्बासको मनोविज्ञान

घायल स्वाभीमान्, अनिश्चित भविष्य, टुटेका सपना, जागेका आशा र भरपरेका पौरख लिएर मान्छे बसाइँ सर्छ । बसाइँ सर्नेहरू स्वभावैले जिज्ञासु र सङ्घर्षशील हुन्छन् । पैत्रिकथलोबाट विस्थापित

हुँदाको पीडा र नयाँ ठाउँमा स्थापित हुँदाका सङ्घर्षले तिखारेको दिमाग र इस्पातिलो मुटु बनेको हुन्छ । नयाँ ठाउँमा घुलमिल गर्ने कला विकसित हुन्छन् । नयाँ छिमेकी, भारोपर्म नयाँ समाज बन्दै जान्छ । जन्ती र मलामी पनि नयाँ हुन्छन् । जड सोच भत्किन्छन् । भाग्यभन्दा कर्ममा विश्वास गर्छ । राजनीतिक रूपमा जुनसुकै पार्टी र व्यवस्था माने पनि खजुराको मनोविज्ञान भने प्रगतिशील हुनुमा र हरेक पश्चिमको आन्दोलनको नेपालगञ्जिया नेतृत्व लिनमा यही मनोभावले काम गरेको छ ।

खजुरा यसैपनि राजनीतिक संस्कृतिमा सङ्घर्षको चरित्र भएको भू-भाग हो । २००७ सालकै लोकाभार किसान आन्दोलनको पेडारी केन्द्र बनिसकेको थियो । सहादतले जनचेतनालाई ऊर्जा दिइरहेको हुन्छ । बाँकेका पहिलो सहिद बैजनाथ थारूको सहादत र कैयौँ किसान नेताको गिरफ्तारीले जमिनदार, कोठारीका मुटु कमाएको थियो भने सत्ता त ठालुको पक्षमा हुन्थ्यो नै । सङ्घर्षका अनेकौँ रूप र भूमिकामा खजुराले  निरन्तरता दिँदै गयो ।

## तब खजुराको तस्वीरै फेरियो

औंलो नियन्त्रणसँगै तराई मधेशका चित्र र चरित्र फेरिए । अझ पुनर्वास र पूर्वपश्चिम राजमार्गले चिन्तनशैली नै फेरिदियो । बाँकेमा खजुरा र कोहलपुर जस्ता नयाँ शहरहरु विकास भए । अब त नेपालगञ्ज बजार पनि कोहलपुरसम्म जोडिइ सक्यो ।

हवाइमार्गले देशलाई जोडेको खजुरा एयरपोर्ट मध्य एवम् सुदूरपश्चिम क्षेत्र र राजधानी जोड्ने हृदय धमनी नै थियो । नेपालगञ्जका अधिकांश शासक, प्रशासक, नेता, धनाढ्य र व्यापारीहरु खजुरा विमानस्थलबाट आवतजावत गर्थे । राजधानी पनि खुजुरा हुँदै शासक र शासन लिएर पश्चिम पुग्थ्यो, हुकुम चलाउँथ्यो ।

बिर्ता उन्मूलन, भूमि सुधारले जमिनको स्वामित्वमा प्रभाव पाऱ्यो । बिर्तावाल, जिम्दार र मौजावालाले जमिन लुकाउन केहीले कृषि उद्योग नामकरण गरे भने कतिपयले पटवारी, कोठार, आफन्त, इष्टमित्र र विश्वासिलाको नाममा लुकाए ।

बिर्ता उन्मूलन त बि.पी. सरकारले गरेकै थियो । त्यसलाई नयाँ रूप दिन २०१८ सालमा राजाले शाही भूमिसुधार आयोग गठन गरे । २०१८ जेठ २५ देखि २०१९ आषाढ १७ गतेसम्म रहेको शाही भूमिसुधार आयोग अध्यक्ष टङ्कप्रसाद आचार्य सदस्य सचिव रही महेशचन्द्र रेग्मीको नेतृत्वमा १४ सदस्यीय शाही आयोगले देशलाई नयाँ जमिनको स्वामित्वको मार्गचित्र प्रस्तुत गऱ्यो ।

जमिनदारका हदबन्दीका जग्गा खोस्यो । कतिपयले उद्योगको नाममा जग्गा सुरक्षित गर्न सफल भए । कैलाश शमशेरको राधेपुर फार्म, उढरापुरका टण्डनहरूको खाडसारी सुगर मिल र सोनपुरको तारा सुगर मिलका नाममा सयौँ बिघा जमिन स्वामित्वमा रहे । उद्देश्य अनुसार राधेपुर फर्म सञ्चालन भएपनि खाडसारी चिनीमिल र तारा सुगर फ्याक्टरी चलेनन् । तारा सुगर मिललाई सरकारले जफत गऱ्यो । खाडसारी मिल र उढरापुरमा भने अझै खिचलो छ ।

यस भेगकै राजासँग पनि टसल लिन सक्ने सबभन्दा ठूला जमिन्दार हरिहर गौतमको भूमि सुधार लागु भएको वर्षदिनमै मृत्यु भयो ।

भूमि सुधारले खजुरा क्षेत्रको सामाजिक अर्थ सम्बन्धको हेरफेर नै ल्याएर हलचल बढायो । तब धेरै कुरा फेरिए ।

## खजुरा : अर्थात् क्रान्तिकारीको उत्पादन कारखाना

०७ सालको आन्दोलनको केन्द्र नेपालगञ्ज बनेपनि किसान

आन्दोलनको अगुवा खजुरा पेरिफेरि बनिसकेको थियो । पुनर्बास पहिला देखि नै सुरू भएको चेतनाका सङ्घर्षको पश्चिमेली अगुवाई र जनशक्ति खजुरा क्षेत्रले पुऱ्याउँदै सत्ता केन्द्र नेपालगञ्जलाई हल्लाउँदै गयो । सुरक्षा निकायको सुरक्षपाटीमा सीतापुर, राधापुर र धवलागिरिलाई गाढा रातोरङले पोतिएका हुन्थ्यो ।

राष्ट्रिय राजनीतिमा उल्लेखित आन्दोलन, सङ्घर्ष र भिडन्त भनेका ०३६, ०४६, ०४२, ०५२ देखि चलेको जनयुद्द र ०६२/६३ को संयुक्त जनआन्दोलन परिचालन समिति  हरेक आन्दोलनको अगुवाई र आन्दोलनकारी जनशक्ति खजुराले दिँदै गएर नेतृत्व नै गऱ्यो । आन्दोलनको मूल्य पनि तिर्दै गयो । यस लेखकै सुरूमा भारतीय सेनाको आक्रमण र पेडारीका बैजनाथ थारूको सहादतको चर्चा गरि सकिएकाले हामी यसमा आन्दोलन र सङ्घर्षमा मात्रै केन्द्रित हुनेछौ ।

## ०३६ को आन्दोलन र खजुरा

०३६ को आन्दोलनको उठान, अगुवाई र नेतृत्व विद्यार्थी आन्दोलनले नै गरेपनि त्यसको राजनीतिक चिन्तनको नेतृत्व राजनीतिक शक्ति थिए । पञ्चायत विरूद्धको जनमत तयार थियो । परिस्थिति तयार भएपनि बिफोटन भने पाकिस्तानी सैनिक शासनले त्यहाँका पूर्व प्रधानमन्त्री जुल्फिकर अली भुट्टोलाई दिएको फासी विरूद्ध विद्यार्थीहरूले पाकिस्तानी राजदुतावासमा विरोधपत्र दिनथाल्दा पुलिस आक्रमण भयो । त्यो झिल्को विद्यार्थी आन्दोलन बनेर देशैभरि फैलियो । तर चेतनाको अगुवाई गर्ने नेपालगञ्ज र यहाँको क्याम्पस भने मौन रहे । व्यङ्ग्य गरिएर नेपालगञ्जका विद्यार्थीहरूलाई चुरापोतेका पार्सल पनि आँउन थाले ।

खजुरा वा नेपालगञ्जको हरेक आन्दोलनमा पूर्वी बर्दियाको जमुनी र मैनापोखर क्षेत्रको पनि उल्लेखनीय सहभागी जनाउँथ्यो, मानखोलाले आन्दोलनको सीमा लगाउन सकेन । नेपालगञ्ज मौन भए पनि खजुरा जाग्राम बस्थ्यो । विद्यार्थी आन्दोलनको अगुवाई जनता हाइस्कुलका विद्यार्थीले गरे । आन्दोलन रक्सी विरोधी आन्दोलनमा फेरियो । रक्सी भट्टीको दुर्घन्धित पास खुला पोखरीको दुर्घन्ध विरूद्ध सर्वसाधारणले पनि साथ दिँदै गए । विद्यार्थी भट्टी तोड आन्दोलनको रूपमा फेरिए, केन्द्रित भयो । जनता हाईस्कूलका विद्यार्थी खजुरा मात्रै आएनन् नेपालगञ्ज पनि लम्किए । नेपालगञ्ज जान थाल्दा कृषि केन्द्र अगाडि परालबोकेको ट्रकमा बसेका एक व्यक्तिको करेन्ट लागेर मृत्यु भयो ।

विद्यार्थी आन्दोलनबाट सुरू भएको सङ्घर्ष जनमत सङ्ग्रहमा फेरियो । जनमत सङ्ग्रहमा सुधारिएको पञ्चायतको र बहुदल बहसका चौतर्फ भए । बहुदलको पक्षमा निलो र पञ्चायत पक्षमा पहेँलो रङ प्रयोग भए । पञ्चायतमा रहेका प्रजातान्त्रिक वा वामपन्थीहरू पनि बहुदलको प्रचारमा खुला मैदानमा उत्रिए । बाँकेको मुस्लिम मतलाई एकीकरण गर्न मस्जिदमा लाउडस्पीकर राख्ने अनुमति तत्कालीन अञ्चलाधिशले दिए ।

## राजनीतिक पार्टीको भूमिका

०३६ सालको खजुराको बहुदलको नेतृत्व भर्खरै तुल्सीलाल समूहबाट पुष्पलाल समूहमा फर्केका सत्यदेव भट्टराईले गरे । सीतापुर र राधापुरमा सङ्गठनको राम्रो प्रभाव थियो । खजुरा बजारबाट नेपाली काङ्ग्रेसका हरिप्रसाद ढुङ्गाना, र रामेश्वर कँडेल निक्लिए । नेकपा चौँथो महाधिवेशनको सीतापुर, धौलागिरि, खजुरा रनियापुरमा भेगमा पकड थियो । हरिभक्त कँडेल, आइ.पी.

खरेलले अगुवाई गर्थे । विभिन्न घटक मिलेर नेकपा मालेको गठन भर्खरै सुरू भएको थियो । कोअर्डिनेसन केन्द्रदेखि नै सङ्गठित गोविन्द कोईराला नेकपा मालेका नेता थिए । उनी मैनापोखर स्कुलका चर्चित शिक्षक भएकाले जुझारू विद्यार्थी उनका प्रभावमा रहे । अनेरास्ववियु पाचौंमा सङ्गठित हुँदै गए । मिलन सापकोटा र बालकृष्ण पौड्यालहरू सक्रिय थिए । अखिल छैठौं र पाचौँ विद्याथी आन्दोलनमा महत्वपूर्ण भूमिका खेले पनि मूल पार्टी नेकपा चौंथो महाधिवेशन र नेकपा मालेले जनमत सङ्ग्रहमा ढुलमुले नीति रह्यो । पहिला बहिष्कार र आन्दोलनले च्यापेपछि मात्रै सहभागिता जनाए ।

नेपाली काङ्ग्रेसको नेतृत्वमा ०४२ मा सत्याग्रह भयो । त्यसमा रामेश्वर कँडेल, हरिप्रसाद ढुङ्गानाको अगुवाई भयो । कँडेल गिरफ्तार परे । रामराजाको जनवादी मोर्चाले गणतन्त्रको लागि भन्दै देशकै विभिन्न भागमा बम विस्फोट गराएपछि सत्याग्रह रोकियो । शिक्षक सङ्घर्षमा खजुरा भेगबाट युवराज शर्मा ( जानकी हाइस्कुल) हरिभक्त कँडेल (आर्दश मा. वि. को) उल्लेखनीय भूमिका रह्यो ।

## ०४६

छयालीस सालको आन्दोलनमा भने केन्द्र फेरिएर सीतापुरबाट खजुरा बन्न पुग्यो । आन्दोलनमा सुयुक्त बाम मोर्चा र कंग्रेस, अर्कातर्फ मशाल, मसाल र सर्वहारा श्रमिक सङ्गठनको सयुक्त जनआन्दोलन समिति बने । माले र मशाल दुबै पार्टी भूमिगत थिए । बाम मोर्चाका तर्फबाट मार्क्सवादी समूह अगाडि देखापर्‍यो । मार्क्सवादीबाट मानबहादुर ओली, नन्दलाल रोकाय, अगुवाइ रह्यो भने एमालेको तर्फबाट मिलन सापकोटा । मिलनको वारेन्टपछि सो

कमाण्ड राजेन्द्र सापकोटा, राजकुमार सापकोटा, यमनाथ पोख्रल, शरण कर्माचार्यहरूले गरे । संयुक्त आन्दोलन परिचालन समितिको बैठक दिवाकर शर्माको घर नेपालगञ्जमा बस्यो । एकपटक आन्दोलन परिचालन समितिको बैठकलाई प्रशिक्षण भैरव चौधरीका नाममा बामदेव गौतमले पनि गरे । आन्दोलनकारीहरूले पञ्चायतले बनाएको चारपाते क्लबलाई खजुराको केन्द्र बनाए । त्यसको नेतृत्व पूर्णचन्द्र उपाध्याय (मामा) ले गर्थे ।

पत्रिकारिताका आवरणमा रहेका एकजनाले दैनिक धनौली चौकीमा आन्दोलनकारीको रिर्पोट पुऱ्याउथ्यो भने राष्ट्रिय अनुसन्धानका यमसी भने कोको गिरफ्तारीको लिष्टमा छन् भनेर आन्दोलनकारीलाई । यमसी भूमिगत रूपमा मार्क्सवादीहरूसँग जोडिएका थिए ।

संयुक्त जनआन्दोलन परिचालनबाट हरिभक्त कँडेल, आइ.पी. खरेल, चीरञ्जिवी रेग्मीले गर्थे । रेग्मी संयुक्त बाम मोर्चामा पनि त्यतिकै सक्रिय थिए । त्यो समय मशालको बाँके नेतृत्व विकास श्रेष्ठले गर्थे । सयुक्त जनआन्दोलन समितिले संकेतमा उपस्थिति जनाउन सके पनि भूमिकामा आफ्नो पहिचान स्थापना गर्न सकेन । संयुक्त बामदलको नेतृत्व सत्यदेवको गिरफ्तारी नेपालगन्ज नन्दनीमिल अगाडिबाट भयो ।

माओवादी जनयुद्धका लागि सयुक्त जनमोर्चा देखि नै खजुरा पुनर्वास क्षेत्रमा राम्रै प्रभाव थियो । सीतापुरको निर्वाचित उपाध्यक्ष जनमोर्चाकै थिए । धौलागिरिलाई मशालपुर भनिन्थ्यो । खजुराले माओवादीलाई दिएको आश्रय, सहभागी भएको कुरा हामीले माथि नै उल्लेख गरिसक्यौं । जनयद्धका अर्वानहरूको सेल्टर मात्रै नभै सहादतको कोटा पनि खजुराले गरेको चर्चा गरिसकेका छौँ ।

## संयुक्त जनआन्दोलन परिचालन समिति

नेपालमै पहिलो सातदल र माओवादीको सयुक्त जनआन्दोलन परिचालन समिति बन्यो । त्यसको मुख्य श्रेयका लागि यी मुख्य व्यक्तिहरू काङ्ग्रेसका कृष्णमान श्रेष्ठ, एमालेका मिलन सापकोटा, माओवादीका डम्बर वि.क. तुफान र मार्क्सवादीका मानबहादुर ओली र बीरबहादुर ओली र जनमोर्चाका मानबहादुर भण्डारीलाई जान्छ । यसले यस क्षेत्रलाई मात्रै आन्दोलित गरेन, नेपालगन्जका हरेक आन्दोलनको जनसहभागितामा मुख्य भूमिका खेल्यो । जनआन्दोलनमा बाँकेको साहित्यिक मोर्चा खजुराका डा. इन्द्रबहादुर भण्डारीले गरेका थिए । सहादतको कोटा पनि सेतु वि.क. सहिद बनेर चुकाइन् । त्यो सयुक्त जनआन्दोलनको नेपालमै पहिलो अभ्यास र प्रयोग थियो ।

## खजुरा बुझ्न किन इतिहासको अध्ययन आवश्यक छ त ?

गौरवता पुनर्स्थापनाको संघर्षमा अहिले फेरि जेहाद छेड्दै गरेको खजुराको इतिहास अध्ययन पहिला इतिहास प्रतिको धारणा राख्नु उपयुक्त नै होला । इतिहास किन पढ्न पर्छ ? इतिहास बोध भनेको के हो ? गम्भीर पाठकका जिज्ञासा हुँन सक्छन् । इतिहास सत्ताका संस्कृति, पात्र र प्रवृतिसँग जोडिने हुँदा लेखनका लागि कालखण्ड अन्तरको माग गर्छ । नत्र प्रभावित वा आग्रही हुन सक्छ । इतिहास न मूर्दाको कथा हो, न चिहान घारीको यात्रा । पूर्खाले समाज विकास क्रममा गरेका टसलले पैदा भएका मानव विकासका इतिवृत्ति इतिहास हो । इतिहास वा कुनै पनि लेखन सार्वभौम हुँदैन । चिन्तन, पक्षधरता इतिहासका पात्र र प्रवृत्ति सम्झनाका धेरै कारण हुन्छन् । कसैको निजी आग्रह, मान्यता, विश्वाससँग इतिहासको कुनै साइनो हुँदैन । इतिहासबाट ऊर्जा

लिनभने इतिहासको व्यवस्थापन पनि हुने गर्छ । हित अनुसार कसैले त्यसको महिमा मण्डन गरेर वर्तमानमा आफूलाई सान्दर्भिक बनाउने प्रयत्न पनि गर्छन् भने कतिपयले घृणामा आफ्ना औचित्य खोज्छन् । जब इतिहासका गौरवता सम्झेर अभिजातहरु आफूलाई श्रेष्ठ सावित गर्न खोज्छन्, त्यसले जातीय अहंकारको रुप लिन्छ । तब सवाल्ट्रनहरु इतिहासका कुरुपताका चिहान खोतलेर अभिजातीय चिन्तन, संस्कृतिमाथि प्रतिरोध गर्छन, जाइ लाग्छन् त्यो स्वभाविकै हो । भूगोल त त्यहीँ रहन्छ तर शासकहरु बीचका टसल र युद्धले भने राजनीतिका सीमा भने फेरिँदै जान्छन् । राजस्वामित्व फेरिँदै जाँदा जनपरिचय पनि फेरिँदै जान्छ । भूगोलको परिचय पनि फेरिँदै जान्छ । खजुरा लेखनपूर्व यति लेखिसके पछि गम्भीर पाठकले खजुराबारे लेखकले के लेख्यो भन्ने तस्वीरमा संवेदना, सूचना, सपना, सभ्यता विकासमा सामाजिक टसलका झल्को नियाल्न सक्छन् । इतिहासले आफ्नो युगीन भूमिका व्यक्तिमार्फत् समाजमा सोचको हस्तान्तरण गर्छ । ती नायक र खलनायक जे पनि हुन सक्छन् । नायकत्व जोगाउनु व्यक्तिलाई सबभन्दा ठूलो चुनौती हुन्छ । इतिहासले निर्मम यात्रा गर्छ, कसैलाई पनि दयामाया गर्दैन । आजका नायक वा शक्ति केन्द्र कुन दिन ध्वस्त हुनेहुन थाहापत्तै हुँदैन । खजुराका धेरै प्रधानहरु अहिले कसैको सम्झनामा छैनन् । ५० वर्षका खजुराका ठूलेहरूको याद गर्ने सम्झने मान्छे अहिले प्रायः भेटिँदैनन् । खजुराको इतिवृत्ति खोतल्न थाल्दा विस्मृतिका गर्भमा छिपेका कुरा उधेल्न मैले धेरै पाका र अध्यतासँग सम्पर्क गरी सन्दर्भ सामाग्री खोज्न थालेँ । त्यो निरर्थक रह्यो । यसै त नयाँ मुलुक, त्यसमा पनि खजुरा । खजुराबारे हिजो सम्झँदै छु, आज देख्दै छु, भविष्यलाई गुम्दैछ । लोककथा, जुम्ला र दैलेखी इतिहास, अङ्ग्रेजी गजेटियर

र भारत स्वतन्त्र पहिलाका चर्दा र नानपारा स्टेटका अभिलेखले लेखन अध्ययन आवश्यक भयो । अङ्ग्रेजी गजेटियर अध्ययन नगरी यस भूगोलको इतिहास अध्ययन गर्न मुस्किल पऱ्यो । आगे त्यही फर्मेट र सजगतामा यो लेख तयार भएको हो ।

जो सँग आफ्नो इतिहास र गौरवता हुँदैन त्यसले इतिहासको अन्त्य भयो भनेर इतिहास बिर्साउन र वर्तमान मात्र सबै कुरा हो भन्ने तर्क कोरल्छन्, अर्कातर्फ जो सँग वर्तमानका चुनौती सामना गर्ने कला, हैसियत, सामर्थ्य, क्षमता, सिर्जनशीलता हुँदैन, त्यसले विगतका आदर्श बखान गरेर इतिहासको ब्याज मात्र हसुर्न इतिहासको भजन गाँउछन् ।

**अन्त्यमा**

इतिहास लेखनको बिट कहिल्यै मारिंदैन । खजुराको इतिहास र इतिहासका सन्देशहरु अझ थप गम्भीर अध्ययन, अनुसन्धानको आवश्यक छ । प्रख्यात ल्याटिन अमेरिकी लेखक अलवार्डो गिलियानो भन्छन् – इतिहासले कहिले पनि अलबिदा भन्दैन्, फेरि भेटौंला भन्छ ।

नोटः लेखमा इस्वी सम्वत् र विक्रम सम्वत् दुबै प्रयोग भएका छन् । प्रायःजसो इस्वी सम्वत् ५६ वर्ष ८ महिना १६ दिन फरक पर्छ ।

**सर्न्दभस्रोत**


- १ रेग्मी, सनत (२०७६), सम्पा, सद्भावको शहर नेपालगन्ज, नेपालगन्ज : मध्यपश्चिमाञ्चल स्रष्टा समाज ।

  ५ बर्मा, विजय

- http://www.nepalgunjnews.commainnews20220863245?fbclid=IwAR1wXenVNv36CCgHEoQAq IZEWngUKgfKlEwB3fxrwR6GqQMaesrk6OSz4j0
- थारू जोधाः शेखर दहितः प्रकाशक-कोलियसन फर रिसर्च एण्ड डेभलमेन्ट प्रा. ली., १३५-१५६ सशस्त्र द्वन्दमा मध्यपश्चिमाञ्चलः मध्यपश्चिमले गुमाएकाहरू २०६४ चैत्र १४ गते पृष्ठ ९८ देखी १०८ सम्म इन्सेक
- स्थवीरहरूको कहानी । प्रा. डा महेश चौधरी, प्रकाशक शान्ति चौधरी, २०६९
- नेपालको राजनीतिक दर्पण भाग - २
- सम्वृद्ध खजुराः खजुरा गाँउपालिकाको सहयोगमा सत्यपाटी पब्लिकेशन प्रा. ली. द्धारा संपादित एवं प्रकाशित म्यागजिनः २०७६
- खजुरा प्रकाश कखजुरा गाँउपालिका । सम्पादकः पूर्णचन्द्र उपाध्याय
- नेपालमा भूमि सुधार कार्यक्रमको शुरूवात तथा महत्व आगामी दिनमा के गर्नुपर्ला http://www.duniyakokhabar.com/?p=5910
- परशु घिमिरे र संजिव अधिकारी – https://tarunkhabar.com/2021/08/18/4385/
- शरण कर्माचार्यः http://www.nepalgunjnews.com/main-news/20191037273/
    - द फ्यूडेटरी एंड जमींदारी इंडिया, खण्ड १७, अंक २ । १९३७
    - द इंडियन ईयर बुक, खण्ड 29 । बेनेट, कोलमैन एंड कंपनी । 1942 पी. 1286

- ६ अवध के साम्राज्य का सर्वेक्षण (पूर्वी भारत संग्रह फोलियो घ संस्कण)  लंदनः ओरिएंटल एंड इंडिया कलेक्शन ।
- ६ अवध पर नीली किताब । 1856 पी. पी. ट, ड और परिशिष्ट बी ।
- घोषाल, बेनोड चंद्र (1918) । राजनानपारा पर कुछ नोट्स, या अवध में प्रीमियर मोहम्मडन एस्टेट की दुखद कहानी । एङ्ग्लो–ओरिएंटल प्रेस ।
- https://lohiashodhmanch.com/2022/04/21/1857-%E0%A4%95%E0%A5%80-%E0%A4%95%E0%A5%8D%E0%A4%B0%E0%A4%BE%E0%A4%A8%E0%A5%8D%E0%A4%A4%E0%A4%BF-%E0%A4%AE%E0%A5%87%E0%A4%82-%E0%A4%AC%E0%A4%B9%E0%A4%B0%E0%A4%BE%E0%A4%87%E0%A4%9A-%E0%A4%9C%E0%A4%A8/
- https://indianculture.gov.in/gazettes/bahraich-gazetteer-being-volume-xlv-district-gazetteers-united-provinces-agra-and-oudh

- नागर अमृतलालः 1857 का गदर, साहित्य पब्लिकेशन्स पेज ११२ देखी ११७ सम्म,
- BAHRAICH: A GAZETTEER... VOLUME XLV ED 1903 https://election.ekantipur.com/
- www.amarujala.com/uttar-pradesh/bahraich Bahraich-73119-131
- सन ज १८५७ का मुक्ति संग्रामः अखलेश मिश्र पेज नं ३८, ३९, ४०, १६०, ५५६

https://www.himalkhabar.com/news/114264

https://www.himalkhabar.com/news/123863

# खजुराको साहित्यिक इतिहास

डा. इन्द्रबहादुर भण्डारी

**परिचय**

खजुरा गाउँपालिका बाँके जिल्लाको धेरै पुरानो बस्ती भएको गाउँपालिका हो । यसमा साबिकका बागेश्वरी, रनियापुर, उढरापुर, सीतापुर, राधापुर गाउँविकास समितिहरू मिलेर बनेको छ । बाँके जिल्लाको पश्चिम दक्षिण दिशामा अवस्थित यस गाउँपालिका पश्चिममा मानखोला जसले बाँके र बर्दिया जिल्लालाई छुट्टाएको छ । पूर्वतर्फ नेपालगन्ज उप–महानगरपालिकासँग जोडिएको जानकी गाउँपालिका रहेको छ । उत्तरतर्फ बैजनाथ गाउँपालिका रहेको छ । यो गाउँपालिका साबिकका बागेश्वरी, रनियापुर, उढरापुर, सोनपुर, सीतापुर र राधापुर गाविसहरू मिलेर बनेको छ । समाजको सन्तुलित विकासका लागि समाजमा बस्ने जनसमुदायमा सामाजिक र राजनीतिक चेतनाको विकास हुनु आवश्यक मानिन्छ । देशको नयाँ संरचना अनुसार निर्माण भएको खजुरा गाउँपालिका मिश्रित जनसमुदायको बसोबास भएको गाउँपालिका हो । यहाँ परम्परागत मधेसी समुदाय र बसाइ सरेर आएका पहाडी समुदायको सन्तुलित बसोबास रहेको छ । यस गाउँपालिकाको जीवनशैली, शिक्षा, स्वास्थ्य, साहित्यिक साँस्कृतिक आदिको विकासका दृष्टिले सन्तुलनको अवस्था देखिँदैन । एकातिर पिछडिएको अवस्थामा रहेको समुदाय पनि यहाँ रहेको छ भने अर्कातिर विकासको गतिमा अगाडि बढेको समुदाय पनि यहाँ रहेको छ ।

खजुरा गाउँपालिका साहित्यिक गतिविधि र विकासका दृष्टिले नेपाली साहित्यको आधुनिक कालदेखि सकृय रहन थालेको देखिन्छ । यस जिल्लाका पुराना बस्तीहरूमा प्राथमिक कालदेखि

नै हिन्दी र अवधी भाषी लोकसाहित्य नै प्रमुख साहित्यका रूपमा प्रचलित थियो । यस गाउँपालिकामा लोकसाहित्य कै पृष्ठभूमिमा लेख्य साहित्यको विकास भएको देखिन्छ । लेख्य साहित्यको विकासमा यस बाँके जिल्लाका हिन्दी, अवधी, थारु भाषी साहित्यकारको व्यक्तिगत भूमिका र सकृयतामा भएका सानातिना प्रयासले यस गाउँपालिकाको साहित्यिक पृष्ठभूमि तयार गर्नमा उल्लेख्य भूमिका खेलेको देखिन्छ । यस लेखमा पश्चिम नेपालको प्रमुख केन्द्रका रूपमा परिचित यस बाँके जिल्लाको खजुरा गाउँपालिको साहित्यिक पृष्ठभूमिका साथै हालसम्म यस गाउँपालिको साहित्यिक गतिविधि, यस गाउँपालिका र बाँके जिल्लामा बसेर साहित्य सृजना गर्ने साहित्यकार र तिनीहरूका साहित्यिक कृतिहरु, तिनीहरूको योगदान र यस जिल्ला र पालिकामा सकृय भएका साहित्यिक संस्थाहरूका बारेमा प्राप्त प्राथमिक र द्वितीयक श्रोतका तथ्य र सामग्रीहरूलाई समेटेर खजुराको साहित्यिक इतिहासलाई प्रस्तुत गरिएको छ ।

**सामग्री श्रोत**

खजुरा गाउँपालिकाको साहित्यिक इतिहास हालसम्म कसैले पनि लेखेका छैनन् तर खजुरा गाउँपालिकाका साहित्यकारहरूका विषयमा अध्ययन अनुसन्धान भने भएका छन् । यो कार्य खजुरा गाउँपालिकाको पहिलो पटक लेखिएको खजुरा गाउँपालिकाको साहित्यको इतिहास हो । यो इतिहास लेख्ने क्रममा कतिपय कुराहरू पुराना व्यक्तिहरूको मौखिक जानकारीका आधारमा तयार पारिएको हो । कतिपय कुराहरू समाजमा प्रचलित भएका कथा कुथुङ्ग्रीलाई पनि आधार मानेर विश्वासिलो र वस्तुपरक बनाउने प्रयास गरिएको छ । यस अध्ययनमा प्रायःजसो प्राथमिक श्रोतका

सामग्रीहरूको प्रयोग गरिएको छ भने केही द्वितीयक श्रोतका सामग्रीहरूको पनि प्रयोग गरिएको छ । हुन त यो सम्पूर्ण अध्ययन होइन तर आगामी दिनमा इतिहास लेख्नका लागि महत्वपूर्ण आधार भने पक्कै पनि बन्ने छ ।

## अध्ययन विधि

खजुराको साहित्यिक इतिहास लेख्ने विषय नितान्त जटिल विषय हो । खजुराको साहित्यिक इतिहास भनेको यहाँको साहित्यिक संस्थाहरूको योगदान देखि लिएर यहाँका साहित्यकारहरूको व्यक्तिगत र संस्थागत योगदान नै हो । यस अध्ययनमा खजुरा क्षेत्रका साहित्यिक संस्थाहरूदेखि लिएर व्यक्तिगत योदानलाई समेटेर क्षेत्र सर्वेक्षण विधि र सैद्धान्तिक विधिको उपयोग गरी इतिहास लेखनलाई सम्पन्न गरिएको छ । यसका क्रममा यसपूर्व प्रकाशित लेखहरू, अध्ययन पत्रहरू, पुस्तकहरूको उपयोग गरिएको छ भने क्षेत्र सर्वेक्षण गर्दा अवलोकन, मतावली, प्रश्नावली, प्रश्नोत्तर आदि विधिको समेत उपयोग गरिएको छ ।

## खजुराको बारेमा

खजुरा बाँके जिल्लाको साहित्यिक, साँस्कृतिक र राजनीतिक सभ्यताको केन्द्र हो, पश्चिम नेपालको विकासमा यस क्षेत्रको महत्वपूर्ण योगदान रहेको छ ।

– डम्बर बि.क., खजुरा गाउँपालिका अध्यक्ष

खजुरामा बस्दा गर्व लाग्छ

– मञ्जु मल्ल, पालिका उपाध्यक्ष

यस क्षेत्रको विकासमा खजुरा क्षत्रले नेतृत्वदायी भूमिका निर्वाह गरेको छ ।

– पूर्णबहादुर भण्डारी, वडा नं. ३ खजुरा गाउँपालिका

खजुरा क्षेत्र भाषा, साहित्य, सँस्कृति, राजनीति र विकासका दृष्टिले पश्चिम नेपालमा महत्वपूर्ण मानिन्छ ।

– डा. इन्द्रबहादुर भण्डारी, सहायक क्याम्पस प्रमुख म.ब. क्याम्पस नेपालगन्ज

हरेक क्षेत्रमा नेपालगन्जलाई चिनाउने काम खजुराले गरेको छ ।

– डा. लालमणि आचार्य, क्याम्पस प्रमुख म.ब. क्याम्पस नेपालगन्ज

## खजुराको साहित्येतिहासिक काल विभाजन

कुनै पनि कुराको विकास निरन्तर रूपले अगाडि बढ्दै जाने विषय हो । नयाँ विषयले पुराना विषयहरूलाई पछाडि धकेल्दै जाने हो र समय क्रमका आधारमा नयाँ कुराहरू थपिँदै जाँदा इतिहासले पनि गति लिने गर्दछ । खजुराको साहित्यिक विकासलाई कालखण्डमा विभाजन गर्ने ठोस आधार नभए तापनि अध्ययनलाई सजिलो बजाउनलाई निम्नानुसार कालविभाजन गरेर हेर्न सकिन्छ ।

क) पृष्ठभूमिकाल (बस्ती सुरू भएदेखि २०३५ सम्म)

ख) अभ्यासकाल (२०३६ देखि २०४५ सम्म)

ग) विकासकाल (२०४६ यता)

## पृष्ठभूमिकाल (बस्ती सुरू भएदेखि २०३५ सम्म)

बस्ती विकास योजना सुरू भएदेखि पञ्चायत बिरोधी

आन्दोलनको उपलब्धी जनमत संग्रहसम्मको अवधिलाई यस क्षेत्रको साहित्यको पृष्ठभूमिकाल मान्न सकिन्छ । पाउँदासम्म यस क्षेत्रमा एकातिर मधेसी समुदाय रहेको छ भने अर्कातिर पहाडी समुदाय रहेको छ । मधेसी समुदाय पहाडी समुदायका मानिसहरू भन्दा धेरै पहिलेदेखि नै बसोबास गर्दै आएका हुन् भने पहाडी समुदायका मानिसहरू नेपाल सरकारले बस्तीबास योजना सुरू गरेपछि पहाडी भू-भागबाट बसाइ सरेर आएका हुन् त्यसैले २०२२ देखि बस्ती विकास योजना लागू भएदेखि यस खजुरा क्षेत्रमा लेख्य साहित्यको पृष्ठभूमि तयार भएको देखिन्छ । मधेसी समुदायमा लोक साहित्य नै मौखिक रूपबाट अगाडि बढेको देखिन्छ । खासगरी नेपाली भाषाको साहित्य र लेख्य साहित्यको सुरूवात बसाइ सरेर आएका पहाडी समुदायबाट नै भएको देखिन्छ ।

साहित्यको विकासका दृष्टिले यो काल त्यति उल्लेख्य नभए तापनि यो समयमा यस क्षेत्रको साहित्यमा केही सचेत प्रयासहरू भएको देखिन्छ । गणेशराज गौतम, मिलन सापकोटा, सत्यदेव भट्टराई, बाबुराम गौतम, नन्दलाल रोकाय लगायतले साहित्यको माध्यमबाट पञ्चायत बिरोधी आन्दोलनलाई अगाडि बढाएका थिए ।

तत्कालीन समयमा खजुरा क्षेत्र हरेक दृष्टिले महत्वपूर्ण मानिन्थ्यो । खजुरामा एकातिर बिमानस्थल रहेको थियो भने अर्कातिर कपास विकास समिति, गुरूङ कत्था उधोग, कृषि फार्म, कृषि तालिम केन्द्र, यसै समयमा स्थापना भएका थिए । पश्चिम नेपालको प्रमुख औधोगिक र व्यापारिक केन्द्रका रूपमा परिचित बाँके जिल्लालाई भौगोलिक बनोटका दृष्टिले हेर्दा सुगम र सुविधा सम्पन्न जिल्लाका रूपमा लिने गरिन्छ । छिमेकी मुलुक भारतसँगको एउटा प्रमुख नाका यसै जिल्लामा पर्ने भएकाले पनि बाँके जिल्लालाई

मध्यपश्चिम क्षेत्रको प्रमुख व्यापारिक केन्द्रको रूपमा लिने गरिन्छ । यो जिल्ला नेपालको मध्यपश्चिमका पहाडी जिल्लाहरूको प्रमुख द्वार पनि हो । 'मध्यपश्चिमका अन्य जिल्लाहरूका तुलनामा बाँके जिल्लामा शिक्षा, स्वास्थ्य, सञ्चार लगायतका विभिन्न क्षेत्रमा सुगम नै मान्ने गरिन्छ । मध्यपश्चिमका पहाडी जिल्लाहरूको विकासको लागि यही जिल्ला नै प्रमुख द्वार भएको मानिन्छ (भण्डारी, २०६९:४४) ।' मध्यपश्चिमका दुर्गम जिल्लाहरूको प्रवेशद्वारका रूपमा रहेको यो जिल्ला मित्रराष्ट्र भारतको प्रवेशद्वार बाँके जिल्ला नै भएको हुनाले भारतीय साहित्यका गतिविधिहरूको प्रभाव पनि यस जिल्लामा धेरै पहिलेदेखि नै पर्दै आएको छ । यो द्वार नेपाल र भारतका बीचको सामाजिक साँस्कृतिक आदनप्रदानको एउटा प्रमुख ढोका पनि बनेको छ । 'भारतको उत्तर प्रदेशको राजधानी लखनउ शहर नवाबहरूको राजधानी पनि हो । त्यहाँ धेरै पहिलेदेखि नै गजल गाउने, नाटक खेल्ने, मुसायरा र कवाली गाउने धेरै पुरानो परम्परा रहेको थियो जसको प्रभाव यस जिल्लाको साहित्यमा अहिले पनि परेको देखिन्छ (ढकाल, २०५७:३३) ।' हाल पनि नेपालगन्जका मुसाफिरखानाहरूमा गजल गाउने र कवाली गाउने परम्परा रहेको छ । हिन्दूहरूको पवित्र तीर्थस्थल बनारसको धार्मिक र साहित्यिको प्रभाव यस जिल्लाको हिन्दू धार्मिक साहित्यमा परेको कुरा यहाँको रामलीला मैदानमा प्रत्येक वर्षको दशैंमा रामलीला देखाउने परम्पराले पुष्टि गरेको छ । दुबै देशको सिमावर्ती क्षेत्रका जनताका बीचमा रोटीबेटीका साथै सामाजिक साँस्कृतिक सम्बन्ध रहेको छ । यसकै फलस्वरूप दुई देशका बीचमा समय समयमा साहित्यिक आदन प्रदान हुने गरेका कारण यहाँको साहित्यमा भारतीय साहित्यको प्रभाव पर्नु स्वभाविक देखिन्छ जसका कारण यस जिल्लाको साहित्यिक उठानमा हिन्दी साहित्यको

योगदान रहेको मानिन्छ । 'पूर्वीय धर्म संस्कृतिको केन्द्र बनारससँगको सोझो यातायात सम्पर्कले पनि यस क्षेत्रको साहित्यिक इतिहास धेरै पुरानो मानिन्छ । माध्यमिक कालीन श्रृङ्गारिक प्रवृत्तिका केही साहित्यिक गतिविधिहरु यस क्षेत्रका राणा प्रतिनिधिहरूको दरबारमा हुने गरेको कुरा चर्चा भएको पाइन्छ (रिजाल, २०६१:२७)।' तर माध्यमिक कालका लिखित साहित्यिक कृतिहरु यस जिल्लामा प्राप्त नभए तापनि आधुनिक कालमा साहित्यिक जागरणको पृष्ठभूमि तयार पार्नमा हिन्दी, अवधी, भोजपुरी, मैथिली भाषाको साहित्यले विशेष भूमिका खेलेको देखिन्छ ।

खजुरा क्षेत्र भन्नाले हालको पुराना ६ वटा गाउँपालिकाहरू मिलेर बनेको नेपालगन्जदेखि पश्चिमको लगभग समग्र भागलाई खजुरा भनेर चिन्ने गरिन्छ । नेपालगन्ज एउटा केन्द्र थियो भने खजुरा अर्को केन्द्र बनेर स्थापित भएको थियो । यस क्षेत्रमा मधेसी बस्तीहरू परम्परागत थिए भने पहाडी बस्तीहरू २०२२ सालदेखि नेपालको पहाडी भू-भागबाट बसाइँ सरेर आएका समुदायहरूको बसोबास रहेको छ । मधेसी समुदाय थारू, मुस्लिम, हिन्दू मधेसी समुदायले मौखिक रूपमा परम्परादेखि गाउँदै र सुन्दै र सुनाउँदै आएको लोकसाहित्यको पृष्ठिभूमिबाट नै यस खजुरा क्षेत्रको लेख्य साहित्यको उठान भएको देखिन्छ । विभिन्न पर्व र संस्कारहरूमा गाउने सुन्ने र सुनाउने लोकोक्तिहरूले यस क्षेत्रको लेख्य साहित्यको जग बसालेको देख्न सकिन्छ ।

### अभ्यासकाल (२०३६ देखि २०४५ सम्म)

यो समयमा नेपाली राजनीतिमा ठूलो परिवर्तन आएको समय हो र पश्चिम क्षेत्रको राजनीतिक परिवर्तनका लागि यस क्षेत्रले खेलेको भूमिका महत्वपूर्ण मानिन्छ । खजुरा गाउँपालिका खस गरी

राधापुर, सीतापुर र बागेश्वरी खजुरा क्षेत्रमा सेल्टर बनाएर राजनीति गर्ने थुप्रै नेताहरूले यस ठाउँमा सेल्टर लिएका थिए । साहित्य पढ्ने लेख्ने बाहनामा यस क्षेत्रमा आन्दोलनकारीहरूको भेटघाट र रणनीतिक योजनाहरू बन्ने गरेको कुरा पुराना राजनीतिज्ञ सत्यदेव भट्टराईले बताउनु हुन्थ्यो । यस क्षेत्रमा राजनीतिक नेतृत्वहरू आएर बसी राजनीतिक प्रशिक्षण प्रदान गरी पठन सँस्कृतिको विकास गरेका थिए । यो समयमा लेख्ने र पढ्ने कार्य निकै भएको थियो जसमा मार्क्सवादी दार्शनिक पुस्तक र प्रगतिबाद साहित्यको अध्ययन गर्ने परम्पराको थालनी भएको थियो । यस समयमा समग्र बाँके जिल्लाको साहित्यको नेतृत्व यस क्षेत्रले गर्दै आएको थियो ।

अध्ययनको व्यापकता र थप जानकारीका लागि समग्र बाँके जिल्लाको साहित्यलाई पनि यसमा समेटेर प्रस्तुत गरिएको छ ।

प्रारम्भमा यस जिल्लाको साहित्य भारतीय साहित्यबाट प्रभावित थियो । यसको प्रमुख कारण भनेको भारतसँगको भाषिक, साँस्कृतिक र भौगोलिक सोझो सम्पर्क नै हो । "भारतको लखनउका नवाबहरूको दरबारमा गजल गाउने, मुसायरा गाउने र नौटङ्की देखाउने र नाटकहरु खेल्ने प्रचलन थियो । त्यसैको सिको गर्दै यस जिल्लामा पनि मुस्लिमहरूले मुसायरा र कवाली गाउने गर्थे भने हिन्दूहरूले रामलीला देखाउने प्रचलन थियो जसको प्रभाव यहाँको साहित्यमा पनि पर्न गयो (ढकाल, २०५७:३५)।" अर्कातिर यस जिल्लाको साहित्यिका पृष्ठभूमिमा नेपाली, हिन्दी, अवधी, उर्दू, थारु भाषाको लोकसाहित्यलाई लिन सकिन्छ तर प्रारम्भमा यस जिल्लाको साहित्य लोकपरम्परामा मौखिक रूपले नै अगाडि बढेको थियो । "लिखित साहित्यको गतिविधिलाई अगाडि बढाउने कार्यमा तीर्थमान पटवारी, इन्द्रमणि मानव, बि. विकास श्रेष्ठ, पन्नालाल गुप्ता,

कनैयालाल वैश्य लगायतका व्यक्तिहरूले गरेको पाइन्छ भने अग्रणि भूमिका इन्द्रमणि मानव र बि. विकास श्रेष्ठको रहेको थियो (रिजाल, २०६१:२९)।" यस जिल्लाको साहित्यिक गतिविधिलाई थप सकृय बनाउनमा यसै जिल्लामा २०४२ सालमा भएको राष्ट्रिय साहित्य सम्मेलनले महत्वपूर्ण योगदान दिएको कुरा साहित्यकार सनत रेग्मीले बताउनु हुन्छ ।

**विकासकाल**

**पहिलो चरण (२०४६ देखि ०५५ सम्म)**

खजुराको साहित्यिक इतिहासमा यो समय नेपाली राजनीतिमा आएको परिवर्तनसँगै थालनी भएको पाइन्छ । राजनीतिक दृष्टिले यो क्षेत्र निकै अगाडि देखिएको थियो भने पश्चिम नेपालको नेतृत्व नै यस क्षेत्रले गर्दै आएको थियो र साहित्यको विकासमा यहाँका राजनीतिज्ञको निकै ठूलो योगदान रहेको छ ।

पञ्चायत कालको अन्त्यसँगै विभिन्न साहित्यिक सँस्थाको गठन गरी साहित्यिक गतिविधिहरू अगाडि बढ्न थालेको देखिन्छ । २०४७ सालको समयमा मिलन सापकोटाले खजुरा साहित्य मञ्चको गठन गरी साहित्यिक रचनाहरू सुन्ने र सुनाउने परम्पराको थालनी गरेका थिए तर यो मञ्च लामो समय टिक्न सकेन ।

२०४९ मा आश्रयराज गौतमको पहलमा नेपाली लिटरेचर फोरम गठन गरी केही समय अंग्रेजी साहित्य लेख्ने, सुन्ने र सुनाउने कार्यको थालनी भएको थियो । यो पनि खासै लामो समय टिक्न सकेन ।

२०५४ सालमा राजकुमार क्षेत्रीको नेतृत्वमा खजुरा साहित्य संरक्षण समितिको गठन भएको थियो । सो समितिले केही समय सकृय भएर काम गरेको थियो तर सो समिति पनि लामो समय टिक्न सकेन ।

## दोश्रो चरण (२०५६ देखि हालसम्म)

खजुराको साहित्यको विकासमा २०५६ सालदेखि निकै गति आएको देखिएको छ । २०५६ असोज १२ गते इन्द्रबहादुर भण्डारीको नेतृत्वमा प्रतिभा साहित्य समाजको गठन भएको थियो । औपचारिक रूपले साहित्यिक संस्थालाई दर्ता गरेर खजुरामा साहित्यिक गतिविधिहरू सञ्चालनमा आएका थिए ।

इन्द्रबहादुर भण्डारी, बोधराज प्याकुरेल, लेकप्रसाद प्याकुरेल, नवीन कर्माचार्य, इद्रिश सायल, मानबहादुर भण्डारी, सतिश निरौला, निलकण्ठ बराल, सीतदेवी शर्मा, भवानीशंकर शर्मा, कोपिला कँडेल, आर.पी. अन्जानहरूले खजुराको साहित्यिक गतिविधिलाई जीवन्तता दिँदै नयाँ उचाइमा पुराउने काम गरेका थिए ।

प्रतिभा साहित्य समाजले नियमित रूपमा साहित्यिक कार्यक्रम गर्ने, पत्रिका प्रकाशन गर्ने काम गर्ने पुरस्कार गुठीको सञ्चालन गर्न थालेको थियो ।

यस संस्थाले नियमित रूपमा साहित्यिक पत्रिका प्रकाशन गरेको थियो । नवअंकुर ४ वर्षसम्म निरन्तर प्रकाशन भएको थियो । यस संस्थाका अध्यक्ष इन्द्रबहादुर भण्डारीको सम्पादनमा साप्ताहिक समाचार पत्रिका खजुरा संरक्षण पनि प्रकाशन गरेको थियो । सो पत्रिका निरन्तर रूपले प्रकाशन हुन सकेन ।

## जनआन्दोलन २०६२।६३ र खजुराका साहित्यकारहरू

बाँकेमा जनआन्दोलन २०६२/०६३ को समयमा साहित्यिक फाँटको नेतृत्व खजुराका साहित्यकारहरूले गरेका थिए । इन्द्रबहादुर भण्डारीले लोकतान्त्रिक साहित्य मञ्चको निर्माण गरी साहित्यिक आन्दोलन सञ्चालन गरेका थिए । उक्त आन्दोलनमा बाँकेका साहित्यकारहरू दिवाकर शर्मा, हरिप्रसाद तिमिल्सिना, गणेश जिसी,

बोधराज प्याकुरेल, लेकप्रसाद प्याकुरेल, मानबहादुर भण्डारी, वीरप्रसाद देबकोटा, मणि अर्याल, गोपाल वैद्य जस्ता साहित्यकारहरूले योगदान दिएका थिए । जनआन्दोलनमा बाँकेका अन्य साहित्यकारहरू भुपेन्द्रप्रकाश शर्मा, महानन्द ढकाल, हरिप्रसाद तिमिल्सिना, गोपाल अधिकारी, पङ्कज श्रेष्ठको उल्लेख्य भूमिका रहेको छ । यस्तै भोजराज शर्मा नादिर, ऋचा लुइटेल, झलक गैरे विकल्प, पुष्पमणि प्रधान, नवराज भट्ट, सुमित्रा न्यौपाने, चरित्रा शाह, शशीराम कार्की, भरत रानाभाट, इद्रिश सायल, गणेशा कार्की, युगज्योति कृयाशील, सन्तोशी बिष्ट, कपिल अन्जान, पुस्करनाथ रिजाल जस्ता साहित्यकारको भूमिका पनि महत्वपूर्ण रहेको देखिन्छ ।

## पत्रिका प्रकाशन

खजुरामा साहित्यिक पत्रिकाहरू पनि समय-समयमा प्रकाशित भएका छन् । इन्द्रबहादुर भण्डारीको सम्पादनमा नवअंकुर साहित्यिक पत्रिका २०५९ देखि २०६३ सम्म चारवर्ष चारवटा अंकहरू प्रकाशन भएका थिए । सो पत्रिकामा साहित्यिक रचना समालोचना र विविध रचना सिर्जनाहरू प्रकाशन भएका थिए । आर्थिक अभावका कारण उक्त पत्रिका प्रकाशन बन्द भएको थियो ।

## चिराग पत्रिका

खजुरामा अर्को साहित्यिक पत्रिका चिराग हिराबहादुर खत्रीको सम्पादनमा २०६९ मा प्रकाशन भएको थियो । उक्त पत्रिका एउटा अंक मात्रै प्रकाशन भएको थियो । उक्त पत्रिकाले पनि नयाँ प्रतिभाहरूका रचनाहरूलाई प्रकाशन गरेको थियो ।

## घमनियाँ

अवधिभाषी साहित्यकार इद्रिश सायल खाँले भवानी भिक्षु पुस्तकालय उढरापुरमा सञ्चालन गरेर उक्त पुस्तकालयबाट उक्त पत्रिका प्रकाशन गरेका थिए । सो पत्रिका पनि एक अंक मात्रै प्रकाशन भएर बन्द भएको थियो ।

## पुस्तक प्रकाशन

खजुरामा प्रतिभा साहित्य समाजले दर्जनभन्दा बढी पुस्तक पनि प्रकाशन गरेको थियो । इन्द्रबहादुर भण्डारीका कृतिहरू : तिम्रो एउटा सहयात्री (२०६३), त्रिवेणी (२०५८) दोभान (२०५९) मान्छेहरु (२०६२) मान्छेभित्रका मान्छेहरु (२०७२) कथासङ्ग्रह, समालोचना पूर्वदेखि पश्चिमसम्म (२०६९) । चरित्रा शाहका सुनगाभा (२०६६) र सचेत खण्डकाव्य (२०७६), ओमबहादुर रानाको कथा संग्रह यथार्थ (२०७२) । ओम पुनको गजलसंग्रह आँखी झ्यालमा तस्वीर (२०६९) पनि यहीँबाट प्रकाशन भएको थिए । यहाँका नारायण ज्ञवालीको उमा महाकाव्य (२०६२) मा प्रकाशित भएको थियो ।

## पुरस्कार गुठीको सञ्चालन

इन्द्रबहादुर भण्डारीको पहलमा प्रतिभा साहित्य समाजले दुईवटा पुरस्कार गुठीको सञ्चालन गरेको थियो । जनकलाल तथा मनकुमारी स्मृति प्रतिभा साहित्य पुरस्कार गुठी (२०६८) र पुस्पलता प्रतिभा पुरस्कार (२०६९) ।

## जनकलाल तथा मनकुमारी स्मृति प्रतिभा साहित्य पुरस्कार गुठी

खजुराका उधोगपति व्यवसायी किस्मतकुमार कक्षपतिले आफ्नी

आमा र बुवाको सम्झनामा उक्त पुरस्कार गुठीको स्थापना गरेका थिए । उक्त पुरस्कारबाट बाँकेका एकदर्जन साहित्यकारहरू पुरस्कृत भएका छन् । हाल यो पुस्कार बन्द भएको छ ।

## पुस्पलता प्रतिभा पुरस्कार

इन्द्रबहादुर भण्डारी र खगेन्द्र गिरी कोपिलाको पहलमा काठमाडौं नयाँबानेश्वर निवासी पुस्पलता आचार्यले रू. पचास हजारको अक्षयकोष स्थापना गरी उक्त पुरस्कार गुठीको स्थापना गरेकी थिइन् । उक्त पुस्कारबाट पनि एकदर्नन साहित्यकारहरू पुरस्कृत भैसकेका छन् । हाल सो पुरस्कारको रकम दाताले फिर्ता लगिसकेका छन् । प्रतिभा साहित्य समाज २०७७ सालदेखि शिशिर सापकोटाले नेतृत्व गरेका थिए । हाल उक्त साहित्य समाज निष्कृय जस्तो भएको छ ।

## कथा सुनौं र सुनाऔं अभियानमा खजुरा

बाँकेको कथा लेखन अभियानलाई गति दिन कथाकार सनत रेग्मी र इन्द्रबहादुर भण्डारीको नेतृत्वमा यो अभियान बाँके जिल्लाभरि सञ्चालनमा आएको थियो । अठारौं श्रृंखलासम्म सञ्चालन भएको उक्त अभियान कोभिड पछि बन्द भएको थियो ।

यस समयमा यस जिल्लाको साहित्यिक परम्परालाई अगाडि बढाउन अर्को पुस्ताका सर्जकहरु प्रेमप्रकाश मल्ल, सनत रेग्मी, नन्दराम लम्साल, नरेन्द्रजङ पिटर, नयनराज पाण्डे, सृजन लम्साल, पूर्णलाल चुके, गणेश जि.सी., नर्वदा खनाल, किरण आचार्य, दिवाकर शर्मा लगायतको साहित्यकारको भूमिकार रहेको थियो भने खजुरा क्षेत्रमा नयाँ पुस्तका साहित्यकार छ ।

उर्दू साहित्यले पनि यस जिल्लामा निकै फल्ने र फुल्ने मौका पाएको छ । यस जिल्लाको उर्दू साहित्यलाई अब्दुल लतिफ शौक, उमर असर फारूकी, मुस्तफा अहसन कुरैसी लगायतका थुप्रै सर्जकहरूले उर्दू साहित्यिक परम्परालाई अगाडि बढाएका थिए र हाल पनि यी सर्जकहरूले उर्दू साहित्यलाई गतिशील बनाएका छन् ।

यसै पृष्ठभूमिमा अगाडि बढेको बाँके खजुराको साहित्यलाई हाल नेपाली भाषाको साहित्यले नेतृत्व गरिरहेको देखिन्छ । नेपाली भाषामा साहित्य लेख्ने प्रमुख सर्जकहरूमा पुराना साहित्यकारका अतिरिक्त नयाँनयाँ प्रतिभाहरू थपिएर साहित्यको विकासमा योगदान दिइरहेका छन् । खजुराका साहित्यकार डा. इन्द्रबहादुर भण्डारी र चरित्रा शाह, कल्पना पौडेलले राष्ट्रिय स्तरका पुरस्कार पनि प्राप्त गरिसकेका छन् भने नेपाली साहित्यको पछिल्लो गतिविधिमा उनीहरूको पनि प्रतिनिधिमूलक योगदान रहेको देखिन्छ ।

**संस्थागत सर्वेक्षण**

प्रारम्भमा यस खजुराको साहित्यिक विकासमा संस्थागत प्रयासहरू उल्लेख्य नभए पनि पछिल्लो चरणमा संस्थागत प्रयासहरु उल्लेख्य रहेका छन् । प्रतिभा साहित्य समाज, वैचारिक साहित्यिक समूहहरु प्रगतिशील लेखक सङ्घ, अखिल नेपाल लेखक सङ्घ, अखिल नेपाल जनसाँस्कृतिक महासङ्घको पनि सक्रियताले राम्रै भूमिका खेलेका छन् । खजुरा ३ उढरापुरको भवानी भिक्षु पुस्तकालयले अवधि साहित्यलाई अगाडि बढाएका छन् देखाइएको थियो ।

**खजुरा प्रज्ञा प्रतिष्ठानः**

नेपालको संविधानमा स्थानीय तहलाई आफ्नो क्षेत्रको भाषा,

साहित्य र कलाको विकासका लागि स्थानीय स्तरमा पनि प्रज्ञा प्रतिष्ठान गठन गर्न सकिने व्यवस्था भए अनुसार खजुरा गाउँपालिकाका साहित्यकार डा. इन्द्रबहादुर भण्डारी र मणिदेव अर्यालको पहलामा खजुराका जनप्रतिनिधिहरूले ऐन कानून बनाई २०७९ मा डा. इन्द्रबहादुर भण्डारीको नेतृत्वमा खजुरा प्रज्ञा प्रतिष्ठानको स्थापना भएको थियो । उक्त प्रज्ञा प्रतिष्ठानले खजुराको वृहत् इतिहास लेख्ने कार्यदेखि खजुराको साहित्यिक साँस्कृतिक क्षेत्रलाई अगाडि बढाउने कार्य गरिरहेको छ । यस क्षेत्रको साहित्यको विकासमा यस कार्यको महत्व उच्चस्तरको रहेको छ ।

उक्त प्रष्ठिानमा कुलपति डम्बरबहादुर बि.क., सहकुलपति मन्जु मल्ल, उपकुलपति डा. इन्द्रबहादुर भण्डारी, सदस्य मणिदेव अर्याल, माधव शर्मा, कल्पना पौडेल र सदस्य सचिव प्रदीप सुनार रहेका छन् ।

## बाँकेमा साहित्यक पत्रिका र कृति प्रकाशन

यस जिल्लामा साहित्यिक संस्थाहरूले पत्रपत्रिका प्रकाशन गरिरहेका छन् । भेरी साहित्य समाजको दौंतरी, कोहलपुरको पूर्णिमा, प्रतिभा साहित्य समूह खजुराको नव अङ्कुर दुई अङ्क मात्र । अभियान समूहको युगाभाषा तीन अंक मात्र, मध्यपश्चिम स्रष्टा समाजको सृजना पत्रिका लगायत अवधी भाषाको धमनियाँ पत्रिका दुई अङ्क मात्र, खजुराका युवाहरूको चिराग पत्रिका एक अङ्क मात्र लगायत मध्यपश्चिमाञ्चल गजल विशेषाङ्क लगायत थारु भाषाको सरासर लगायत विभिन्न दैनिक पत्रिकाले शनिवारको साहित्यको अङ्क । विद्यालयहरूले प्रकाशन गर्ने स्मारिका अन्य सङ्घ संस्थाहरूको मुखपत्र वा स्मारिकामा पनि साहित्यिक सूचनाहरु प्रकाशन भएका छन् । पुस्तकाकार कृतिहरु भेरी साहित्य समाजले

दुई दर्जन जति कृतिहरु प्रतिभा साहित्य समाजका पनि एक दर्जन जति कृतिहरु मध्यपश्चिमाञ्चल गजल प्रतिष्ठानका पनि दर्जन जति कृतिहरु र पूर्णिमा साहित्य प्रतिष्ठानबाट पनि दुई दर्जन जति प्रकाशित छन् भने वैचारिक संस्था प्रलेसले पनि परिवर्तनको मुखपत्र र आधादर्जन जति सृजनात्मक कृतिहरु प्रकाशित गरको छ ।

## विधागत कृतिहरुको सर्वेक्षण

### आख्यान

बाँके जिल्ला र खजुराको आख्यान साहित्यमा त्यति धेरै कृतिहरु नलेखिए तापनि समय समयमा उल्लेख्य कृतिहरु प्रकाशित भएका छन् ।

### कथा विधा

खजुराको आख्यान साहित्यमा डा. इन्द्रबहादुर भण्डारीको विशेष योगदान रहेको छ भने बाँके जिल्लाकै आख्यान साहित्यको पछिल्लो चरणमा उनको अग्रणी भूमिका रहेको छ । उनका आख्यान कथा संग्रहहरू 'दोभान' (२०५८) 'त्रिवेणी' (२०६९), 'मान्छेहरु' (२०६५), 'मान्छे भित्रका मान्छेहरु' (२०६८) र मयाँगाँठो (२०८०) गरी पाँचवटा कथा सङ्ग्रहहरु प्रकाशित भएका छन् । कथा सङ्ग्रहहरु प्रकाशित भइसकेका छन् । कल्पना पौडेल जिज्ञासुको, कल्पदीप २०७९ । चरित्रा शाहको तातेताते (२०८०) प्रकाशित भएका छन् ।

### उपन्यास

खजुरा गाउँपालिकामा धेरै उपन्यासहरु नलेखिए पनि उल्लेख्य उपन्यासहरु प्रकाशित भएका छन् । जीवन शर्माको 'अधुरो प्रेम'

(२०५२) डा. इन्द्रबहादुर भण्डारीको 'सडकको जिन्दगी' (२०५३) र 'तिम्रो एउटी सहयात्री' (२०६३), 'कटुकी' (२०७४) र 'देई' (२०७८) पुरूषोत्तम अर्यालको 'प्रारब्ध' (२०७८) उपन्यास यहीबाट प्रकाशित भएका छन् ।

## नाटक

यस बाँके जिल्ला र खजुरा गाउँपालिकामा नाटकहरु लेखिएको अभिलेख पाइएको छैन । तर एकाङ्कीहरु भने लेखिएको छन् । इन्द्रबहादुर भण्डारीको 'मृत्यु सँगै' (२०६२) काव्य एकाङ्की उल्लेख्य कृति हो भने भण्डारीका थुप्रै फुटकर एकाङ्कीहरु विभिन्न पत्रपत्रिकाहरुमा प्रकाशित भएका छन् । यस विधामा सृष्टाहरुको सकृयताको आवश्यकता रहेको छ ।

## काव्य विधा

यस जिल्लामा सबैभन्दा बढी कविता विधाका कृतिहरु प्रकाशित भएका छन् । महाकाव्यदेखि लिएर खण्डकाव्य फुटकर कविता, गजल, मुक्तक सङ्ग्रह प्रकाशित भएका छन् ।

## महाकाव्य र खण्डकाव्य

यस जिल्लामा एउटा मात्रै महाकाव्य नारायण ज्ञवालीको 'उमा' (२०६२) प्रकाशित भएको छ । भने खण्डकाव्यमा रामचन्द्र आचार्यको 'रविकान्ता' (२०६२), डा. इन्द्रबहादुर भण्डारीको 'मृत्युसँगै' (२०६२) र चरित्रा शाहको 'सुनगाभा' (२०६५) र 'सचेत' (२०७५) दिवाकर शर्माको 'गोधुली' (२०६१) प्रकाशित छन् ।

### कविता सङ्ग्रह

यस खजुराबाट कविता संग्रह प्रकाशित भएका छैनन् । जानकारीका लागि बाँके जिल्लाबाट प्रकाशित कविता कृतिका बारेमा उल्लेख गरिएको छ ।

इन्द्रमणि मानव वि. विकास श्रेष्ठको कविता विधाबाट नै नेपाली साहित्यमा प्रवेश गरेका थिए । हुन त कविता छिटो छिटो छरितो विधा भएकाले पनि प्रायः साहित्यकारहरूको साहित्य यात्रा कविताबाट नै भएको पाइन्छ । नन्दराम लम्सालको 'देश देख्ला भनेर' (२०५९) रेशम विरहीको 'मङ्गली गुप्ताको पान' (२०५९), नारायणप्रसाद शर्माको 'शिशु प्रजातन्त्र' (२०५८) र अन्य गजल सङ्ग्रह मुक्तक सङ्ग्रहहरु । ज्ञान श्रेष्ठको 'शब्दसाक्षी' (२०५९), पुष्पा शिरीषको 'तरङ्ग' (२०६१) हरिप्रसाद तिमिल्सिनाको 'एक आलोक अनेक तरङ्ग' (२०६३) किरण आचार्यको 'अस्तित्व' (२०६१) दिवाकर शर्माका दुईवटा कविता सङ्ग्रह, कृष्ण घायलको 'उनी आईन मेरो सामु', (२०६२) डा. गोपालप्रसाद शर्माको अधिकारीको 'श्रद्धासुमन' (२०६४) महानन्द ढकालको 'खण्डित आत्मा' (२०५८) रामचन्द्र आचार्यको एउटा कविता सङ्ग्रह, पूर्णलाल चुकेको एउटा कविता सङ्ग्रह, प्रदीप जैसीका सङ्घर्षका डोवहरु (२०७३), पुष्पमणि प्रधानको 'पुष्पका कविताहरु' (२०७४), शशीराम कार्कीको 'शीतको थोपा' (२०७३) गणेशा कार्कीको 'जीवनका लहरहरु' (२०७६), लगायत थुप्रै कविता सङ्ग्रहहरु र मुक्तक सङ्ग्रहहरु प्रकाशित भएका छन् ।

यस जिल्लामा कविता विधा अन्य विधाहरूका तुलनामा निकै अगाडि रहेको देखिन्छ । यस जिल्लामा नयाँ नयाँ प्रतिभाहरु कविता विधा लिएर नै साहित्यमा प्रवेश गर्ने गर्छन् । उनीहरूको सकृयताले नै यस जिल्लाको कविता विधाको अन्य विधाका

तुलनामा अग्रणी स्थान रहको छ । नयाँ र पुराना सृष्टाहरुको लगाव गजल विधातिर तानिएको छ । नारायणप्रसाद शर्मा गैरेका 'भेरीका सुसेली' र 'एउटा अर्को आकाश' गजल सङ्ग्रह र मुक्तक सङ्ग्रहहरु प्रकाशित भएका छन् । त्यस्तै खगेन्द्र गिरीको 'कोपिला'को 'उस्ता उस्तै नदीका उस्ता उस्तै छालहरु' संयुक्त गजल सङ्ग्रह, खगेन्द्र गिरीकै, 'अतित् आमन्त्रण' (२०७०) 'लहर लहर गन्दै' (२०७४), 'राग बसुन्धरा' (२०६९) ऋचा लुइटेलका गजल सङ्ग्रहहरु, महानन्द ढकालको 'डुबे पनि डुब्दैन् घाम' लेकप्रसाद प्याकुरेलको 'लेकबेसीका सुसेली', (२०७४) गजल संङग्रह जस्ता कृतिहरु प्रकाशित गरेर यस जिल्लाको गजल विधाको नेतृत्व गरेका छन् । ओमप्रकाश पुन ज्वालाको 'आँखी झ्यालमा तस्वीर' भरतरोदन साउँदको 'आँखामा डुबेर आकृति' प्रकाश गिरीको 'सपनाको शहर' भोजराज नादिरको 'अलि अली मूर्च्छना अलि अली होस्' र अन्य स्रष्टाको केही अरु कृतिहरु पनि रहेका छन् ।

## निबन्ध विधा

निबन्ध लेख्ने सर्जकहरु यस क्षेत्रमा थुप्रै भए पनि पुस्तककार कृतिका रुपमा उल्लेख्य कृतिहरु प्रकाशित भएका छैनन् । मणि अर्यालको कुटी निबन्ध संग्रह २०७७ मा प्रकाशित भएको छ । फुटकर निबन्ध लेखनमा डा. इन्दबहादुर भण्डारी, हिराबहादुर खत्री, इद्रिश सायल, लेकप्रसाद प्याकुरेल, बोधराज प्याकुरेल, खुमबहादुर खड्का, मणि अर्याल, चरित्रा शाह, कल्पना पौडेल, ऋषिराम सापकोटा लगायतका स्रष्टाहरुले निबन्ध विधामा कलम चलाएका छन् ।

## समालोचना

यस खजुरा गाउँपलिकाको साहित्यमा समालोचना विधा त्यति

फस्टाएको छैन । तापनि बाँके जिल्लामै समालोचनामा आफ्नो पहिचान बनाएका समालोचकहरूमा डा. इन्द्रबहादुर भण्डारी, बोधराज प्याकुरेल, हिराबहादुर खत्री, लेकप्रसाद प्याकुरेल, चरित्रा शाह, खुमबहादुर खड्का, नवीन कर्माचार्य, इद्रिश सायल उल्लेख्य मानिन्छन् । हालसम्म समालोचनात्मक कृतिका रूपमा डा. इन्द्रबहादुर भण्डारीको पूर्वदेखि पश्चिमसम्म (२०६८) प्रकाशित भएको छ भने अन्य समालोचकहरूको भने फुटकर लेखहरू मात्रै प्रकाशित भएका छन् । खजुरा क्षेत्रका प्रतिनिधि समालोचकका रूपमा डा. भण्डारी नै उल्लेख्य मान्छिन् ।

बाँके जिल्लाको समालोचनालाई हेर्दा पनि केही उल्लेख्य प्रयासहरु भने भएका छन् । महेन्द्र बहुमुखी क्याम्पस नेपाली साहित्य परिवारद्वारा 'मध्यपश्चिमका समालोचना', खगेन्द्र गिरी 'कोपिला' का 'मधु प्रर्दक्षिणा' (२०७०) र 'गजल संकेतना सन्निधि' (२०७३), डा. इन्द्रबहादुर भण्डारीको 'पूर्वदेखि पश्चिमसम्म' (२०७०) हरिप्रसाद तिमिल्सिनाको 'सिर्जना एकः समालोचना अनेक' (२०७१) र समदृष्टि (२०७५) जस्ता समालोचनात्मक कृतिहरु र फुटकर रुपमा समालोचना प्रकाशित गर्नेहरुमा गोपाल शर्मा अधिकारीको उल्लेख्य मानिन्छन् । यसबाहेक छिटफुट रुपमा विभिन्न पत्रपत्रिकाहरुमा समालोचना लेखहरु प्रकाशित गर्ने व्यक्तिहरुमा डा. गोपाल शर्मा अधिकारी, नारायण शर्मा गैरे, डा. इन्द्रबहादुर भण्डारी, हरिप्रसाद तिमिल्सिना, महानन्द ढकाल, हीराबहादुर खत्री, चरित्रा शाह, सागर गैरे, शङ्कर अशान्त, ईश्वरी रिजाल, इद्रिश सायल, बोधराज प्याकुरेल, अमृत ढकाल लगायतका व्यक्तिहरुको भूमिका उल्लेख्य रहेको छ ।

## निष्कर्ष

यस खजुरा क्षेत्रलगायत बाँके जिल्लाको साहित्यक गतिविधिमा यहाँबाट प्रकाशित हुने दैनिक पत्रपत्रिकाहरु, यहाँ सञ्चालित एफ. एम. रेडियोहरु, विभिन्न साहित्यिक संस्थाहरुले विभिन्न समयमा गर्ने साहित्यिक कार्यक्रमहरु र यस जिल्लाको साहित्यलाई संस्थागत रुपमा भेरी साहित्य समाज, मध्यपश्चिम श्रष्टा समाज, मध्यपश्चिम गजल प्रतिष्ठान, प्रतिभा साहित्य समाज खजुरा बाँके, र कोहलपुरको हाम्रो पूर्णिमा साहित्य प्रतिष्ठानले नेतृत्व प्रदान गरिरहेका छन् भने हाल खजुरा गाउँपालिकामा सरकारी तवरबाट स्थापना भएको खजुरा प्रज्ञा प्रतिष्ठानले खजुरा क्षेत्रको साहित्यिक गतिविधिलाई अगाडि बढाउन नेतृत्वदायी भूमिका खेलेको छ । सृजनामा कथा विधामा सनत रेग्मी र डा. इन्द्रबहादुर भण्डारी, सुमित्रा न्यौपाने, उपन्यास विधामा डा. इन्द्रबहादुर भण्डारी, शशीराम कार्की, महानन्द ढकाल, कल्पना खरेल, कविता विधामा हरिप्रसाद तिमिल्सिना, महानन्द ढकाल, चरित्रा शाह, गजल विधामा खगेन्द्र गिरी 'कोपिला' महानन्द ढकाल, सन्तोषी विष्ट, जीवराज बम, कपिल अञ्जान जस्ता सर्जकहरूले यस जिल्लाको सृजनात्मक साहित्यको नेतृत्व गरिरहेका छन् । समालोचना विधामा डा. इन्द्रबहादुर भण्डारी, लेकप्रसाद प्याकुरेल, बोधराज, प्याकुरेल, हिराबहादुर खत्री, चरित्रा शाह, खजुरा क्षेत्र मात्रै नभएर यस बाँके जिल्लाको साहित्यिक समालोचनालाई नेतृत्व गरिरहेका छन् । निबन्ध विधामा मणि अर्याल कृतिका रूपमा र फुटकर रचनामा डा. इन्द्रबहादुर भण्डारी, बोधराज प्याकुरेल, हिराबहादुर खत्री प्रमुख मानिन्छन् । समग्रमा खजुरा क्षेत्र मात्रै नभएर बाँके जिल्लाकै साहित्यको विकासमा डा. इन्द्रबहादुर भण्डारीको अग्रिणी भूमिका रहेको छ भने अन्य पुराना र नयाँ पुस्ताका साहित्यकार मणि अर्याल चरित्र शाह बोधराज

प्याकुरेल, लेकप्रसाद प्याकुरेल, जीवराज बम, शिशिर सापकोटा, कल्पाना पौडेल, इद्रिस खाँ सायलको भूमिका र कृयाशिलताले पनि राम्रो भूमिका खेलेको छ ।

**सन्दर्भ सामग्री**


ढकाल, जीवलाल (२०५७), *नेपाली साहित्यमा भेरी अञ्चलको योगदान*, कीर्तिपुरः त्रिभुवन विश्वविद्यालय, अप्रकाशित शोधपत्र ।

भण्डारी, इन्द्रबहादुर (२०६९), *पूर्वदेखि पश्चिमसम्म,* नेपालगन्जः प्रतिभा साहित्य समाज ।

रिजाल, ईश्वरीप्रसाद (२०६१), *नेपाली साहित्यमा बाँके जिल्लाको योगदान,* कीर्तिपुरः त्रिभुवन विश्वविद्यालय, अप्रकाशित शोधपत्र ।

रेग्मी, सनत (२०७८), सम्पा. *सदभावको शहर नेपालगन्ज,* नेपालगन्ज : मध्यपश्चिम श्रष्ठा समाज ।

# खजुराको शैक्षिक इतिहास

**ऋषिराम सापकोटा**

## पृष्ठभूमि

शैक्षिक इतिहास लेखन कार्यले शिक्षाको विकास क्रमलाई सरल ढङ्गबाट बुझ्न सकिने भएकोले यो आफैमा महत्वपूर्ण छ । शिक्षा विकासको क्रमले विश्व इतिहास होस् वा नेपालको खजुराको शैक्षिक इतिहासलाई केलाउन मद्दत पुग्दछ । शैक्षिक इतिहासलाई नियाल्दा गुरूकुल, पितृकुल, मातृकुल शिक्षा प्रणालीबाट सुरु भएर आधुनिक औपचारिक शिक्षासम्म आइपुगेको छ । खजुरा प्रज्ञा प्रतिष्ठानले खजुराको इतिहास लेखन जस्तो महत्वपूर्ण कार्यलाई अगाडि बढाएको छ जसले विश्व इतिहासको सापेक्षतामा नेपालको इतिहास र नेपालको इतिहासको सापेक्षतामा खजुराको शैक्षिक इतिहासलाई बुझ्न, केलाउन र पुस्तान्तरण गर्न सहयोग सिद्ध हुने छ ।

शिक्षा संस्कृतको 'शिक्ष्' धातुबाट बनेको हो जसको अर्थ 'दिनु' भन्ने बुझिन्छ । शिक्षा लिने र दिने क्रम घरबाट सुरु हुने भएकोले बाउआमाले छोराछोरीलाई ज्ञान र सिप हस्तान्तरण गर्नु, गुरूकुल शिक्षामा गुरूले शिष्यलाई आफ्नो आश्रममा राखेर उसको क्षमता र रुचि अनुसार ज्ञान र सिप हस्तान्तरण गर्नु, आधुनिक औपचारिक शिक्षामा चार दिवालभित्र वा बाहिर शिक्षकहरूले विद्यार्थीलाई ज्ञान र सिपको हस्तान्तरण गर्नु, यी सबैमा ज्ञान र सिप बढी भएको व्यक्तिले कम भएको व्यक्तिलाई हस्तान्तरण गर्ने प्रक्रिया हुन्छ । शिक्षा जन्मदेखि मृत्युसम्म र कोक्रोदेखि चिहानसम्म चलिरहने प्रक्रिया हो ।

शिक्षा जीवनको ज्योति हो । मानव समाजको विकास शिक्षाको सहाराबाट हुँदै आएको हो । शिक्षा बिनाको मानव सभ्यता परिकल्पना गर्न पनि सकिँदैन । प्राचीन कालमा शिक्षा अनौपचारिक रूपमा लिने र दिने गरिन्थ्यो भने आधुनिक युगमा औपचारिक र अनौपचारिक दुवै तरिकाबाट ज्ञान र सिप लिने र दिने क्रम चलिरहेको छ । नयाँ मुलुक भनेर चिनिने बाँके जिल्लाको खजुरा गाउँपालिकामा शिक्षाको विकास क्रम पनि सोही अनुरूप अगाडि बढेको कुरालाई नकार्न सकिँदैन ।

## गुरूकुल शिक्षा

शिक्षाको प्राचीन इतिहास गुरूकुल शिक्षाबाट प्रारम्भ भएको पाइन्छ । विभिन्न शिलालेखमा उल्लेखित भएका तथ्यहरूको आधारमा इसा पूर्व करिब १५०० वर्ष अगाडि सिन्धु घाँटीको सभ्यतालाई प्राचीन मानव सभ्यता विकासको उद्‌गम स्थल मानिन्छ । यही समय कालमा दक्षिण पश्चिम एसिया उत्तरी हिमाल पर्वत मालादेखि दक्षिण हिन्द महासागर सम्मको विशाल क्षेत्रलाई गुरूकुल शिक्षाको उर्वर भूमि मानिन्छ । यसको केन्द्रबिन्दु बौद्ध दर्शन, नेपाल स्थित आर्य अनआर्यको पवित्र तीर्थ स्थल जनकपुर धाम रहेको पाइन्छ । यसको साथै तक्षशिला, विक्रम शिला, नालन्दा आदि नाम गरिएका अखण्ड भारत वर्षका प्रसिद्ध गुरूकुलका नमुना हुन् । 'गुरूकुल' संस्कृत् शब्द हो जसको अर्थ 'शिक्षक परिसर भित्र बस्ने पूर्ण आवासीय विद्यार्थी' हुन्छ । गुरूकुल शिक्षा हाम्रा धार्मिक वेद, पुराण, महाभारत, रामायणका कथाहरूमा पनि उल्लेखित छन् । धौम्य, च्यावन, द्रोणाचार्य, संदिपनी, वशिष्ट, विश्वामित्र, वाल्मीकि गौतम, भारद्वाज ऋषिहरूका आश्रम धनुर्विद्या, ज्योतिष विद्या र खगोल विद्याका साथै वैदिक ज्ञान दिनमा चर्चित थिए ।

गुरूकुल शिक्षाले धर्मशास्त्र सिकाउने मात्र नभएर व्यावहारिक शिक्षालाई बढी महत्व दिएको पाइन्छ । व्यक्तिको इच्छा र क्षमताको पहिचान गरेर सोही अनुसारको शिक्षा प्रदान गर्ने गरिन्थ्यो । सामान्य भाषाको ज्ञान दिइसकेपछि आयुर्वेदिक ज्ञान, शस्त्रास्त्रको ज्ञान, शिल्पज्ञान, युद्धकला मध्ये जुन विधामा सिकारूको रूची र क्षमता रहन्छ सोही अनुसारको गुरूहरूद्वारा आफ्ना शिष्यहरूलाई ज्ञान र सिपमा पारङ्गत गराएर पठाइने गरिन्थ्यो ।

खजुरामा गुरूकुल शिक्षा सञ्चालन भएको कहिले, कहाँ र कसरी भन्ने एकिन तथ्य पाउन सकिएको छैन । खजुराका पुराना बस्ती सोनपुर, रनियापुर, उढरापुरमा मुस्लिम धर्मावलम्बी र मधेसी मूलका हिन्दु धर्मावलम्बीहरूको बसोबास रहेको पाइन्छ । यी बस्तीहरूमा बसोबास गर्ने मानिसहरूमा आफ्नो पूर्वजहरूबाट ज्ञान तथा सिपको हस्तान्तरण गर्ने अनौपचारिक शिक्षा रहेको सहजै अनुमान गर्न सकिन्छ । दैनिक जीवनयापन गर्नको लागि अन्नबाली उब्जनी गर्ने, बस्नको लागि घर टहरा निर्माण गर्ने, पशुपालन र सिकार गर्ने जस्ता सिपको विकास अनौपचारिक शिक्षाको माध्यमबाट गर्ने गरिन्थ्यो । मुस्लिम समुदायका हाजी, मूल्वीहरूबाट, कुरान र हिन्दु समुदायका धर्म गुरूहरूबाट वैदिक र धार्मिक शास्त्रहरूको ज्ञान पौराणिक कथाहरूको माध्यमबाट गरिन्थ्यो ।

**प्राचीनकालीन शिक्षा**

नेपालमा ११ औँ शताब्दीतिर पाटन, फर्पिङ, काठमाडौँ प्राचीन कालीन शिक्षाका केन्द्र थिए । पाटनका पण्डित महाकरूणाकर प्रसिद्ध विद्वान् थिए । नेपाली विद्वान् विभुति चन्दले व्याकरण शास्त्रमा ठूलो पुस्तक लेखेका थिए । धेरै बिहारहरु विद्याका केन्द्र थिए । जहाँ तन्त्रशास्त्र, मूर्तिकला, लेखनकला, धातुकला आदिको

ज्ञान र सिप प्रदान गरिन्थ्यो । नेपालमा लिच्छवि कालमा उच्चकोटिका संस्कृत र नेपाल भाषामा लेखिएका शिलालेखहरूबाट पनि शैक्षिक स्तरको विकास भएको मान्न सकिन्छ । चिनियाँ विद्वान् हु. वेन. शाङले लेखेका छन्, "नेपाली जनताहरु शिल्प विधामा सारै निपूर्ण छन् ।" अंशु वर्माले दैनिक जीवनसँग धनिष्ट सम्बन्ध राख्ने व्यावसायिक शिक्षामा जोड दिएको पाइन्छ । त्यसबेला कलासूत्र निकै प्रचलनमा थियो । सूत्र शिक्षाको माध्यमबाट कलाकारहरु अनुपम कलात्मक मूर्तिहरु बनाउँथे । यसरी प्राचीन कालीन शिक्षाको उद्देश्य आदर्श, आध्यात्मिक र व्यावहारमूलक शिक्षा दिनुमा केन्द्रित रहेको थियो ।

बाँकेमा १४ औँ शताब्दीपूर्व खसिया मल्ल राजाहरूको राज रहे तापनि १४ औँ शताब्दीपछि उनीहरूको राज्य स-साना राज्यहरूमा विभाजन भयो । बाँके र खजुराको प्राचीन कालीन शिक्षा कस्तो थियो भन्ने तथ्य प्रमाणहरु नपाइए तापनि शासकहरु राज्य व्यवस्था सञ्चालनको लागि आवश्यक ज्ञान र सिप अघिल्लो पुस्ता र गुरुहरूबाट नै आर्जन गर्दथे । जनताहरु आफ्नो दैनिक जीवनयापन गर्नको लागि आवश्यक पर्ने ज्ञान र सिप आमा, बुवा, दाजु, दिदी र गुरूहरूबाट आर्जन गर्दथे ।

## मध्यकालीन शिक्षा

मध्यकालीन शिक्षालाई हेर्दा बौद्ध धर्म तन्त्रशास्त्र, मूर्तिकला, चित्रकला आदिको राम्रो उन्नति भएको देखिन्छ । मध्यकालीन शिक्षालाई दुई भागमा बाँडिएको थियो । पहिलो आध्यात्मिक शिक्षा जसमा धर्म, दर्शन, सङ्गीत आदि पर्दथे । दोस्रो जीवनमूलक शिक्षा, जीवन धान्नको लागि अपनाइने चित्रकला, मूर्तिकला, वास्तुकला आदि ।

मध्यकालको प्रारम्भतिर नेपालको नजिक रहेका भारतीय क्षेत्रका नालन्दा, विक्रमशिला जस्ता शैक्षिक केन्द्रहरूले शिक्षाको प्रचारमा महत्वपूर्ण भूमिका खेलेका थिए । मुसलमानहरूको आक्रमणपछि त्यहाँका कैयन् विद्वान्हरु शरण लिनको लागि नेपाल भित्रिए । जसले गर्दा नेपालको शिक्षा पद्धतिमा ठूलो परिवर्तन आयो । नेपालको कला शिक्षाले नेपाल मात्र होइन छिमेकी देशमा पनि निकै प्रभाव पारेको देखिन्छ । अरनिको जस्ता प्रसिद्ध कलाकार मध्यकालीन युगले जन्मायो । जीवनमूलक शिक्षाको रूपमा कला शिक्षा निकै महत्वपूर्ण थियो ।

१४ औं शताब्दीमा जयस्थिति मल्लले आफ्ना प्रजालाई विभिन्न व्यावसायिक समूहमा विभाजन गरेर सिप सिकाउने व्यवस्था गरे । शिक्षाको विकासको लागि र गुठीको विकास गरे । उनले व्यावसायिक शिक्षाको सुरु गरे । पृथ्वीनारायण शाहको उदय भएपछि संस्कृत र फारसी शिक्षाको प्रारम्भ भएको देखिन्छ । उनले छात्रवृत्ति दिने प्रथाको सुरूवात गरेका थिए । नेपालको एकीकरणपछि आफ्नो सैनिक जवानका टुहुरा छोराछोरीलाई राष्ट्रको तर्फबाट छात्रवृत्ति दिने प्रथाको सुरूवात गरे । उनीपछि रणबहादुर शाह र गीर्वाणयुद्धको पालामा "सत्कर्म रत्नावली" भन्ने कृति प्रकाशित भएको थियो । उनकै पालामा भीमसेन थापाले फ्रेन्च अफिसर झिकाई सैनिक शिक्षा दिएका थिए । राजेन्द्र विक्रमको पालामा सुन्दरानन्दको "त्रिरत्न सौन्दर्य गाथा" को रचना भएको थियो ।

१४ औं शताब्दीपछि नेपालको पश्चिम क्षेत्रमा खसिया मल्लहरूको राज्य समाप्त भएपछि स-साना राज्यमा विभाजन भयो । कर्णाली क्षेत्रमा दैलेखका राजाले शासन गर्दथे । त्यसै राज्य अन्तर्गत बाँके बर्दिया थियो भनी अनुमान गर्न सकिन्छ । इं.सं. १८१४ देखि १८१६ सम्म नेपाल र इस्ट इन्डिया कम्पनी बीच लडाई हुनु अघि बाँके,

बर्दिया, कैलाली र कञ्चनपुर नेपाल अधिराज्यभित्र थिए । बाँके र बर्दिया दैलेख राज्य अन्तर्गत थिए । यस समयमा पनि शिक्षा लिने र दिने क्रम अनौपचारिक शिक्षाका माध्यमबाट हुने गर्दथे । दैनिक व्यावहारिक ज्ञान र सिपहरु घर परिवारका जेष्ठ सदस्यहरुबाट पछिल्लो पुस्ताको लागि सिकाउने गरिन्थ्यो भने युद्धकला, शिल्पकला, मूर्तिकला गुरुहरुबाट प्रदान गरिन्थ्यो ।

सन् १८२६ मा मैटहवामा बेलायतको स्टानफोर्ड जियोग्राफिकल स्टाब्लिशमेन्ट लन्डनद्वारा प्रकाशित नेपालको पश्चिम क्षेत्रको नक्सामा समेत संलग्न रहेकोले खजुरा क्षेत्र ऐतिहासिक रुपमा आवाद क्षेत्रको रुपमा रहेको अनुमान गर्न सकिन्छ ।

## राणा कालीन शिक्षा

जङ्गबहादुर राणाले बेलायतबाट फर्केपछि वि. सं. १९१० मा थापाथली स्थित दरबारको दाख चोकमा नेपालको पहिलो अङ्ग्रेजी विद्यालय स्थापना गरी राजा र राणाका छोराछोरीहरुले पढ्नको लागि शिक्षा दिने व्यवस्था मिलाएका थिए । प्रधानमन्त्री वीर शमसेरका पालामा दरबार स्कुलमा सर्वसाधारण जनताका छोराछोरीहरुलाई पढ्नको लागि प्रवेश खुल्ला गरेका थिए । भारतबाट आएकी गङ्गा वाई भन्ने एक महिलाले काठमाडौँमा आधारभूत प्राथमिक शिक्षा सुरु गरेकी थिइन् । दरबार स्कुलका पहिलो नेपाली प्रधानाध्यापक रुद्रराज पाण्डे थिए । यो स्कुलको सम्बन्धन कलकत्ता विश्वविद्यालयसँग भएकोले कक्षा १० को अन्तिम परीक्षा दिन विद्यार्थीहरु कलकत्ता जानु पर्थ्यो ।

नेपालमा वि. सं. १९१५ मा शिक्षा विभागको गठन भएको थियो । १९३२ मा भोजपुरको दिङ्लामा बालागुरू षडानन्दले संस्कृत पाठशालाको स्थापना गरे । वि.सं. १९३४ मा रानीपोखरी

पाठशालाको स्थापनापछि सरकारी तवरबाट संस्कृत शिक्षाको थालनी भएको थियो । राणा प्रधानमन्त्री देव शमसेरले देशभर ३०० पाठशाला खोल्ने उद्देश्य राखेर विद्यालयहरु खोले । उनले छोटो अवधिमा ५७ ओटा पाठशालाहरु खोल्न सफल भएका थिए । उनकै पालामा जय पृथ्वीबहादुर सिंहले नेपाली भाषाको पाठ्यपुस्तक "अक्षराङ्क शिक्षा" को प्रकाशन गरी विद्यार्थीहरूलाई निशुल्क वितरण गरेका थिए । वि.सं. १९७२ मा उपत्यका बाहिर चन्द्र मिडिल स्कुल सिराहामा स्थापना भएको थियो । सरकारी कामकाजको लागि १९६२ मा श्रेस्ता पाठशालाको स्थापना भएको थियो ।

नेपालमा उच्चशिक्षा प्रदान गर्नको लागि वि.सं. १९७५ मा त्रिचन्द्र कलेजको स्थापना भएको थियो जसको सम्बन्धन कलकत्ता विश्व विद्यालयसँग रहेको थियो । वि.सं. १९९४ मा शिक्षा समितिको सुझाव अनुसार प्राथमिक तहको पाठ्यक्रम प्रकाशनमा आएको थियो । १९९० मा SLC परीक्षा बोर्ड गठन भएपछि विद्यार्थीहरूलाई परीक्षा दिन बाहिर जान नपर्ने भएको थियो ।

जुद्ध शमसेरद्वारा बसालेको नेपालको पुरानो शहर नेपालगञ्जमा वि.सं. १९८५ मा मंगल प्रसाद शास्त्रीले आफ्नै स्वामित्वको जग्गामा मंगल प्रसाद स्कुलको स्थापना गरेका थिए । त्यसै समयमा जुद्ध संस्कृत पाठशालाको स्थापना भएको थियो भने आफ्नो श्रीमान् नारायण चौधरीको स्मृतिमा औतार देवी चौधरीले आफ्नो व्यक्तिगत जग्गा उपलब्ध गराई १९९२ मा नारायण स्कुलको स्थापना भएको थियो । यो स्कुल उच्च शिक्षा हासिल गर्ने पहिलो कलेजको रूपमा विकास भएको थियो ।

## आधुनिक शिक्षा

नेपालको आधुनिक शिक्षाको थालनी राणाकालदेखि प्रारम्भ भएको भए तापनि २००७ सालमा राणा कालको अन्त्य भै प्रजातन्त्रको

उदय भएपछि नेपालको आधुनिक शिक्षाले फड्को मारेको थियो । प्रजातन्त्र प्राप्त भएपछि गाउँ गाउँमा विद्यालय खुल्ने लहर नै चल्न थाल्यो । राणाकालको अन्त्यमा नेपालको साक्षरता २% मात्र थियो । ३२१ प्रा. वि., ११ मा. वि. र एक उच्च महाविद्यालय खोलिएका थिए । वि.सं. २०१० सालमा रुद्रराज पाण्डेको अध्यक्षतामा ४६ सदस्य भएको राष्ट्रिय शिक्षा योजना आयोग गठन भयो । त्यसले नेपालमा शिक्षा सम्बन्धी प्रतिवेदन २०११ सालमा पेस गरेको थियो । अमेरिकाका शिक्षा विशेषज्ञ डा. उडलाई शैक्षिक सल्लाहकारको रूपमा राखिएको थियो । उनका अनुसार भाषाको एकताबाट राष्ट्रिय एकता बलियो हुन्छ भन्ने अवधारणा अगाडि सारेर देशभित्र धेरै भाषा भए तापनि एउटा भाषालाई राष्ट्रिय भाषाको रूपमा स्थान दिएर अगाडि बढ्दा भाषाको माध्यमबाट राष्ट्रिय एकता मजबुत हुने र अर्कोतर्फ पुस्तक र शिक्षक व्यवस्थापनमा किफायत हुने भएकोले नेपालको आधुनिक शिक्षामा नेपाली भाषालाई प्रमुख स्थान दिइएको पाइन्छ ।

वि.सं. २०१६ मा त्रिभुवन विश्वविद्यालयको स्थापना भएपछि नेपालमा उच्च शिक्षाको दरिलो जग बसेको थियो । यसको पहिलो कुलपति कान्ति राज्यलक्ष्मी शाह हुनु भयो । उच्च शिक्षाको आफ्नै पाठ्यक्रमको अभावमा दुई वर्षसम्म पटना विश्वविद्यालयबाट परीक्षा सञ्चालन भएको थियो । वि.सं. २०१८ देखि आफ्नै पाठ्यक्रम तर्जुमा गरी सोही अनुसार पठन पाठन गराउने र परीक्षा दिने क्रम सुरु भएको थियो । वि.सं. २०१७ सालको राजनीतिक परिवर्तनपछि देश र राज्य व्यवस्था अनुकुलको शिक्षा प्रणालीको विकास गर्न तत्कालीन शिक्षामन्त्री विश्वबन्धु थापाको अध्यक्षतामा १२ सदस्य भएको सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको गठन भयो । यस समितिले १८ बैशाखमा आफ्नो शैक्षिक प्रतिवेदन पेस गरेको

थियो । यस प्रतिवेदनमा सम्पूर्ण देशमा एकै प्रकारको शिक्षा लागू गर्ने, शिक्षाको मध्यम एकै हुने, प्राथमिक तहलाई निशुल्क गर्ने जस्ता प्रस्तावहरू सिफारिस गरिएको थियो । वि.सं. २०२८ वैशाख ५ मा राष्ट्रिय शिक्षा पद्धतिको योजना घोषणा भै सकेपछि समितिको औचित्य सकिएको थियो । यसले राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८-२०३२) तयार गरी चरणबद्ध रूपमा लागु गर्नका लागि शिक्षा ऐन २०२८ तर्जुमा भै लागु गरियो ।

## बाँके खजुराको शैक्षिक इतिहास

बाँकेको वि.सं. २०१७ सालसम्मको शिक्षा विकासलाई नियाल्ने हो भने नयाँ मुलुकको रूपमा परिचित बाँके जिल्ला विभिन्न जातजाती, भाषाभाषी र धर्माबलम्बीहरूको बसोबास रही भारतको सिमानासँग जोडिएको छ । विभिन्न काल खण्डमा विभिन्न भू-भागबाट सुरक्षित बसोबासको खोजीमा आएका पहाडी मूलका समुदाय र मधेसी, हिन्दु, मुस्लिम समुदायका मानिसहरू सदियौंदेखि बसोबास गर्दै आएको वास्तविक तथ्याङ्क प्राप्त हुन नसके तापनि यहाँका अग्रज र बुज्रुकहरूको भनाइबाट अनुमान गर्न सकिन्छ । हाल भारतको सिमाना जोडिएको खजुरा गाउँपालिका वडा नं. १ मा मैटहवा देवीको मन्दिर परिसरमा सन् १६५० अङ्कित शिलालेखबाट पनि यहाँको बस्ती करिब ५०० वर्षभन्दा पनि पुरानो भएको तथ्यलाई उजागर गर्न सकिन्छ ।

यहाँको औपचारिक शिक्षाको थालनी वि. सं. २०१२ सालबाट वर्तमान खजुरा गाउँपालिका वडा नं. ७ बठवामा रहेको जनता मा.वि.बाट सुरु गरेको पाइन्छ । यो विद्यालय २००७ सालदेखि अनौपचारिक रूपमा शिक्षा दिने केन्द्रको रूपमा मानिए तापनि त्यहाँका शिक्षा प्रेमी चाँद खाँ र शिक्षक अब्दुल लतिफ शेखले

स्थापना गरेको यो विद्यालय खजुरा क्षेत्रकै पहिलो विद्यालय हो । त्यस समयमा छोरीहरूलाई पढ्न नपठाउने र घर धन्दामा लगाउने भए तापनि यो विद्यालय रनियापुर, सोनवर्षा र उढरापुरका छात्रहरूको लागि औपचारिक शिक्षा लिने गन्तव्य बनेको थियो । यो विद्यालयलाई शैक्षिक संस्थाको रूपमा विकास गर्नको लागि शिवराम यादव, सुवान खाँहरूको नेतृत्वमा १४ बिगाहा ऐलानी जग्गा उपलब्ध गराई उक्त स्थानमा विद्यालयको स्थानान्तरण गरिएको थियो । स्थानीय सरकारद्वारा यो विद्यालयलाई महिला विद्यालयको रूपमा विकास गरी मधेसी मूलका छोरीहरूलाई पढ्ने वातावरण सिर्जना गर्ने निर्णय भए तापनि त्यसको कार्यन्वयन हुन सकेन । वर्तमान अवस्थामा यो विद्यालयले अध्यक्ष मो. आलिम खाँ र प्र.अ. अशोककुमार रेग्मीको नेतृवमा ५१० विद्यार्थीहरूलाई १५ जना शिक्षक कर्मचारीद्वारा बाल विकासदेखि कक्षा १० सम्मको शिक्षा प्रदान गर्दै आएको छ ।

वि.सं. २०१७ सालमा उढरापुरमा भानु स्कुलको स्थापना संस्थापक अध्यक्ष सुखराम यादव र प्र.अ. भगवतीप्रसाद कवारको नेतृत्वमा भई औपचारिक शिक्षाको थालनी भएको थियो । विभिन्न समयका अध्यक्ष र प्र.अ. हरूको नेतृत्वमा विकास हुँदै आएको यो विद्यालय हालका वडा अध्यक्ष समेत रहेका गरिवे शेख अध्यक्ष र बुद्धिराम महतो प्र.अ. को नेतृवमा बाल विकासदेखि कक्षा १२ सम्म २३ जना शिक्षक कर्मचारीहरूबाट पठन पाठन कार्यको सञ्चालन भइरहेको छ । यो विद्यालयमा हाल ११११२ विद्यार्थीहरू अध्ययनरत छन् जसमा मधेसी र मुस्लिम समुदायका छोराछोरी अध्ययन गर्दछन् । यस विद्यालयलाई खजुरा गाउँपालिकाका अध्यक्ष किस्मतकुमार कक्षपतिको कार्यकालमा स्थानीय सरकारद्वारा प्राविधिक धारको विद्यालय सञ्चालन गर्ने भनी बजेट विनियोजन गरेर भवन

निर्माणको कार्य समेत सम्पन्न भैसकेको छ । प्राविधिक धारको अनुमति लिन नसकेको कारणले प्राविधिक धारको पढाइ हुन सकेको छैन् । त्यसको लागि वर्तमान गाउँपालिका अध्यक्ष डम्बरबहादुर बि.क. तुफान, उपाध्यक्ष मन्जु मल्ल र वडा अध्यक्ष गरिवे शेखको सक्रियतामा अनुमति लिई सञ्चालन गरेमा मधेसी, मुस्लिम समुदायका विद्यार्थीहरूलाई प्राविधिक ज्ञान र सिप प्रदान गरी दक्ष जनशक्तिको रूपमा स्वरोजगार र रोजगारका अवसरहरु प्रदान हुनेछ ।

**वि.सं. २०१८ देखि २०४६ सम्मको शैक्षिक अवस्था**

वि.सं. २०२२ सालमा बस्ती विकास कम्पनी मार्फत् इजरायली मोडलमा व्यवस्थित बस्ती बसालेपछि देशका विभिन्न भूभाग र बर्माबाट समेत आएर बसोबास गरेका छन् । प्राकृतिक प्रकोपबाट पीडित भएर आएका नेपालीहरूमा यस समयमा शिक्षाको जागरण निकै बढेको पाइन्छ । बस्ती विकास कम्पनीले पनि सार्वजनिक विद्यालयहरूको लागि विभिन्न ठाउँमा जग्गा छुट्याएर राखेको थियो । पुनर्वास क्षेत्रको सबैभन्दा पहिला स्थापना भएको विद्यालयको रूपमा मनकामना आ.वि., बलभद्रपुर र आदर्श आ.वि. "डी" गाउँ वि.सं. २०२३ सालमा स्थापना भएको पाइन्छ । विद्यालयले उपलब्ध गराएको तथ्यको आधारमा ने.रा. आदर्श आ.वि. को स्थापना संस्थापक अध्यक्ष तीर्थराज गिरी र संस्थापक प्र.अ. अर्जुनसिंह पाण्डेको नेतृत्वमा भएको पाइन्छ । वर्तमान् अवस्थामा यो विद्यालयको अध्यक्ष धनबहादुर ओली र प्र. अ. देउमति थापाको नेतृत्वमा साधारण तर्फ १४४ र वि.सं. २०६० देखि सञ्चालन भएको सुस्त श्रवण र बाहिराहरूको लागि विशेष कक्षामा ४४ जना विद्यार्थीलाई आवासीय अध्यापन व्यवस्था गर्न १७ जना शिक्षक कर्मचारी कार्यरत छन् । "ई" गाउँमा अवस्थित मनकामना आ.वि. को

स्थापना संस्थापक अध्यक्ष तुलबहादुर मगर र प्र.अ. धर्मराज गौतमको नेतृत्वमा भएको पाइन्छ । हाल त्यस विद्यालयका अध्यक्ष गगनबहादुर पुन मगर र प्र.अ. तीर्थ बि.क. को नेतृत्वमा १३ जना शिक्षक कर्मचारीद्वारा २८५ विद्यार्थीलाई ०-८ कक्षासम्मको औपचारिक शिक्षा प्रदान गरिँदै आएको छ ।

पुनर्वासको सीतापुर क्षेत्रमा औपचारिक शिक्षा प्रदान गर्ने उद्देश्यका साथ वि.सं. २०२४ सालमा केही विद्यालयहरु स्थापना भएको पाइन्छ । ने. रा. प्रा. वि. गौरीनगर, ने. रा. प्रा. वि. गुराँसपुर, शुक्र मा. वि. "के" गाउँ, अमर मा. वि. गौतम बस्ती वि.सं. २०२४ सालमा स्थापना भै औपचारिक शिक्षाको थालनी गरेको पाइन्छ । शुक्र मा. वि. "के" गाउँका संस्थापक अध्यक्ष पहलमानसिंह थापा र तत्कालीन प्र.अ. को नेतृत्वमा स्थापना भै हालका अध्यक्ष केशवबहादुर चन्द र प्र.अ. हरिकुमार श्रेष्ठको नेतृत्वमा १५ जना शिक्षक कर्मचारीद्वारा २१० जना विद्यार्थीहरूलाई कक्षा ० देखि १० सम्मको शिक्षा प्रदान गरिँदै आएको छ । ने. रा. प्रा. वि. गौरीनगरको स्थापना संस्थापक अध्यक्ष बहादुर सिंह ठकुरी र प्र.अ. जनकबहादुर शाहीको नेतृत्वमा भएको थियो । हाल यो विद्यालयको नेतृत्व अध्यक्ष हिराबहादुर अधिकारी र प्र.अ. श्यामबहादुर श्रेष्ठले गर्नु भएको छ । यहाँ कक्षा ०-५ सम्म ८० जना विद्यार्थीलाई ६ जना शिक्षक कर्मचारीहरुद्वारा पठनपाठनको व्यवस्था मिलाइएको छ ।

पुनर्वास क्षेत्र गुराँसपुरमा संस्थापक अध्यक्ष खड्कबहादुर मल्ल र प्र.अ. सत्यदेव भट्टराईको नेतृत्वमा ने. रा. प्रा. वि. गुराँसपुरको स्थापना भएको थियो । हाल यो विद्यालयमा अध्यक्ष हस्तबहादुर बुढाथोकी र प्र.अ. पूर्णबहादुर खत्रीको नेतृत्वमा १२० जना विद्यार्थीहरूलाई ८ जना शिक्षक कर्मचारीद्वारा कक्षा ०-५ सम्मको शिक्षा प्रदान गरिँदै आएको छ ।

अमर मा. वि. गौतम बस्ती वि.सं. २०२४ सालमा संस्थापक अध्यक्ष हर्कबहादुर बुढा र प्र.अ. मोहन के. सी. को नेतृत्वमा स्थापना भै वर्तमान् गाउँपालिका अध्यक्ष डम्बरबहादुर बि.क. तुफानले समेत नेतृत्व गर्नु भएको यस विद्यालयमा हाल अध्यक्ष प्रदीप बि. क. र प्र.अ. पर्शुराम ददेलको नेतृत्वमा ३८२ विद्यार्थीलाई १० जना शिक्षक कर्मचारीद्वारा कक्षा ०-१० सम्मको शिक्षा प्रदान गरिँदै आएको छ ।

भु.पू. सैनिकको नामबाट परिचित हाल खजुरा - १ मा वि.सं. २०२५ सालमा मैटहवा मा. वि. को स्थापना भएको पाइन्छ । संस्थापक अध्यक्ष दयावीर थापा क्षेत्री र प्र.अ. जयबहादुर थापाको नेतृत्वमा स्थापना गरेको यो विद्यालय हाल आएर अध्यक्ष तिलबहादुर थापा र प्र.अ. शिवशङ्कर रोकायको नेतृत्वमा ३७५ जना विद्यार्थीलाई १९ जना शिक्षक कर्मचारीहरूले ०-१० सम्मको शिक्षा प्रदान गर्दै आएका छन् । यो मैटहवामा पुनर्वासले बस्ती बसाल्नुभन्दा पनि पहिला थारु बस्ती रहेको र खजुराको पुरानो मैतहवा मन्दिरको स्थापना भएको पाइन्छ ।

तिर्खा प्राथमिक विद्यालय वि.सं. २०२८ सालमा संस्थापक अध्यक्ष ठाकुरप्रसाद र प्र.अ. डम्बरसिंह बस्नेतको नेतृत्वमा स्थापना भएको थियो । हाल अध्यक्ष हिक्मतबहादुर थापा र प्र.अ. सुन्दर गुरूङको नेतृत्वमा ८७ जना विद्यार्थीलाई १० जना शिक्षक कर्मचारीद्वारा कक्षा ०-५ सम्मको शिक्षा प्रदान गरिँदै आएको छ ।

योगिनी मा. वि. गौघाटको स्थापना वि.सं. २०२८ सालमा संस्थापक अध्यक्ष बलबहादुर राना र प्र.अ. मधुसुधन उपाध्यायको नेतृत्वमा भएको थियो । वर्तमान् अवस्थामा अध्यक्ष हिमबहादुर पुन र प्र.अ. गगनबहादुर खड्काको नेतृत्वमा ५०२ जना विद्यार्थीलाई २३ जना शिक्षक कर्मचारीद्वारा कक्षा ०-१२ सम्मको शिक्षा प्रदान

गरिँदै आएको छ । यो क्षेत्रमा बर्माबाट आएका नेपालीहरूको बस्ती बसाइएकोले बर्मेली टोलको रूपमा गाउँहरु पाउन सकिन्छ ।

जनकल्याण मा. वि. बद्रीपुर पुनर्वास क्षेत्रको उत्तरी भेगका विद्यार्थीहरूलाई शिक्षा प्रदान गर्ने उद्देश्यले वि.सं. २०२८ सालमा संस्थापक अध्यक्ष पूर्णनाथ योगी र प्र.अ. धनबहादुर थापाको नेतृत्वमा स्थापना भएको पाइन्छ । वर्तमान अवस्थामा अध्यक्ष बसन्ती सुनार प्र.अ. भिमबहादुर थापाको नेतृत्वमा ५४४ जना विद्यार्थीहरूलाई १५ जना शिक्षक कर्मचारीद्वारा बाल विकासदेखि १२ कक्षा सम्मको शिक्षा प्रदान गर्दै आएको छ ।

जनता नमुना मा. वि. सन्तकुटी वि.सं. २०२९ सालमा संस्थापक अध्यक्ष कर्णवहादुर थापा र प्र.अ. मोहनलाल श्रेष्ठको नेतृत्वमा पुनर्वास क्षेत्रका विद्यार्थीहरूलाई माध्यमिक तह सम्मको शिक्षा प्रदान गर्ने उद्देश्यले स्थापना गरिएको थियो । यो विद्यालय वर्तमान अवस्थामा अध्यक्ष केयरसिंह थापा र प्र.अ. महेन्द्र खत्रीको नेतृत्वमा अगाडि बढिरहेको छ । कक्षा बाल विकासदेखि १२ सम्म अध्यापन हुने यस विद्यालयमा १४९९ जना विद्यार्थीहरूलाई ५१ जना शिक्षक कर्मचारीहरुद्वारा साधारण तर्फ र प्राविधिक धार तर्फ बाली विज्ञानको समेत अध्यापन गराइँदै आइएको छ । यो विद्यालय नेपाल सरकारको नीति अनुरूप नमुना विद्यालयमा छनौट भई दीर्घकालीन गुरूयोजना निर्माण गरी भौतिक, शैक्षिक र व्यवस्थापकीय गतिविधिहरु सञ्चालन गर्दै आएको छ ।

आदर्श मा. वि. खजुरा वि.सं. २०२९ सालमा अध्यक्ष गजबहादुर सिंजाली र प्र.अ. नरसिंह क्षेत्रीको नेतृत्वमा स्थापना भएको थियो । खजुरा १ नम्बर बजारको नजिक रहेको यो विद्यालयले वर्तमान अवस्थामा अध्यक्ष सूर्यबहादुर रानाभाट र प्र.अ. राजेन्द्रप्रसाद सापकोटाको नेतृत्वमा ८०८ जना विद्यार्थीहरूलाई ३१ जना शिक्षक

कर्मचारीद्वारा बाल विकासदेखि कक्षा १२ सम्मको शिक्षा प्रदान गर्दै आएको छ ।

ज्ञानोदय नमुना मा. वि. खजुरा वि.सं. २०३४ सालमा संस्थापक अध्यक्ष उदयनन्द न्यौपाने र प्र.अ. बालकृष्ण पौडेलको नेतृत्वमा खजुरा बजार क्षेत्रका शिक्षाप्रेमी व्यक्तिहरूबाट स्थापना भएको पाइन्छ । विभिन्न समयममा विभिन्न व्यक्तिहरूबाट नेतृत्व गर्दै अगाडि बढिरहेको यस विद्यालयले भक्तबहादुर के. सी. र प्र.अ. ऋषिराम सापकोटाको नेतृत्वमा २१७५ जना विद्यार्थीहरूलाई ६० जना शिक्षक कर्मचारीहरु द्वारा साधारणतर्फ र प्राविधिक धार सिभिल इन्जिनियररिङतर्फ बाल विकासदेखि कक्षा १२ सम्मको शिक्षा प्रदान गर्दै आएको छ । यो विद्यालय १०+२ सम्मको उच्च शिक्षा प्रदान गर्ने खजुरा क्षेत्रको पहिलो विद्यालय हो । यहाँ खुल्ला शिक्षातर्फ मा. वि. तह र नि. मा. वि. तहका कक्षाहरु समेत सञ्चालन हुने गरेका छन् । नेपाल सरकारको नीति अनुरूप नमुना विद्यालयमा छनौट भई दीर्घकालीन गुरूयोजना निर्माण गरी भौतिक, शैक्षिक र व्यवस्थापकीय कार्यलाई अगाडि बढाइरहेको छ । मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा प्रथम र लुम्बिनी प्रदेशको उत्कृष्ट विद्यालयमा छनौट हुन सफल यो विद्यालयले ज्ञानोदय बहुमुखी पब्लिक क्याम्पससमेत स्थापना गरेको छ ।

ने. रा. मा. वि. खजुरा - ३, मनकामनाको वि.स. २०३३ सालमा संस्थापक अध्यक्ष लक्ष्मीदत्त पन्त र प्र.अ. नारायणप्रसाद कँडेलको नेतृत्वमा स्थापना भएको थियो । वर्तमान् अवस्थामा अध्यक्ष इन्द्रबहादुर खत्री र प्र.अ. केदार पाठकको नेतृत्वमा ४७५ जना विद्यार्थीहरूलाई १८ जना शिक्षक कर्मचारीहरुद्वारा बाल विकासदेखि १० कक्षासम्मको शिक्षा प्रदान गरिँदै आएको छ ।

ने. रा. प्रा. वि. "क" गाउँ वि.सं. २०३४ सालमा संस्थापक अध्यक्ष देवबहादुर खड्का र प्र.अ. रामलखन मिश्रको नेतृत्वमा स्थापना भएको पाइन्छ । वर्तमान अध्यक्ष डिल्लीप्रसाद आचार्य र प्र.अ. केशवप्रसाद तिवारीले नेतृत्व गरेको यो विद्यालयले ७५ जना विद्यार्थीहरूलाई ५ जना शिक्षक कर्मचारीले बाल विकासदेखि ५ कक्षासम्मको शिक्षा प्रदान गर्दै आएको छ ।

ने. रा. आ. वि. धौलागिरी वि. सं. २०३३ सालमा संस्थापक अध्यक्ष समसेर कुँवर र प्र.अ. शेरबहादुर गुरूङको नेतृत्वमा स्थापना भएको थियो । वर्तमान् अवस्थामा अध्यक्ष पदमबहादुर काउचा र प्र.अ. रूद्रबहादुर रानाभाटको नेतृत्वमा १८७ जान विद्यार्थीहरूलाई ११ जना शिक्षक कर्मचारीहरूद्वारा बाल विकासदेखि ८ कक्षा सम्मको शिक्षा प्रदान गरिँदै आएको छ ।

दिपक इङ्लिश मिडियम हाई स्कुल निजी क्षेत्रमा सञ्चालित पहिलो विद्यालय हो । यो विद्यालय वि. सं. २०४५ सालमा संस्थापक अध्यक्ष चिनियाँराम आचार्य र प्र. अ. सोमबहादुर बोगटीको नेतृत्वमा स्थापना भएको थियो । आफ्ना बाल बालिकाहरूलाई अङ्ग्रेजी माध्यमको शिक्षा प्रदान गराउन चाहने अभिभावकहरूको चाहनालाई पूरा गर्ने उद्देश्यका साथ स्थापना भएको यो विद्यालयले वर्तमान अवस्थामा अध्यक्ष चिनियाँराम आचार्य र प्र.अ. राजेन्द्र आचार्यको नेतृत्वमा ६९५ जना विद्यार्थीहरूलाई ३६ जना शिक्षक कर्मचारीहरूद्वारा कक्षा नर्सरीदेखि १० सम्मको शिक्षा प्रदान गर्दै आइरहेको छ ।

ने. रा. आ. वि. खजुरा - ७, सिन्दुरी वि.सं. २०३७ सालमा संस्थापक अध्यक्ष गजबहादुर गुरूङ र प्र.अ. रेणुप्रसाद सिंहको नेतृत्वमा स्थापना भएको थियो । वर्तमा्न अवस्थामा सुशिला परियार अध्यक्ष र प्र.अ. श्रवणकुमार खड्काको नेतृत्वमा सञ्चालित

यस विद्यालयमा ३१२ विद्यार्थीहरूलाई ७ जना शिक्षक कर्मचारीहरूबाट शिक्षा प्रदान गरिँदै आएको छ ।

ने. रा. प्रा. वि. बसन्तपुर वि. सं. २०४५ सालमा संस्थापक अध्यक्ष दुगर अहिर र प्र.अ. राममनोहर खटिकको नेतृत्वमा स्थापना भएको थियो । वसन्तपुरका मधेसी मुस्लिम विद्यार्थीलाई शिक्षा प्रदान गर्न स्थापना गरिएको यो विद्यालयले वर्तमान अवस्थामा अध्यक्ष सीताराम यादव र प्र.अ. राममनोहर खटिकको नेतृत्वमा १६३ जना विद्यार्थीलाइ ५ जना शिक्षक कर्मचारीहरूद्वारा बाल विकासदेखि कक्षा ५ सम्म शिक्षा प्रदान गर्दै आइरहेको छ ।

शान्ति निरा प्रा.वि. "बि" गाउँको स्थापना २०२४ सालमा भएको थियो । यो विद्यालय वि.सं. २०६६ सालमा विद्यार्थीको अभावमा मर्ज हुन गयो । अहिले उक्त विद्यालयको जग्गा खजुरा गा.पा. को स्वामित्वमा रहेको छ । उक्त जग्गामा गाउँपालिकाको प्रशासनिक भवन निर्माणाधीन अवस्थामा छ ।

मदरसा मुस्ताकुल उलूम खजुरा-८, रनियापुर वि.सं. २०३५ सालमा हुकुमदार खाँको नेतृत्वमा गोठ, आगन र मस्जिदमा चन्दा सङ्कलन गरी मौलाना, मुल्बी र हफिजहरूद्वारा विद्यार्थीहरूलाई उर्दू, अरबी र हिन्दी बालपोथी समेत पढाउने गरेको पाइन्छ । पछि वि.सं. २०६३ सालमा नेपालको शिक्षा प्रणालीमा धार्मिक विद्यालयहरूलाई स्वीकृति प्रदान गरी पाठ्यक्रम अनुसारका विषयहरु अध्यापन गराउने र धार्मिक विषयहरूलाई ऐच्छिक विषयको रूपमा अध्यापन गराउने गरियो । वर्तमान अवस्थामा अध्यक्ष अस्फाक खाँ र प्र.अ. सकलेन अहमद खाँको नेतृत्वमा मुस्लिम समुदायका १३० बाल बालिकाहरूलाई ४ जना शिक्षक, कर्मचारी र मौलानद्वारा शिक्षा प्रदान गरिँदै आएको छ ।

यो समयमा १८ ओटा सामुदायिक विद्यालय, १ ओटा अङ्ग्रेजी माध्यमको विद्यालय र १ ओटा मदरसाले औपचारिक शिक्षाबाट पठनपाठनको व्यवस्था मिलाएका थिए । यस समयमा उढरापुर, सोनपुर र रनियापुरका बस्तीहरूमा ने. रा. प्रा. वि. बसन्तपुर बाहेक अन्य विद्यालयहरू खुलेको पाइएन तथापि औपचारिक शिक्षाको जग बसालेका यी समुदायको बस्तीमा शिक्षाप्रति खासै चासो देखिएन । यस अवधिमा पुनर्वास क्षेत्रमा शैक्षिक संस्था स्थापना गर्ने र आफ्ना छोराछोरीलाई विद्यालय पठाउने लहर नै चलेको पाइन्छ । छोरीहरूलाई पनि विद्यालयमा पढाउने असल कार्यको सुरुवात भएको यसै समयलाई लिन सकिन्छ । अङ्ग्रेजी माध्यमबाट शिक्षा प्रदान गर्ने गराउने कार्यको सुरुवात दिपक इङ्लिश मिडियम स्कुलबाट प्रारम्भ भएको थियो । यस समयमा आदर्श मा.वि., शुक्र मा.वि., जनता मा. वि. जस्ता विद्यालयहरूले माध्यमिक तहसम्मको शिक्षा प्रदान गरेका छन् ।

यस समयमा मधेसी, मुस्लिम समुदायमा बिमला श्रीवास्तव, आश्विनीकुमार मिश्र, पवनकुमार श्रीवास्तव, अब्दुल लतिफ शेख आदिले शिक्षा आर्जन गरेर आफ्नै गाउँ ठाउँमा शिक्षा प्रदान गरिरहेका थिए । नुरस्लाम खाँ, मुस्ताक खाँ, निशार खाँ आदिले शिक्षा आर्जन गरेर सरकारी जागिर खान सफल भएका थिए । भिक्खु भन्ने खाँ, शिवराम यादव, आदील अवसर खाँ आदिले जिल्ला विकास समितिसम्म पुगेर आफ्नो राजनीतिमा अगाडी बढ्न सफल भए भने स्माइल खाँ, जमिल खाँ, अलिउल्ला खाँ, रामगोपाल यादव आदिले गाउँ पञ्चायतको अध्यक्ष र गाउँपालिकाको समेत नेतृत्व गर्न सफल भएका थिए । दोस्रो पुस्तामा इरफार खाँ, सरिफ खाँ, बिनोद श्रीवास्तव, कमल कुमार चौधरी आदिले स्थायी शिक्षकमा नाम निकालेर शिक्षण सिकाइ क्रियाकलापमा योगदान गरेको पाइन्छ ।

शिक्षा क्षेत्रमा शिक्षाको जग बसाल्ने शिक्षाप्रेमी व्यक्तिहरूमा गजबहादुर सिंजाली, कर्ण थापा, रामराज घिमिरे, मोहन गोविन्द श्रेष्ठ, पूर्ण नाथ योगी, बलबहादुर राना, ठाकुरप्रसाद, खडकबहादुर मल्ल, सपना गौतम, बहादुर सिंह ठकुरी, देवबहादुर खड्का, गजबहादुर गुरूङ, पहलमान सिंह थापा, हर्क बुढा, लक्ष्मीदत्त पन्त, दयावीर थापा, तुलबहादुर पुन मगर, तिर्थराज गिरी, समसेर कुँवर, चिनियाँराम आचार्य, मिलन सामकोटा, मानबहादुर भण्डारीको नाम बिर्सन सकिँदैन ।

यस गाउँपालिकाको औपचारिक शिक्षाको थालनी गर्दै विद्यालयको स्थापना गरी शैक्षिक क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउने व्यक्तिहरू अर्जुन सिंह पाण्डे, देउमति थापा, धर्मराज गौतम, तीर्थ बि.क., हरिकुमार श्रेष्ठ, जनकबहादुर शाही, श्यामबहादुर श्रेष्ठ, सत्यदेव भट्टराई, रविलाल शर्मा, पूर्णबहादुर खत्री, मोहन के.सी., बाबुहरि गौतम, शिवशङ्कर रोकाय, डम्बर सिँह बस्नेत, सुन्दर गुरूङ, मधुसुदन उपाध्याय, गगनबहादुर खड्का, धनबहादुर थापा, भीमबहादुर थापा, मोहनलाल श्रेष्ठ, विष्णुमान श्रेष्ठ, महेन्द्र खत्री, टङ्क दाहाल, नरसिंह क्षेत्री, राजेन्द्र सापकोटा, बालकृष्ण पौडेल, कृष्णबहादुर थापा, घनश्याम अधिकारी, घमानसिंह बस्नेत, ऋषिराम सापकोटा, शशीराम कार्की, बिनोद श्रीवास्तव, नारायणप्रसाद कँडेल, केदार पाठक, रामलखन मिश्र, केशवप्रसाद तिवारी, जयबहादुर थापा, शेरबहादुर गिरी, रूद्रबहादुर रानाभाट, राजेन्द्र आचार्य, रेणुप्रसाद सिंह, श्रवणकुमार खड्का, राममनोहर खटिक, दामोदर गौतम, हरि उपाध्याय, हरिद्वारप्रसाद पथिक, ज्योतिप्रकाश पौडेल, सकलेन अहम्मख खाँ, माधव शर्मा, इरफान खाँ आदिले शिक्षा क्षेत्रमा पुऱ्याएको योगदानलाई बिर्सन सकिँदैन ।

## वि.सं. २०४७ देखि हालसम्मको शैक्षिक विकास

यस समयको खजुराको शैक्षिक विकास क्रम हामी सबैले देखेका, भोगेका र अनुभूति समेत गरेका छौँ । अघिल्लो काल खण्डमा खुलेका विद्यालयहरु भौतिक, शैक्षिक र व्यवस्थापकीय तरिकाले सबल बन्दै गएर कक्षाहरु थप गरी कतिपय विद्यालयहरुले माध्यमिक तह कक्षा १० सम्मको शिक्षा प्रदान गरिरहेका थिए । सामुदायिक विद्यालयहरुमा छोराछोरीलाई पढाउने लहर नै चलेको थियो । गाउँ गाउँमा विद्यालय स्थापना गर्ने जनताको तीव्र चाहनालाई मध्यनजर गरी सरकारले विद्यालय सञ्चालन गर्न चाहनेहरुलाई सामुदायिक र निजी क्षेत्रमा अनुमति दिइएको थियो ।

जनसेवा मा. वि. पुरैना वि.सं. २०४९ सालमा श्यामप्रसाद श्रेष्ठ संस्थापक अध्यक्ष र लोकराज न्यौपाने संस्थापक प्र.अ. को नेतृत्वमा स्थापना भएको थियो । वर्तमान अवस्थामा यस विद्यालयको वि.व्य.स. अध्यक्ष राजेश यादव र प्र.अ. शोभाकुमारी रेग्मीको नेतृत्वमा १०६० जना विद्यार्थीहरुलाई २६ जना शिक्षक कर्मचारीहरुबाट बाल विकासदेखि कक्षा १२ सम्मको शिक्षा प्रदान गरिँदै आएको छ ।

पशुपति मा.वि. घिया वि.सं. २०४९ सालमा प्रेम बहादुर अधिकारी संस्थापक अध्यक्ष र पुष्पराज शर्मा संस्थापक प्र.अ. को नेतृत्वमा स्थापना भएको थियो । भूमिपुत्र थारु समुदायको बाहुल्यता रहेको यस बस्तीमा स्थापना भएको यो विद्यालयले वर्तमान अवस्थामा अध्यक्ष आशाराम थारु र प्र.अ. पुष्पराज शर्माको नेतृत्वमा ३२५ जना विद्यार्थीहरुलाई १३ जना शिक्षक कर्मचारीहरुले बाल विकासदेखि कक्षा १० सम्मको शिक्षा प्रदान गर्दै आएको छ ।

शिव प्रा.वि. नयाँ गुराँसपुर वि.सं. २०५० सालमा अध्यक्ष पुष्कर खत्री र प्र.अ. को नेतृत्वमा स्थापना भएको थियो । वर्तमान अवस्थासम्म आइपुग्दा अध्यक्ष पुष्कर खत्री र प्र.अ. विष्णु हमालको

नेतृत्वमा ६२ जना विद्यार्थीहरूलाई ६ जना शिक्षक कर्मचारीले अध्यापन गराउदै आएका छन् ।

जेनिथ बोर्डिङ हाई स्कुल वि.सं. २०५३ सालमा संस्थापक अध्यक्ष ऋषिराम सापकोटा र प्र.अ. नारायणदत्त उपाध्यायको नेतृत्वमा स्थापना भएको निजी क्षेत्रको दोस्रो अङ्ग्रेजी माध्यमको विद्यालय हो । यो विद्यालय निजी क्षेत्रबाट १०+२ सञ्चालन गर्ने पहिलो विद्यालय हो । वर्तमान अवस्थामा अध्यक्ष दामोदर गौतम र प्र.अ. नारायणदत्त उपाध्यायको नेतृत्वमा सञ्चालन भएको यो विद्यालयमा ८५० जना विद्यार्थीहरूलाई ४५ जना शिक्षक कर्मचारीहरूबाट कक्षा नर्सरीदेखि १२ सम्म अङ्ग्रेजी माध्यमबाट शिक्षा प्रदान गरिँदै आएको छ ।

अरूणोदय इङ्लिश मिडियम हाई स्कुल वि.सं. २०५३ सालमा संस्थापक अध्यक्ष उर्मिला थापा र प्र.अ. ऋषिकेश जि. सी. को नेतृत्वमा स्थापना भएको निजी क्षेत्रको तेश्रो विद्यालय हो । वर्तमान अवस्थामा अध्यक्ष सतिस निरौला र प्र.अ. ऋषिकेश जि.सी. को नेतृत्वमा अङ्ग्रेजी माध्यमबाट शिक्षा प्रदान गर्दै आएको यो विद्यालयले ५५६ जना विद्यार्थीहरूलाई ३६ जना शिक्षक कर्मचारीहरूबाट नर्सरी देखि कक्षा १२ सम्म शिक्षा प्रदान गर्दै आइरहेको छ ।

अमृत प्रा. वि. कलहँसन गाउँ वि.सं. २०५८ सालमा पुतुबुद्धिम खाँ संस्थापक अध्यक्ष र प्र.अ. सफी अहम्मद खाँको नेतृत्वमा स्थापना भएको थियो । वर्तमान् अवस्थामा अध्यक्ष शिवकुमार कोरी र प्र.अ. विजय बुढाथोकीको नेतृत्वमा १७७ जना विद्यार्थीहरूलाई ६ जना शिक्षक कर्मचारीहरुद्वारा बाल विकासदेखि कक्षा ५ सम्म शिक्षा प्रदान गरिएको छ ।

ने. रा. प्रा. वि. रजनवा वि.सं. २०५३ सालमा संस्थापक अध्यक्ष सिपाईलाल कुर्मी र प्र.अ. शोभाराम बि.क. को नेतृत्वमा स्थापना

भएको थियो । वर्तमान अवस्थामा अध्यक्ष पवितराम अहिर र प्र.अ. टेकनारायण यादवको नेतृत्वमा २०९ जना विद्यार्थीहरूलाई ७ जना शिक्षक कर्मचारीहरूले बाल विकासदेखि कक्षा ५ सम्मको शिक्षा प्रदान गर्दै आएका छन् ।

ध्रुवतारा विद्या मन्दिर वि.सं. २०५९ सालमा संस्थापक अध्यक्ष अक्कलबहादुर पुनको नेतृत्वमा स्थापना भएको थियो । अङ्ग्रेजी माध्यमबाट शिक्षा प्रदान गर्ने यो विद्यालयले वर्तमान अवस्थामा अध्यक्ष अक्कलबहादुर पुन र प्र.अ. प्रदिप खनालको नेतृत्वमा नर्सरीदेखि कक्षा १२ सम्म ५५३ जना विद्यार्थीहरूलाई ३६ जना शिक्षक कर्मचारीद्वारा शिक्षा प्रदान गर्दै आइरहेको छ ।

गुराँस चाइल्डहुड एकेडेमी वि.सं. २०६३ सालमा अध्यक्ष राजेशकुमार खड्का र प्र.अ. गोविन्द रावतको नेतृत्वमा स्थापना भएको थियो । वर्तमान अवस्थामा ५५१ जना विद्यार्थीहरूलाई ३४ जना शिक्षक कर्मचारीहरूले नर्सरीदेखि कक्षा १२ सम्म शिक्षा प्रदान गर्दै आइरहेका छन् ।

अम्बेमाता प्रा. वि. बुद्धपुर वि.सं. २०६० सालमा संस्थापक अध्यक्ष भिमबहादुर भारती र प्र.अ. अम्बिका थापाको नेतृत्वमा स्थापना भएको थियो । महिला प्र.अ. र सबै महिला शिक्षकहरूद्वारा पठनपाठनको व्यवस्था मिलाइएको यस विद्यालयमा वर्तमान अवस्थामा आइपुग्दा अध्यक्ष कृतबहादुर रोकाय र प्र.अ. अम्बिका थापाको नेतृत्वमा ३०३ जना विद्यार्थीलाई ११ जना शिक्षक कर्मचारीद्वारा शिक्षा प्रदान गरिएको छ ।

कालिका प्रा. वि. सोनवर्षा वि.सं. २०६३ सालमा संस्थापक अध्यक्ष जगदीशप्रसाद बर्मा र प्र.अ. हनुमान राडको नेतृत्वमा स्थापना भएको थियो । वर्तमान् अवस्थामा अध्यक्ष नागर्मल बर्मा र प्र.अ. भोला बि.क. को नेतृत्वमा २०० जना विद्यार्थीहरूलाई ६ जना शिक्षक कर्मचारीद्वारा पठनपाठनको व्यवस्था मिलाइएको छ ।

जनकल्याण मा.वि. वि.सं. २०६० सालमा स्थापना भएको थियो । संस्थापक अध्यक्ष मानबहादुर शाही र प्र.अ. गोरखबहादुर चदराको नेतृत्वमा स्थापना भएको थियो । वर्तमान् अवस्थामा अध्यक्ष बलवीर घिमिरे र प्र.अ. दानबहादुर बि.सी. को नेतृत्वमा ६९२ जना विद्यार्थीलाई १४ जना शिक्षक कर्मचारीद्वारा पठनपाठनको व्यवस्था मिलाइएको छ ।

सनलाइट इङ्लिश मिडियम स्कुल वि.सं. २०६१ मा भोलाकुमार मल्लको नेतृत्वमा स्थापना भएको यो विद्यालय हाल बन्दको अवस्थामा रहेको छ ।

प्रिफर एकेडेमी खजुरा - ५, वि.सं. २०६४ सालमा संस्थापक अध्यक्ष, प्र.अ. इमरान खाँको नेतृत्वमा मधेसी मुस्लिम समुदायका बालबालिकाहरूलाई अङ्ग्रेजी माध्यमबाट शिक्षा दिने उद्देश्यले स्थापना भएको थियो । वर्तमान अवस्थामा यस विद्यालयले अध्यक्ष अब्दुल करिम खाँ र प्र.अ. अब्दुर गफ्फारको नेतृत्वमा कक्षा नर्सरीदेखि १० सम्म शिक्षा प्रदान गर्दै आइरहेको छ ।

अपोस्टल एकेडेमी खजुरा - ८, वि.सं. २०६५ सालमा संस्थापक अध्यक्ष इमरान खाँ र प्र.अ. हिरा उपाध्यायको नेतृत्वमा स्थापना भएको थियो । वर्तमान् अवस्थामा अध्यक्ष इमरान खाँ र प्र.अ. अप्ताब खाँको नेतृत्वमा १४० जना विद्यार्थीलाई ७ जना शिक्षक कर्मचारीहरूबाट अङ्ग्रेजी माध्यममा शिक्षा प्रदान गरिदै आएको छ ।

जेनिथ एकेडेमी खजुरा - ३, मनकामनापुर वि.सं. २०६४ सालमा संस्थापक अध्यक्ष ऋषिराम सापकोटा र प्र.अ. भुमिश्वर शर्माको नेतृत्वमा स्थापना भएको थियो । वर्तमान अवस्थामा यस विद्यालयले अध्यक्ष कृष्णविक्रम के.सी. र प्र.अ. सोना के.सी. को नेतृत्वमा १२५ जना विद्यार्थीहरूलाई ११ जना शिक्षक कर्मचारीद्वारा अङ्ग्रेजी माध्यमबाट शिक्षा प्रदान गर्दै आइरहेको छ ।

गोल्डेन ग्यालेक्सी वि.सं. २०६७ सालमा संस्थापक अध्यक्ष, प्र.अ. सलाउद्दिन खाँको नेतृत्वमा स्थापना भै वर्तमान् अवस्थामा पनि सलाउद्दिन खाँ कै नेतृत्वमा शिक्षा प्रदान गर्दै आईरहेको छ ।

मर्निङ स्टार वि.सं. २०६७ सालमा आरिफ खाँको नेतृत्वमा स्थापना भएको थियो । वर्तमान अवस्थामा अलि हुसिन ज्वलाह र रामचन्द्र यादवको नेतृत्वमा १५० जना विद्यार्थीलाई ७ जना शिक्षक कर्मचारीद्वारा शिक्षा प्रदान गर्दै आइरहेको छ ।

लिटिल हर्वर एकेडेमी खजुरा - ३, वि.सं. २०७२ सालमा संस्थापक अध्यक्ष यज्ञप्रसाद पौडेल र प्र.अ. गीता गोदारको नेतृत्वमा स्थापना भएको थियो । वर्तमान अवस्थामा कृष्ण भण्डारी र गीता गोदारको नेतृत्वमा सञ्चालन भएको यस विद्यालयमा ३५० जना विद्यार्थीहरूलाई २४ जना शिक्षक कर्मचारीद्वारा अङ्ग्रेजी माध्यमबाट शिक्षण गर्ने व्यवस्था मिलाइएको छ ।

ओनस इन्टरनेशनल एकेडेमी खजुरा - ४, वि.सं. २०६३ सालमा संस्थापक अध्यक्ष एवम् प्र.अ. गणेश सापकोटाको नेतृत्वमा स्थापना भएको थियो । हाल यो विद्यालय वीरबहादुर सुनारको नेतृत्वमा २५० जना विद्यार्थीलाई शिक्षा प्रदान गर्दै आइरहेको छ ।

इन्टिग्रेटेड एकेडेमी खजुरा - १, वि.सं. २०६३ सालमा रंसुर गुरूङ र रोमेल रानाको नेतृत्वमा स्थापना भएको थियो । हाल चन्द्रबहादुर राना र दमकुमारी थापाको नेतृत्वमा ३०० जना विद्यार्थीलाई शिक्षा प्रदान गर्दै आइरहेको छ ।

लर्ड बागेश्वरी एकेडेमी वि.सं. २०७२ सालमा शिवनारायण उपाध्यायको नेतृत्वमा स्थापना भएको थियो । हाल दिलिपकुमार सिंजालीको नेतृत्वमा १०० जना विद्यार्थीलाई शिक्षा प्रदान गरिरहेको छ ।

साइनिङ स्टार मन्टेश्वरी वि.सं. २०७५ सालमा निशा शर्मा देवकोटाको नेतृत्वमा स्थापना भएको थियो । हाल कक्षा १ सम्म ८० जना विद्यार्थीहरूलाई शिक्षा प्रदान गर्दै आएको छ ।

बाँके गाल्डेन फ्युचर वि.सं २०६४ सालमा संस्थापक अध्यक्ष स्लाम खाँ र प्र.अ. योगेन्द्रबहादुर शाहीको नेतृत्वमा स्थापना भएको थियो । वर्तमान अवस्थामा स्लाम खाँ र प्र.अ. दिनेशकुमार यादवको नेतृत्वमा अङ्ग्रेजी माध्यमको शिक्षा प्रदान गर्दै आइरहेको छ ।

खजुरा गाउँपालिका वडा नं. १ का बाल बालिकाहरूलाई अङ्गेजी माध्यमबाट शिक्षा प्रदान गर्नका लागि भू.पू. सैनिक इङ्लिश मिडियम स्कुल र सिटिजन नमुना बोर्डिङ स्कुल सञ्चालमा रहेका छन् ।

मदरसा जामिया अरविया मिस्वाउल उलूम खजुरा - ५ उढरापुर २०६६ सालमा नेपाल सरकारबाट स्विकृत प्राप्त गरी संस्थापक सल्मान खाँ र अलि हुसेनको नेतृत्वमा स्थापना भएको थियो । वर्तमान अवस्थामा उक्त मदरसा जमिल अनसारी र अलि हुसेन जोलाहाको नेतृत्वमा ९६ जना मधेसी मुस्लिम समुदायका बाल बालिकाहरूलाई औपचारिक शिक्षा प्रदान गर्दै आइरहेको छ ।

मदरसा जामिया अरविया मदिनातुल उलूम खजुरा - ८ रनियापुरको स्थापना अनौपचारिक रूपमा २०३५ देखि उर्दू अरबी र धार्मिक शिक्षाको अध्यापन हुँदै आएको भए तापनि २०६० सालमा रसुल अहम्मद खाँको नेतृत्वमा स्विकृत प्राप्त गरी सञ्चालन भएको थियो । हाल अफरोज खाँ र रसिद मनिहारको नेतृत्वमा १०० जना विद्यार्थीहरूलाई कक्षा ४ सम्मको औपचारिक शिक्षा प्रदान गर्दै आइरहेको छ ।

मदरसा नुरगाजी रमाउल उलूम खजुरा - ८ रनियापुर वि.सं. २०६२ सालमा मोहम्मद इस्रार खाँ र नसिम खाँको नेतृत्वमा

स्विकृत प्राप्त गरी वर्तमान अवस्थामा मोहम्मद इस्रार खाँ र सर्फराज खाँको नेतृत्वमा १०४ जना विद्यार्थीहरूलाई कक्षा ५ सम्मको औपचारिक शिक्षा प्रदान गर्दै आइरहेको छ ।

मदरसा इस्लामिया नियमतुल उलूम खजुरा - ७ सोनपुरले औपचारिक शिक्षाको लागि २०६४ सालमा नियामत खाँ र प्रयागराज यादवको नेतृत्वमा स्विकृति प्राप्त गरेको थियो । वर्तमान अवस्थामा मो. असिम खाँ र रामनिवास यादवको नेतृत्वमा ८२ जना छात्रछात्राहरूलाई कक्षा २ सम्मको औपचारिक शिक्षा प्रदान गर्दै आइरहेको छ ।

मदरसा इस्लामिया गुलसने ख्वाजा खजुरा ७ वि.सं. २०६२ सालमा इदृश खाँ र झगर खाँको नेतृत्वमा स्विकृति प्राप्त गरेको थियो । वर्तमान अवस्थामा झगर खाँ र तमसुमा सेखको नेतृत्वमा ५१ जना विद्यार्थीहरूलाई कक्षा ३ सम्मको औपचारिक शिक्षा प्रदान गर्दै आइरहेको छ ।

मदरसा अरविया दरूम उलूम खली उल्ला खजुरा ७ सोनपुर वि.सं. २०६४ सालमा खलिल खाँ र सर्फराज यादवको नेतृत्वमा स्थापना भई सञ्चालन हुँदै आइरहेको छ । वर्तमान अवस्थामा खलिल खाँ र रमेश यादवको नेतृत्वमा औपचारिक शिक्षा प्रदान गर्दै आइरहेको छ ।

खजुरा गाउँपालिकाको सोनपुर र उढरापुरमा मुस्लिम समुदायका बाल बालिकाहरूलाई धार्मिक तथा दैनिक व्यावहारिक जीवनका शिक्षा प्रदान गर्नका लागि अनौपचारिक रूपमा मदरसाहरू सञ्चालन हुँदै आए तापनि नेपाल सरकारले मदरसाहरूलाई राष्ट्रिय मूलधारको औपचारिक शिक्षामा ल्याउने योजना अनुरूप २०६२ देखि २०६५ सम्मा अधिकांश मदरसाहरूले स्विकृति प्राप्त गरी सञ्चालनमा रहेको पाइन्छ । वडा नं. ७ सोनपुरमा अवस्थित मदरसा गुलसने

बरकात मनातुल उलूम, मदरसा इस्लामिया जामिया बहारूल उलूम, मदरसा इस्लामिया मसुलिया रजाउल उलूम क्रमशः अकवाल खाँ, राजेन्द्रकुमार यादव, विष्णुकुमार भुर्तेलको नेतृत्वमा सञ्चालन हुँदै आएका छन् ।

खजुरा गाउँपालिका वडा नं. ५ मा अवस्थित मदरसाहरु मदरसा जामिया मिस्याउल उलूम उढरापुर, मदरसा इस्लामिया इमरानुल उलूम उढरापुर, मदरसा इस्लामिया गुलसने रजा बहरूल उलूम, गुलसने मदिना दारूल उलूम अजुमर खजुरा - ६ उढरापुर, मदरसा दारूल उलूम गुलसने नुरी खजुरा - ६ उढरापुर, दारूल उलूम मजुमन सैदाय मुस्तफा खजुरा - ५ उढरापुर र मदरसा अलजामिया अतुनरिया खजुरा - ५ उढरापुरमा क्रमशः लल्लन यादव, इरसाफ दर्जी, आरिफ खाँ, रुबि खाँ, अकिल अन्सारी, आशिका पाण्डे र नजिम खाँको नेतृत्वमा त्यस क्षेत्रका मुस्लिम समुदायका बाल बालिकाहरूलाई औपचारिक शिक्षा प्रदान गर्दै आइरहेका छन् ।

२०४६ साल फागुन ७ देखि चैत्र २६ सम्म भएको जनआन्दोलनबाट निरङ्कुश पञ्चायती व्यवस्थाको अन्त्य भई प्रजातन्त्रको पुनर्बहाली भएपछि २०४७ सालमा जारी भएको नयाँ संविधानले शिक्षालाई विशेष महत्त्व दिएकोले गाउँ गाउँमा विद्यालयहरु खोल्ने, शिक्षाको स्तरमा उन्नति गर्ने, सबैमा शिक्षा प्रदान गर्ने लहर नै चल्यो । खजुरा गाउँपालिकामा सबैका लागि शिक्षा प्रदान गर्ने हेतुले ४३ ओटा शैक्षिक संस्थाहरु खुलेको पाइन्छ । यस अवधिमा अभिभावकहरूमा अङ्ग्रेजी माध्यमबाट आफ्ना छोराछोरीहरूलाई शिक्षा प्रदान गराउने लहर चलेको कारण १९ ओटा निजी अङ्ग्रेजी माध्यमका विद्यालयहरु स्थापना भई नेपालको पाठ्यक्रम अनुसार अङ्ग्रेजी माध्यमबाट माध्यमिक तह कक्षा १२ सम्मको शिक्षा प्रदान

गरेको पाइन्छ । सामुदायिक विद्यालयहरु भने यस अवधिमा ८ ओटा मात्र स्थापना भएका छन् । अनौपचारिक रूपमा सञ्चालन हुँदै आएका धार्मिक विद्यालय, गुरुकुल र मदरसाहरूलाई शिक्षाको मूलधारमा ल्याउने उद्देश्य अनुरूप १६ ओटा मदरसाहरूले स्विकृति प्राप्त गरी नेपालको पाठ्यक्रम अनुसारको शिक्षा प्रदान गर्दै आइरहेका छन् । खजुरामा गुरुकुल शिक्षालाई भने खासै अगाडि बढाएको पाइँदैन ।

खजुरामै उच्च शिक्षा प्रदान गर्ने उद्देश्यले ज्ञानोदय मा.वि. को जगमा टेकेर ज्ञानोदय बहुमुखी क्याम्पस २०६५ सालमा पूर्णबहादुर भण्डारी संस्थापक अध्यक्ष र डा. इन्द्रबहादुर भण्डारी संस्थापक क्याम्पस प्रमुखको नेतृत्वमा स्थापना भएको थियो । वर्तमान अवस्थामा वडा नं. ३ का अध्यक्ष समेत रहनु भएका पूर्णबहादुर भण्डारी अध्यक्ष र क्याम्पस प्रमुख चरित्रा शाहको नेतृत्वमा स्नातक तहमा शिक्षा र व्यवस्थापन सङ्कायमा तीन सय पचास विद्यार्थीहरूलाई प्राध्यापक र कर्मचारीहरुद्धारा शिक्षा प्रदान गरिदै आएकोमा हालसालै शिक्षाशास्त्र सङ्कायमा स्नातकोत्तर तह एम.एड. को कक्षा सञ्चालनको स्वीकृति प्राप्त गरी सञ्चालन भैरहेको छ ।

जनता नमुना मा. वि. को जगमा उभिएर प्राकृतिक स्रोत व्यवस्थापन कलेज २०७६ सालमा स्थापना भयो । रामपुर कृषि विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरेको यो कलेजले ४ वर्षे कृषि बाली विज्ञानमा स्नातक तहको प्राविधिक शिक्षा प्रदान गर्दै आइरहेको छ ।

निजी क्षेत्रबाट उच्च शिक्षा प्रदान गर्ने उद्देश्यका साथ वि.सं. २०७० सालमा खजुरा क्याम्पसको स्थापना भयो । संस्थापक अध्यक्ष राजु पौडेल र क्याम्पस प्रमुख गिरीराज अधिकारीको नेतृत्वमा स्थापना भएको यस क्याम्पसले व्यवस्थापन सङ्कायमा स्नातक तहको शिक्षा निजी क्षेत्रबाट प्रदान गर्दै आइरहेको छ ।

यस समयमा पूर्व प्राथमिक तहको जग बलियो बनाउने उद्देश्यले विद्यालय र समुदायमा गरी ६६ ओटा बाल विकास केन्द्रहरु स्थापना भएका थिए । पछि गएर समुदायमा सञ्चालन भएका बाल विकास केन्द्रहरु व्यवस्थित ढङ्गबाट सञ्चालन हुन नसकेपछि सबै बाल विकास केन्द्रहरुलाई विद्यालयमा नै सञ्चालन गर्ने व्यवस्था मिलाइयो । गाउँ गाउँमा निजी विद्यालय खुलेका र अङ्ग्रेजी माध्यमको शिक्षाप्रति अभिभावकको मोह बढ्दै गएकाले सामुदायिक विद्यालयमा कक्षा ५ सम्म अध्ययन गर्ने विद्यार्थीहरुको सङ्ख्या न्यून भएको कारण शान्ति ने. रा. प्रा. वि. "बि" गाउँ र भानुदय प्रा.वि. मर्ज गर्ने अवधारणा अनुसार मर्ज हुन पुगे । यस समयमा अभिभावकहरुले आफ्ना छोराछोरीलाई अङ्ग्रेजी माध्यमको शिक्षा प्रदान गराउने मोहलाई मध्यनजर गरी कतिपय सामुदायिक विद्यालयहरुले अङ्ग्रेजी र नेपाली दुवै माध्यमबाट पठनपाठन गराइरहेका छन् ।

यस समयमा सामुदायिक तर्फ ८ विद्यालय, संस्थागत तर्फ १८ विद्यालय र १६ ओटा मदरसा स्थापना भई गाउँ गाउँमा पूर्वप्राथमिक विद्यालय, आधारभूत र माध्यमिक विद्यालयहरु स्थापना भई माध्यमिक तहसम्मको औपचारिक शिक्षा प्रदान गर्दै आइरहेका छन् भने एउटा पब्लिक क्याम्पस, एउटा आङ्गिक क्याम्पस र एउटा निजी क्याम्पसले उच्च तहको शिक्षा प्रदान गर्दै आइरहेका छन् । यसबेला सामुदायिक भन्दा संस्थागत र मदरसाहरु धेरै मात्रामा स्थापना भई सञ्चालन भएको पाइन्छ ।

यतिबेलै विद्यालयहरु स्थापना गरी औपचारिक शिक्षा प्रदान गर्न महत्वपूर्ण योगदान पुऱ्याउने व्यक्तिहरुमा श्यामप्रसाद श्रेष्ठ, लोकराज न्यौपाने, बेचमराम चौधरी, शोभाकुमारी रेग्मी, प्रेमबहादुर अधिकारी, आशाराम थारु, पुष्पराज शर्मा, पुष्कर खत्री, विष्णु

हमाल, ऋषिराम सापकोटा, नारायणदत्त उपाध्याय, मित्रलाल शर्मा, उर्मिला थापा, ऋषिकेश जि.सी., शतिस निरौला, कुतुबुद्दिम खाँ, सफि अहम्मद खाँ, शिवकुमार कोरी, बिजय बुढाथोकी, सिपाहीलाल कुर्मी, शोभाराम बि.क., पवितराम अहिर, टेकनारायण यादव, अक्कलबहादुर पुन, प्रदिप खनाल, राजेशकुमार खड्का, गोबिन्द रावत, भीमबहादुर भारती, अम्बिका थापा, कीर्तबहादुर रोकाय, जगदिशप्रसाद बर्मा, हनुमान राड, नागर्मल बर्मा, भोला बि.क., मानबहादुर शाही, गोरख चदरा, बलवीर घिमिरे, दानबहादुर शाही, भोलाकुमार मल्ल, इमरान खाँ, अब्लुल करिम खाँ, अब्दुल गफार खाँ अफ्ताप खाँ, भूमिश्वर शर्मा, कृष्णविक्रम के.सी., सोना के.सी., सलाउद्दिन खाँ, गोपाल यादव, आदित्य यादव, आरिफ खाँ, अलिहुसेन जोलाहा, रामचन्द्र यादव, यज्ञ पौडेल, कृष्ण भण्डारी, गीता गोदार, भीमबहादुर खड्का, गणेश सापकोटा, वीरबहादुर सुनार, रणसुर गुरूङ, रोमेल राना, दमकुमारी थापा, चन्द्रबहादुर राना, शिवनारायण उपाध्याय, दिलिप कुमार सिँजाली, निशा शर्मा देवकोटा, इस्लाम खाँ, योगेन्द्रबहादुर शाही, दिनेशकुमार यादव, रसिद मनिहार, सर्फराज खाँ, रामनिवास यादव, तमसुम सेख, रमेश यादव, अक्वाल खाँ, राजेन्द्रकुमार यादव, विष्णुकुमार भुर्तेल, लल्लन यादव, इरसाफ दर्जी, आरिफ खाँ, अकिल अन्सारी, रविव खाँ, आशिका पाण्डे, नयिम खाँ आदिलाई बिर्सन सकिँदैन । त्यसैगरी उच्च शिक्षातर्फ पूर्णबहादुर भण्डारी, डा. इन्द्रबहादुर भण्डारी, चरित्रा शाह, राजु पौडेल, गिरीराजमणि अधिकारी, बाबुराम गौतम, इन्द्रप्रसाद खरेल, किस्मतकुमार कक्षपति, एकमाया बि.क., डम्बर बि.क., मञ्जु मल्ल, खगेन्द्र बहादुर मल्ल आदिले शिक्षा क्षेत्रमा पुऱ्याएको योगदान स्मरणीय छ ।

खजुरा गाउँपालिकामा औपचारिक रूपमा शिक्षा प्रदान गर्न खुलेका शैक्षिक संस्था, ४ ओटा सिकाइ केन्द्रमार्फत् सञ्चालन गरिएको अनौपचारिक शिक्षा, ज्ञानोदय नमुना मा.वि. मा रहेको आधारभूत तह र माध्यमिक तहको खुला शिक्षा, स्थानीय सरकार, गैरसरकारी संस्था सबैको प्रयासबाट ६० वर्ष उमेर समूहका समेत गरी ९६.९९% साक्षर भएकोले २०७५ सालमा खजुरा गाउँपालिकालाई साक्षर गाउँपालिका घोषणा गरियो ।

२०७२ सालको संविधानले माध्यमिक तहसम्मको शिक्षा स्थानीय सरकारलाई अनुमति दिने, सञ्चालन गर्ने र व्यवस्थापन गर्ने जिम्मा लगाएपछि स्थानीय सरकारले शिक्षाको भौतिक, शैक्षिक र व्यवस्थापकीय पक्षको स्तर उन्नतिको लागि सङ्घीय बजेट प्रतिवर्ष १९ करोड र आन्तरिक बजेट २ करोड ५२ लाख परिचालन गरेको पाइन्छ । २० ओटा सामुदायिक विद्यालयहरूको शिक्षामा चालुतर्फ करिब १२ करोड सञ्चालन खर्च हुने र पूँजीगत तर्फ ३० करोडको लगानी भएको पाइन्छ ।

यस गाउँपालिकामा सञ्चालित विद्यालय र क्याम्पसहरूले १९४१० विद्यार्थीहरूलाई पूर्वप्राथमिकदेखि उच्चशिक्षासम्मको शिक्षा प्रदान गर्दै आइरहेका छन् । जसमा छात्राहरूको सङ्ख्या ९३०४ र छात्रहरूको सङ्ख्या १०१०४ रहेकाले छोराछोरी दुबैलाई अभिभावकहरूले औपचारिक शिक्षा आर्जन गर्न विद्यालयमा पठाएको पाइन्छ । गाउँपालिकाको शिक्षालाई व्यवस्थित रूपले सञ्चालन गर्न खजुरा गाउँपालिका शिक्षा ऐन र नियमावली २०७७ अध्यक्ष किस्मतकुमार कक्षपतिको नेतृत्वको गाउँपालिकाबाट पास गरी लागू गरिएको छ । विद्यार्थीको आन्तरिक प्रतिभालाई प्रस्फुटन गराउन मेयर कप रनिङ शिल्ड प्रतियोगिता सञ्चालन कार्यविधि २०७५ तयार गरी सोही अनुसार खेलकुद, अतिरिक्त क्रियाकलाप र शैक्षिक सामग्री प्रदर्शनी हुँदै आएको छ ।

खजुरा गाउँपालिकामा सबैका लागि शिक्षा दिने उद्देश्यले स्थापना र सञ्चालनमा आएका शैक्षिक संस्थाहरु बाल विकास केन्द्र ६६ ओटा, ०-५ कक्षासम्म सञ्चालित ११ ओटा, ०-८ कक्षासम्म सञ्चालित ५ ओटा, ०-१० सम्म सञ्चालित ९ ओटा, ०-१२ कक्षासम्म सञ्चालित  ५ ओटा सामुदायिक विद्यालय रहेका छन् । संस्थागत तर्फ ०-५ कक्षासम्म सञ्चालित ६ ओटा, ०-८ सम्म सञ्चालित ५ ओटा, ०-१० सञ्चालित ६ ओटा, ०-१२ सञ्चालित ४ ओटा, मन्टेश्वरी २ ओटा विद्यालयहरु सञ्चालनमा छन् । उच्च शिक्षाको लागि आङ्गिक क्याम्पस - १, पब्लिक क्याम्पस - १ र निजी क्याम्पस - १ गरी ३ ओटा संस्थाले उच्चशिक्षा प्रदान गर्दै आएका छन् । दुई ओटा नमुना मा.वि. मा रहेका २ ओटा प्राविधिक धार ९-१२ सञ्चालनमा छन् ।

यस गाउँपालिकामा रहेका सामुदायिक विद्यालयका १२७६१ विद्यार्थीहरुलाई अध्यापन गराउन दरबन्दीको रुपमा राहत र बाल विकास सहजकर्ता गरी ३२७ र गाउँपालिका अनुदान २९ गरी ३५६ शिक्षकका साथै विद्यालयहरुको आन्तरिक निजी स्रोतबाट शिक्षक व्यवस्थापन गरी अध्यापनको व्यवस्था मिलाइएको छ । निजी विद्यालयमा अध्ययनरत ६६४९ विद्यार्थीहरुलाई अध्यापन गराउनको लागि २३६ शिक्षकहरुबाट अध्यापनको व्यवस्था मिलाइएको छ । गाउँपालिकाको शिक्षक विद्यार्थी अनुपात बाल विकासमा १:२०, आ.वि. १-५ मा १:३७, आ.वि. ६-८ मा १:६४, मा.वि. ९-१० मा १:४४ र मा.वि. ११-१२ मा १:६० रहेको छ । यस तथ्यको आधारमा विद्यार्थीको तुलनामा शिक्षक कम देखिएकोले शिक्षक दरबन्दी थप गर्नुपर्ने आवश्यकता देखिन्छ । खजुरा गाउँपालिकालाई शैक्षिक हबको रुपमा विकास गर्ने उद्देश्यका साथ अगाडि बढेको स्थानीय सरकारले शिक्षक दरबन्दी र विद्यालयको भौतिक व्यवस्थापनमा

शिक्षातर्फ छुट्याउने बजेट थप गर्नुपर्ने देखिन्छ । गाउँपालिकाको शैक्षिक गुणस्तरलाई मापन गर्ने सिकाइ उपलब्धि आ.वि. १–५ को ६१, आ.वि. ६–८ को ५६, मा.वि. ९–१० को ६१, मा.वि. प्राविधिक धारको ६३, मा. वि. ११–१२ मा ३६ प्रतिशत सिकाइ उपलब्धि र साक्षरता दर ९६.९९ प्रतिशत रहेको छ । विद्यालय कर्मचारी सामुदायिकमा ४४ र निजीमा ९० जना रहेका छन् ।

खजुराको शैक्षिक विकासका लागि विभिन्न काल खण्डमा खजुराका शिक्षाप्रेमी, समाजसेवी र राजनैतिक व्यक्तिहरूबाट महत्त्वपूर्ण कार्यहरु हुँदै आएका छन् । विद्यालयको भौतिक, शैक्षिक र व्यवस्थापकीय क्षेत्रमा विकास गर्न सरकारी तवरबाट जिल्ला शिक्षा कार्यालय बाँकेले काम गर्दै आइरहेको थियो । २०७२ सालको संविधानले माध्यमिक तहसम्मको शिक्षा स्थानीय सरकारलाई जिम्मा लगाएपछि खजुरा गाउँपालिकामा पहिलो स्थानीय सरकार प्रमुख किस्मतकुमार कक्षपतिको अध्यक्षतामा शिक्षा समिति र दोस्रो स्थानीय निर्वाचन पछिको स्थानीय सरकार प्रमुख डम्बर बि.क. तुफानको अध्यक्षतामा गठित शिक्षा समितिले विद्यालय सञ्चालन गर्नको लागि आवश्यक पर्ने स्थानीय ऐन, नियम र कार्य विधि निर्माण गर्ने, कार्यान्वयन गर्ने, विद्यालय स्थापना र तह थपको लागि अनुमति प्रदान गर्ने, विद्यालयको भौतिक, शैक्षिक र व्यवस्थापकीय पक्षको विकासको खजुरा गा.पा. मा रहेको शिक्षा, युवा तथा खेलकुद शाखा शाखामार्फत् सङ्घीय र प्रदेश स्तरका बजेटहरूको निकासा गर्ने, गाउँपालिकाको बजेटमा स्थानीय सरकारको तर्फबाट बजेट विनियोजन गर्ने र निकासा गर्ने, विद्यालयलाई स्वीकृति प्रदान गर्ने, अनुदान रकम प्रदान गर्ने, विद्यायल सञ्चालनका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गराउने, विद्यायलमा अडिट गराउने, गाउँपालिका स्तरीय

मेयर कप रनिङ शिल्ड र शैक्षिक महोत्सव तथा अतिरिक्त क्रियाकलापबाट विद्यार्थीहरूको प्रतिभा पहिचान गर्ने र शिक्षक कर्मचारीहरूको नियुक्ति, दरबन्दी मिलान जस्ता कार्यहरु भइरहेको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख खगेन्द्रबहादुर मल्लले जानकारी गराउनु भयो ।

खजुरालाई शैक्षिक हब बनाउने उद्देश्य लिएर अगाडि बढेको पहिलो जननिर्वाचित खजुरा गा.पा. अध्यक्ष किस्मतकुमार कक्षपतिको नेतृत्वमा लुम्बिनी प्रादेशिक विश्व विद्यायलयको लागि खजुरा र रनियापुरमा १०० बिगाहा जग्गा उपलब्ध गराई लुम्बिनी प्रदेश सरकारको खजुरामा स्थापित गर्ने नीतिगत निर्णय भएको थियो । दोस्रो स्थानीय निर्वाचनबाट जननिर्वाचित गा.पा. अध्यक्ष डम्बरबहादुर बि.क. को कार्यपालिकाको विशेष पहलमा लुम्बिनी प्रादेशिक विश्वविद्यालय खजुरामा नै रहने गरी हाल नेपालगञ्जमा कार्यालय स्थापना भई भि.सी. रजिस्टार र डीन साथै केही कर्मचारीहरु नियुक्त भएर विश्वविद्यालय स्थापना हुने कुराको थालनी गरिएको छ । प्रदेश विश्वविद्यालय खजुरामा स्थापना हुनु, एउटै गाउँपालिकाभित्र ज्ञानोदय नमुना मा.वि. र जनता नमुना मा.वि. गरी २ ओटा नमुना मा.वि. सङ्घीय सरकारको नमुना मा.वि. मा पर्नु, सङ्घीय अनुदानबाट प्राविधिक धारतर्फ सिभिल इन्जिनियरिङ ज्ञानोदयमा र बाली विज्ञान जनता मा.वि. मा ९-१२ सञ्चालन हुनु, प्राकृतिक स्रोत व्यवस्थापन कलेज आङ्गिक क्याम्पसको रूपमा स्थापना हुनु, जनताको प्रत्यक्ष सहभागिताबाट ज्ञानोदय बहुमुखी पब्लिक क्याम्पस सञ्चालन हुनु र ६४ ओटा सामुदायिक तथा संस्थागत विद्यालयले शिक्षा प्रदान गर्दै आइरहेको तथ्यबाट खजुरा गाउँपालिकाले पूर्व प्राथमिकदेखि विश्व विद्यालयसम्मका शैक्षिक संस्थाहरूबाट खजुरा गाउँपालिकाका साथै लुम्बिनी प्रदेश र कर्णाली

प्रदेशका विद्यार्थीहरूलाई शिक्षा प्रदान गर्ने थलोका रूपमा विकास हुँदै गएको तथ्यलाई नकार्न सकिँदैन ।

खजुरा गाउँपालिकालाई शैक्षिक हब बनाउने उद्देश्य लिएर अगाडि बढेको पहिलो जननिर्वाचित सरकार प्रमुख किस्मतकुमार कक्षपतिको नेतृत्वमा रहेको कार्यपालिकाले लुम्बिनी प्रदेश विश्वविद्यालयको लागि खजुरा गा.पा. वडा नं. ८ रनियापुरमा १०० बिगाहा जग्गा उपलब्ध गराउने निर्णय गरिएको थियो । सोही अनुसार प्रदेश ५ सरकारले लुम्बिनी विश्व विद्यालय खजुरामा स्थापना गर्ने निर्णय गरेको थियो । दोस्रो स्थानीय निर्वाचनबाट निर्वाचित गा. पा. अध्यक्ष डम्बरबहादुर बि. क. को नेतृत्वमा रहेको कार्यपालिकाले लुम्बिनी प्रादेशिक विश्व विद्यालय खजुरामा नै रहने गरी पहल कदमी अगाडि बढायो । वर्तमान् अवस्थामा लुम्बिनी प्रादेशिक विश्वविद्यालयको अस्थायी कार्यालय नेपालगञ्जमा स्थापना गरी डिन र केही कर्मचारीहरु समेत नियुक्त भई पाठ्यक्रम निर्माण लगायतका कामहरु अगाडि बढिरहेका छन् । यस गाउँ पालिकाभित्र ज्ञानोदय नमुना मा.वि. र जनता नमुना मा.वि. सङ्घीय नमुना विद्यालयको रूपमा छनोट भई पाँच वर्षे गुरु योजना निर्माण भई भौतिक, शैक्षिक र व्यवस्थापकीय कार्यलाई अगाडि बढाइरहेका छन् । नेपाल सरकारकै कार्यक्रम अनुसार ९-१२ सिभिल इन्जिनियरिङ ज्ञानोदय मा.वि. मा र बाली विज्ञान जनता मा.वि. मा सञ्चालित छन् । कृषितर्फ स्नातक तहको प्राविधिक शिक्षा प्रदान गर्नको लागि प्राकृतिक स्रोत व्यवस्थापन कलेज रामपुर कृषि विश्व विद्यालयबाट सम्बन्धन प्राप्त गरी आङ्गिक क्याम्पसको रूपमा सञ्चालन गरिएको छ । जनताको प्रत्यक्ष सहभागिताबाट ज्ञानोदय पब्लिक क्याम्पस र निजी क्षेत्रबाट खजुरा क्याम्पसले स्नातक तहसम्मको शिक्षा प्रदान गर्दै आइरहेका छन् । यस खजुरा

गाउँपालिकाभित्र ६४ ओटा सामुदायिक र संस्थागत विद्यालयहरूले पूर्व प्राथमिकदेखि कक्षा १२ सम्मको औपचारिक शिक्षा प्रदान गर्दै आइरहेका छन् । यसै वर्षदेखि ज्ञानोदय पब्लिक क्याम्पसले स्नातकोत्तर तहको स्वीकृती प्राप्त गरी सञ्चालन भैरहेको छ ।

खजुराको शैक्षिक विकासको लागि विभिन्न कालखण्डमा यस क्षेत्रका शिक्षाप्रेमी, समाजसेवी, राजनीतिक व्यक्तिहरूबाट महत्त्वपूर्ण कार्यहरु हुँदै आएका छन् । विद्यालयको भौतिक, शैक्षिक र व्यवस्थापकीय क्षेत्रमा विकास गर्न सरकारी तवरबाट जिल्ला शिक्षा कार्यालय बाँकेले काम गर्दै आएकोमा २०७२ को संविधानले माध्यमित तहसम्मको शिक्षा स्थानीय तहलाई जिम्मा लगाएपछि खजुरा गाउँपालिकाको पहिलो स्थानीय सरकार प्रमुख किस्मतकुमार कक्षपतिको संयोजकत्वमा शिक्षा समिति गठन भई विद्यालयलाई स्विकृती प्रदान गर्ने, कक्षा थप गर्ने, भौतिक, शैक्षिक र व्यवस्थापकीय पक्षको विकासको लागि योजना निर्माण गरी सङ्घीय र स्थानीय तह अनुदान विनियोजन गर्ने, स्थानीय शिक्षा ऐन तथा नियमावली तयार गरी राजपत्रमा प्रकाशन गर्ने, शुन्य दरबन्दी भएका विद्यालयहरूमा शिक्षक व्यवस्थापन गर्ने, विद्यार्थीको प्रतिभा प्रस्फुटन गराउनका लागि प्रत्येक वर्ष मेयक कप रनिङ शिल्ड र अतिरिक्त क्रियाकलाप सहितको शैक्षिक महोत्सवहरु सञ्चालन गर्ने कार्यहरु भएका थिए । दोस्रो स्थानीय निर्वाचनबाट निर्वाचित गाउँपालिका अध्यक्ष डम्बरबहादुर बि.क. को संयोजकत्वमा गठित शिक्षा समितिले शिक्षा क्षेत्रमा भए गरेका असल कार्यहरूको निरन्तरता दिँदै प्र.अ. व्यवस्थापन तथा शैक्षिक गुणस्तर सुधार कार्यविधि तयार गरी स्थानीय सरकारद्वारा गरिने भौतिक, शैक्षिक र व्यवस्थापकीय कार्यलाई शिक्षा, युवा तथा खेलकुद शाखामार्फत कार्यक्रमहरु अगाडि बढाइएको छ ।

शिक्षा, युवा तथा खेलकुल शाखाका प्रमुख खगेन्द्रबहादुर मल्लले दिएको जानकारी (खजुरा गाउँपालिकामा शैक्षिक सूचना २०७८) अनुसार शिक्षाको विकास क्रममा वर्तमान् अवस्थामा देखिएका शैक्षिक सूचकाङ्कहरूलाई विश्लेषण गर्न सकिन्छ । खजुरा स्थानीय सरकार अन्तर्गत शिक्षा, युवा तथा खेलकुद शाखामार्फत् विद्यालयको शैक्षिक, भौतिक र व्यवस्थापकीय विकासको लागि विभिन्न बजेट शीर्षक अनुसार सङ्घीय, प्रादेशिक र स्थानीय बजेटहरु निकासा हुने गरेका छन् । स्थानीय तहबाट पूर्वप्राथमिक शिक्षकहरूको तलब भत्ता, कर्मचारी तलब भत्ता, शिक्षक तलक भत्ता, तालिम शैक्षिक महोत्सव र अतिरिक्त क्रियाकलाप, मेयर कप रनिङ शिल्ड, खेलकुद, परीक्षा सञ्चालन, मदरसा व्यवस्थापन, स्कुल बस, विद्यार्थी सङ्ख्याको आधारमा अनुदान, विद्यालयलाई बत्ती, पानी, मसलन्द, खेलकुद र परीक्षा सञ्चालन खर्च, अभिभावक शिक्षा, प्र.अ. बैठक, शैक्षिक गुणस्तर सुधार कार्यक्रम, शैक्षिक क्यालेण्डर, शिक्षक कर्मचारी तथा विद्यालय प्रोत्साहन, भर्ना अभियान, अनुगमन, एक विद्यालय एक बगैचा, विद्यार्थी टिकाउ कार्यक्रम, बुलेटिन, सामुदायिक विद्यालयमा मेरो एक दिन कार्यक्रम, ICT कार्यक्रम, कक्षाकोठा सबलीकरण कार्यक्रम जस्ता कार्यक्रमहरु सञ्चालनका लागि बजेट विनियोजन गर्ने गरेको छ । यी कार्यक्रमहरूको कार्य प्रगति ७५ देखि १००% रहेको छ । प्राप्त तथ्याङ्क अनुसार यस पालिकामा सामुदायिकतर्फ विद्यालयहरु ०–५ सञ्चालन भएका ११ ओटा, ०–८ सञ्चालन भएको आधारभूत विद्यालय ५ ओटा, ०–१० सञ्चालन भएका मा.वि. ९ ओटा र ०–१२ सञ्चालन भएका मा.वि. ५ गरी जम्मा ३० विद्यालयहरूले सामुदायिक स्तरबाट ०–१२ सम्मको शिक्षा प्रदान गर्दै आएका छन् । बाल विकास केन्द्र ६६ ओटा, सामुदायिक सिकाइ केन्द्र ४, मदरसा १७ ओटा रहेका

छन् । प्राविधिक विद्यालय २, नमुना विद्यालय २, आङ्गिक क्याम्पस १, पब्लिक क्याम्पस १, निजी क्याम्पस १ सञ्चालनमा छन् । संस्थागत विद्यालयतर्फ कक्षा ०-५ सञ्चालन भएका आधारभूत विद्यालय ५, ०-८ सञ्चालन भएका आ.वि. ५, ०-१० सञ्चालन भएका मा.वि. ५, ०-१२ सञ्चालन भएका मा.वि. ३ र मन्टेश्वरी २ ओटाले अङ्ग्रेजी माध्यमबाट शिक्षा प्रदान गर्दै आएका छन् । यस गा.पा. भित्र रहेका विद्यालयमा अध्ययन गर्ने १७०८३ मध्ये छात्र ९१४५, छात्रा ७९३८, दलित छात्र २११३, छात्रा १९२०, जनजाति छात्र २००७, छात्रा २१७४, अपाङ्ग छात्र ६४ र छात्रा ९० रहेका छन् ।

उल्लिखित विद्यार्थीहरूलाई शिक्षण गर्नको लागि आधारभूत तह ०-५ मा स्थायी ९९, अस्थायी २०, राहत ४३ गरी जम्मा १५८ जना रहेका छन् । आधारभूत तह ६-८ मा स्थायी २५, अस्थायी ८ र राहत ९ गरी जम्मा ४२ जना कार्यरत छन् । माध्यमिक तह ९-१० मा स्थायी २७, अस्थायी २ र राहत ८ गरी जम्मा ३५ जना कार्यरत छन् भने माध्यमिक तह ११-१२ तर्फ दरबन्दी ६, अनुदान ६ गरी जम्मा १२ जना कार्यरत छन् । प्राविधिक धारतर्फ ज्ञानोदय नमुना मा.वि. मा ८ र जनता नमुना मा. वि. मा ८ गरी जम्मा १६ जना कार्यरत रहेका छन् । लेखापाल १६, ECD  १०१, विद्यालय व्यवस्थापन समिति २८०, पि.टि.ए. सदस्य २२६ हरूबाट विद्यायल सञ्चालन र व्यवस्थापन कार्य भइरहेको छ । माथि उल्लिखित वि.व्य.स., पि.टि.ए. र शिक्षक कर्मचारीको सामूहिक प्रयासबाट विद्यार्थीहरूमा प्राप्त भएको सिकाइ उपलब्धिबाट लगानीको सदुपयोग कत्तिको भएको छ भन्ने आँकलन गर्न सकिन्छ ।

शिक्षा समाज विकासको आधार स्तम्भ हो । मानव सभ्यताको विकासको मेरूदण्ड हो । आदिम कालमा आमाबाबु र अग्रेंजहरूबाट

पछिल्लो पुस्तामा हस्तान्तरण गर्ने ज्ञान सिप गुरूकुल शिक्षामा गुरूहरूबाट आफ्ना शिष्यहरूलाई आश्रममा राखेर ज्ञान र सिपमा पारङ्गत बनाउने कार्यबाट विकसित हुँदै अगाडि बढेको आधुनिक शिक्षाकै कारण हिजो जङ्गली युगको मानिस आज पृथ्वीबाहेक अन्य ग्रहहरूमा समेत पुगेर बस्ती बसाउने योजनामा तल्लीन छ ।

विगतको विवेचना र वर्तमानको विश्लेषणबाट भविष्यको योजना निर्माण गर्न सहज हुने अपेक्षा सहित खजुरा गा.पा. को अगुवाइमा खजुरा प्रज्ञा प्रतिष्ठानले खजुराको शैक्षिक इतिहास लेखन जस्तो गहन जिम्मेवारी मलाई सुम्पेकोमा खजुरा गाउँपालिका र खजुरा प्रज्ञा प्रतिष्ठानप्रति विशेष आभार प्रकट गर्दछु । खजुराको शैक्षिक इतिहासलाई नेपालको शैक्षिक इतिहासको सापेक्षमा तुलनात्मक अध्ययन गर्न सजिलो होस् भनेर पृष्ठभूमिमा नेपालको गुरूकूल शिक्षा, प्राचीन शिक्षा, मध्यकालीन शिक्षा, राणाकालीन शिक्षा र आधुनिक शिक्षालाई पनि समेट्ने प्रयास गरिएको छ । खजुराको शैक्षिक इतिहासलाई तीन खण्डमा विभाजन गरी विश्लेषण गरिएको छ । २०२२ सालमा पुनर्वास बस्ती बस्नुभन्दा अगाडिको शिक्षा, २०२२ सालदेखि २०४७ सालसम्मको शिक्षा र २०४७ सालपछिको शिक्षाको विकास क्रमलाई उल्लेख गरिएको छ । यस क्रममा खजुरा क्षेत्रका शैक्षिक व्यक्तित्वहरूसँगको सोधखोज, सञ्चालित विद्यालय र क्याम्पसहरूबाट प्राप्त तथ्य, खजुरा गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाबाट प्राप्त तथ्य/तथ्याङ्क, बृहत् खजुरा सम्मेलन २०७६ शैक्षिक कार्यपत्र, खजुराको चिनारी, शैक्षिक बुलेटिन आदिलाई स्रोतको रूपमा लिइएको छ ।

**क) सबल पक्षहरु**

यस खजुरा गा. पा. को शैक्षिक विकासका सबल पक्षहरु तपशील अनुसार रहेका छन् ।

- खजुरा गाउँपालिकाको जनसङ्ख्या र भूगाले अनुसार आवश्यक सामुदायिक तथा निजी शिक्षण संस्थाहरु रहेको
- यस गाउँपालिकाको शैक्षिक जनचेतना उच्च रहेको ।
- गा.पा. प्रमुख, उपप्रमुख र जनप्रतिनिधिहरूले शिक्षाको विकासमा विशेष चासो दिनु ।
- गा.पा. भित्र २ ओटा नमुना मा.वि. तथा २ ओटा प्राविधिक धारका विद्यालय सञ्चालन हुनु ।
- शिक्षा समितिद्वारा शैक्षिक गुणस्तर सुधारका लागि निरन्तर प्रयास भैरहनु ।
- शिक्षातर्फको आन्तरिक बजेट गा.पा. ले प्रत्येक वर्ष वृद्धि गर्दै लैजानु ।
- प्राकृतिक स्रोत व्यवस्थापन कलेजमा बि.एससी. एग्रीकल्चर आङ्गिक क्याम्पस स्वीकृत पाई सञ्चालनमा आउनु ।
- उच्च शिक्षाका लागि सामुदायिक र निजी रूपमा कलेजहरु सञ्चालन हुनु ।
- ज्ञानोदय बहुमुखी पब्लिक क्याम्पसमा स्नातकोत्तर तहको कक्षा सञ्चालन हुनु ।
- विद्यालयहरूमा कुशल व्यवस्थापन समिति, पि.टि.ए., दक्ष प्रशासन र मेहनती शिक्षक कर्मचारी हुनु ।
- सामुदायिक तथा निजी विद्यालयहरु सहकार्य गरी गुणस्तर सुधारका लागि प्रतिस्पर्धा गर्नु ।
- सरोकारवालाहरूबाट ३२ बुँदे शिक्षण सुधार प्रतिबद्धता हुनु ।
- शैक्षिक क्यालेण्डर र शिक्षणका लागि शिक्षण डायरीको प्रयोग हुनु ।

- विद्यालयलाई आइ.सि.टि. युक्त बनाउन गा.पा. र स्वयम् विद्यालयहरूले प्रयास गर्नु ।
- कृषिमा दिगो विकास र हरित खजुराको लागि ग्ल्इक्क्त्रः र खजुरा गा.पा. बीचमा सहमति हुनु ।
- साक्षर गाउँपालिका (९६.९९) घोषणा हुनु र पूर्ण साक्षरताको लागि प्रयास गर्नु ।
- आधारभूत तह अनिवार्य र निशुल्कलाई कार्यान्वयनमा ल्याउनु ।
- मेयक कप प्रतियोगिता र शैक्षिक महोत्सव सञ्चालन हुनु ।
- गैर सरकारी संस्थाहरू प्लान नेपाल, स्याक, रूम टु रिड, रेष्ट, गेस्वा, युनेस्को क्लब जनजागरण समाज आदिले शिक्षा क्षेत्रको विकासमा सहकार्य गर्नु ।
- निजी क्षेत्रको लगानी शिक्षा क्षेत्रमा सन्तोषजनक रहनु ।
- मधेसी बहुलता भएको वडा नं. ५, ६, ७ र ८ लाई लक्षित गरी गा.पा. को पहलमा भानु मा.वि. मा प्राविधिक धारको विद्यालय सञ्चालन गर्न पहल गर्नु ।
- लुम्बिनी प्रादेशिक विश्वविद्यालय खजुरा गाउँपालिकामा सञ्चालन हुने गरी भिसि र रजिष्टार नियुक्त भई कार्यान्वयनको पक्ष अगाडि बढ्नु ।
- भाषा, साहित्य, कला र संस्कृतिको विकासको लागि खजुरा प्रज्ञा प्रतिष्ठान गठन हुनु ।

**ख) दुर्वल पक्षहरू**

- शिक्षाको लागि पर्याप्त बजेट केन्द्र (सङ्घ), प्रदेश र स्थानीय तहबाट विनियोजन हुन नसक्नु ।

- प्राविधिक धार सञ्चालनको लागि पर्याप्त बजेट अभाव, पाठ्यक्रममा अस्पष्टता, जनशक्तिको अभाव तथा स्थायित्व नहुनु ।
- सामुदायिक विद्यालयहरूमा विषय अनुसारको दरबन्दी नहुनु ।
- पर्याप्त मात्रमा भूकम्प प्रतिरोधक भवन, बालमैत्री कक्षाकोठा, बालमैत्री शौचालय र फर्निचरको व्यवस्था नहुनु ।
- सामुदायिकतर्फ ६ देखि १२ मा शिक्षक विद्यार्थी अनुपात उच्च हुनु ।
- १–५ मा अधिकांश सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या घट्नु ।
- शिक्षक तथा कर्मचारीको उच्च मनोबल वृद्धि गर्न नसक्नु ।
- अब्बल जनशक्तिको लागि शिक्षण पेसामा आकर्षण बढाउनु नसक्नु ।
- वडा ५, ६, ७ र ८ का जनतामा शैक्षिक जनचेतनाको कमी हुनु ।
- वडा नं. ५, ६, ७ र ८ मा विद्यालय सङ्ख्या कम हुनु, भएका विद्यालयहरूको पनि क्षमता विकास गर्न नसक्नु ।
- CTEVT द्वारा सञ्चालित प्राविधिक धारका विद्यालय नहुनु ।
- मदरसाहरूलाई व्यवस्थित गर्न नसक्नु ।
- शिक्षा क्षेत्रमा पुरस्कार र दण्डको व्यवस्थालाई कार्यान्वयन गर्न नसक्नु ।
- सामुदायिक र निजी विद्यालयहरूमा स्वस्थ प्रतिस्पर्धा कम हुनु ।
- थरिथरिका शिक्षक हुनु ।
- विद्यालय कर्मचारीको दरबन्दी नहुनु ।

- आधुनिक विधि र प्रविधिको प्रयोग गरी विद्यार्थी केन्द्रित पठनपाठन प्रभावकारी हुन नसक्नु ।
- संस्थागत विद्यालयका शिक्षकहरूलाई शिक्षण तालिमको व्यवस्था नहुनु ।
- निजी विद्यालयको सम्बन्धित निकायमा अभिलेखीकरणको अभाव

**ग) अवसरहरु**

- खजुरालाई शैक्षिक हबको रूपमा विकास गर्न सकिने ।
- कृषिमा दिगो विकास र हरित खजुरा कार्यक्रमबाट अभिभावकको जीवनस्तरमा वृद्धि भई शैक्षिक चेतनामा समेत वृद्धि गर्न सकिने ।
- प्राविधिक धारको शिक्षामा जोड दिई सिपमूलक शिक्षाबाट प्राविधिक जनशक्ति उत्पादन गर्न सकिने ।
- कृषि क्याम्पस सन्तकुटीबाट कृषिमा उच्च स्तरको दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्न सकिने ।
- सामुदायिक र निजी विद्यालयको स्वस्थ प्रतिस्पर्धाबाट शैक्षिक गुणस्तरमा सुधार ल्याउन सकिने ।
- सुशील कोइराला क्यान्सर अस्पताललाई आधार बनाएर मेडिकल कलेज सञ्चालन गर्न सकिने ।
- सङ्घीय सरकारद्वारा २ ओटा नमुना मा.वि. र २ ओटा प्राविधिक धारका विद्यायलय स्वीकृति पाई सञ्चालन रहेकोमा थप स्नातक तहसम्मका कक्षाहरु सञ्चालन गर्न सकिने ।
- अन्य विद्यायहरूमा विभिन्न थप विधाका प्राविधिक विद्यालयहरु CTEVT बाट सञ्चालन गर्न सकिने

- मधेसी समुदायलाई लक्षित गरी वडा नं. ७ बठवामा छात्रा विद्यालय सञ्चालन गर्न सकिने ।

## घ) चुनैतीहरु

- सङ्घ, प्रदेश र स्थानीय तहले शिक्षाको लागि २० प्रतिशत भन्दा माथिको बजेट विनियोजन गर्न नसक्नु
- विषयगत शिक्षक दरबन्दी सिर्जन गर्न नसक्नु ।
- प्राविधिक धारको लागि दक्ष जनशक्तिको अभाव हुनु र नटिक्नु ।
- प्राविधिक धार ९-१०, ११-१२ को विज्ञान विषयको पाठ्यक्रमको क्रमवद्धता र जटिलताको स्तर नमिल्दा अधिकांश विद्यार्थी ११-१२ मा फेल हुने भएकोले प्राविधिक धारको आकर्षण घट्न सक्ने सम्भावना ।
- शिक्षा ऐन र नियमको निर्माण सङ्घ, प्रदेश र स्थानीय तहले समयमा गर्न नसक्नु ।
- कम आय आर्जन भएका अभिभावकहरूको आयस्तर वृद्धि गर्न नसक्नु ।
- शिक्षण पेसालाई मर्यादित पेसाको रूपमा स्थापित गर्न नसक्नु ।
- आधारभूत तह ०-५ देखि माध्यमिक तह ९-१२ सम्म पुग्ने विद्यार्थी अत्यधिक मात्राको म्चयउ यगत लाई रोक्न नसक्नु ।
- सामाजिक बिसङ्गति, विकृति मौलाउँदै जानु र बाल बालिकाहरूमा त्यसको नकारात्मक असर पर्दै जानु ।

# खजुराको सांस्कृतिक इतिहास

सुन्दर गुरूङ

**प्रस्तावना**

हाम्रो देशको सामाजिक बनौट जसरी बहुधार्मिक, बहुजातीय, बहुभाषिक तथा बहुसंस्कृतिको मिश्रित रूप हो त्यसैगरी खजुरा गाउँपालिका पनि विभिन्न धर्म, जाति, भाषा र संस्कृति मान्ने समुदायको मिश्रित बासस्थल हो । यहाँ सबै धर्म, जाति, भाषा र संस्कृति मान्ने मानिसहरु एकापसमा सहिष्णुताका साथ वर्षौंदेखि मिलेर बसेको इतिहास छ जुन खजुराको एउटा सुन्दर पक्ष हो । जनसङ्ख्याको आधारमा यहाँ सबैभन्दा बढी सनातनी हिन्दु धर्मावलम्बी, दोस्रोमा मुस्लिम धर्मावलम्बी, तेस्रोमा बौद्ध र त्यसपछि इसाई धर्मावलम्बीहरूको बसोबास रहेको छ भने समुदायगत रूपमा यहाँ पहाडी समुदाय, मधेसी समुदाय, मुस्लिम समुदाय तथा थारु समुदायको बसोबास रहेको पाइन्छ । त्यसैगरी भाषिक रूपमा यहाँ नेपाली खस भाषा, अवधी भाषा, थारु भाषा, मगर, गुरूङ, तामाङ र नेवार भाषा बोल्ने समुदाय रहेको छ ।

खजुरा विभिन्न धर्म, जातजाति, भाषाभाषी र संस्कार संस्कृति मान्ने समुदायहरूको साझा बासस्थल भएको हुँदा यहाँको परम्परा, साहित्य, लोककला र संस्कृतिमा पनि विविधता पाइनु स्वाभाविकै हो । खजुराको सामाजिक, शैक्षिक, राजनैतिक, आर्थिक र सांस्कृतिक क्षेत्रको वर्तमान अवस्था बाँके जिल्लामै अब्बल रहेको छ । खजुरा साहित्य कला र संस्कृतिको क्षेत्रमा अहिले जिल्लामै अग्र स्थानमा रहेको छ । यस क्षेत्रका कलाकारहरूले स्वदेशमा मात्रै नभएर विदेशमा समेत खजुराको नाम राख्न सफल भएका छन् । त्यसैगरी साहित्यिक क्षेत्रमा खजुराका साहित्यकारहरूले पछिल्लो समय

साहित्यतर्फ विभिन्न रचना एवम् कृतिहरू प्रकाशित गरेर खजुरालाई साहित्यिक क्षेत्रमा पनि अब्बल पहिचान कायम गराउन प्रयासरत छन् । खजुराको कला र संस्कृतिलाई जीवन्त बनाउँदै आजको अवस्थासम्म ल्याउन खजुरामा रहेका विभिन्न समुदाय र यी समुदायमा रहेका सामाजिक, सांस्कृतिक र धार्मिक संस्कार, संस्कृति, रीतिरिवाज, चलन र परम्पराहरू नै मुख्य तत्त्व हुन् । मान्छे जन्मिएपछि छैंटी, न्वारन, पास्नी, मुण्डन, व्रतबन्ध र बिहेबारीका संस्कारहरूमा नाचगान गरेर रमाइलो गर्नु, विभिन्न चाडपर्व मान्नु, जात्रा, मेला–उत्सव लगाउनु, जहाँ सबैले आ–आफ्नो जातीय पहिचान झल्किने किसिमको भेषभूषा लाएर आफ्नो जातीय र भेगीय लोक नृत्यहरू नाच्नु, बजाउनु, त्यसैगरी आफ्नो धर्म अनुसार पूजा–पाठ गर्नु, व्रत–उपासना बस्नु, यज्ञ–महायज्ञ लगाएर धार्मिक भजनकीर्तन गर्नु, नाटक मञ्चन गर्नु जस्ता क्रियाकलापहरूले नै यस क्षेत्रको सांस्कृतिक पक्षको विकास क्रमलाई निरन्तरता दिँदै यसलाई स्थापित गर्नमा महत्वपूर्ण भूमिका खेलेको तथ्यलाई नकार्न सकिँदैन । यस्ता क्रियाकलापहरूबाट नै विगत्मा केही कलाप्रेमी तथा कलापारखी मध्येबाटै यस क्षेत्रमा धेरै उम्दा कलाकारहरूको जन्म भएको तथ्यहरूले पुष्टि गर्दछ । त्यसैले खजुराको सांस्कृतिक इतिहासलाई कोट्याउँदा यहाँको मिश्रित सामाजिक संरचना र विविध सांस्कृतिक पक्षलाई विभिन्न कालखण्ड सहित वर्णन गर्न जरूरी ठान्दछु ।

## पृष्ठभूमि काल (वि.सं. २०२२ भन्दा पहिलेको कालखण्ड)

हालको खजुरा गाउँपालिकाको वडा नं. ५, ६, ७ र ८ का बस्तीहरू रनियापुर, बठवा, सोनबर्षा, सोनपुर, गोनाहना, उढरापुर, घिया यी सातवटा गाउँहरू कहिलेदेखि बसोबास गरेको हो भन्ने

बिषयमा आधिकारिक जानकारी नभए तापनि श्री ३ महाराज जंगबहादुर राणाले सन् १८५७ मा लखनउमा भारतीय स्वतन्त्र सेनानीहरु तथा त्यहाँका नवाब बाजिद अली शाहले ब्रिटिश सरकार बिरूद्ध चलाएको गदर बिद्रोहलाई दबाउन गरेको सहयोग बापत इष्ट इन्डिया कम्पनीले खुशी भएर सन् १८६५ मा बाँके, बर्दिया, कैलाली र कञ्चनपुरको भूभागलाई फिर्ता दिनुअघिबाटै यी बस्तीहरु बसिरहेको यहाँका बुढा पाकाहरूको भनाइ रहेको छ । यदि यो भनाइलाई मान्ने हो भने यी बस्तीहरूको बसाइँ झन्डै ४ सय वर्ष पुरानो भएको अनुमान गर्न सकिन्छ । यी सात गाउँमध्ये घिया गाउँका थारु समुदायहरु पनि आफूहरूलाई ७/८ पुस्तादेखि बस्दै आएको दाबी गर्दछन् । घियाको थारु बस्ती बाहेक बाँकी ६ ओटा गाउँमा शुरूदेखि नै मिश्रित समुदाय मधेसी, हिन्दु र मुस्लिम समुदायको बसाइँ रहेकोमा सोही सामाजिक स्वरूप यद्यपि अझै पनि कायमै छ । एउटै गाउँमा वर्षौंदेखि मधेसी, हिन्दु समुदाय र मुस्लिम समुदाय एकापसमा मिलेर आ–आफ्नै रीतिरिवाज र परम्परा मान्दै बस्दै आएका छन् जुन सामाजिक सद्भावको एउटा सुन्दर पक्ष हो । मधेसी हिन्दु, मुस्लिम र थारु समुदायको सांस्कृतिक इतिहासलाई समुदायगत रूपमा तल उल्लेख गरिएको छ ।

## मधेसी हिन्दु समुदाय

यो समुदाय भारतको प्राचीन अवध राज्यबाट बसाइँसराइ गर्ने क्रममा हालको उत्तर प्रदेशको उत्तरी क्षेत्रको सीमाबाट नेपालको भूभागमा बस्न आएको हुन सक्ने अनुमान गर्न सकिन्छ । दोस्रो अनुमान चाहिँ सन् १८१६ मा भएको सुगौली सन्धिपछि १८६५ मा इष्ट इन्डिया कम्पनीले बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लालाई नयाँ मुलुकको रूपमा नेपाललाई दिनुभन्दा अघि नै यो समुदाय

यस क्षेत्रको रैथाने बासिन्दाको रुपमा बसोबास गरेको अनुमान पनि गर्न सकिन्छ ।

## शारीरिक बनावट र स्वभाव

यो समुदायका मानिसहरु प्राय दुब्ला, पातला, हृस्ट, पुष्ट शरीर भएका, स्वभावले सोझो, इमान्दार र कडा मेहनत र परिश्रम गर्ने खालका हुन्छन् ।

## भेषभूषा

यो समुदायको पुरुषहरुले सेतो रङ्को धोती र कुर्ता वा कमिज लगाउँछन् र शिरमा अंगोछा बाँध्ने गर्छन् भने महिलाहरु चाहिँ धोती र ब्लाउज लाउने गर्छन् । महिलाहरु प्राय परपुरुषको अगाडि आउँदा धोतीले टाउको र अनुहार ढाक्ने गर्दछन् ।

त्यसैगरी यो समुदायका महिलाहरु शिरमा शिरबन्दी, निधारबिन्दी, कानमा बाली, गलामा मङ्गलसूत्र या माला, कम्मरमा कमरबन्दी, हातमा चुरा, अँगुठी, पाउमा पाजेबर बिछिया लगाउने गर्छन् ।

## भाषा

यो समुदायले बोल्ने भाषा अत्यन्तै सरल, सहज र मिठासपूर्ण छ जसलाई अवधी भाषा भनिन्छ । अवधी भाषाका गालीहरु पनि अत्यन्तै लोकप्रिय छन् जसले यो भाषालाई पूर्णता दिएको छ ।

## धर्म

यो समुदायले सनातन हिन्दु धर्म मान्ने गर्छन् । रामलाई आफ्नो इष्टदेव मान्ने यो समुदाय धर्मप्रति अत्यन्तै आस्था र विश्वास राख्ने गर्छन् ।

## जात/जाति

यो समुदायमा पनि चार वर्णाश्रम अनुसारको जात हुन्छन् । जस्तै ब्राह्मण, क्षेत्रीय, वैश्य र शुद्र । ब्राम्हण जातभित्र शर्मा, उपाध्याय, त्रिपाठी, तिवारी, पाठक, द्विवेदी, त्रिवेदी, चतुर्वेदी, हुन्छन् भने क्षेत्रीय जातभित्र ठाकुर, क्षेत्री, खत्री, राजपुत, राणा, यादव, अहिर आदि हुन्छन् । वैश्य जातभित्र गुप्ता, कांदु, वैश्य, अग्रवाल, जैसवाल, सोनार, कुर्मी, बर्मा, र कहार जातिहरु पर्दछन् भने शुद्र जातभित्र दलित जातहरु भंगी, चमार, हरिजन, रैदास, कोरी, पासी, खटिक, सोनकर, धोबी, पथिक, लोध, भाट र कुसधिया जातिहरु पर्दछन् ।

## चाडपर्व

यो समुदायले मनाउने चाडपर्वहरु धेरै छन् । बैशाखमा नयाँ सालदेखि पर्वहरुको शुरुवात भएर चैत्र महिनासम्म विभिन्न चाडर्वहरु मनाउने गर्दछन् । बैशाखी पूर्णिमामा नयाँ खेती खाने सतुही (सातुखाने) पर्व मनाइन्छ । सावनमा शिवजीको पूजा अर्चना गर्ने र उनलाई जल चढाउन कांवारियाको भेषमा जय बम भोलेको मन्त्र जप्दै नजिकको नदीबाट जल ल्याएर भगवान शिवजीलाई तर्पण गर्दछन् । सावनमै दिदी बहिनीहरुले आफ्ना दाजुभाईहरुलाई राखी बाँधेर रक्षा बन्धनको पवित्र पर्व मनाउँछन् । यसैगरी सावन महिनामै पर्ने नाग पञ्चमीका दिन अवधी समुदायहरु गुडिया पर्व मनाउँछन् । त्यस दिन दिदी बहिनीहरुले कपडाको टालोबाट गुडिया बनाउँछन् र दाजुभाईहरुले ती गुडियालाई बाटोमा फालेर लीले पिट्ने चलन छ । गुडियाको दिन नदीमा गई नुहाउने र भूलामा भूल्ने र रमाइलो गर्ने गर्दछन् । यसैगरी अषाढ महिनाको गुरु पूर्णिमाको दिनमा यिनीहरु गुरु पूजा गरेर आफ्ना गुरुप्रति

आदर र श्रद्धा व्यक्त गर्दछन् भने जेठ महिनामा पुजैया पर्व मनाइन्छ जुन दिनमा यिनीहरु देवीमाताको पूजा आराधना गर्दछन् ।

भदौ महिनामा भगवान श्रीकृष्णको जन्मोत्सव धूमधामले मनाउने गर्छन् । सो दिन उनीहरु निराहार, जलाहार वा फलाहार व्रत, उपवास बसेर मध्यरातको १२ बजेसम्म श्रीकृष्णको भजन कीर्तन गरी फल प्रसाद ग्रहण गरेर मनाउने गर्छन् । २०३० देखि ४० को बिचमा नेपालगञ्जका अवधी समुदायले कृष्ण जन्माष्टमीलाई साप्ताहिक रुपमा मनाउने गर्थे र टोल टोलमा कृष्ण चरित्र वा कृष्ण लीलामा आधारित जवाबी कीर्तनको आयोजना गर्ने गरिन्थ्यो । जस्को लागि भारत उत्तर प्रदेशका लखनउ, कानपुर, गोरखपुर, इलाहाबाद, फैजाबाद जस्ता शहरहरुबाट समेत कलाकारहरु आउने गर्थे । भदौमा यो समुदायका महिलाहरुले हरितालिका तीजलाई कजरी तीजको रुपमा मनाउने गर्छन् । असोजमा अवधी समुदायले शरद् नवरात्री (बडा दशैं) नवदुर्गा माताको मूर्ति स्थापना गरी नौ दिनसम्म फलाहार व्रत बसी धूमधामले मनाउने गर्छन् । असोज मै अवधी महिलाहरुको अर्को महत्वपूर्ण पर्व हो करवा चौथ । सो दिन महिलाहरु आफ्ना पतिको आयु र समृद्धिका लागि निराहार व्रत बसी साँझ चन्द्रमाको दर्शनपछि आफ्नो पतिको हातबाट पानी पिएर व्रत तोड्छन् । कार्तिक महिनामा यो समुदायले दिवाली (तिहार) मनाउने गर्छन्, जसमा विशेषगरी लक्ष्मी माताको पूजा अर्चना गरिन्छ । लक्ष्मी पूजाको दिनमा घरमा लक्ष्मीको बास होस् भनेर घरलाई रङ्गीचङ्गी बनाई, दीपावली गरेर पटका पड्काई धूमधामले मनाउने गर्छन् । मङ्सिर महिना यो समुदायको लागि विशेष महत्व राख्दछ । यो महिना विवाहको महिना हो । यही महिनामा यो समुदायले आफ्नो छोरी, बहिनीहरुको सादी, गौना, थौना र आला चालाको संस्कार गरेर छोरी बहिनीहरुको

बिदाइ गर्ने गर्दछन् । माघ महिनाको मकर संक्रान्तिका दिन अवधी समुदायहरु खिचडी पर्व मनाउने गर्छन्, जुन पर्वलाई यिनीहरु तिलवा र नाहान पर्व पनि भन्ने गर्छन् । तिलको लयु, सकरखण्ड, तरूल आदिको परिकार खाने गरिन्छ । यस दिन एकाबिहानै नदीमा गएर नुहाइ धुवाइ गरी शङ्करदेव र गौरी गणेशको पूजा गर्ने चलन छ । माघको बसन्त पञ्चमीको दिनमा माता सरस्वतीको पूजा गरी साना साना नानीबाबुहरूलाई अक्षरारम्भ गर्ने चलन छ ।

**सामाजिक संस्कार**

जन्म, मुण्डन, व्रतबन्ध, विवाह, गौना, थौना, आला, चाला र मृत्यु संस्कार

**जन्म संस्कार**

यो समुदायमा पहिलो सन्तान आमाको गर्भमा आर्सेपछि त्यो आमालाई गोदभराई गर्ने चलन छ । आफन्तहरु आएर गर्भधारण गरेकी महिलालाई टिका लगाई गिफ्ट वा कोसेलीहरु दिने गर्दछन् । बच्चा जन्मेको छैटौं दिनमा छट्टी (छैटी) गर्ने चलन छ, जुन दिन बच्चाको फुपू वा दिदी बहिनीले गाजल बनाएर गाजल लाइदिने गर्छन् । त्यसैगरी बच्चा जन्मेको १२ औँ दिनमा बरही (न्वारन) गर्ने चलन छ । सोही दिन सौरी (सुत्केरी) लाई नुहाइ धुवाइ गरी शुद्ध गरिन्छ र बच्चाको नामाकरण गर्ने काम पनि गर्ने गर्छन् । यो समुदायमा बच्चाको आमा सुत्केरी भएको ४५ दिन नपुगेसम्म शुद्ध भएको मानिँदैन । ४५ औँ दिनमा सुत्केरीलाई पूर्ण रूपमा शुद्धि गरेर मात्रै उनले पूजा आजा र मन्दिर आदिको दर्शन गर्न पाउँछिन । त्यसपछि बच्चा जन्मेको ६ महिनाभित्र मावलीतिरका बुजुर्गहरूले पहिलो पटक खिर बनाएर बच्चालाई अन्न प्राशन (भात

खुवाई) गर्ने चलन छ । बच्चाको भात खुवाइ भएपछि वर्षदिनभित्र या बिजोडी वर्ष ३ या ५ वर्षको उमेरमा मुण्डन (कपाल काट्ने) गर्ने चलन छ । मुण्डन कार्य आमाबाउले मागेको मनौती (मन्नत) अनुसारको मन्दिरको प्राङ्गणमा गर्ने गरिन्छ । मुण्डन गर्दा बच्चाको फुपूले बच्चालाई आफ्नो काखमा राख्छन् अनि नाउले कपाल काट्छन् । फुपूले भदैको काटेको कपाल गहुँको मुछेको पिठोमा राख्दै जान्छिन् । मुण्डनमा आएका सबै आफन्तहरूले बच्चाको टाउकोमा रूपैयाँ पैसा घुमाएर केही रूपैयाँ फुपूलाई र केही रूपैयाँ कपाल काट्ने ठाकुरलाई नेग (दान) दिन्छन् । मुण्डन कार्य समाप्त भैसकेपछि पिठोमा जम्मा गरेको कपालमा एक रूपैयाँ राखी पिठोको डल्लो बनाई मन्दिरको छेउमा राखिदिन्छन् ।

### विवाह संस्कार

अवधी समुदायमा विवाहको संस्कार धेरै जटिल र झन्झटिलो मानिन्छ । आर्थिक अवस्था ज्यादै कमजोर हुने र एकैपटक विवाहको खर्च धान्न नसकिने भएको कारणले यिनीहरूको विवाह किस्ता किस्तामा गर्ने चलन भएको एकथरी भनाई रहेको छ भने अर्को भनाइ अनुसार जतिबेला भारतमा मुगल सम्राटको बिगबिगी थियो त्यतिबेला उनका सिपाहीहरूले हिन्दुहरूको जवान छोरीबेटी देखे भने जबर्जस्ती आफ्नो दासी वा गुलाम बनाउन लैजाने भएकाले त्यतिबेलादेखि नै उनीहरूले आफ्नो छोरीहरूको विवाह सानै उमेरमा अथवा कन्या (कुमारी) अवस्था मै गर्ने चलन चलाए र त्यहि चलन नै यो समाजमा आजसम्म चली आएको छ । त्यसैले छोरीको उमेर ७ देखि ११ बर्षको भएपछि उनीहरु आफ्नो इष्ट कुटुम्बमा वर (केटा) को खोजी गर्थे र खोजेको जस्तो वर पाएपछि केटा पक्षले केटीलाई मगनी गर्थे । मगनी भैसकेपछि

बाहुन (पण्डित) सँग लगन मुहूर्त हेराई केटी पक्षले केटा पक्षको घरमा लगन (तिलक) पठाउने चलन छ । लगन वा तिलक पठाउँदा एकजना बाहुन, एकजना नाउ र तीनजना घरका मान्छे गरी ५ जनासम्म मान्छेलाई एउटा फुल (काँस) को ठुलो थाली वा बाटामा चामल, बेसार र अलिकति दुबो र साथमा गच्छे अनुसार वरलाई र वर पक्षका आफन्तहरूलाई लुगा, कपडा र नगद रकम पठाउँछन् । तिलक भैसकेपछि पुनः लगन हेरेर केटीको घरमा सबै आफन्तहरूलाई निम्ता बोलाई पाई पुज्जी (गोडा धुवाइ अथवा कन्यादान) गरिन्छ । कन्यादान गर्दा केटीको आफन्तहरूले आफ्नो गच्छे अनुसारको नेग (दान दक्षिणा) हरु दिन्छन् । केटीको घरमा दुलहीको पाई पुज्जी भैसकेपछि दुलहीलाई पाईपुज्जी गर्दा उठेका सबै सरसामान सहित नगद रकम तथा केटीको मूलघरबाट बाउआमाको तर्फबाट एकसरो भाँडाकुँडा र बिस्तरा सेट समेत दुलहीलाई केटाको घरमा लगेर जान्छन् र त्यहाँ वैवाहिक रीतिरिवाज अनुसार बनाइएको लग्न मण्डपमा दुलहा र दुलहीको विवाह सम्पन्न हुन्छ । विवाह सम्पन्न भएपछि अर्कोदिन दुलहीलाई पुनः माइत फर्काइन्छ । यसरी विवाह भएको ३ या ५ सालपछि लगन मुहूर्त हेरी दुलहीको पुनः गौना संस्कार गर्ने गरिन्छ । गौना गर्दा वर पक्षबाट दुलहा सहित ५/७ जना दुलहाका आफन्तहरु केटीको घरमा आउँछन् उनीहरूलाई एकरात र एकदिन राम्रोसँग सेवा सत्कार गरी भोलिपल्ट साँझपख दुलहीलाई पठाइन्छ । दुलही पठाउँदा दुलहीसित एउटा मट्कामा तेल र अर्को मट्कामा नुन भरेर दिइन्छ । सोही तेलमा ससुरालीमा गएर दुलहीले गहुँको पिठोमा भेली वा चिनी मिसाएर गुलागुला भन्ने परिकार बनाएर खुवाउने चलन छ । त्यहाँ एकरात वा दुईरात बसेपछि दुलही फेरी माइतमा फिर्ता ल्याइन्छ ।

## संस्कृति

सहनाईँ बजाउने, ढोलक बजाउने, नाच-गान, कहरवा नाच, बिराह गीत गाउने, हुड्का नाच, नौटङ्की (पातर नाच)

## कला/सिप

घरको भित्तामा चित्र कोर्ने, बढहीगिरि (काठको काम), गुन्दरी बुन्ने, चकिया, लाहरा, सिलोटा बनाउने, डोरी, नाथ, पगाहा, सिकहर बाट्ने, जुत्ता, चप्पल, पेटी र सुटकेश बनाउने, कोलबाट तेल पेल्ने, माटाका भाँडा बनाउनु, चकिया पिस्नु, ओखरीमा धान कुट्नु आदि ।

## मेला

उढरापुर मेला, मुस्कटवा बाबाको मेला ।

## मुस्लिम समुदाय

मुस्लिम समुदायहरू खजुराको यो क्षेत्रमा कहिलेदेखि बसोबास गरेका हुन् भन्ने पनि मधेसी हिन्दु समुदायसँगै भारतको प्राचीन अवध राज्यबाट बसाइँसराइ गर्ने क्रममा हालको उत्तर प्रदेशको उत्तरी क्षेत्रको सीमाबाट नेपालको भू-भागमा बस्न आएको हुन सक्ने पहिलो अनुमान गर्न सकिन्छ भने दोस्रो अनुमान चाहिँ सन् १८५७ मा इष्ट इन्डिया कम्पनी विरूद्ध लखनउमा भारतीय स्वतन्त्र सेनानीहरू र लखनउ सहरका तत्कालीन नवाब वाजिद अलि शाहकी रानी बेगम हजरत शाहहरूले चलाएको गदर आन्दोलन असफल भएपछि रानी बेगम हजरत आफ्ना सयौं सिपाही र शुभ चिन्तकहरू सहित नेपालमा शरण लिन आएको र उनी बाँकेको पश्चिमी जङ्गल हुँदै ठुडिया जङ्गलबाट दाङ पुगेको र दाङबाट

पछि बुटवलसम्म पुगेको इतिहास छ । त्यतिबेला नै उनीसँग आएका केही मानिसहरू बाँकेको यही खजुरा क्षेत्रमा बसेको अनुमान पनि गर्न सकिन्छ । सुगौली सन्धिपछि १८६५ मा इष्ट इन्डिया कम्पनीले बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लालाई नयाँ मुलुकको रूपमा नेपाललाई फिर्ता दिनुभन्दा अघि नै यो समुदाय यस क्षेत्रको रैथाने बासिन्दाको रूपमा बसोबास गर्दै आएको हुन सक्ने अनुमान पनि गर्न सकिन्छ ।

**शारीरिक बनावट र स्वभाव**

यो समुदायका मानिसहरू प्राय दुब्ला, पातला, हृष्टपुष्ट शरीर भएका, स्वभावले इमान्दार, धर्मप्रति अडिग विश्वास राख्ने र कडा मिहिनेत र परिश्रम गर्ने खालका हुन्छन् ।

**भेषभूषा :**

यो समुदायका पुरूषहरूले प्राय कुर्ता, पाइजामा र शिरमा गोल टोपी लगाउने गर्छन् भने महिलाहरू चाहिँ सलवार शुटमाथि कालो रङको बुर्का लाउने गर्छन् । महिलाहरू प्राय परपुरूषको अगाडि आउँदा बुर्काले टाउको र अनुहार ढाक्ने गर्दछन् । यो समुदायका महिलाहरू शिरमा शिरबन्दी, निधार बिन्दी, कानमा बाली, गलामा मङ्गलसूत्र या माला, कम्मरमा कमरबन्द, हातमा चुरा, अङ्गुठी, पाउमा पाउजेब र बिछिया लगाउने गर्छन् ।

**भाषा**

यो समुदायले बोल्ने भाषा चाहिँ उर्दू र अवधी भाषाको मिश्रित रूप हो । उर्दू र फारसी भाषाका शब्दावली प्रयोग गरेर बोलिने यो समुदायको भाषा अत्यन्तै सरल, सहज, शालीन र मिठासपूर्ण हुन्छ ।

### धर्म

यो समुदाय मुस्लिम धर्मावलम्बी भएको हुँदा मुस्लिम धर्म मान्ने गर्छन् । मुस्लिम धर्ममा पनि दुईओटा सम्प्रदाय भएको हुनाले कोही शिया र कोही शुन्नी समुदायका हुन्छन् ।

### जात/जाति

यो समुदायमा पनि धेरै जातहरु हुन्छन् । पठान, खान, सिद्दिकी, अन्सारी, राइ, कुरैसी, कबाडिया र बागवान यस समुदायका मुख्य मुख्य जातहरु हुन् ।

### चाडपर्व

मुस्लिम समुदायमा पनि धेरै चाडपर्वहरु हुन्छन् । मोहर्रम, ताजिया, ईद, बकरईद र रमजान, रोजा आदि यसका मुख्य पर्वहरु हुन् ।

### सामाजिक संस्कार

जन्म, मुण्डन, मृत्यु, बिहेबारी, गौना, थौना ।

### संस्कृति

सहनाइँ बजाउने, ढोलक बजाउने, नाच-गान, कहरवा नाच, बिराह गीत गाउने, हुड्का नाच, नौटङ्की (पातर नाच)

### कला/सिपः

घरको भित्तामा चित्र कोर्ने, बढहीगिरि (काठको काम), गुन्दरी बुन्ने, चकिया, लाहरा, सिलोटा बनाउने, डोरी, नाथ, पगाहा, सिकहर बाट्ने, जुत्ता, चप्पल, पेटी, र सुटकेश बनाउने, कोलबाट

तेल पेल्ने, माटोका भाँडा बनाउनु, चकिया पिस्नु, ओखरीमा धान कुट्नु आदि ।

**मेला**

उढरापुर मेला, मुस्कटवा बाबाको मेला

**थारु समुदायः**

समाजशास्त्री डोरबहादुर बिष्टका अनुसार थारुहरु दक्षिणको थार मरुभूमिबाट आएको हुँदा यिनीहरुको नाम थारु रहन गएको हुन सक्ने अनुमान गरिएको छ । थारु जाति प्रकृति पूजक जाति हुन् । थारु जातिलाई ऐतिहासिक रुपमा भूमिपुत्रको रुपमा लिइन्छ । थारु जात नामको आधारमा एउटै भएपनि भाषा र संस्कृतिको दृष्टिकोणले एकापसमा केही भिन्नता रहेको पाइन्छ । झापा, मोरङ, सुनसरी, उदयपुर, धनुषा, सप्तरी, सर्लाही, सिराहा, रौतहट, महोत्तरी, बारा, पर्सा, चितवन, नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ, सुर्खेत, बर्दिया, कैलाली र कञ्चनपुर गरी यी २१ जिल्लाहरु आदिकालदेखि नै थारुहरुको बसोबास गर्ने थलो भएको हुँदा यो क्षेत्रलाई अहिले थारु समुदायहरुले थरुहट, थारुवान वा बुह्रान राज्यको माग राख्दै आएको छ ।

**खजुरामा थारु समुदायको बसोबास**

खजुरा गाउँपालिकामा थारु समुदायको बसोबास, मधेसी हिन्दु समुदाय र मधेसी मुस्लिम समुदायहरुले बसोबास गरेको अनुमानित पाँच दशकपछि यस खजुराको उत्तरी सिमानाको घिया गाउँमा यो समुदाय बसाइँ सराइ गर्ने क्रममा बसेको अनुमान गरिएको छ । यो समुदायहरुको पुर्खाहरु बर्दिया जिल्लाको बैदी भन्ने ठाउँदेखि

बाँकेको हाल कोहलपुर न.पा. वडा नं. ९ पिपरी भन्ने गाउँ हुँदै त्यहाँबाट बसाईंसराइ गरी आएको भन्ने यहाँका बुज्रुग एवम् ज्येष्ठ नागरिकहरूको भनाइ रहेको छ ।

## शारीरिक बनावट र स्वभाव

यो समुदायका मानिसहरु प्राय दुब्ला, पातला, हृष्टपुष्ट शरीर भएका, स्वभावले अत्यन्तै सोझा, इमान्दार र कडा परिश्रम गर्ने मिहिनेती स्वभावका हुन्छन् ।

## भेषभूषा

*थारु पुरुषको भेषभूषा -*

यो समुदायका पुरुषहरूले लाउने पारम्पारिक पोसाकमा माथि कमिज र तल भेगवा (लङ्गुटी) लाउँछन् र कम्मरमा डोरी ( कर्धन) बाँध्ने गर्छन् तर अचेल उनीहरु सेतो धोती र कमिज पनि लाउने गर्छन् ।

*थारु महिलाको भेषभूषा -*

यो समुदायका महिलाहरूको पारम्पारिक भेषभूषा चोली र रङ्गीबिरङ्गी लेहङ्गा (गोनिया) हो तर अचेलका महिलाहरु धोती, सारी, ब्लाउज लाउने गर्छन् भने भर्खरका केटीहरु सलवार शुट तथा शर्ट पाइन्ट पनि लाउने गर्छन् । समयानुसार मानिसको रहन-सहन, खानपिन, भेषभूषामा समेत परिवर्तन हुने हुँदा यो समुदायमा पनि यस्ता धेरै परिवर्तनहरु समयको गतिसँगै आएको देख्न पाइन्छ ।

*गरगहना -*

यो समुदायका महिलाहरूले लगाउने गरगहनाहरु धेरै किसिमका

हुन्छन् जुन गरगहनाहरू प्राय चाँदीबाट बनेका हुन्छन् । महिलाहरू टाउकोमा मंगिया लाउँछन, जुन गहनाले टाउकोको अगाडिको भाग पुरै ढाकिएको हुन्छ र मंगियाको अगाडिको गोलाकार भागमा रहेको झालरले यसलाई अत्यन्तै आकर्षक देखाउँछ । निधारको बिचमा रातो टिकली र कानमा वीर, झिल्मिल्या, कन्बझहा, लुर्की र टर्की लाउने गर्छन् । लुर्की प्राय केटीहरू लाउने गर्छन् भने र वृद्धा महिलाहरू चाहिँ टर्की लाउने गर्छन् । थारु महिलाहरू नाकमा मात्रै सुनको गहना लाउँछन् जसलाई फोंपी, नथिया र नथुनी भनिन्छ । त्यसैगरी महिलाहरू घाँटीमा चाँदीको सुटिया, ठोसिया, चन्द्रहार, टोंक, सिकरी, हुमेल र सिकरहवा लाउने गर्छन् । उनीहरू बाहुलीमा चाँदीको अगला बाला, पछला बाला लाउँछन भने पाखुरीमा बांक, बिजाईठ, टंरिया र जोसम लगाउने गर्छन् । नाडीमा लाखको चुरा (लगरही), औंलामा पैसाको मुन्दरी (औंठी) लगाउँछन् । यसैगरी महिलाहरू खुट्टामा पैंरी, ढुस्वा र कारा लगाउँछन भने खुट्टाको औंलामा बिछिया र मुन्दरी लगाउने गर्छन् ।

**भाषा**

यो समुदायले बोल्ने भाषा पनि भारोपेली भाषा परिवारभित्र पर्ने हुँदा यो भाषा नेपाली, मैथिली, भोजपुरीपछि चौथो ठूलो भाषा हो । थारु भाषा धेरै पुरानो भाषा भएको मानिन्छ र प्राचीन बुद्धको पाली भाषासँग यो भाषा धेरै हदसम्म मिल्ने भएको हुँदा यो भाषाको उत्पत्ति र विकास लुम्बिनी देवदह क्षेत्रको प्राचीन शाक्य र कोलिय राज्यबाट भएको हो भन्ने भनाइ छ । भूगोल र ठाउँ अनुसार थारु भाषामा केही केही भिन्नता पाइन्छ । चितवनदेखि पश्चिम नेपालमा बस्ने थारुहरूले बोल्ने थारु भाषालाई सोनाह, दगौरा, देसाउरी,

देउखुरिया, कठरिया र कोचिला भाषा भनिन्छ भने चितवनदेखि पूर्वी क्षेत्रमा बस्ने थारुहरूले बोल्ने भाषालाई चितवनिया भाषा भनिन्छ जुन भाषा मैथिली, भोजपुरी र बङ्गाली भाषाका शब्दावलीसँग केही केही मेल खाने हुँदा यी भाषाहरु केही सभ्य र परिष्कृत भएको मानिन्छ । खजुराको यस घिया बस्तीमा देसाउरी थारुको बसोबास रहेको हुँदा यहाँका थारुहरु आफ्नै देसाउरी भाषा बोल्ने गर्दछन् । यो भाषा मूल थारु भाषा जस्तै भएको हुँदा यो भाषामा मौलिकता रहेको पाइन्छ भने यो भाषाको बोली र त्यसका शब्दावली अत्यन्तै मिठा र श्रवणप्रिय छन् ।

## धर्म

यहाँको थारु समुदायले अहिले हिन्दु धर्म माने तापनि उनीहरुको अगुवा, थारु समुदायको जातीय सङ्गठन, थारु कल्याणकारी सभाका सामाजिक अभियन्ताहरु आफ्नो प्राचीन धर्म बुद्ध धर्म भएको बहस गर्दैछन् । त्यसैगरी नेपालका पुर्वेली थारुहरु आफूहरूले बोल्ने भाषा पनि प्राचीन बुद्धको शाक्य र कोलिय राज्यको पाली भाषासँगै मिल्दोजुल्दो भएको वकालत गर्दै यो समुदायले आफूहरु बुद्धकै अनुयायी अथवा बौद्ध धर्मावलम्बी भएको दाबी गरिरहेका छन् ।

## जात

भौगोलिक विभाजन अनुसार थारु समुदायको नाम राखिएको हुन्छ । जस्तै : मोरङका थारूलाइ मोरङ्गीया, कोशी किनारमा बस्ने थारूलाई कौसिया या खौसिया, चितवनका थारूलाई चितवनिया, सप्तरीका सप्तरिया जस्तै अन्य थारु समुदायमा लालपुरिया, सोलारिया, कडरिया, मझौरा, दगौरा । यी सबै थारु जातिका

समुदायहरु हुन् । यिनै थारुहरुको समुदाय र जातबाट विभिन्न थारुहरुका उपजाति वा थरहरु रहेका छन् । यी जातहरु मध्ये खजुराको घिया बस्तीमा बसोबास गर्ने थारु जातिहरु बाँके, बर्दियाका खस थारु वा देसाउरी थारु भएको हुँदा यहाँ दहित, कुसम्या, सतगौंवा, चमार, राना, डगौरा, कठरिया, करिया र मघरिया थरका थारुहरुको बसाइँ रहेको पाइन्छ ।

## चाडपर्व

थारु जातिहरुले धेरै चाडपर्व मान्ने गर्दछन् । यो जतिको सबैभन्दा ठुलो र महत्वपूर्ण चाड माघी पर्व हो, जुन पर्व माघ १ गते मकर संक्रान्तिको दिनमा पर्दछ । यो माघी पर्व माघ १ गतेको दिनलाई थारु समुदायहरु नयाँ वर्षको रुपमा मान्ने गर्दछन् । यसैगरी थारु समुदायहरुले फागुनमा होरी, चैतमा रामनवमी, बैशाखमा बैशाखी पूर्णिमा, भदौमा कृष्ण जन्माष्टमी, असोजमा दशैं, कार्तिकमा त्यौहार मान्ने गर्दछन् । यसका अतिरिक्त पनि उनीहरु अन्य चाडपर्वहरु घाटो (गौर), झमटा, झिझिया आदि मान्ने गर्दछन् ।

## सामाजिक संस्कार/परम्परा

जन्म, मुण्डन, मृत्यु, बिहेबारी र सामाजिक नियम ।

## जन्म संस्कार

थारु जातिमा बच्चाको जन्मको छैंटौ दिनमा छटिहार गर्ने गरिन्छ । छटिहार गरेपछि मात्रै आमा र बच्चालाई चोखिएको मानिन्छ । छटिहार गर्नुअघि पाँचौ दिनमा करैया घटवा पनि गर्ने चलन छ । बच्चाको नाभि राम्ररी सुकिसकेपछि सुत्केरी आमालाई घाट अथवा पानीको मुहानमा लगेर नुहाइधुवाइ गरी गोबरको

डल्ला बनाई त्यसमा सिन्दुर लगाएर पूजा गरेर चोख्याइन्छ । यस जातिमा बच्चा जन्मेको बाह्रौँ दिनमा बरही गर्ने पनि चलन छ । बरहीमा भोज खुलाउने चलन हुन्छ र यसै दिनमा बच्चाको नामकरण पनि गरिन्छ । बच्चा १ वर्ष पूरा भएपछि पाँच बर्षभित्र उसको कपाल काटिन्छ, जसलाई बार खौर्याइ गर्ने अथवा भ्वाज गर्ने भनिन्छ ।

**बिहेबारी**

थारु जातिमा पहिले मागी विवाह मात्रै हुन्थ्यो तर आजभोलि यो समुदायले पनि भागी बिहेलाई मान्यता दिँदै आएको छ । मागी बिहे गर्दा केटाकेटीलाई थाहा नदिइकन केटा पक्षले केटी र केटी पक्षले केटालाई खोज्ने चलन हुन्छ जसलाई बहरचक्क भनिन्छ । त्यसपछि केटा केटीलाई हेर्न उसको घरमा जाने चलन छ । केटीले लोहटामा पानी ल्याएर केटालाई दिन्छे । यसप्रकार केटाकेटीहरूको एकापसमा देखाभेट हुन्छ, जसलाई थारु संस्कारमा देखासुनी भनिन्छ । केटाकेटीको देखासुनी भैसकेपछि केटी पक्ष आफ्नो नातागोता सहित कुरा छिन्न केटाको घरमा जाने चलन छ । त्यो दिन केटाको घरमा भोज खुलाउने चलन छ र सोही दिन केटाकेटी दुवै पक्षले सुपो वा थालमा पान, सुपारी, दुबो र टका (पैसा) राखेर साटासाट गरेपछि बिहेको कुरा पक्कापक्की भएको मानिन्छ । कुनै कारणवश बिहे नभएको खण्डमा उक्त पान, सुपारी, दुबो र टकालाई फिर्ता गर्नुपर्ने हुँदा सो पान, सुपारी, दुबो र टका पछिसम्म राख्ने चलन छ । बिहेको छिनोफानो भैसकेपछि दुलाहा पक्ष दुलहीको घरमा गएर बिहे गर्ने गर्छन् । बिहे दुलहीको घरको आँगनमा जगिया बनाएर गर्ने गरिन्छ । बिहे प्राय राति गरिन्छ तर आजभोलि दिउँसो पनि बिहे गर्ने प्रचलन छ । बिहेमा

सुँगुर बुंगुर काटेर भोज खुवाउने चलन छ । थारु जातिमा जुवाइलाई दाइजो दिने चलन नभए पनि छोरीलाई अन्माउदा घर गृहस्थी चलाउनका लागि चाहिने जिन्सी सामग्रीहरु र नगद पैसा पनि दिने चलन छ । थारु जातिको बिहे गर्ने पुरोहित छुट्टै हुन्छ, जसलाई गुरुवा अथवा भर्रा पनि भनिन्छ ।

## मृत्यु संस्कार

थारु जातिहरुको मृत्यु संस्कार मधेसी र पहाडी समुदायसँग धेरै हदसम्म मिल्दोजुल्दो छ । यो जातिमा मान्छे मरेपछि प्राय लासलाई माटोमुनि गाड्ने चलन छ । पुरुषलाई घोप्टो पारेर अनि महिलालाई उत्तानो पारेर गाड्ने गरिन्छ तर आजभोलि केही थारुहरु लासलाई जलाउने पनि गर्ने गर्छन् । लासलाई अन्तिम दाह संस्कार गरेपछि धरमबेटी गएका सबै मलामीहरु कपाल काटेर खोलामा नुहाइधुवाइ गरी मात्रै चोखो भएर घर फर्किन्छन् । बाउ आमा मरेपछि जेठो छोराले १० दिनसम्म किरिया बस्ने गर्छन् ।

## सामाजिक परम्परा

थारु जाति अत्यन्तै सोझो, इमान्दार र अनुशासित जाति हो । गणराज्य कालमा थारु जातिहरुले आत्म निर्णयको अधिकार सहित शासन गर्दा थिए रे । सायद त्यसैको अवशेषको रुपमा अझै पनि थारु समुदायमा बरघर प्रथा यथावत् कायमै छ । थारुहरु माघीको दिनमा परिवारको सबै सदस्यहरु बसेर छफल र सल्लाह गरेर वर्षभरिको योजना बनाउने गर्दछन् । सोही सल्लाहको निर्णयबाट नै घरमा कसले के के काम गर्ने भनेर जिम्मेवारी लिने दिने काम गरिन्छ । त्यसैगरी सो दिनमा गाउँका सबै मानिस भेला भई

गाउँको मुखियालाई पनि चुनिन्छ, जसलाई थारु जातिको भाषामा बरघर भनिन्छ । यहि बरघरको निर्णय अनुसार नै गाउँमा सामाजिक न्याय निसाफ गर्ने गरिन्छ जुन प्रथालाई ठाउँ अनुसार कही मटावा, कतै भलमन्सा, कतै ककंडार र कतै माइन्जनको नामले चिनिन्छ । थारुहरु अझै पनि यस प्रथालाई मान्दै आएका छन् र यो प्रथालाई कानूनी मान्यता दिनुपर्छ भन्ने माग गर्दै आइरहेका छन् ।

## सांस्कृतिक पर्व

थारु जातिहरु माघ १ गतेको दिनलाई नयाँ वर्षको रुपमा मनाउने गर्दछन् र सो दिनलाई माघी पर्व भनिन्छ । माघी पर्व आउनु २/४ दिन अघिदेखि नै थारुहरु आफ्नो देवी देवताहरुको मन्दिर वा थानमा मेला लगाउने गर्दछन् । माघीको दिन थारुहरु खोलामा गएर नुहाइधुवाइ गरेर पूजाआजा गर्ने गर्छन् । सो दिन नुहाएपछि वर्षभरि गरेको पाप पखालिन्छ भन्ने विश्वास यो समुदायमा रही आएको छ । माघीको दिनमा नयाँ लुगा लगाउने मिठो मिठो परिकार आदि बनाएर खाने खुवाउने चलन छ । साथै उक्त दिन युवायुवती र बुढापाकाहरु समेत गाउँका सबै घरमा मघौटा, सखिया र हुर्दंगा नाच नाच्दै दक्षिणा माग्ने गर्दछन् । थारुहरुको हरेक गाउँमा भयांरथान हुन्छ, जहाँ पूजा गर्ने पूजारीलाई गरवा वा गुरुवा भन्ने गरिन्छ । हरेक शुभ कार्यमा गुरुवाहरु नभई हुन्न । त्यसैले यो समुदायमा गरवा अथवा गुरुवाको उच्च स्थान हुने गर्दछ । थारु जातिहरु दशैंमा आफ्नो कूलदेवताको पूजा गर्ने गर्दछन् । थारुहरु भगवती मैया, काली र गौरैयालाई आफ्नो कूलदेवता मान्छन् । चैत्र नवमीको दिनमा थारुहरुले मनौती मागे अनुसार (जिब्रो छेडेर) देवीलाई खुसी पार्ने चलन छ, जसलाई देशबन्धी गोदवा भन्ने गरिन्छ ।

## संस्कृति

आफ्नै धर्म, भाषा, संस्कार, संस्कृति र रीतिरिवाज भएको भूमिपुत्रको रूपमा पहिचान भएका थारु जातिहरु आदिम कालदेखि नै बसोबास गर्दै आएका हुँदा यिनीहरूलाई आदिवासी जनजातिको संज्ञा दिइएको हो । नेपालको रैथाने जातिको रूपमा चिनिने यो जातिको आफ्नै विशेष किसिमको मौलिकता र पहिचान रहेको छ । २०२० देखि ४० को दशकसम्म बाँके जिल्लामा जनसङ्ख्याको आधारमा थारु जातिको बाहुल्यता रहेको थियो र त्यतिबेलाको पञ्चायती व्यवस्थामा बाँके जिल्लालाई थारूको लोक संस्कृतिबाट चिनिन्थ्यो । भाषा र संस्कृतिमा धनी यो जाति परम्परागत रूपमा परापूर्व कालदेखि आफ्नै समाज र परिवेशमा रमाउने गर्दछ । पेसागत रूपले मुख्य खेतीपाती गर्ने, पशुपालन गर्ने, शिकार गर्ने र मनोरञ्जन गरेर जिउने यो जातिको आफ्नै विशेष किसिमको अस्तित्व र मौलिकता रहेको पाइन्छ । मतवाली जातिको रूपमा परिचित थारु समुदाय आफ्नो घरमा आउने पाहुनाहरूलाई आत्मीय रूपले सेवा सत्कार गर्न कहिल्यै पछि पर्दैनन् । घरमा विभिन्न परिकारहरूको खाना बनाएर पाहुनाहरूलाई स्वागत गर्ने यो जातिमा संस्कार नै बनेको छ । विभिन्न चाडपर्व र उत्सवहरूमा यो जातिमा फरक फरक किसिमका गीतहरु गाउने र नाचहरु नाचेर मनोरञ्जन गर्ने प्रचलन अझै पनि चलिआएको छ । विभिन्न परिवेशमा गाइने धेरै गीतहरु र धेरै नाचहरूमध्ये केही खास खास गीतहरु र नाचहरूको बारेमा तल चर्चा गरेको छु ।

## थारु समुदायमा गाइने गीतहरु

यो समुदायमा विशेष उत्सव र ऋतु अनुसार विभिन्न गीतहरु गाउने गरिन्छ, जुन गीतहरूलाई तल उल्लेख गरेको छु ।

*मघौटा र ढमार गीत*

माघ महिनाको १ गते यो समुदायको नयाँ वर्षको सुरुवात हुन्छ र यस दिन थारु जातिका युवायुवती लगायत बुढापाका समेत मघौटा गीत र ढमार गाएर नाच्ने गर्दछन् । मघौटा (सखिया) गीत लास्य शैलीमा माया पिरतीको गीत गाइन्छ भने ढमार गीत चाहिँ विरह बिछोडको गीत गाइन्छ ।

*हुर्दंगवा गीत*

यो गीत दशैंको बेलामा अथवा असोजको महिनामा गाउने गरिन्छ । दुईओटा टोली मिलेर यो गीत गाइन्छ । पहिलो टोलीले गीत उठान गरेपछि अर्को टोलीले त्यस गीतलाई दोहोऱ्याएर गाउने गर्छन् ।

*मांगर गीत*

विवाह उत्सवमा गाइने गीतलाई मांगर गीत भनिन्छ ।

*सजना गीत*

ग्रीष्म ऋतुमा गाइने गीतलाई सजना गीत भनिन्छ ।

*मैना गीत*

यो गीत शिशिर ऋतुमा गाइन्छ ।

*बारामासा र अस्टिम्किक गीतः*

कृष्णाष्टमीमा बारामासा र अस्टिम्किक गीत गाइन्छ ।

*बर्किमार गीत*

शरद् र हेमन्त ऋतुमा यो बर्किमार गीत गाउने गरिन्छ ।

*छोक्रा, महोटिया, झुम्रा र बैठक्कु गीत*

यी सबै गीतहरु यो समुदायमा गाइने प्रचलित लोक गीतहरु हुन्, जुन बाह्रैमास गाइने गरिन्छ ।

**थारु समुदायमा नाचिने नाचहरु**

थारु समुदायले आफ्नो विभिन्न चाडपर्व र उत्सवहरुमा पारम्पारिक लोक नाचहरु नाचेर मनोरञ्जन गर्ने गर्दछन् । तीमध्ये केही नाचहरुको बारेमा तल उल्लेख गरिएको छ ।

*झुम्रा नाच*

यो नाच थारु जातिको एउटा प्रचलित लोक नाच हो । यो नाच खासगरी दशैं, तिहारको बेलामा नाचिने गरिए तापनि अहिले अहिले आवश्यकता अनुसार सभा, सम्मेलन, मेला, महोत्सव र विशेष कार्यक्रमहरुमा पनि नाचिने गरिन्छ । यो नाचमा एकजना मादले, दुईजना नाच्ने महिला र एकजना जोकर रहेको हुन्छ । नाच्ने क्रममा महिला र पुरुषबिच आलोपालो गरेर गीत पनि गाइने गरिन्छ र यो नाच महिला महिला बिच र पुरुष पुरुष बिच पनि नाच्ने गरिन्छ । यो नाच विशेषगरी पश्चिमेली थारु दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरका थारु समुदायहरुमा नाच्ने गरिन्छ । यो नाचलाई ठाउँको भिन्नता अनुसार भुमरी, झुमरा, झुमर, घुमर र धुमराको नामले पनि चिनिन्छ ।

*सखिया नाच*

पश्चिमा थारुहरुमा सबैभन्दा बढी प्रचलनमा रहेको लोकप्रिय नाच हो सखिया । यो नाच कृष्ण जन्माष्टमीको दिनदेखि शुरु भएर दशैं तिहारसम्म नाच्ने गरिन्छ । सखिया नृत्यमा कृष्णलीला

सम्बन्धी गीतहरु गाइन्छ । यो नाच धार्मिक विधि र विश्वास अनुसार नाचिने नाच हो । केटा र केटी मिलेर यो नाच नाचिन्छ र नाच्ने क्रममा दुष्टात्माले कुनै भवितव्य नहोस भनेर एकजना गुरुबाको व्यवस्था गरिएको हुन्छ । त्यसैगरी गीत सिकाउने एकजना मुख्य गुरु (मोहिन्या) हुन्छन् र मुख्य गुरुले उठाएको गीतलाई अर्को पङ्क्तिबाट सिकाउने अर्को एकजना सहायक गुरु (पछ्गोहिया) हुन्छन् । नाचमा दुईजना मादले हुन्छन् । अगाडिको मादलेलाई अगुवा मदरिया र पछाडिको मादलेलाई पछुवा मदरिया भनिन्छ । यो नाचको अभ्यास गाउँको अगुवाको घरमा साँझको खाना खाइसकेपछि गरिन्छ । शुरुको दिनमा फर्सीको पात हातमा लिएर नाचिन्छ भने दोस्रो दिनदेखि हप्ता दिनदेखि पन्ध्र दिनसम्म सनपाटको फुर्का बनाएर नाचिन्छ । त्यसपछि सानोखाले मंजिरा (झाल) बजाउँदै नाच्ने गरिन्छ । सखिया नाचको बिच बिचमा मनोरञ्जनको लागि पैंया (पैधार) अनुसार नाच्ने गरिन्छ । सखिया नाच एकसाल नाचेपछि तीन साल या पाँच सालसम्म लगातार नाच्नुपर्ने हुन्छ ।

*लट्ठवा (ली) नाच*

यो नाच पनि थारु समुदायमा एकदमै प्रचलित सामुहिक लोक नाच हो । दुई वा चारजना मादले र कम्तिमा १२ जना भन्दा बढीको सङ्ख्यामा केटाकेटीहरुले दुबै हातमा एक एक ओटा ली लिएर मादलको तालमा अत्यन्तै फूर्ति र जोसका साथमा यो नाच नाच्ने गर्छन् । लट्ठवा नाच ताल प्रधान नाच हो । यसमा गीत गाइँदैन । नाच्ने कलाकारहरु केवल मादलको तालमा मात्रै नाच्ने गर्छन् । पहिले पहिले यो नाच केटाहरु मात्रै नाच्ने गर्थे भने आजकल यो नाच केटाकेटी मिलेर, केटाकेटा मात्रै वा केटीकेटी मात्रै पनि सुविधा अनुसार नाच्ने गरिन्छ । यो नाच पनि थारु

समुदायमा विशेषगरी दशैं र तिहारको बेलामा नाच्ने नचाउने गर्छन् तर आजभोलि आवश्यकता अनुसार जुनसुकै बेला पनि यो नाच नाच्ने गर्दछन् । लट्ठवा नाच नचाउँदा पनि नाच्ने कलाकारहरूलाई कुनै किसिमको अनिष्ट नहोस् भनी गुरुवा (मन्त्र जान्ने मान्छे) को व्यवस्था गरिएको हुन्छ । साथै नाच मण्डलीमा एकजना अगुवा र एकजना पछुवा अनिवार्य रूपमा राख्ने गरिन्छ । सखिया नाच जस्तै यो नाच पनि एकसाल नाचेपछि कम्तिमा पनि तीन सालसम्म नाच्नुपर्छ ।

*मुंग्रहवा नाच*

हातमा काठको मुंग्रा (ली) लिएर नाच्ने नाच भएको हुँदा यो नाचलाई मुंग्रहवा नाच भनिएको हो । यो नाच पनि थारु समुदायमा अति प्रचलित लोक नाच हो, जुन नाच मादलको तालमा मात्र नाचिन्छ । यो नाच दशैं आउनुभन्दा एक महिना अघिदेखि अभ्यास गर्दै नाचिने नाच हो । यो नाचमा दुईदेखि माथि जोडा सङ्ख्यामा मादलेहरु हुन्छन् र त्यसैगरी मुंग्रा लिएर नाच्नेहरु पनि दुईभन्दा माथि जोडा संख्यामा हुन्छन् । यो नाचमा नाच्ने टोलीहरूको भेषभूषा र अत्यन्तै आकर्षक हुन्छ । उनीहरूले पिठ्युँमा मयुरको प्वाँख, रङ्गीबिरङ्गी बुशर्ट वा कमिज, दुवै काखीमा रातो सप्की, टाउकोमा फुन्ना लगाइएको टोपी, नाडीमा फुन्ना लगाइएको कन्ठी, घाँटीमा फुन्ना लगाइएको गन्याला, कम्मरमा छोटोखाले धोती बाँधेर त्यसमाथि ठुलोखाले पेटीमा उनेको घुँघरु बाँधेका हुन्छन् र अनेक प्रकारका गहनाहरु पनि लगाएका हुन्छन् । यो नाच नचाउनुअघि गुरुवाले दुष्टात्मा तथा देवी देवतालाई यति वर्ष नाच नाच्ने भनेर बाचा कबोल गर्नुपर्छ । नाच कम्तिमा तीन साल वा पाँच सालसम्म नचाउनु पर्छ । सो वचन अनुसार हरेक बिजोडी

वर्षमा नाच नचाउनु पर्छ । कथम कदाचित यो क्रम टुट्यो भने मानिसहरूलाई भूत, पिसाच लाग्ने, दैवी प्रकोप पर्न सक्ने विश्वास यो समुदायमा रहेको हुन्छ । त्यसैले यो नाच नाच्नुअघि गुरूवाले नाच्ने टिमलाई मन्त्रले साजेको ल्वाङ र जल खान दिन्छन् । सो विधि नाच्ने कलाकारहरु माथि कुनै अनिष्ट नहोस् भनेर गरिन्छ ।

*हुर्दंगा नाच*

यो नाच अत्यन्तै फुर्तिलो र जोसिलो पाराको नाच हो । थारु समुदायमा अति लोकप्रिय मानिने यो नाच अत्यन्तै आकर्षक हुन्छ । यस नाचमा एकजना मादले, एकजना नाच्ने र एकजना हसाउने जोकरको मुख्य भूमिका हुन्छ । यस नाचमा दुई टोलीबिच आलोपालो गीत गाइन्छ । एउटा टोलीले गीत उठान गर्छ र अर्को टोलीले त्यस गीतलाई दोहोर्‍याएर गाउने गर्छन् । भगवान् रामले रावणमाथि विजय प्राप्त गरेको खुसियालीमा भगवान् रामको चरित्र गाथालाई वर्णन गरिएको गीतमा विभिन्न हावभाव सहित सचित्र वर्णन गरेर यो नाच नाचिने गरिन्छ । नाच्ने कलाकार गीत र मादलको तालमा उफ्री उफ्री बडो फुर्तिलो पारामा नाच्ने गर्दछ ।

*मघौटा (माघी) नाच*

थारु समुदायको सबैभन्दा ठुलो पर्व माघी पर्व जुन माघ महिनाको १ गते अथवा मकर संक्रान्तिको दिन पर्दछ । यसै दिनदेखि थारु समुदायको नयाँ वर्षको शुभारम्भ हुन्छ र यसै पर्वमा केटाकेटीहरूले मिलेर संयुक्त रूपमा नाचिने नाचलाई मघौटा अथवा माघी नाच भनिन्छ । एकजना मादले र दुईजना केटीहरु नाचिने यो नाचमा केटा र केटीको दुई टोलीबिच माया प्रीतिको संवाद सहितको दोहोरी गीत चल्छ । मघौटा नाच प्राय केटाकेटीहरु

आफ्नो पारम्पारिक भेषभूषामा नाच्ने गाउने गर्दछन् र यो नाच दिउँसोको समयमा र साँझको समयमा नाच्ने गरिन्छ । यो नाच शुरुमा गाउँको बरघरिया (बडघर) बाट शुरु गरिन्छ र अन्त्यसम्म गाउँका सबै किसानको घर घरमा नाच्ने चलन छ । सबैको घर घरमा गएर नाचे बापत नाच टोलीलाई सबैले आफ्नो गक्ष्यानुसार चामल, खानेकुरा र दक्षिणा समेत दिने गरिन्छ । माघीमा यो मघौटा नाच नाच्न युवायुवतीहरु लगायत बुढापाकाहरु समेत आ-आफ्नो अलग अलग नाच टोली बनाएर माघी नाच नाच्ने गर्दछन् ।

*बड्का नाच*

थारु समुदायमा ऐतिहासिक महत्व राखेको बड्का नाच अहिले लोप हुने अवस्थामा आइपुगेको छ । यो नाच दशैंको बेलामा नाच्ने गर्दछन् । बड्का नाच थारु महाभारतको कथामा आधारित भएको हुँदा यो नाचमा पाँच पाण्डव, द्रौपदी र कौरवहरुको वर्णन गरिएको हुन्छ । नामजस्तै यो नाचमा सयजना भन्दा बढी कलाकारहरु नाच्ने गर्दछन् र नाचमा कम्तिमा दुई र बढीमा चारजना मादलेहरु अनिवार्य हुनुपर्छ । अगुवा मादले, पछुवा मादले र अन्य सहायक मादलेहरुको मादलको तालमा यो नाच नाच्ने गरिन्छ । यस नाचमा नर्तकहरु सबै केटाहरु मात्रै हुन्छन् तर केटाहरु मध्येबाटै केहीलाई महिलाको पहिरन लगाइदिएर केटी बनाएर नचाइन्छ । जसलाई द्रौपदीको रुपमा लिइन्छ र यिनै द्रौपदी बनेका कलाकारहरु बढी जोखिममा पर्न सक्ने सम्भावना रहन्छ किनभने खराब दुष्टात्मा र भूत, पिसाच बनेका कौरवहरुले यी द्रौपदीहरुलाई आक्रमण गर्ने प्रयास गर्न सक्छन् र त्यस क्रममा उनीहरुलाई चोटपटक लाग्न सक्ने हुनाले नाच्नु अगाडि गुरुवा र सहायक गुरुवाले सबै नाच्ने

नर्तकहरूलाई मन्त्र जपेर बाँधेको हुन्छ जसको कारण नर्तकहरूलाई नाच्दा हुने अनिष्टबाट जोगाउँछ भन्ने विश्वास यो समुदायमा रहेको छ । यो नाच नाच्दा, नाच्ने ठाउँको अगाडि बाँसको लामो खम्बा गाडिएको हुन्छ र त्यस बाँसको टुप्पोमा लोहटा बाँधेर राखेको हुन्छ । एकातिर नाच शुरु भैराखेको हुन्छ भने अर्कोतिर गुरूवा र सहायक गुरूवाहरूले गाउँका लालाबाला र बुढापाकाहरु जसलाई विभिन्न रोग–भोग लागेको, भूत–पिसाचले सताएको, कम्मर–पेट दुखेको, मृगी भएको र ज्वरो आएको जस्ता बिरामीहरूलाई झारफुक गर्ने काम पनि चलिराखेको हुन्छ । यो बड्का नाचको विशेषता हो । धेरै कलाकारहरूको आवश्यकता, नाच्ने ठाउँको व्यवस्था, बढी आर्थिक भार पर्ने तथा तन्त्र मन्त्र गर्न जान्ने गुरूवाको व्यवस्था गर्न गाह्रो हुने भएको कारणले पनि यो नाच नचाउन जो कोहिले सजिलै हिम्मत गर्न सक्तैनन् । त्यसैले पनि यो नाच बिस्तारै लोप हुने अवस्थामा छ ।

*कठघोरी नाच*

थारु समुदायमा विचित्र नाचको रूपमा पहिचान बनाएको नाच कठघोरी नाच हो जसमा नाच्ने नर्तकहरूले बाँसको घोडा आकार बनाई त्यसलाई आफ्नो काँधमा भिरेर मादलको तालमा नाच्ने गर्छन् । यो नाच पनि केटाहरु मात्रै नाच्ने गर्दछन् । नाच नाच्नुअघि गुरूवाले विभिन्न थरिका पूजापाठ गरी देवी देवतालाई बलि चढाएपछि मात्रै यो नाच नाच्न शुरु गरिन्छ । यो नाचको टोलीमा २ वा ४ जना मादले र ६ या ८ जना नर्तकहरु हुन्छन् । यस नाचमा पनि दुईओटा जोकर (हाँस्य कलाकार) हुन्छन्, जसलाई ढकरवा र ढकेरनिया भनिन्छ । नाच्ने नर्तकहरु र बजाउने मादलेहरूलाई नाच्दा कुनै किसिमको अनिष्ट नहोस् भनेर

नाच टोली जता जता जान्छन्, गुरुवा पनि त्यतै त्यतै जानुपर्छ । यो नाच पनि मादलको तालमा मात्रै नाचिने नाच हो र यस नाचको उद्‌भव दक्षिण भारतको मद्रासको तन्जोर जिल्ला रहेको भनाइ यस थारु समुदायमा व्याप्त छ । यो नाच पनि दशैंको सेरोफेरोमा नाचिने नाच हो तर आजभोलि यो नाच पनि आवश्यकता अनुसार जुनसुकै बेला र अवसरमा नचाइने गरिन्छ । यो नाच पनि बढी खर्चिलो भएको हुँदा आजभोलि यो नाच नाच्न र नचाउन पहिलाभन्दा धेरै हदसम्म कम भैसकेको कुरा खजुराका थारु समुदाय बताउने गर्छन् ।

**थारु जातिको खानपिन**

परापूर्व कालदेखि नै थारु जातिहरु खानपिनमा धेरै नै उदार र मिठौरे जाति हुन् । यो जातिको भाषामा बिहानको नास्तालाई कल्वा, दिउँसोको खानालाई मिन्ही र साँझको खानालाई बेरी भनिन्छ । थारु जातिले आफ्नो धार्मिक, सांस्कृतिक चाडपर्वहरु र पूजापाठहरुमा विभिन्न किसिमका खानाका परिकारहरु बनाएर खाने खुवाउने गर्दछन् । माछा, मासुका परिकारबिना यो जातिको खाना अधुरो रहन्छ । जल जीवमा यो जाति माछा, घोंगी र सिप्पी अति मन पराउँछन् । यसैगरी सुँगुर-बंगुर, खसी-बाख्रा, हाँस-कुखुरा र मुसा यो जातिको पूजाआजा, बिहे भोज, चाडपर्वमा नभई हुँदैन । अन्दी चामलको भात यिनीहरुको मुख्य भोजन हो । चामलको पिठोलाई मुछेर च्याप्टो, लाम्चो आकारको परिकार बनाएर उम्लिएको पानीको बाफबाट पकाएर बनाको ढिकरी थारु जातिको प्रचलित खानाको परिकार हो जुन परिकार विशेष दिनहरुमा मात्रै बनाइन्छ ।

## कला/सिप

थारु जातिहरु आदिकालदेखि नै कला र सिपमा निपूण थिए । उनीहरु आफ्नो घरमा दैनिक कामकाजको लागि चाहिने सामाग्रीहरु आफै बनाउने गर्छन् । उनीहरु आफ्नो घरको भित्तामा विभिन्न देवी देवताका चित्रहरु कोरेर घर रङ्गीचङ्गी गराउन मन पराउँछन् । त्यसैगरी उनीहरु जोत्ने काठको हलो र जुवा आफै बनाउँछन् भने घरको लागि चाहिने भौका (बाकस), मचिया, खरिया, खटौली, डोकनी, बेना, ढकिया, छिटनी, भौवा, लसुरी, बदिया र कठखलो पनि आफै बनाउने गर्छन् । माछा मार्ने बटाव, माछा राख्ने डिलिया, माछा मार्ने जाल (स्यउखा) आदि सबै आफै बनाउने गर्छन् ।

## मेला महोत्सव

थारु जातिले माघी पर्वमा विभिन्न ठाउँहरुमा मेला लगाउने गर्दछन् । बाँके, राप्तीसोनारी गाउँपालिकाको बिनौना भुवरभवानी मेला, बर्दियाको ठाकुरद्वाराको मेला र दाङको रिहार मेला यस क्षेत्रकै प्रसिद्ध मेलाहरु हुन् । त्यसैगरी कार्तिक पूर्णिमाको दिन थारु जातिकै पूजारी गुरुवाको नामले बसेको बस्ती गुरुवागाउँ जुन हाल खजुरा गाउँपालिकासँग जोडिएको छ, त्यहाँ ३ दिनको भव्य मेला लगाइन्छ ।

## प्रारम्भिक चरण (२०२२ देखि २०४६ सम्मको कालखण्ड)

## पहाडी समुदायको परिचय

पहाडी समुदाय भन्नाले पहाडबाट आएका मानिसहरुको समूह हो । जो विभिन्न जाति तथा जनजातिहरुका रुपमा रहेका छन् । यी जात जातिका आफ्नै जातीय मातृभाषा, परम्परागत भेषभूषा,

आफ्नै मौलिक संस्कृति रहेको हुन्छ र जुन समुदायको सम्पर्क भाषा चाहिँ सबैको नेपाली भाषा नै रहेको हुन्छ ।

## पहाडी समुदायको बसोबास

विं.सं. २०२२ सालमा जब तत्कालीन श्री ५ को सरकारले कोशे झाडीको रूपमा रहेको यो भू-भागमा व्यवस्थित बस्ती बसाउने योजना बनाएपछि पुनर्वास कम्पनीलाई उक्त बस्ती बसाउने जिम्मा दिएको हुँदा पुनर्वास कम्पनीले नयाँ बस्ती बसाउन सार्वजनिक सूचना प्रकाशित गरेपछि त्यतिबेला तत्कालीन भेरी अञ्चलका सुर्खेत, दैलेख र जाजरकोट जिल्ला अनि राप्ती अञ्चलको रूकुम, सल्यान, प्युठान लगायत फाटफुट रूपमा नेपालका विभिन्न पहाडी जिल्लाहरूबाट आएका पहाडी मूलका नागरिकहरूलाई निशुल्क रूपमा जग्गा वितरण गरी व्यवस्थित बस्तीहरु बसाउने काम भयो र यिनै बस्तीहरु खजुरा बस्तीको नामले परिचित भयो । खजुराको बस्ती बसिसकेपछि खजुराको पूर्वी, पश्चिमी, उत्तरी र दक्षिणी सिमानामा रहेका खाली भूभागहरूमा २०२४ सालमा भू.पू. सैनिक गाउँ, २०२८ सालमा जलपोखरी गाउँको बस्ती बसेको देखिन्छ । त्यसैगरी २०३२/३३ देखि यता मनकामनापुर, धौलागिरी, सिन्दुरी, नयाँ गुराँसपुर र पछिल्लो २०७० को दशक यता पुरैना गिजरा बस्तीको बिस्तार भएको देखिन्छ । पहाडी मूलका मानिसहरु आएर नयाँ बस्तीहरु बस्दै गएपछि खजुराको दोस्रो चरणकालको सांस्कृतिक इतिहासको शुरूवात भएको मान्न सकिन्छ ।

## जात / जातिः

खजुरामा रहेका पहाडी समुदायमा धेरै जात/जातिहरु छन् । अन्य समूहमा ब्राह्मण, क्षेत्री र ठकुरी जाति छन् । जनजाति

समूहमा मगर, गुरूङ, नेवार, तामाङ र राई जाति छन् भने दलित समूहमा कामी, दमाई र वादी जातिहरू बस्छन् । यी सबै जात जातिको साझा फुलबारीको रूपमा रहेको छ खजुराको पहाडी समुदाय ।

## शारीरिक बनौट/स्वभाव

खजुराको पहाडी समुदायका मानिसहरू प्राय होचा डिलका, हृष्टपुष्ट, गहुँगोरो वर्णका, सोझा, इमान्दार र मिहेनती स्वभावका हुन्छन् ।

## भेषभूषा

खजुराको पहाडी समुदायमा रहेका विभिन्न जातजातिहरूको पारम्पारिक भेषभूषा जातै पिच्छे फरक–फरक हुनेहुँदा यी सबै जातजातिका पारम्पारिक पहिचानको भेषभूषा र अहिलेको चलनचल्तीको भेषभूषाको बारेमा चर्चा गर्नु जरूरी हुन्छ । ब्राह्मण क्षेत्रीका पुरूषहरू दौरा, सुरूवाल, आस्कोट कम्मरमा पटुका र टोपी लाउँछन् भने महिलाहरू चाहिँ धोती चोली कम्मरमा पटुकी र टाउकोमा सेतो साफो बाँध्ने गर्छन् । मगर र गुरूङ समुदायको पोसाकमा धेरै हदसम्म एकरूपता पाइन्छ । यो समुदायका पुरूषहरू माथि भोटो र इस्टकोट, कम्मरमुनि कछाड, गलबन्दी र भरकली लगाउँछन् अनि माथि गादो (भाङ्ग्रा) लाउने गर्छन् । त्यसैगरी महिलाहरू छिटको गुन्यू, चौबन्दी चोली, घलेक, कम्मरमा पटुकी, पछाडि पुठामा खुर्पेटो र हँसिया, निधारमा रातो टिका लाउने गर्छन् । मगर महिलाहरू पहेंलो रङको पोते र पहेंलै रङको पटुकी लाउँछन् भने गुरूङ महिलाहरू निलो/हरियो रङको पोते र निलै रङको पटुकी बाँध्ने गर्छन् । मगर र गुरूङ जातिको पोसाकमा यति नै फरक हुन्छ ।

### भाषा

पहाडी समुदायमा रहेको जनजाति समूहभित्र रहेका मगर, गुरूङ, नेवार, राई र तामाङ जातिहरूको पहिले आफ्नै मातृभाषा बोल्ने गर्दथे तर उक्त भाषाहरूलाई पुस्ता हस्तान्तरण गर्न नसक्दा ती जनजातिहरूमा केही अपवाद बाहेक सबैजसो अहिले नेपाली भाषा नै सम्पर्क भाषाको रूपमा बोल्ने गरेको पाइन्छ । त्यसैगरी ब्राम्हण, क्षेत्री, ठकुरी, कामी र दमाई जातिहरु सबै खस नेपाली भाषा नै बोल्ने गर्दछन् ।

### धर्म

पहाडी समुदायमा तीन ओटा धार्मिक सम्प्रदायहरु छन् । पहिलो सम्प्रदाय सनातनी हिन्दु धर्मावलम्बी हुन् भने दोस्रो सम्प्रदाय बौद्ध धर्मावलम्बी अथवा बौद्ध मार्गी हुन् र तेस्रो सम्प्रदायमा इसाई धर्मावलम्बीहरु रहेको यस खजुराको पहाडी समुदाय बहुधर्म मान्ने समुदायको साझा थलो भएको कुरा प्रमाणित हुन्छ । २०४६ सालले यो देशमा ल्याएको राजनैतिक र राज्य व्यवस्था परिवर्तनपछि जनजातिहरूले आफ्नो धर्म र इष्टदेव बौद्ध हुन् भनेर भन्न रून्चाए पनि व्यवहारमा उनीहरु अझै पनि हिन्दु धर्म र परम्परालाई मान्दै आएको देखिन्छ । त्यसैगरी २०४६ अघि फाटफुट रूपमा देखिने इसाई धर्मवालम्बीहरूको जमात पनि २०४६ पछिको परिवर्तनपछि एक्कासी बढेको देखिन्छ । प्राय जनजाति र दलित जातिहरु यो धर्मप्रति आकर्षित भएको र यो धर्मको अनुयायी भएको तथ्यले देखाउँदछ । बहुधर्म र बहु जातजाति भएको यो पहाडी समुदायमा धार्मिक सहिष्णुता र सामाजिक सद्भाव सधैँ कायम रहँदै आएको छ ।

**धार्मिक चाडपर्वः**

खजुराका पहाडी समुदायका हिन्दुहरूले मान्दै आएका सबैभन्दा ठुलो पर्व बडा दशैं, तिहार, मकर संक्रान्ति, फागु पूर्णिमा र चैत्र अष्टमी र नवमी हुन् । बडा दशैंमा नव दुर्गा भवानीहरूको पूजा अर्चना गरी ठुला बडाले सानालाई चामलको टिकासँगै गहुँ मकैको जमरा, दुबो र पाती लगाई आशीर्वाद दिने चलन छ । दशैं दश दिनसम्म मनाइन्छ भने तिहारमा चाहिँ धनधान्यकी देवी लक्ष्मी माताको पूजा अर्चना गर्ने चलन छ । तिहार पाँच दिनसम्म मनाइन्छ । पहिलो दिन कागको पूजा, दोस्रो दिन कुकुरको पूजा, तेस्रो दिन गाई (लक्ष्मी) को पूजा र चौथो दिन गोरु पूजा गरेपछि पाँचौं दिन दिदीबहिनीहरूले दाजुभाइहरूको स्वास्थ्य र दीर्घायुको कामना गर्दै दाजुभाइहरूलाई पूजा गरी चामलको पिठोको टिकामाथि सप्तरङ्गी रङको टिका लाउने र मखमली, सयपत्री र हजारी फूलको माला लाइदिने चलन छ । त्यसैगरी खजुराका गुरूङ समुदायहरूले पुर्खौंदेखि मान्दै आएको पुष १५ लाई नयाँ वर्ष (ल्होसार) पर्वको रूपमा मान्ने गर्छन् भने मगर समुदायहरु माघ १ को माघे संक्रान्तीलाई आफ्नो सबैभन्दा ठुलो चाडको रूपमा मान्ने गर्दछन् । माघे संक्रान्तिमा मगरहरु बिहानै उठी खोला, पानी पँधेरोमा गएर नुहाइधुवाइ गरी पितृपूजा (डी डाके) गर्ने गर्छन् । पितृपूजा गर्दा मास, चामल, बेसार, अदुवा र फलफूल चढाएर पूजा गर्ने गर्छन् र सो दिन आफ्ना सबै इष्ट कुटुम्ब र चेलीबेटीहरूलाई बोलाएर टिका लाइदिने र खान खुवाउने चलन छ । विभिन्न जिल्लाहरूबाट बसाइँसराइ गरी आएका खजुराका नेवार समुदायहरूले आफ्नो पुर्खाहरूले मान्दै आएका धेरै परम्परागत चाडपर्वहरु मनाउन छाडिसके पनि खास खास चाडपर्वहरु जस्तै बैशाखी पूर्णिमा, म्हपूजा (नयाँ वर्ष नेपाल सम्वत्), तिहार, यःमरी पुन्हिलाई मनाउँदै

आएको पाइन्छ । खजुरामा रहेको अर्को जनजाति तामाङ र राई जातिहरु पनि आ–आफ्नै परम्परागत चाडपर्वहरु मान्दै आएका छन् । तामाङ जातिहरु माघ महिनामा पर्ने ल्होछार पर्वलाई नयाँ वर्षको रुपमा मान्ने गर्छन् भने राई जातिहरुको सबैभन्दा ठुलो पर्व साकेला भए तापनि खजुराको २ नं. वडाको गौघाटको राई टोलमा बस्ने राईहरु प्राय हिन्दु चाडपर्वहरु नै मनाउँदै आएका छन् ।

## कला संस्कृति

खजुराको पहाडी समुदायमा कला र संस्कृतिको विकास क्रमको शुरुवात २०३० सालदेखि भएको अनुमान गरिएको छ । २०२२/२४ तिर पुनर्वास बस्तीको बसाइँ शुरु भएपछि लगभग २/४ वर्ष जति त आ–आफ्नो प्लटको चारकोसे झाडी फडानी गर्न नै लागेको थियो भने त्यसपछिको २/४ वर्षको समयमा सबै बस्तीको सडकको संरचना बनाउन, स्कूल भवन र त्यसको जग्गाको झाडी फडानी गर्न, आ–आफ्नो कूल देवताको थान, मन्दिर आदिको संरचना बनाउँदा बनाउँदै लगभग एक दशकको समय खजुरामा स्थापित हुन लागेको कुरा हाम्रा बुज्रुगहरु बताउने गर्छन् । यसरी खजुरामा क्रमिक रुपले बस्ती बसाइँ व्यवस्थित भैसकेपछि सम्भवतः २०३० बाट खजुराका केही गाउँहरुमा विशेषगरी दशैं तिहारका बेला स्कूल भवनको प्राङ्गणमा धार्मिक नाटकहरु र सांस्कृतिक कार्यक्रमहरु हुन थालेको यहाँका बुढापाकाहरु बताउँछन् । प्रायजसो सबै पहाडी गाउँमा बसोबास गर्ने विभिन्न जातजाति र समुदायले आफूले परम्परागत रुपमा मान्दै आएका आफ्ना मौलिक संस्कार र संस्कृतिहरुलाई मान्दै र मनाउँदै आए तापनि विशेषगरी मनोरञ्जन गर्ने गराउने नाचगान र ड्रामा आदिलाई सङ्गठित र सामूहिक रुपले सार्वजनिक स्थलमा मनाउने कार्य कहिले, कहाँ, कसले र

कसरी शुरुवात गरे भन्ने विषयमा चर्चा गर्दा गाउँ बस्तीको क्रमानुसार चर्चा गर्न उपयुक्त ठानी तपसिलमा चर्चा गर्ने प्रयास गरेको छु : -

**जलपोखरी गाउँको सांस्कृतिक गतिविधिः**

वि.सं. २०३० को दशकमा यस गाउँमा रहेको श्री तिर्खा प्राथमिक पाठशालाका प्रधानाध्यापक श्री डम्बर सिंह बस्नेतज्यूले सर्वप्रथम बडा दशैंको बेलामा करिब एक महिनाको तयारी अभ्यासपछि पहिलो पटक सङ्गठित र सामूहिक रुपले सार्वजनिक स्थलमा धार्मिक नाटक र विविध सांस्कृतिक कार्यक्रमको आयोजना गर्नु भएको थियो । त्यसैले खजुरामा सांस्कृतिक कार्यक्रमको उद्भव जलपोखरी गाउँबाट नै भएको अनुमान गरिएको छ । जलपोखरी स्कूलका संस्थापक प्र.अ. एवम् हामी सबैका श्रद्धेय गुरु स्व. श्री डम्बर सिंह बस्नेतज्यू जो स्वयम् एक कलाकार र कलापारखी थिए, उनले नै सर्वप्रथम बडा दशैंमा आफैले धार्मिक नाटक लेखेर गाउँका केटाकेटी लगायत जवान एवम् बुढापाकाहरूलाई साथमा लिएर नाटक मञ्चन गराउन शुरु गरे ।

हरेक दशैं र तिहारको अवसरमा रामायणका विभिन्न काण्डहरु, महाभारतका कौरव पाण्डवका युद्ध तथा कृष्ण चरित्र त्यसैगरी प्रह्लाद र हिरण्य कश्यप, होलिका दहन जस्ता धार्मिक नाटकहरु मञ्चन गराइन्थ्यो । त्यति बेलाका रेडियो नेपालमा गाइने नेपाली लोकगीत तथा गाउँ घरमा गाइने लोक भाकाहरु गाएर मादल, हार्मोनियम, मुरली बजाएर नाचगान गरेर रमाइलो गर्ने गरिन्थ्यो । स्व. गुरु डम्बरसिंह बस्नेतज्यूले शुरुवात गर्नु भएको त्यो सांस्कृतिक कार्यक्रम निरन्तर रुपमा अगाडि बढ्दै गयो । त्यति बेलाका हामीभन्दा अग्रज कलाकारहरु स्व. चक्रवीर रानाले आफै गीत

लेख्नु हुन्थ्यो र गाउनु हुन्थ्यो । कोमल बानियाँ बर्माबाट नेपाल आउनु भएको हुँदा बर्मामा गाइने थुप्रै नेपाली गीतहरूको सङ्कलन थियो, जुन गीतहरु गाउने गर्नु हुन्थ्यो र दिप्ती थापाले चाहिँ रेडियोका गीतहरु गाउनु हुन्थ्यो । त्यसैगरी मोहन थापा र रामु राना चाहिँ नाच्ने गर्नु हुन्थ्यो । मलाई अझै पनि सम्झना छ । म सायद त्यतिबेला २ या ३ मा पढ्दै थिएँ, नाचगान र खेलकूद भनेपछि म हुरूक्कै हुन्थैँ । किशोरावस्थाको त्यो क्षण अझै पनि मेरो मानसपटलमा ताजै छ । म लगायत मेरा दौँतरे साथीहरु द्रोण थापा, निनबहादुर गुरूङ, टिकाराम थापा, गगनसिंह आले, मनबहादुर हुन्चिङ राना, दिपक थापा, बालु थापा, स्व. नरबहादुर गुरूङ, रूपमाया गौतम, तुलसा थापा, मोतिकला थापा, लीला थापा, स्व. ज्ञाना थापा, मीना बानियाँ र ललिता रानाहरु हामी कहिले तीज आउला र सारङ्गी हात नाचौंला, अनि कहिले दशैं आउला र हामी ड्रामा गरेर नाचगान गरौंला, अनि कहिले तिहार आउला र हामी तिहारमा देउसी भैलोको तयारी गरौंला भनेर हामी आतुर भैरहेका हुन्थ्यौं ।

२०३५ सालदेखि मैले आफ्नै नेतृत्वमा हरेक वर्षको दशैंको सप्तमी, अष्टमीमा वा नवमीको राति हामीले भव्य रूपले नाटक र विविध सांस्कृतिक कार्यक्रमहरु गरेर मनाउन थाल्यौं । हाम्रो कार्यक्रम हेर्न त्यतिबेला उत्तरी बेल्ट बाँकेको चिसापानीदेखि, पश्चिमी बेल्ट बर्दियाको शान्तिपुर, सितापुर जमुनी र डाँफे गाउँबाट अनि नेपालगञ्जको धम्बोझीबाट समेत मान्छेहरु आउने गर्थे । २०३७/३८ सालमा हामीले 'सिर्जना क्लब' भनेर एउटा क्लब खोल्यौं र त्यसैको नामबाट हामीले बाँके जिल्लामै पहिलो पटक गायन, नृत्य र अभिनय विधाको लाईभ खुला प्रतियोगिताको शुरूवात गऱ्यौं । एकैपटक ३/३ ओटा विधाको प्रतियोगिताको

आयोजना र व्यवस्थापन गर्न गाह्रो भएको अनुभव गरी दोस्रो वर्षदेखि नृत्य र गायन विधामा मात्रै प्रतियोगिता गर्न शुरु गर्‍यौं र २०४५ सालसम्म नियमित रुपले उक्त कार्यक्रम सञ्चालनमा रह्‍यो । २०४५ सालमा गुरु डम्बर सिंह बस्नेतज्यूको स्वर्गारोहणपछि २०४६ सालदेखि २०५३ सालसम्म डम्बर स्मृति सामूहिक लोक नृत्य प्रतियोगिता सञ्चालन गरियो । समूहलाई सहभागी हुन सहज होस् भन्ने हेतुले उक्त प्रतियोगिता नेपाली चलचित्रका गीतहरु वा रेडियो नेपालका लोक गीतहरुको रेकर्डिङ गीतहरुमा प्रतियोगिता गर्ने गराइन्थ्यो । उक्त प्रतियोगिता नियमित रुपमा आठौँ संस्करणसम्म सञ्चालन गरेपछि माओवादीको जनयुद्ध २०५३ पछि चरम उत्कर्षमा पुगेको र गाउँ घरमा सबैतिर यस्ता मनोरञ्जनात्मक कार्यक्रम गर्ने गराउने वातावरण सहज नहुने हुँदा उक्त शृङ्खला टुट्न गयो । त्यसैगरी गाउँ घरमा अषाढ सावनमा वर्षायाम शुरु हुनासाथ असारे गीत गाउँदै धान रोप्ने, मैझार मनाउने जस्ता परम्परालाई मान्दै आएका यहाँका महिलाहरुले आ–आफ्नो टोलको समूह बनाई तीज आउनु एक महिना अघिदेखि नै तीजका भाकाका गीतहरु गाउँदै नाच्ने गर्थे ।

दिनभरि खेतमा धान मकै गोड्ने अनि साँझको खाना खाइवरी पालैपालो सबैको घरमा जम्मा भएर तीजको गीत गाएर नाचेर रमाइलो गर्ने त्यतिबेलाको चलन थियो । अनि गाउँका केटाहरु चाहिँ सोही समयमा सारङ्गी नाचको अभ्यास गर्ने गर्थे, जुन नाचको गुरु बेलबहादुर राना र मादले गुरुहरु लिलबहादुर राना र मनबहादुर हुन्चिङ राना थिए । तीजको दिन जलपोखरी स्कूलको प्राङ्गणमा दिउँसो भलिबल खेलको प्रतियोगिता र सारङ्गी नाचको प्रदर्शन गरिन्थ्यो भने त्यसपछि महिलाहरु तीजको नाचगान गर्ने गर्थे । त्यतिबेला गाउँमा कसैको घरमा सत्यनारायणको पूजा,

छैंटी, न्वारन, विवाह आदि भएपछि जवान केटाकेटीहरु झ्याउरे भाकाको गीत गाएर झ्याउरे नाच नाच्ने गर्थे भने बुढापाकाहरु ठाडो भाकाका गीतहरु गाएर नाच्ने गर्थे । त्यसैगरी अलि हुनेखानेको घरमा मारुनी र सोरठी नाचहरु पनि नचाउने गर्थे ।

त्यतिबेला छिमेकी गाउँ हाल जानकी १ छोटीपुर गाउँका स्व. दान बहादुर आले मारुनी र सोरठी नाचका मुख्य गुरु हुने गर्थे र उनकै नेतृत्वमा छोटीपुरका मारुनी गायकहरु स्व. लाल बहादुर थापा, स्व. मन बहादुर थापा र जलपोखरीका मारुनी गायकहरु स्व. कमानसिंह आले, स्व. भक्तवीर थापा, स्व. दिलबहादुर राना, स्व. धनबहादुर आलेहरुले मारुनी र सोरठीका गीतहरु गाउने गर्थे भने मादल बजाएर नाच्ने मादलेमा छोटीपुरका स्व. रामसिंह आले, स्व. चन्द्रबहादुर आले, स्व. नरबहादुर आले, स्व. नरसिंह आलेहरुका साथमा जलपोखरीका मादलेहरुका गुरु स्व. छबिलाल थापा, स्व. भक्तबहादुर थापा, स्व. लिलबहादुर हिस्की राना, स्व. खड्कबहादुर थापाहरु पालैपालो मादल बजाएर मारुनी नाच्ने गर्थे । त्यसैगरी मारुनी र सोरठी नाच्ने मुख्य कलाकारमा छोटीपुरका श्री गगनसिंह आले, श्री प्रेमबहादुर थापा र श्री बलबहादुर आले हुन्थे र उनीहरु पछि जलपोखरीका श्री चर्ती कालु माइला, स्व. गणेश राना र सैनिक बहादुरपुरका श्री गुमानसिंह आले पनि त्यतिबेलाका मारुनी नाच्ने कलाकार हुने गर्थे । यी मारुनीहरुका बीचमा पुर्सुंगे भएर नाच्ने स्व. गंगा बहादुर राना र स्व. इन्द्रबहादुर आलेको पनि स्वर्गबास भैसकेको छ । यो गाउँमा २०३० देखि २०४० को दशकसम्म मारुनी र सोरठी नाच खुबै नाच्ने गरियो तर पछि गएर यो नाचहरु बिस्तारै हराउँदै गयो । यो नाच हराउनुमा २/३ वटा कारणहरु छन् । ती कारणहरु मध्ये पहिलो कारण हो मारुनी सोरठी नाच नचाउँदा धेरै कलाकारहरुको कारणले गर्दा बढी खर्च

हुने र झन्झटिलो हुने भएकोले यो नाचहरु नाच्न नचाउँन कमी हुँदै जानु, दोस्रो कारण यो नाच नाच्ने गाउने गुरुबाहरुले यसलाई नयाँ पुस्तामा हस्तान्तरण गर्न नसक्नु र तेस्रो महत्वपूर्ण कारण के हो भने २०४० को दशकसम्म आइपुग्दा समाजमा आधुनिक गीत संगीतप्रति लगाव र नेपाली चलचित्र तथा भारतीय चलचित्रको प्रभाव परिसकेको हुँदा आफैले गाएर बजाएर कार्यक्रम गर्नुभन्दा डिस्क प्लेयर, क्यासेट प्लेयर बजाएर नाच्न गाउन सजिलो हुने प्रविधिको विकासले पुराना गीत सङ्गीतलाई मात्रै नभई पुराना मौलिक नाचहरुलाई समेत विस्थापित गर्दै गयो । त्यही समयमा देशमा तत्कालीन व्यवस्था विरुद्ध चर्किएको राजनैतिक गतिविधिको कारणले पनि मौलिक गीत सङ्गीतभन्दा फरक सामन्त विरोधी तथा जनताका गीत र नाटकहरुको शुरुवात भयो र पुराना मौलिक नाचहरु बिस्तारै लोप हुँदै गए र अहिलेको अवस्थासम्म आइपुग्दा सोरठी, मारुनी र नचरी जस्ता नाचहरु नाच्ने, गाउने र बजाउने गुरुहरुकै अभावमा यी नाचहरु ओझेलमा पर्दै गएको यथार्थ हो । २०३० सालमा जलपोखरी गाउँबाट शुरु भएको सांस्कृतिक कार्यक्रमको सिलसिला बिस्तारै बिस्तारै खजुराका सबै पहाडी बस्तीहरुमा होडबाजीका साथ शुरु हुन थाल्यो ।

## सैनिक गाउँको सांस्कृतिक गतिविधि

स्व. डम्बरसिंह बस्नेतले २०३०/०३१ सालतिर सैनिक गाउँका भू.पू. सैनिक कलाकारहरु जमानसिंह घले, गंजुसिंह ठकुरी, महाबिर सिंह ठकुरी, प्रेम बहादुर थापा लगायत शिक्षक मन बहादुर राना तथा सोही गाउँका कुन्ती थापा, शकुन्तला राना, दिलमाया राना, नन्दा शाही, शन्नो थापालाई साथमा लिएर शुरुमा त्यहाँ पनि धार्मिक नाटकहरुको ड्रामा देखाउन शुरुवात गरे । ड्रामाको बिचबिचमा

विभिन्न लोकनाचहरु नाच्ने र लोकगीतहरु पनि गाउने गरिन्थ्यो । कुन्ती थापा, दिलमाया राना, नन्दा शाही र शन्नो थापा त्यसबेलाका उत्कृष्ट नृत्याङ्गना हुने गर्थे । कुन्ती थापा त्यतिबेला हुने राष्ट्रिय स्तरका कार्यक्रममा समेत भाग लिने गर्थे । त्यसपछिका पछिल्लो पुस्ताका कलाकारहरु होमबहादुर थापा, मोतिलाल थापा, मानबहादुर खड्का, देव प्रसाद बुढा, टेकबहादुर गुरूङ, दिलु शाही, धनी शाही, पार्वती शाही, सिता सिंह र राकेश सिंह जस्ता कलाकारहरूले २०५० सालसम्म सैनिक गाउँको सांस्कृतिक कार्यक्रमलाई निरन्तरता दिए । तत्कालीन अवस्थामा सैनिक गाउँ मगरहरूको बाहुल्यता भएको गाउँ थियो । मगरपछि गुरूङ र ठकुरी अनि क्षेत्री र कामीहरु यहाँका बासिन्दा थिए । यिनीहरु सबै दैलेख जिल्लाबाट बसाइँसराइ गरी आएका थिए । दैलेखको संस्कृतिलाई कोसेलीको रूपमा बोकेर आएका यहाँका मानिसहरु आफ्नो जातीय संस्कृति र नाचगान अनि संस्कारहरु बिर्सेका थिएनन् । त्यसैले २०३० सालदेखि नै यस गाउँका पुराना अग्रज कलाकारहरूले मगर र गुरूङ जातिमा नाचिने मारुनी, सोरठी र नचरी जस्ता नाचहरु दशैं, तिहार र बिहे, पूजाआजामा नाच्ने गर्थे । त्यतिबेलाका मारुनीका गुरुहरु दुर्गाबहादुर थापा (दंगाली), लिले गाहा, हर्कबहादुर खत्री (बुताली), महावीर खत्री (पैंतली) थिए भने मादलेहरूमा नैनसिंह पुलामी, धनबहादुर थापा, कर्णबहादुर थापा र दलबहादुर सारु थिए । त्यसैगरी मारुनी नाच्ने कलाकारहरूमा पदमबहादुर गुरूङ, हर्कबहादुर गुरूङ, चक्रबहादुर थापा, लालबहादुर गुरूङ, केशरसिंह राना र लक्ष्मण थापाहरु नाच्ने गर्थे अनि मारुनीहरूका बिचमा नाच्ने पुर्सुंगे चाहिँ तिलबहादुर गुरूङ र जलपोखरीका भक्तबहादुर सारु हुने गर्थे । अहिले १/२ जना बाहेक यी सबै कलाकारहरु दिवङ्गत भैसकेको अवस्था छ । यस्ता नाचहरूलाई समय मै पुस्तान्तरण गर्न नसक्दा अहिले हामी माझ यस्ता मौलिक नाचहरु प्राय लोप भैसकेका छन् ।

## गौरीनगर "ए" गाउँको सांस्कृतिक गतिविधि

पुनर्वास कम्पनीले २०२३ सालमा "ए" गाउँको बस्ती बसाएको थियो । त्यतिबेला यो गाउँमा अधिकांश सुर्खेतको सिम्तालीहरु र त्यसपछि जाजरकोट जिल्लाको विभिन्न स्थानबाट बसाइँसराइ गरी आएका मानिसहरुको बसोबास रहेको थियो । त्यसबाहेक दैलेखीहरु ५/७ घर, रूकुमेलीहरु ४/५ घर र सल्यानीहरु ४/५ घर जति आएर बसोबास गरेको यो गाउँमा २०२४/२५ सालदेखि नै दशैं तिहारमा अथवा गाउँघरमा कसैको पूजाआजा लगाको बेलामा कुरकुटी, सिङ्गारु, टप्पा र गर्रा नाचहरु नाच्ने गर्थे । यी नाचहरुको नाम ठाउँ अनुसार फरक फरक भए तापनि यी नाचहरु सुर्खेत, जाजरकोट, रूकुम र सल्यान जिल्लाको क्षेत्री, ठकुरी, बाहुन र दलित जातिहरूले आफ्नो विभिन्न चाडपर्व र उत्सवहरुमा नाचिने मौलिक लोक नाचहरु हुन् ।

### *सिंगारू (टप्पा) नाच*

सिंगारू नाच दशैं, तिहार वा विशेष पर्व उत्सवका दिन नाचिन्छ । गाउँको मन्दिर वा पूजा गर्ने देवताको थानमा गई पहिला देवी देवतालाई पूजापाठ गरेपछि मात्रै यो नाचको सुरूवात गरिन्छ । पहिले पहिले यो नाच लोग्ने मान्छेहरु मात्रै नाच्ने गर्थे । नाच्ने लोग्ने मान्छेहरूलाई आईमाई जस्तै पहिरन लगाएर त्यस्तै किसिमको शृंगार गरेर नाचिने हुँदा यसलाई सिंगारू नाच भनिएको हो । यो नाच खासगरी दुई या चारजना मिलेर नाच्ने गर्दछन् । भगवती माईको पुकारको गीत अथवा केटाकेटी बिचको माया पिरतीको दोहोरी गीतमा यो नाच नाच्ने गर्दछन् । मादल, ट्याम्कु, झ्यालीको तालमा र मुरलीको धूनसंगै सिंगारू गीतमा यो नाच नाचिन्छ । कलाकारहरूले खुट्टामा पैजन (खांकर) बाँधेर नाच्ने

सिंगारू नाच यो समुदायमा अति लोकप्रिय नाच हो । सिंगारू नाचकै तालबाट पछि टप्पा नाचको विकास भएको मानिन्छ ।

*कुरकुटी (लहरे) नाच*

यो नाचलाई ठाउँ अनुसार कुरकुटी, लहरे र पैंसरी नाच पनि भन्ने गरिन्छ । यो नाच विशेषगरी तिहारमा काग तिहारको दिनदेखि नाच्न सुरू गरेर भाइटीकाको दिनसम्म नाच्ने गरिन्छ । सुरूमा गाउँको मुखियाको घरदेखि नाच्न सुरू गरेपछि गाउँका अन्य घरहरूमा समेत नाच्ने गरिन्छ । लहरे नाच २४/२५ जनाको समूहमा नाच्ने गर्दछन् । आफ्नै जातीय भेषभूषा दौरा, सुरूवाल, सेतो पटुका, आस्कोट र भादगाउँले कालो टोपी लाएर यो नाच नाच्ने गर्दछन् । बाजाको तालमा मात्रै नाचिने यो नाचमा दुईजनाले मादल बजाउँछन्, दुईजनाले झ्याली बजाउँछन् र एकजनाले मुरली बजाएर यो नाच नाच्ने गर्दछन् ।

*गर्रा (मयुर नाच/सरंगी हात)*

यो नाचलाई कतै गर्रा, कतै मयुर नाच र कतै सरंगी हात भन्ने गरिन्छ । यो नाच पुरूषहरूले मात्रै नाच्ने नाच हो । सेतो धरोमा सेतो कमिज, कालो आस्कोट, मयुरको प्वाँखलाई रातो रूमालले पछाडि ढाडमा बाँधेर बाँया हातमा फरी (रातो कपडाको रूमाल) अनि दाँया हातमा रङ्गाएको ली समातेर मादल र ढोलकको तालमा नाचिने यो नाच अत्यन्तै आकर्षक नृत्य हो । मादलको तालमा २, ४, ६, ८, १० हुँदै २२/२४ हातसम्म लीको बारलाई हान्न र छेक्न विभिन्न दाउपेच सिकाउने यो नाच विशेष गरेर युवा तन्नेरीहरूका लागि अति आकर्षक हुने गर्छ । यो नाचले ली युद्ध गर्नमा युवाहरूलाई निपुण बनाउने गर्छ भन्ने विश्वास पनि

रहेको पाइन्छ । उपरोक्त नाचहरू नाच्ने, बजाउने अग्रज कलाकारहरूमा स्व. भुपबहादुर सिंह, स्व. भिमल खत्री, स्व. लोकबहादुर खत्री, स्व. दुर्गा सिंह ठकुरी, स्व. खड्कबहादुर पुन, खेमबहादुर मल्ल, भगिरथ सिंह, हिराबहादुर अधिकारी, समरबहादुर खत्री, लीलबहादुर मल्ल र भूपाल खत्रीहरू थिए जसमध्ये धेरै कलाकारहरू अहिले दिवङ्गत भैसकेको भए तापनि तत्कालीन अवस्थामा गाउँघरमा यस्ता मौलिक लोक कला र संस्कृतिहरूको जगेर्ना र संरक्षण गर्नमा उहाँहरूले पुऱ्याउनु भएको योगदान सधैं स्मरणीय रहनेछ । यसैगरी २०३० देखि ४० को दशकसम्म "ए" गाउँमा हरेक वर्षको दशैं तिहारको बेलामा पशुपति स्कुलको प्राङ्गणमा विविध सांस्कृतिक कार्यक्रम तथा धार्मिक, सामाजिक र राजनैतिक नाटकहरू समेत मञ्चन गर्ने गरिन्थ्यो । जसको नेतृत्व स्व. भुपबहादुर सिंह, भगिरथ सिंह र खेमबहादुर मल्लहरूले गर्नु हुन्थ्यो । त्यतिबेला खेमबहादुर मल्लले लेख्नु भएका र सङ्कलन गर्नु भएका थुप्रै गीतहरू देवी अधिकारी, खडक कुमारी पुन मगरले रेडियो नेपालमा समेत रेकर्डिङ गराएका थिए । "ए" गाउँकै सुनिल सिंह अहिले नेपालको राजधानीमा बसेर आफ्नो गायकी पेसालाई अगाडि बढाइ रहेका छन् ।

## "बि" गाउँको सांस्कृति गतिविधि

पुनर्वास कम्पनीले २०२३ सालमै "बि" गाउँको पनि बस्ती बसायो । यहाँ पनि अधिकांश सुर्खेत र दैलेख जिल्लाबाट आएका मानिसहरू त्यसपछि रूकुम, अर्घाखाँची र गुल्मी जिल्लाबाट आएका मानिसहरूको बस्ती रहेको छ । यो गाउँमा २०२४/२५ सालदेखि नै सांस्कृतिक गतिविधिहरू सुरू भएको कुरा त्यहाँका बुढापाकाहरू बताउँछन् । २०२५ सालको बडा दशैंमा यस गाउँका कलाकार

तथा कलाप्रेमी युवा स्व. कृष्णकुमार ठकुरीको नेतृत्वमा प्रेम सापकोटा, भरत गुरूङ, दुर्गा थापा र स्व. सजल थापाहरूको पहलमा पहिलो पटक दुर्गा भवानी र मैसासूरको नाटक प्रदर्शन गरिएको थियो भने त्यसपछि प्रेम सापकोटाको नेतृत्वमा २०२८ सालसम्म हरेक दशैंमा यस्ता धार्मिक नाटकहरू प्रदर्शन भएको थियो । २०२९ सालमा गाउँका प्रगतिशिल विचारका कलाकार घनश्याम शर्माद्वारा लिखित प्रगतिशिल नाटक प्रदर्शन भयो र त्यसपछि २०३० देखि २०३५ सालसम्म पुनः धार्मिक नाटकहरू प्रदर्शन भएका थिए । २०३६ सालमा स्व. माधव ज्ञावली (मधु गुरू) र स्व. सत्यदेव भट्टराई "बि" गाउँमा आएर कृष्णकुमार ठकुरी, प्रेम सापकोटा, सजल थापा, भरत गुरूङ, दुर्गा थापा र गायक अमरनाथ योगी (रानु) लगायत यहाँका अन्य कलाकारहरूद्वारा "पचास रूपैयाँको तमसुक" नामक नाटक प्रदर्शन गरेका थिए । स्व. सजल थापा "डि" गाउँका बासिन्दा भए तापनि उनी नाच्न गाउन जान्ने मात्रै नभई कार्यक्रम उद्‌घोषण गर्ने कार्यमा निपुण थिए । त्यसैले उनलाई त्यतिबेला खजुरा वरपरका सबै गाउँका कार्यक्रममा कार्यक्रम सञ्चालन गर्न बोलाउने गर्थे । गाउँमा नाटक प्रदर्शन गर्ने सिलसिला जनमत संग्रह भएको २/३ सालसम्म निरन्तर रूपले चल्यो ।

त्यसपछि नाटक गर्ने समूहका कलाकारहरू नोकरी र आफ्नो पेसा व्यवसायका लागि तितरबितर भएपछि यो सिलसिला बन्द हुन गयो । यहाँका बासिन्दाहरू पनि प्राय सुर्खेत, दैलेख र रूकुम जिल्लाका भएका हुनाले यहाँको सांस्कृतिक स्वरूप पनि "ए" गाउँसँग मेल खानु स्वाभाविकै थियो । सुर्खेतबाट आएका क्षेत्री, बाहुन र दलित जाति, दैलेखका मगर र गुरूङ जाति अनि रूकुमतिरका क्षेत्री, बाहुन र दलित जातिको मिश्रित जातीय समाज भएको "बि" गाउँको सांस्कृतिक गतिविधि त्यतिबेला गजबको थियो ।

दशैं तिहारमा गाउँमा एकातिर नाटक हुँदै गर्दा अर्कोतिर सुर्खेती र रूकुमेली मिलेर सिंगारु, गर्रा र लहरे नाच नाच्ने गर्थे भने दैलेखी मगर र गुरूङहरु मिलेर आफ्नो जातीय नाच मगरे, झ्याउरे र ठाडो भाकाको गीतहरु र दोहोरी गीतहरु गाएर नाच्ने गाउने गर्थे । सिंगारु (टप्पा) नाच, गर्रा (मयुर) नाच र लहरे (पैंसरी) नाचहरुको विषयमा माथि "ए" गाउँको सांस्कृतिक गतिविधिमा विस्तृत उल्लेख गरिसकिएको हुँदा यस गाउँमा तत्कालीन अवस्थामा उक्त नाचहरु नाच्ने, गाउने र बजाउने अग्रज कलाकारहरुको नाम मात्रै उल्लेख गर्न उचित ठान्दछु । त्यतिबेला "बि" गाउँमा सिंगारु नाचका मुख्य गुरू कर्णबहादुर खत्री थिए । उनी नाच्न, गाउन, मादल बजाउन र मुरली बजाउनमा पोख्त थिए । कर्णबहादुर पछिका सहायक गुरू भगिरथ सुनार थिए, उनी सबै नाचका गुरू थिए । त्यसैगरी झ्याली बजाउने कलाकारमा नरबहादुर खत्री र ईश्वरीबहादुर खत्री थिए भने मादल बजाउने वीरबहादुर रसाइली र ढोलक बजाउने कलाकार केशरबहादुर सुनारहरु अझैंपनि जिउँदै छन् ।

### "सि" गाउँको सांस्कृतिक गतिविधि

२०२३ सालमा पुनर्वास कम्पनीले "सि" गाउँको बस्ती बसाले तापनि त्यहाँको सांस्कृतिक गतिविधि २०३०/३२ देखि मात्रै स्व. डम्बरसिंह बस्नेतकै पहलमा त्यतिबेलाका त्यहाँका अग्रज कलाकार प्रेम क्षेत्री, बिनोद केसी, प्रदिप पोखरेल, वीरबहादुर वली, बिन्दु पोखरेल र सुमित्रा पौडेलका समूहले दशैं तिहारमा नाटक मञ्चन र सांस्कृतिक कार्यक्रमहरु गर्न थालेको बुढापाकाहरु सुनाउँछन् । "सि" गाउँ राजनैतिक चेतनाको स्तरमा पनि अलि अगाडि भएको र नेपाली काङ्ग्रेस र नेपाल कम्युनिष्ट पार्टीहरुले तत्कालीन

व्यवस्था विरूद्ध आ–आफ्ना राजनैतिक गतिविधिहरु देशैभर गुपचुप रूपमा चलाईरहेको बेला सम्भवतः २०३४/३५ सालतिर मनमोहन अधिकारी स्वयम् महिनौ दिनसम्म हालको खजुरा वडा नं. २ को "ए" गाउँ, "एल" गाउँ, "के" गाउँ र "सि" गाउँमा बसेर कम्युनिष्टहरूको विचार र आन्दोलनबारे प्रशिक्षण दिई धेरै मानिसहरूलाई कम्युनिष्ट बनाएर जानु भएको हुँदा त्यसपछि त्यहाँका मानिसहरूले नेपाली विशुद्ध लोक गीत र नाचहरूको सट्टा जनताको गीत अथवा जनमुखी गीतहरु गाउन नाच्न रूचाउन थाले अनि यहाँ धार्मिक नाटकहरूको ठाउँमा सामाजिक र राजनैतिक रूपान्तरण र परिवर्तनका नाटकहरु मञ्चन हुन थाल्यो । जसको अगुवाइ तत्कालीन विद्यार्थी नेता प्रदिप पोखरेलले गरेका थिए । त्यतिबेला नाटक सुरू हुँदाहुँदै प्रशासनबाट खटिएर आएका प्रहरीहरूले प्रदिप पोखरेल लगायत कैयौं कलाकारहरूलाई समातेर लगेर जान्थे । २०३६ सालको निर्दल र बहुदलको जनमत सङ्ग्रह सकिएपछि फेरी गाउँमा पुरानै तरिकाले कार्यक्रमहरु सञ्चालन हुन थाल्यो जसको अगुवाइ र त्यसैलाई निरन्तरता दिने काम पछिल्लो पुस्ताका लालबहादुर मल्ल, देउराम वली, रणबहादुर के.सि., ऋषि पोखरेल, इन्दु पोखरेल, भिमकुमारी र पूर्णकुमारी के.सी. हरूले गरे ।

### "डी" गाउँको सांस्कृतिक गतिविधिः

२०२३ सालमै स्थापना भएको यो बस्तीमा सुर्खेत र दैलेखबाट आएका मानिसहरूको बसाइँ हाराहारीको संख्यामा रहेको छ भने त्यसपछि रूकुमेलीहरूको र बर्माबाट आएका नेपाली बर्मेलीहरूको पनि बसाइँ रहेको छ । खजुराको सांस्कृतिक विकासमा खजुरामा बसोबास गर्ने बर्मेलीहरूको महत्वपूर्ण भूमिका रहेको पाइन्छ । खजुराको पहाडी समुदायको बस्तीहरु मध्ये सबैभन्दा पहिला धार्मिक

नाटक महाभारत लेखेर नाटक मञ्चन गर्ने गाउँ नै "डि" गाउँ भएको कुरा यहाँका बुढापाकाहरूका भनाइहरूले पुष्टि गर्दछ । बर्माबाट आएका बर्मेलीहरूले पहिलो पटक दशैंमा दुर्गा भवानीको नाटक स्कुलको प्राङ्गणमा प्रदर्शन गरेका थिए । उक्त नाटक लेख्ने र निर्देशन गर्ने तत्कालीन प्रधानपञ्च श्री तिर्थराज गिरी स्वयम् बर्मेली हुनुहुन्थ्यो । त्यतिबेला उहाँका सहयोगी कलाकारहरूमा होमप्रसाद गिरी, सोमप्रसाद गिरी, सिंहवीर सुनार, झकबहादुर घर्ति, अर्जुन सिंह पाण्डे, नन्दराम पौडेल, गंगाराम सुनार र ज्वाला सिंह सुनार थिए । त्यसैगरी स्व. सजल थापा त्यस समयमा गाउने, नाच्ने, अभिनय गर्ने र कार्यक्रम सञ्चालन (उदघोषण) गर्नमा सिपालु थिए । तिर्थराजपछि उनले नै गाउँमा नाटक लगायत नाचगानहरु गर्न थाले । २०२४/२५ सालदेखि यस गाउँमा सुर्खेतको सिम्ताबाट आएका सुर्खेती टोलका मानिसहरु मिलेर दशैं तिहारको बेला सिंगारु नाच नाच्न नचाउन थाले ।

त्यतिबेला सिंगारु नाचका गुरू नरबहादुर सुनार र कलिमान सिंह ठकुरी त्यसैगरी मादले भूपाल सुनारको टोलीले सिंगारु र टप्पा नाच नाच्ने गर्थे । त्यसैगरी तिहारको बेलामा कर्णबहादुर थापा र हरिसिंह थापाको नेतृत्वमा पैंसरी नाचहरु नाच्ने गर्थे भने ओबिराम खत्रीको र मादले रामबहादुर वलीको नेतृत्वमा गर्रा नाच पनि नाच्ने गर्थे । दैलेखबाट आएका दैलेखी टोलका मगर गुरूङहरु दशैं तिहारको बेलामा र कसैको घरमा विहे, पूजाआजा भएको बेलामा ठाडो भाकाका गीतहरु र झ्याउरे भाकाका गीतहरु गाएर नाचगान गरेर रमाइलो गर्ने गर्थे । त्यसैगरी मगर गुरूङहरु आफ्नो पुरानो परम्परागत मौलिक नृत्य मारूनी र सोरठी पनि नाच्ने र नचाउने गर्थे । २०३७/३८ सालतिर "डि" गाउँमा कला एवम् खेलप्रेमी युवा स्व. गजबहादुर सिंजालीको नेतृत्व र स्व.

सजल थापा लगायतका युवाहरू गगनबहादुर बि.क., मोहनबहादुर खड्का, बाबुसिंह पाण्डे, अगमध्वज गुरूङ, लोकबहादुर खत्री, तिकवीर सुनार र हरिप्रकाश बि.क. मिलेर न्यू डाँफे क्लब को स्थापना गरे । सो क्लब स्थापना भएपछि "डि" गाउँले हरेक वर्ष गाउँको स्कुलको प्रङ्गणमा दशैं तिहारको बेलामा सांस्कृतिक कार्यक्रम, नाटक र खेलकुदहरूको आयोजना गर्दै गयो । सो क्लबमा पछि स्व. सजल थापा, गगन बिकहरु अध्यक्ष भएपछि न्यू डाँफे क्लबले सांस्कृतिक क्षेत्र र खेलकुदको क्षेत्रमा जिल्लामै अग्रणी स्थान लिएको थियो । क्लबले २०४० सालदेखि दशैंमा गाउँ स्तरीय नृत्य प्रतियोगिता र पनि सञ्चालन गर्ने गरेको थियो । २०४० को दशकको अन्त्यतिर स्व. सजल थापा पछिको पुस्ताका प्रदिप थापा, बालवीर थापा, छबिलाल आले, आशा सुनार, दिलबहादुर घर्ती र शितल पुन जस्ता कलाकारहरूले "डि" गाउँको साँस्कृतिक गतिविधिलाई निरन्तरता दिनमा महत्वपूर्ण भूमिका खेलेका थिए ।

## "ई" गाउँको सांस्कृतिक गतिविधि

पुनर्वास कम्पनीले पहिलो लटमा बस्ती बसालेको अन्तिम गाउँ "ई" गाउँ पनि २०२३ सालमै बसेको हो । प्राय दैलेख जिल्ला र सुर्खेत जिल्लाबाट बसाइँ सरी आएका मानिसहरूको बाहुल्यता भएको यो गाउँमा क्षेत्री, कामी, मगर र ठकुरीको बसोबास रहेको छ । दैलेख जिल्लाका मगर गुरूङहरूले मारूनी नाच, सोरठी नाच र झ्याउरे भाका ठाडो भाकाका गीतमा नाच्ने गाउने गर्थे भने सुर्खेतबाट आएका मानिसहरु सिंगारु नाच र गर्रा, लहरे नाचहरु नाच्ने गर्थे । २०३४ सालदेखि २०३९ सालसम्म दशैं तिहार मेला पर्व आदिमा गाउँमा सोरठी नाच र गर्रा, सिंगारु र पैंसरी नाचहरु नाच्थे । त्यसबेलाका सोरठी नाचका मुख्य गुरूबाहरूमा ७३ नं. का

घर्ती बुढा, ७४ नं. का रोका, १६ नं. का गगनबहादुर थापा र ४४ नं. का डिलबहादुर सुनार थिए भने चन्द्रबहादुर ठकुरी, स्व. डिलबहादुर रोका, मख्खन थापा र मिनबहादुर घर्तिहरु मारूनी बनेर नाच्ने गर्थे । मारूनीको बिचमा पुर्सुंगे बनेर नाच्ने कलाकारहरुमा स्व.काशिराम मगर र रूपसिंह भण्डारी थिए । त्यसैगरी सोही समयमा गर्रा (मयुर नाच), लहरे (पैंसरी) र सिंगारु नाचहरु पनि नाच्ने गर्थे । त्यतिबेलाका गर्रा नाचका गुरू टिके बुढा क्षेत्री र झुपे बुढा, सिंगारु नाचका गुरू झुपे बुढा र रूपसिंह भण्डारी, लहरे नाचका अगुवा ईश्वरे बुढा र डम्बर भण्डारी थिए भने मादलेहरुमा जोखे कामी, शेरबहादुर रम्तेल थिए । त्यसैगरी गर्रा नाचमा नाच्ने कलाकारहरुमा प्रताप बुढाक्षेत्री, कर्णबहादुर बुढा, कुलबहादुर बुढा, शेरबहादुर बुढा, गगनबहादुर राना, अम्मरबहादुर खत्री, तुलबहादुर सुनार, गिरमे सुनार, नरुनाथ योगी र चोकमान खत्रीहरु नाच्ने गर्थे । यो समूहले यी नाचहरु २०३४/३५ सालदेखि २०४६ सालसम्म नियमित रूपले गाउँघर लगायत पेडारी मेलामा समेत नाच्ने गरेका थिए ।

### "के" गाउँ सांस्कृतिक गतिविधि

पुनर्वास कम्पनीले २०२४ सालमा "के" गाउँको बस्ती बसायो । सुर्खेत, सल्यान र रूकुम जिल्लाबाट बसाइँसराइ गरी आएका मानिसहरुको समूहलाई यो गाउँमा बसाइयो । २०३० सालमा यस गाउँका बहादुर पौडेल, शिवलाल कंडेल, परशुराम आचार्य, खेमबहादुर पौडेल, हरिबहादुर बि.सि., पहलमान थापा, टिकाराम धिताल आदिको सक्रियतामा बर्दिया जिल्लाका टिकाराम शास्त्रीज्यूलाई वाचक बनाई ७ दिनको भागवत पूजा भव्य रूपले लगाएको थियो । २०३२ देखि २०३६ सालसम्म तत्कालीन शुक्र नि.मा.वि. का शिक्षक

द्वय श्री रेशमलाल शर्मा र रविलाल शर्माज्यूको अगुवाइमा गाउँका युवायुवती तथा स्कुलका विद्यार्थीहरूलाई सहभागी गराएर दशैं तिहारको बेलामा विविध सांस्कृतिक कार्यक्रम सहित नाटकहरू मञ्चन गर्ने गरेका थिए । त्यसैगरी २०३२ सालतिर सत्यदेव भट्टराईज्यूको नेतृत्वमा दिपेन्द्र युवा चारपाते क्लबको गठन गरी सो क्लबबाट त्यतिबेलाका कलाकार सरस्वती भट्टराई, सूर्य भट्टराई, यमुना धिताल र दुर्पता शर्माहरूले जिल्लाभित्र मात्रै नभई बाहिर जिल्लामा समेत आफ्नो कलाकारिता देखाउने गरेका थिए । उक्त चारपाते क्लबले हालको खजुरा वडा नं. २ को वडा कार्यालयको बगलमा १-०-१३ जग्गा तत्कालीन पञ्चायती व्यवस्थाबाट प्राप्त गर्न सफल भयो र पछि २०४७ सालमा सो चारपाते क्लबलाई जनजागरण समूहको नाममा परिवर्तन गरियो । २०५६ सालमा उक्त जनजागरण समूहलाई संस्थापक अध्यक्ष भीमलाल श्रेष्ठ र सदस्यहरूमा सत्यदेव भट्टराई, रेशमलाल शर्मा, जंगबिरनाथ योगी, हरिदत्त ढकाल, खगेन्द्र गौतम, कर्णबहादुर खत्री, पदमलाल रेग्मी, देवप्रसाद बुढा लगायतले सहकारी डिभिजन कार्यालय अन्तर्गतको आदर्श कृषक सहकारीको नाममा दर्ता गरी हाल उक्त आदर्श कृषक सहकारीले त्यस गाउँका कृषकहरूको तरकारी लगायत दुग्ध सामग्रीहरू सङ्कलन र बिक्रि वितरण गर्ने कार्य गर्दै आएको छ ।

### "एल" गाउँको सांस्कृतिक गतिविधि

२०२४ सालतिर "एल" गाउँको बस्ती बसेको हो । यहाँ बसोबास गर्ने मानिसहरू प्राय सुर्खेतको सिम्ताका सिम्तालीहरू छन् भने केही रूकुमेली र केही जाजरकोट जिल्लाबाट समेत बसाइँसराइ गरी आएका मानिसहरू छन् । यी तीनै जिल्लाका मौलिक संस्कृतिहरू धेरै हदसम्म एकापसमा मिल्ने भएको हुँदा २०२४/२५ सालदेखि नै

यो गाउँका मानिसहरू मिलेर दशैं तिहारका बेला र पूजाआजा लगाएको बेला नाचिने सिंगारु नाच, कुरकुटी नाच, गर्रा (मयुर) नाच र लहरे (ख्याल) नाच नाच्न सुरू गरेको कुरा त्यहाँका बुढापाकाहरू भन्ने गर्छन् । यी सबै नाचका मुख्य गुरू परशुराम खत्री र सहायक गुरूमा मानसिंह बिष्ट हुनुहुन्थ्यो र मादल बजाउने मादलेहरूमा तीर्थबहादुर सुनार, कुलबहादुर खत्री, कर्णबहादुर बुढा क्षेत्री, दलबहादुर बिष्ट, हस्तबहादुर दमाई, देवीलाल दमाई, तिलवीर सुनार, अमरबहादुर गाहा र मने दमाई थिए । लहरे नाच नाच्ने कलाकारहरूमा परशुराम खत्री, धनसिंह खत्री, तुलबहादुर खत्री, कर्णबहादुर खत्री, पलबहादुर खत्री, पदमलाल खड्का, पदमलाल खत्री, सन्तबहादुर खत्री, भिमबहादुर वली र दिलबहादुर खत्री थिए । सिंगारु नाच नाच्ने कलाकारहरूमा टिकुसिंह ठकुरी, शेरबहादुर मल्ल, ताराबहादुर सिंह, फक्दबहादुर मल्ल, गजेन्द्रबहादुर मल्ल, मानबहादुर सिंह थिए र गर्रा (मयुर) नाचमा नाच्ने कलाकारहरू लोकबहादुर गाहा, मोहवीर सार्की, कृपाल बिष्ट, तिलबहादुर खत्री, कर्णबहादुर रजाली कविराम देवकोटा र भुपाल सार्की थिए । यस्ता किसिमका मौलिक नाचहरु ४० को दशकसम्म यो गाउँमा नाच्ने गरिएको बुढापाकाहरू भन्ने गर्छन् ।

नेपालमा बहुदल र निर्दलको जनमत सङ्ग्रह ताका यहाँका कम्युनिष्ट नेता निवर्तमान माननीय सङ्घीय सांसद नन्दलाल रोकायाज्यूले नेपाल आमा र मातृभूमि भन्ने नाटक लेखी आफू स्वयम् र अन्य कलाकार नरबहादुर खत्री, भद्र प्रसाद देवकोटा, अनिलकुमार मल्ल, गणेश मल्ल, मोहवीर खत्री, कुलबहादुर खत्री, ढालबहादुर सिंह, मानबहादुर बुढा क्षेत्री र बेलपात खत्री आदि मिली नाटक मञ्चन गरेका थिए भने सो नाटकको बिच बिचमा नाचगान देखाउन राजेन्द्रबहादुर चन्द, ढालबहादुर सिंह लगायतका कलाकारहरूले नाच सिकाउने गर्थे ।

## गौघाट गाउँको सांस्कृतिक गतिविधि

२०२७ सालमा बस्ती बसेको गौघाट गाउँमा पनि अधिकांश सुर्खेत जिल्लाकै सिम्ता वरिपरिका मानिसहरूको बाहुल्यता रहेको थियो । केही फाटफुट रूपमा रूकुम, रोल्पाका मानिसहरु पनि यहाँ बसोबास गर्न आएका थिए । २०३६ सालमा चितवन नवलपरासीबाट बाढीपीडित भई आएका केही मानिसहरु र बर्माबाट निर्वासित भई आएका नेपालीहरूलाई पनि यस गाउँमा बसोबास गराइएको थियो जसले गर्दा गौघाटमा मिश्रित संस्कृतिको विकास भएको पाइन्छ । २०२८/३० देखि सुर्खेती र रूकुमेलीहरु मिलेर लहरे नाच र सिंगारु नाचहरु नाच्ने गर्थे । लहरे नाच्ने त्यतिबेलाका कलाकारहरूमा बहादुर थापा, हिरासिंह महतारा, रेशम सिंह र भुवन सिंहहरु थिए भने मादल बजाउने कलाकारहरु प्रताप वली, थिरबहादुर सिंह, मङ्गल खत्री र भिमबहादुर खत्री थिए । त्यसैगरी सिंगारु नाचका नाच्ने कलाकारहरु दलबहादुर मल्ल, झगवीर पुन, लक्ष्यबहादुर वली, दलबहादुर खत्रीहरु थिए भने सिंगारु गाउने कलाकार थिरबहादुर खत्री लगायत अन्य धेरैले गाउने गर्थे ।

२०३६ सालपछि बर्मेलीहरूसँग मिलेर गाउँमा दशैं तिहारको बेला स्कुलको मैदानमा विभिन्न किसिमका नाचगान र ड्रामा हुन थाल्यो । पहिलो पटक गाउँमा कमल देवकोटाले लेखेको 'मुनामदन' भन्ने नाटक मञ्चन भएको थियो भने त्यसपछि यमबहादुर महताराले 'दर्पण' नामक नाटक लेखेर मञ्चन गरेका थिए । उक्त नाटकहरूमा कमल देवकोटा लगायत यमबहादुर महतारा, कृष्ण पोखरेल, इन्द्रप्रसाद प्याकुरेल, सोमप्रसाद पोखरेल, हरिबहादुर वली, सतपाल राना, गीता सिंह, पुतली बुढा मगर आदिले अभिनय गर्थे । पूर्णचन्द्र उपाध्याय (प्रल्हाद) को बाल्यकाल गौघाटमै बित्यो । उनी सानै उमेरदेखि हाँस्य कलाकार थिए भने दलबहादुर थापा

त्यतिबेलाको उम्दा कलाकार थिए । उनले नाच्ने गाउनेदेखि लिएर मादल, मेंडोलिन र हार्मोनियम समेत बजाउने गर्थे । यस्ता सांस्कृतिक गतिविधिहरु २०३० देखि २०४० को दशकसम्म नियमित रुपले हुने गऱ्यो । २०४० को दशकपछि गौघाटमा यस्ता मौलिक लोक संस्कृतिहरु बिस्तारै हराउँदै जान थाले ।

## धौलागिरी गाउँको सांस्कृतिक गतिविधि

खजुरा गा.पा. को वडा नं. ३ धौलागिरी गाउँ पुनर्वास कम्पनीले २०३२/०३३ सालतिर बसायो । जहाँ गुल्मी, बाग्लुङ र चितवन जिल्लाबाट बसाइँसराइ गरी आएका मानिसहरुको बसोबास रहेको छ । यहाँ मगर, गुरूङ, चेपाङ, नेवार, क्षेत्री र बाहुन जातिको मिश्रित बसोबास रहेको छ । २०३४/०३५ सालतिर विद्यार्थी नेताहरु "सि" गाउँका प्रदिप पोखरेल र नेमकान्त भण्डारी धौलागिरीकै शिक्षक शेरबहादुर गुरूङले गाउँका युवा कलाकारहरु रुद्रबहादुर रानाभाट, डम्बर रानाभाट, मुक्तराज श्रेष्ठ, कृष्णकुमार श्रेष्ठ, जुनाकुमारी श्रेष्ठ, भिमकुमारी थापा र के.बि. शाही लगायतका कलाकारहरुलाई तत्कालीन व्यवस्था विरोधी राजनैतिक प्रशिक्षण दिने गर्थे र राजनैतिक कथावस्तुमा आधारित नाटक तथा प्रहसनहरु मञ्चन गर्ने र त्यस्तै किसिमका गीतमा नाचहरु नचाउने गर्थे । त्यसैगरी २०३६/०३७ सालतिर यहाँका चितवन टोलका गुरूङ जातिहरुले मारूनी नाच नचाउन सुरू गरे जसको नेतृत्व पनि स्व. शिक्षक श्री शेरबहादुर गुरूङज्यूले गर्नु भएको थियो । मारूनीका गुरूबा स्व. ललितमान गुरूङ, डन्डुराज गुरूङ र शेरबहादुर गुरूङ लगायत गायकहरु डम्बरबहादुर गुरूङ र पूर्णबहादुर गुरूङहरु थिए । त्यसैगरी मादल बजाएर नाच्ने कलाकारहरु डण्डबहादुर गुरूङ, कालु गुरूङ, देवबहादुर गुरूङ, तुलबहादुर गुरूङ र

नेत्रबहादुर गुरूङ् थिए भने मारूनी नाच्ने कलाकारहरूमा यज्ञकुमार गुरूङ र ज्ञानेन्द्रबहादुर गुरूङ थिए । मारूनीहरूका बीचमा नाच्ने भारते (पुर्सुंगे) चाहिँ पूर्णबहादुर गुरूङ थिए । सो टोलीका अन्य सहयोगी कलाकारहरूमा यकबहादुर गुरूङ, वीरबहादुर गुरूङ, गङ्गबहादुर गुरूङ, गणेशमान श्रेष्ठ, चन्द्रमान श्रेष्ठ, गंगाबहादुर थापा र ठक्करबहादुर आलेहरु हुन्थे । त्यसैगरी धौलागिरीमा रहेको गुल्मेली र बाग्लुङे टोलका मगरहरूले पनि एउटा छुट्टै मारूनी टोली बनाएका थिए जुन टोलीको गुरूबा चित्रबहादुर राना र गंगाबहादुर काउचा मगर थिए र सहयोगी गायकहरु छबिलाल काला मगर, योगेन्द्र पुलामी मगर, डोलबहादुर श्रीष मगरहरु थिए । त्यसैगरी मादलेहरूमा केशर काउचा मगर, गंगाबहादुर काला मगर थिए भने पुर्सुंगे बनेर बलबहादुर दगामी मगर नाच्ने गर्थे भने मारूनी बनेर चाहिँ माला दगामी मगर, मेघा काउचा मगर, पवित्रा राना मगर, पवित्रा काउचा मगर, लालुमाया काउचा मगर र सुमित्रा काउचा मगरहरु नाच्ने गर्थे । त्यतिबेला यी दुबै मारूनी टोलीले आफ्नो गाउँघरमा दशैं, तिहार, पूजाआजा र विवाह आदि भएको बेलामा मारूनी नाच नाच्ने गर्थे । त्यति मात्रै नभई यी टोलीहरु बर्दियाको दमौली र मुनाल बस्तीमा समेत मारूनी नाच नाच्न जाने गर्थे । तर २०५२ सालको जनयुद्धको सुरूवातपछि यो नाचहरु नाच्न बिस्तारै कम हुँदै गयो । यो मारूनी नाच नाच्न र नचाउन धेरै खर्चिलो र झन्झटिलो पनि भएको हुँदा नयाँ पुस्ताहरूले यसप्रति रूची पनि देखाउन छाडेको हुँदा यो नाच बिस्तारै हराउँदै गयो । अन्ततः मारूनी नाचहरु गाउँघरमा नाच्न बन्द जस्तै भयो । यसका टोलीहरु पनि बिस्तारै सेलाउँदै गए र धेरैजसो मारूनी गुरूबाहरु स्वर्गीय पनि भैसके जसले गर्दा यसलाई पुस्तान्तरण गर्ने काम पनि हुन सकेन ।

**खजुरा बजारको सांस्कृतिक गतिविधिः**

खजुराको मुटुमा रहेको खजुरा बजारको बस्ती, पुनर्वास कम्पनीले २०३३/०३४ सालमा बजारको अवधारणा अनुरूप टाउन प्लानिङ गरेर बसाएको बस्ती हो । २/२ काको घडेरी रु ३६८ का दरले वितरण गरिएको खजुरा बजार क्षेत्रमा स्याङ्जा, कास्की, गुल्मी, पर्वत, तनहुँ, दाङ, रूकुम, सल्यान, जाजरकोट, दैलेख र सुर्खेतबाट बसाइँसराइ गरी आएका मानिसहरु बसोबास गर्दै आएका छन् । दुई जिल्ला बाँके बर्दियालाई जोड्ने नेपालगञ्ज गुलरिया सडक खण्ड, त्यसपछि विगतमा खजुरामा रहेको एयरपोर्ट, कागज उद्योगको स्थापना आदिले पनि यो क्षेत्रलाई बजारमा विकसित गर्न सजिलो भएको हो । खजुरा बजारमा बसोबास गर्ने स्व. बालगोविन्द श्रेष्ठले २०३४ सालमा सबैभन्दा पहिला आफ्नो नेवारी समुदायको लाखे नाचको सुरूवात गरेका थिए । आफ्ना छोराहरु शिवराज श्रेष्ठ, ईन्द्रकुमार श्रेष्ठ, स्व. बिष्णुप्रसाद श्रेष्ठ लगायत उनका भाइ भतिजाहरु स्व. सुशीलप्रसाद श्रेष्ठ, जनार्दन श्रेष्ठ, किस्मतकुमार कक्षपति, अमृत कर्माचार्य, शरण कर्माचार्य, बिचारी गुरूङ, विश्वप्रकाश घिमिरेका साथै त्यहाँका स्थानीय बासिन्दाहरु समेत मिलेर हरितालिका तीजको दिनमा, जनै पूर्णिमाको दिनमा र कृष्ण जन्माष्टमीको दिनमा लाखे नाच नचाउन सुरू गरेका थिए ।

त्यसैगरी खजुरामा २०३७/०३८ सालतिर एकपटक उहाँहरूकै पहलमा नेवारी सांस्कृतिक पर्व गाईजात्रा, हिलेजात्रा र रोपाइँ जात्रा पनि मनाएको कुरा त्यहाँका अग्रज शिवराज श्रेष्ठज्यूले यो पङ्क्तिकारलाई भन्नु भयो । २०३७/०३८ सालमै ज्ञानोदयका शिक्षक बालकृष्ण पौडेल, मनकमनापुरका शिक्षक ध्रुव शर्मा खजुराका कलाप्रेमीहरु विश्वप्रकाश घिमिरे, चर्चित ढोलकवादक स्व. भुवन थापा, जनार्दन श्रेष्ठ, ज्योति रामदाम, सुदर्शन कँडेल, कृष्ण

कँडेल, मानबहादुर गिरी र राजन कर्माचार्यहरूको पहलमा खजुरा बजारमा प्रभात क्लब नामक क्लब खोलेका थिए र सोही क्लबले एकपटक पचास रूपैयाँको 'तमसुक' नामक नाटक प्रदर्शन गर्दा त्यतिबेलाको प्रशासनले केही कलाकारहरूलाई धरपकड समेत गरेको थियो । उक्त क्लबको पहलमा हाल खजुरा बहु उद्देश्यीय भवन रहेको ठाउँमा त्यतिबेला रङ्गमञ्च सहितको घर बनाइएको थियो जहाँको मञ्चमा त्यतिबेला कार्यक्रमहरु गर्ने गरिन्थ्यो र पछि उक्त घरमा पुस्तकालयको समेत स्थापना गरिएको थियो । खजुरा बजारले थुप्रै राष्ट्रिय स्तरका कलाकारहरु उत्पादन गरेको छ । यहाँका पुराना अग्रज कलाकारहरूमा मेंडोलिन वादक स्व. राजु गजमेयर, पूर्णप्रसाद उपाध्याय (प्रल्हाद), राजकुमार सापकोटा, हिरा जि.एम. लाई खजुराले कहिल्यै बिर्सिन नसक्ने पात्रहरु हुन् ।

## मनकामनापुरको सांस्कृतिक गतिविधि

पुनर्वास कम्पनी जाँदाजाँदै बसालेको बस्ती हो मनकामनापुर गाउँ । दलितहरूको बाहुल्यता भएको यो गाउँमा दलितपछि क्षेत्री र बाहुनहरूको बसोबास रहेको छ । २०२२ सालमा नेपाली कथानक चलचित्र "हिजो आज भोलि" मा र २०२४ सालमा "परिवर्तन" मा मुख्य अभिनेताको भूमिकामा चलचित्र खेल्नु भएका स्व. मित्रलाल शर्मा म्याग्दीको बेनीबाट खजुराको यस मनकामनापुरमा २०३२/३३ तिर आउनु भएको थियो र उहाँ खजुरामा आउनु भएपछि पनि निरन्तर कलाकारिताको क्षेत्रमा सक्रिय हुनुहुन्थ्यो । ०४६ पछि मनकामनापुरमा साँस्कृतिक क्षेत्रमा उल्लेखनीय गतिशीलता आएको देखिन्छ । कलाकार मानबहादुर भण्डारी र इन्द्रबहादुर भण्डारीले यस क्षेत्रका कलाकारहरूलाई सङ्गठित गरी मनकामना साँस्कृतिक समाजको गठन गरी विभिन्न समयमा साँस्कृतिक कार्यक्रम सञ्चालन

गर्दै आएका थिए । त्यही समाजलाई पछि मनकामना युवा क्लबका रूपमा विकास गरेर हाल आफ्नै भौतिक सम्पत्ति सहितको साँस्कृतिक क्लवका रूपमा आफ्ना गतिविधिहरू सन्चालन गर्दै आएको छ । यस क्लवले उत्पादन गरेका शङ्कर बि.सी., कुमार शर्मा लगाएतका चर्चित कलाकार हुन् ।

### मेला

खजुराको पहाडी समुदायले बसन्त पञ्चमीका दिन खजुराको एक नम्बरमा रहेको मुस्कटवा बाबाको मजारमा लाग्ने मेला, त्यसको ३ दिनपछि उढरापुरको पजौवा तलाउ नजिक रहेको मजारमा लाग्ने सैयद बाबाको मेला र त्यसपछि लाग्ने उढरापुरकै झन्डाबाबाको मेला मान्ने गर्छन् । त्यसैगरी मङ्सिर पूर्णिमाको दिन जानकी गा.पा. को गुरूवागाउँ र जोगागाउँमा लाग्ने मेला पनि यहाँको प्रसिद्ध मेलाहरु हुन् जहाँ सबै समुदाय र सबै धर्मका जातजातिहरु मिलेर मेला मान्ने र मनाउने गर्दछन् । जुन धार्मिक सद्भावको अनुपम उदाहरण हो ।

### प्रजातन्त्र/जनयुद्ध काल (२०४६ देखि २०६२ सालसम्म)

२०४६ सालको व्यवस्था परिवर्तनपछि नेपालको राजनैतिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा देखिएको प्रभावले खजुरा पनि अछुतो भएन । खजुराको मधेसी र मुस्लिम समुदायमा यसले खासै असर नगरे तापनि थारु समुदाय र पहाडी समुदायमा चाहिँ यसले केही असर पार्‍यो जुन असर कुनै सकारात्मक र कुनै नकारात्मक पनि छन् । २०४८ सालको संविधानले देशलाई बहुधार्मिक, बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक राज्यको रुपमा स्थापित गरेको र सबैलाई आ–आफ्नो धर्म, जात, भाषा र संस्कृतिको संरक्षण

सम्वर्द्धन गर्न समेत संवैधानिक अधिकार प्रदान गरेको हुँदा देशमा धमाधम विभिन्न जातीय सङ्घ, सङ्गठन र संस्थाहरू खुल्न थाले जसले आफ्नो जातीय, हक, अधिकार र पहिचानको लागि अभियान सुरू गर्न थाल्यो । यसको प्रभावले खजुरेली आदिवासी जनजाति मगर, गुरूङ, राई, तामाङ, थारु र नेवार समुदायहरूमा आफ्नो लोप हुन लागेको भाषा, कला, संस्कृति र भेषभूषालाई जोगाउनु पर्छ भन्ने चेतना जगाउने काम गऱ्यो भने अर्कोतिर नेपाली गीत सङ्गीतमा आएको आधुनिकताको लहर, भारतीय चलचित्रहरूको निर्बाध प्रदर्शनीले नयाँ पुस्ताका युवा युवतीहरूमा दक्षिणी र पश्चिमी पाश्चात्य संस्कृतिको प्रभावले झनै आकर्षित गर्दै गयो । देशमा आएको राजनैतिक स्वच्छन्दताले समाजलाई राजनैतिक आस्था र मान्यताका आधारमा विभक्त गर्दै गयो । पुराना लोक र मौलिक नाचगानहरू बिस्तारै हराउँदै थियो भने नयाँ आधुनिक फिल्मी गीत सङ्गीत र भारतीय फिल्मी नाचहरूले युवाहरूलाई प्रभावित बनाउँदै थियो । यसै कालखण्डमा खजुराको पहाडी बस्तीहरूमा त्यहाँका व्यक्ति विशेष, क्लब, सङ्घ, संस्था र समूहहरूबाट भए गरेका सांस्कृतिक गतिविधिहरूलाई तपशिलमा उल्लेख गर्ने प्रयास गरेको छु :

२०४५ सालमा जलपोखरीका श्रद्धेय गुरू डम्बरसिंह बस्नेतज्यूको स्वर्गारोहण भएपछि उक्त सिर्जना क्लबलाई जागृति समूहमा परिणत गरियो र सोही जागृति समूह मार्फत् २०४६ सालदेखि २०५३ सालसम्म डम्बर स्मृति सामूहिक लोक नृत्य प्रतियोगिता सञ्चालन गरेको थियो । त्यतिबेला प्रतियोगितामा समूहहरूलाई सहभागी हुन सहज होस् भन्ने हेतुले नेपाली चलचित्रका गीतहरू वा रेडियो नेपालका लोकगीतहरूको रेकर्डिङ गीतहरूमा प्रतियोगिताहरू गराउन थालियो । उक्त प्रतियोगिताको आठौँ संस्करण २०५३ सालसम्म

नियमित रूपले सञ्चालन गरेपछि माओवादीको जनयुद्धका कारण २ वर्षसम्म कार्यक्रम आयोजना हुन सकेन तर २०५६ सालमा पुनः एकपटक कार्यक्रम गरेपछि माओवादी जनयुद्ध चरम उत्कर्षमा पुगेको र गाउँघरमा सबैतिर यस्ता मनोरञ्जनात्मक कार्यक्रम गर्ने गराउने वातावरण नभएको हुँदा उक्त शृङ्खला टुट्न गयो । त्यसैगरी २०४६ देखि २०५२ सालसम्म सैनिक गाउँका त्यतिबेला कलाकारहरु होमबहादुर थापा, कौशी थापा, श्यामकुमारी थापा, पार्वती शाही, सीता सिंह, कौशी थापा, बिमला सिंह, शिला मल्ल, लालबहादुर सुनार, जितबहादुर बोहरा, बिष्णुमाया थापा र राकेश सिंह जस्ता कलाकारहरूले कहिले वीरपुरको मैटहवा स्कुलको प्राङ्गणमा र कहिले बहादुरपुर स्कुल प्लटमा पालैपालो सांस्कृतिक कार्यक्रमहरु गर्ने गरेका थिए । २०५२/५३ पछि माओवादी जनयुद्धका कारण सैनिक गाउँमा नियमित रूपमा सांस्कृतिक कार्यक्रमहरु हुन छाड्यो ।

२०४६ साल देखि २०५२/५३ सालसम्म "ए" गाउँमा पनि गायक, गीतकार तथा सङ्कलक आदरणीय अग्रज कलाकार खेमबहादुर मल्ल, देवी अधिकारी, खडक कुमारी पुन मगर, पार्वती पुन मगर, र खडक बहादुर पुन लगायत त्यहाँका कुरकुटी नाच समूहले गाउँमा चाडपर्व र पूजाआजा भएको बेलामा र दशैं तिहारको बेलामा गाउँघरमा नियमित रूपले सांस्कृतिक कार्यक्रमहरु गर्दै आए थिए । त्यसैगरी "बि" गाउँका पुराना कलाकारहरु तितरबितर भैसके तापनि २०४६ देखि २०५२/५३ सालसम्म आईपुग्दा "बि" गाउँका पुराना कलाकारहरूले सिंगारु, गर्रा र लहरे नाचहरु चाडपर्व, पुजाआजा, र कहिले काहीँ हुने मेला उत्सवहरूमा नाच्ने गाउने गर्थे । २०५० को दशकदेखि माइकल ज्याक्सन जस्तै नाचेर चर्चामा आएका "बि" गाउँका कमल थापा र नेपाली तथा हिन्दी

फिल्मी गीतमा नाच्न सिपाल उनकी धर्मपत्नी लक्ष्मी थापा यी दुवै दम्पतिले खजुराको सगुन डान्स क्लबबाट आफ्नो कला प्रदर्शन गर्ने गर्थे ।

२०४६ सालपछि "सि" गाउँमा नन्दलाल गुर्तालको अगुवाईमा हरेक वर्ष अमर मा. वि. को प्राङ्गणमा स्व. महेन्द्र थापा, भीमबहादुर बोहरा, रामबहादुर सुनार र तारा वलीहरूको समुहले विविध सांस्कृतिक कार्यक्रम गरेका थिए । त्यही समयमा नन्दलाल गुर्तालको लेखन र निर्देशनमा परदेश र गोठालो नामका नाटक समेत त्यहाँ मञ्चन गरेका थिए । २०४८/४९ सालतिर नेपाल मगर सङ्घको आयोजनामा नरबहादुर सलामी, सुष्मा थापा र उमा थापा लगायतका कलाकारहरु मिलेर एकसाल "सी" गाउँमा भव्य कार्यक्रम गरेको थियो । २०५२ सालमा छत्रेश्वरप्रसाद शर्माले बाल स्पोर्ट्स नामक क्लब खोलेर सोही क्लब मार्फत् २/३ ओटा नाटक र कार्यक्रमहरु सञ्चालन गरेका थिए । २०५३ सालपछि यहाँ पनि कार्यक्रमहरु गर्न बन्द गरियो । त्यसैगरी २०४६ सालदेखि २०५३ सालसम्म "डि" गाउँमा डाँफे स्पोर्ट्स क्लबका अध्यक्ष गगनबहादुर सुनारको अगुवाइमा कलाकारहरु प्रदिप थापा, बालवीर थापा, छबिलाल आले, दिलबहादुर घर्ती, आशा सुनार, देउमति थापा र विष्णु सुनारहरूले गाउँमा विभिन्न कार्यक्रमहरु गर्दै आएका थिए ।

"ई" गाउँमा २०४६ देखि २०५१/५२ सालसम्म त्यहाँका स्थानीय कलाकार दलवीर बुढा मगर, काशिराम घर्ती मगर, चन्द्रबहादुर हमाल, मानबहादुर सिंह र रूपसिंह भण्डारीहरूको समूहले दशैंको बेलामा गाउँको स्कुलमा धार्मिक नाटक तथा नाचगान गर्ने गर्थे र पछि २०५६/५७ सालतिर गोबिन्द शर्मा अध्यक्ष, धनसिंह भण्डारी सचिव र देउराम बि.सी. कोषाध्यक्ष लगायत अन्य व्यक्तिहरूको सहभागितामा दर्पण क्लब नामक संस्थाको स्थापना गरेर सोही

क्लब मार्फत् विभिन्न सांस्कृतिक कार्यक्रमहरू तथा खेलकुद प्रतियोगिताहरू सञ्चालन गर्दै आएको थियो । त्यस समयमा यसै क्लब मार्फत् बैजनाथको लालपुर मेला र राप्ती सोनारीको महादेवाको मेलामा समेत यस गाउँबाट सिंगारू नाच नाच्न जाने गर्थे । सोही समयमा के गाउँमा गेहेन्द्र धितालको नेतृत्वमा भिम वली, प्रेम खनाल, शेखर खनाल, चिरञ्जीवी चन्द लगायतका नयाँ युवाहरूले शान्ति स्पोर्ट्स क्लबको स्थापना गरेर २०५२ सालसम्म शुक्र नि.मा.वि. को परिसरमा तिहारको बेलामा विविध सांस्कृतिक कार्यक्रम सहित नाटक मञ्चन समेत गर्ने गरे । यसै समूहका शेखर खनाल अहिले नेपाली चलचित्रको सानो तथा ठुलो पर्दाका चर्चित हाँस्य कलाकार, निर्देशक र निर्माता शेखर बाबु पुरूषको नामले परिचित छन् ।

२०४६ देखि २०५१/५२ सालसम्म "एल" गाउँमा केही पुराना र केही पछिल्लो पुस्ताका कलाकारहरू स्व. पदमलाल खड्का, भद्रप्रसाद देवकोटा, अनिल मल्ल, गणेश मल्ल, ढालबहादुर सिंह, मोहवीर खत्री, राजेन्द्र चन्द, गोपाल चन्द र शर्मिला चन्दहरूले "एल" गाउँको सांस्कृतिक क्रियाकलापहरूलाई निरन्तरता दिँदै आएको देखिन्छ । गौघाटको सांस्कृतिक गतिविधि पनि २०४६ देखि २०५१/५२ सम्म नियमित रूपमा सञ्चालन हुँदै आएको देखिन्छ तर नेपाली आधुनिक गीत सङ्गीत र भारतीय चलचित्रको प्रभावका कारणले यो क्षेत्रमा बिस्तारै मौलिक सांस्कृतिक कार्यक्रमहरू प्राय कम हुँदै गएको र कार्यक्रमहरूमा आधुनिक गीत र नाच अनि हिन्दी फिल्मी गीत डिस्को र ब्रेक डान्सको आगमन हुँदै गयो । २०५० को दशकमा माओवादी जनयुद्धका कारणले सबैखाले सांस्कृतिक गतिविधिहरूमा पूर्णबिराम लाग्यो । त्यसै शून्य कालमा मानिसहरू घर भित्र TV र DVD को उपभोगमा परेपछि नयाँ

पुस्ताले पुरानालाई भन्दा नयाँप्रति रुची र आकर्षण देखाउन थाले । ती पुराना कलाकारहरुमा पनि एक किसिमको निराशा उत्पन्न हुन गई उनीहरुमा उत्साह र जाँगर हराएर जान थाल्यो । यो बिचमा पुराना कलाकारहरु मध्ये धेरैजसो कलाकारहरुको निधनले र उहाँहरुको अनुपस्थितिले गर्दापनि जिउँदा कलाकारहरु अन्यौलको स्थितिमा भई निस्क्रिय हुन थाले ।

धौलागिरी गाउँ कलाकारिताको क्षेत्रमा बाँके जिल्लामा मात्रै नभई राष्ट्रमै आफ्नो नाम राख्न सफल भएको छ । स्व. शेरबहादुर गुरूङको नेतृत्वले यो गाउँमा धेरै कलाकारहरु उत्पादन गरेको हो । २०४० को दशकमा प्रसिद्ध गायिका अञ्जना गुरूङ र लोक दोहोरी गायिका चन्द्रा गुरूङको धरातल यहि गाउँ थियो त्यसैगरी झ्याउरे लोक नृत्य विधामा राष्ट्रिय स्तरमै चर्चित नृत्य निर्देशक के.बि. शाही पनि यसै गाउँका उत्पादन हुन् र पछि उनले सिकाएका उनका चेलाचेलीहरु राकेश गुरूङ, शङ्कर शाही, विष्णु शाही र मिलन गुरूङ जस्ता कलाकारहरुले आफ्नो नृत्य कौशलता राष्ट्रिय स्तरसम्म देखाई सकेका छन् र अझैपनि उनीहरु कलाकारिताको क्षेत्रमा क्रियाशील छन् । बाँसुरी र सहनाई राम्रोसँग बजाउन सक्ने, मादल बजाउन सक्ने, लोक दोहोरी गीत गाउन सक्ने र गहकिलो स्वरले ठुला ठुला कार्यक्रमहरु सञ्चालन गर्न सक्ने, विभिन्न टि.भि. च्यानलहरुमा समेत कार्यक्रम प्रस्तोताको रुपमा काम गरिरहेका पत्रकार एवम् कलाकार तिलक क्षेत्री ( गाउँले) पनि यसै गाउँका छोरा हुन् । त्यसैगरी नेपालको चर्चित नृत्यङ्गना र मोडेल आरुषी मगर पनि उनी यहीँ मावली गाउँमा हुर्की बढेकी हुनाले उनको नृत्यको सुरूवात यसै गाउँबाट भएको हो । धौलागिरी गाउँको माटोले कलाकारहरुलाई मात्रै जन्माएनन् कि त्यहाँबाट मनकुमारी थापा साफ खेलाडी, केशमाया श्रीष

एथलेटिक्समा साफको रजत पदक विजेता, मनबहादुर काउचा साफ खेलाडी, रिना राना मगर सितोरियोमा राष्ट्रिय खेलाडीहरूलाई समेत जन्माई खजुराको नाम उच्च राखेको छ ।

२०५४ सालमा शिक्षक एवम् कलाप्रेमी माधव शर्माज्यूको नेतृत्वमा गठित मनकामना युवा क्लबको कार्य समितिमा रहनु हुने उपाध्यक्ष लक्ष्मण कँडेल, सचिव मानबहादुर भण्डारी, कोषाध्यक्ष लिलबहादुर के.सी., सह सचिव प्रकाश के.सी., सदस्यहरूमा बालवीर थापा, जगतराम बानिया, रामप्रसाद कँडेल, शशिधर बि.क., लालबहादुर बि.क. र मनबहादुर बि.क. रहेको सो समितिले हरेक वर्ष सांस्कृतिक कार्यक्रमहरू सञ्चालन गर्न सुरू गऱ्यो जसमा मुख्य मुख्य कार्यक्रमहरू मध्ये २०५६ मा कोहलपुर एनटीभीको मञ्च एक प्रतिभा अनेकमा लोक दोहोरी गीत तथा नृत्य प्रस्तुति, २०५७ मा स्व. मित्रलाल शर्मा स्मृति साँझको आयोजना गरेको, २०६० को शिक्षा दिवसमा स्रोत केन्द्र स्तरीय नृत्य प्रतियोगितामा तेस्रो स्थान प्राप्त लगायत विभिन्न सङ्घ संस्थाको आयोजनामा भएको नृत्य प्रतियोगितामा सहभागी भई विभिन्न स्थान प्राप्त गरेको साथै स्वास्थ्य, शिक्षा, सरसफाइ लगायत विभिन्न जनचेतनामूलक कार्यक्रमहरू गरेको थियो । त्यसैगरी २०५० कै दशकमा मानबहादुर भण्डारी जसले रक्तिम सांस्कृतिक अभियानको केन्द्रीय टोलीको नेतृत्व गरी खजुरा लगायत देशभरिकै सयौँ युवायुवतीहरूलाई कलाकारिताप्रति आकर्षित गरी उनीहरूलाई प्रशिक्षित गराई समाज र देशमा भएका विकृति र विसङ्गतिका विरूद्ध सांस्कृतिक खबरदारी र आन्दोलनको अगुवाइ गर्ने गरेका कलाकार पनि खजुराको गौरव हो । मानबहादुर भण्डारीसँगै कलाकारिताको क्षेत्रमा सहयात्रा गर्ने कुशल नृत्याङ्गना एवम् कोरियोग्राफर कल्पना भण्डारी पनि खाजुराकी निधि हुन् । मनकामनापुर गाउँको नाम उच्चारण गर्ने बित्तिकै मानसपटलमा

कलाकार स्व. मित्रलाल शर्मा र वर्तमान नेपालको लोक दोहोरी गीतहरूको म्युजिक भिडियोका मोडेल, कोरियोग्राफर र निर्देशक सबै युवायुवतीहरूका ढुकढुकी शङ्कर बि.सी. को नाम गुञ्जन थाल्छ । मनकामना गाउँकै अर्जुन बि.सी. जो अहिले नेपाल सांस्कृतिक संस्थानको राष्ट्रिय नाचघरमा प्रशिक्षकको रूपमा कार्यरत छन् यिनीहरूसँगैका समकक्षी बहुप्रतिभाशाली कलाकार शिव सुनार पनि यसै गाउँका हुन् जसले मनकामनापुरको सांस्कृतिक गतिविधिलाई उर्जा दिने काम गरेका थिए ।

२०४२/४३ सालतिर खजुराका राजकुमार सापकोटा र पूर्णचन्द्र उपाध्याय (प्रल्हाद) को युगल जोडीले हाँस्य व्यङ्ग्य नाटकमा महेन्द्र बहुमुखी क्याम्पस लगायत खजुरा क्षेत्रमै तहल्का पिटेको थियो । त्यति नै बेला बर्दियाका बहुप्रतिभाशाली कलाकार स्व. फत्तेराम जि.एम. को नेतृत्वमा यिनै पूर्णचन्द्र उपाध्याय, राजकुमार सापकोटा, ऋषि पोखरेल, के.बि. शाही, प्रदिप थापा, हिरा जि.एम. र सुन्दर गुरूङ लगायतका कलाकारहरु मिलेर विश्व शान्ति सांस्कृतिक परिवार नामक संस्था खोलेका थिए । सो संस्थाले खासै कार्यक्रमहरु गर्न नपाउँदै उक्त संस्थामा राजनीति घुसेपछि त्यो संस्था डेकफोमा परिणत भएको थियो र डेकफोबाट फत्ते जि.एम. ले २/४ ओटा ठाउँहरूमा विविध सांस्कृतिक कार्यक्रम तथा नाटकहरु मञ्चन गरेका थिए । त्यसैगरी खजुरा बजारकै बासिन्दा शरण कर्माचार्य जसले राष्ट्रिय जनसांस्कृतिक मञ्च बाँकेमा कार्यक्रम सञ्चालक भएर बाँके जिल्ला लगायत पश्चिम नेपालका थुप्रै जिल्लाहरूको दौडाहा गरी कार्यक्रमहरूलाई सञ्चालन गर्न निपुण भएकै कारणले आज एबिसी टि.भि. को सम्वाददाता र कार्यक्रम प्रस्तोता हुँदै अहिले लुम्बिनी प्रदेशको ब्युरो प्रमुख जस्तो उच्च पदमा कार्यरत छन् । २०४५ सालतिर खजुरामा कलाकार सरु

गुरूङको पहलमा त्यतिबेलाका चर्चित कलाकार कमल थापा, लक्ष्मी थापा, नवीन क्षेत्री, सुन्दर मगर र रिता दाहाल मिलेर सगुन डान्स क्लब खोलेका थिए जुन क्लबले त्यो समयमा आधुनिक नाच (डिस्को र ब्रेक डान्स) गर्नमा जिल्लामै नाम कमाएको थियो ।

२०५९ सालमा खजुरा क्षेत्रको समग्र विकासका गर्ने उद्देश्यले खजुराका बुद्धिजीवी वर्गहरू मिलेर खजुरा क्षेत्र संरक्षण समिति गठन गऱ्यो जसको संस्थापक पदाधिकारीहरूमा अध्यक्ष मिलन सापकोटा, उपाध्यक्षमा चिनियाँराम आचार्य र शिवराज श्रेष्ठ महासचिवमा अमृतकुमार कर्माचार्य, सचिवमा शरण कर्माचार्य, कोषाध्यक्षमा पदम धिताल लगायत सदस्यहरूमा अतिउल्ला खाँ, उत्तमराज घिमिरे, रेशमबहादुर जि.सी., किस्मतकुमार कक्षपति, होमनाथ सापकोटा, मिनबहादुर अर्गाली, मडनाथ दवाडी, रामचन्द्र बोगटी, सम्मरबहादुर भण्डारी, राजेन्द्रप्रसाद सापकोटा र बसन्ती लामा हुनुहुन्थ्यो । उक्त संरक्षण समितिले २०६१ सालदेखि हरितालिका तीजको मौलिकतालाई जोगाउने उद्देश्यले तीज गीत नृत्य प्रतियोगिताको आयोजना गरेर तीज महोत्सव सञ्चालन गर्दै आएको छ । उक्त संरक्षण समितिमा हालसम्म रेशमबहादुर जि. सी., महेन्द्र मल्ल, शिवराज श्रेष्ठ, उत्तमराज घिमिरे, दुर्गालाल बि.क. र वर्तमानमा प्रेमबहादुर बुढाथोकीले नेतृत्व गरिरहेका छन् र सो संस्थाको हाल खजुरा बजारको मुख्य सडकमा आफ्नै कार्यालय भवन रहेको छ जहाँबाट अझै पनि खजुराको समग्र बिकासका योजनाहरू निर्माण हुने गर्दछन् ।

कलासँग जोडिएको अर्को विधा हो साहित्य विधा । खजुरालाई नेपाली साहित्यको उडानसँगै उडाउन पखेटाहरू दिने खजुरेली साहित्यकारहरू मध्येकै अग्रज आख्यानकार डा. इन्द्र बहादुर भण्डारीले आफ्नो पहिलो कृतिको रूपमा उपन्यास 'सडकको जिन्दगी' २०५३

सालमा प्रकाशित गरेपछि नेपाली साहित्यिक नक्षत्रमा खजुरेली साहित्यकारको लेखनीले हलचल मच्चायो । त्यसपछि २०५८ र २०५९ मा उनले 'त्रिवेणी' र 'दोभान' कथासङ्ग्रह प्रकाशित गरे जसले साहित्यिक क्षेत्रमा खजुरालाई समेत पहिचान दिलायो । कथासङ्ग्रह 'त्रिवेणी' र 'दोभान' को सफलतापछि २०६० मा उनले साहित्यिक क्षेत्रको अर्को विधामा 'मृत्युसँगै' शीर्षकको खण्डकाव्य प्रकाशित गर्नु भयो र त्यसपछि २०६२ मा पुनः कथासंग्रह 'मान्छेहरु', २०६३ सालमा दोस्रो उपन्यास 'तिम्रो एउटा सहयात्री' प्रकाशित गर्नुभयो । यी सबै प्रकाशित कृतिले उहाँलाई २०६१ मा युनेस्को साहित्यिक सम्मान, २०६२ मा भेरी साहित्यिक सम्मान, २०६३ मा बि. विकास स्मृति साहित्यिक पुरस्कार तथा २०६३ मै नेपाल चीन पारस्परिक सहयोग समाज मार्फत् चिनियाँ राजदूतद्वारा सम्मानले सुशोभित गराएको थियो ।

## गणतन्त्र काल (२०६३ देखि हालसम्म)

यता माओवादीले सञ्चालन गरेको १० वर्षे जनयुद्ध उत्कर्षमा पुगिरहेको परिप्रेक्ष्य उता २०६१ माघ १९ को शाही घोषणा मार्फत् ज्ञानेन्द्रले प्रजातन्त्रमाथि गरेको कु को घटनाको परिणामले बनेको ८ दलीय राजनैतिक समझदारी र २०६२ मङ्सिर ७ मा भएको दलहरु बिचको १२ बुँदे सहमति र सो सहमति अनुसार २०६२ चैत्र २४ देखि चलेको १९ दिने जनआन्दोलनले अन्तत्वगत्वा २४० वर्षे राजतन्त्रलाई जरैदेखि उखेलेर फ्याँकेपछि बनेको ८ दलीय अन्तरिम सरकारले २०६४ चैत्र २८ गते पहिलो संविधान सभाको चुनाव सम्पन्न गरिसकेपछी २०६५ ज्येष्ठ १५ गते पहिलो बैठकले देशलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रुपमा स्थापित गऱ्यो र २०७२ असोज ३ गते जारी भएको संविधानले नेपाललाई सङ्घीय

लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रूपमा संस्थागत गरेपछि सुरू भएको यो कालखण्डमा खजुराको सांस्कृतिक गतिविधिको विषयमा चर्चा गर्नुअघि खजुराको वर्तमान सांस्कृतिक अवस्थालाई यहाँ चित्रण गर्न उपयुक्त ठान्दछु ।

- खजुरा कला र संस्कृतिको क्षेत्रमा अहिले जिल्लामै अग्र स्थानमा रहेको छ । खजुरामा अहिले पहाडी समुदायमा मगरे, झ्याउरे, सालैजो, कौरा, घाटु, सिंगारू, टप्पा, कुरकुटी, गर्रा, लहरे, लवा, सखिया, झुम्रा, नौटङ्की, लिली घोंडी जस्ता नाचहरु अझै पनि नाचिन्छ भने लोक दोहोरी गीतहरु गाइन्छन्, त्यसैगरी थारु समुदायमा मघौटा, ढमार, झुम्रा, सखिया, सजना, मान्गर र बारामासा गीतहरु, मधेसी समुदायमा सोहर, सरिया, पिपरी, झुलना, पलना, द्वाराचार, भांवर, कलेवा, गारी, होरी, कजरी, लेज, कबिर, बारामासा गीतहरु र मुस्लिम समुदायमा सादीगाना, अल्लापीर गाना र मासिया गानाहरु अझैपनि विभिन्न पर्व र उत्सवहरूमा गाउने गरिन्छ ।
- चलचित्र अभिनेता स्व. मित्रलाल शर्मा, चर्चित मोडेल र कोरियोग्राफर शङ्कर बि.सी., राष्ट्रिय नाचघरको नाट्य प्रशिक्षक अर्जुन बि.सी., चर्चित मोडेलहरु आरुषी मगर, मौसमी राना, श्रीष्टि शाही, सम्प्रिया खड्का, चर्चित कोरियोग्राफर दिलु सुनार, चर्चित गायिकाहरु अञ्जना गुरूङ, चन्द्रा गुरूङ, तृप्ति खडका, सावित्री अधिकारी, चलचित्र कलाकार एवम् निर्देशक शेखर खनाल, केशव शर्मा यी सबै खजुरा कै उत्पादन हुन् ।
- नेपालगञ्जमा हुने प्रदेश स्तरीय महोत्सवमा डान्स आइडल बनेका श्रीष्टी शाही, आरुषी मगर, सम्प्रिया खड्का, सुष्मिता शाही र समीक्षा थापा पनि खजुराकै हुन् ।

- वर्तमान अवस्थामा नेपालगञ्ज लगायत यस प्रदेशका विभिन्न जिल्लाहरूमा हुने मेला महोत्सवहरूमा अहिले खजुराकै कलाकारहरूको प्रस्तुतिहरू हुने गर्छन् ।
- नेपालगञ्जमा हुने हरेक उत्सव र महोत्सवहरूमा मौलिक बाजा नौमती र पञ्चे बाजा बजाउने टोली पनि खजुराकै हुने गर्दछ ।
- साहित्यिक क्षेत्रमा खजुराका स्थापित साहित्यकारहरू डा. इन्द्रबहादुर भण्डारी, कल्पना पौडेल, चरित्रा शाह, मणिदेव अर्याल, लेकप्रसाद प्याकुरेल लगायत थुप्रै कवि, साहित्यकारहरू खजुराका मात्रै नभएर राष्ट्रिय स्तरका साहित्यिक गहनाहरू हुन् ।
- खजुराले खेल क्षेत्रमा पनि केशमाया श्रीष, मानबहादुर काउचा, दिपा गुरूङ, कृष्णा खत्री, सोनिया भट्ट, नेरी थापा, बिनु बुढा मगर, इसरार खाँ र दिपकराज सिंह जस्ता अन्तर्राष्ट्रिय स्तरका खेलाडीहरू जन्माएको छ ।
- सञ्चार जगतका स्थापित सञ्चारकर्मी शरण कर्माचार्य, स्मृति गिरी, टि.एस. ठकुरी, तिलक क्षेत्री, गोविन्द आचार्य, दुर्गा रोकाया, खगेन्द्र दाहाल, कमल खत्री, विक्रम बुढा क्षेत्री र हरि अधिकारी खजुराकै भूमिपुत्रहरू हुन् ।

२०६३ सालपछि नेपालमा गणतन्त्र आइसकेपछि पनि खजुरामा रहेका सबै समुदाय मधेसी, मुस्लिम, थारु र पहाडी समुदायहरूको आफ्नो जाति, धर्म र संस्कृति अनुरूपका सबै संस्कारहरू, कला साहित्य र सांस्कृतिक गतिविधिहरू नियमित चल्दै आइरहेको छ । मधेसी र मुस्लिम समुदायमा यति धेरै संस्कार र संस्कृति हुँदाहुँदै पनि थारु र पहाडी समुदायले झैं आफ्नो सांस्कृतिक गतिविधि र कलालाई सार्वजनिक रूपमा प्रदर्शन गर्न चाहँदैनन् । त्यसैले पनि

यी दुबै समुदायको कला र संस्कृति ओझेलमा पर्दै आएको छ तर थारु र पहाडी समुदायहरु आफ्नो कला र संस्कृतिलाई हरेक पर्व र उत्सवहरुमा सार्वजनिक स्थलमा मनाउने गर्छन् जसको कारणले यी दुबै समुदायहरुको मौलिक कला र संस्कृतिहरुले गर्दा नै अहिले नेपालीहरुलाई विश्वले चिन्ने गर्दछन् । गणतन्त्रपछि कला र संस्कृतिको क्षेत्रमा जलपोखरीमा पछिल्लो पुस्ताका कलाकारहरु पदम गुरुङ, गुमानसिंह गुरुङ, राजु राना, जगत राना, रामु थापा, दानबहादुर राना, दिपेन्द्र राना, हरि राना लगायत ईशा गुरुङ, करिश्मा गुरुङ, मोहिनी गुरुङ, टिका राना, ललिता थापा क्षेत्री, संगीता थापा क्षेत्री र तारा घर्तीहरुले जागृति समूहबाट गाउँमा सांस्कृतिक कार्यक्रमहरुलाई निरन्तरता दिँदै आएको थियो र सोही समूहले २०६८ सालको नेपालगञ्ज व्यापार तथा औद्योगिक महोत्सवले आयोजना गरेको सामूहिक लोक नृत्य प्रतियोगितामा प्रथम स्थान प्राप्त गर्न सफल भएको थियो । २०६६/०६७ सालमा मेरो पहलमा जिल्ला शिक्षा कार्यालय बाँकेबाट राधापुर सामुदायिक अध्ययन केन्द्र नामको अनौपचारिक शैक्षिक संस्थाको अनुमति प्राप्त गरी सो संस्था स्थापना गरियो । २०७० सालदेखि २०७६ सालसम्म उक्त संस्था मार्फत् तीज गीत र नृत्यको मौलिकतालाई संरक्षण र संवर्धन गर्ने उद्देश्यले महिलाहरुको पावन पर्व हरितालिका तीजको दिनमा जलपोखरी स्कुलकै प्राङ्गणमा खुला तीज गीत नृत्य प्रतियोगिता सञ्चालन गरिएको थियो । २०७७ सालमा आएको कोभिड १९ को महामारीको कारणले उक्त शृङ्खला टुट्न गए तापनि अब यो शृङ्खलालाई पुनः जोड्ने तयारीमा संस्था रहेको छ । २०६० को दशक यता सैनिक गाउँमा संस्थागत रुपले त्यस्तो सांस्कृतिक गतिविधि नभए तापनि नृत्य विधामा थुप्रै नव प्रतिभाहरु देखा परिरहेका छन् । श्रीष्टी शाही जसले नृत्य विधामा

जिल्ला, अञ्चल र क्षेत्रमै डान्स आइडलको उपाधि जित्न सफल भएकी छिन् । त्यसैगरी पछिल्लो समयमा नृत्य विधामा सानैदेखि प्रवेश गरेकी दुर्गा राना पनि अहिले धेरै स्तरीय कलाकारको रुपमा आफ्नो पहिचान बनाउन सफल भएकी छिन् । श्रीष्टी र दुर्गा दुबैले नेपाली म्युजिक भिडियोहरुमा समेत आफ्नो कलाकारिता देखाइसकेकी छिन् ।

"ए" गाउँका कूलसिंह ठकुरीले ६० को दशकमा गायकीमा निकै चर्चा कमाएका थिए भने सुनिल सिंह अहिले पनि राजधानीमा बसेर आफ्नो गायकी पेसालाई अगाडि बढाइरहेका छन् । खेमबहादुर मल्ल अस्वस्थ रहेर पनि कलाकारिताप्रति उनको लगाव पहिल्यै जस्तो छ । त्यसैगरी "ए" गाउँकी देवी अधिकारी नेपालगञ्ज बसेर पनि गायन बेलाबखत हुने सांस्कृतिक कार्यक्रमहरुमा जोडिइरहेकी हुन्छिन् । खेलकुदको क्षेत्रमा "ए" गाउँकै लालबहादुर मल्ल जस्ता राष्ट्रिय स्तरको भलिबल खेलाडी तथा प्रशिक्षक अहिले पनि विभिन्न स्कुलमा प्रशिक्षक भएर खेलाडी उत्पादन गर्ने कार्यमा व्यस्त छन् भने राष्ट्रिय स्तरको फुटबल खेलाडी भिमजंग शाह र सितोरियोका राष्ट्रिय खेलाडी एवम् प्रशिक्षक जगतजंग शाह जस्ता खेलाडीहरु पनि "ए" गाउँसँग सम्बन्ध राख्दछ । पछिल्लो समयका "ए" गाउँकै दिपक राज सिंह ठकुरीले यसै वर्ष नेपालको राष्ट्रिय जर्सी लाएर अन्तर्राष्ट्रिय फुटबल खेलिसकेका छन् भने उनकै सहोदर भाइ विजय सिंह ठकुरी पनि अहिले फुटबलको राष्ट्रिय स्तरको खेलमा सहभागी छन् । "ए" गाउँकै तेजविक्रम शाहले २०७८ सालमा नेपालमा कोभिड १९ बाट मृत्यु भएका मृतकहरुका सम्झनामा मेची महाकाली श्रदाञ्जली साइकल यात्रा सम्पन्न गरेर खजुरा गाउँपालिका र बाँके जिल्लालाई समेत नेपालमै चिनाउन महत्वपूर्ण भूमिका खेलेका थिए । "बि" गाउँका कमल थापाले

२०६२ देखि २०७० सालसम्म काठमाण्डौको डान्स क्लबमा अनि २०७० देखि हालसम्म सिक्किमको गान्तोक हुँदै हाल गोवामा डान्स क्लब चलाइरहेका छन् । आफ्नो जीवन नै नृत्य विधामा समर्पित गर्दै अहिलेसम्म भारतको गोवा र पुनेमा डान्स क्लब चलाउँदै छन् भने उनकी छोरी समीक्षा थापाले पनि बाँके जिल्लामै उत्कृष्ट नृत्याङ्गनाको रूपमा आफूलाई परिचित गराइसकेकी छिन् र यहाँ हुने हरेक कार्यक्रममा उनी संलग्न हुने गर्छिन् ।

२०६२/०६३ पछि छत्रेश्वरप्रसाद शर्मा, केशव प्रसाद शर्मा र गजेन्द्र नेपाली "सि" गाउँमा कलाकारिताको क्षेत्रमा सक्रिय भएर आए । गजेन्द्र नेपाली एउटा कुशल हार्मोनियम, मादल र बाँसुरी बादक हुन् । उनले टेलिभिजनका थुप्रै लोक दोहोरी कार्यक्रममा वाद्यवादकको रूपमा आफ्नो प्रस्तुतिहरू दिइसकेका छन् । त्यसैगरी छत्रेश्वरप्रसाद शर्मा नाटक लेखक, अभिनय र उद्घोषण गर्ने गर्छन् भने उनले अहिलेसम्म लगभग ८ ओटा टेलिफिल्म र एउटा ठुलो पर्दाको फिल्ममा अभिनय गरिसकेका छन् । उनका सहोदर भाइ केशवप्रसाद शर्मा पनि एउटा कुशल नृत्यकार र कोरियोग्राफर हुन् । उनी पछिल्लो समय अभिनय विधामा पनि सक्रिय छन् । उनले पाठशाला नामक ठुलो पर्दामा समेत आफ्नो अभिनय देखाइसकेका छन् भने उनले हालै सानो तथा ठुलो पर्दाका कथानक चलचित्रमा सह निर्देशक भएर २/३ ओटा फिल्म समेत बनाइसकेका छन् । छत्रेश्वरप्रसाद शर्माले "सी" गाउँमा २०५२/०५३ मा खोलेको बाल स्पोर्ट्स क्लबलाई २०६२/०६३ मा बिहानी युवा क्लबमा रूपान्तर गरी सोही क्लब मार्फत् विभिन्न किसिमका सांस्कृतिक कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन् । त्यसैगरी २०६० को दशक यता छोटो समयमै कलाकारिता क्षेत्रमा एकदमै सक्रिय भई आफूलाई कलाकारको रूपमा स्थापित गराउन सफल

कलाकार स्व. रवि फुयाँलले यो खजुराको कलाकारिताको क्षेत्रमा पुऱ्याएको महत्वपूर्ण योगदानलाई पनि बिर्सिन मिल्दैन । उनी विशेषगरी वाद्यवादनमा निपुण थिए र उनले थुप्रै कलाकारहरूलाई वाद्यवादन, गायन र नृत्यको प्रशिक्षण दिएका थिए ।

खजुरामा २०७४ र २०७५ मा तिलकवीर सुनार अध्यक्ष र तिलक क्षेत्री गाउँले सांस्कृतिक संयोजक रहेको खजुरा युवा सञ्जालले खजुरा मुस्कटवा बाबाको मजार छेउमा १० दिने मुस्कटवा बाबा मेला तथा खजुरा महोत्सव लागेको थियो । त्यसै स्थलमा २०७६ सालमा घरेलु महासङ्घको आयोजना तथा खजुरा युवा सञ्जालको व्यवस्थापनमा पुनः १० दिनको महोत्सव सञ्चालन गरिएको थियो । जहाँ खजुराका थुप्रै कलाकारहरूले क्लब, सङ्घ/संस्था र समूहहरु मार्फत् आफ्नो कलाकारिता प्रदर्शन गर्ने अवसर प्राप्त गरेका थिए । खजुराका कोरियोग्राफर तथा म्युजिक भिडियो निर्देशक बिमल जि.एम. अहिले पछिल्लो समयका कलाकारिताको क्षेत्रमा "डि" गाउँका सक्रिय कलाकार हुन् । नेपाली म्युजिक भिडियोको दुनियाँमा चर्चित डान्सर तथा मोडेल आरूषी मगर "डि" गाउँकै छोरी हुन् र उनी अहिले नेपालकै सेलिब्रेटी कलाकार हुन् । पछिल्लो समयमा न्यू डाँफे क्लबले विशेषगरी फुटबल खेलको क्षेत्रमा नेपालमै आफ्नो पहिचान स्थापित गरिसकेको छ । क्लबकै पहलमा यो गाउँमा रहेको आदर्श आधारभूत विद्यालयको मैदानमा मिनी फुटबल स्टेडियम निर्माण भएको छ भने हरेक वर्ष यस स्टेडियममा राष्ट्रिय स्तरको फुटबल टुर्नामेन्ट सञ्चालन हुने गर्छ ।

२०६० को दशकदेखि गायकी क्षेत्रमा आफ्नो भविष्य बनाउन राजधानी पसेकी "ई" गाउँकी तृप्ती खड्का अहिले नेपालकै अब्बल गायिका मध्येमै चिनिन्छन् भने उनकी सहोदर बहिनी सम्प्रिया

खड्का पनि अहिले नेपालको लोकप्रिय कार्यक्रम इन्द्रेणीमा आफ्नो नृत्य कला प्रस्तुत गर्ने गर्छिन् । उनले थुप्रै म्युजिक भिडियोहरूमा मोडलिङ समेत गरिसकेकी छिन् । त्यसैगरी २०७६ सालमा "ई" गाउँका अग्रज कलाकार बलबहादुर बुढा, दिलवीर बि.सी. र रूपसिंह भण्डारीको पहलमा लहरे, गर्रा र सिंगारु नाच संरक्षण समिति गठन गरेर गाउँपालिकामा दर्ता समेत गरी सोही समिति मार्फत् लोप हुन लागेको गर्रा, लहरे र सिंगारु नाच गाउँका युवायुवतीहरूलाई तालिम दिएर सिकाउने काम भएको छ । गर्रा नाचका गुरू कर्णबहादुर बुढा, सिंगारु नाचका गुरू रूपसिंह भण्डारी र दिलवीर बि.सी. तथा लहरे नाचका गुरू (अगुवा) ईश्वरे बुढा र डम्बर भण्डारीले गाउँका २२ जना केटाकेटीहरूलाई तालिम दिएर ४/५ ठाउँमा सो नाचहरु प्रदर्शन समेत गराइसकेका छन् । त्यसैगरी "ई" गाउँमा हालै मात्र "ई" गाउँका र अडोस पडोसका गाउँका दमाहा बजाउने कलाकारहरु मिलेर दमाह बाजा समूह गठन भएको छ जसले विवाह तथा शुभ कार्यहरूमा दमाहा बाजा बजाउने कामको सुरूवात पनि गर्दैछ ।

पछिल्लो ६० को दशक यता "के" गाउँकै दिपेश पुन मगर निरन्तर रूपमा गायन विधामा सक्रिय छन् । त्यसैगरी "के" गाउँकै गौतम श्रेष्ठ एथलेटिक्सका पूर्व राष्ट्रिय खेलाडी, साफ गेमका रेफ्री साथै हालको एथलेटिक्स प्रशिक्षकको रूपमा सक्रिय छन् । २०६० को दशक यता "एल" गाउँकी शर्मिला चन्द गायकीमा, चाँदनी चन्द र धिरज चन्द नृत्य विधामा चर्चित भए । धिरज चन्दले अहिले पनि नृत्यलाई आफ्नो पेसा बनाएका छन् र उनी भारतको गोवाको नाइट क्लब र क्यासिनोमा डान्स ग्रुप चलाउँछन् । त्यसैगरी २०७० को दशक यता "एल" गाउँकै दिलु सुनार लोक नृत्य विधामा र नृत्य कोरियोग्राफको क्षेत्रमा नेपालमै पहिचान

बनाउन सफल भएका छन् । उनले हालै सगरमाथा डान्स एण्ड इन्टरटेनमेन्ट ग्रुप दर्ता गरी सोही ग्रुप मार्फत स्थानीय तह लगायत, जिल्ला, प्रदेश र राष्ट्रिय स्तरसम्म हुने विभिन्न कार्यक्रम, मेला, महोत्सव तथा पर्वहरूमा आफ्नो कलाकारहरूको कार्यक्रम प्रस्तुत र प्रदर्शन गर्ने गराउने गरिरहेका छन् र यो ग्रूपले ४/५ ओटा म्युजिक भिडियोहरूमा समेत आफ्नो कला प्रदर्शन गरिसकेका छन् । त्यसैगरी २०७० को दशकको सुरूवातदेखि नै "एल" गाउँकी मौसमी राना मगरले नृत्य र अभिनय विधामा आफ्नो प्रतिभाको प्रदर्शन गर्दै आएकी छिन् । थुप्रै म्युजिक भिडियोहरूमा मोडेल भएर खेलिसकेकी मौसमी राना हाल काठमाण्डौलाई आफ्नो कर्मथलो बनाएर कलाकारिताको क्षेत्रमा तल्लीन भई आफ्नो भविष्य बुन्दै छिन् ।

त्यसैगरी २०६० को दशकदेखि नै मोफसलमा रहेर टि.भी. सिरियलबाट सानो पर्दा हुँदै ठुलो पर्दाहरूमा समेत आफ्नो सशक्त अभिनय प्रदर्शन गर्ने कलाकार अनिता सुनार पनि मनकामनापुरकै हुन् । चलचित्रका नायक स्व. मित्रलाल शर्माका पुत्र कुमार शर्मा एक कुशल नृत्यकार एवम् कोरियोग्राफर अहिले कलाकारिताको क्षेत्रमा सक्रियताका साथ लागिपरेका छन् । त्यसैगरी मानबहादुर भण्डारीका सुपुत्र बसन्त भण्डारी अहिले ज्ञानोदय नमुना माध्यामिक विद्यालयका नृत्य गुरूको रूपमा कार्यरत छन् । चलचित्रका नायक स्व. मित्रलाल शर्माका पुत्र कुमार शर्मा एक कुशल नृत्यकार एवम् कोरियोग्राफर अहिले कलाकारिताको क्षेत्रमा सक्रियताका साथ लागिपरेका छन् । मनकामनापुरको माटोमा कलाकारहरूले मात्रै जन्म लिएका छैनन्, यहाँ चित्रकला र साहित्यको क्षेत्रमा राष्ट्रमै अब्बल दर्जाका चित्रकार र साहित्यकारहरूले पनि जन्म लिएका छन् । त्यस्तै एउटा पात्र हुन् चित्रकार डि.बि. भण्डारी । भण्डारी

पेसाले चित्रकार हुन् । सन् २००२ मा कानून व्यवसायीहरूको पेसागत सङ्गठन नेपाल बार एशोसिएशनको केन्द्रीय समितिले आयोजना गरेको पोट्रेट (चित्रकला) प्रतियोगितामा सर्वोत्कृष्ट भई प्रथम भएका भण्डारीले अहिले नेपाल लगायत विदेशमा समेत पोस्टर डिजाइनको काम गर्दैछन् । उनले बेलायत, इटली, कतार लगायत दर्जनौँ देशका कम्पनीहरूलाई उनीहरूका माग अनुसारको पोस्टर एवम् डिजाइन बनाएर बेचिसकेका छन् । उनले एउटै पोस्टर डिजाइन गरे वापत लाख रुपैयाँसम्म कमाउने गर्छन् । उनले विगतमा पोट्रेट आर्ट लगायत अन्य विभिन्न किसिमका चित्रकारिता गर्दै आए तापनि हाल उनी म्युरल वाल आर्टमा व्यस्त छन् । घरको भित्तामा होस् या कोठामाथिको सिलिङमा होस् मनै लोभ्याउने किसिमका प्राकृतिक छटाको जीवन्त चित्र कोर्न सक्ने भण्डारीको चित्र हेरेर जो कोहीको मन पनि मन्त्रमुग्ध हुन सक्छ । यसरी आफ्नो चित्रकारिताको माध्यमबाट खजुरा लगायत सिङ्गो देशको नाम विदेशमा समेत राख्न सफल चित्रकार खजुराले पाएको छ ।

२०६३ सालतिर जब देशमा गणतन्त्रको स्थापना भएर शान्ति आयो अनि धौलागिरी गाउँका सबै जातजातिका केही अगुवा कलाकारहरु मिलेर नौमती बाजा तथा मारूनी नाच संरक्षण समिति गठन गरी नौमती बाजागाजाको व्यवस्थापन गऱ्यो जसको अध्यक्षमा गंगबहादुर थापा मगर (दमाह), उपाध्यक्षमा बलबहादुर दगामी मगर (ट्याम्कुली), सचिवमा गंगबहादुर काउचा मगर, सह सचिवमा टेकबहादुर गुरूङ (शहनाई), सदस्यहरूमा ठक्करबहादुर आले (दमाह), एकेन्द्रराज पुलामी मगर (शहनाई), रुद्रबहादुर श्रीष (शहनाई), चित्रबहादुर राना (झ्याली), केशरबहादुर काउचा (ढलकी), दिलबहादुर काउचा (दमाह), डोलराज श्रीष (ढलकी),

छबिलाल काला मगर (नरसिंहा), सूर्यबहादुर श्रीष (नरसिंहा), तिलक गाउँले (सहनाई), सागर गुरूङ (ढलकी) रहेका थिए । नौमती बाजा समूहको गठन भैसकेपछि यसले छोटो समयमै चर्चा र प्रसिद्धि पाउन थाल्यो । आफ्नो गाउँठाउँ बाहेक नेपालगञ्ज, कोहलपुर, बर्दिया, दाङ र सुर्खेतसम्म हुने कुनै पनि किसिमको पर्व, मेला, महोत्सव आदिको उद्घाटन होस् या झाँकी र्‍याली होस्, बिहे बारात होस् या पूजाआजा होस् या श्रीमद् भागवत्को सप्ताहको उद्घाटन होस् हरेक उत्सवमा धौलागिरीको नौमती बाजाको माग दिन प्रतिदिन बढ्दै गएको छ । साथै पछिल्लो समयमा यदाकदा गाउँमा कुनै विशेष पर्व भएको बेला या पूजाआजा भएको बेला मारूनी नाच पनि नाच्ने नचाउने गरेको पाइन्छ ।

विशेषगरी नेपाली आधुनिक सङ्गीत र भारतीय चलचित्रको प्रभावका कारणले यस्ता सांस्कृतिक क्रियाकलापहरू कम कम हुँदै गए । २०५० को दशकमा माओवादी जनयुद्धका कारणले सबैखाले सांस्कृतिक गतिविधिहरूमा पूर्ण बिराम लाग्यो । त्यसै शून्य कालमा मानिसहरू घरभित्र TV र DVD को उपभोगमा परेपछि नयाँ पुस्ताले पुरानालाई भन्दा नयाँप्रति रूचि र आकर्षण देखाउन थाले । ती पुराना कलाकारहरूमा पनि एक किसिमको निराशा उत्पन्न हुन गई उनीहरूमा उत्साह र जाँगर हराएर जान थाल्यो । यो बिचमा पुराना कलाकारहरू मध्ये धेरैजसो कलाकारहरूको निधनले र उहाँहरूको अनुपस्थितिले गर्दा पनि जिउँदा कलाकारहरू अन्यौलको स्थितिमा भई निस्क्रिय हुन थाले । त्यसैले २०६० को दशकदेखि २०७० को दशकसम्म आइपुग्दा यी मौलिक लोक नाचहरू कुनै विशेष पर्व या उत्सव आदिमा प्रदर्शनीका रूपमा मात्रै नाच्ने गरियो । यसको जगेर्ना र संरक्षण पनि गर्न सकिएन र यसलाई नयाँ पुस्तामा हस्तान्तरण पनि गर्न नसक्दा अहिले यी नाचहरू

लोपोन्मुख अवस्थामा पुग्यो । आफ्नो संस्कृति हराउन लागेको बोध भएपछि २०७८ सालमा यमबहादुर महताराको पहलमा दमाह बाजा तथा सिंगारु नाच संरक्षण समूह गठन गरी यसलाई वडा र पालिकामा समेत दर्ता गरी आफ्नो मौलिक लोक नाच र लोक बाजालाई संरक्षण र संवर्धन गर्ने एउटा सराहनीय कार्यको थालनी भएको छ । जुन समितिमा अध्यक्ष भिमबहादुर खत्री, उपाध्यक्ष प्रेमबहादुर राना, सचिव यमबहादुर महतारा, कोषाध्यक्ष टोपबहादुर वली र सदस्यहरुमा लक्ष्य बहादुर वली, थिरबहादुर सिंह, बीरबहादुर राना, दलबहादुर मल्ल र तिलबहादुर महतारा छन् । यो समूहले नौमती बाजाको व्यवस्था गरी प्रशिक्षण लिने काम गर्दैछ र गाउँमा हुने विहेबारीमा आएको माग अनुसार यो समूहले बजाउन जान सुरू पनि गरिसकेको छ ।

गौघाटले आफ्नो लोक संस्कृतिलाई र लोक बाजाहरूलाई जगेर्ना गर्ने उद्देश्य राखेर पछिल्लो समय जुन पहल गरेको छ, यो पहल सबै गाउँका लागि र सिंगो खजुराको लागि पनि अनुकरणीय छ । गौघाटमा मानिसहरु कलाकारिताको क्षेत्रमा मात्रै होइनन्, खेलकूद र पत्रकारिताको क्षेत्रमा पनि अगाडि छन् । टि.एस. ठकुरी खेलकुद पत्रकार, जसले गौघाटमा राष्ट्रिय बिच भलिबल खेलकुदको आयोजना गरेर खजुरालाई देशभरि चिनाउने काम गरे । त्यसैगरी उनले यो वर्ष नेपालगञ्ज म्याराथनको ८ औं शृङ्खला पूरा गर्दैगर्दा यो म्याराथनलाई विश्वव्यापीकरण गर्ने सोंचका साथ अघि बढिरहेका छन् । हामी सबैको शुभकामना छ टंक सिंह ठकुरीलाई आफ्नो मिशनमा अवश्य सफल हुनुहोस् । त्यसैगरी पत्रकारिताकै क्षेत्रबाट वरिष्ठ पत्रकारहरु कमल खत्री, विक्रम बुढा क्षेत्री, फोटो पत्रकार गणेश राईलाई गौघाट र खजुराले कहिल्यै बिर्सिने छैन ।

२०६५ सालमा सन्तोष रेग्मीको अगुवाइमा प्रेम बुढाथोकी, दिपक मल्ल, कल्पना थापा, कमल जोशी र महेन्द्र शर्मा लगायत खजुरा बजारका युवाहरु मिलेर खजुरा युथ क्लबको स्थापना गरे र क्लबबाट नयाँ वर्षको उपलक्ष्यमा एउटा सांस्कृतिक कार्यक्रम र दशैंमा दशैं महोत्सवको कार्यक्रमको आयोजना गरेका थिए । त्यसैगरी खजुराका पछिल्लो नयाँ पुस्ताका कलाकारहरु जसले बेला बखतमा खजुराको नाम र मान बढाउने काम गरेका छन् । अब्बल नृत्य कलाकार एवम् कोरियोग्राफर विशाल गुरूङ, कोरियोग्राफर प्रमात श्रेष्ठ, डान्सर तथा मोडेल सुष्मिता शाही, गायक सुनिल ढकाल र गायिका सावित्री अधिकारीको नाम पनि यहाँ उल्लेख गर्न आवश्यक ठान्दछु । सुनिल ढकाल २/४ ओटा म्युजिक भिडियो निकालेर हाल वैदेशिक रोजगारको सिलसिलामा जापानमा छन् भने सावित्री अधिकारी हाल काठमाण्डौलाई आफ्नो कर्मक्षेत्र बनाएर निरन्तर रूपमा गायन क्षेत्रमा आफ्नो भविष्य बनाउदै छिन् र उनले आफ्नो स्वरमा धेरै गीतहरु रेकर्ड पनि गरिसकेकी छिन् ।

देशमा गणतन्त्र संस्थागत भैसकेपछि डा. इन्द्रबहादुर भण्डारीले समालोचना 'पूर्वदेखि पश्चिमसम्म' (२०६९), कथासङ्ग्रह, दोभान (०५८) त्रिवेणी (०५९), मान्छेहरू (०७४) 'मान्छेभित्रका मान्छेहरु' (२०७७), उपन्यासहरु तिम्रो एउटा सहयात्री (०६७) 'कटुकी' (२०७४), 'देई' (२०७७), कथासङ्ग्रह 'मयाँगाँठो' (२०८०) लगायत थुप्रै स्मारिका र पत्रपत्रिकाको सम्पादन गरिरहेका साहित्यकार भण्डारी खजुराका साहित्यिक निधि हुन् । खजुराका अर्का साहित्यिक तारा निबन्धकार मणिदेव अर्यालको निबन्ध सङ्ग्रह 'कुटी' लगायत थुप्रै फुटकर लेख, ६/७ ओटा गीतहरु प्रकाशित छन् भने एउटा उपन्यास प्रकाशोन्मुख छ । नेपाली साहित्यिक नक्षत्रमा आफ्नो

पहिचान बनाइसकेकी खजुराकी स्थापित काव्य तथा कथाकार कल्पना पौडेल 'जिज्ञासु' का प्रकाशित कृतिहरु 'भावनाका भेलहरु' र 'जुन हराएको रात' (गजलसंग्रह), 'विद्रोहका तरङ्गहरु' (मुक्तक संग्रह), 'कल्पदीप' (नीतिकथा सङ्ग्रह), 'कचहरी' (कथासंग्रह) तथा 'पोखिएका खुशीहरु' (गीती एल्बम) ले खजुराको साहित्यिक आकाशलाई अझै फराकिलो बनाएका छन् । त्यसैगरी काव्य विधामा सशक्त कलम चलाउन सक्ने कवयित्री चरित्रा शाहका खण्डकाव्य 'सुनगाभा' (२०६६) र खण्डकाव्य 'सचेत' (२०७६) ले खजुराको साहित्यिक भण्डारमा सुनमा सुगन्ध थपिदिएका छन् । खजुरालाई प्रतिनिधित्व गर्दै बाँकेकै साहित्यिक मञ्चमा दरिलो उपस्थिति बनाउन सफल उर्जाशील साहित्यकार, काव्य तथा समालोचक लेकप्रसाद प्याकुरेलका प्रकाशित कृति 'लेकबेंसीका आँशु' (कविता सङ्ग्रह) र 'वर्तमानले बिझाउँदा' (समालोचना) खजुराको साहित्यिक यात्रामा कोशे ढुङ्गा साबित भएको छ । यसैगरी खजुरेली साहित्यिक क्षेत्रमा सक्रिय कविहरु नविन कर्माचार्य र प्रतिभा अर्याल, गजलकार जीवराज बम, कथाकारहरु हिरा बहादुर खत्री लगायत बोधराज प्याकुरेल, ऋषिराम सापकोटा गीतकार मानबहादुर भण्डारीले आफ्ना कृतिहरु प्रकाशित गर्न निरन्तर र अथक रुपमा कलम चलाइरहेका छन् । भोलि यी कृतिहरु प्रकाशित भएपछि यसले खजुराको साहित्यक आकाशमा नयाँ आयाम थप्ने छन् । खजुराको सांस्कृतिक सम्पदा अत्यन्तै गर्विलो छ । इतिहासको हरेक कालखण्डमा यहाँका समुदायले आफ्नो धर्म, जाति र भाषा अनुसारको कला, साहित्य र संस्कृतिलाई सधैँ जीवन्त र चलायमान बनाइरहे जसले गर्दा आज खजुराको सांस्कृतिक इतिहासले खजुरालाई राम्रोसँग चिन्ने अवसर प्रदान गर्‍यो र भोलिको समृद्धशाली खजुरा निर्माण गर्नका लागि यही इतिहासलाई साक्षी बनाएर अगाडि बढ्न मार्ग प्रशस्त गर्ने छ ।

यो लेखमा धेरै कुराहरु छुटेका हुन सक्छन् । मेरो मानसपटलबाट कैयौं ज्ञात अज्ञात कलाप्रेमी, कलाकार, साहित्यकार, पत्रकार तथा खेलाडीहरूको योगदान र उहाँहरूको भूमिकाहरु छुट्न गएका हुन सक्छन् । त्यस्ता पात्रहरूका विषयमा आधिकारिकता सहित सल्लाह सुझाव आएमा म सम्मानसहित उहाँहरूलाई इतिहासको पानामा जोड्ने वचनबद्धता व्यक्त गर्न चाहन्छु ।

यस इतिहास लेखनमा मैले साभार गरेका जानकारीमूलक सामग्रीहरु तथा व्यक्तिहरु : थारु संस्कृति एक परिचय - लक्की चौधरी, समृद्ध बैजनाथ बुलेटिन, नेपालगञ्जको अवधी समाज र संस्कृति - सच्चिदानन्द चौबे, नेपालगञ्ज र नेपालगञ्जको मुस्लिम संस्कृति र परम्परा - इद्रिस सायल, खजुरा, विष्णुलाल कुमाल, जहिरूल हक जीनु, नेपालगञ्ज, देव प्रसाद बुढा सैनिक, दिनेशराज शर्मा "के"गाउँ, छत्रेश्वरप्रसाद शर्मा, "सि" गाउँ, भगिरथ सुनार, "बि" गाउँ, हिरा बहादुर अधिकारी, "ए" गाउँ, मोहवीर खत्री, "एल" गाउँ, बलवीर थापा, प्रेमसागर पौडेल, "डि" गाउँ, रूपसिंह भण्डारी, "ई" गाउँ, यमबहादुर महतारा, गौघाट, के.बि. शाही, राकेश गुरूङ र रूद्र रानाभाट, धौलागिरी, शिवराज श्रेष्ठ, विजय बुढाथोकी र प्रेम बुढाथोकी, खजुरा, आशाराम थारु, राजेश थारु, घिया, मङ्गल थारु, पेडारी । यी सम्पूर्ण व्यक्ति विशेष र उहाँहरूका कृतिहरु प्रति हार्दिक साधुवाद व्यक्त गर्दछु ।

# नारी सशक्तीकरण हिजोदखि आजसम्म

कल्पना पौडेल

## पृष्ठभूमि

मानव सभ्यताको विकास क्रममा आधुनिक मानवको सुरुवातदेखि लामो समयसम्म मातृसत्तात्मक समाज प्रचलनमा रह्यो । मातृ शक्तिको पूजा गर्ने प्रचलन विश्वका सभ्यतामा पाइन्छ । बेविलोन, युनान र रोम सभ्यतामा पनि देवीको पूजागरिने कुरा विद्वानहरु बताउँछन् । भारतीय उपमहाद्वीप सिन्धुघाँटीको सभ्यताका मानिसहरु जनशक्तिको उपासना गर्दथे ती मातृका वा शक्ति वैदिक सभ्यतामा कालीवा देवकानामले कहलिन पुगे ।

पितृसत्ता स्थापना हुनु अगाडि मातृसत्तात्मक समाज त थियो तर त्यो कस्तो स्वरुपको थियो भनेर एकिन गर्न निकै गाह्रो छ किनभने त्यस युगका अधिकांश सामाजिक, सांस्कृतिक आयामहरु लेखिएनन् । त्यसै कारणले लोप भएर गए । केही कथाहरु पनि पितृसत्ताको प्रभावमा परेर पितृसत्तालाई नै बढावा दिने खालका छन् ।

इसापूर्व ४००० देखि ३००० सम्म  ऋग्वैदिक कालमा परिवारको कुनै पनि आर्थिक, सामाजिक एवम् धार्मिक कार्य नारीबिना सम्पन्न हुन सक्दैनथ्यो । नारीबिना पुरुष अपूर्ण मानिन्थ्यो । नारीलाई श्री र लक्ष्मी भनिएको छ जसले घरमा सुख र समृद्धि सिर्जना गर्दथे । ऋग्वैदिक कालमा नारी पुरुषभन्दा कम वा पुरुषको अधिनमा भएको कतै उल्लेख छैन । यस कारण नारी स्वतन्त्रतापूर्वक शिक्षा ग्रहण गर्न सक्दथे । सभा गोष्ठीमा महिलाहरु ऋग्वेदका ऋचावाचन गर्दथे । ऋग्वेदमा कतिपय विदुषी नारीले ऋचाको प्रणयन गरे भनेर उल्लेख छ । ऋग्वेदमा योगदान गर्ने करिब २० नारीहरुको

उल्लेख छ । जस्तैः रोमासा, अलापा, उर्वशी, विश्वधारा, सिकिता, धोसा आदि ।

## उत्तर वैदिक काल

अथर्ववेदमा छोरी जन्म भए खिन्नता प्रकट गरेको पाइन्छ तर पनि छोरीको पालनपोषण र शिक्षामा उपेक्षा गरिदैनथ्यो । नारीलाई सामाजिक व्यवस्थाको आदरणीय अङ्ग मानिन्थ्यो । पितृसत्ताको विकास र विस्तारसँगै प्रकृतिका साथै पुरुषको पनि उपासना गर्ने प्रचलन सुरु भयो । देवीका साथै देवहरुका मूर्तिहरु पनि पूजा हुनथाले । पितृसत्ताले जरा गाड्दै गयो । देवहरु प्रमुख हुन थाले । देवीहरुलाई देवताका पत्नीका रुपमा राखेर अलौकिक कथाहरु रचिन थालियो । पार्वतीको परिष्कृत रुप गौरीसम्म आई पुग्दा महिला कालीबाट पूर्ण गौरी भइसकेका हुन्छन् । अब वस्त्र र गहनाको वैभव पनि कम मात्र उपलब्ध छ महिलालाई । पुरुषको पूर्ण भक्ति गर्न र पूर्ण दासत्व स्वीकार गरिसकेका छन् महिलाहरुले ।

## सुत्र र स्मृतिकाल

यस कालमा आइपुग्दा गृहस्थ सूत्र र स्मृतिहरु रचनामा नारीहरुलाई कुनै न कुनै पुरुषको आश्रयमा रहनु अनिवार्य मानिएको छ । छोरीलाई पिताको, पत्नीलाई पतिको, विधवालाई छोराको संरक्षणमा रहनुपर्ने अनिवार्य व्यवस्था गरिएको छ । मनुस्मृतिमा कन्याको आचार्य नै उनका पति, विवाह नै उपनयन, पति सेवा नै आश्रम र गृहस्थ सेवा नै उसको दैनिक कार्य भनेर महिलाको शिक्षा, धर्म, अर्थ, काम र मोक्ष सबै हरण गरिएको छ । यस कालमा छोरा नभए पनि छोरीलाई उत्तराधिकारी स्विकारिएको छैन ।

## पितृसत्ताको कानून विधानकाल

यस कालमा आइपुग्दा मातृशक्तिको सर्वोच्च काली, भद्रकाली हुँदै पार्वती बनाइसके पछि कानून विधान बनाएर राज्य सत्ता नियन्त्रण गरे जस्तै संस्थागत धर्मशास्त्र, मनुस्मृति जस्ता कानून विधान बनाएर नारीलाई पुरुषको पराधिनतामा राखिएको छ । मातृसत्ता यहाँ सम्म आइपुग्दा आफ्नो स्वाभिमान सम्पूर्ण खोसिएर पितृसत्ताको दास भैसकेको छ ।

## पौराणिक काल

यस युगमा मातृसत्तालाई अझै कमजोर बनाई पितृसत्तालाई संस्थागत गर्नको लागि पितृसत्ताले चार ऋण (देव ऋण, ऋषि ऋण, राज ऋण र पितृ ऋण) को सिद्धान्त लागू गऱ्यो । यी चार ऋण नतिरेसम्म मुक्ति पाइँदैन भन्ने धारणा व्यापक बनाइयो । तर पितृसत्तालाई जन्मदिने आमाको, समाजमा सेवा गर्ने समुदायको, अन्नबाली उब्जनी गर्ने किसानको र प्रकृतिको जसले हाम्रो मानव सभ्यतालाई रहेको छ त्यसको पूजा गर्न आवश्यकता मानेन । देवऋणको लागि यज्ञ अनुष्ठान, पूजाव्रतको चलन चलाइयो । जसले गर्दा पुरोहित र पण्डितलाई फाइदा भयो । ऋषि ऋण तिर्न ऋषि, योगी र सन्यासीलाई दानदिनु जसले योगी गुरुहरुलाई फाइदा भयो । राज ऋण तिर्न राजाको कर तिर्न सेनामा भर्ति हुन भनियो । पितृ ऋण तिर्न विवाह गरेर पुत्र नै जन्माउन पर्ने मान्यता स्थापित गरियो ।

नारीलाई काली, भद्रकाली हुँदै सती पार्वती र गौरी बनाइसके पछि मातृसत्ताको शक्ति र नेतृत्व खत्तम त भैसकेको थियो । यसलाई युगौं सम्म स्थायित्व प्रदान गर्न महिलाहरुको भावना र चेतनामा हमला गर्न थालियो । यसको लागि विभिन्न कथा तथा

संस्कारहरू ल्याइयो जसमा तिजको व्रत, श्री स्वस्थानी र श्री सन्तोषीमाताको व्रत आदि । महिलामा पतिप्रति भक्ति भाव उमार्ने, सहनशीलता, पतिव्रता, त्याग, पतिलाई परमेश्वर मान्नुपर्ने धेरै ग्रन्थहरू लेखिए ।

महिलालाई कन्यादान दिने प्रचलनले महिला वस्तु वा सम्पत्ति जस्तै भइसकेका हुन्छन् । पुरुष पिताले दान दिन्छ र पुरुष पतिले स्वीकार्दछ । विवाह कर्म पनि शङ्ख फुकेर सुरु हुन्छ । महिलाले नै कपालमा घागो, नाकमा नत्थी, घाँटीमा पोते, हातमा चुरा, बाला (दासताको चिह्न), गोडामा पाउजु (बाधाको चिन्ह) बाँधेर विवाह मण्डपमा नारीलाई सजाइन्छ । दुलाहाले सिन्दुर (आफ्नो विजयको सङ्केत) लगाइदिन्छ । महिलालाई पूर्ण पाल्तु बनाइन्छ । रुनु शिवाय उनीसँग केही छैन । त्यसैले विवाहमा दुलही खुब रुन्छन् । परिचय बदलिन्छ, देश ठेगाना बदलिन्छ । यो सबै कर्मकाण्ड निकै भद्दा र अपमानजनक छ ।

## प्राचीन कालमा महिलाको स्थान

धनबज्र बज्राचार्यको लिच्छविकालको अभिलेख नेपालको प्राचीन इतिहासको स्रोतको रूपमा लिइन्छ । लिच्छविकाललाई स्वर्णयुग भनिए तापनि, तत्कालीन समाजमा नारीको स्थिति उच्च नभएपनि त्यति कमजोर पनि थिएन । यस कालमा कसैले अन्य व्यक्तिको पत्नीमाथि आँखा लगाएमा त्यसलाई पञ्चापराध मध्ये एक मानी सजाय दिइन्थ्यो । जसले गर्दा नारी संरक्षणलाइ विशेष महत्व दिएको पाइन्छ । चाँगुनारायण स्थित मानदेवको अभिलेख अनुसार सतीप्रथा प्रचलित रहेको कुरा लेखेका छन् । त्यसबेला सतीप्रथा सामाजिक संस्कारको रूपमा नभई पतिको मृत्युबाट उठेको विरक्ति भावको सोच थियो । पतिको बिछोडको व्यथाबाट मुक्ति पाउन

धर्मदेवकी पत्नी राज्यवतीले पतिकै साथ देहत्याग गर्ने भाव व्यक्त गरेको पाइन्छ तर पछि गएर देहत्याग नगरी छोरा मानदेवलाई शासन व्यवस्था सञ्चालन गर्न सहयोग गरेकी थिइन् ।

त्यस कालमा नारीहरु आर्थिक दृष्टिकोणले पनि सम्पन्न थिए भन्ने कुरा तत्कालीन कृतिहरूबाट प्रस्ट हुन्छ । उनीहरु आफ्नो सम्पत्तिबाट धार्मिक एवम् लोक कल्याणकारी कार्य गर्न स्वतन्त्र थिए । नारीहरूले स्वतन्त्रता, आर्थिक अधिकार र धार्मिक स्वतन्त्रता आदि प्राप्त गरेका थिए । नारी पुरूष बिचको असमानताको खाडल भने यस कालमा पनि पाइन्छ । नारीहरूले आफ्नै सक्रियता, क्षमताका कारण कृति फैलाउन र परिचित हुन सफल भएका छन् । राज्यवती, बिजयवती, भृकुटी आदि नारीहरूको राज्य व्यवस्था सञ्चालन कला र शिक्षामा निपुणताका साथै नेपाल तिब्बत सुधार सम्बन्धमा उनीहरूको भूमिका महत्वपूर्ण रहेको पाइन्छ ।

### मध्ययुग

भारतका थानेश्वर राज्यका राजा हर्षवर्द्धनको समयमा नारीले प्राप्त गर्न पाउने शिक्षा अवरूद्ध हुन्छ । काव्य, संगीत, नृत्य, वाद्य, चित्रकला, पाकशास्त्र, शृङ्गार, केश तथा फूल सजावटको क्षेत्रमा भने महिलाहरूलाई प्रयोग गर्न थालियो । मध्य युगमा जब भारतमा मुस्लिम आक्रमण हुन थाल्यो तब नारीलाई अपहरणबाट बचाउनका लागि महिलामाथि थप पावन्दी लगाइयो । मुस्लिम महिलाले बुर्का लगाए, हिन्दुले टाउको छोपेर मात्र घरबाट बाहिर निस्कने गर्न थाले । अकबर बादशाहले भनेका छन्, "यदि कुनै जवान स्त्री बाटोमा घुँघटबिना देखिई भने उसलाई वेश्यालयमा लगिदिनू, उसलाई त्यहि पेसा गर्न लगाउनु ।" रानी पद्मावतीले आक्रमणकारी

मुस्लिम खिलजीसँग जानुभन्दा आत्मदाह गरिन् । त्यसपछि सतीप्रथाले व्यापकता पाउँछ । सतीप्रथा करिब करिब अनिवार्य जस्तै बनेको हुन्छ ।

**राणाकालमा महिलाको स्थान**

नेपालमा राणाकालीन अवस्थामा महिलाहरूलाई मनोरञ्जनको साधनको रूपमा प्रयोग गर्ने, बहुविवाह गर्ने, पतिको मृत्युमा सती जानुपर्ने जस्ता कुसंकृतिबाट महिलाहरु पीडित थिए । राणाकालमा महिलाहरूलाई शिक्षा लिन सहज थिएन तर पनि त्यो समयमा महिला शिक्षा सम्बन्धी केही प्रयासहरु भएको पाइन्छ । महिलाहरु घरबाट बाहिर निस्किन हुँदैन भन्ने रुढिवादी समाजमा बेग्लै विद्यालय स्थापना गरी महिला शिक्षाको सुरुवात गर्ने काम देव शमशेरले गरेका थिए । उनले १९५८ मा देशका विभिन्न स्थानमा महिला पाठशाला खोलेको पाइन्छ । देवशमशेरले १९८० मा काठमाडौँ, पाटन र भक्तपुरमा १/१ वटा कन्या पाठशाला खोले र त्यसमा सिलाइ, बुनाइ, कडाइ र कटाइ सिकाइन्थ्यो । वि.सं. २००३ सालमा कन्या मन्दिर मा.वि. को स्थापना भयो भने पद्मशमशेरले २००४ सालमा आफ्नै निजी भवनको १३ रोपनी जग्गामा पद्म कन्या विद्यालय स्थापना गरेका थिए । मोहन शमशेरले २००७ सालमा मोहन कन्या मिडिल स्कूल स्थापना गरेका थिए ।

२००७ सालको राजनैतिक परिवर्तनपछि देशभरि विद्यालयहरु खोल्ने लहर चल्यो । नेपाल अधिराज्यको डिभिजनल इन्सपेक्टर कार्यालयबाट वि.सं. २०११ मा प्रकाशित तथ्यअनुसार ६५ वटा विद्यालय मध्ये महिलाहरूको लागि खोलिएका स्कुलहरूमा कन्या मन्दिर मा.वि., पद्म कन्या मा. वि., कान्ति ईश्वरी राज्यलक्ष्मी हाई

स्कुल, मदन मेमोरियल गर्ल्स हाई स्कुल, शारदा बालिका विद्यालय र कन्या हाई स्कुल धरान स्थापना भए । यी मध्ये अस्तित्वमा रहेका विद्यालयहरूले नारी शिक्षा र सशक्तीकरणमा महत्वपूर्ण योगदान पुऱ्याउँदै हजारौँ योग्य र सक्षम नारीहरु उत्पादन गर्न सफल भएका छन् । राणाकालका महिला मध्ये पहिलो पटक SLC दिने साधना प्रधान, साहना प्रधान, अंगुर बाबा जोशी र भुवानी सिंहलाइ सम्झन सकिन्छ । यी मध्ये अंगुर बाबा जोशी विभेदकारी परम्परा विरूद्ध आफू बुहारी हुँदा पनि सशक्त कदम चालिन् भने सहाना प्रधान कम्युनिष्ट आन्दोलनको नेतृत्वदायी भूमिकाको साथै मन्त्री समेत बनेकी थिइन् ।

विश्वको इतिहास हेर्ने हो भने महिलाहरूले ज्ञान, विज्ञान, साहित्य र राजनीतिको क्षेत्रमा महत्वपूर्ण भूमिका खेलेका कैयौं विश्व प्रसिद्ध क्रान्तिकारी महिलाहरूलाई स्मरण गर्न सकिन्छ । जस्तै जेनीमार्क्स, क्रुप्सकाया, रोजा, क्लारा जेट्किन, लक्जम्वर्ग, अलेक्जान्डर, इलेनर मार्क्स, चिङ लिङ, च्याङ चिङ र नताशा । माथि उल्लेखित नारीहरूले विश्व सर्वहारा वर्गको मुक्ति तथा मानवजातिको उन्नति र सुखि भविष्यको निर्माणको लागि आफूलाई सम्पूर्ण रूपले समर्पण गरेका थिए ।

नारी मुक्ति आन्दोलनकी अभियन्ता क्लारा जेट्किनले सन् १९११ मार्च ८ मा महिला कामदारमाथि भएको श्रम शोषण विरूद्ध आवाज उठाएको दिनलाई स्मरण गर्न मार्च ८ लाई विश्वभरि महिला दिवसको रूपमा मनाउदै आईरहेको छ ।

नेपालमा महिला आन्दोलनको चर्चा गर्दा नेपाली नारीहरूको लागि अत्यन्तै दर्दनाक, भयावह, हृदय विदारक कालो इतिहास हामी सामु खडा छ । उमेरले हजुरबुवा देखिने, पाकेर झर्नै लागेको घाम जस्तो वृद्धसँग दुधे बालिका विवाहको बन्धनमा

बाँधिनुपर्ने, बिहे पश्चात् लोग्नेको मृत्यु हुँदा लोग्नेसँगै बलेको चितामा जिउँदै जल्नुपर्ने जस्ता सामाजिक मान्यता प्राप्त सतीप्रथा जस्तो विभेदको अन्त्य गर्न पहिलो प्रयास स्वरूप वि.सं. १९७७ मा सतीप्रथालाई गैरकानूनी घोषणा गरियो ।

महिला सशक्तीकरणको आन्दोलनहरूमा योगमाया, मंगलादेवी, साधना प्रधान, साहाना प्रधान, तारादेवी, पारिजात, पासाङ ल्हामु शेर्पा, अनुराधा कोइराला, झमक घिमिरे, पुष्पा बस्नेत, अरूणा लामा जस्ता प्रबुद्ध महिलाहरूको विशेष भूमिका रहेको पाइन्छ । पितृ सत्तात्मक युगको सङ्कुचित समाजमा जन्मिएर, हुर्किएर पनि नेपालका कैयौं नारीहरु लैङ्गिक असमानताको धरातलबाट माथि उठी आफ्नो अधिकारलाई नयाँ रूप दिन सफल भएका छन् । नारीलाई अछुतो सरह मान्ने पुरूषहरूकै अगाडि विश्वको सर्वोच्च शिखरमा पुगी नेपालको झण्डा फरफराएका छन् । नेपालका महिलाहरु पनि सक्षम छन्, साहसी छन्, अनि आफ्नो समाजमा प्रतिष्ठा कायम गर्न सक्छन् भनी विश्वमै सन्देश पुऱ्याएका छन् । साहित्य क्षेत्रकी नारी नक्षत्रको रूपमा पारिजातलाई र अपाङ्ग भएर पनि सशक्त नारीका रूपमा झमक घिमिरेलाई लिन सकिन्छ ।

नेपालले सम्झीराख्नुपर्ने सशक्त महिलाहरूमा पहिलो महिला राष्ट्रपति विद्यादेवी भण्डारी, पहिलो प्रधानन्यायाधिश सुशिला कार्की, पहिलो महिला सभामुख ओनसरी घर्ती रहेका छन् । नेपालमा पहिलो महिला मन्त्री द्वारिका देवी ठकुरानी र सगरमाथाको चुचुरोमा सफलतापूर्वक आरोहण गर्ने महिला पासाङ ल्हामु शेर्पा हुन् । उनले २०५० साल बैशाख १० मा सफल रूपमा सगरमाथाको आरोहण हरेकी थिइन् । नेपालको हवाई उडानको क्षेत्रमा पहिलो महिला पाइलटको रूपमा सोनी राणालाइ लिन सकिन्छ । स्थल यातायातको क्षेत्रमा सवारी साधन हाक्ने पहिलो महिला रामदेवी

श्रेष्ठलाई लिन सकिन्छ भने सार्वजनिक यातायातको चालक भएर गाडी गुडाउने पहिलो महिला लक्ष्मी शर्मा हुन् । नेपालको पहिलो महिला उपप्रधानमन्त्री शैलजा आचार्य हुन् भने माइती नेपाल नामको सामाजिक संस्था स्थापना गरेर शोषित, पीडित र विदेशमा बेचिन बाध्य भएका नारीहरूलाई उद्धार र संरक्षण गर्दै आएकी अनुराधा कोइराला नेपालकी सशक्त नारीभित्र पर्दछिन् र उनी पहिलो महिला प्रदेश प्रमुख भइन् ।

**महिला विकासको अवस्था**

परम्परागत सोच अर्थात् पितृसतात्मक सोचले गर्दा महिलाहरूलाई दोस्रो दर्जाको नागरिक बनाइरहेको अवस्थामा यो सोचमा परिवर्तन ल्याउन आवश्यक थियो । महिला विकासको लागि संयुक्त राष्ट्र सङ्घले सन् १९४६ मा उनीहरूलाई राजनैतिक, सामाजिक र आर्थिक रूपमा अधिकार प्रदान गर्नको लागि एउटा आयोग गठन गऱ्यो । त्यसरी नै महिलाहरूको देह व्यापार, वेश्यावृत्ति विरूद्धको महासङ्घ सन् १९५७ लाई विश्व स्तरमा महिला हक अधिकार र सशक्तीकरणको लागि चालिएको सशक्त कदमको रूपमा लिन सकिन्छ । (शर्मा, २०६७ : १५)

महिलाहरूलाई लैङ्गिक रूपमा गरिने भेदभावपूर्ण व्यवहारको अन्त्य गर्नको लागि सन् १९८० को दशकमा नयाँ अवधारणाहरू आए । जस अन्तर्गत महिला पुरूषको समान रूपमा विकास गर्नुपर्ने अवधारणा अगाडि आयो । सन् १९८० मा कोपनहेगनमा सम्पन्न भएको दोस्रो महिला सम्मेलन, सन् १९८५ मा नैरो बीमा भएको तेश्रो विश्व महिला सम्मेलन र सन् १९९५ मा बेइजिङमा सम्पन्न चौथो विश्व महिला सम्मेलनले महिलाहरूको हकहितको सुनिश्चितता कायम गर्दै पुरूष सरहका अधिकारहरू स्थापित गरायो । (पाण्डे

२०५८:४) संयुक्त राष्ट्र सङ्घका विभिन्न महिला सम्बन्धी महासन्धिहरूलाई नेपाल सदस्य राष्ट्र भएको कारण त्यसको कार्यान्वयनको लागि नेपालले पनि विभिन्न ऐन नियमहरूको तर्जुमा गरी महिला हक हित र सशक्तीकरणमा काम गरेको पाइन्छ ।

नेपालको संविधान २०७२ को धारा ३८ ले प्रत्येक महिलालाई समानवंशीय हक हुने, प्रत्येक महिलालाई सुरक्षितमा तृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुने, उनीहरूलाई धर्म, संस्कृति, परम्पराको आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्यकुनै किसिमको हिंसा र शोषण नगरिने राज्यका सबै निकायमा सबै किसिमका महिलाहरु समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक, सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने, महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त हुने, राष्ट्रिय महिला आयोगको गठन र आमाको नामबाट पनि नागरिता प्राप्त गर्ने व्यवस्था नेपालको संविधानले गरेको छ ।

वि.सं. २०२८ सालमा रा.शि.प. योजना लागू भएपछि शिक्षामा महिलाको पहुँचलाई बढाइएको थियो । २०२९ सालमा शिक्षा तथा समाज कल्याण मन्त्रालय अन्तर्गत महिला शिक्षा परियोजना स्थापना भयो । त्यसलाई २०५० सालमा महिला विकास शाखामा विकास गरियो । २०५२ सालमा महिला तथा समाज कल्याण मन्त्रालयको स्थापना भयो र २०५७ सालमा बालबालिका थप भई हाल मन्त्रालयको नाम महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय रहेको छ । जसले महिला तथा बालबालिका विभाग र प्रत्येक जिल्लामा महिला तथा बालबालिका कार्यालय मार्फत महिला विकास तथा महिला सशक्तीकरण र महिला शिक्षामा महत्वपूर्ण कार्य गर्दै आएको छ । २०५५ सालमा गठन भएको उच्चस्तरीय राष्ट्रिय

शिक्षा आयोगले विद्यालयका सबै तहमा १/१ जना महिला शिक्षिका अनिवार्य रूपमा नियुक्ति गर्ने र माथिल्लो तहमा पनि महिलालाई प्राथमिकता दिनुपर्ने नीति अगाडि सारेको थियो ।

वि.सं. २०५६ सालमा अनौपचारिक शिक्षा केन्द्रको स्थापना भएपछि १५ देखि ४५ वर्षका महिलाहरूलाई अनौपचारिक शिक्षाप्रदान गर्न निरक्षर प्रौढ महिलालाई महिला शिक्षा प्रथम र दोस्रो कार्यक्रम सञ्चालन गर्दै आएको छ । यिनै विभिन्न प्रयासका कारण नेपालका महिलाको शैक्षिक विकासमा क्रमिक रूपमा सुधार भएको पाइन्छ । नेपालको जनगणना २०३८ मा १२.५%, २०४८ मा २४.७५%, २०५८ मा ४२.८५% र २०६८ को जनगणनामा महिला साक्षरता ५७ .४५% रहेको तथ्यबाट पुस्टि हुन्छ ।

## खजुरा गाउँपालिकामा महिलाको अवस्था

नेपालको इतिहासमा नयाँ मुलुक भनेर चिनिने बाँके जिल्लाको ऐतिहासिक र व्यापारिक नगरी नेपालगञ्जदेखि करिब आठ किलोमिटर पश्चिममा खजुरा गाउँपालिका अवस्थित छ । पूर्वमा जानकी गाउँपालिका, दक्षिणमा भारतको बोर्डर, उत्तरमा बैजनाथ गाउँपालिका र पश्चिममा बर्दियाको सिमाना मान खोलाको बिचमा रहेको छ । वर्तमान संरचना अनुसार वडा नं. १ देखि ४ सम्म बस्ती विकास कम्पनी पुनर्वासद्वारा देशका विभिन्न ठाउँबाट प्राकृतिक प्रकोपबाट पीडित भएर बसाइँ सरेर आएका मानिसहरूलाई ३ देखि ४ बिगाहासम्म जग्गा उपलब्ध गराई व्यवस्थित बसोबास गराइएको छ । जसमा पहाडी समुदायको बाहुल्यता रहेको छ । वडा नं. ५, ६, ७, र ८ मा पहिलादेखि नै बसोबास गर्दै आएका मधेसी, थारु र मुस्लिम समुदायको बसोबास रहेको छ ।

खजुरा गाउँपालिकामा बसोबास गर्ने जन समुदाय विभिन्न जातजाति र भाषाभाषी रहेका छन् । सामाजिक, राजनैतिक, शैक्षिक हिसाबले सन्तुलित विकास भएको देखिँदैन । वडा नं. १, २, ३, र ४ मा पहाडी समुदाय भएकोले नेपालको विभिन्न भू-भागबाट बसाइँसराइ गरेर आएको र व्यवस्थित बसोबास र जग्गा प्राप्तिको कारण महिलाको विकास भएको पाइन्छ भने वडा नं. ५, ६, ७ र ८ मा परम्परागत रूपमा बसोबास गर्दै आएका मधेसी समुदाय र थारु समुदायको बसोबास भएकोले महिला विकासको अवस्था दयनीय रहेको छ । महिलाहरूलाई धार्मिक तथा सामाजिक कुसंस्कारले जगडाएर राखेको छ । अहिले पनि महिलाहरूलाई छोरा सरह शिक्षा दिन र राज्यले व्यवस्था गरेका अधिकार प्रदान गर्न सकिएको अवस्था छैन । महिलाहरु चुलोचौको, खेतबारी गर्ने, सन्तान उत्पादन गर्ने कारिन्दाको रूपमा रहेका छन् ।

वडा नं. १, २, ३ र ४ मा महिलाहरु मधेसी समुदायको तुलनामा नेपालको संविधान र कानुनले प्रयत्न गरेका अधिकारहरु प्राप्त गर्न अग्रसर रहेका छन् तरपनि पुरूष सरह प्रदान गरिएका हक अधिकारहरु पूर्णरूपमा प्राप्त गर्न सकिरहेका छैनन् । महिला हकहितको क्षेत्रमा स्थानीय सरकार, महिला विकास तथा बालबालिका शाखाबाट विभिन्न प्रयासहरु भएका छन् भने महिलाका क्षेत्रमा काम गर्ने गैर सरकारी संस्थाहरु पनि क्रियाशील छन् तर पनि उनीहरूको स्थिति र अवस्थामा खासै सुधार हुन सकेको छैन ।

मधेसी र मुस्लिम समुदायको धार्मिक र सामाजिक संस्कारको जन्जिरमा बाँधिएका महिलाहरूलाई त्यस बन्धनबाट छुटाउन सकिएको छैन । सामाजिक र राजनैतिक परिवर्तनको लागि ज्यानको आहुति दिने सेतु बि.क. लगायत धेरै महिला सहिद जन्माइसकेको खजुराले नेपालको संविधान र ऐन कानून अनुसारको महिला हक अधिकारलाई स्थापित गर्न सकेको छैन ।

शिक्षाको पहुँचको दष्टिकोणले पहाडी समुदायमा छोरा सरह छोरीलाई विद्यालय तहसम्मको शिक्षामा अवसर प्रदान गरिए तापनि उच्च शिक्षा र राज्यका निकायहरूमा उनीहरूको पहुँच पातलो देखिन्छ । मधेसी समुदायमा त छोरीहरूलाई शिक्षा प्राप्त गर्ने अवसरबाट समेत बञ्चित गरिएको छ । अत्यन्त कम छोरीहरूले मात्र शिक्षाको पहुँचमा पुगेको अवस्था छ ।

महिला सशक्तीकरणका हिसाबले खजुराको इतिहासलाई केलाउने हो भने वि.सं. २०२२ अगाडि र पछाडि गरी २ चरणमा विश्लेषण गर्न सकिन्छ । खजुरा गाउँपालिकाको भौगोलिक दृष्टिकोणले पुनर्वास क्षेत्र पञ्चायती शासन कालमा राजा महेन्द्रद्वारा देशका विभिन्न भू-भागबाट प्राकृतिक प्रकोपमा परी बसाइँसराइ गरी आएका जनताहरूलाई पुनर्वास कम्पनी मार्फत इजरायली मोडेलमा बसाएको बस्ती र आदिमकालदेखि बसोबास गर्दै आएका मधेसी, मुस्लिम र थारु समुदायको बस्तीलाई लिन सकिन्छ ।

## खजुरामा २०२२ अगाडि नारीको स्थान

खजुरामा पुनर्वास कम्पनीद्वारा बस्ती बसाउनु अगाडि नयाँ मुलुक भनेर चिनिने बाँके जिल्लामा अवस्थित यो खजुरामा विभिन्न काल खण्डमा यहाँ आएर बसोवास गरेका थारु, मधेसी र मुस्लिम समुदायले बसोबास गरेको पाइन्छ । यी समुदायमा महिलाको अवस्था के थियो ? कसरी महिलाहरूलाई गर्भ, जन्म, कर्म, काम, विवाह, शिक्षा र सम्पत्तिको आधारमा विभेद रहेको थियो ? यी र यस्तै कुराहरूलाई उजागर गर्न पहाडी, मधेसी, मुस्लिम र थारु समुदायमा गई अग्रज तथा जेष्ठ नागरिकहरूसँग सोधखोज गरी लेखिएकोले यो प्रथामिक श्रोतको रूपमा तथ्य र घटनाहरूलाई सङ्कलन गरिएको छ ।

जब समाजमा पितृसत्तादेखि पितृसत्तात्मक युगमा प्रवेश गऱ्यो आजसम्म पनि पितृसत्तात्मक सोंचले दरो किलो गाडेको छ । २०२२ अगाडि विभिन्न तथ्यहरूको आधारमा (भैरहवा मन्दिरको अभिलेखमा राखिएको १६७० को शिलालेखबाट) यहाँ ५/६ सय वर्ष पहिलादेखि तराईका भूमिपुत्र थारूहरूको बसोवास पाइन्छ ।

नयाँ मुलुकको नामबाट चिनिने बाँके जिल्ला १४ औ शताब्दीपूर्व खसिया मल्ल राजाहरूको अधिनमा रहेको अनुमान गर्न सकिन्छ । त्यसपछि स-साना राज्यहरूमा विभाजित भएर शासन व्यवस्था सञ्चालन हुँदा बाँके र बर्दिया दैलेख राज्यबाट शासित थियो । इ.सं. १८१४ देखि १८१६ सम्म नेपाल र इस्ट इन्डिया कम्पनी बिच लडाइँ हुँदा बाँके बर्दिया लगायतका तराईका भू-भागहरू १८१६ मा गरिएको सुगौली सन्धि अनुसार इस्ट इन्डिया कम्पनीलाई छोड्नुपर्ने भयो । इ.सं. १८५६ मा भारतमा अङ्ग्रेज विरूद्ध भएको विद्रोह दमन गर्न इस्ट इन्डिया कम्पनीले नेपाल सरकारसँग सहयोग माग्यो र जंगबहादुरले त्यसबेला गरेको सहयोगको गुण तिर्न १८६० मा बाँके, बर्दिया, कैलाली र कञ्चनपुर नेपाल सरकारले फिर्ता पाएकोले यी जिल्लाहरू नयाँ मुलुकको रूपमा परिचित छन् ।

माथिका तथ्यहरूको आधारमा बाँके जिल्लामा रहेको हालको खजुरा गाउँपालिकाको रनियाँपुर (बसन्तपुर) सोनवर्षा, कलदनसन गाउँ, बढवा, उढरापुर, घिया, बर्गदियी, भण्डारीया, भैरहवा जस्ता पुराना बस्तीहरू छन् । यहाँ विशेषगरी भूमिपुत्र थारू, मधेसी, मुस्लिमहरूको बसोबास रहेको छ । पुनर्वासद्वारा बस्ती बसाउनु अगाडिका यी बस्तीहरूमा महिलाहरूको स्थानलाई केलाउने प्रयास गरिएको छ । ६० बर्ष देखि १०० बर्षका महिलाहरूसँग प्रत्यक्ष अन्तरवार्ताबाट तथ्यहरूको खोजी गरिएको छ ।

**छोरा र छोरीको जन्मेमा गरिने अनुभूतिः**

'छोरा जन्मे खसी, छोरी जन्मे फर्सी' भन्ने नेपाली उखानबाट प्रभावित त्यो काल खण्डमा यो समुदाय पनि पाइयो । छोराले नै वंशज चलाउने सोंच र धर्मग्रन्थ, पुरान आदिमा लेखिएका कथा, चालचलन रीतिरिवाजले गर्दा छोरीहरूलाई जन्म देखि नै विभेद गरेको पाइन्छ । पुरूष बाबु त छोरा जन्मिदा खुसी हुनु स्वभाविक थियो तर पितृसत्ताले महिलाहरूलाई नै प्रयोग गरेर महिला माथिको विभेदलाई बलियो बनाएकोले आमाहरु पनि छोरी जन्मिदा भन्दा छोरा जन्मिदा बढी खुशी हुने गरेको पाइयो । महिला गर्भावस्थामा भएको बेलामा पनि काम गर्नुपर्ने, काम गर्ने क्रममा, हिड्दा हिड्दै सुत्केरी हुने र जुन ठाउँमा वा जुन बारमा जन्मियो त्यही अनुसार बच्चाको नामकरण गरिँदो रहेछ ।

**जन्म पछिको संस्कार**

मधेसी, मुस्लिम र थारु समुदायमा छोरा छोरी जन्मेपछि जन्मेको छ दिनमा छैठ कर्म गरिने तर छोराको विशेष रूपमा गरिने प्रचलन रहेछ । कुनै समुदायमा भने छोराको मात्र गरिने पनि पाइयो । जन्मेको १२ दिनमा बाखा अर्थात नामकरण गरिने, ६/७ वर्षपछि कन्यादान 'विवाह' गरिने तर छोरी १५/१६ बर्ष नभएसम्म माइतमै राख्ने र गौना गरेर घर पठाउने, घर गएपछि धौना गरेर मात्र श्रीमान् श्रीमतीको सम्बन्ध कायम हुने रहेछ । दाइजोको सन्दर्भमा कन्यादान गरी विवाह गर्ने बेलामा माइती पक्षकाले ज्वाइँलाई खाना खुवाउने समयमा सामान र पैसा दिएर खुसी बनाएर मात्र खाना खुवाउने, यदि दुलहालाई अरु बढी दाइजो चाहिएमा खाना नखाने र माइतीले पैसा भाँडाकुँडा, गाई वस्तु, भैंसी, सुन, चाँदी जस्ता वस्तुहरु थप्दै जाने र मनाउने परम्परा अहिले मौलाएर विकृतिको रूप लिएको छ । अहिले लाखौँको माग

गरिन्छ र नपाएको खण्डमा बुहारीलाई जिउँदै जलाइन्छ । महिनावारी हुँदा मधेसी महिलाहरूले सामान्य रूपमा बार्ने, खाना पकाउने, घरको सबै काम गर्ने तर धार्मिक स्थल, पूजामा सामेल नहुने गरेको पाइयो भने पहाडी समुदायमा छुट्टै ठाउँमा राख्ने, छुट्टै कपडा लगाउने, ४/५ दिनपछि मात्र घरभित्र छिर्ने चलन छ । प्रेम विवाह धेरै कम मात्रमा गरेको तर समाजले सहज रूपमा नस्वीकार्ने भएका कारण मागी विवाहको प्रचलन स्थापित भयो ।

### महिलाले गर्ने काम तथा सम्पत्तिको अधिकार

प्राचीन कालमा महिलाहरूको नाममा कुनैपनि सम्पत्तिको अधिकार नदिइने, उनीहरु आफ्नो श्रीमान्मा निर्भर रहनुपर्ने, धनी तथा सम्पन्न परिवारका महिलाहरु घरभित्रै बस्नुपर्ने, घरको काम ढिकी जाँतो कुट्ने, पिस्ने, खाना पकाउने, भाँडाकुँडा माझ्ने, लुगाधुने, घर सरसफाई गर्ने जस्ता काम लगाइन्थ्यो भने गरिब परिवारका महिलाहरु घरको काम सकेर मेलापात खेतीपातीको काम पनि गर्नु पर्थ्यो । इनारबाट पानी थुत्ने, बोक्ने, केटाकेटी हुर्काउने र ज्यालादारी गर्ने महिलाको जिम्मेवारी भित्र परेको पाइयो । मधेसी, मुस्लिम र थारु जातिका महिलाहरूले गर्ने कामको प्रकृति र सम्पत्तिको अधिकारमा खासै अन्तर पाइएन । पैतृक सम्पत्तिको अधिकार घरको मुली पुरुषको अधिनमा रहने कारणले केही महिलाहरूले माइतीघरबाट लगेको पैसाले गाई वस्तु, बाख्रा, कुखुरा पालेर बेचेको पैसा पेवाको रूपमा आर्जन गरी आफ्नो लागि प्रयोगमा ल्याउँथे ।

### महिलाले महिला माथि गरेको शोषण

महिलाहरूलाई महिलाहरूद्वारा नै दमन र शोषण गराएर

पितृसत्ताले आफूलाई मजबुद गराएको पाइन्छ । त्यस समयमा सासुले बुहारीमाथि गर्ने व्यवहार अति पीडादायी हुने गरेको पछि उमेर ढल्किँदै गएपछि बुहारीले पहिलाको पैँचो तिर्नेगरी बुढेस कालमा गरिने अभद्र व्यवहार महिलाले महिलामाथि गरिने शोषणका उदाहरणहरु छन् । परपुरुषको यौन शोषणबाट महिलाहरुलाई बचाउनको लागि मधेसी र थारु समुदायमा घुँघट ओढेर अनुहार छोप्ने र मुस्लिम समुदायमा बुर्का लगाएर परपुरुषको गलत नजरबाट बचाउनको लागि यो प्रचलन चलेको पाइयो ।

## महिला शिक्षा र राज्यको पहुँचमा महिला

त्यस समयमा राणाकाल र पञ्चायती व्यवस्थामा औपचारिक शिक्षाको लागि केही शिक्षालय खुलेको भए तापनि छोरीहरुलाई पढाउने चलन थिएन । नमाज भने सिकाइँदो रहेछ । मुस्लिम समुदायमा दिनको ५ पटक नमाज पढ्ने उर्दू, अरबी भाषामा जीवनयापनको लागि धार्मिक शिक्षा दिने गरिए तापनि महिलाहरु नमाज पढ्न मस्जिदमा जान नहुने, घरमै बसेर पढ्नु पर्ने, भारतबाट पढेर आएका गुरु तथा मुस्लिम समुदायका मौलाना, हाजीहरुले वगीय, गोठ, पठारमा अनौपचारिक शिक्षा लिने गरेको तर त्यसमा महिलालाई सामेल नगराइने, पुरुषले मात्र त्यस्तो शिक्षा लिन पाउने व्यवस्था थियो । केही महिलाहरु भारतबाट नेपालमा विवाह गरी आएका छन् भने शिक्षा हासिल गरेको पाइयो । राजनीति र राज्यको पहुँचमा महिलाहरुको स्थान खासै पाइँदैन । राज्यको पहुँचमा पुरुषको समेत पहुँच त्यसबेला हुन नसकेको अवस्थामा महिलाको त हुने कुरै भएन । वसिएत खाँ, जिन्नाता खाँ जस्ता महिला त्यो समयका सशक्तमहिला थिए ।

## महिला शिक्षा

वि.सं. २००७ सालमा बढवामा अब्दुल लतिफ खाँले गोठ र डगरमा विद्यार्थीहरूलाई बटुलेर अध्ययन गराउने गरेको, जगदेव प्रसाद मिश्रले आफ्नै घरमा विद्यार्थीहरूलाई हिन्दीवालपोथी पढाउने गरेको भए तापनि त्यहाँ छात्रहरु मात्र जाने गरेको, छोरीलाई नपठाउने गरेको शिवराम यादव, रामगोपाल यादव, सुगरा खाँ (१०० बर्ष) गलीवदाउ खाँ (१०० बर्ष) को भनाइबाट खुल्न आएको छ । पंचायतकालमा केही महिलाहरु पन्चको रूपमा अगाडि आएपछि मात्र महिलाहरु घर भित्रको धन्दाबाट बाहिर निस्केर राजनीति र समाज सेवा गर्न सक्छन भन्ने कुरा वसिरत खाँ, जिन्नेता खाँ, राजादेहि मिश्र आदिलाई उदाहरणका रूपमा लिन सकिन्छ ।

## पतिपत्नीको सम्बन्ध र एकल महिला

त्यस समयमा ६/७ वर्षदेखि १०/१२ वर्षको उमेरमा कन्यादान अर्थात् विवाह गरिदिने प्रचलन थियो । पतिपत्नी केटाकेटी अवस्थामा हुने भएकोले उनीहरूलाई कुनै खेल खेले जस्तो लाग्थ्यो । पतिपत्नीको अनुभूति मिल्दैनथ्यो । बाउआमा र आफन्तले जस्तो केटाकेटीसँग विवाह गरिदिए पनि स्विकार्नु पर्ने अवस्था थियो । उनीहरु एकअर्कामा मन पर्ने नपर्ने कुनै प्रतिक्रिया दिँदैनथे । छोरीको विवाह भै सकेपछि गौना धौना नभएसम्म केटाकेटीको बिचमा भेटघाट हुदैनथ्यो । १५/१६ वर्षको उमेरपछि मात्र गौना धौना गरी दुलाहाको घरमा गएर पतिपत्नीको सम्बन्धमा बस्न पाउने व्यवस्था थियो । विवाह लगत्तै श्रीमान्को मृत्यु भएको खण्डमा पूरा जीवन एक्लै बस्नुपर्ने चलन थियो । विधवालाई अर्को विवाह गर्ने छुट थिएन । पुरूषलाई मात्र छुट थियो । श्रीमान्ले श्रीमतीलाई सास्ती दिने, पिटाइ गर्ने, दुर्व्यवहार गर्ने चलन थियो । महिलाहरूलाई जनावर

वा सन्तान जन्माउने  मेसिनको रूपमा प्रयोग गरिन्थ्यो । उनीहरूलाई माया, ममता, सम्मान, सम्पत्तिको अधिकार, महिला अधिकार, वाक स्वतन्त्रताको अधिकार, सामाजिक तथा राजनैतिक अधिकारबाट वञ्चित गरिएकोले महिलाहरू राज्यको पहुँचबाट टाढा थिए । छोरी हुँदा बुवाआमाबाट गरिने विभेद, बुहारी भएपछि पति र सासुससुराबाट खेप्नु पर्ने सास्ती र बुढी भएपछि बुहारीबाट खेप्नु पर्ने सास्तीका कारण जन्मदेखि मृत्युसम्म नारीहरूलाई घर परिवार, समाज र राज्यले समेत दोस्रो दर्जाको नागरिकको रूपमा व्यवहार गर्दै आएको पाइन्छ ।

माथिका तथ्यहरूको लिखित दस्तावेज प्राप्त गर्न नसकिएकोले वि.सं. २०२२ साल अगाडि बस्ती बसेका गोदहना, कलंसन गाउँ, बसन्तपुर, रनियापुर बढवा, उढरापुर, घिया आदि गाउँमा गएर मधेसी, पहाडी, मुस्लिम र थारू समुदायका जेष्ठ नागरिक महिलाहरूसँग प्रत्यक्ष अन्तरर्वार्ता सोधखोज गरिएको थियो ।

- सुगरा खाँ भनाइमा ११२ वर्ष भनिए तापनि नागरिकता अनुसार ८३ वर्ष उमेर
- टहदिरा खाँ भनाइ अनुसार ९० वर्ष भनिए तापनि नागरिता अनुसार ८३ वर्ष उमेर
- मनराजा अहिर ७१ बर्ष
- सब्रून खाँ ७५ बर्ष सुगरा खाँ को बुहारी
- फुलमती अहिर
- सीता उपाध्याय ६४ बर्ष
- बालकुमारी यादव
- शिवराम यादव, रामगोपाल यादव
- गालिवदाउ खाँ १०० वर्ष
- वित्ता खाँ १०० वर्ष

## वि.सं. २०२२ सालपछि अहिलेसम्म नारीको स्थान

राजा महेन्द्रले प्रजातान्त्रिक व्यवस्थालाई समाप्त गरी वि.सं. २०१७ सालमा पञ्चायती निर्दलीय व्यवस्था लागू गरेपछि २०२८ सालमा रा.शि.प. योजना लगायत धेरै ऐन कानुनहरू निर्माण भए । महिला शिक्षा, महिला सशक्तीकरण सम्बन्धका केही कार्यक्रम भएको पाइन्छ । वि.सं. २०२९ सालमा महिला शिक्षा परियोजना, २०५० सालमा महिला विकास शाखा, २०५२ सालमा बालबालिका तथा समाज कल्याण मन्त्रालय, २०५६ सालमा अनौपचारिक शिक्षा केन्द्रको स्थापना गरी महिलाहरूलाई अनौपचारिक शिक्षा प्रदान आदि कार्यक्रम, २०३६ साल, २०४६ साल, १० वर्षे जनयुद्ध, २०६२/६३ सालको आन्दोलन आदिमा महिलाहरूको सशक्त भूमिका रहेको तथ्यबाट महिलाहरू क्रमिक रूपमा सशक्त हुँदै अगाडि बढेको पाइन्छ । राजा महेन्द्रकै पालामा सरकारद्वारा इजरायलका विज्ञलाई बोलाएर खजुरामा बस्ती विकास कम्पनी मार्फत पुनर्वास योजना अन्तर्गत इजरायली मोडेलमा जग्गाको प्लाटिङ गरियो । वि.सं. २०२२ सालबाट देशका विभिन्न भू-भागमा प्राकृतिक प्रकोपबाट पीडित जनताहरूलाई ३ देखि ४ बिगाहासम्म जग्गा दिएर बस्ती बसालेपछि खजुरा गाउँपालिकामा रहेका पुराना बस्ती सोनपुर, रनियापुर र उढरापुर जहाँ मधेसी, मुस्लिम र थारु समुदायको बाहुल्यता रहेको छ । पुनर्वास क्षेत्र राधापुर, सीतापुर र बागेश्वरी गरी खजुरा गाउँपालिकाले पूर्णता प्राप्त गरेको छ । पुनर्वास क्षेत्रमा पहाडीहरूको वाहुल्यता अनि नेपालका विभिन्न भू-भागको साथै बर्माबाट समेत नेपालीहरू पुनर्वास क्षेत्रमा बसाइँ सरी आएको र वन जङ्गल फडान गरी नयाँ बस्ती बसालेर घर गृहस्थी सञ्चालन गर्नुपर्दा त्यतिबेलाका नारीहरूले सन्तान जन्माउने, हुर्काउने, घर र खेतबारीको काम गर्नुपर्ने भएकोले नारीको जीवन कष्टकर रूपमा

बितेको थियो । राजनैतिक क्षेत्र, सामाजिक क्षेत्र र राज्यको पहुँचमा पुरुषको तुलनामा महिलाको उपस्थिति एकदम कम पाइन्छ । वि.सं. २०२४ सालपछि धेरै मात्रामा विद्यालयहरु खुले । विद्यालयको स्थापना, सञ्चालन र व्यवस्थापनमा केही महिलाहरुको सक्रिय सहभागिता देखिन्छ । छोरीहरुलाई पनि छोरासरह विद्यालय पठाउनु पर्ने कुराको चेतना स्थापित हुनथाल्यो । छोरीहरुलाई पनि औपचारिक शिक्षाको लागि विद्यालय पठाउन थालियो तर मधेसी, मुस्लिम र थारु समाजमा भने छोरासरह छोरीलाई पढ्न विद्यालय नपठाउने घर धन्दामै लगाउने प्रचलन २०४२/०४३ सालको आन्दोलन अगाडिसम्म रहिरह्यो ।

जब नेपालमा प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रको लागि विभिन्न समयमा आन्दोलनहरु भए त्यस समयमा माहिलाहरुको अग्रणी भूमिका रहेको पाउन सकिन्छ । खजुरा क्षेत्रबाट राजनैतिक र सामाजिक परिवर्तनको लागि गरिएका आन्दोलनमा माहिलाहरुको सक्रिय सहभागिता रहेको पाइन्छ । नेपालको संविधानले माहिलाहरुको हकहितलाई सुरक्षित गरेको छ । महिला अधिकारको लागि अन्तर्राष्ट्रिय क्षेत्रमा भएका सम्मेलन त्यसबाट जारी घोषणापत्रमा नेपालको प्रतिबद्धताका कारण महिला सशक्तीकरणको लागि सार्थकता पाउन थाल्यो । सरकारी तथा गैरसरकारी तर्फबाट गरिएका प्रयत्नहरुले महिलाहरुलाई घरबाट बाहिर निस्कन सहयोग गरे । महिलाहरु पढ्नको लागि विद्यालय र क्याम्पस जान थाले । राजनैतिक र सामाजिक आन्दोलनमा अग्रता देखाउन थाले । खजुरामा माहिला सशक्तीकरणको लागि छोरी पढाउ अभियान, घरेलु मदिराको कारण पुरुषबाट प्रताडित महिलाहरुलाई उन्मुक्ति दिन घरेलु मदिरा निषेध गर्न महिलाहरुले नै सञ्चालन गरेको घैंटो फुटाउ अभियान, एकल महिलाहरुलाई समाजले गरेको विभेद र कुरीतिबाट छुटकारा

दिलाउनको लागि गरिएको रातो सारी र टिका लगाउने अभियान, बालबिबाह अन्त्यको लागि चालिएका अभियानहरू, यौन हिंसा विरूद्ध चालिएका अभियानहरूले खजुरा गाउँपालिकामा छोरी तथा महिलाहरूलाई शैक्षिक, सामाजिक र राजनैतिक क्षेत्रमा अगाडि बढाउन महत्त्वपूर्ण सहयोग पुग्यो ।

विभिन्न समयमा जारी भएका संविधान, कानून तथा सन्धि सम्झौताहरूलाई नेपाल अधिराज्यभरि लागू गर्ने सन्दर्भमा खजुरामा पनि त्यसको प्रभाव पर्न गयो । यस अवधिमा विशेष गरी महिलाहरूको राजनैतिक तथा सामाजिक क्षेत्रमा उल्लेखनीय सहभागिता बढेको छ । शिक्षा, स्वास्थ्य र रोजगारीमा महिलाहरूको पहुँच वृद्धि भएको छ । आर्थिक स्रोत र सम्पत्तिको अधिकारमा वृद्धि भएको छ । यति हुँदाहुँदै पनि सबै समुदायमा सबै महिलाहरूले समान रूपमा यसको प्रतिफल प्राप्त गर्न सकेका छैनन् । यी अवसरहरूबाट पहाडी समुदायका महिलाहरूको तुलनामा मधेसी, मुस्लिम र थारु समुदायका माहिलाहरूले समान रूपमा अवसरहरु प्राप्त गर्न सकेका छैनन् ।

नेपालमा जारी भएका सात ओटा संविधानहरूले नेपाली महिलाहरूको हकअधिकारको लागि क्रमिक रूपमा इँटा थप्दै गएको भए तापनि पछिल्लो पटक संविधान सभाबाट जारी भएको नेपालको संविधान २०७२ लाई महिला सशक्तीकरणको लागि महिला हकअधिकार सुनिश्चित गर्ने महत्वपूर्ण दस्तावेजको रूपमा लिन सकिन्छ । संविधानमा उल्लेखित महिला अधिकारलाई स्थापित गर्न सदियौंदेखि सामाजिक रूपमा चलिआएको महिलामाथि गरिने विभेद, सामाजिक कुरीति र कुसंस्कारहरूलाई हटाउनको लागि खजुरामा विभिन्न सामाजिक आन्दोलनहरु भए । विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरु र जनप्रतिनिधिको साथै महिला अधिकार

कर्मी, सामाजिक अगुवा महिला र सामाजिक अभियन्ताहरूबाट भएका प्रयत्नको फलस्वरूप आज महिलाहरू शिक्षाको क्षेत्रमा, संस्कृति र साहित्यको क्षेत्रमा, राजनैतिक र सामाजिक क्षेत्रमा अगाडि बढेको पाइन्छ ।

नेपालको अन्तरिम संविधान २०६३ र संविधान सभाबाट जारी भएको संविधान २०७२ ले सङ्घीयता, समावेशिता, धर्मनिरपेक्षता जस्ता समाज परिवर्तनका मूलआधारहरू अगाडि सारेकोले सङ्घ, प्रदेश र स्थानीय सरकारमा महिलाहरूको ३३% उपस्थिति हुनुपर्ने, विभिन्न सङ्घ, सस्था, विद्यालय र रोजगारीको क्षेत्रमा समेत महिलाहरूलाई आरक्षण गरिएको कारण पनि महिलाहरू राजनैतिक, सामाजिक र रोजगारको क्षेत्रमा अगाडि बढ्ने अवसर प्राप्त गरेका छन् । विद्यालय र क्याम्पसहरूमा छात्रको तुलनामा छात्राहरू बढी भएको, परीक्षाको नतिजामा छात्राहरू अब्बल देखिएको, खेलकुद, सांस्कृतिक र अतिरिक्त क्रियाकलापमा छात्राहरू लेनै नेतृत्व गरेको पाइन्छ । मधेसी, मुस्लिम र थारु समुदायमा यस्तो प्रभावकम देखिए तापनि अहिले आएर छोरीहरूलाई पढाउनु पर्ने चेतनाको विकास भएको छ । राजनैतिक, सामाजिक र रोजगारीको क्षेत्रमा अगाडि बढाउनु पर्ने जागरण आएको छ ।

मधेसी, मुस्लिम र थारु समुदायका छोरीहरूलाई विद्यालयमा पढ्नको लागि छात्रवृत्तिको व्यवस्था, विद्यालयसम्म पुग्नको लागि साईकल वितरण जस्ता कार्यक्रमहरू स्थानीय सरकार तथा गैरसरकारी सङ्घ संस्थाहरूले गर्दै आइरहेका छन् ।

यस समयमा साक्षरता शिक्षा, प्रौढशिक्षा, महिला शिक्षा, किशोरी सचेतना कार्यक्रम आदिले गर्दा छोरी बुहारीहरूलाई विद्यालयमा पठाउने, प्रौढशिक्षामा आमा, बुहारी, छोरीहरू पढ्न जाने प्रचलन बढेर गयो । जसको कारण महिलाहरू सामाजिक, शैक्षिक, राजनैतिक

रूपमा अगाडि आउन थाले । यस समयमा भएको राजनैतिक र सामाजिक आन्दोलनमा भने महिलाहरूको सशक्त भूमिका रहेको थियो । २०४२/०४३ को आन्दोलन, दसवर्षे जनयुद्ध, २०६२/०६३ को आन्दोलनमा महिलाहरु आफ्नो घर धन्दा छोडेर छोराछोरीलाई घरमा छोडेर, कसैले काखमा लिएर आन्दोलनको अग्रपङ्तिमा रहेका थिए । दस वर्षे जनयुद्धमा धेरै महिलाहरु महिला छापामार भएर युद्ध लडे भने युद्धकै क्रममा खजुरा - ३ की प्रतिमा गौतमले सहादत प्राप्त गरेकी थिइन् । २०६२/०६३ सालको आन्दोलनमा खजुराकै नारी सेतु बि.क. ले नेपालगञ्जको आन्दोलनमा सहादत प्राप्त गरेकी थिइन् ।

त्यस समयमा सामाजिक र राजनीतिक परिवर्तनको लागि नेतृत्व गर्ने महिलाहरूमा चन्द्रा बोगटी, सपना गौतम, टिका सापकोटा, आशा बि.क., एकमाया बि.क., मोमिना खातुन, मुना निरौला, झुकमाया जि.एम., भुमकला शर्मा, कलावती गिरी, टिका शर्मा, सुमित्रा थापा, गंगा थापा, कौशिला थापा, बालकुमारी थापा, वसन्ती लामा लगायत त्यो समयका सशक्त नारीहरूमा बिमला श्रीवास्तव, आशा श्रीवास्तव आदि थिए । यस समयमा राजनैतिक रूपमा आशा बि.क. संविधान सभा सदस्य हुन सफल भइन् । केशमाया श्रीस र सोनु भट्ट खेलकुद क्षेत्रमा ओलम्पिक खेलाडी बन्न सफल भएका छन् ।

२०६२ सालमा सङ्घीयता, समावेशिता, धर्म निरपेक्षता सहितको लोकतान्त्रिक गणतन्त्रात्मक संविधान सभाबाट जारी भइसकेपछि महिला सशक्तीकरणको लहरै चल्यो । सङ्घ, प्रदेश र स्थानीय सरकारमा महिलाको उपस्थिति ३३% पुऱ्याउनु पर्ने भयो । स्थानीय तहमा अध्यक्ष वा उपाध्यक्ष मध्ये अनिवार्य १ महिला हुनुपर्ने भयो । विभिन्न सङ्घ, संस्था र रोजगारीको क्षेत्रमा अगाडि बढ्ने अवसर

प्राप्त भयो । खजुरा गाउँपालिकाको पहिलो स्थानीय निर्वाचनमा अध्यक्षमा किस्मतकुमार कक्षपति र उपाध्याक्षमा एकमाया बि.क. निर्वाचित भएर आएपछि खजुरा गाउँपालिकामा रहेको महिला तथा बालबालिका शाखा मार्फत महिलाहरूको हकअधिकार र सशक्तीकरणको लागि नीति नियमहरु तर्जुमा गरी सरकारी तथा गैरसरकारी क्षेत्रमा धेरै कामहरु भए ।

महिला तथा बालबालिका शाखा प्रमुख सुशीला न्यौपानेद्वारा प्राप्त तथ्यहरूको आधार महिला तथा बालबालिका र जेष्ठ नागरिकहरूलाई सबल बनाउने हेतुका साथ धेरै कार्यक्रमहरु भएको पाइन्छ । बाल संरक्षण सम्बन्धी नीति र कार्यविधि बनाएर लागू गरिएको बालक्लब, किशोरी क्लबहरूको गठन गरी उनीहरूलाई हिंसा, दुर्व्यवहार, बालविवाह जस्ता सामाजिक अपराधहरूलाई निर त्साहित गरिएको छ । छोरी पढाउ अभियान अन्तर्गत मधेसी, मुस्लिम, थारु, दलित, पिछडिएका वर्गका छात्राहरूलाई वडा र गाउँपालिकाको बजेट विनियोजन गरी कक्षा ११/१२ पढ्नको लागि छात्रवृत्ति र साईकल उपलब्ध गराएको थियो । बालमैत्री गाउँपालिका घोषणा गर्न आवश्यक नीति र कार्यविधि तयार पारिएको छ । मानव बेचबिखन तथा ओसारपसार विरूद्ध नीति तथा कार्यविधि निर्माण भएका छन् । वडा स्तरीय सञ्जाल गठन गरेर यसको विरुद्ध विभिन्न कार्यक्रमहरु गैरसरकारी संस्थाहरूसँग समेत हातेमालो गर्दै अगाडि बढिरहेको छ ।

खजुरा गाउँपालिकालाई बालविवाह मुक्त गाउँपालिका घोषणा गर्न सफल भएको छ । हिंसा पीडित महिलाहरूको लागि एक लाख रूपैयाँ बराबरको कोष स्थापना भएको छ । पीडित र प्रभावित महिलाहरूलाई कानूनी र आर्थिक सहायता प्रदान गर्ने गरेको छ । खजुरा गाउँपालिकामा कार्यरत गैरसरकारी सङ्घ संस्थाहरूसँग

हातेमालो गरेर महिला तथा बालिकाहरूलाई सशक्त बनाउनको लागि धेरै कार्यक्रमहरु सञ्चालनमा छन् । रुम टुरिड, रेष्ट जस्ता सस्थाहरूले बालिका शिक्षाको लागि काम गरिरहेका छन् भने प्लान नेपाल, डेक नेपाल, स्याक नेपाल, बि ग्रुप, माइती नेपाल, बाँके युनेस्को क्लब, निर्धन उत्पादन, सिविम आदिले महिला, बालबालिका, जेष्ठ नागरिकको क्षेत्रमा कामहरु गर्दै आएका छन् । स्थानीय सरकारका ८ ओटै वडाहरूले महिला सशक्तीकरणको क्षेत्रमा बजेटहरु विनियोजन गरी विभिन्न कार्यक्रमहरु गर्दै आएका छन् ।

शिक्षा क्षेत्रमा पहिला SLC पास गर्ने सुमित्रा थापा, कौशिला थापा, पहिलो महिला शिक्षक टिका भट्टराई, महिला सभासद आशा बि.क., स्थानीय सरकार उपाध्यक्षहरु एकमाया बि.क. र मन्जु मल्लले स्थानीय सरकारको नेतृत्व गरेका थिए । खजुराले धेरै महिला खेलाडीहरु पनि उत्पादन गरेको छ । अन्तर्राष्ट्रिय स्तरमा समेत खजुराको नाम रोशन गर्ने खेलाडीहरु केशमाया श्रीस र सोनिया भट्टलाई लिन सकिन्छ । खजुराको एक मात्र पब्लिक क्याम्पस ज्ञानोदय पब्लिक क्याम्पसमा क्याम्पस प्रमुखको रूपमा चरित्रा शाहले नेतृत्व गरिरहनु भएको छ । विद्यालयहरूको प्र.अ. को नेतृत्वमा रही शैक्षिक क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउने महिलाहरु देउमति थापा, अम्बिका थापा, शोभा रेग्मी, सरस्वती सापकोटा, गीता गोदार, सोना के.सी., सुमित्रा लामिछाने, आसिका पान्डे आदिलाई लिन सकिन्छ । अहिलेसम्म पनि छोरी पढाउनको लागि आनाकानी गर्ने मधेसी, मुस्लिम समुदायबाट पहिलो SLC पास गर्ने सवाना बेगम हुन् भने मास्टर डिग्री उत्तीर्ण गरी शिक्षण पेसा गरिरहेकी नाजिया खान र मिना यादवको नाम लिन सकिन्छ । साहित्यको क्षेत्रबाट कलम चलाएर नारी सशक्तीकरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने चरित्रा शाह र कल्पना पौडेल 'जिज्ञासु'

खजुराका महिला स्रष्टाहरू हुन् । खजुरालाई कर्म क्षेत्र बनाएर जनयुद्धमा होमिएकी महिला नेत्री कृष्ण के.सी. नमुना सभासद हुँदै लुम्बिनी प्रदेशको मन्त्री बन्न सफल भएकी छन् । खजुरामा महिलाहरू सदस्य रहेको एक मात्र कालिका बहुउद्देश्यीय सहकारी हो । सहकारीको नेतृत्व गर्ने महिलाहरू करुणा कुवर र उमा कक्षपति हुन् । खजुरामा सञ्चालित ६४ ओटा विद्यालय मध्ये ३ ओटा विद्यालयमा अध्यक्षको भूमिकामा रही काम गर्ने महिलाहरू भीमसरा भण्डारी, बसन्ती सुनार र सुशीला परियार रहेका छन् । खजुरा क्षेत्रमा नारी उत्थान केन्द्र मार्फत नारी सशक्तीकरणका कार्यक्रमहरू सञ्चाल नहुने गरेका छन् जसको विभिन्न समयमा नेतृत्व गर्ने जमुना भट्ट, झुकमाया जि.एम. र दुर्गा खत्री रहेका छन् ।

**कल्पना पौडेल 'जिज्ञासु'**

| | | |
|---|---|---|
| जन्म स्थान | : | छिस्ती बाग्लुङ |
| बुवाको नाम | : | टीकाराम पौडेल |
| आमाको नाम | : | मणिकर्ण पौडेल |
| ठेगाना | : | खजुरा गा.पा. - ३, बाँके |
| शिक्षा | : | स्नातक |
| अभिरूचि | : | साहित्य, समाज सेवा, राजनीति र सङ्गीत |
| लेखन | : | गीत, गजल, कविता, मुक्तक, कथा, निबन्ध, हाइकु, सुसेली, संस्मरण |

**प्रकाशित कृतिहरू :**

- भावनाका भेलहरू गजल सङ्ग्रह (२०६९)
- जून हराएको रात गजल सङ्ग्रह (२०७१)

- पोखिएका खुशीहरू गीति एलबम (२०७५)
- विद्रोहका तरङ्ग मुक्तक सङ्ग्रह (२०७७)
- दुई दर्जन भन्दा बढी विभिन्न विधामा संयुक्त कृति प्रकाशन

**पुरस्कार तथा सम्मान :**

- गजलश्री पुरस्कार तथा सम्मान (२०७०), हाम्रो मझेरी प्रतिष्ठान चितवन
- Million - Dollar Round Table (MDRT AWARD-2022)
- सृजन रत्न पुरस्कार, वर्ल्ड क्रियटिभिटी फोरम नासिक महाराष्ट्र, भारत

**संलग्नता :**

- अध्यक्ष : कल्पना फाउण्डेशन नेपाल
- अध्यक्ष : अन्तर्राष्ट्रिय नेपाली प्रगतिशील साहित्य प्रतिष्ठान
- अध्यक्ष : विश्व नेपाली साहित्य महासङ्घ नेपाल शाखा
- सदस्य : विश्व नेपाली साहित्य महासङ्घ केन्द्रीय समिति
- केन्द्रीय सदस्य : एसिया मानवअधिकार तथा सांस्कृतिक विकास मञ्च
- केन्द्रीय सदस्य : प्रगतिशील लेखक सङ्घ
- कोषाध्यक्ष : प्रगतिशील लेखक सङ्घ, बाँके
- सदस्य : नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासङ्घ
- कार्यकारी सदस्य : अखिल नेपाल महिला सङ्घ
- कार्यकारी सदस्य : नयाँ नेपाल वातावरण संरक्षण मञ्च
- सचिव : लायन्स क्लब अफ नेपालगञ्ज, खजुरा, बाँके
- आजीवन सदस्य : नेपाल मुक्तक प्रतिष्ठान

- आजीवन सदस्य : विश्व नेपाली साहित्य महासङ्घ
- आजीवन सदस्य : हाम्रो मझेरी प्रतिष्ठान चितवन
- सल्लाहकार : विश्व नेपाली साहित्य महासङ्घ, लुम्बिनी प्रदेश
- सल्लाहकार : भेरी साहित्य समाज नेपाल, बाँके
- सल्लाहकार : विश्व नेपाली साहित्य महासङ्घ, बाँके
- सल्लाहकार : नीलसागर सेवाश्रम

# खजुराको धार्मिक इतिहास

**बोधराज प्याकुरेल**

## परिचय

बाँके जिल्लाका आठ स्थानीय तहहरु मध्ये खजुरा गाउँपालिका पनि एक हो । १०१.९१ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यो गाउँपालिकामा वि.सं. २०६८ को जनगणना अनुसार कूल ५०९६१ जनसङ्ख्या रहेको छ । उत्तरमा बैजनाथ गा.पा., दक्षिणमा भारतको सीमा, पश्चिममा बर्दिया जिल्ला र पूर्वमा जानकी गाउँपालिकासँग सिमाना जोडिएको छ । आठ वटा वडा रहेको यस गाउँपालिकामा क्षेत्रफलका आधारमा सबैभन्दा सानो वडा वडा नं. १ हो भने सबैभन्दा ठुलो वडा, वडा नं. २ हो । त्यसैगरी जनसङ्ख्याको हिसाबले पनि सबैभन्दा सानो वडा १ नं. हो भने सबैभन्दा ठूलो वडा ३ नं. हो । यहाँ भाषिक रूपमा अवधी भाषी र नेपाली भाषी समुदायको ठूलो बसोबास रहेको छ भने त्यसपछि थारु भाषीहरु रहेका छन् । केही बुढाबुढीहरूले मातृभाषाको रूपमा मगर, गुरूङ, नेवारी भाषा समेत बोल्ने गरेको पाइन्छ । खजुराका पुराना बस्तीहरूमा अहिले पनि हिन्दूधर्म मान्ने र इस्लाम धर्म मान्ने अवधी भाषीहरूको बसोबास नै बढी छ । त्यसैगरी पुरानो मध्येको घिया गाउँमा थारु भाषीहरूको बसोबास रहको छ भने वि.सं. २०२२ सालमा पुनर्वास कम्पनीले बस्ती बसालेका नयाँ गाउँहरूमा भने नेपाली भाषीहरूको बसोबास रहेको छ ।

पुराना बस्तीहरु जहाँ अहिले पनि मधेसी समुदायका मानिसहरूको नै बसोबास रहेको छ ती ठाउँहरूमा हिन्दू तथा मुस्लिम धर्म मान्ने विभिन्न जातका मानिसहरूको बसोबास छ । हिन्दूधर्म र इसाई धर्म मान्ने पुनर्वास क्षेत्रमा भने पहाडिया ब्राह्मण, क्षेत्री, नेवार, गुरूङ, मगर, ठकुरी, कामी, दमाई, सार्कीको बसोबास रहेको छ ।

नयाँ मुलुकको रूपमा चिनिने बाँके जिल्लाका पुराना बस्तीहरु जुन बाँके जिल्ला नेपालको हुनुभन्दा अघिदेखि नै बसोबास रहेका गाउँहरु समेत खजुरा गाउँपालिकामा पर्ने गर्छन् । रनियापुर, उढरापुर, घिया, भण्डारिया, सोनबर्षा, गोदहना, कलङ्सन गाउँ, रजनवा, बठुवा, सोनपुर, बसन्तपुर गाउँहरूमा नयाँ मुलुकका रूपमा बाँके जिल्ला नेपालमा गाभिनुभन्दा पुर्वदेखि नै बसोबास रहँदै आएको कुरा त्यहाँका बुढापाकाहरु बताउँछन् । यसरी खजुरा पुनर्वास पूर्वदेखि नै बसोबास रहेका पुराना बस्तीहरु र पुनर्वासपछि बसेका बस्तीहरु गरी दुई कालखण्डमा यहाँ बस्ती बसेको देखिन्छ । यसैलाई आधार मानेर खजुराको धार्मिक इतिहासको कालखण्डलाई पुनर्वास पूर्व र पुनर्वास पछि गरी मुख्य दुई कालखण्डमा विभाजन गरी लेख्ने प्रयास गरिएको छ ।

खजुरा गाउँपालिकामा धार्मिक आस्थाका आधारमा मुख्यतः हिन्दू र इस्लाम धर्म मान्ने मानिसहरूको ठुलो सङ्ख्यामा बसोबास रहेको छ भने त्यसपछि इसाई धर्मावलम्बीहरु रहेका छन् । यहाँका पुराना बस्तीहरु जहाँ अवधी भाषी मधेसी समुदायका मानिसहरूको बसोबास रहेको छ, ती बस्तीहरूमा सदियौंदेखि हिन्दू तथा इस्लाम धर्मावलम्बीहरूको बसोबास भएको देखिन्छ । थारु समुदायका कतिपय धार्मिक कृत्य तथा संस्कारहरु हिन्दू धर्मसँग हुबहु नमिले पनि उनीहरु आफूहरूलाई हिन्दू नै भन्न रूचाउँछन् र अधिकांश हिन्दूहरूले मान्ने देवीदेवतालाई नै मान्छन् तथा त्यसप्रति आस्था र विश्वास राख्छन् ।

यस आधारमा थारु समुदायको बस्तीलाई पनि हिन्दू धर्माबलम्बीको बस्ती नै भन्न सकिन्छ । इसाई धर्मका मानिसहरूको बसोबास भने पुनर्वासपछि मात्रै यस ठाउँमा भएको पाइन्छ । पुनर्वासअघि खजुरामा इसाई धर्मको धार्मिक स्थल वा इसाई धर्म मान्ने मानिसहरु

बसेको कुनै प्रमाण भेटिँदैन । केही हिन्दू मन्दिरहरूमा शाक्यमुनि बुद्धका मूर्तिहरू मूल मन्दिरको छेउमा स्थापना गरे पनि स्वतन्त्र रूपमा खजुरामा एउटा मात्रै बौद्ध बिहार रहेको छ । बौद्ध धर्ममा विश्वास र आस्था राख्ने मानिसहरू भए पनि बुद्ध धर्म मान्ने बौद्धमार्गीहरूको सङ्ख्या भने नगण्य मात्रामा छ । हिन्दू धर्म मान्ने मानिसहरूले पनि बुद्धप्रति आस्था राख्ने र बुद्ध धर्म मान्नेहरूले पनि हिन्दू देवीदेवताप्रति आस्था राख्दै हिन्दू मन्दिरमा पूजा आजा गर्ने एवम् हिन्दूहरूका चाडपर्वहरू मनाउने भएकाले पनि बुद्ध धर्मको यस ठाउँमा के कति उपस्थिति छ भनेर यकिन गर्न गाह्रो देखिन्छ । नेपालका किराँत लगायतका धर्म मान्ने मानिसहरू भने यहाँ बसोबास भएको भेटिएन । यसरी खजुरा गाउँपालिकामा हिन्दू, मुस्लिम, इसाई र बुद्ध धर्म मान्ने मानिसहरूको बसोबास रहेको छ ।

खजुरा गाउँपालिकाभरि नयाँ पुराना गरी आजसम्म ६३ ओटा हिन्दू मठ मन्दिर, २२ ओटा इस्लाम धर्मका मस्जिद, १९ ओटा इसाई धर्मका चर्च र १ ओटा बौद्ध बिहार रहेका छन् । यसबाहेक व्यक्तिगत नीजि जग्गामा बनेका मन्दिर, विद्यालय परिसरमा बनेका मन्दिर गरी दर्जनौँ हिन्दू मठ मन्दिरहरू पनि रहेका छन् । त्यसै गरी हिन्दू तथा इस्लाम धर्माबलम्बी दुबैका साझा आस्थाका केन्द्र बनेका ३ ओटा मजार (स्थान) हरू पनि रहेका छन् भने इस्लाम धर्मावलम्बीका केही ईदगाहा र कर्बालाहरू पनि छन् ।

## पुनर्वास पूर्वकाल

भारतमा इस्ट इन्डिया कम्पनीले सन् १८५७ को लखनउ विद्रोह साम्य पार्न अङ्ग्रेजलाई सैन्य सहयोग गरेपछि जङ्गबहादुर राणासँग खुसी भएर सन् १८१६ को युद्ध र सुगौली सन्धिमा

गुमेका पश्चिमको कुतिया कवरदेखि पूर्वको सुइया बघौडासम्मको ७ कोस भू-भाग नेपालले उपहार स्वरूप प्राप्त गरेको थियो । जसमा कञ्चनपुर, कैलाली, बर्दिया र बाँके जिल्ला पर्दछन् । यी चार जिल्लालाई नयाँ मुलुक भनेर चिनिन्छ । बाँके नयाँ मुलुक हुनुपूर्व नै खजुरामा पुराना मधेसी समुदायका बस्तीहरु रहेका थिए । ती पुराना मधेसी बस्ती बाहेकका खजुराका अन्य गाउँहरु भने २०२२ सालदेखि पुनर्बास कम्पनीले नयाँ बस्ती बसाउन थालेपछि बसेका हुन् । पुनर्वासपूर्व खजुरामा रनियापुर, उढरापुर, सोनपुर, रजनवा, गोदहना, सोनवर्षा, बठवा, पुरैना, बसन्तपुर, घिया र भण्डारिया बस्ती बाहेक अन्य क्षेत्र भने जङ्गलले ढाकिएको थियो । पुनर्वासले बस्ती बसाउनुभन्दा अगाडि जङ्गलले ढाकिएको, त्यहाँ कुनै बस्ती नरहेको हालको सैनिक गाउँमा रहेको मैटहवा देवी मन्दिरमा रहेको सन् १६१७ को शिलालेखले भने त्यस क्षेत्रमा जङ्गलभन्दा पहिले बस्ती थियो भन्ने प्रमाण दिन्छ । मैटहवा देवीको मन्दिरमा गुरुवाको स्थान हुनु, थारु लवजको मैटहवा नामबाट मन्दिरको नाम रहनुले त्यो क्षेत्रमा जङ्गल बिस्तार हुनुभन्दा पहिल्यै थारु समूदायको बस्ती थियो भन्न सकिन्छ । यस आधारमा सन् १६१७ देखि पुनर्वास शुरु भएको वि.सं. २०२२ सालसम्मलाई मान्दा पुनर्वास पूर्वको कालखण्ड करिब ३४७ वर्षको रहेको छ ।

प्राप्त आधारलाई प्रमाण मान्दा मैटहवा देवीको सन् १६१७ को शिलालेख बाहेक यस अवधिमा कुनै प्रमाणिक आधारहरु फेला परेका छैनन् । यद्यपि पुनर्वास बस्नुभन्दा पहिले नै पुरानो बस्तीभन्दा बाहिर जङ्गलमा रहेका मैटहवा देवी जस्तै गौघाटको योगिनी माता, बाबा स्थानको बाबा स्थान, एफ गाउँको किरण देवी, १ नम्बरको मुसवेटवा मजार र पुरानो बस्तीमा रहेका रनियापुर र

उढरापुरका जामे मस्जिद तथा उढरापुरको शिव मन्दिरको इतिहास पनि त्यति नै पुरानो हुन सक्ने अनुमान गर्न सकिन्छ ।

ऐतिहासिक आधारहरू सङ्कलन गर्ने क्रममा उल्लिखित धार्मिक स्थलहरू भन्दा अन्य धार्मिक स्थलहरूको बारेमा वि.सं. २०१०/११ सालभन्दा अघिको कुरा नभेटिएको र २०१०/११ सालदेखिका कुराहरू भने स्थानीय वृद्धवृद्धाहरूले भनेका कुराहरूलाई नै मुख्य श्रोतको रूपमा मानिएको छ ।

**हिन्दू धर्म र धार्मिक स्थलः**

यस समयमा खजुरामा मधेसी समुदायका मानिसहरू र थारू समुदायका मानिसहरूको बसोबास रहेका पुराना गाउँहरू मात्रै थिए । बाँकी क्षेत्र भने घना जङ्गलले ढाकिएको थियो । त्यतिखेर खजुरामा इस्लाम धर्म मान्ने र हिन्दू धर्म मान्ने मानिसहरूको मात्रै बसोबास रहेको थियो । हिन्दू धर्माबलम्बीहरू सनातन परम्पराको पालना गर्थे । नवरात्र, यमपञ्चक, होली, रक्षाबन्धन जस्ता धार्मिक चाडपर्वहरू उत्सवका साथ मनाउँथे । शिवरात्री, कृष्ण जन्माष्टमी, राम नवमी जस्ता पर्वहरूमा उपवास बसी स्थानीय मठ मन्दिरमा गएर पूजाआजा गर्थे । हिन्दू धर्मका सम्प्रदायहरूको प्रभाव खजुरामा त्यतिखेर खासै परेको देखिँदैन । यद्यपि त्यस समयमा शिव र देवीका मठ मन्दिरहरू भने अन्य देवी देवताका मन्दिरका तुलनामा धेरै स्थापना भएका थिए । मठ मन्दिरहरू ठुला भव्य थिएनन् । इनारको नजिक, खाली जग्गा भएको ठाउँमा बाँसको लिङ्गो गाडी शिला स्थापना गरेर पूजा गर्ने गर्थे । हिन्दूहरूको बसोबास भएको सबै गाउँहरूमा मरीमाता, गावट देवी र शिवलिङ्गको स्थापना गरिएका प्रशस्त पुराना स्थान हुनुले त्यतिखेर हिन्दू धर्मावलम्बीहरूले गाउँको सीमा रक्षकको रूपमा मरीमाता र गावटदेवीको पूजाआजा

गर्ने गरेको देखिन्छ । नित्य पूजा तथा पर्व विशेष पूजाआजाका लागि शिवालयको स्थापना गरेको पाइन्छ ।

भारतीय साधुसन्तहरु आएर बेलाबेलामा ठुला धार्मिक आयोजना गरी धर्म जागरण एवम् धार्मिक स्थल निर्माणका लागि प्रयास गरेको पनि पाइन्छ । भारतका विभिन्न आश्रमबाट दीक्षित साधुसन्तहरूले धार्मिक स्थल स्थापना गर्न घना जङ्गलको बीचमा समेत कुटीहरु बनाई बसेको पाइन्छ ।

यो समय हिन्दू धर्मको लागि स्थिर समय थियो । कुनै ठुलो धार्मिक जागरण यस समयमा भएको देखिँदैन भने ठुलो धार्मिक विचलन पनि यतिखेर भएको पाइँदैन । परम्परागत रुपमा आफ्ना पूर्खाहरूले जेजस्ता धार्मिक कार्यहरु गरे जसरी गरे, त्यसरी नै त्यसलाई पछिल्लो पुस्ताले निरन्तरता दिएको देखिन्छ । त्यस बाहेकको हिन्दू समाज धार्मिक चमत्कारहरुबाट प्रभावित हुने गरेको पनि देखिन्छ । विभिन्न साधुसन्तहरूले गरेका चमत्कारिक कार्यहरुबाट प्रभावित भई ती साधुसन्तहरूलाई समाजले ठुलो स्थान दिने गरेको, तिनीहरुको समाधी स्थल बनाई पूजाआजा गर्ने गरको समेत पाइयो ।

## मैटहवा देवी

यो अवधिमा भेटिएको एउटा मात्रै ऐतिहासिक आधार भनेको सन् १६१७ को मैटहवा देवीको मन्दिरमा रहेको शिलालेख हो । स्थानीय बासीका बिचमा प्रचलित मैटहवा देवीको किम्बदन्तीको आधारमा यो मन्दिर सन् १६१७ भन्दा पनि पुरानो हुन सक्छ । किम्बदन्ती अनुसार यस ठाँउमा पहिला ठुलो थारु बस्ती रहेको थियो । अहिले पहाडीहरुको मात्र बस्ती रहेको ठाउँको मन्दिरमा गुरुवा (थारु समूदायको पुजारी) को स्थान हुनु, थारु भाषामा

माइती भनिने मैटहवा भन्ने शब्दबाट देवीको नाम रहनुले पनि थारु बस्ती भएको कुरालाई पुष्टि गर्दछ । बस्तीको वरिपरि घना जङ्गल थियो । एक पटक एउटी १४ वर्षे चेलीको शरीरमा देवी उत्रेर बोल्न थालिछिन् । म सत्यदेवी हुँ । यस ठाउँमा मेरो ढाडको केही भाग खसेको छ । मेरो ढाडको मासु खसेको ठाउँमा मेरो मन्दिर बनाइदिनू, तिमीहरु सबैको कल्याण हुनेछ, भनिछिन् । थारु चेलीको कुरा सुनेपछि गाउँका मानिसहरु दुईतिर बाँडिएछन् । चेलीले भनेअनुसार मन्दिर बनाउनु पर्छ भन्ने एउटा पक्ष र चेलीलाई बोक्सी आदिको आरोप लगाएर प्रताडित गर्ने अर्को पक्ष । प्रताडित गर्ने पक्षले चेलीलाई मारेर जङ्गलमा लगेर गाडेछन् । त्यसको केही दिनपछि गाउँको अर्को कुनै मानिसको शरीरमा देवी चढेर धर्मका पक्षधरहरु धर्मकै साथमा रहनू, अधर्मका पक्षधरहरूलाई म श्राप दिन्छु । मारिएकी चेलीलाई मैले कोखमा लिइसकेँ । (मैटवा अर्थात् माइत शब्दले देवी माइती बनेर चेलीलाई काख लिएको कुरा) यी चेली शक्तिशाली भएर यहीँ बस्नेछिन् । यिनको नाम आजबाट मैटहवा देवी भयो भनेर वरदान दिईछिन् । त्यसपछि मैटहवा देवीको मन्दिर कहाँनेर बनाउने भन्ने कुरा थाहा नपाए पनि गाउँलेहरूले मैटहवा देवी भनेर प्रार्थना गर्न थालेछन् । पछि फेरी कसैको शरीरमा उत्रेर देवीले मेरो पिठ्यूँको भाग एउटा बेलको रूखमा ठोक्किएर जमिनमा भासिएको बेलको रूखमुनि मेरो स्थान बनाइदिनू भनिछिन् । कालान्तरमा जङ्गलमा रूख काट्दा रगत बग्न थालेछ । त्यसपछि त्यही स्थानको बेलको रूखमुनि स्थानीय बासीले देवीको स्थान बनाएर पूजा गर्न थालेछन् ।

केही समयपछि देवी फेरि कसैको शरीरमा उत्रेर मन्दिरको ढोका कता राख्नुपर्ने, देवीको पूजा गर्नुपूर्व अरु कुन कुन देवताको पूजा गर्नुपर्ने आदि धेरै कुरा बताइछिन् र त्यसै अनुसार देवीदेवताको

र गुरुवाको स्थान समेत स्थापना गरी पूजा गर्न थालेछन् । मन्दिर संरक्षण समितिका वर्तमान अध्यक्ष चेतबहादुर रानाका अनुसार अहिले पनि बेलाबेला गाउँका कुनै व्यक्तिमा देवी उत्रने गरेको र देवीले बताए अनुसार निर्माण कार्य र पूजा हुने गरेको कुरा बताउँछन् ।

खजुरा गाउँपालिका वडा नं. १ सैनिक गाउँको भारतीय सीमा १० गजा नजिकै रहेको मैटहवा देवीको हालको मन्दिर भने वि.सं. २०४७ सालमा मात्रै बनेको हो । हालको मन्दिर बन्नुभन्दा पहिले त्यहाँ जङ्गलको बिचमा ४ वटा जमुनाका ठुला ठुला रूख, ठुलो सालको रूखसँग रहेको बेलको रूख नजिक करिब एक डेढ फुट अग्लो सिमेन्टको स्तम्भमाथि एउटा शिलाको स्थापना रहेको र त्यसै ढुङ्गामा मैटहवा देवीको पूजा गर्ने गरेको स्थानीय बासी बताउँछन । पुनर्वास कम्पनीले २०२४ सालमा भूतपूर्व सैनिकहरूलाई त्यहाँ बसोबास गराएपछि पनि देवी स्थान भने जङ्गलले नै घेरिएको थियो । पुनर्वास कम्पनीले जग्गा वितरण गरेपछि ब्रिटिस क्याप्टेन थापाले आफ्नो प्लट खोज्दै जाँदा उक्त देवी स्थान भएको जग्गा आफ्नो प्लटमा रहेको थाहा पाए । खेतीपातीको लागि जङ्गल फाड्ने क्रममा सीमापारी भारतबाट उक्त स्थानमा पूजा गर्न मानिसहरु आएको देखेर सोध्दा यो मैटहवा देवीको स्थान हो, वर्षौं पहिले हाम्रा पुर्खाहरु देखि नै आफूहरु यहाँ पूजा गर्न आउने गरेको भारतीय नागरिकले बताएपछि वहाँले देवीको स्थान भएको ठाउँको आफनो नामको जग्गा मन्दिरलाई दान दिनुभयो ।

देवी स्थान वरिपरिको जङ्गल फडान गरेर त्यस ठाउँमा खेतीपाती गर्दै आएको धेरै वर्षपछि गाउँकै मानिसमा देवी चढेर त्यस ठाउँमा मन्दिर बनाउन भनेपछि स्थानीय बासीहरूको सक्रियतामा

२०४७ सालमा त्यस ठाउँमा वर्तमानमा रहेको पक्की मन्दिरको निर्माण भयो । मन्दिर निर्माण गर्दा पहिलेदेखि नै सिमेन्टको स्तम्भमाथि रहेको ढुङ्गालाई बिचमा पारेर बाहिरबाट देवल उठाई मन्दिर बनाइयो । पछि वि.सं. २०५१ सालमा मन्दिरको जिर्णोद्धार गर्ने क्रममा मन्दिर क्षेत्रमा पर्खाल लगाउने, कुटी घर बनाउने, धर्मशाला बनाउने क्रममा मन्दिरमा सिङ्गमर्मर तथा टायल बिछाउने काम समेत भयो । त्यसबेला स्त्री आकृतिको करिब ४ फुट अग्लो सिङ्गमर्मरको देवीको मूर्ति समेत स्थापना गरियो । मूर्ति स्थापना गर्ने बेला स्तम्भमा रहेको सन् १६१७ को शिलालेख टायलले छोपिएको कुरा मूर्तिको प्राणप्रतिष्ठा गराउने कार्यमा संलग्न स्थानीय वासी पण्डित लक्ष्मी प्रसाद लम्साल बताउनु हुन्छ । वहाँका अनुसार ढुङ्गा राखिएको सिमेन्टको स्तम्भको पूर्वपट्टिको भागमा सन् १६१७ मात्रै लेखिएको शिलालेख थियो ।

वर्तमानमा चारओटा ठुला जमुनाका रूख, एउटा सालको रूख र नजिकै रहेको बेलको रूखमुनि शिखर शैलीमा निर्मित, सिमेन्ट, इँटा र ढुङ्गा प्रयोग गरी बनाइएको मन्दिर छ । गर्भगृहमा करिब ४ फुट अग्लो मैटहवादेवीको प्रस्तरको मूर्ति राखिएको छ । मन्दिरको परिक्रमा भागमा फलामको न्यालिङ, न्यालिङमाथि दियोहरू र न्यालिङको तल्लोभागमा घण्टीहरू झुण्डाइएको छ । मूल मन्दिरको अगाडि पूर्व दायाँ कृष्णको, बाँया शिवको र त्यसको ठिक अगाडि पञ्चमुखी नाग र गणेशको प्रस्तरको मूर्ति रहेको छ । मन्दिर क्षेत्रमा प्रवेश गर्ने मूलद्वारबाट भित्र पस्ने बित्तिकै उत्तरतर्फ गुरूवाको स्थान छ । काठको मौलो, घण्टहरू र देवीका ससाना धातुका मूर्तिहरू बेलको रूख नजिकै राखिएका छन् । मुख्य गाउँभन्दा पर भारतीय सिमाना नजिक रहेको मन्दिरलाई सुरक्षाको लागि पक्की पर्खाल लगाइएको छ भने खानेपानी र बत्तीको समेत व्यवस्था गरिएको छ ।

बाँके जिल्लाका अन्य ठाउँहरूमा समेत मैटहवा देवी नाम गरेका मन्दिरहरू रहेका छन् । अन्यत्रका मन्दिरहरू भने देवीको मूलस्थान घना जङ्गलले घेरिएर दर्शन गर्न जानका लागि असहज भएपछि गाउँमै देवीको दर्शन गर्न सकियोस् भनेर स्थापना गरिएको कुरा स्थानीय वासीहरू बताउँछन् । अहिले पनि बाँके जिल्लाका विभिन्न ठाउँ र सीमापारी भारतबाट समेत दर्शनार्थीहरू मैटहवा देवीको दर्शन गर्न आउने गरेको कुरा मन्दिर संरक्षण समितिका वर्तमान अध्यक्ष चेतबहादुर राना बताउँछन । यसरी हेर्दा मैटहवा देवी खजुराको पुरानो शक्ति पीठ भएको देखिन्छ ।

**बाबा स्थान**

खजुरा गाउँपालिका वडा नं. २ गौघाट गाउँमा रहेको हिन्दूहरूको धार्मिक स्थल बाबा स्थानको इतिहास पनि निकै पुरानो मानिन्छ । यति वर्ष पुरानो भनेर ठोकुवा गर्ने कुनै प्रमाणिक तथ्य फेला नपरे पनि बाँके जिल्ला नयाँ मुलुकका रूपमा नेपालमा गाभिनु पूर्वदेखि नै बसोबास रहेको उढरापुर र खजुराका पुराना बस्तीहरू बसन्तपुर, डलैपुर एवम् जानकी गाउँपालिकाको पुरानो बस्ती गिजरासँगै यस स्थानको सन्दर्भ जोडिनुले बाबा स्थान पनि करिब १०० वर्ष पहिलेदेखि नै धार्मिक स्थलको रूपमा रहँदै आएको हुन सक्ने अनुमान लगाउन सकिन्छ । सुकैदास बाबा मन्दिर संरक्षण समितिले बनाएको आफनो विधान र विधानको प्रस्तावनामा उल्लेख गरेको बाबा स्थानको परिचय एवम् स्थानीय वृद्ध मानिसहरूसँग गरिएको कुराकानी तथा बाबा सुकैदासको बारेमा स्थानीयले बताएको किंवदन्ती नै बाबास्थानको इतिहास लेखनका श्रोतहरू हुन् ।

अहिले जानकी गाउँपालिकामा पर्ने गिजरा भन्ने गाउँका एकजना सुकैदास नाम गरेका फकिर हालको मन्दिर भएको

ठाउँमा आएर बसेका थिए । त्यतिबेला यो क्षेत्र पुरै घना जङ्गलले ढाकिएको थियो । उढरापुर, बसन्तपुर र डलैपुर क्षेत्रका किसानहरु त्यस ठाउँमा आफना गाईवस्तु चराउन आउँथे । नजिकै रहेको मानखोलामा गाईवस्तुलाई पानी खुवाउने गर्थे । एकदिन गाईवस्तु चराउन गएका गोठालाहरूले जङ्गलको बिचमा सानो कुटी बनाएर एकजना फकिर बसेको देखे । बाबासँग गोठालाहरूको नियमित जस्तै भेट हुन थालेपछि बाबाले मलाई खाने अन्न ल्याइदिन्छौ भने म तिमीहरूका गाईवस्तु हेरिदिन्छु भनेछन् । बाबाले गाई हेरिदिने भएपछि गोठालाहरूले बाबालाई रासन पानी दिन थालेछन् । एक दिन माघ शुक्ल बसन्त पञ्चमी (सरस्वती पुजा) का दिन बाबा बिहानै उठी गाईवस्तुलाई चरन मार्गतिर लगाएर आफू स्नानगरी सेतो बस्त्र ओढेर ध्यानमा बसे छन् । गोठालाहरु आफना गाईहरु लिन आउँदा बाबालाई नदेखेपछि कुटीभित्र हेर्दा उनले ओढेको च्यादर र भगवा वस्त्र देखेछन् । च्यादर ओढेर बसेको जस्तो अवस्था थियो त्यस्तै थियो तर उठाएर हेर्दा बाबा थिएनन् । बाबाको दिव्यशक्तिका कारण बाबा अन्तर्ध्यान भए भन्ने गोठालाहरूले थाहा पाएछन् ।

यसरी अलप भएका बाबामा दैविक शक्ति भएको विश्वासले गोठालाहरूले त्यस ठाउँमा पूजाआजा गर्न थालेछन् । पछि गाउँका मानिस पनि आएर पूजाआजा गर्ने र भाकल माग्ने गर्न थालेछन् । श्री पञ्चमीको दिन बाबा अलप भएकाले प्रत्येक वर्ष यसै ठाउँमा माघ शुक्ल पञ्चमी (श्री पञ्चमी) का दिन भण्डारा गर्ने चलन चलेछ ।

वि.सं. २०२४ सालमा पुनर्वास कम्पनीले जग्गा वितरण गर्दा बाबा स्थान रहेको ठाउँको जग्गा स्वर्गीय दुर्गे बुढालाई परेछ । जग्गा वितरण गर्न गएका तत्कालीन पुनर्वासका मेनेजरको गाडी

सोही ठाउँमा पुगेपछि बिना कारण कहिले रोकिने र कहिले बिग्रन थालेछ । पछि गोठालाहरूको भनाइ सुनेपछि दुर्गे बुढाले आफूलाई अर्को ठाउँमा जग्गा दिएर यो जग्गा बाबाकै नाममा बनाइदिन अनुरोध गरेछन् । तत्कालीन मेनेजरले सो जग्गालाई बाबाकै नाममा बनाइदिएर बाबासँग माफ मागेपछि उनको गाडी रोकिन र बिग्रन छोडेछ । २०२४ सालमा बाबाको लागि जग्गा छुट्याएपछि बाबाकै नातिले बाबा अलप भएको ठाउँमा उनको समाधि बनाएर पूजा गर्न शुरु गरेछन् ।

हाल करिब ४ बिगा क्षेत्रफलमा रहेको सुकैदास बाबाको समाधि स्थलमा दुई ओटा मन्दिर, यज्ञ कुण्ड, धर्मशाला बनाइएको छ । यी मन्दिरहरूको निर्माण भने धेरैपछि विभिन्न समयमा गरी बनाइएको पाइयो । बाबाको कुटी रहेको स्थान धेरैपछिसम्म घना जङ्गलभित्रै रहेको देखिन्छ । उढरापुर, बसन्तपुर र डलैपुरबाट त्यहाँ मानिसहरु भने जङ्गल भित्रभित्रैबाट हिँडेर जाने गरेका थिए । बेला बेलामा बाबाले विभिन्न चमत्कारहरु गर्ने गरेको कुरा स्थानीयहरु बताउँछन् । २०५६ सालमा त्यस क्षेत्रमा विद्युत्को लाइन तान्दा बाबाको स्थान नजिकै पश्चिमपट्टि बाटोको छेउमा ट्रान्सफर राखेको, बाबाको स्थानमा पनि बत्तीको लाइन तानिएको तर बत्तीको बिल नतिरेपछि विद्युत्ले बत्ती काटिदिएछ । बत्ती काटेपछि नजिकैको ट्रान्सफरमा आगो लागेर बिग्रिएछ । विद्युत्का कर्मचारीले अर्को ट्रान्सफर राखेछन् तर त्यसमा पनि आगो लागेछ । लगातार तीन ओटा ट्रान्सफर जलेपछि बाबा रिसाएर यस्तो भयो भन्ने आभास कर्मचारीलाई भएछ । तुरुन्त बाबाको स्थानमा लाइन जोडिदिएछन् र पूजाआजा गरी माफी मागेछन् । त्यसपछि राखेको ट्रान्सफर भने केही भएनछ । त्यस दिनदेखि विद्युत कार्यालयले बाबा स्थानको लागि निशुल्क विद्युत् उपलब्ध

गराउँदै आएको कुरा त्यहाँका पुजारी गरिबे यादव बताउँछन् । यसरी बाबा स्थानकै नामबाट त्यसगाउँको नामाकरण गरिएको र गाईलाई पानी खुवाउने घाट भएको ठाउँ नजिकको बस्तीलाई गौघाट नामकरण गरिएको कुरा स्थानीयबासी बताउँछन् ।

## योगिनी माता मन्दिर (जुगनिया माई)

खजुरा गाउँपालिका वडा नं. २ गौघाट वर्मेली टोलदेखि उत्तरपूर्व दिशामा रहेको योगिनी माताको मन्दिर पनि हिन्दू धर्मावलम्बीहरूको पुरानो धार्मिक स्थल मानिन्छ । यो धार्मिक स्थल त्यस ठाउँमा कहिलेदेखि थियो भन्ने कुराको प्रमाणिक आधार भने फेला पर्न सकेन । स्थानीय वृद्धवृद्धासँगको कुराकानी र योगिनी माताको बारेमा प्रचलित किंवदन्तीका आधारमा योगिनी माताको स्थान पनि १०० वर्षभन्दा पहिले देखिनै धार्मिक स्थलका रूपमा रहेको अनुमान लगाउन सकिन्छ ।

जङ्गलको बाटो हुँदै खजुराको पुरानो मानिएको उढरापुर बस्तीबाट त्यस ठाउँमा मानिसहरु पूजा गर्न जान्थे । पछि जङ्गल बढेर घना जङ्गलमा परिणत भएपछि मानिसहरु त्यहाँ जान छोडेछन् । योगिनी माताको स्थान जङ्गलमै कतै हराएछ । तत्कालीन जमिनदार मंगल शाहबाट सापटी लिएको पैसा गाउँलेहरूले तिर्न नसकेपछि त्यो जङ्गल क्षेत्रलाई गाउँलेहरूले मंगल शाहलाई दिएछन् । एक रात एउटी योगिनी मंगल शाहको सपनामा आएर त्यस जङ्गल क्षेत्रको दक्षिणतिर वरको बोट छ, त्यहाँ मेरो स्थान छ, तँ यहाँ बस्ने भए मेरो स्थानको सुरक्षा गर्नुपर्छ र मेरो पूजा गर्नुपर्छ भनेर भनिछिन् । बिहान उज्यालो हुने बित्तिकै मंगल शाहले आफ्ना मान्छेहरूलाई माताको स्थान खोज्न पठाए छन् । सपनामा योगिनी भेषधारी महिलाले भनेको ठाउँतिर खोज्दै जाँदा हाल

मन्दिर रहेको ठाउँमा भएको वरको रूखमुनि ढुङ्गा राखेर पूजा गरिएको ठाउँ फेला परेछ । मंगल शाहले तत्काल त्यस ठाउँमा सिमेन्टको स्तम्भ बनाई त्यसमाथि त्यही ढुङ्गो राखेर पूजा गर्न शुरु गरेछन् । यसरी पुनः फेला परेको उक्त स्थानमा गाउँका मानिसहरु पनि आई पूजाआजा गर्न थालेछन् ।

पुनर्वास कम्पनीले २०२६ सालमा गौघाटको बस्ती बसाल्दा समेत त्यो क्षेत्र घना जङ्गलकै रूपमा रहेको कुरा राजनीतिज्ञ स्थानीय बासी कृष्णमान श्रेष्ठ बताउँछन् । गौघाटमा वि.सं. २०२७ सालमा बसोबास गर्नुपूर्व नेपालगञ्जमा बसेका कृष्णमान श्रेष्ठ आफू सानो हुँदा देखेको कुरा बताउँदै भन्छन् "म सानै छँदा बुबासँग वि.सं. २०२२ सालमा यस ठाउँमा शिकार खेल्न आएको थिएँ । त्यतिखेर लडिया (गाडा) मा शिकार खेल्न आएका थियौं । अहिलेको मन्दिरसँगै रहेको वरको बोटमुनि लडिया पुगेपछि लडियाका चक्का जमिनमा भासिए र जति प्रयास गर्दा पनि निकाल्न सकिएन । त्यस ठाउँमा योगिनी माताको स्थान रहेको कुरा हामीलाई थाहा थिएन । उढरापुरबाट भाकल गर्न आएका एकजना व्यक्तिले यस ठाउँमा योगिनी माताको स्थान छ । माता रिसाएर गाडाका चक्का भासिएका होलान् भनेपछि हामीले माताको दर्शन गऱ्यौं र क्षमा माग्यौं । पहिलो पल्ट हामीले देख्दा त्यहाँ एउटा सिमेन्ट वा ढुङ्गाको स्तम्भमाथि एउटा शिला राखेर पूजा गरिएको थियो ।" वहाँका अनुसार पछि धेरै वर्षसम्म त्यही रूपमै त्यहाँ पूजाआजा गरिन्थ्यो । खास गरी मधेसी समुदायका मानिसहरु पूजाआजा गर्न र भाकल चढाउन त्यहाँ आउने गर्थे ।

पुनर्वास कम्पनीले त्यहाँको जग्गा प्लटिङ गर्दा ९८ नं. बिर बहादुर खत्रीको प्लटका व्यक्तिलाई त्यस ठाउँको जग्गा पऱ्यो । उनले यहाँ माताको स्थान रहेको थाहा पाएपछि आफ्नो प्लटको

४ कट्ठा जग्गा मन्दिरका लागि छुट्याए । त्यसपछि मात्र त्यहाँ माटाको देवल र खपडा (झिँगटी) को छानो भएको सानो मन्दिरको निर्माण गरियो ।

वर्तमानमा रहेको पक्की मन्दिर भने वि.सं. २०६३ सालमा बनाइएको हो । माताको मन्दिरसँगै रहेको वरको रूख पनि धेरै पुरानो भएको अनुमान लगाउन सकिन्छ किनभने त्यही एउटा वरको रूखबाट निक्लेका लहराहरूले भुइँ टेक्दै रूखको आकार ग्रहण गरेर अहिले मन्दिर प्राङ्गणमा २७ वटा वरका रूख भएका छन् ।

गुम्बज शैलीमा निर्मित, योगिनी माता स्थानीय भाषा अनुसार जुगिनी माईको मन्दिर इँटा, सिमेन्ट र ढुङ्गाको प्रयोग गरेर बनाइएको छ । गर्भगृहमा करिब ३ फुटको देवीको मूर्ति, मूर्ति नजिकै सिमेन्टबाट निर्मित सिंहको मूर्ति रहेको छ । पश्चिमतिर मात्रै ढोका रहेको उक्त मन्दिरको ढोकाको बाहिर पट्टिका भित्ताहरूमा मयुरका चित्रहरु खोपिएका छन् । मूल मन्दिरको अगाडि पश्चिमतिर हनुमानको गुम्बज शैलीको मन्दिर रहेको छ । जसको गर्भगृहमा करिब ३ फुटको प्रस्तरको हनुमानको मूर्ति राखिएको छ । उक्त मन्दिर भने २०७३ सालमा यमुनादास घले गुरूङले बनाइदिएको कुरा त्यस मन्दिरमा राखिएको शिलालेखमा उल्लेख छ ।

## किरण भवानी मन्दिर

खजुरा गाउँपालिका वडा नं. ४ "एफ" गाउँमा रहेको हिन्दू धर्मावलम्बीको धार्मिक स्थल किरण भवानी मन्दिरको इतिहास पनि धेरै पुरानो रहेको पाइयो । वि.सं. २०७८ सालमा निर्माण गरिएको नयाँ मन्दिरको शिलालेखमा उल्लेख गरेको स्थापना मिति वि.सं. १९७८ ले पनि यो मन्दिर कम्तिमा सय वर्ष पुरानो रहेको पुष्टि

गर्छ । मन्दिरको बारेमा प्रचलित किंवदन्तीका आधारमा भने यो मन्दिर अझै पुरानो हुन सक्ने अनुमान गर्न सकिन्छ । आफ्नो छोराको मृत्युले विक्षिप्त भएकी किरण नाम गरेकी एउटी रानी वैरागिएर यस ठाउँमा आइछिन् । यहाँ आएपछि उनको मन शान्त भएछ । त्यसपछि उनले यस ठाउँमा भवानीको मन्दिर बनाउन लगाइछिन् र एउटा इनार पनि खनाइछिन् । त्यसपछि त्यस मन्दिरको नाम किरण भवानी मन्दिर रहन गएछ । पछि त्यसैको नजिक भएर बग्ने नालाको नाम पनि किरण भवानीकै नाममा किरण नाला भन्न थालिएछ ।

पुनर्वास कम्पनीले वि.सं. २०२७ सालमा त्यस क्षेत्रमा जग्गा वितरण गर्दा त्यो सम्पूर्ण क्षेत्र जङ्गलले ढाकिएको थियो । मधेसी समुदायको बसोबास रहेको भण्डारिया गाउँ बाहेक वरिपरि अरु कुनै बस्ती थिएन । भण्डारिया गाउँका स्थानीयको भनाई अनुसार छिमेकी देश भारतको गोण्डादेखि यहाँ पूजा र भाकल गर्न मानिसहरु आउने गर्थे । सानो भए पनि पक्की इँटालाई माटोले जडान गरिएको पुरानो मन्दिर थियो । त्यस ठाउँमा पुनर्वासले बस्ती बसाएपछि पहाडी र मधेसी समुदायका हिन्दू धर्मावलम्बीहरूले पूजा गर्ने गरेको मन्दिरका पुजारी हंसराम वर्मा बताउँछन् ।

किरण कहाँकी रानी थिइन् भन्ने कुरा प्रष्ट नभए पनि त्यतिखेरका भारतका ससाना राज्य अथवा नेपाली रजौटाहरु मध्ये कुनै सानो राज्यको रानी थिइन् होला भनेर अनुमान गर्न सकिन्छ । नयाँ मन्दिर बनाउने क्रममा पुरानो मन्दिर भत्काएर जगखन्दा त्यहाँ प्राप्त भएको साना आकारका इँटा अहिले पनि मन्दिर परिसरमा रहेका छन् । जग खन्दा डढेका हवन सामाग्रीका अवशेषहरु फेला परेका जस्ता आधारमा भने यो मन्दिर १०० वर्षभन्दा पुरानो रहेको अनुमान गर्न सकिन्छ ।

वि.सं. २०७८ सालमा गाउँपालिकाको आर्थिक सहयोग र स्थानीय बासीले चन्दा उठाएर बनाएको मन्दिरको स्वरूप भने भव्य छ । तीन छाना भएको प्यागोडा शैलीमा निर्मित उक्त मन्दिर निर्माण गर्दा इँटा, ढुङ्गा, सिमेन्ट र सरियाको प्रयोग गरिएको छ । मन्दिरको कूल जग्गा डेढ बिगाहा मध्ये करिब ६ कट्ठा जग्गामा मन्दिर परिसर रहेको छ । मूल मन्दिरको गर्भगृहमा सिंहमाथि बसेको पत्थरको मूर्ति राखिएको छ । परिक्रमा मार्गमा स्टीलको ऱ्यालिङ छ । मूल मन्दिरको बाहिरपट्टी ईशान्य कोणमा शिखर शैलीमा निर्मित बागेश्वरी देवीको मन्दिर छ । मन्दिरको गर्भगृहमा सिंहमाथि बसेको देवीको मूर्ति राखिएको छ । मूल मन्दिरको ठिक अगाडि सिमेन्टबाट बनाइएको शिवलिङ्ग र छेउमै यज्ञशाला रहेको छ । पूर्व-दक्षिणतर्फ ठूलो पिपलको रूख नजिकै करिब ५ फुट अग्लो शिवजीको मूर्ति, रूखको फेदैमा काठको प्रयोग गरी बनाइएको राधाकृष्णको मूर्ति राखिएको छ । पूर्वतिर निमको रूखमुनि सिमेन्टको जीर्ण मरे भवानीको मूर्ति छ भने पूर्व उत्तरतर्फ करिब एक सय मिटर पर पाँच फुट अग्लो सिमेन्टबाट निर्मित कालीको मूर्ति रहेको छ ।

यस मन्दिरमा चैत्र नवरात्री र आश्विन नवरात्रीमा दर्शनार्थीहरूको भिड हुने गर्छ । पुजारी हंसराम बर्माका अनुसार मूल मन्दिरभित्र प्रत्येक दिन राती १२ बजे आफैँ बाजा बज्ने गर्छ ।

## मुसबेटवा बाबा

खजुरा गाउँपालिका वडा नं. ४ "डि" गाउँ १ नम्बर बजारको उत्तरतर्फ रहेको मुसबेटवा बाबाको मजार पनि निक्कै पुरानो रहेको कुरा खजुराका पुराना बस्ती रनियापुर र उढरापुरका पाका व्यक्तिहरू बताउँछन् । आफू ११० वर्षको भएँ भन्ने तालिब खाँनले आफू ३/४

वर्षको हुँदा देखि नै बुवा आमासँग मुसबेटवा बाबाको मजारमा जाने गरेको कुरा बताउँछन् । २०३९ सालमा नेपालगञ्जका ठाकुरप्रसाद वैश्यले पक्की मजार निर्माण गरिदिएको प्रमाण बाहेक मजारका बारेमा अन्य कुनै प्रमाणिक तथ्यहरु फेला परेका छैनन् । प्रमाणिक शिलालेख वा अन्य लिखित तथ्य फेला नपरे पनि अहिले एक सय वर्षको आयु बाँचिरहेका व्यक्तिहरूले आफू ३/४ वर्षको हुँदादेखि नै मजारमा आफ्ना बुबा आमासँग आउने गरेको कुरालाई आधार मान्ने हो भने कम्तिमा पनि मुसबेटवा बाबा मजारको इतिहास एक सय वर्ष पुरानो छ भनेर भन्न सकिन्छ । बठुवाका स्थानीय बासी ८५ वर्षीय पिर खाँ (पिरे पञ्च) पनि उक्त कुरालाई स्विकार्छन् ।

मुसबेटवा बाबालाई किन मुसबेटवा भनियो ? त्यहाँ भएका दुई ओटा मजार क–कसका हुन् ? भन्ने सवालमा भने पाका मानिसहरु पनि अनभिज्ञता नै जनाउँछन् । मुसबेटवा बाबा मेलाका बारेमा नागरिक डटकममा प्रकाशित सतिश निरौलाको एउटा लेखलाई आधार मान्ने हो भने त्यहाँ भएका दुईओटा मजार (समाधिस्थल) मध्ये एउटा मुस्लिम बाबाको र अर्को हिन्दू बाबाको हो । जनश्रुतिलाई उद्धृत् गरेर लेखिएको उक्त लेखमा उल्लेखित किंवदन्ती यस्तो रहको छ । कुनै समय यस ठाउँमा घना जङ्गल थियो । जङ्गलमा एक जना हिन्दू बाबा र एकजना मुस्लिम बाबा बस्ने गर्थे । मुस्लिम बाबा बाघमा सवार गरेर जङ्गल घुम्थे । त्यसैगरी हिन्दू बाबासँग पनि अलौकिक र दिव्य शक्ति थियो । कालान्तरमा ती दुबैको मृत्यु भयो र ती दुबै बाबाहरूलाई एकै स्थानमा नजिकै अलग अलग मजार (समाधि) बनाएर समाधिस्त गरियो । तिनै बाबाहरूका अलौकिक र दिव्य शक्ति देखेका हिन्दू र मुस्लिम दुबै समुदायका मानिसहरूले आ–आफ्नै तरिकाले समाधि स्थलमा पूजा गर्न थाले ।

मुसबेटवा बाबाको मजार हिन्दू तथा इस्लाम धर्मावलम्बीहरूको साझा धार्मिक स्थल हो । हिन्दू र मुसलमान दुबैले आ-आफनो तरिकाले बाबाको मजारमा पूजाआजा गर्ने गर्छन् । धार्मिक सद्भावको यस खालका धार्मिक स्थलहरु छिमेकी मुलुक भारतमा कतै कतै भए पनि नेपालमा भने यस खालको धार्मिक स्थल बिरलै छन् । यद्यपि खजुरा गाउँपालिकामा भने यस्तै प्रकृतिको अर्को मजार खजुराको पुरानो बस्ती मानिएको उढरापुर गाउँको पश्चिमपट्टि गाउँभन्दा बाहिर रहेको छ । यी दुबै ठाउँका मजारहरूमा धेरै समानता पनि देखिन्छ । उढरापुर गाउँमा रहेको हजरत जमालुद्दिन सैयद शाह बाबाको मजारमा पनि हिन्दू र मुस्लिम दुबै धर्मावलम्बीहरूले मुसबेटवा बाबाको मजारमा जस्तै च्यादर चढाउने र फूल मिठाइ चढाउने गर्छन् । यी दुबै बाबाका मजारमा गई मन्नत वा भाकल गर्दा पूरा हुने दुवै धर्मावलम्बीका मानिसहरूमा विश्वास छ ।

उढरापुर भट्टीटोलको उत्तरतर्फ रहेको मर्दनापुरमा पनि यस्तै प्रकृतिको अर्को जिन्हाद शाह बाबा (फकिर बाबा) को मजार रहेको छ । जिन्हाद शाह बाबाको मजारमा पनि हिन्दू एवम् मुस्लिम दुबै धर्मका मानिसहरूको समान आस्था र विश्वास रहेको स्थानीय बासी बताउँछन् । जनश्रुति अनुसार गाउँमा हैया (हैजा) फैलिएको बेला उढरापुर कुर्मी टोलमा रहेको शिव मन्दिरमा एकजना हिन्दू सन्त आएर बसेका थिए । उनले गाउँको उत्तरतर्फ एकजना फकिर बाबाको समाधि रहेको छ, त्यस समाधिमा गएर च्यादर, मिठाई चढाऊ सबै ठिक हुन्छ भनेपछि जिन्हाद शाह बाबाको मजार पत्ता लगेको थियो । सन्तको कुरा अनुसार मजारमा गई च्यादर, मिठाई चढाउँदा गाउँ हैजाको महामारीबाट बचेकोले, त्यस मजारमा हिन्दू एवम् मुस्लिम दुबै धर्मावलम्बीको आस्था र विश्वास रहन गएको हो । स्थानीय वासीका अनुसार अहिले पनि गाउँमा

कुनै महामारी, दैवी प्रकोप, खडेरी आदि पर्दा दुबै समुदायका व्यक्तिहरूले त्यहाँ गएर पूजाआजा गर्ने गर्छन् ।

प्रत्येक वर्ष श्रीपञ्चमी अर्थात् सरस्वती पूजाका दिन मुसबेटवा बाबाको मजार भएको ठाउँमा मेला लाग्ने गर्छ । जसलाई बाबाकुट्टी मेला भन्ने गरिन्छ । मुसबेटवा बाबाको मेला भर्न छिमेकी मुलुक भारतको बहराइच जिल्लाबाट समेत मानिसहरू आउने गरेको कुराले यो मेलाको प्रसिद्धि बाँके जिल्ला र छिमेकी जिल्ला बर्दियासम्म नरहेर भारतको बहराइच जिल्लासम्म पुगेको पुष्टि हुन्छ । वर्षका अरू दिनहरूमा इस्लाम धर्मावलम्बीहरूले आफ्नो विभिन्न धार्मिक कार्यहरू गर्ने गरे तापनि बसन्त पञ्चमी पछिका तीन दिन भने इस्लाम एवम् हिन्दू दुबै धर्मका मानिसहरूले मजारमा पूजाआजा गर्ने र च्यादर चढाउने कार्य गर्छन् । मेला भर्न समेत दुबै धर्मका मानिसहरू आउने गर्छन् । बसन्ती पञ्चमीबाट शुरु भएको मेला तीन दिनपछि चौथो दिन यहाँबाट उठेर उढरापुरमा रहेको हजरत जमालुद्दिन सैयद शाहको मजार नजिक लाग्छ ।

खजुरा गाउँपालिकाभित्र रहेका यी तीनै ओटा साझा धार्मिक स्थलहरूले यहाँ परम्परादेखि रहँदै आएको हिन्दू र मुस्लिम धर्मावलम्बी बिचको धार्मिक सद्भाव एवम् सहिष्णुतालाई अतुलनीय र अनुकरणीय रूपमा प्रस्तुत गरेको छ । मजारलाई बिचमा पारेर निर्माण गरिएको वर्तमानमा रहेको मजारको बाहिरी भाग भने मुगल शैलीमा निर्मित छ । मजारको सुरक्षा मुस्लिम समुदायका मानिसहरूबाट हुँदै आएको छ ।

## शिव मन्दिर (बडा शिव मन्दिर)

खजुरा गाउँपालिका वडा नं. ६ उढरापुर गाउँको कुर्मी टोलमा रहेको शिव मन्दिर पनि हिन्दू धर्मावलम्बीहरूको १०० वर्ष पूर्वदेखि

नै रहँदै आएको धार्मिक स्थल हो । वि.सं. २०१५ सालमा त्यहाँका जमिन्दार गोमती शाहले पक्की मन्दिरको निर्माण गर्नुअघिदेखि नै त्यस ठाउँमा ढुङ्गाको शिवलिङ्ग स्थापना गरी हिन्दूहरूले पूजा गर्दै आएका थिए । पक्की मन्दिरको निर्माण नहुँदै तत्कालीन मुस्लिम जमिन्दार जवाहिर खाँले सानो कच्ची मन्दिर बनाउन आर्थिक सहयोग गरेको र त्यस ठाउँमा माटाको देवल र खरको छानो भएको सानो मन्दिर बनाएको कुरा आफ्ना बाउ बाजेले भन्ने गरेको हाल मन्दिरको संरक्षण गरिरहेकी तुलसादेवी बर्मा बताउँछिन् । पहिला पहिला भारतबाट आउने सन्त महात्माहरूले मन्दिरमा कथा, प्रवचन र यज्ञ यज्ञादि समेत गराउने गर्थे भन्ने उनको भनाइ छ । उढरापुर बस्ती सँगसँगै शिव मन्दिरको स्थापना भएको कुरा स्थानीय बताउँछन् ।

वि.सं. २०१५ सालमा निर्मित पक्की मन्दिर भने शिखर शैलीको छ । पुरानो मन्दिरको यतिखेर जिर्णोद्धारको काम समेत चलिरहेको छ । मन्दिरको गर्भगृहमा सिमेन्टबाट निर्मित उभिएको पूर्णकदको शिवजीको मूर्ति राखिएको छ । मूर्तिको ठिक अगाडि अयोध्याबाट ल्याएको कालो पत्थरको शिवलिङ्ग राखिएको छ । पश्चिमतिर सेतो सिङ्गमर्मरबाट निर्मित मूर्तिहरु रहेका छन् । मन्दिरको नाममा ३६ बिगाहा (कच्चा) जमिन गुठीमा दर्ता रहेको छ ।

## मरीमाता (गावटदेवी)

खजुरा गाउँपालिका वडा नं. ५ उढरापुरमा रहेको मरीमाताको स्थान पनि बस्ती जत्तिकै पुरानो रहेको छ । गाउँको सीमा रक्षकका रूपमा मुख्य गाउँभन्दा अलि पर मरीमाता (गावट) को स्थान बनाई पूजा गर्ने प्रचलन खजुराका मधेसी समुदायका हिन्दू धर्मावलम्बीहरूको बसोबास रहेका धेरै गाउँमा भेटिनुले मरीमाताको

स्थान पनि बस्ती जत्तिकै पुरानो भएको अनुमान गर्न सकिन्छ । उढरापुरमा रहेको भट्टी चोकबाट केही पूर्व बाटाकै छेउमा मरीमाताको मन्दिर रहेको छ । अहिले भएको पक्की मरीमाताको मन्दिर भने केही वर्ष अगाडि मात्रै बनाइएको हो । पहिला एउटा बाँसको लिङ्गो गाडी त्यसैको फेदमा ढुङ्गाको मरीमाताको प्रतिमा स्थापना गरी पूजा गर्ने गरिन्थ्यो । पछि त्यसै ठाउँमा सानो कच्ची मन्दिर बनाइएको र अहिले नयाँ पक्की बनाइएको कुरा स्थानीय बासी बताउँछन् ।

गाउँमा खेतीपातीको समयमा पानी परेन भने मरीमाताको मन्दिरमा सुँगुर, बाख्रा आदिको पोथी बलि दिएर विशेष पूजाआजा गर्ने प्रचलन छ । यसबाहेक बसन्त नवरात्रमा र शारदीय नवरात्रका दिनमा समेत मानिसहरू मरीमाताको मन्दिरमा पूजाआजा गर्न आउने गरेका छन् ।

खजुरा गाउँपालिका वडा नं. ५ रजनवा गाउँमा पनि यस्तै प्रकृतिको मरीमाताको मन्दिर रहेको छ । मुख्य गाउँको पूर्वपट्टि खेतको बिचमा यो मन्दिर रहेको छ । स्थानीय बासी ८५ वर्षीय दशरथ यादव उनका हजुरबुवाहरूको पालादेखिनै मरीमाताको स्थान रहेको र त्यहाँ गएर पूजाआजा गर्ने गरेको कुरा बताउँछन् । आफ्नो सात आठ पुस्ता यसै गाउँमा बितेको कुरा गर्दै यादवले बस्ती बसेसँगै गाउँलेहरूले गाउँको सीमा रक्षकको रूपमा गाउँभन्दा पूर्व रहेको पिपलको बोटमुनि मरीमाताको स्थान बनाई पूजा गर्न थालेको भन्ने कुरा आफ्नो हजुरबुवाबाट आफूले सुनेको बताउनु हुन्छ ।

करिब डेढ कट्ठा जग्गाको क्षेत्रफल ओगट्ने गरी वर्गाकार रूपमा फैलिएका हाँगाहरू भएको विशाल पिपलको बोटमुनि रहेको मरीमाताको स्थानमा वि.सं. २०७० सालमा स्थानीय बासीहरूले

चन्दा संकलन गरेर पक्की मन्दिरको निर्माण गरेका छन् । मन्दिर परिसरलाई पक्की पर्खालले घेरिएको छ । धेरै वर्षसम्म माटोको देवल र खरको छानो भएको सानो मन्दिर थियो । मन्दिरको गर्भगृहमा पूर्व भित्तातर्फ स्त्री आकृतिको उभिएको पूर्णकदको मरीमाताको करिब ३ फुट अग्लो मूर्ति रहेको छ । दक्षिणतर्फ सिंहमाथि बसेको दुर्गाको करिब ३ फुट अग्लो मूर्ति रहेको छ ।

**बाबाकुटी**

खजुरा गाउँपालिका वडा नं. ७ गोदहना गाउँमा रहेको हिन्दू धर्मावलम्बीहरूको धार्मिक स्थल बाबाकुटीको इतिहास पनि गोदहना बस्ती जत्तिकै पुरानो छ । गोदहना बस्ती बसेपछि एकजना दुर्गादास नाम गरेका बाबा त्यस ठाउँमा आएर कुटी बनाई बसेका थिए । उनले आफू बसेको ठाउँमा शिवलिङ्गको स्थापना गरी नित्य शिवपूजन गर्ने गरेको र त्यस ठाउँलाई धार्मिक स्थलका रूपमा संरक्षण गरेको कुरा स्थानीय जनश्रुतिबाट थाहा हुन्छ । दुर्गादास बाबाको थिए र कहाँबाट आए ? भन्ने कुरामा चाहिँ स्थानीय बासीहरू अनभिज्ञता नै प्रकट गर्छन् । उनी पछि कता गए भन्ने कुरा पनि कसैलाई थाहा छैन् । उनी त्यहाँबाट गएपछि उनका चेला सेवक दास नाम गरेका बाबा त्यहाँ आएर बस्न थाले । सेवकदास बाबाले नै त्यहाँको नित्य पूजाआजा गर्न थाले । सेवकदास बाबा त्यति धेरै बोल्दैनथे र कुनै प्रकारको चमत्कारिक क्रियाकलाप पनि देखाउँदैनथे । उनको भव्य र शालिन व्यक्तित्वको कारण स्थानीय बासी उनीप्रति आकर्षित र समर्पित त थिए नै तर उनको र उनका गुरूको बारेमा केही कुरा सोध्न आँट भने गर्दैनथे । सेवकदास बाबा नेपालगञ्ज स्थित रानी तलाउ मन्दिरमा धेरै बस्ने गरेको र महिनाका केही दिन मात्रै बाबाकुटीमा आएर बस्ने गर्थे ।

उनीसँग कहिले काही सिद्धिदास नाम गरेका एकजना सिद्ध पुरुष बाबाकुटीमा आउने गर्थे । सिद्धिदास बाबा बाबाकुटीमा आएको बेला अनेक खालका चमत्कारहरु देखाउँथे । स्थानीय पाका मानिसहरुको भनाइ अनुसार सिद्धिदास उभिएको या बसेको ठाउँमा पानी पर्दैनथ्यो रे । पानी परिरहेको ठाउँमा उनी उभिँदा उनले लगाएका कपडा सुक्खै हुन्थे । उनले टेकेको जमिन पनि भिजेको हुँदैनथ्यो रे ।

सेवकदास बाबा भने शालिन भद्र र सादगी स्वभावका थिए । उनी कपडाको नाममा बाह्रै महिना लँगौटी मात्रै लगाउँथे । भुइँमा सुत्थे । सुत्दा च्यादर वा कम्बल मात्रै ओड्थे । गद्दा सिरकको प्रयोग उनले कहिल्यै गरेनन् ।

वर्तमान अवस्थामा उचित संरक्षणको प्रतीक्षा गरिरहेको बाबाकुटी आश्रम मुख्य गाउँको पश्चिमपट्टि एकान्त र शान्त स्थानमा रहेको छ । मूल मन्दिर शिखर शैलीमा निर्मित छ । गर्भगृहमा शिव पार्वतीको पत्थरको मूर्ति स्थापना गरिएको छ । मन्दिरको ठिक अगाडि सेवकदास बाबाको समाधि रहेको छ । समाधिमाथि करिब ३ फुट अग्लो स्तम्भ पनि बनाइएको छ । मन्दिर परिसरमा रहेको ठुलो पिपलको बोटमुनि हनुमान मन्दिर छ । हनुमान मन्दिरको गर्भगृहमा सिङ्गमर्मरको हनुमानको मूर्ति स्थापना गरिएको छ । पहिला पहिला भारतबाट कलाकारहरु बोलाएर प्रत्येक वर्ष नवरात्रीमा रामलीला देखाउने गरेका कुरा वर्तमानमा आश्रमको रेखदेख गरिरहेका स्थानीयबासी मन्दिरका पूजारी विजय मिश्र बताउँछन् । बाबाकुटीको नाममा २२ कट्टा (कच्चा) जग्गा समेत रहेको स्थानीय वासी बताउँछन् ।

### सन्तकुटी

खजुरा गाउँपालिका वडा नं. ३ "बि" गाउँ (सन्तकुटी) मा रहेको सन्तकुटीको इतिहास पनि पुनर्वास पूर्वकै रहेको छ । पुर्नवासले जग्गा वितरण नगर्दै हाल जनता नमुना मा.वि. रहेको ठाउँ नजिकै एक जना बाबाले सानो कच्ची कुटी बनाएर बसेका थिए । त्यसबेला घना जङ्गल रहको त्यस ठाउँमा करिब २८ बिगाहा जग्गालाई घेरेर त्यसको संरक्षण गरी बाबा बसेको कुरा स्थानीय बासी बताउँछन् । हनुमानदास नाम गरेका बाबा कहाँबाट आएर त्यहाँ बसे भन्ने कुरा प्रष्ट हुन नसके पनि उनीसँग नेपाली नागरिकता भने रहेको वि.सं. २०४० सालबाट उनको सेवा गरेका बताउने "क" गाउँ ऐलानी निवासी प्रताप बहादुर सार्की बताउँछन् । हनुमान दास बाबालाई उनले २०५८ सालसम्म देखेको र २०५९ तिर बाबा बिरामी भएर करमोना गएपछि फर्केर नआएको, उनको करमोनामा नै मृत्यु भएको र करमोनामा रहेको उनको अर्को कुटीमा बाबाको समाधि रहेको कुरा पनि बाबाका सेवक प्रताप बहादुर सार्की बताउँछन् ।

वि.सं. २०२३ सालमा पुनर्वास कम्पनीले त्यहाँको जग्गा वितरण गर्दा बाबा हनुमानदासले कुटी बनाएर बसेको ठाउँको १० बिगाहा जग्गा जनता मा.वि. को लागि छुट्यायो । हनुमानदाससँगै रहेका उनका गुरुभाइ लङ्गड डुक्रनदास भनिने मिलनदास र हनुमानदासले आफूलाई यहाँको सट्टा अन्त कतै जग्गा दिनु पर्ने अडान राखे । वि.सं. २०२८ सालसम्म विद्यालयको नाममा छुट्याइसकेको आफ्नो कुटी भएकै ठाउँमा बसिरहे । उनीहरूले साढे सत्र बिगाहा जग्गा दाबी गरे पनि वि.सं. २०३२/३३ सालतिर आएका पुनर्वासका मेनेजरले हाल बाबाको पुरानो कुटी भएको "क" गाउँ ऐलानी भनिने ठाउँमा ४ बिगाहा जग्गा बाबालाई दिए भने मिलनदासलाई खजुरा

गा.पा. "बि" गाउँमा रहेको अहिले काली मन्दिर रहेको जग्गा र ज्ञानोदय विद्यालयभन्दा पूर्व पेडारी नालाको छेउको गरी साढे चार बिगाहा जग्गा मन्दिरमा पूजा गर्नू र कमाएर खानू भनेर दिए । "क" गाउँ ऐलानी भनिने ठाउँको गड्धैंचा नाला वारि र पारि गरी करिब २८ बिगाहा बाबाले संरक्षण गरेर बसेका थिए । त्यसै ठाउँमा मेनेजरले बाबालाई सानो पक्की कुटी पनि बनाइ दिए ।

स्थानीय बासीका अनुसार वि.सं. २०३५ सालतिर बाबालाई गुरु मानेर करमोनाका एक जना मानिसले बाबाको सात बिगाहा जग्गा आफ्नो नाममा बनाए । त्यसैगरी आफू हनुमानदास बाबाको चेलो भएको बताउँदै तत्कालीन मेनेजरले आफ्नी दिदी सासु र श्रीमतीको नाममा साढे १८ बिगाहा जग्गा बनाए । त्यस ठाउँको ४ बिगाहा जग्गा भने अहिले पनि बाबाकै नाममा रहेको छ । २०३६ सालमा आई ऐलानी जग्गामा बसोबास गरेका "क" गाउँ ऐलानीका बासिन्दहरूले यो कुरा पछि मात्रै थाहा पाए । हनुमान दास बाबाले गाउँलेलाई नदिएर अरूलाई नै जग्गा दिएको थाहा पाएपछि स्थानीय बासी र बाबाबिच मनमुटाव समेत बढेको वि.सं. २०४० सालदेखि बाबाको सहयोगी भई बाबा हनुमान दाससँगै बसेका ५८ वर्षीय प्रताप बहादुर सार्कीको भनाइ रहेको छ ।

वि.सं. २०२३ सालमा खजुरा गा.पा. वडा नं. ३ "बि" गाउँमा आई बस्नु भएकी भुमकला शर्मा भट्टराईको भनाइ अनुसार वहाँ पहिलो पल्ट तेजुको पात टिप्न घना जङ्गल भएको त्यस क्षेत्रमा जाँदा अहिले जनता मा.वि. को भवन भएको ठाउँमा सानो मडैया (कुटी जस्तो छाप्रो) मा दुईजना बाबाहरूलाई देख्नु भएको थियो । कुटीको नजिकै अगाडिपट्टि ठुलो निमको रूख थियो र त्यसकै केही पर पूर्वपट्टि इनार पनि थियो । उहाँका अनुसार त्यस ठाउँमा डाँकाहरु आएर लुक्थे । दुबै बाबाहरूलाई रासनको व्यवस्था समेत डाँकाहरूले नै गर्ने गर्थे होलान् भन्ने वहाँको अनुमान छ ।

हनुमान दास बाबाको अर्को आश्रम तत्कालीन इन्द्रपुर गा.वि.स. मा पर्ने करमोना गाउँमा पनि रहेको छ । बाबाका कोही आफन्ती नभएको, बाल ब्रह्मचारी रहेको कुरा पूर्व वडाध्यक्ष कान्तुराम गौतम भन्नुहुन्छ । प्रायः जसो सेतो धोती लगाउने कहिले काँही लामो कमिज र धोती लगाउने हनुमानदास बाबा सात्विक र सादगी जीवन शैलीका थिए । हनुमान र कालीका उपासक बाबाले त्यस ठाउँमा हनुमानको मन्दिर बनाई धार्मिक स्थलको रूपमा संरक्षण गर्न चाहन्थे ।

दूरदृष्टि भएका हनुमानदास बाबाले मन्दिरको लागि भनेर पुनर्वासपूर्व घना जङ्गलको बिचमा जग्गाको संरक्षण गरेर बसे पनि उहाँको सिधा स्वभावको फाइदा उठाएर पुनर्वासबाट बाबालाई प्राप्त सट्टा जग्गा समेत अरूले आफ्नो नाममा बनाउँदा र बाबापछि बाबाको योजनालाई अगाडि बढाउने उहाँको शिष्य नहुँदा, बाबाको परिकल्पना त्यसै अलपत्र पर्‍यो । खजुरा वासीले बाबाले परिकल्पना गरेको हनुमानको मन्दिर सहितको सुन्दर धार्मिक स्थल गुमाउनु परेको देखिन्छ । बाँकी छ त बाबाको जीर्ण पक्की सानो कुटी, बाबाले बाँसको लिङ्गो गाडेर लिङ्गोको तल शिला राखी पूजा गर्ने गरेको ठाउँ र बाबाको धुनी बाँकी रहेका अवशेषहरू पनि उचित संरक्षणको अभावमा चारैतिरबाट चेपिँदै र थिचिँदैछन् । त्यस ठाउँको नाम बाबाकै नामबाट सन्तकुटी रहँदै आएको छ ।

## नारायण तलाब हनुमान गढी

खजुरा गाउँपालिका वडा नं. ५ उढरापुरमा रहेको हनुमान गढीको नामले प्रसिद्ध नारायण तलवा हनुमान गढी मन्दिर हिन्दू धर्मावलम्बीहरूको पुरानो मन्दिर हो । मन्दिरमा कुनै ऐतिहासिक अभिलेख प्राप्त नभए पनि स्थानीय वासीको भनाइ अनुसार यो

मन्दिर करिब एक सय वर्ष पहिलै बनेको हो । मन्दिरको ठिक अगाडि उत्तरतर्फ पहिले तलाउ रहेको र त्यस तलाउलाई नारायण तलवा भन्ने गरको, पछि मात्रै त्यही तलाउको दक्षिणतर्फ हनुमानको मन्दिर बनाएकोले स्थानीयहरूले त्यस मन्दिरलाई नारायण तलवा हनुमान गढी भन्ने गरेको अनुमान सहजै गर्न सकिन्छ ।

हुलाकी राजमार्गको नेपालगञ्ज–गुलरिया खण्डमा उढरापुर प्रतीक्षालयको नजिकै मूलबाटोको दक्षिणतर्फ यो मन्दिर अवस्थित छ । अहिले मन्दिर रहेको क्षेत्र पनि कुनै समय घना जङ्गलले ढाकिएको थियो । भारतबाट आएका एकजना साधु अबधराम दास मुराऊ त्यहाँ बस्ने गरको र पछि तिनै साधुको पहलमा हनुमानको मन्दिर निर्माण गरिएको कुरा स्थानीय बासी बुधराम मुराऊ बताउँछन् ।

वि.सं. २०५५/५६ सालसम्म प्रत्येक वर्ष माघ १ गते माघे सङ्क्रान्तिको दिन हनुमान गढीमा ठुलो मेला लाग्ने गर्थ्यो । मेलामा भारतका विभिन्न ठाउँबाट पनि मानिसहरू आउने गर्थे । जनयुद्ध चर्किँदै गएपछि उक्त मेला लाग्न छोडेको स्थानीय बताउँछन् ।

अहिले रहेको हनुमान गढी मन्दिर कहिले बनेको हो ? पहिला कच्ची वा पक्की कस्तो थियो ? अहिले भएको मन्दिर जिर्णोद्धार गरिएको हो वा नयाँ बनाइएको हो ? भन्ने बारेमा प्रमाणिक तथ्यहरू फेला परेनन् । शिखर शैलीमा निर्मित मन्दिरको गजुर पित्तलको रहेको छ । गर्भगृहमा करिब चार फुट अग्लो हनुमानको मूर्ति राखिएको छ । विगत चार वर्षदेखि पिताम्बरदास नाम गरेको बाबाले त्यस मन्दिरमा पूजा गर्दै आएका छन् । उनका अनुसार करिब १० कट्ठा जग्गा हालसालै मन्दिरको नाममा दर्ता भएको छ ।

माथि उल्लेखित धार्मिक स्थलहरु बाहेक उढरापुर वडा नं. ५ यादव टोलमा रहेको शिव मन्दिर (छोटा शिव मन्दिर), उढरापुर वडा नं. ५ कै चमार टोलमा रहेको रामजानकी मन्दिर, बसन्तपुर वडा नं. ५ मा रहेको गावटमाताको स्थान, बसन्तपुर वडा नं. ५ कै पिपलको बोटमुनि रहेको देवस्थान, बसन्तपुरमै रहेको जगन्नाथी मन्दिर, बसन्तपुर ऐलानीमा रहेको रामजानकी मन्दिर, कलङ्सन गाउँको कुर्मी टोलमा रहेको शिव मन्दिर, सोनवर्षा वडा नं. ७ मा रहेका तीन ओटा शिव मन्दिर, रनियापुर वडा नं. ८ बाटाको छेउमै रहेको शिव मन्दिर, घिया वडा नं. ८ मा रहेको शिव मन्दिर, गाजी पुरवा वडा नं. ७ मा रहेको कालिका मन्दिर, त्यसै ठाउँको नाग मन्दिर र गाँवट स्थान, बठवा वडा नं. ७ को शिव मन्दिर, बठवा वडा नं. ७ गौडी टोलमा रहेको शिव मन्दिर, गोदहना वडा नं. ७ को शिव मन्दिर, सिन्दुरी ७ मा रहेको सिन्दुरी माई मन्दिरहरुको इतिहास पनि एक सय वर्षभन्दा पुरानो रहको कुरा स्थानीय पाका व्यक्तिहरु बताउँछन् ।

## पुनर्वासपूर्व खजुरामा इस्लाम धर्म र मस्जिद

पुनर्वासले नयाँ बस्ती बसाउनु भन्दा अघि खजुरा गाउँपालिकाका अधिकांश स्थान घना जङ्गलले ढाकिएको थियो । अन्यत्र जङ्गल भएपनि रनियापुर, उढरापुर, सोनपुर, सोनवर्षा, रजनवा, गोदहना, बसन्तपुर, बठवा, घिया, भण्डारिया गाउँ भने पुनर्वासभन्दा पहिलेदेखि नै यहाँ थिए । घियामा थारु समूदायको बसोबास रहेको थियो भने अरु गाउँहरुमा अवधी भाषी मधेसी समुदायको बसोबास रहेको थियो । सबै गाउँहरुमा हिन्दू धर्मावलम्बी र इस्लाम धर्मावलम्बीहरुको बसोबास थियो । अहिले पनि सोनवर्षा गाउँ बाहेक अरु गाउँहरुमा अवधी भाषी इस्लाम एवम् हिन्दू धर्मावलम्बी मधेसी समुदायको नै

बसोबास रहँदै आएको छ । धर्म अलग अलग माने पनि मधेसी समुदायका एउटै गाउँमा बस्ने बासिन्दाहरूको जीवन शैलीमा भने खासै फरक थिएन । एउटै भाषा बोल्ने, उस्तै कपडा लगाउने, पशु पालन र खेतीपाती गर्ने उस्तै पेसा भएका यहाँका बासिन्दाहरू झट्ट हेर्दा एउटै भाषा र समुदायका मात्रै नभएर एउटै धर्म मान्ने मानिसहरू जस्ता लाग्थ्यो । वरिपरि घना जङ्गलले घेरिएको, भारतीय सीमा नजिक रहेको बस्ती भएकाले डाँकाहरूबाट सुरक्षित रहन घर आँगन जोडेर बनाइएका घरहरू, उस्तै घरहरू, गाउँभित्रका साना र साँघुरा गल्लीहरू हेर्दा कतै पनि यी बस्तीहरूमा अलग अलग धर्मका मानिसहरू बस्छन् भनेर अनुमान लगाउन सहजै गाह्रो पर्थ्यो । अहिले पनि पुराना र भित्री बस्तीहरू यस्तै रूपमा छन । यस आधारमा के भन्न सकिन्छ भने जहिलेदेखि यी बस्तीहरू बसे त्यही समयदेखि नै खजुरामा मुस्लिमहरूको बसोबास रहँदै आएको छ ।

सबैभन्दा पुराना मानिएका रनियापुर र उढरापुरका पाका मानिसहरूलाई सोध्दा सबैको एउटै जवाफ आउँछ, "हम कबसे यहाँ हे, हमारा सात आठ पुस्ता यही बित गया (हामी धेरै पहिलादेखि यहाँ बस्दै आएका हौं, हाम्रो सात आठ पुस्ता यही बित्यो) । अन्य कुनै प्रमाणिक अभिलेख वा तथ्य फेला नपरेकोले खजुरामा इस्लाम धर्मको इतिहास लेखनको मुख्य स्रोत तिनै पाका मानिसहरूले भनेका यस्तै यस्तै कुराहरू मात्रै हुन् ।

यस आधारमा खजुरा गाउँपालिकाका पुराना बस्तीहरूमा इस्लाम धर्मावलम्बीहरू बाँके जिल्ला नयाँ मुलुकको रूपमा प्राप्त हुनुभन्दा पहिलेदेखि नै बस्दै आएका हुन् भन्ने अनुमान लगाउन सकिन्छ । पुनर्वासपूर्व खजुरामा सुन्नी सम्प्रदायका मुसलमानहरूको मात्रै बसोबास भएको पाइन्छ । सबैभन्दा पुरानो मानिएको रनियापुरको जामे मस्जिद र उढरापुरको जामे मस्जिद सुन्नी सम्प्रदायको हुनुले पनि

यो कुरा पुष्टि गर्छ । अहिले पनि उढरापुरको भट्टी टोलमा रहेको मस्जिदे नूर (देवबन्ध) मस्जिद बाहेक अरू सबै गाउँमा रहेका मस्जिदहरू सुन्नी सम्प्रदाय कै छन् ।

भारतको उत्तर प्रदेश राज्यका हिन्दू धर्मावलम्बीहरूको प्रभाव नेपाली हिन्दू धर्मावलम्बीहरूमा रहे जस्तै त्यहाँका इस्लाम धर्मावलम्बीहरूको प्रभाव यहाँका इस्लाम धर्मावलम्बीहरूमा पनि रहेको छ । भारतीय मुस्लिमहरू र यहाँ रहेका मुस्लिमहरूमा धार्मिक रूपमा लगभग समानता रहेको देखिन्छ । पुनर्वासपूर्व भौतिक विकासका पूर्वाधारहरूको निर्माण हुन नसक्दा सामान्य नुनतेलदेखि अन्य कुराहरूका लागि समेत छिमेकी मुलुक भारतका सीमा क्षेत्रका बजारहरूमा लामो समयसम्म निर्भर रहनु, सीमा क्षेत्रका भारतीय गाउँहरूसँग बिहेबारीको प्रचलन रहनु, नयाँ मुलुकका रूपमा नेपालमा गाभिनुपूर्वदेखि नै भारतीय सीमा क्षेत्रका गाउँबस्तीमा आफन्तहरू हुनु, लामो समयसम्म भारतीय जमिन्दारहरूको जमिन्दारी हुनुले पनि भारतको उत्तर प्रदेश राज्यका इस्लाम धर्मावलम्बीहरूसँग धार्मिक रूपमा यहाँका इस्लाम धर्मावलम्बीहरूको समानता भएको हुन सक्छ ।

यहाँका इस्लाम धर्मावलम्बीहरू मोहम्मद, अल्लाहलाई सर्वोपरि मान्छन् । अल्लाह नै सर्वशक्तिमान रहेकाले, अल्लाहाको इच्छा अनुसार नै संसारमा सबैथोक हुन्छ भन्ने कुरामा विश्वास गर्छन् । मस्जिदमा गएर पुरूषहरू पाँच पटक नमाज पढ्छन् । महिलाहरू भने घरमै बसेर नमाज पढ्छन् । साताको प्रत्येक शुक्रवार नजिकैको मस्जिदमा गई सामूहिक नमाज पढ्दछन् । जस्लाई 'जुमा' भन्ने गर्छन् । 'जुमा' मस्जिदमा मात्रै हुन्छ । बिहान ४-५ बजेको नमाजलाई 'फजर' भनिन्छ । दिउँसो २ बजेको नमाजलाई जोहर भनिन्छ, अपरान्ह ४:३० बजेतिरको नमाजलाई 'असिर'

भनिन्छ, साँझ घाम अस्ताउने बित्तिकैको नमाजलाई 'मगरिब' भनिन्छ भने राती ८ बजे तिरको नमाजलाई 'इसा' भनिन्छ । इदगाहामा भने वर्षको दुई पटक 'इद' र 'बकरइद' मा मात्रै नमाज पढिन्छ । हरेक दिन नमाज पढनु र शुक्रवार मस्जिदमा गई नमाज अदा गर्नुलाई यहाँका मुस्लिमहरु महत्वपूर्ण धार्मिक कार्य मान्दछन् ।

इस्लामिक धर्मावलम्बीहरुका महत्वपूर्ण धार्मिक स्थलहरुमा मस्जिद, इदगाहा, कर्बाल र मजार पर्छन् । यहाँका मसुसलमानहरुको सबैभन्दा ठूलो पर्वहरु इद, बकरइद र रमजान हुन् । यी तीन औटै पर्वहरु हर्ष उल्लाहसका साथ मनाउँछन् । अल्लाहमा विश्वास राख्नु, मद्यपान नगर्नु, सबैको भलो गर्नु, दुखी गरिबलाई सहयोग गर्नु, दान गर्नु इस्लाम धर्मका मूल मान्यताहरु हुन् ।

'इद' र 'बकरइद' मा नयाँ कपडा लगाउने, मिठो खाने, गरिबलाई दान गर्ने, मस्जिदमा सामूहिक रुपमा भेला भई नमाज पढ्ने कार्य गर्छन् भने 'रमजान' मा घाम अस्ताएपछि मात्रै खाना खाएर दिनभर पानी समेत मुखमा नहाली उपवास बस्छन् । 'रमजान' को अन्तिम दिनलाई 'इद' भनिन्छ । त्यस दिन आफन्तसँग भेटेर गला मिल्ने, मिठो परिकारहरु बाँडेर खाने तथा गरिबहरुलाई खुवाउने गर्छन् ।

## जामे मस्जिद (रनियापुर)

खजुरा गाउँपालिका वडा नं. ८ रनियापुर गाउँमा रहको जामे मस्जिद खजुराका सबैभन्दा पुराना मस्जिदहरु मध्ये एक हो । यो मस्जिद कहिले बनेको हो भनेर भन्न सकिने कुनै आधार नभए पनि रनियापुरको बस्ती बस्दा यहाँ मुसलमानहरु पनि बसे र मुसलमानहरुको बसाइँसँगै यो मस्जिदको निर्माण गरिएको हुन

सक्छ । इस्लाम धर्ममा मस्जिदलाई प्रार्थना घरको रूपमा लिइएको र मस्जिदमा गएर सामूहिक नमाज पढ्ने चलन पहिलेदेखि नै रहेकोले रनियापुरमा इस्लाम धर्मावलम्बीहरूको बसाइँ भएपछि नमाज पढ्नका लागि यो मस्जिद बनाइएको अनुमान गर्न सकिन्छ । मौलाना हाफि मोहम्मद सैयादको भनाइ अनुसार यहाँ पहिले कच्ची मस्जिद थियो । अहिलेको पक्की मस्जिद भने २०४० सालतिर बनाइएको हो । करिब ५ कठ्ठा जमिन मस्जिदको नाममा रहेको छ । हाजी दौलत खाँले उक्त जग्गा दिएको स्थानीयको भनाइ छ । दुई मिरार भएको मस्जिद मुगलशैलीमा निर्मित छ ।

### जामे मस्जिद (उढरापुर)

खजुरा गाउँपालिका वडा नं. ५ उढरापुर गाउँको बिचमा रहेको यो मस्जिद पनि कहिलेदेखि यहाँ छ भनेर यकिन गर्ने तथ्य छैन । रनियापुर र उढरापुरको बस्ती सँगसँगै जस्तो बसेको हो भन्ने पाका मानिसहरूको भनाइलाई आधार मान्दा यो मस्जिद पनि बस्ती सँगसँगै बनाइएको हो र रनियापुरको जामे मस्जिद जत्तिकै पुरानो रहेको अनुमान गर्न सकिन्छ । करिब १ कट्ठा जग्गामा रहेको जामे मस्जिद पहिला माटाको देवल र खरको छाना भएको सानो आकारको थियो रे । अहिलेको पक्की मस्जिद भने वि.सं. २०२७ सालमा निर्माण गरिएको हो ।

यी दुई जामे मस्जिद बाहेक कलङ्सन गाउँ वडा नं. ७ को जामे मस्जिद, चमकदारपुर वडा नं. ८ को अलहिले हजि मस्जिद, बठुवा वडा नं. ७ को जामे मस्जिद, रजनवा वडा नं. ५ को साब्रेजामे मस्जिद, बुधनापुर वडा नं. ८ को अमन नुरी मस्जिद, भण्डारिया वडा नं. ४ मा रहेको कादरी मस्जिद, मर्दानपुर वडा नं.

५ मा रहेको नुरानी मस्जिद र पुरैना मङ्गलपुरको मस्जिदहरू पनि १०० वर्षअघिको हाराहरीमा निर्माण गरिएका मस्जिदहरु हुन् । यसको अलवा उढरापुरको बड्की बगियाँ इदगाहा, मर्दानापुरवाको इदगाहा र रनियापुरको इदगाहाको इतिहास पनि त्यत्ति नै पुरानो रहेको छ ।

## पुनर्वास काल : खजुरामा हिन्दू धर्म र धार्मिकस्थल (वि.सं. २०२३ देखि हालसम्म)

वि.सं. २०२२ सालमा पुनर्वास कम्पनीले हालको खजुरा गाउँपालिकाका पुराना बस्तीहरु बाहेक जङ्गलले ढाकिएको अन्य क्षेत्रमा पुनर्वासको योजना लागु गरेपछि यहाँको धार्मिक अवस्थामा समेत परिवर्तन आयो । घना जङ्गलहरु फाँडिए । देशका विभिन्न जिल्लाबाट आएर यस ठाउँमा मानिसहरूको बसाइँ बढ्न थाल्यो । धेरै ठाउँमा नयाँ गाउँहरु बसे । त्यसरी बसाइँ सरेर आउने मानिसहरु अधिकांश हिन्दू धर्मावलम्बीहरु नै थिए । जहाँ जहाँ गाउँहरु बसे ती ठाउँहरूमा मानिसहरूले पूजाआजा गर्न मन्दिरहरु निर्माण गर्न थाले । कतै विद्यालयको जग्गामा त कतै ऐलानी जग्गाहरूमा शिला राखेर पूजा गर्न थाले । पुनर्वास कम्पनीले कुनै कुनै ठाउँमा मन्दिरका लागि भनेर जग्गा समेत छुट्यायो । घना जङ्गल छँदा समेत धार्मिक स्थलका रूपमा रहेका देवी, देवताका स्थान तथा मन्दिरहरूको संरक्षण र पुनर्निर्माण गर्ने काम समेत नयाँ गाउँमा आएका हिन्दू धर्मावलम्बीहरूले गरे । बिस्तारै केही ऐलानी जग्गामा बनेका मन्दिरहरूको जग्गा मन्दिरकै नाममा दर्ता गर्ने काम समेत भयो । आर्थिक सङ्कलन गरेर मन्दिर बनाउने कार्य समेत गरे । वि.सं. २०२३ सालसम्म पनि खजुरामा हिन्दू धर्मावलम्बी र इस्लाम धर्मावलम्बीहरूको मात्रै बसोबास भएको

देखिन्छ । पुराना बस्तीहरूमा हिन्दू धर्मावलम्बी र इस्लाम धर्मावलम्बीहरूको बसोबास थियो भने पुनर्वासले बसालेका नयाँ बस्तीहरूमा हिन्दू धर्माबलम्बीहरूको मात्रै बसोबास थियो । वि.सं. २०२४ सालमा दार्जीलिङबाट आई नेपालगञ्जमा बस्ने वर्णबास राईले खजुराका केही मानिसहरूलाई इसाई धर्मको दीक्षा दिएको र वि.सं. २०३४ सालमा खजुरा गाउँपालिका वडा नं. ४ "डि" गाउँमा सिओन ए.जि. चर्चको स्थापना भएको देखिन्छ । यसरी वि.सं. २०२४ सालबाट खजुरामा इसाई धर्मावलम्बीहरूको पनि बसोबास रहन थाल्यो । खजुरा गाउँपालिका वडा नं. ३ "ए" गाउँ गुम्बा चोकमा रहेको एकमात्र बौद्ध धर्माबलम्बीहरूको धार्मिक स्थल प्रज्ञा बौद्ध विहार वि.सं. २०६० सालमा स्थापना भएको शिलालेखमा उल्लेख रहेकोले त्यहाँभन्दा अगाडि कहिलेदेखि खजुरा क्षेत्रमा बौद्ध धर्मावलम्बीहरूको बसोबास रह्यो भनेर यकिन गर्न आधार फेला पार्न सकिएन । यस कालमा नयाँ बसेका गाउँहरूमा एकातिर धेरै हिन्दू मठ मन्दिरहरूको निर्माण भएको देखिन्छ भने पुराना बस्तीहरूमा रहेका हिन्दू धार्मिक स्थलहरूको भने विकास भएको देखिँदैन । पुनर्वास पूर्वका पुराना बस्तीहरूमा यस अवधिमा नगण्य मात्रामा मात्रै नयाँ हिन्दू मठ मन्दिरहरूको निर्माण भएको पाइन्छ ।

यस समयमा भारतका विभिन्न साधुसन्त र गुरुबाट दीक्षा लिएका नेपाली साधुसन्त तथा भारतीय साधुसन्तहरु पुराना बस्तीहरूमा आएर विभिन्न धार्मिक क्रियाकलापका माध्यमबाट हिन्दू धर्मको जगेर्नामा टेवा पुऱ्याएको र पुराना मठ मन्दिरहरूको जीर्णोद्धारमा समेत त्यस्ता साधुसन्तहरूले चासो लिई काम गरेको देखिन्छ । नयाँ बस्तीहरूमा पनि बेला बेलामा ठूला धार्मिक यज्ञहरु आयोजना गरी धार्मिक स्थलहरु प्रचार प्रसार एवम् निर्माण गर्ने गरेको पाइन्छ ।

वि.सं. २०२८/२९ सालदेखि वि.सं. २०४६ सालसम्मको खजुरा क्षेत्रमा धार्मिक मठ मन्दिरहरूको निर्माणलाई उर्वर समय मान्न सकिन्छ । वि.सं. २०४७ पछि मठ मन्दिर निर्माण एवम् धार्मिक कार्यहरु निरन्तर भए पनि हिन्दू धर्मावलम्बीहरूको ठुलो सङ्ख्या धर्मान्तरणतर्फ आकर्षित भएको देखिन्छ । वि.सं. २०६३ साल यता धर्मान्तरणको कार्य अझ बढी तीव्र रूपमा बढिरहेको छ । यस आधारमा २०४७ देखि यता खजुरा क्षेत्रका हिन्दू धर्मावलम्बीहरूमा व्यापक धार्मिक विचलन देखिन्छ ।

खजुरा गाउँपालिकाका हिन्दू धर्मावलम्बीहरूमा साम्प्रदायिक विभाजनको ठुलो असर भने देखिँदैन । केही मानिसहरूले भारतीय साधुसन्त, गुरु एवम् नेपालकै गुरुहरूबाट दीक्षा लिई हिन्दू धर्म भित्रकै केही सम्प्रदायहरु ग्रहण गरे पनि अधिकांश मानिसहरु सनातन हिन्दू धर्ममानै आस्था राख्छन् ।

## नवदुर्गा भवानी मन्दिर (कोटीहोम)

खजुरा गाउँपालिका वडा नं. ४ "डि" गाउँमा रहेको नवदुर्गा भवानी मन्दिर वि.सं. २०२३ सालमा स्थापना भएको हो । आदर्श ने. रा. प्रा. वि. "डि" गाउँको लागि पुनर्वास कम्पनीले दिएको जग्गामा अहिले विद्यालयको भवन भएको ठाउँबाट पूर्वपट्टि एउटा ठुलो सालको रूख नजिकै एउटा बेलको बोट थियो । त्यही बेलको बोटमुनि स्थानीय बासी बेद बहादुर शाहीले एउटा शिला स्थापना गरी पूजा गर्न शुरु गरेको र पछि त्यही ठाउँमा देवीदेवताका फोटाहरु राखेर गाउँलेहरूले नवदुर्गाको पूजा गर्न थाले । केही समयपछि त्यही पूजा गरिएको ठाउँमा स्थानीय वासी गजबहादुर गुरूङ, गजबहादुर सिंजाली, झकबहादुर घर्ती, मनबहादुर थापा, सिंहविर सुनार, तिर्थराज गिरी लगायतको पहलमा खरको छानो र

माटाको देवल भएको सानो मन्दिर निर्माण गरिएको कुरा ९९ वर्षीय स्थानीय बासी मन बहादुर थापा भन्नुहुन्छ । वहाँका अनुसार कच्ची मन्दिरको निर्माण २०२४/२५ सालतिर गरिएको हो । बेलको बोटमुनि रहेको सोही मन्दिरलाई अहिले मन्दिर रहेको ठाउँमा वि.सं. २०३५ सालमा पक्की मन्दिर निर्माण गरी सारेको कुरा स्थानीयबासी भू.पू. शिक्षक मोहन बहादुर खड्का बताउनु हुन्छ ।

मन्दिरको लागि छुट्याइएको करिब ४ कट्ठा जग्गामा रहेको हालको मन्दिर परिसरको कायापलट भने वि.सं. २०५६ सालमा राष्ट्रगुरु योगी नरहरिनाथ आएर कोटीहवन महायज्ञ लगाएपछि भएको हो । नरहरिनाथ योगीले कोटी हवन गरेपछि यो मन्दिरलाई स्थानीय बासीहरूले 'कोटीहोम' पनि भन्न थाले ।

सिमेन्ट, इँटा र ढुङ्गाको प्रयोग गरी बनाइएको नवदुर्गा भवानीको मन्दिर दुई छाना भएको प्यागोडा शैलीमा निर्माण गरिएको छ । गर्भगृहमा करिब ४ फुट अग्लो १६ हातमा आयुध समातेकी सिंहमाथि बसेकी महिषासुर बध दुर्गाको सिमेन्टको मूर्ति राखिएको छ । यो मूर्ति बङ्गाली आनन्दबाबाले निशुल्क बनाइदिएका थिए । मन्दिरको भित्री चारकुनामा आग्नेय कोणमा गणेशको, नैऋत्य कोणमा विष्णुको, वायव्य कोणमा शिवजीको र ईशान्य कोणमा सूर्यको सिमेन्टबाट बनाइएका मूर्तिहरु राखिएका छन् । मूल मन्दिरको पूर्वपट्टि ठिक अगाडि काठको मौलोमा त्रिशुल राखिएको छ भने दक्षिणपट्टि शिवालय रहेको छ । शिवालयको गर्भगृहमा अयोध्याबाट ल्याएको शिवपार्वतीको पत्थरको मूर्ति र मूर्तिको अगाडि कालो पत्थरको शिवलिङ्ग रहेको छ । शिवालयको पूर्वपट्टि सिमेन्टको नन्दी (सरोज ढकालले बनाइदिएको), मूल मन्दिरको अगाडि सिमेन्टको स्तम्भमाथि कालो पत्थरबाट निर्मित राष्ट्रगुरु योगी नरहरिनाथको अर्धकदको शालिक (प्रेम सागर

पौडेलले दिएको) राखिएको छ । त्यसैको नजिक सानो यज्ञशाला छ भने मूल मन्दिरको उत्तरपट्टि कोटी हवन महायज्ञका लागि बनाइएको ठुलो यज्ञकुण्ड सहितको यज्ञशाला रहेको छ ।

## श्री नवदुर्गा भवानी मन्दिर

खजुरा गाउँपालिका वडा नं. २ "क" गाउँमा रहेको नवदुर्गा भवानी मन्दिरको इतिहास पनि पुनर्वासको बस्तीसँगै वि.सं. २०२३/२४ सालतिरको रहेको छ । शुक्र मा.वि. को प्राङ्गणको उत्तर पूर्व कुनामा सानो माटाको कच्ची मन्दिर बनाएर स्थानीय वासी स्व. टिकाराम धिताल पूजा गर्ने गर्थे । मन्दिरको लागि छुट्टै जग्गाको माग गरिरहनु भएका कमल प्रसाद पोख्रेल र बाबुराम गौतम लगायतको पहलमा पुनर्वास कम्पनीले वि.सं. २०२५ सालमा नवदुर्गा भवानी मन्दिरको लागि एक बिगाहा जग्गा छुट्यायो । टिकाराम धितालकै अध्यक्षतामा गठित समितिले २०२५ सालमा अहिलेको मन्दिर रहेको स्थानमा खरको छानो र माटाको देवल भएको कच्ची मन्दिर निर्माण गर्‍यो । वर्तमानमा रहेको पक्की मन्दिर भने वि.सं. २०७१ सालबाट निर्माण कार्य प्रारम्भ गरी वि.सं. २०७३ सालमा निर्माण पूरा गरिएको हो ।

## हनुमान गडी (हनुमान मन्दिर)

खजुरा गाउँपालिका वडा नं. ७ बठुवा गाउँमा गाउँको पूर्व दक्षिणतिर खेतको बिचमा रहेको हनुमान मन्दिर वि.सं. २०३२ सालमा निर्माण गरिएको हो । बठुवा निवासी बाहुदास भनिने बाहु चमारले आफू निसन्तान भएकाले करिब १ बिगाहा ऐलानी जग्गा रहको उक्त ठाउँमा हनुमानको मन्दिर निर्माण गरी बसेको कुरा स्थानीयबासी बताउँछन् । पुरानो देखिने शिखरशैलीमा निर्मित

मन्दिरको गर्भगृहमा करिब ६ फुट अग्लो सिमेन्टबाट बनाइएको हनुमानको मूर्ति रहेको छ । पूर्वपट्टि मन्दिरको ठिक अगाडि सानो हवन कुण्ड र त्यसको पूर्वपट्टि नन्दीमाथि बसेका शिवजीको मूर्ति राखिएको छ ।

### दुर्गाकालिका मन्दिर

खजुरा गाउँपालिका वडा नं. ७ मनकामनापुरमा रहेको दुर्गाकालिका मन्दिर वि.सं. २०३२ सालमा मनकामनापुरमा बस्ती बसेपछि वि.सं. २०३३ सालमा स्थापना गरिएको देखिन्छ । हाल मन्दिर रहेको ठाउँमा त्यतिखेर झाडी जङ्गल थियो । त्यही जङ्गल रहेको ऐलानी जग्गामा स्थानीयले नवदुर्गा भवानीका शिलाका प्रतिमा स्थापना गरी पूजाआजा गर्न थालको कुरा स्थानीय बासी हरिप्रसाद ढुङ्गाना बताउनु हुन्छ । गाउँलेहरूले चन्दा उठाएर वि.सं. २०३६ सालमा हाल मन्दिर रहेकै ठाउँमा खरको छानो र माटाको देवल भएको सानो मन्दिरको निर्माण गरियो । हाल रहेको दुर्गाकालिकाको पक्की मन्दिर भने वि.सं. २०४३ सालमा निर्माण गरिएको हो । वि.सं. २०३८ सालमा दुर्गाकालिका मन्दिरको अलिपर दक्षिणतर्फ पक्की शिवालयको निर्माण गरिएको थियो । व्यक्तिको जग्गामा परेकोले शिखर शैलीमा निर्मित उक्त पुरानो मन्दिर भत्काएर वि.सं. २०७१ सालमा ठुलो र पक्की शिवालय मूल मन्दिरको दक्षिणतर्फ बनाइएको छ । शिवालयको नजिकै शिवालयबाट दक्षिणतर्फ दुई छाना भएको प्यागोडा शैलीमा निर्मित पक्की गणेशको मन्दिर भने स्थानीय वासी लक्ष्मण कँडेलको आर्थिक सहयोगमा वि.सं. २०६४ सालमा निर्माण गरिएको हो ।

तीन छाना भएको प्यागोडा शैलीमा निर्मित दुर्गाकालिका मन्दिरको गर्भगृहमा सिंहमाथि बसेको दुर्गाको सिङ्गमर्मरको मूर्ति

राखिएको छ । पूर्वतर्फको ढोका अगाडि दायाँबायाँ सिमेन्टबाट बनाइएका आकर्षक सिंहका मूर्तिहरूरहेका छन् । परिक्रमा भागको चारैतिर ग्यालिङ्ग र ग्यालिङ्गमाथि दियोहरु राखिएको छ । मूल मन्दिरको दक्षिणतर्फ रहेको तीन छाना भएको प्यागोडा शैलीको शिवालय भने मूल मन्दिरभन्दा ठुलो रहेको छ । गर्भगृहमा करिब २ फुट अग्लो स्तम्भमाथि पञ्चमुखी शिवलिङ्गको स्थापना गरिएको छ । भित्रपट्टि आग्नेय कोणमा गणेश, नैऋत्य कोणमा सरस्वती, वायण्य कोणमा लक्ष्मी र ईशान्य कोणमा शिवको प्रस्तर मूर्तिहरु राखिएका छन् । शिवालयको बाहिरपट्टि मूलद्वारका दायाँ बायाँ ब्रह्मा र विष्णुका करिब ५ फुट अग्ला सिमेन्टबाट निर्मित मूर्तिहरु राखिएको छ । मूल ढोकामाथि सूर्यको चित्र, परिक्रमा भाग भन्दा बाहिरको पूर्व ढोकाका दायाँ बायाँ सिमेन्टका सिंहका मूर्ति, मूलद्वारको ठिक अगाडि नन्दीको सिमेन्टबाट निर्मित विशाल मूर्ति, पञ्चमुखी नाग, बाहन कुकुर सहितको उभिएको सिमेन्टको करिब साढे ३ फुट अग्लो भैरवको मूर्ति, त्यसैको नजिकै करिब १२ फुट अग्लो फलामको त्रिशुल र शिवालयको दक्षिण पूर्वतर्फ यज्ञशाला रहेको छ ।

शिवालयको नजिकै दक्षिणतर्फ तीन छाना भएको प्यागोडा शैलीमा निर्मित गणेशको मन्दिर रहेको छ । मन्दिरको गर्भगृहमा चारहात भएका गणेशको करिब १ फुट अग्लो सिङ्गर्ममरको मूर्ति राखिएको छ । मन्दिरभित्र आग्नेय कोणमा देवी, नैऋव्य कोणमा सन्तोषी माता, वायव्य कोणमा हुनमान र ईशान्य कोणमा शिवका सिङ्गमर्मरका मूर्तिहरु राखिएका छन् ।

## दुर्गा मन्दिर

खजुरा गाउँपालिका वडा नं. ३ "क" गाउँमा रहेको दुर्गा मन्दिर वि.सं. २०३४ सालमा स्थापना भएको हो । स्थानीय वासी

नेत्रप्रसाद पौडेलको पहलमा खरको छानो र माटाको देवल भएको सानो दुर्गा मन्दिरको निर्माण गरिएको थियो । सोही कच्ची मन्दिर भएकै ठाउँमा हाल भएको पक्की मन्दिरको निर्माण गरियो ।

तीन छाना भएको प्यागोडा शैलीको हालको पक्की दुर्गा मन्दिर भने वि.सं. २०६४ सालमा स्थानीयहरूले चन्दा सङ्कलन गरेर निर्माण गरेका हुन् । पुनर्वास कम्पनीले मन्दिरको लागि छुट्याएको करिब ५ कट्ठा जग्गामा रहेको मूल मन्दिरको गर्भगृहमा अष्टधातुको करिब डेढ फुट अग्लो दुर्गाको मूर्ति रहेको छ । पश्चिमतर्फको ढोकाका दायाँ बायाँ सिमेन्टबाट बनाइएका सिंहका मूर्ति राखिएका छन् । मूल मन्दिरको दक्षिण पश्चिम कोणमा दुई गजुर भएको तीन कोठाको शिखरशैलीको सानो पक्की मन्दिर रहेको छ । उक्त मन्दिरको पहिलो कोठामा गणेशको र देवीको, दोस्रो कोठामा हनुमान र तेस्रो कोठामा नन्दीमाथि बसेका शिवको सिमेन्टबाट बनाइएका मूर्तिहरू राखिएका छन् । मूल मन्दिरको ईशान्यकोणमा यज्ञमण्डप र आग्नेय कोणमा काठको मौलो रहेको छ ।

## कालिका मन्दिर

खजुरा गाउँपालिका वडा नं. ३ "बि" गाउँ ज्ञानोदय मा.वि. को छेउमा रहेको दुर्गाकालिका मन्दिरको इतिहास सन्तकुटीसँगै जोडिएको छ । सन्तकुटीका हनुमानदास र कालिका मन्दिर स्थापनाको समयमा पहिलो पुजारीका रूपमा बसेका मिलनदासका गुरु एउटै थिए । हनुमानदास र मिलनदास दुबै जना गुरु दाइ र गुरु भाइ थिए । पहिला यी दुबै बाबाहरु सन्तकुटीमा सँगै बस्थे । सन्तकुटी भएको जग्गा जनता स्कूललाई दिएपछि वि.सं. २०२८ सालमा

मिलनदास बाबा अहिले कालिका मन्दिर भएको ठाउँमा आएर बसेका थिए ।

मन्दिरका संस्थापक अध्यक्ष स्व. कृष्ण बहादुर पाण्डे अध्यक्ष रहेको मन्दिर संरक्षण समितिमा सचिव रहेका स्थानीय बासी देब बहादुर कार्कीको भनाइ अनुसार मन्दिर भएको जग्गामा पहिले जङ्गल थियो । जङ्गलभित्र सानो कुटी बनाएर मिलनदास बाबा बस्थे । कुटीको नजिकै रहेको बेलको बोटमुनि माटाको कालीको मूर्ति स्थापना गरेर बाबाले पूजा गर्न थाले । वि.सं. २०३५ सालमा खजुरा बजार क्षेत्रमा टाउन प्लानिङ्ग गर्ने क्रममा पुनर्वास कम्पनीले बजार क्षेत्रमा मन्दिर निर्माणका लागि जग्गा छुट्यायो । जग्गा छुट्याउने क्रममा ३ बिगाहा जग्गा मिलन दास बाबा बसेको ठाउँमा र १ बिगाहा जग्गा पेडारी नालाको छेउमा मन्दिरको लागि भनेर छुट्यायो । यसरी मन्दिरको लागि ४ बिगाहा र केही जग्गा धर्मशाला र गौशालाको लागि पनि छुट्याएको थियो । वि.सं. २०३६ सालमा स्थानीय अगुवाहरूको अनुरोधमा पुनर्वास कम्पनीका तत्कालीन मेनेजरको सक्रियतामा २ छाना भएको प्यागोडा शैलीको पक्की मन्दिरको निमार्ण भयो । जुन मन्दिर अझै छँदैछ ।

वि.सं. २०४२ सालसम्म कालिका मन्दिरमा मिलनदास बाबाले नै पूजा गरेर बसे । वि.सं. २०४२ सालमा बाबाको मृत्यु भएपछि उढरापुरका राजाराम हलवाईले मन्दिरमा पूजा गर्ने गर्थे । मूल मन्दिरको नजिकै मन्दिर परिसरमा मिलनदास बाबालाई समाधिस्त गरिएको समाधि अहिले पनि रहेको छ ।

टिनले छाएको २ छाना भएको प्यागोडा शैलीको कालिका मन्दिरको गर्भगृहमा कालो पत्थरको कालीको मूर्ति राखिएको छ । पूर्वतर्फको मुख्य ढोकाको दायाँ बायाँ सिंहका मूर्तिहरू राखिएका छन् । मूल मन्दिरको नजिकै दक्षिणपट्टि वि.सं. २०७४ सालमा बुबा

मानबहादुर खड्का र आमा गीता खड्काको स्मृतिमा वहाँका छोरा नातिले बनाइदिएको करिब चारफुट अग्लो हनुमानको पूर्णकदको मूर्ति रहेको छ । हनुमान मन्दिरको दक्षिणपट्टि वि.सं. २०७६ सालमा शेरबहादुर खत्री र वहाँको परिवारले बनाइदिएको सिङ्गमर्मरको गणेशको मूर्ति करिब ३ फुट अग्लो स्तम्भमाथि राखिएको छ । त्यसको दक्षिणपट्टि दुई छाना भएको प्यागोडा शैलीमा निर्मित पक्की शिवालय छ । शिवालयको गर्भगृहमा कालो पत्थरको पञ्चमुखी शिवलिङ्ग स्थापित छ । शिवालयको ठिक अगाडि नागको स्थान समेत रहेको छ । शिवालयको दक्षिणपट्टि सानो मन्दिर बनाई गर्भगृहमा बुद्धको प्रस्तर मूर्ति राखिएको छ ।

**भद्रकाली भगवती मन्दिर**

खजुरा गाउँपालिका वडा नं. २ "सि" गाउँमा अमर माध्यमिक विद्यालय नजिक रहेको यो मन्दिर पहिला अमर मा.वि. कै परिसरभित्र थियो । वि.सं. २०३४ सालमा अमर मा.वि.को जग्गामा कच्ची मन्दिर बनाई त्यहाँका बासिन्दाहरूले पूजा गर्ने गरेका थिए । वि.सं. २०३८ सालमा स्थानीय बासी कमलप्रसाद पोखेलको सक्रियतामा अहिले मन्दिर भएको ठाउँमा पक्की मन्दिर निर्माण गरिएको हो । मन्दिरको नाममा पुनर्वास कम्पनीले छुट्याएको १ बिगाहा ७ कट्ठा जग्गा रहेको छ । शिखर शैलीमा निर्मित मन्दिरको गर्भगृहमा सिंहमाथि बसेको करिब डेढ फुट अग्लो सिङ्गमर्मरको देवीको मूर्ति राखिएको छ । मुख्य मूर्तिको दायाँ बायाँ धातुका देवीका मूर्तिहरू राखिएका छन् । मन्दिर परिसरमा मूल मन्दिरको आग्नेय कोणतर्फ पत्थरको शिव लिङ्ग र ईशान्य कोणमा काठको मौलो राखिएको छ ।

## कालिका मन्दिर

खजुरा गाउँपालिका वडा नं. ८ ठाकुरपुरमा रहेको कालिका मन्दिरको स्थापना वि.सं. २०३८ सालमा भएको हो । स्थानीय वासी लीलावती पौडेल र जनकराज उपाध्यायले प्रदान गर्नु भएको ५/५ धुर जग्गा गरी जम्मा १० धुर जग्गामा मन्दिर परिसर रहेको छ । शुरुमा माटाको देवल र खरको छाना भएको सानो मन्दिर थियो । स्थानीय वासीहरूले चन्दा सङ्कलन गरेर अहिलेको पक्की मन्दिरको निर्माण गरिएको हो ।

तीन छाना भएको प्यागोडा शैलीमा निर्मित हालको पक्की मन्दिरको गर्भगृहमा अष्टधातुको देवीको मूर्ति राखिएको छ । उक्त मूर्ति स्थानीय कृष्णबहादुर कँडेल र चन्द्रबहादुर कँडेलले प्रदान गर्नुभएको हो । मूल मन्दिरको दक्षिणपट्टि प्यागोडा शैलीको गणेशको मन्दिर रहेको छ । यो मन्दिरको गर्भगृहमा करिब डेढ फुट अग्लो कालो पत्थरको गणेशको मूर्ति राखिएको छ भने, पश्चिमद्वारको ठिक अगाडि गणेशको वाहन मूषकको सिमेन्टबाट निर्मित मूर्ति राखिएको छ ।

## श्री लक्ष्मीनारायण मन्दिर

खजुरा गाउँपालिका वडा नं. २ खजुरा बजारको केन्द्रमा हुलाकी बाटोसँगै जोडिएको, बाटोको उत्तरपट्टि श्री लक्ष्मी नारायण मन्दिर रहेको छ । वि.सं. २०४३ सालमा धनधान्याचल महायज्ञ गरी मन्दिरको प्राण प्रतिष्ठा गरिएको देखिन्छ । खजुरा बजार लाइनका स्थानीय व्यक्तिहरूको सक्रियतामा त्यस ठाउँमा रहेको साढे दुई कट्ठा ऐलानी जग्गामा मन्दिर निर्माण गर्ने योजना बनाई वि.सं. २०४१ सालबाटै मन्दिर निमार्णको कार्य थालनी गरेको मन्दिर

संरक्षण समितिका वर्तमान अध्यक्ष शिवराज श्रेष्ठ बताउँछन् । मन्दिर निर्माण गरिसकेपछि ब्रह्मलीन स्वामी श्री १००८ परमान्द सरस्वतीलाई बोलाएर संस्थापक अध्यक्ष स्वर्गीय खड्कबहादुर थापाको मन्दिर संरक्षण समितिले धनधान्याचल महायज्ञको सञ्चालन गरी मन्दिरको प्राण प्रतिष्ठा गरिएको थियो । वि.सं. २०४३ देखि हालसम्म पनि मन्दिर परिसरमा नयाँ निर्माणका कार्यहरु निरन्तर भैरहेका छन् । मूल मन्दिर बाहेक परिसरका अन्य मन्दिर, यज्ञशाला, धर्मशालाहरु विभिन्न समयमा निर्माण भएको देखिन्छ ।

ईँटा, सरिया र सिमेन्टको प्रयोग गरी बनाइएको श्री लक्ष्मी नारायण मन्दिर तीनछाना भएको प्यागोडा शैलीमा निर्मित छ । गर्भगृहमा करिब ढाई फुट अग्लो सिमेन्टको स्तम्भमाथि सिङ्गमर्मरको करिब २ फुट अग्लो लक्ष्मी नारायणको मूर्ति राखिएको छ । मन्दिरका भित्ताका बाहिर चारैतिर रहेका खोपीहरुमा विभिन्न देवी देवताका धातुका मूर्तिहरु राखिएको छ । मूल मन्दिरको अगाडि पूर्वतर्फ २ छाना भएको यज्ञशाला रहेको छ । ईशान्य कोणतर्फ कालो प्रस्तरको पञ्चमुखी शिव लिङ्ग र शिवलिङ्गको पूर्वपट्टि पित्तलको नन्दी (स्वः रत्नदत्त पन्तले दिनुभएको) रहेका छन् । मन्दिरको परिसरमै मूल मन्दिरको वायब्यकोणतर्फ दुई छाना भएको प्यागोडा शैलीको विश्वकर्मा बाबाको सानो मन्दिर रहेको छ । जुन २०५६ सालमा बनेको हो । विश्वकर्मा बाबाको मन्दिर अगाडि पूर्वतर्फ कालो पत्थरको शिवलिङ्ग सहित दक्षिणमुख भएको तामाको नागको मूर्ति रहेको छ । शिवलिङ्ग सहितको नागको स्थापना स्थानीय कमलराज रेग्मीले वि.सं. २०७५ सालमा गर्नु भएको हो । यज्ञशालाको दक्षिणतिर दुई छाना भएको प्यागोडाशैलीमा निर्मित सानो कालीको मन्दिर रहेको छ । काली मन्दिरको दक्षिणतर्फ वि.सं. २०५२ सालमा आफ्ना पिताको स्मृतिमा छोराहरु

शिवराज श्रेष्ठ, विष्णुकुमार श्रेष्ठ र इन्द्रकुमार श्रेष्ठले बनाउनु भएको दुई छाना भएको प्यागोडाशैलीको सानो मन्दिर छ । मूल मन्दिरको दक्षिण-पश्चिमतर्फ दुई तले धर्मशाला र उत्तर-पश्चिममा एकतले धर्मशाला बनाइएको छ । ब्रह्मलीन स्वामी १००८ परमानन्द सरस्वतीको स्मृतिमा निर्माण गरिएको दुईतले उक्त धर्मशालाको हरिद्वारका सन्त प्रखरजी महाराजले २०६४ सालमा उद्घाटन गर्नुभएको हो ।

खजुरा गाउँपालिकामा पुनर्वासपछि दर्जनौं हिन्दू मठ मन्दिरहरूको निर्माण भएका छन् । माथि उल्लेखित बाहेक पुनर्वास कालखण्डमा हालसम्म निर्मित मठ मन्दिरहरू निम्न रहेका छन्ः खजुरा गाउँपालिका वडा नं. - ५, उढरापुरको शिव मन्दिर (वि.सं. २०२५) (छोटा मन्दिर), उढरापुरकै चमार टोलमा रहेको रामजानकी मन्दिर (वि.सं. २०४०), उढरापुर - ५ पसियनपुरवा टोलमा रहेको हनुमान गढी मन्दिर (२०५३), बसन्तपुर - ५ को हनुमान गढी मन्दिर (२०४०), डलैपुर - ५ को रामजानकी मन्दिर (२०३५), डलैपुरकै सन्तोषी माता मन्दिर (२०७७), "ई" गाउँ - ४ को शिव मन्दिर (२०५५), सैनिक - १ को श्री बागेश्वरी माता मन्दिर (२०७८), जलपोखरी - १, को शिव मन्दिर (२०३२), गौघाट - २, को हनुमान मन्दिर (२०६०), रनियापुर - ८, को सन्सारी माई मन्दिर (२०५५), सोही ठाउँको भगवती मन्दिर (२०६५), घिया - ८, को राधाकृष्ण मन्दिर (२०७८), रनियापुर - ८, को विश्वेश्वर शिव मन्दिर (२०५६), प्रगति नगर - ४, को शिव मन्दिर (२०७०), मनकामनापुर - ३, को सिद्धि विनायक गणेश मन्दिर (२०७१), सिद्धनगर - २, को श्री माता घटघटेश्वरी जगदम्बा भवानी मन्दिर (२०४३), गोदहना - ७, यादव टोलको राधाकृष्ण मन्दिर (२०५०), गोदहना - ७, कै शिव मन्दिर (२०५०), धौलागिरी - ३, को श्री

बागेश्वरी मन्दिर (२०६६), सिमलघारी - ७, को शिव मन्दिर (२०५५), सिमलघारी - ७, कै हनुमान मन्दिर (२०६३) जस्ता मन्दिरहरु पनि यस अवधिमा निर्माण भएका हिन्दू मठ मन्दिरहरु हुन् ।

यस बाहेक यस क्षेत्रका विद्यालयको प्राङ्गणमा रहेका मन्दिरहरु, व्यक्तिका निजि जग्गामा बनाइएका मन्दिरहरु र कुलदेव तथा इष्टदेवका मन्दिरहरु पनि दर्जनौंका सङ्ख्यामा रहेका छन् ।

## पुनर्वास कालमा खजुरामा इस्लाम धर्म र मस्जिद

यस अवधिमा खजुरा क्षेत्रमा इस्लाम धर्मावलम्बीहरुको बसोबास पुनर्वास क्षेत्रका नयाँ गाउँहरुमा त्यति विस्तार नभए पनि पुराना गाउँहरु छोडेर नयाँ ठाउँ वा बाटोको छेउमा घर निर्माण गरी बस्ने मुस्लिमहरुको सङ्ख्या भने बढेको देखिन्छ । जसका कारण नयाँ ठाउँहरुमा केही नयाँ मस्जिदहरुको निर्माण भएको छ । बिस्तारै जङ्गल फाँडिदै गएर खुला भएका क्षेत्रहरुमा बढेका नयाँ बस्तीहरुमा यस अवधिमा नयाँ मस्जिदहरुको निमार्ण भएको देखिन्छ । यस कालखण्डमा निर्माण भएका नयाँ मस्जिदहरु पुराना मस्जिदहरुको तुलनामा आर्कषक र ठुला देखिन्छन् । उढरापुर - ६, अन्सारी टोलमा रहेको तौवा मस्जिद (२०२५), उढरापुर - ६, जाहिरपुरवा मस्जिद (२०४५), उढरापुर - ५, भट्टी चोकको मस्जिदे नुर (२०६४), कलङ्सनगाउँ - ७, को मदिना मस्जिद (२०४५), कलङ्सनगाउँको बर्काती मस्जिद (२०४१), चमकदारपुर - ८, को विलाली मस्जिद, रनियापुर - ८, को मोहमोदी मस्जिद -२०७४), रनियापुर - ८, सुनौलो टोलको सुनौलो टोल मस्जिद, गाजीपुरवा - ७ को मस्ओदी मस्जिद (२०५४) र गोदहनाको मस्जिदे विलाल मस्जिद (२०७०) यस अवधिमा निर्माण भएका मस्जिदहरु हुन् ।

यस अवधिमा अझ वि.सं. २०४७ सालको राजनीतिक परिवर्तनपछि हिन्दू धर्मावलम्बीहरूमा धर्मान्तरणको ठुलो प्रभाव देखिए पनि यहाँका इस्लाम धर्मावलम्बीहरूमा भने धर्मान्तरणको प्रभाव देखिँदैन । खुला राजनीति, वैदेशिक रोजगारी तर्फको आकर्षण आदिका कारण नयाँ पुस्तामा परम्परागत धार्मिक आचरणका रूपमा मान्दै आएका कतिपय कुराहरूमा भने परिवर्तन देखिन्छ ।

## पुनर्वासपछि खजुरामा इसाई धर्म र चर्च

खजुरा गाउँपालिकामा बस्ने मानिसहरूले मान्ने तीन ठूला धर्ममध्ये हिन्दू र इस्लाम धर्मपछि इसाई धर्म हो । हिन्दू र इस्लाम धर्मपछि तेस्रो धेरै इसाई धर्मावलम्बीहरूको खजुरा गाउँपालिकामा बसोबास रहेको छ । पुनर्वासपूर्व खजुरामा इसाई धर्म मान्ने मानिसहरू रहेको कुनै प्रमाण फेला परेन । पुनर्वासपछि मात्रै यस क्षेत्रमा हिन्दू धर्म मान्ने मानिसहरूले धर्मान्तरण गरी इसाई धर्म ग्रहण गरेपछि इसाई धर्मावलम्बीहरूको बसोबास रहन थालेको हो । वि.सं. २०२४ सालबाट खजुरा क्षेत्रमा इसाई धर्मावलम्बीहरूको बसोबास रहँदै आए पनि वि.सं. २०४७ को राजनीतिक परिवर्तनपछि मात्रै ठुलो सङ्ख्यामा हिन्दू धर्मावलम्बीहरू धर्मान्तरण गरेर इसाई धर्म ग्रहण गर्न थालेको देखिन्छ । अन्य धर्मबाट धर्मान्तरण गरेर इसाई धर्म ग्रहण गर्नेहरूको सङ्ख्या २०६२/६३ को राजनीतिक परिवर्तनपछि ह्वात्तै बढेको देखिन्छ ।

खजुरामा प्रोटेस्टेन्ट सम्प्रदायका इसाई धर्मावलम्बीहरूको मात्रै बसोबास रहेको देखिन्छ । क्याथोलिक सम्प्रदायका इसाई धर्मावलम्बी नगन्य मात्रामा छन् । रोमन क्याथोलिकसँग प्रोटेस्ट गरेर मार्टिन लुथरले शुरु गरेको प्रोटेस्टेन्ट सम्प्रदायका इसाईहरू तिर्यक (पिता पुत्र र पवित्र आत्मा) लाई मान्ने गर्छन् । यहाँका इसाई धर्म मान्ने मानिसहरूको सबैभन्दा ठुलो पर्व क्रिसमस हो ।

दार्जिलिङबाट आई नेपालगञ्जमा बसेका वर्णवास राईबाट खजुराका बुद्धिवीर गुरूङ, गोपाल थापा, गम्भीर सिंह गुरूङ र छविलाल थापाले दीक्षा लिई वि.सं. २०२४ सालमा इसाई धर्म ग्रहण गरेपछि खजुरामा इसाई धर्मको सुत्रपात भएको देखिन्छ ।

## सियोन एजी चर्च

खजुरा गाउँपालिका वडा नं. ४ "डि" गाउँमा रहेको यो चर्च वि.सं. २०२९ सालमा स्थापना भएको हो । वर्णवास राईबाट इसाई धर्म ग्रहण गरेका स्थानीय बासी बुद्धिवीर गुरूङ, गोपाल थापा, गम्भीर सिंह गुरूङ, छविलाल थापा लगायतका व्यक्तिहरूको सक्रियतामा उक्त चर्च स्थापना भएको थियो । पहिले माटाको देवल र खरको छानो भएको सानो चर्च वि.सं. २०४८ सालमा पक्की बनाएको कुरा सोही चर्चका वर्तमान पादरी थुम गुरूङ बताउनु हुन्छ ।

## भिक्टोरी एजी चर्च

खजुरा गाउँपालिका वडा नं. ३ "बि" गाउँमा रहेको यस चर्चको स्थापना वि.सं. २०३४ सालमा भएको हो । पहिले प्रार्थनाका लागि "डि" गाउँमा रहेको सियोन एजी चर्चमै जाने गरेको पछि यस क्षेत्रमा पनि इसाई धर्मावलम्बीहरूको सङ्ख्या बढेपछि यो चर्चको स्थापना गरिएको चर्चका वर्तमान पादरी डि.बि. करने लिएस बताउनु हुन्छ । वहाँका अनुसार खजुरा गा.पा. मा दर्ता भएका १५ ओटा चर्चहरु छन् । ती मध्ये केही निम्न छन्ः ख्रिष्टियन सामुदायिक सेवा मण्डली (२०६३) "ई" गाउँ - ४, अभिषेक सियोन चर्च (२०५३) "ए" गाउँ - २, महिमा एजी चर्च ( २०५२), सिमलघारी - ७, कलबरी चर्च (२०७७) "सि" गाउँ - २,

ज्योति चर्च (२०५९), जलपोखरी - २ । यस बाहेक गौघाट, "के" गाउँ, सैनिक, गिजरा बस्ती, पुरैना ऐलानी गाउँहमा पनि केही चर्चहरू रहेका छन् ।

## पुनर्वासपछि खजुरामा बौद्ध धर्म र चैत्य, बिहार

खजुरा गाउँपालिकामा हिन्दू, इस्लाम र इसाईपछि बौद्ध धर्ममा आस्था राख्ने मानिसहरू पनि रहेका छन् । खजुरा गाउँपालिका वडा नं. ३ को कालिका मन्दिर परिसरभित्र रहेको बुद्ध मन्दिर र अन्य केही हिन्दू धर्मका मन्दिरहरूमा राखिएका बुद्धका मूर्तिहरू बाहेक स्वतन्त्र रूपमा बौद्धमार्गीहरूको एउटा मात्रै बिहार खजुरा गाउँपालिकामा रहेको छ । हिन्दू धर्मावलम्बीहरूले पनि बुद्धप्रति आस्थाभाव प्रकट गर्ने र बौद्धमार्गीहरूले पनि हिन्दू मठ मन्दिरमा गएर पूजाआजा गर्ने गरेकोले खजुरा गाउँपालिकाभित्र बौद्धमार्गीहरूको बसोबासको यकिन गर्न भने गाह्रो छ । तथापि यस गाउँपालिकामा बसोबास गर्ने लामा, गुरूङ, मगर जातका केही मानिसहरू आफूलाई बौद्ध धर्मावलम्बी भन्न रूचाउँछन् । धार्मिक रूपमा बौद्ध धर्मावलम्बीहरूको यकिन गर्न नसके पनि बुद्धप्रति धेरै मानिसहरूले आस्था र विश्वास भने राख्छन् ।

यहाँका बौद्धमार्गीहरूले हिन्दू चाडपर्वहरू मनाए पनि उनीहरूको सबैभन्दा ठुलो पर्व भने बुद्ध पूर्णिमा नै हो । पूर्णिमाका दिन विहारमा भेलाभई धुप एवम् बत्ती बालेर प्रार्थना गर्छन् ।

## प्रज्ञा बौद्ध बिहार

खजुरा गाउँपालिका वडा नं. ३ "ए" गाउँमा रहेको प्रज्ञा बौद्ध विहारको स्थापना वि.सं. २०६० सालमा भएको देखिन्छ । पहिले त्यस ठाउँमा सिमेन्टको सानो स्तम्भमाथि बुद्धको प्रतिमा स्थापना

गरी पूजाआजा गर्ने गरिन्थ्यो । हाल रहेको पक्की विहार भने वि.सं. २०७० सालमा सांसद आशा वि.क. को संसद् कोषबाट प्राप्त सहयोग दुई लाख र अन्य रकम चन्दा सङ्कलन गरी निर्माण गरिएको कुरा त्यहाँ रहेको शिलालेखमा उल्लेख रहेको छ ।

गुम्बज शैलिमा निर्मित प्रज्ञा बौद्ध विहारको गर्भगृहमा उत्तर तर्फको भित्तासँग जोडेर बनाइएको आसनमाथि सिमेन्टद्वारा निर्मित करिब तीन फुट अग्लो कमलमाथि बसेका शाक्यमुनि बुद्धको प्रतिमा स्थापना गरिएको छ । ६ वर्षदेखि बौद्ध विहारमा बस्दै आएका कर्मबहादुर बुढा मगरका अनुसार विहारमा वर्षका अरु दिन फाट्टफुट्ट मात्रै मानिसहरु आउने गरेका र बुद्ध पूर्णिमाका दिन भने धेरै मानिसहरु जम्मा भई पूजाआजा गर्ने गर्छन् ।

# खजुराको सामाजिक इतिहास

सुरेशकुमार खत्री

**परिचय**

इतिहास कुनै शासक ठूला वडा शक्तिशालीको मात्र हुँदैनन् । यो दीन दुःखी सीमान्तकृत लगायत सामान्य मानिस समुदाय र वर्गको पनि हुन सक्छ । वीरताको गाथा गाउने, शासकको पक्षधर प्रशंसक र खुसामद् चढाउने उद्देश्यले वास्तविक, अवास्तविक, काल्पनिक तथा बढाइ गरी आउँदो पुस्ताहरूलाई जानकारी दिने गरिन्छ । यसरी ठूलाबडाको पराक्रमलाई अभिलेखीकरण गरिरहँदा हामी साधारण जनसमुदाय जसलाई मध्यम र निम्न वर्गले प्रतिनिधित्व गरिरहेको हुन्छ, त्यस्ता सीमान्तकृत समुदायको पहिचान जीवनशैली, जीवनस्तर सुधार्न गरिएका सङ्घर्षका कथाव्यथा ओभेलमा परी कसैको पनि ध्यान नजान सकिरहँदा आँउदा नयाँ पुस्ताहरूले आफ्ना पुर्खाहरूको सयौं हजारौं वर्ष पुरानो इतिहास बिर्सिएर आफ्ना समुदायका अग्रजहरूको सङ्घर्षशील नेतृत्व सिपबाट जोगाई राखेको अस्तित्वलाई मानव समाजको विकास क्रममा आजको यो आधुनिक युगसम्म ल्याइ पुऱ्याउन के कस्ता प्रयास भएका थिए, हुँदै छन् भनी दर्पणका रूपमा सुन्दर शान्त देश नेपालको लुम्बिनी प्रदेशमा पर्ने बाँके जिल्ला अन्तर्गत खजुरा गाउँपालिका साविकका गाँउ विकास समिति राधापुर, बागेश्वरी, सोनपुर, रनियापुर र उढरापुरभित्र बसोबास गर्ने विभिन्न जनजाति, वर्ग, धर्म, भूगोल र समुदायलाई प्रतिनिधित्व गर्ने गरी त्यी समुदायहरूको सामाजिक इतिहास तयार गर्ने, खोज अध्ययन अनुसन्धान बुढापाका, सचेत समाजसेवी, अगुवा, जेष्ठ नागरिकहरूको अनुभव, ज्ञान, स्मरणको आधारमा लिइएको अन्तर्वार्ता, शिलालेखलाई आधारशीला बनाई

यो सामाजिक इतिहासल लेख्ने प्रयास गरिएको छ । यस सामाजिक इतिहास अन्तर्गत खजुरा गाउँपालिकाभित्र बसोबास गर्ने विभिन्न समुदायहरूको शुरुको बसोबास, कला, संस्कृति, रीतिरिवाज, परम्परा, सामाजिक संरचना, समयको अन्तरालमा भएका सामाजिक परिर्वतन, आन्दोलन, पेसा, व्यवसाय, रोजगारी, आम्दानीका श्रोत, जीवनयापन जस्ता पक्षको अध्ययन गरिएको छ । नेपालको पुनर्संरचना अर्थात् सङ्घीयता कार्यान्वयन भएपछि बनेका सात प्रदेश अन्तर्गत बाँके जिल्लामा पर्ने आठ स्थानीय तहहरूमा एक उपमहानगरपालिका, एक नगरपालिका र छ ओटा गाउँपालिका मध्येको एक गाउँपालिका हो खजुरा गाउँपालिका । मिति २०७३ फागुन २७ गतेको निर्णयानुसार यस गाउँपालिकाको स्थापना भएको हो । पूर्वतर्फ जानकी गाउँपालिका, दक्षिणमा भारतको उत्तरी सिमाना, पश्चिमतर्फ माण्डव्य ऋषिको तपोभूमि मान नदी (बाँके, बर्दियाको सिमाना) र उत्तरतर्फ बैजनाथ गाउँपालिकाको माझमा अवस्थित यस खजुरा गाउँपालिका १०१.९१ वर्ग कि.मि. मा फैलिएको छ ।

## औचित्य

खजुराको सामाजिक इतिहास सङ्कलन र लेखन गर्नुको अपरिहार्य औचित्य देख्न सकिन्छ । हालसम्ममा कुनै पनि सङ्घ, संस्था वा व्यक्तिले खजुराको भरपर्दो, विश्वसनीय र पूर्ण इतिहास तयार नपारेको अवस्थामा वर्तमान् तथा भविष्यका पिँढीहरूका निम्ति अभिलेखका रूपमा तयार गर्नु यस सामाजिक इतिहास लेखनको औचित्य रहेको छ । यसका साथै प्रारम्भिक चरणका आधारशीला मानिने विभिन्न शिलालेख, ताम्रपत्र आदि नष्ट भएको हुँदा यसको इतिहास नै मेट्ने र बिर्सने गर्नु हुँदैन भनी यहाँको इतिहासलाई लिखित रूपमा जोगाई अभिलेखीकरण गर्नु यस

इतिहास लेखन कार्यको औचित्य ठानिएको छ । आजका दिनसम्ममा कोही कसैले औपचारिक ढङ्गबाट शोधमूलक अध्ययन र व्यवस्थित खोज नगरिएको यस अवस्थामा गरिएको यो अध्ययन तथा औचित्यपूर्ण रहेको भन्ने लेखकको ठम्याइ छ ।

## क्षेत्र र सीमा

खजुराको थारु र मधेसी सामाजिक इतिहास पाँच सय वर्षभन्दा पुरानो भए तापनि पहाडी समाजको इतिहास २०२२ देखि व्यवस्थित भएको तथ्याङ्क पाइन्छ । यसरी वि.सं. २०२२ देखि अगाडिका मधेसी समाजको इतिहासलाई अलग्गै अर्को अध्ययमा समावेश गरिएको छ भने पहाडबाट झरेका मानिसहरूको रहनसहन सामाजिक परम्परा यस अध्यायमा उल्लेख गरिएको छ ।

नेपाल पुनर्वास कम्पनीले वि. सं. २०२२ सालदेखि इजरायली मोडलमा बस्ती बसाएदेखि वर्तमानसम्मका घटना क्रमलाई यस अध्ययनमा समेट्ने प्रयास गरिएको छ । खजुरा इष्ट इन्डिया कम्पनीले तत्कालीन राणा प्रधानमन्त्री जङ्गबहादुर राणाले भारतको लखनउको क्रान्ति दबाउन आफ्ना २२ हजार गोर्खाली सेना पठाएर सहयोग गरेवापत अहिलेको ४ जिल्ला बाँके, बर्दिया, कैलाली र कञ्चनपुर फिर्ता पाई नयाँ मुलुक हुनुअघि खजुरा तत्कालीन भारतको बलरामपुर स्टेटको एक भाग भएको अनौंठो इतिहास हुँदा पनि यस तथ्यपूर्ण प्रसङ्गलाई यस अध्यायमा विस्तृत रूपमा समेटिएको छैन ।

## विधि

कुनै पनि विषयवस्तु वा शीर्षकमा खोज, अध्ययन, अनुसन्धान गर्न प्रभावकारी माध्यम तथा पद्धतिहरु अपनाउनु पर्ने हुन्छ ।

त्यसैगरी यस खजुरा गाउँपालिकाको सामाजिक इतिहास शीर्षकमा अध्ययन अनुसन्धान गरी तथ्याङ्क सङ्कलन गर्ने क्रममा निम्नलिखित अध्ययन पद्धतिलाई अवलम्बन गरिएको छ ।

**साक्षात्कार**

सयौं वर्ष अगाडिको खजुराको इतिहासको बारेमा जानकार, सचेत बुढापाका तथा जेष्ठ नागरिकका ज्ञान, स्मरण र खजुराको पहाडी समाजको वि.सं. २०२२ देखिको घटनाक्रमलाई यहाँका मानिसहरूको रहन सहन, रीतिरिवाज, संस्कृति र परम्पराको जानकारी र विभिन्न काल खण्डमा घटेका घटनाहरूलाई प्रत्यक्ष रूपमा देखे भोगेका बुढा बाआमाहरूलाई प्रत्यक्ष भेटी सोधपुछ तथा अन्य समाजसेवी, भु.पू. कर्मचारी तथा समाजका अगुवाहरूबाट सङ्कलित सूचना, जानकारी, ज्ञान र प्रश्नावलीका आधारमा यस खजुराको सामाजिक इतिहास तयार गर्ने जमर्को गरिएको छ ।

**अवलोकन, छलफल र मतावली**

खजुरा गाउँपालिका अन्तर्गत वडा नं. १ को सैनिकदेखि वडा नं. ८ को रनियापुरसम्मका विभिन्न ऐतिहासिक स्थलहरूमा पुगेर अवलोकन गरिएको छ । अवलोकनका क्रममा विभिन्न जानकार व्यक्तिहरूसँग बसी छलफल गर्दै उनीहरूको फरक फरक भनाइ र तथ्याङ्कलाई जुधाएर रूजु गरी बहुजनका साझा भनाई र ठम्याइलाई बलियो आधार मानी विभिन्न तिथि मिति र तथ्याङ्कलाई उल्लेख गरी यो सामाजिक इतिहास तयार गरिएको छ ।

**विषय प्रवेश**

पाकिस्तानका तत्कालीन प्रधानमन्त्री जुल्फीकर अलि भुट्टोले प्रजातन्त्रको वकालत गर्ने भएकाले त्यहाँका राष्ट्रपति जियाउल

हकको सैनिक सरकारले मिति २०३५ चैत्र २४ गते फाँसी दिएपछि यता नेपालमा पनि नेपाली विद्यार्थीहरूले त्यसको विरोध गरिरहँदा हिंसा भड्किएर २०३६ साल जेष्ठ ९ विद्यार्थी आन्दोलनले ऐतिहासिक रूप धारण गरेकोले अब पञ्चायती व्यवस्था नै ढाल्छन् कि भन्ने चिन्ताले ग्रस्त भएका चलाख राजा वीरेन्द्र वीरविक्रम शाहदेवबाट जनता भुलाउन हालकै पञ्चायती व्यवस्थालाई सुधारिएको बनाउने कि बहुदलीय शासन व्यवस्था रोज्ने भनी वि.सं २०३७ साल बैशाख २० गते जनमत सङ्ग्रहको निर्वाचन भएको थियो । चुनावमा सुधारिएको पञ्चायती व्यवस्थामा समर्थन गर्नेले पहेँलो र बहुदलीय शासन व्यवस्थाको समर्थन गर्नेहरूले निलो रङ्ग भएको मतपत्रमा मतदान गरेका थिए । खजुराको हकमा यहाँका जनताहरूमा राजनैतिक चेतनाको कमीको कारणले पनि बहुदलीय शासन व्यवस्थामा त्यति भरपर्दो विश्वास गर्ने आधार नबनेको हुँदा पुनः निर्दलीय व्यवस्था नै कायम रह्यो ।

सामाजिक रूपमा पछि परेका महिलाहरूमा जनचेतना जगाउन वि. सं. २०५१ सालमा सामाजिक जागरणको लागि आमा समूह बाँकेको गठन भएको थियो । यस आमा समूहका संस्थापक अध्यक्ष मनकुमारी ढकाल र सचिव चन्द्र बोगटीको सक्रियतामा यहाँका निरक्षर, घरेलु हिंसाबाट पीडित, अवसरबाट बञ्चित, अति बिपन्न, बेसहारा महिला दिदी बहिनीहरूको जनचेतना, साक्षरता, सशक्तीकरण र आत्मनिर्भर बनाउन आमा समूहले महत्त्वपूर्ण भूमिका खेलेको थियो भने यही अभियानसँग हातेमालो गर्ने उद्देश्यले वि. सं. ०५६ चैत्र २२ गते नेपालगञ्ज निवासी बैजन्ती सिंहको पहल र चन्द्रा बोगटीको अध्यक्षतामा कालिका टोल विकास गाउँ नगर साझेदारी कार्यक्रमले महिला दिदी बहिनीहरूलाई टोलटोलमा गई सङ्गठित गर्दै, प्रौढ शिक्षा, बाटो मर्मत, बिस्तार, सरसफाइ गर्न र आर्थिक

रूपमा मजबुत बनाउन बचत तथा लगानी गर्नमा उदाहरणीय भूमिका खेलेको थियो । त्यसै गरी खजुरा सांस्कृतिक र मौलिक परम्परालाई निरन्तरता दिन खजुरा बजारमा सुरूको बसाइदेखि नै समाजसेवी, अगुवा शिवराज श्रेष्ठको व्यवस्थापन र सञ्चालनमा नेवारी संस्कृति झल्कने लोकप्रिय लाखे नाच प्रत्येक वर्षको श्रीकृष्ण जन्माष्टमी र हरितालिका तिजका दिन नचाउने परम्परा, पश्चिम पहाडी क्षेत्रबाट बसाइँसराइ गरी आएकाहरूले मयूर नाच, गर्रा नाच, कुर्कुट्टी नाच आदि चाडपर्व, उत्सव, समारोहमा आयोजना गरिने भएकाले पनि यहाँका मानिसहरूको सामाजिक सांस्कृतिको परिचायक बनेको छ ।

## सैनिक गाउँ

उत्तर भारतको सिमानामा रहेको हालको सैनिक गाउँमा सयौं वर्ष पहिला थारु समुदायको बस्ती थियो । वर्षौसम्म पानी नपरेपछि सुक्खा र खडेरीले समस्याग्रस्त त्यो बस्ती थप सेवा सुविधाको खोजी र रोजी गर्ने क्रममा भारतीय सिमानाभित्र प्रवेश गरी त्यसैको आसपासमा गई बसेका थिए । सयौं वर्ष पुरानो बस्ती उठेपछि यस क्षेत्रमा रहेको बहुमुल्य सालका रूख भारतका तस्करहरूले चोरीनिकासी र सिकार अत्याधिक मात्रामा हुने गरेको सूचना राजा महेन्द्रलाई भएको यस पृष्ठभूमिमा अवकाश प्राप्त पहाडमा बस्ने भूतपूर्व सैनिकहरूको टोलीले तराईमा बसोबासका लागि जमिन माग गर्न भनी राजालाई बिन्ती भएपछि त्यस क्षेत्रको चोरी, निकासी, सिकारी र भारतीय पक्षबाट हुने भूमि अतिक्रमण रोक्ने उद्देश्यले भु.पू. सैनिकहरूलाई वि.सं. २०२३ सालमा राजा महेन्द्रको हुकुमी आदेशले भु.पू. सैनिकलाई आफनो पेन्सनपट्टा देखाई २५ पैसा तिरेर भु.पू. सैनिक सङ्गठनको सदस्यता लिएपछि प्रति

परिवारलाई साढेतीन बिगाहा (७ कठा) क्षेत्रफलको जग्गा वितरण गरियो र जङ्गल फँडानी गरियो । यस बसाइलाई व्यवस्थित गर्न भनी इजरायल राष्ट्रको सहयोगमा केही जर्मन इन्जिनियर प्राविधिक झिकाइयो । त्यसै बखत पूर्वपश्चिम हावा बढी लाग्ने हुँदा एउटा कुनै घरमा आगलागी भए अरु पूर्वपश्चिममा रहेका खरका घरमा सजिलै आगलागी हुन सक्ने खतरालाई ध्यानमा राखी उत्तरदक्षिण गरी तीनवटा ठाडो सिधा लाइनमा नक्साङ्कन गरी बस्ती बसाइयो । यसरी बस्तीको नामाकरण गर्ने सन्दर्भमा सैनिक गाउँको पश्चिमतर्फको लाइनमा भु.पू. सैनिक महावीर सिंह ठकुरी, त्यसैगरी पूर्व लाइन लक्ष्मीबहादुर थापा क्षेत्री र मध्य लाइनमा भु.पू. सैनिक चन्द्रबहादुर थापामगरको नेतृत्वमा बस्ती बसाइयो । यसरी नेतृत्वको आधारमा महावीर सिंह ठकुरीले नेतृत्व गरेको हुँदा उक्त लाइलाई वीरपुर, चन्द्रबहादुर थापाको नामबाट चन्द्रनगर र लक्ष्मीबहादुर थापा क्षेत्रीको नामबाट बहादुरपुर भनी नामाङ्न गरियो ।

यसरी सैनिक गाँउको बस्ती बसे लगत्तै २०२२ सालमै हालको कपास विकास समितिको कार्यालय रहेको ठाँउमा घना जङ्गल फडानी गरी आवादी बसाउने उद्देश्यले पुर्नवास कम्पनीको कार्यालय स्थापना गरी इजरायली मोडेलको नक्साङ्न गरी गाँउहरुको नामाङ्कन अग्रेजी वर्णको A,B,C,D,E,F,G,H र नेपाली वर्णको पहिलो अक्षर 'क' को आधारमा 'क' गाउँ भनी नामाङ्कन गरियो । प्रति परिवार ४ बिगाहाको दरले जग्गा प्लटिङ गरी वितरण गरियो । वर्णक्रमका आधारमा D तेस्रो भएता पनि पहिलो आवादी गाउँ बसाइएको 'डि' गाउँ नै हो । वर्मा देशबाट सन् १९६२ सालमा वर्मा देश छोडी नेपाल प्रवेश गरेको मध्य एक हिरालाल भट्राई हालको खजुरा बजारको पेराडी पुल नजिकै १६ नं प्लटमा बसोबास गर्दै आउनु भएको थियो । उहाँको अनुसार विकम सम्वत्

२०२३ सालमा त्यस 'डि' गाउँमा करिब ३०/४० घर बनाई मानिसहरु विभिन्न जिल्लाहरुबाट आई बसोबास गरेको बताउनु हुन्छ । त्यसपछि पुनः वि.सं. २०२७ सालमा पुनर्वास कम्पनीले बस्ती बसाउने क्रममा गौघाट आई पहिलो चरणमा २ बिगाहा जग्गा प्राप्त गरी बसोबास गर्नु भएको थियो भने पछि २०३१ सालमा थप २ बिगाहा प्लटका रुपमा अर्को स्थानमा उहाँ लगाएत अरूलाई पनि यसै गरी २ चरणमा जग्गा वितरण गरिएको थियो ।

पुनर्वास कम्पनीले बर्मा र मेघालयबाट लखेटिएका नेपाली प्रवासीहरूलाई व्यवस्थित गर्ने उद्देश्यले खजुराका 'डि' गाउँ र गौघाटमा पुनर्वास कम्पनीले घना जङ्गल फडानी गरी आवादी गर्न व्यवस्था मिलाए तापनि यस क्षेत्रमा सोच र योजना बनाए जति सङ्ख्यामा मानिसहरु नआएपछि पहाडी क्षेत्र दैलेख, सुर्खेत, जाजरकोट, सल्यान लगायतका मानिसहरु नेपालगञ्ज किनमेल गर्न भनी आएकालाई विभिन्न प्रलोभन देखाई बस्न आग्रह गरेको थियो । जग्गा माग आवेदन शुल्क मात्र रु. ५० पैसा र वि.सं. २०२२ सालमा स्थापित साझा सहकारी संस्थाको सेयर सदस्यता शुल्क रु. १ तिराएर पहिलो चरणमा २ बिगाहा र पछि २०३१ सालमा थप २ बिगाहा थप प्लटका रुपमा जग्गा वितरण गरेको थियो ।

पहाडमा प्रशस्त अन्न उत्पादन नहुनु त्यसमा पनि घरायसी दैनिक सामाग्री नुन, सुन, मट्टितेल, गरगहना, कार्चौ कपडा जस्ता अन्य अरु सामान किन्न मध्य पश्चिमको सदरमुकाम नेपालगञ्जसम्मको पैदल यात्रा तय गर्नुपर्दा समय लाग्ने र दुःख हुनेहुदाँ पहाडीहरु पाएसम्म नेपालगञ्जको सेरोफेरोमा बस्न रुचाउँथे । हाट भर्न नेपालगञ्ज आएको बेलामा २०२२ साल माघमा नेपाल पुनर्वास कम्पनीले त्यस्ता मानिसहरूलाई आकर्षित

गरी जङ्गल फडानी गरी जग्गा वितरण गरेको थियो । जङ्गल रहेको अवस्थामा कम्पनीद्वारा वितरित जग्गाको सिमा क्षेत्रफल चिन्न सजिलो होस् भन्ने उद्देश्यले केही सङ्केत बोट बुट्यान झाडीमा झुन्ड्याई राखिएको हुन्थ्यो । तिनै सङ्केतका आधारमा आआफनो नाममा परेका जग्गा भित्रको रूख, बोट बुट्यान झाडी काटेर सफा गर्नु पर्दथ्यो ।

बाक्लो जङ्गल फडानी गरी बस्ती बसाउनका लागि यहाँ आई बसोबास गर्ने मानिसहरूको दैनिक जीवन निर्वाह ज्यादै कष्टकर थियो । यही कठिनाई र अभावलाई मध्यनजर गरी पुनर्वास कम्पनीले बस्ती विस्तार, बाटोघाटो निर्माण गर्न जनश्रमदानलाई प्रोत्साहित गर्ने उद्देश्यले स्थानीय गाँउलेहरूलाई रासन वितरण गर्ने गर्दथ्यो भने कसैलाई थप काम जिम्मेवारी दिनु परेमा दैनिक २/३ रूपैयाँका दरले ज्याला वितरण गर्ने गर्दथ्यो । यही ज्याला मजदुरी नै आम्दानीको मुख्य स्रोत हुने गर्दथ्यो । एक व्यक्तिलाई मासिक १५ किलोको दरले मैदा, ५ डब्बा माछा, दुध, अण्डा, घिउ, चिनी वितरण गर्दथ्यो ।

बर्माबाट आएका प्रवासी नेपाली र पहाडबाट आएकालाई आर्कषण गर्नका लागि १८ महिनासम्म खाद्यान्न र हल गोरु कुटो कोदालो समेत वितरण गरेको थियो । सहकार्य गरी काम गर्ने बानी र संस्कार भएको बर्मेलीहरूले अलग गरी खेती किसानी गर्न नसक्ने भएपछि तत्कालीन पुनर्वास कप्पनीका प्रबन्धक  नारायण सिंह घिमिरेलाई कोअपरेटिभ भएर काम गर्न व्यवस्था मिलाइदिनु हुन भनी अनुरोध गरेपछि एक कोअपरेटिभ स्थापना गरी कामले तीव्रता पायो ।

कुनै पनि जग्गा खरिद बिक्रि गर्नु परेमा निश्चित तोकिएको पटवारीलाई नियमानुसार पैसा बुझाएपछि मात्र उसले खरिद गर्ने

मानिसको नाममा एक पटवारी कागज बनाइदिने गर्दथ्यो । त्यस बखत प्रमाणको रूपमा कागज पत्रमा क्षेत्र वा ठेगाना जनाउन तप्पे रजहट मौजापछि गाउँको नाम लेख्ने गरिन्थ्यो । करिब १०० वर्ष पहिला अहिलेको गोदहना र यसको सेरोफेरो छिमेकी गाँउहरु एक जना घोडे थारु भनेर चिनिने थारु जमिनदारको मौजा थियो । पछि यस पश्चिम क्षेत्रकै ठुला जमिनदार हरिहर उपाध्याय (हरिहर बाबु) ले घोडे थारुको मौजा सकारेका रहेछन् । उनीहरुको नाममा करिब ८४ मौजा जमिन थियो जुन ५२००० बिगाहा बराबर हुन्छ । त्यस बखत मौजा भन्नाले अहिलेको एक गाँउ बराबर बुझ्न सकिन्छ । उनको मौजा अर्न्तगत बाँकेको खजुरा लगायत नेपालगञ्ज र बर्दिया जिल्लाका बाँसगढी, बनघुसी जस्ता अरु धेरै क्षेत्रसम्म फैलिएको थियो । उनले आफ्नो मौजा भएका स्थानहरुसम्म आउने जाने गर्नका निम्ति यातायतको साधनका रुपमा उनको स्वामित्वमा धेरै हात्तीहरु प्रयोगमा ल्याउने गर्दथ्ये । त्यही हात्तीमा सवार गरी बाँके बर्दियामा यही खजुराको मुख्य कच्ची बाटो हुँदै ओहोर दोहोर गर्ने गर्दथे । राजा, राणा तथा उच्च तहका प्रधानपञ्च वा कर्मचारी मात्र नभई विक्रम संवत् २०१७ सालमा स्थापित खजुरा विमान स्थलमा विमान उडान गर्ने विमान चालकहरु सिकार खेल्न पनि हरिहर बाबुको हात्ती प्रयोगमा ल्याइन्थ्यो । यिनै हरिहर बाबुले राजा महेन्द्रको बर्दियामा सवारी हुँदा बर्दियाको भादा पूलबाट गुलरिया बजारसम्मको बाटोभरि सबै भागमा बस्त्र बिछ्याएका थिए । त्यसै बखत राजा महेन्द्रलाई आफूले नेपालका जनतालाई एक वर्ष पुरै खर्चमा पाल्न सक्छु भनेर हिम्मत दर्शाएका थिए । उनको जग्गा जमिन र सम्पत्ति अथाह थियो तर यस क्षेत्रमा विक्रम संवत् २०२२ सालमा भूमिसुधार ऐन लागु भएपछि अव्यवस्थित जग्गा जमिनको क्षेत्रफलको जग्गामा हदबन्दी लगाइयो

र हदबन्दी नियमानुसार एक व्यक्तिको नाममा बढीमा २८ बिगाहा उपभोग गर्न गराउन पाइन्थ्यो ।

## गौघाट, उढरापुर गाउँ

विक्रम संवत् २००२ सालमा प्युठान खलङ्गाबाट बसाइँसराई गरी बर्दिया जिल्लाको ................ मा बसोबास गर्दै आएका कृष्णमान श्रेष्ठपछि नेपालगञ्जको गडियनपुर र पछि खजुराको दक्षिणतर्फ गौघाट वि.स. २०२२ सालमा २८ बिगाहाको एक मौजा एक जना प्रहरी हवल्दारबाट एकमुष्ट रु ३५० मा सकारेका कृष्णमानले यस क्षेत्रमा बसी विस्तार गरी बाटो, सडक, विद्यालयको स्तर उन्नतिमा ठुलो भुमिका निर्वाह गरेको पाइन्छ । लामो समयावधिसम्म प्रहरी सेवामा जीवन बिताएका श्रेष्ठले २० सालमा अवकाश प्राप्त गरेपछि लगत्तै गौघाट आई बसोबास गरी सयौँ वर्ष पुरानो उढारापुर गाउँमा स्विकृति पाएको श्री भानु प्राथमिक विद्यालय व्यवस्थापन समितिको अध्यक्षको पदभार ग्रहण गरेपछि त्यस क्षेत्रमा शिक्षाको प्रभावले व्यापकता पाउन थालेको थियो । वि.स. २०१७ सालमा अनुमति पाए तापनि २०४४ सम्ममा विद्यालयको भवन निमार्ण भएको थिएन । पठन पाठनको काम रूखको छहारीमा हुने गर्दथ्यो । तत्कालीन प्रधानपञ्च कोइली खाँको ३० वर्षदेखि प्रधान भइरहँदा पनि त्यस विद्यालय बनेको थिएन । उनले स्थानीय जनता चनाखो र सचेत र शिक्षित भएको रूचाउँदैनथे । पढाउने शिक्षकहरूले तलब भत्ताका लागि हाजिरी मात्र गर्ने गर्दथे । तर यता सयौँ वर्षपछि वि.स. २०२७ सालमा बसेको गौघाट बस्तीमा भने सोही २०२७ सालमा योगिनी प्राथमिक विद्यालय स्थापना भएको थियो । धेरै वर्ष पहिले एक चमत्कारी योगिनी आई तपस्या गरेको ठाउँलाई योगिनी माईको स्मरणमा स्थानीय जमिनदार

मङ्गल शाहले पूजा गर्ने स्थान थियो । यिनै योगीनी माई स्थानीय अवधी भाषी गाउँलेहरूले योगिनी भन्दा भन्दा अपभ्रंश हुँदै हुँदै जोगिनी माई र कसैले जुगनिया माई पनि भन्ने गर्छन् अहिले त्यहाँका स्थानिय बासिन्दाहरु ।

**गिजरा**

गिजरा कुनै एकजना थारु जमिनदारको मौजा थियो । प्रत्येक वर्षको जेष्ठ महिनामा सरकारी जग्गाको पोत तिर्न नसकेपछि उक्त जग्गा लिलाम गरिएको थियो । लिलाम भएपछि उक्त मौजा अधिवक्ता बबरूबहान खत्रीका पिता टोपबहादुर काजीले लिएका थिए । उनी धवल शमशेरका पिता कैलाश शमशेरको महाकाली मिलमा प्रबन्धकको जागिर गर्ने गर्थे । टोपबहादुर काजीले ठुलो कारोबार र खेतीपातीमा पनि लगानी गर्दथे । व्यापार व्यवसाय तथा उनको साथमा रहेको ट्रयाक्टरहरु मर्मत गर्न भनी टण्डनसँग पटक पटक पैसा सापट तथा ऋण लिने गर्दथे । लिएको ऋण घटाउनको सट्टा उल्टो थपिँदै गई करिब ८० हजार ऋण टण्डनलाई तिर्न नसकी आफ्नो त्यो गिजरा मौजा टण्डनलाई बुझाएपछि बेलभार नजिकै शिवपुरी गई बसोवास गरेका थिए । टण्डनले ५०० बिगाहा क्षेत्रफलको मौजा लिएपछि विभिन्न विकासका काम सुरू गरे । यस क्रममा ५०० बिगाहा बाहेकको बढी जग्गामा खाडसरी मिल स्थापना गर्ने अनुमति सरकारबाट लिएको थियो । खाडसरी चिनी मिल स्थापनापछि त्यस क्षेत्रमा उखु खेती व्यापक मात्रामा गर्ने थालियो । उखु खेती जोगाउनु टण्डनका लागि ठुलो चुनौती थियो । उखु चोरीबाट जोगाउन भनी विभिन्न बलिया, दादा मानिसहरूलाई नियुक्त गरिन्थ्यो । यसरी बलिया र दादा चौकीदार भारतबाट पनि झिकाइन्थ्यो । यति गर्दा पनि उखु जोगाउन

टण्डनलाई धेरै गाह्रो परिरहेको अवस्थामा उखु उत्पादनमा टण्डन केही निराश भएका थिए । उखु लगाउने केही जमिनमा उनले तोरी खेतीलाई बढावा दिएका थिए । फलस्वरूप चिनी उत्पादनमा कमी आएपछि खाडसरी मिल बन्द गर्न भनी तत्कालीन काङ्ग्रेसको सरकारले वि.स. २०५० सालमा उक्त जग्गा टण्डनबाट फिर्ता लिई सरकारीकरण गऱ्यो । यसरी खाडसरी चिनी मिल बन्द हुन पुग्यो । २०६२ मा खाडसरी मिलको फलाम काटरी ६२ वटा ट्रयाक्टर भरेर भारत मिहीपुरसम्म पनि पुऱ्याएका थिए तर केही ट्रयाक्टर मिलका सामानसहित मिहीपुरमा पनि पक्राउ परेका थिए । खाडसरी मिल २०४१ सालमा दर्ता भएको र २०५३ साल सम्ममा सञ्चालनमा आएको थियो । तर २०६१/६२ सम्ममा टण्डनले साम, दाम, दण्ड, भेद जस्ता अनेक प्रयास र आफूले जोतभोग र पोत सरकारलाई तिर्दै आए तापनि सुकुम्बासीहरूलाई हटाउन असफल भएपछि यस ठाउँ छोडेका थिए । दैलेख निवासी भारतीय सेनाको जागिर छोडी बाँके जिल्ला आएका खगेन्द्रजङ शाही वि.स. २०४७ बैशाख ४ गतेबाट मान नदी नजिकै सिमलघारी गिजरामा आई बसाइँ सुरू गरेका थिए तर बर्दिया जिल्लाको राजापुरबाट २५/३० जना कण्ठापुर, मैनापोखर, सोरहवा, बढैयाताल र बाँकेका झिँगौरा, थपुवाबाट करिब १०० भन्दा बढी थारु समुदायका मानिसहरु जग्गा ओगट्न आएका थिए ।

२०५५ मा फेरि विस्थापित भएका सुकुम्बासीहरूलाई खगेन्द्रजङ शाहीको नेतृत्वमा करिब २०० परिवार झुपडी बनाई बस्ने कामलाई निरन्तरता दिने क्रममा पहाडी र स्थानीय मानिसहरु २०५८ सालदेखि माओवादीको कार्यकर्ताहरु विभिन्न जिल्लाहरूबाट आई जमिन ओगट्ने क्रम बढेको थियो भने २०५४ सालदेखि जो जति बसे ती बासिन्दाहरु आजसम्म कसैलाई पनि सरकार पक्ष तथा

जग्गा धनी टण्डनले पनि बल प्रयोग गरी विस्थापित गर्ने हिम्मत गरेका छैनन् । हाल यस गिजरा गाउँमा वास्तविक सुकुम्बासीहरूले आफ्नो नाममा जग्गा दर्ता नभए पनि अरूलाई नयाँ मानिसलाई बेची यो ठाउँ छोडी अन्यत्र गइसकेका छन् । टण्डनको नाममा रहेको यो जग्गा टण्डनले बैंकमा धितो राखी जग्गाको मूल्याङ्कन भन्दा बढी ऋण लिई सकेको हुनाले पनि टण्डन परिवारले यस जग्गाप्रति कुनै चासो नदेखाए जस्तो लाग्छ  भने यता सरकारी बैंकले पनि जग्गाको लालपुर्जा आफ्नो नियन्त्रणमा भए तापनि जग्गा खाली गराई फिर्ता लिन सकेको छैन । त्यसैले यो जग्गा पनि ज्यादै विवादास्पद रहेको छ ।

**औद्योगिक ग्राम**

भूमिसुधार ऐन लागु भएपछि जमिनदारहरूले जोतपोत गरेको जग्गामा हदबन्दी लाग्दा प्रति व्यक्तिले बढीमा २८ बिगाहा मात्र जोतभोग गर्न पाउने कानूनी व्यवस्था भयो । पछि सूर्यलाल शाहको नाममा भएको ४५० बिगाहा भन्दा बढी भएको जमिन उनका छोरा मङ्गल शाह अर्का छोरा शिवशङ्कर छोरी मुन्नीदेवी बैनी मुन्नादेवी लगायत अन्य परिवारका सदस्यहरूमा जग्गा बाँडफाँड गरिएको थियो ।

छोरी मुन्नीदेवीको विवाह नगरी कुमारी बसेकी हुँदा उनीपछिको हकवाला कोही पनि थिएनन् । यस जमिनका लागि एकजना व्यक्तिले मुद्दा दर्ता गरी लडेका थिए । मुद्दा उनको पक्षमा आएपछि उनको नाममा ६ बिगाहा र बाँकी जमिन सरकारीकरण गरिएको थियो । यही २२ बिगाहा जग्गामा औद्योगिक ग्राम बनाउने भनी खजुरा गाउँपालिकाको प्रथम अध्यक्ष किस्मतकुमार कक्षपतिको कार्यकाल र उनकै नेतृत्वमा DPR गरी सो क्षेत्रफलमा जोतभोग

गरी यस औद्योगिक ग्राम क्षेत्रमा सुकुम्बासीका नाममा टहरो बनाई बसेका हुकुमबासीहरूलाई जबरजस्ती हटाई यस क्षेत्रमा तारबार लगाई DPR गरी सुरक्षित गरिएको थियो । तर खजुरा गाउँपालिकाको स्थानीय निर्वाचनलाई लक्षित गरी त्यहाँका केही राजनीतिक अगुवाहरूको आड र नेतृत्वमा पुन : त्यहाँका तारबार र फलामे खम्बा चोरी निकासी भए । हाल यो क्षेत्रमा रहेको योजना ज्यादै नै विवादस्पद रहेको छ ।

**गोदहना सुनवर्षा**

भूमिसुधार लागु तथा नेपाल पुनर्वास कम्पनी स्थापनाअघि कुनै पनि व्यक्तिहरूको नागरिता, जन्म मिति तथा परिचय खुल्ने कुनै त्यस्तो आधिकारिक कागज पत्र हुदैन्थ्यो । त्यसताका भूमि व्यवस्थापनका लागि श्रेस्ता राख्ने काम पटवारीलाई जिम्मा लगाइन्थ्यो । एक जमिनदारले ४००/५०० बिगाहा ओगट्ने गरी एक मौजा हुने गर्दथ्यो । जमिनदार तथा जो कोहीले पनि आफूले ओगटेको जमिन जङ्गलको प्रत्येक वर्षको जेष्ठ मसान्त भित्रमा पोत बुझाउने पर्ने हुन्थ्यो । यदि ३५ दिनको म्याद नाघेमा लिलामी हुने गर्दथ्यो । अरु कोहीले सकारेमा त्यस व्यक्तिको नाममा लिनेको नाम बनाई पुर्जी उपरान्त तपाईकै यो जग्गा गुलजार आवास बस्ती बसाई भोग चलन गर्नू भनी नामसारी गरिन्थ्यो । यसरी ४०० बिगाहाको मौजामा मुस्किलले ४/५ घर परिवारले जोतभोग गर्ने गर्दथे । जमिनदारले लिएको जग्गामा जमिनदारले आवास गुलजार गर्न रहि रसाई बस्ती बसाई गरी गुलजार गरी खानू भनी जग्गा जिम्मा लागाइन्थ्यो तर बस्ती बसाउन मानिसहरु पाइदैन्थ्यो । यस्तो अवस्थामा विभिन्न पहाडीलाई, दाङबाट थारुहरूलाई विभिन्न प्रलोभन देखाई बस्ती बसाउने प्रयास पनि गर्ने गरिन्थ्यो । सुरुमा

जमिनदारहरूले कडाइका साथ पोत बुझाउने गर्दथे तर पछि पोत तिर्ने र बस्ती बसाई गर्न बेवास्ता हुँदा नेपाल सरकार बिर्ता उन्मूलन गर्न भनी फेरि २०२२ सालमा भूमि सुधार ऐन लागु गरी यस क्षेत्रमा आई बसोबास गर्ने जनताहरूलाई वि.स. २०२७ सालमा नेपाल पुनर्वास कम्पनीले पहाडबाट बसाइँसराइ आउने प्रतिव्यक्तिलाई ४ बिगाहाको प्लट बनाउँदै १०१ प्लट वितरण गरेको थियो । सीमित जमिनदारले बस्ती गुलजार गर्न भनी बढीजसो थारु समुदायको मानिसहरूलाई उनीहरूको आर्थिक तथा दैनिक आवश्यकता पूरा गर्ने सर्तमा कमैया हलियाको रूपमा आ^नो मौजाहरु ओगट्ने गर्दथे ।

**खजुरा बजार**

२०१७ सालमा हालको खजुरा बजारमा एयरपोर्ट स्थापना भएपछि पुनर्वास कम्पनीले ४ बिगाहाको दरले वितरण गरेका बासिन्दाहरूलाई खजुरा बजारमा जग्गा खरिद गर्न नपाउने प्रावधान बनाइयो । यसो गर्नुको कारण गाउँ छोडी जङ्गल फडानी र आवादी नहुने हो कि भनी बाहिर अन्य जिल्लाका नयाँ मानिसहरूलाई प्रतिकट्ठा रू. ३६५ का दरले बिक्रि वितरण गरेको पाइन्छ । त्यसताका पुनर्वास कम्पनीका प्रथम प्रबन्धक शशीदत्त पन्तले खजुरामा बस्ती बसाएका थिए ।

बर्दियाको मैनापोखरमा मौजा भएका सुरेन्द्र सिंह राणाको ट्याक्सी र स्थानीय लोकमान खत्री र भानुभक्त भट्टराईका टाँगाहरु जमुनाहा नेपालगञ्जदेखि खजुरा विमान स्थलसम्म यातायातको साधनको रूपमा बिहान सबेरैदेखि रातिसम्म प्रयोग हुने गर्दथे । वि.स. २०३४ सालदेखि खजुरामा रामराज घिमिरे पोखराबाट, बाल गोविन्द श्रेष्ठ स्याङ्जाबाट, रामचन्द्र बोगटी चितवनबाट आई

पसलहरू बाटोको छेउमा राखी सुरू गरेका थिए । विमान स्थलको छेउ छाउमा केही साना होटलहरू सञ्चालनमा थिए । होटल व्यवसायी मध्ये पोखराबाट बसाइँसराइ गरेका अमिन मियाँ हुनुहुन्थ्यो । त्यसपछि लगत्तै खजुराको सहरीकरणको लागि आउन थाले । पुनर्वास कम्पनीका शशीदत्त पन्तको नेतृत्वमा प्रतिपरिवारलाई दुई काको रू. ३६८ का दरले वितरण गरिएको थियो । पुनर्वास कम्पनीद्वारा ४ बिगाहाको प्लट पाउनेहरूका लागि नाममा फेरि खजुरा बजार लाइनमा खरिद गर्न रोक लगाइएको थियो । त्यस्ता इच्छुक यक्तिहरूले खरिद गर्नु परेमा अरू कसैको नामबाट खरिद गरेका थिए ।

कोहलपुर, बाँसगढी, मैनापोखरभन्दा पुरानो खजुरा बजार गल्ला खरिद बिक्रीका लागि बाँके बर्दियाको केन्द्रविन्दुको रूपमा स्थापित थियो । विमान स्थल खजुरामा रहुञ्जेल व्यापार व्यवसाय सबै राम्रै थियो तर २०३७ सालमा विविध कारणबस खजुरा एयरपोर्ट राँझामा सरेपछि एकएक गरी यहाँका व्यापारी, व्यवसायी तथा अन्य बासिन्दाहरू खजुरा छोडेर नेपालगञ्ज राँझा, कोहलपुर, बाँसगढी, बुटवल, चितवन, काठमाण्डौ लगायत अन्य स्थानमा बसाइ सरेका थिए ।

वि.स. २०३७ सालसम्ममा यस क्षेत्रका जनताहरूमा राजनीतिक चेतना त्यति राम्रो थिएन । जसको फलस्वरूप वि.स. २०३७ सालमा विमानस्थल नेपालगञ्जको राँझामा सरेको थियो । विमानस्थल सर्नबाट रोक्न त्यहाँका स्थानीय अगुवाहरूको भूमिका निष्कृय रहेको थियो ।

नजिकैको गाउँ बठवा, रझनवा, रनियापुर, उढरापुरका अगुवाहरू झनै एयरपोर्ट सरिदिए हुन्थ्यो भन्ने मानसिकतामा रहेका पुराना बासिन्दाको भूमिका पनि निष्कृय थियो । विशेष गरी नेपालगञ्ज

सहरलाई केन्द्रिकृत गरी यस सहरको नजिकैको अग्लो जमिनको सतह र प्रशस्त २० बिगाहाभन्दा बढी खाली सरकारी जमिन खजुरामा भेटिएपछि वि.सं. २०१७ सालमा स्थापित यस खजुरा विमानस्थलबाट हवाई उडान सुरू गरेको थियो । खजुरामा विमानस्थलको कारणले गर्दा व्यापारिक चहलपहल बढ्न गएको थियो । यहाँका आधाभन्दा बढी आकर्षणको बजार बनिरहँदा यहाँ बाँके बर्दियाका किसान र साना गल्ला व्यापारिका लागि धान, मकै, गहुँ, मसुरो, अरहर लगायत अन्य गल्ला किनबेचको केन्द्र पनि थियो । विमानस्थल सरिसकेपछि यहाँका आधाभन्दा बढी जसो जनसङ्ख्याका मानिसहरु विभिन्न विकसित तथा विकास उन्मुख सहर बजारमा बसाइँ सर्ने कम रहिरह्यो तर गल्ला खरिद बिक्रीले अडिएको यहाँको व्यापार व्यवसायलाई फेरि पनि खजुराका छेउछाउका बजार जस्तै : बाँसगढी, कोहलपुर, रिमझिम बजार विकसित सहर हुनु र खजुरा बजारमा नयाँ ठुला व्यापारीहरु नभित्रिनुले फेरिपनि यहाँको व्यापार व्यवसायमा गिरावट आएको थियो । यसरी विकासको पथमा रुमलिएको यो बजारमा यहाँका व्यापारी व्यवसाय, समाजसेवी, भद्रभलादमीहरुको समूहले के कसरी यो ठाउँको विकास गर्न सकिन्छ भनी विभिन्न प्रयास गर्ने क्रममा हामी सबै हिन्दु धर्मावलम्बीहरुको आस्थाको केन्द्र श्री लक्ष्मीनारायण भगवानको मन्दिरको स्थापना भएको थियो र यसै मन्दिरको आगनमा बैठक बसी ज्ञानोदय प्राथमिक विद्यालयको स्थापना, खजुरा खानेपानी तथा सरसफाइ उपभोक्ता समिति गठन गरी शुद्ध पिउने पानी वितरण गरिएको थियो ।

यसका साथै जनजागरण समाजको स्थापना लगायत विभिन्न निजी विद्यालयहरुले गुणस्तरीय शिक्षा प्रदानमा विशेष महत्वपूर्ण भूमिका खेल्दा यस बजारमा केही मात्रामा चहलपहल बढ्न

थालेको थियो । यसै बिचमा एक हिन्दु धर्मका आध्यात्मिक तथा विकासप्रेमी सन्त दीनदयाल गुरूजी महाराजजीको खजुरा बजार आगमनसँगै क्यान्सर अस्पतालको अवधारणा बोकी भारतको हरिद्वार निवासी स्वामी महामण्डलेश्वर १००८ स्वामी प्रखरजी महाराजलाई सन्तश्री दीनदयालजी महाराजको सक्रिय पहल र निमन्त्रणा गरिएको थियो । स्वामी श्री प्रखरजी महाराजको आगमनसँगै उहाँको करकमलबाट वैदिक विधि विधान अनुसार मिति २०६३ साल बैशाख १७ गतेको शुभसाइतमा, बडो हर्ष र उमङ्गका साथ अस्पतालको शिलान्यास भए पश्चात् प्रखरजी महाराजले उपलब्ध गराउनु भएको अस्पतालको तत्कालीन मास्टर प्लान अनुसार १०० शैयाको अस्पताल निर्माण गर्ने उद्देश्यका साथ यस खजुरा क्षेत्रमा २०६१ सालमा प्रखर परोपकार मिशन नेपाल नामक संस्था स्थापना गरिएको हो । मिति २०६२/७/३ गतेका दिन श्री लक्ष्मीनारायण मन्दिर परिसरमा लक्ष्मीनारायण मन्दिर समितिका तत्कालीन अध्यक्ष श्री रामचन्द्र बोगटीज्यूको सक्रिय पहलमा २६२ जना समाजका प्रतिष्ठित व्यक्तित्वहरूको उपस्थितीमा उपस्थित जेष्ठ व्यक्तित्व श्री सुशीलप्रसाद श्रेष्ठज्यूको अध्यक्षतामा बैठक बसी खजुरा क्षेत्रमा सामुदायिक अस्पताल स्थापना र सञ्चालन गर्नेबारे व्यापक छलफल भए पश्चात् पुनः मिति २०६२/७/५ गतेका दिन श्री सुशीलप्रसाद श्रेष्ठज्यूको अध्यक्षतामा बैठक बसी सन्त श्री दिनदयाल जी महाराजको संरक्षकत्वमा श्री किस्मतकुमार कक्षपतिज्यूको अध्यक्षतामा एक तदर्थ समिति गठन गरियो ।

**प्रखर परोपकार मिसन नेपाल**

दीनदुखी र सर्वसाधारण जनताको स्वास्थ्य र शिक्षाका लागि खजुरा क्षेत्रका उद्योगी, व्यापारी, शिक्षक, कर्मचारी, स्थानीय

सर्वसाधारण जनताहरूले आफ्नै श्रम, पसिना र मेहनतमा अस्पताल निर्माण गरी गैह्रराजनीतिक, मुनाफारहित ढङ्गले अस्पताल सञ्चालन गर्ने र समुदायलाई अत्यन्त न्यून सेवाशुल्कमा स्वास्थ्य सेवा, शिक्षा उपलब्ध गराउने तथा आध्यात्मिक ज्ञान र दर्शन मार्फत भौतिक निर्माण गर्ने एक परोपकारी संस्था हो प्रखर परोपकार मिसन नेपाल । सन्त श्री दिनदयाल जी महाराजको सङ्कल्प र यस प्रखर परोपकार मिसन नेपाल कार्य समितिको परिकल्पनालाई कार्यान्वयन गर्दै जाने क्रममा स्थानीयवासीहरूसँगको पटक पटकको छलफल र अन्तरक्रिया पश्चात् बाँके र बर्दिया जिल्लाका जनताहरूलाई पायक पर्ने उपयुक्त स्थानको खोजी गर्ने क्रममा जिल्ला बाँके सोनपुर गा.वि.स. वडा नं. ४ स्थित पुरानो विमानस्थल रहेको स्थानमा एक सुविधा सम्पन्न क्यान्सर अस्पताल स्थापना गरी परोपकारी भावनाले न्यूनतम शुल्कमा स्वास्थ्य सेवा प्रदान गर्नु नै मिसनको प्रमुख लक्ष्य रहेको थियो ।

## अस्पताल निर्माण कार्यको आर्थिक स्रोत सङ्कलनको लागि श्रीमद् भागवत महायज्ञ

अस्पताल शिलान्याससम्म आइपुग्दा यस समितिसँग आर्थिक स्रोतको खास माध्यम केही थिएन तर समितिको लक्ष्य भने सामुदायिक क्यान्सर अस्पताल निर्माण र सञ्चालन गर्नु थियो । तसर्थ समितिको काँधमा आर्थिक स्रोत कहाँबाट र कसरी जुटाउने भन्नेबारे समितिको बैठकमा पटक पटक छलफल गर्दा आर्थिक सङ्कलनको लागि एक बृहत् महायज्ञ सम्पन्न गर्ने उद्देश्य अनुरूप मिति २०६५ साल माघ ११ गतेदेखि १८ गतेसम्म महायज्ञ गर्ने निर्णय भए बमोजिम श्री केदारलाल श्रेष्ठज्यूको संयोजकत्व र श्री राजेन्द्रप्रसाद उपाध्यायज्यूको सहसंयोजकत्वमा ५००१ को एक

महायज्ञ सम्पन्न मूल समिति र विभिन्न उपसमितिहरु गठन गरी तत्कालीन संविधान सभाका उपाध्यक्ष श्री पूर्णकुमारी सुवेदीज्यूबाट महायज्ञको समुद्‌घाटन र वाचन शिरोमणि दिनबन्धु पोखरेलज्यूबाट कथा वाचन गरी मध्य तथा सुदूर पश्चिमाञ्चलमा नै पहिलो पटक भव्य र सभ्यका साथ महायज्ञ सम्पन्न गरी क्यान्सर अस्पताल निर्माणार्थ रू.. ५ करोड भन्दा बढी रकम सङ्कलन गर्‍यो ।

सोनपुर - ४, खजुरा बाँकेमा निर्माणाधीन समुदायिक नेपाल क्यान्सर अस्पताल पश्चिम नेपालकै पहिलो क्यान्सर अस्पताल हो । तसर्थ उक्त अस्पताल स्थापना, सञ्चालन तथा व्यवस्थापन गरी के कसरी मध्य तथा सुदूर पश्चिमाञ्चल क्षेत्रका जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सकिन्छ भनी तत्कालीन संविधान सभाका उपाध्यक्ष पूर्णकुमारी सुवेदीज्यू लगायत मध्य तथा सुदूर पश्चिमाञ्चलका ७६ जना सभासदहरु सहित काठमाडौँको एभरेष्ट होटलमा अन्तरक्रिया कार्यक्रम समेत सम्पन्न गरियो । फलतः यस क्षेत्रका अधिकांश संविधान सभाका माननीय सभासदहरूको हस्ताक्षर सहित प्रखर मिसन क्यान्सर अस्पतालको नाम परिवर्तनका लागि मध्यपश्चिम क्यान्सर अस्पताल, नेपालगञ्ज क्यान्सर अस्पताल, खजुरा क्यान्सर अस्पताल, नेपाल क्यान्सर अस्पताल मध्ये एक नाम राख्ने गरी नाम प्रस्ताव गरी पठाइएकोमा प्रखर परोपकार मिसन नेपालको पूर्ण बैठकद्वारा प्रखर परोपकर मिसन नेपालद्वारा प्रस्तावित नेपाल क्यान्सर अस्पताल नामाकरण गरियो ।

विभिन्न उतारचढावका बिच मिति २०६५/१०/११ गतेदेखि १८ गतेसम्म वाचन प्रवीण श्री दीनबन्धु पोखरेलज्यूद्वारा अस्पताल निर्माण सहयोगार्थ धनधान्याञ्चल ज्ञान महायज्ञ भव्य र सभ्यका साथ सु-सम्पन्न गरियो । जसबाट रू. ५ करोड भन्दाबढी नगद तथा जिन्सी सहयोग प्राप्त भयो । महायज्ञबाट उठेको रकमले

भवन निर्माण कार्य अगाडि बढाउने समितिको निर्णयानुसार अमानती प्रकृयाद्वारा ११४१३ इस्क्वायर फिटमा ओ.पी.डी. भवन निर्माण कार्यको थालनी गरियो । अस्पताल निर्माण सहयोगार्थ सङ्कलन भएको रकमले मात्र अस्पतालको निर्माण कार्य पूरा नहुने भएकोले निर्माण कार्य सम्पन्न गरी अस्पताल सञ्चालनका लागि यस समितिको निर्णयानुसार आ.व. ०६७/०६८ मा नेपाल सरकार अर्थ मन्त्रालय र स्वास्थ्य मन्त्रालयसँग रकम उपलब्ध गराइदिनका लागि माग गरिएकोमा सो आ.व. देखि हालसम्म नेपाल क्यान्सर अस्पताल निर्माण कार्यका लागि नेपाल सरकार स्वास्थ्य मन्त्रालयबाट रू. २७ करोड अनुदान सहयोग प्राप्त भै सकेको अवस्था छ ।

सन् १८८२ देखि बस्दै आएका थारु समुदाय तथा त्यसपछि भारतको अवध प्रान्तको राजधानी मानिने बलरामपुरको राजा दिग्विजय सिंहले बागेश्वरी मन्दिरलाई कर्मोनहा मौजा चढाएको इतिहासको आधारमा पनि भन्न सक्छौं कि अहिलेको खजुरा सुगौली सन्धिपछि नयाँ मुलुक हुनुभन्दा अगाडि बलरामपुरमा पर्दथ्यो । बाँके, बर्दिया, कैलाली, कञ्चनपुर जसलाई हामी नयाँ मुलुक भनेर पनि चिन्ने गर्छौं । भारतमा इष्ट इन्डिया कम्पनी सरकारले शासन जमाउने क्रममा भारतीय जनता सङ्गठित भई व्यापक जनविद्रोह भएको थियो । उक्त जनविद्रोहलाई नियन्त्रणमा लिन कम्पनी सरकारले नेपालका तत्कालीन प्रधानमन्त्री जंगबहादुर राणालाई नेपाली बहादुर गोर्खाली सेना पठाई सहयोग गरिदिन आग्रह गरेपछि जंगबहादुर राणाले आफ्ना २२ हजार सेना पठाएर सहयोग गरेका थिए । नेपालको यो सहयोग पाएपछि भारतीय जनक्रान्ति असफल भएको थियो । त्यही सहयोगको गुण मानेर उनलाई यी नयाँ मुलुक मानिने बाँके, बर्दिया, कैलाली, कञ्चनपरलाई उपहार स्वरूप प्रदान गरिएको भन्ने इतिहासमा पाइन्छ । यी नयाँ

मुलुक नेपालको सिमानाभित्र गाभिनुभन्दा पहिला भारतको अवध प्रान्तको राजधानी बलरामपुर थियो ।

## बठवा गाउँ

किम्बदन्ती अनुसार यहाँ सुरूमा भारतको राजधानी दिल्लीका ऐतिहासिक राजा पृथ्वी चौहानका खानदान मानिसहरु यू.पी. का हाल सरावस्ती जिल्ला चर गंहवा गाँउ आए र त्यहाँ बसोबास गरे । त्यहीबाट लगभग ३०० वर्ष अगाडि हाल खजुरा गाउँपालिका वाड नं. ७ खजुरा एयर पोर्टको उत्तरतिर बसोबास गरेका थिए । तिनीहरु आपसमा मिलेर बस्थे । तिनीहरुमा शिक्षाको अभाव थियो र उनीको पहिरन धोती सलोका थियो । त्यो बस्तीको नाम काला बन्जर राखे । त्यहाँ चोर डाँकाले परिशान गर्दा तिनीहरुलाई धेरै दुख भोग्नु पर्दथ्यो । त्यहाँ एउटा बगैंचा थियो, त्यो बगैंचामा एउटा इनार थियो, त्यो इनारमा (कुवामा) वि.स. १८०५ लेखेको थियो । त्यो बगैंचामा कपडा र अर्कै खालको चेप्टो ईँटा थियो । त्यस बगैचामा कुनै मुखियाको घर थियो । त्यसपछि आज बसेको बठवाको पूर्वमा डिडडिहवा भन्ने ठाँउमा आई बसोबास गरे । यतिबेला बाठे भन्ने थारु जमिनदार थियो । त्यो जमिनदारकै नामबाट बठवा भन्ने गाउँको नाम राखियो । दिहवाबाट तेस्रो पटक मानिसहरु आज भएको बठवा गाउँमा बसोबास गरे । त्यतिबेला गाउँमा पढे लेखेका कोही पनि थिएनन् । समय बित्दै गयो, जमिनदारहरुको जमिनदारी प्रथा थियो । जमिनदारहरु आफूलाई सर्वेसर्वा ठान्दथे । विस्तारै राज्य प्रथा आयो र बठवा गाउँमा बसोबास गर्ने एक जना करमैत खाँले आफ्नो कान्छो छोरा जंगबहादुर खाँलाई भारतको नासिरगञ्जमा पढ्न पठाए र जंगबहादुर खाँले कक्षा ७ पास गरेर आए । त्यसपछि पढाइ लेखाइको

प्रचारप्रसार विस्तारै भयो । यस गाउँमा हिन्दु, मुस्लिम समुदायहरूमा राम्रो समझदारी, मेलमिलाप र धार्मिक सहिष्णुताको भावना भएको पाइन्थ्यो । त्यतिबेला चुनावमा निर्वाचित करमैत खाँ पञ्च बने । गाउँमा कुनै झैझगडा विवाद भएमा पञ्चले न्यायिक फैसला गर्दथे ।

## निष्कर्ष

खजुराको इतिहासलाई फर्केर हेर्दा यस क्षेत्रको प्राचीन ज्ञान, शोधका आधारमा करिब १५० वर्षदेखि यताको मानव बसाइँको प्रसङ्गलाई अध्ययन गर्न सके तापनि यहाँको पहाडी समुदायलाई नेपाल पुनर्वास कम्पनी वि.सं. २०२२ सालदेखि व्यवस्थित बस्ती बसाएदेखिको समाजिक परिवेशलाई अध्ययन गरी यस सामाजिक इतिहास सङ्कलन तथा लेखनको कार्य गरिएको छ । मधेसी समाजको करिब ५०० वर्ष पुरानो इतिहास भए तापनि चेतना, ज्ञान, शिक्षाको अभावमा यहाँका मधेसी समाजमा अपेक्षाकृत सुधार आउन सकेको थिएन भने वि.स. २००७ सालमा स्थापति खजुराको विमान स्थललाई केन्द्रविन्दु बनाएर यसका वरपरका गाउँहरू वि.स. २०२२ सालदेखि नेपाल पुनर्वास कम्पनीले इजरायली मोडलमा बसाइँ व्यवस्थापन गरेको पाइन्छ । यस क्षेत्रको कालखण्डलाई नियालेर अध्ययन गर्दा यहाँको मधेसी तथा थारू समाज परिवर्तन हुने क्रममा दास प्रथा, कमैया प्रथा, हलिया प्रथाको निर्मूल, जनआन्दोलन, महिला सशक्तीकरण, शिक्षाको प्रचारप्रसार, छुवाछुत विरूद्धको जनचेतना जस्ता पक्षले सामाजिक सुधारमा उल्लेखनीय भूमिका खेलेको पाइन्छ । यसको साथै समाजको सुधारोन्मुख परिवर्तनमा सांस्कृतिक, राजनैतिक, आर्थिक तथा शैक्षिक विकास क्रममा २०४६ सालको जनआन्दोलनपछि केहि मात्रामा भए तापनि

२०६२/०६३ को दोस्रो जनआन्दोलनको सफलतापछि सोचेभन्दा बढी विकास भएको देख्न र अनुभूति गर्न सकिन्छ । यस खजुरा गाउँपालिकाको मुटुमा अवस्थित वडा नं. ३ मा पर्ने खजुरा बजारले सिङ्गो गाउँपालिकाको हरेक दृष्टिकोणबाट नेतृत्वदायी भूमिका खेलेको छ । खजुरा बजारमा जनसहभागिता आयोजनामा स्थापित र पछि नेपाल सरकारद्वारा सञ्चालित सुशील कोइराला प्रखर क्यान्सर अस्पताल स्वास्थ्य सेवा प्रदानमा मुख्य आर्कषणको केन्द्र बिन्दुमा परेको छ । त्यसैगरी सुरक्षा प्रदान गर्ने इलाका प्रहरी र ६०० जवान रहने लुम्बिनी प्रदेश प्रहरी गुल्मले यस क्षेत्रको धनजनको सुरक्षा र शान्ति सुव्यवस्था प्रदान गरेको पाइन्छ भने खजुरालाई धार्मिक पर्यटकीय शहरका रूपमा विकास गर्नका निम्ति खजुरा बजारको केन्द्रमा स्थापित श्री लक्ष्मीनारायण मन्दिर र यसको परिसरमा निर्माण हुने लुम्बिनी प्रदेशकै गौरवको आयोजनामा समेट्न सकिने प्रस्तावित श्री लक्ष्मीनारायणको विद्युतीय सुदर्शन चक्र सहितको करिब ५०-६० फिटमाथि मूर्ति निर्माणको पहल कदमीले पनि यस बजार तथा सिङ्गो गाउँपालिकामा बाहिरी जिल्लाबाट बसाइँसराई गरी यहाँ बसोबास गर्न आउने क्रम तीव्र रहेको पाईन्छ ।

# खजुराको मधेसी मुस्लिम इतिहास

**आरिफ खान**

**विषय परिचयः**

यस खजुरा गाउँपालिकाको वडा नं. ५, ६, ७ र ८ (मुस्लिम तथा मधेसी) को समग्र इतिहास लेख्ने कार्य हालसम्म गरिएको छैन । त्यसका निम्ति यस क्षेत्रका सबै मुस्लिम तथा मधेसी बासिन्दाहरूको प्रमाणिक बंशावली, विभिन्न क्षेत्रहरूको ययार्थ इतिहास, प्राचीन काल, माध्यमिक काल र आधुनिक कालको क्रमवद्ध इतिहास अध्ययन अनुसन्धान गरेर प्रकाशित गर्नुपर्ने हुन्छ । मानिसहरूको बसोबास तिनीहरूको धार्मिक, सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक, राजनीतिक, विभिन्न कालखण्डमा विभिन्न ठाउँ-ठाउँमा बसेका गाउँहरूको यथार्थ इतिहास, धार्मिक स्थलहरूको यथार्थ विवरण, तीर्थ स्थलहरूको विवरण प्रकाशमा आइसकेको स्थिति छैन् । खजुरा गाउँपालिकाको मधेस क्षेत्रको इतिहास हालसम्म कतैबाट पनि अध्ययन गरिएको छैन । यही कुरालाई गम्भीरतापूर्वक विचार गरेर खजुरा मधेसको महत्वपूर्ण ऐतिहासिक स्थानहरूको अध्ययन गरी इतिहास लेख्ने प्रयत्न गरिएको छ । यो इतिहास लेख्नका निम्ति यस क्षेत्रमा बासोवास गर्ने विभिन्न ठाउँ-ठाउँका बृद्धावस्थामा पुगिसकेका र अधिक मात्रामा अनुभव बटुलेका व्यक्तिहरूबाट विभिन्न किसिमका प्रश्नहरू सोधी प्रात जानकारीको आधारमा यो इतिहास लेख्ने प्रयास गरिएको छ ।

**क्षेत्र**

यस खजुरा गाउँपालिका बाँकेको वडा न. ५, ६, ७ र ८ का गाउँहरूमा उढरापुर, मङ्गलपुर, पुरैना, गिजरा, बसन्तपुर, डलैपुर,

रजना, सोनपुर (कलंहस गाउँ), गोदहना, बरगदही, बठवा, सुनबर्षा, रनियापुर, काहवा, घिया, दहवा लगायतका गाउँहरूलाई अध्ययनको क्षेत्र बनाई इतिहास लेख्ने कोसिस गरेको छु । यस क्षेत्रका विभिन्न ऐतिहासिक, धार्मिक, पौराणिक, तीर्थ स्थल आदिलाई अध्ययनको क्षेत्र बनाई यो कार्यलाई अगाडि बढाउने प्रयत्न गरिएको छ ।

**उद्देश्य**

हरेक अध्ययनको आ–आफ्नो विशिष्ट र सामान्य उद्देश्य भएझैं यस अध्ययनको मूल उद्देश्य पनि खजुरा गाउँपालिकाको मधेसी तथा मुस्लिमको इतिहास तयार गर्नु नै रहेको छ । वर्तमान समयसम्मका ऐतिहासिक स्रोत र साधनहरूको सिंहावलोकन गर्दा विचित्र विशेषता बाँकेको पाइन्छ । विभिन्न कालखण्डमा कुकुर कुर्मी, जवाहिर खाँ, गोमती बनिया, कोइली भन्ने महमुद खाँ, कृष्णमान श्रेष्ठ, देवेन्द्रमान श्रेष्ठ, साबिर जोलाह, रियासत खाँ, भग्गन खाँ, गरिबे शेष, फारूक शेष, खजुरा गा.पा. वार्ड नं. ५ र ६ को शासन व्यवस्थलाई नेतृत्व दिने कार्य गरेका हुन् । त्यस्तै खजुरा गा.पा. वार्ड नं. ७ मा असरफी कुर्मी, सुभान खाँ, गणेश उपध्याय, अतिउल्ला खाँ र गोपाल यादव लगायतका व्यक्तिहरूले शासनको नेतृत्व गरेका हुन् । त्यसैगरी यसै पालिकाको वार्ड नं. ८ मा याकुब खाँ, इस्माईल खाँ, जमिल खाँ, फिरोज खाँ आदि लगायतका नेतृत्वकर्ताहरूले नेतृत्व गर्दै आइरहेको इतिहास जीवितै छ । खजुरा गा.पा. मधेसी तथा मुस्लिमहरू बासोबास गर्ने महत्वपूर्ण क्षेत्रको इतिहास आजसम्म पनि प्रमाण भेटिएको छैन । यहाँ शासक वर्गले नै इतिहास लेख्न कार्यमा कुनै पनि किसिमको चासो नदेखाएको प्रशस्त प्रमाणहरू रहेका छन् । त्यसकारण यस अध्ययनको उद्देश्य सङ्क्षेपमै भए पनि खजुरा गाउँपालिकाको वडा

नं. ५, ६, ७ र ८ मा बासोबास गर्ने मधेसी तथा मुस्लिमहरूको इतिहास तयार पारिनुमा केन्द्रित रहेको छ ।

## पद्धति

प्रस्तुत इतिहास तयार पार्ने क्रममा निम्नलिखित अध्ययन पद्धतिलाई अवलम्बन गरिएको छ । *अन्तरवार्ता तथा साक्षात्कार:* यस पालिकाको 'मुस्लिम तथा मधेसी' इतिहासका बारेमा विशेष जानकारी भएका विभिन्न उमेर, समुदाय र क्षेत्रका व्यक्तिहरूसँग सङ्कलित सूचना र प्रश्नावलीका आधारमा वर्णन गर्ने कार्य भएको छ । खजुरा गाउँपालिका वडा नं. ५, ६, ७ र ८ (मुस्लिम तथा मधेसी) को इतिहास हालसम्म यस क्षेत्रको इतिहास प्रकाशनमा ल्याउन सकिएको छैन । मौखिक रूपमा रहेका इतिहासहरू क्रमश समयको अन्तरालसँगै हराउँदै गइरहेको स्थिति भएकोले त्यसलाई लिपिवद्ध गर्नु नै यस इतिहास लेखनको मुख्य औचित्य रहेको छ । यस क्षेत्रको इतिहास तयार पार्ने क्रममा सबै ठाउँबाट सम्बन्धित जानकार व्यक्तिहरूसँग आवश्यकता अनुसारको प्रश्नावलीहरू सोधी त्यसैलाई सामाग्रीको रूपमा प्रयोग गरी इतिहास लेखियो भने त्यो इतिहास प्रमाणिक नै हुन्छ । यी कुराहरूका अतिरिक्त यस क्षेत्रका प्रत्येक समुदायको ऐतिहासिक विवरण तयार पार्न सकेमा मधेसी तथा मुस्लिमहरूको इतिहास छिटै तयार गर्न सकिन्छ । हालसम्म यस क्षेत्रको इतिहास लेखनमा कसैले कलम चलाएको देखिन्न ।

यस क्षेत्रको इतिहास लेखन कार्यमा मलाई सहयोग गर्नुहुने मेरो पुजनीय गुरू तथा महेन्द्र बहुमुखी क्याम्पसका सहायक क्याम्पस प्रमुख, प्रज्ञा प्रतिष्ठान खजुरा गाउँपालिका बाँकेका उपकुलपती डा. इन्द्रबहादुर भण्डारी सर, इरफान अहमद खान सर, टेकनारायण यादव सर, वुद्धिप्रसाद बञ्जाडे सर, नफिस

खान सर, शरीफ खान सर, इबरान खान सर, इमरान खान सर, जियाउल खान सर लगायतका प्रतिष्ठित व्यक्तिहरूप्रति कृतज्ञ छु ।

मलाई यो इतिहास लेखन कार्यमा थप तथ्य प्रमाण तथा जानकारी जुटाउने कार्यमा सहयोग गर्नुहुने मैकु भन्ने मुस्तफा बेहना, रियासत खाँ (पञ्च), बब्बन खान, साकिर खान, अकबाल खान, छैलु जोलाह, गब्बन बेहना, भग्गु भन्ने मोहम्द वकिल खान, साजिद साई, ढिल्लर जोलाह, कमाल अहमद खान, जंगी खान, कामता धोबी, सहिजाद खान, छोटे खान, जमाल खान, सुधरा खान, नेतराम कुर्मी, चन्द्रखा कुर्मी आदि लगायतका विभिन्न उमेर, लिङ्ग, वर्गका व्यक्तिहरूलाई आवश्यकता अनुसार प्रश्नहरू सोधी आवश्यक जानकारी तथा सामग्रीहरूको सङ्कलन गरी यो इतिहास लेखेको छु ।

यस इतिहास लेख्ने क्रममा समय समयमा सुझाव तथा प्रेणा प्रदान गर्नुहुने मेरो हजुरआमा विट्टा खान, पिता भुलाई खान, आमा आईशा खान, काका अल्ताफ खान, मोहम्मद हारून खान तथा साथी अर्जुन यादव सर र मोबिन अंसारीप्रति सदैव ऋणी रहने छु ।

## इतिहास लेख्न कार्य प्रारम्भ

यस खजुरा गा.पा. वडा नं. ५, ६, ७ र ८ (मुस्लिम तथा मधेसी) को इतिहास लेखन कार्यलाई मुख्य केन्द्र विन्दुको रूपमा लिई, विभिन्न काल खण्डको अध्ययन गरी तीन कालखण्डमा विभाजन गरी लेखिने प्रयास गरिएको छ ।

क) प्राथमिककाल : प्रारम्भदेखि वि.स. २०२० साल सम्म

ख) माध्यमिककाल : वि.स. २०२१ देखि वि.स. २०५० साल सम्म

ग) आधुनिककाल : वि.स. २०५१ साल देखि हालसम्म

**प्राथमिक काल**

प्रारम्भदेखि वि.स. २०२० सालसम्म हाल खजुरा गा.पा. वडा नं. ५ र ६ रहेको स्थानमा यस कालको प्रारम्भमा जङ्गलै जङ्गल रहेको थियो । विभिन्न हिंस्रक जङ्गली जनावरहरूको बसोबास थियो । अति नै डर लाग्दो ठाउँ थियो । यस्तो घना जङ्गल र हिंस्रक जनावर भएको ठाउँमा मावनहरूको बस्ती बसाउन अति नै चुनौतीको विषय रहेको थियो । तत्कालीन समयमा करिब सन् १४०० तिर कुकुर कुर्मी आफ्नो स-परिवार सहित पाँच जातिका मान्छेहरूलाई ल्याई बासोबास गरेका थिए । जसमा काठको काम गर्नका लागि बढ्ही जातिको मान्छे त्यस्तै कपाल काट्नलाई नाऊ, कपडा धुनका लागि धोबी, दिशा पिसाब तथा फोहोर सफा गर्नका लागि भङ्गी, र फलामको काम गर्नका लागि लोहार जातिका मान्छेहरूलाई यस ठाउँमा ल्याई प्रारम्भिक चरणमा बासोबास गर्ने कार्य प्रारम्भ गरेका थिए ।

यस चरणमा यस्तो जङ्गली ठाउँ र त्यसमा पनि खतरनाक जनावरहरूको डरले गर्दा मानिसहरूलाई बासोबास गर्न अति नै सङ्कटको विषय थियो । यस्तो अवस्थामा कुकुर कुर्मीले आफ्नो नेतृत्वमा ल्याएका विभिन्न जातिका मान्छेहरूको सहयोग लिई वनको फडानी गरी काठको पिलर तथा छानाका लागि खरको प्रयोग गरी अन्टा (बुख्याँचा) को निर्माण गरी त्यसमाथि बसोबास गर्न सुरूवात गरेका थिए ।

बिस्तारै-बिस्तारै जङ्गलको फडानी गर्दै अलि फराकिलो चौर (मैदान) को निर्माण गरेका थिए । जसमा दैनिक उपभोगका वस्तुहरू जस्तै मौसम अनुसारका तरकारी खुर्सानी, आलु, अन्न आदि लगायतका सामग्रीहरूको उत्पादन गरी आफ्नो जीवनलाई निर्वाह गरिरहेका थिए ।

यस्तै यस ठाउँमा मानिसहरूको बासोबास बढ्ने क्रममा जवाहिर खाँका पाँच पिढी अगाडिका (नाम थाहा नभएको) पूर्वजहरू आई यस ठाउँमा जङ्गलको फडानी गरी बासोबास गर्न थाले । यसै समयमा उमर हयात खाँ, बहादुर खाँ, माते खाँ लगायतका व्यक्तिहरूको पाँच वंश अगाडिका पूर्वजहरूले विभिन्न जातिका आफ्ना आवश्यकता अनुसार व्यक्तिहरूलाई ल्याई बासोबास गर्न थालेका थिए । यसै क्रममा यस क्षेत्रमा जोलाह, चमार, पासी आदि जातिका मान्छेहरूको बासोबास पनि हुन गएको थियो ।

यस कालका विभिन्न अवस्थाहरूलाई विभिन्न किसिमका शीर्षकहरू दिई लेख्ने प्रयास गरिएको छ ।

## आर्थिक अवस्था

यस चरणमा यस क्षेत्रमा बासोबास गर्ने मानिसहरूको आर्थिक अवस्था एकदमै कमजोर थियो । कुनै पनि किसिमको व्यापार व्यवसाय थिएन । सामान्य रूपमा आफ्नो खेतबारीमा उत्पादन गरेका अन्न, बालीहरूलाई भारतको रूपैडिहा बजारमा लगी बेची आफ्नो दैनिक उपभोग्य वस्तु ल्याई जीवनलाई निर्वाह गरिरहेका थिए भन्ने कुराको जानकारी रियासत खाँ लगायतका व्यक्तिहरूले दिएका हुन् ।

## सामाजिक अवस्था

यस चरणमा यसै क्षेत्रमा बासोबास गर्ने व्यक्तिहरूको सामाजिक जन-जीवन सामान्य नै थियो । सबैजना एकापसमा अति नै सद्भावका साथ बस्ने गरेका थिए । सामाजिक नीति नियमको आधारमा व्यवस्थित तरिकाले जीवन निर्वाह गरिरहेका थिए ।

## धार्मिक अवस्था

यस चरणमा बासोबास गर्ने मान्छेहरूले दुईवटा धर्मप्रति आस्थावान रही एकापसमा आपसी सम्बन्ध देखाई ईस्लाम धर्मालम्बीहरूलाई नमाज पढ्नका लागि माटो र खरको भएपनि मस्जिदको निर्माण गरेका थिए जुन मस्जिदको नाम रहेको छ 'जामे मस्जिद' उक्त मस्जिद आज पनि स्थापना गरिएको ठाउँमा नै अवस्थित छ । त्यस्तै हिन्दु धर्मालम्बीहरू आ-आफ्नो आस्था तथा धार्मिक मान्यता अनुसार पूजाअर्चना गर्नका लागि अति नै आवश्यक खर तथा माटोको मन्दिरको निर्माण गरी, आस्था पूर्वक पूजाअर्चना गर्दै आइरहेका थिए । आज पनि त्यो मन्दिर सोही स्थानमा हरेको छ । यो शिव मन्दिरको स्थापना गर्ने कार्यमा कुकुर कुर्मीको महत्वपूर्ण योगदान रहेको थियो भने जामे मस्जिदको स्थापना गर्ने कार्यमा जवाहिर खाँका पूर्वज तथा माते खाँ, बहादुर खाँ लगायतका व्यक्तिहरूको पूर्वजहरूका अति नै महत्वपूर्ण योगदान रहेको थियो ।

यसरी यस समयमा बसोबास गर्ने मानिसहरूको आस्था फरक-फरक धर्म प्रति भएतपनि एकापसमा अतिनै सौहार्दका साथ बस्दै आइरहेका थिए । दशैं, तिहार, होली आदि हिन्दु धर्म मान्ने धर्मालम्बीहरूको पर्वमा इस्लाम धर्म मान्ने मान्छेहरूले आफ्नो सक्रियताका साथ सहभागिता जनाउँथे । त्यस्तै ईद, ईदुल अदहा (बकराईद), मोहर्रम आदि इस्लाम धर्मलम्बीहरूको पर्वमा हिन्दु धर्म मान्ने व्यक्तिहरूले अति नै सक्रियताका साथ आ-आफ्नो सहभागिता जनाउने गर्थे जुन आज विभिन्न धर्मावलम्बीहरूको व्यक्तिहरूका लागि अनुकरणीय छ ।

## शैक्षिक अवस्था

यस समयका व्यक्तिहरूको शैक्षिक अवस्था अति नै न्यून थियो । विद्यालय के हो ? शिक्षा के हो ? भन्ने कुरा थाहै पाएका थिएनन् । शिक्षामा खास गरी भन्ने हो भने धार्मिक शिक्षाको रूपमा केही सामान्य व्यक्तिहरू उर्दू, अरबी शिक्षा प्राप्त गरेका थिए ।

यस समयका बालबालिकाहरू आ–आफ्ना बुवाआमा, बाजेबज्यै तथा गाउँका ठूलाबडा मान्छेहरूसँग शिक्षा लिने गरेका थिए । त्यो शिक्षा पनि उर्दू तथा अरबी भाषामा लिपिवद्ध गरिएको थियो । यसका अतिरिक्त ती ठूलाबडा व्यक्तिहरूले आफ्नो जीवन कालको अनुभवबाट प्राप्त गरेका ज्ञानलाई पनि शिक्षा आर्जन गर्न आएका बालबालिकाहरूलाई सिकाउने कार्य गर्ने गरेका थिए । तसर्थः शिक्षाको मात्रा अति नै न्यून थियो ।

## राजनीतिक अवस्था

यस प्राथमिक कालको समयमा खास गरी यस क्षेत्रमा बासोबास गर्ने व्यक्तिहरूमा राजनीतिको चासो थिएन । राष्ट्रमा जहनिया राणाहरूको शासन चलिरहेको थियो । त्यही शासन व्यवस्थामा आफ्नो जीवन निर्वाह गर्दै आइरहेका थिए । चुनावी पद्धति थिएन । गाउँका ठूलाबडा मान्छेलाई गाउँको मुखिया सबैजनाको सहमतिमा बनाइन्थ्यो । त्यसैले गाउँको आवश्यक वा गाउँमा आइपरेका विभिन्न किसिमका समस्याहरूको समाधान गर्ने गर्थ्यो । गाउँभरि मान्छेहरू पनि नेतृत्वकर्ताको नेतृत्वमा रही आफ्नो जीवनलाई निर्वाह गर्थे । सुरूवातमा गाउँको मुखियाको रूपमा कुकुर कुर्मी, जवाहिर खाँ, माते खाँ, बहादुर खाँका पूर्वज लगायत व्यक्तिहरूले गाउँको नेतृत्व गर्नुका साथै राजनीतिक व्यवस्थालाई समालेका थिए । यस गाउँलाई तत्कालीन समयमा राज्यबाट कुनै पनि किसिमको अनुदान पनि प्राप्त हुदैनथ्यो ।

## भौतिक अवस्था

यस कालमा यस क्षेत्रको गाउँहरूको भौतिक अवस्था पनि कमजोर थियो । सबै मानिसहरूको घरको पर्खाल माटोले बनाइएको थियो भने छानाको रूपमा खरलाई नै प्रयोग गरिएको थियो । केही अलिकति सम्पन्न व्यक्तिहरूको घरको पर्खाल माटो तथा छानाको रूपमा खपरा तथा घौँघीको प्रयोग गरेका थिए । गाउँका सडक तथा बाटोहरूको अवस्था पनि अति नै नाजुक थियो । वर्षाको समयमा घरबाट बहिर निष्कन पनि गाह्रो हुन्थ्यो । बाटोभरिमा पानी जम्मा हुनुका साथै पानी निकाल्ने बाटो नभएको कारणले धेरै हिलो हुने गर्थ्यो । गाउँहरूबाट बाहिर निकल्ने धेरै जसो मुख्य बाटोहरूमा ताल तथा पोखरीहरू भएको हुनाले झन यस समयमा बासोबास गर्ने व्यक्तिलाई कष्टकार बनाएको थियो ।

## स्वास्थ्य अवस्था

यस चरणको व्यक्तिहरू प्रायः स्वस्थ्य नै रहन्थे । विभिन्न किसिमका जङ्गली जडीबुटी, फलफुल आदि जस्ता खाद्य सामग्री प्रयोग गर्ने भएको हुनाले मानिसहरू निरोगी नै हुन्थे । यति हुँदा पनि मानिसहरूलाई कुनै रोगले समाति हाल्यो भने जङ्गली जडीबुटीहरूको प्रयोग गरी उपचार गरिने गरिन्थ्यो । यसका साथै बैद्यहरूको राय सल्लाह तथा अनुभवका आधारमा उहाँहरूको विचार लिई त्यसैको आधारमा उपचार गराउने गरिन्थ्यो । यस चरणमा यस क्षेत्रमा मेडिकल साइन्सको विकास भई सकेको थिएन । मेडिकल साइन्स पढेर उपचार गर्ने डाक्टरहरू थिएनन् । यस्तो अवस्थामा यस क्षेत्रमा कुनै नयाँ रोग आइहाल्यो भने त्यसले महामारीको रूप लिन्थ्यो र धेरै जना मान्छेहरूलाई अकालमा नै प्राण त्याग्नु पर्थ्यो । तत्कालीन समयमा हैजा/फलेरिया/मलेरिया,

टाइफाईड, ज्वरो आदि जस्ता रोगहरूले ठुलै आतङ्क मचाउँथे । जसलाई मान्छेहरूले अवधी भाषामा 'हैय्या'को संज्ञा दिएका थिए । यस कालमा खास गरी गर्भवती महिलाहरूलाई धेरै नै समस्या हुन्थ्यो । त्यतिबेला कुनै पनि किसिमको परीक्षण गर्ने साधन नहुनका साथै सुत्केरी हुने बेलामा पनि धेरै जना गर्भवती महिलाहरूले अकालमै आफ्नो प्राण त्याग्नु पर्थ्यो । यस कालमा खास गरी बालबालिकाहरूमा धेरै नै अपाङ्गता हुन्थ्यो । बालबालिकाहरू प्रायः पोलियोको सिकार हुन्थे जसबाट कसैको हात, कसैको खुट्टा त कसैको हातखुट्ट दुबै नै काम नलाग्ने अवस्थामा पुग्न जान्थे । ती बालबालिकाहरूलाई जीवन निर्वाह गर्न पनि धौधौ हुन्थ्यो ।

### भौगोलिक अवस्था

यस क्षेत्रको भूगोल तत्कालीन समयमा समथर नै थियो । सजिलैसँग एक ठाउँबाट अर्को ठाउँमा जान सकिन्थ्यो । गाउँहरूको चारैतिर जङ्गल नै जङ्गल थियो जसबाट यस क्षेत्रमा बासोबास गर्ने व्यक्तिहरूले दाउरा, घर बनाउनका लागि काठ, विभिन्न किसिमका फल तथा अनेकौं प्रकारका तरकारीहरू ल्याउने गर्थे ।

### यातायातको अवस्था

यस चरणमा खासै यातायातको व्यवस्था थिएन तैपनि मान्छेहरू एक ठाउँबाट अर्को ठाउँमा जानका लागि अदधा (लहडु), लडिहा, घोडा तथा विवाहमा दुल्हालाई ससुरालीसम्म लैजानका लागि हात्तीको प्रयोग गर्ने गर्थे ।

### खानपिन अवस्था

यस कालका मान्छेहरू खानेकुरामा मकैको रोटी, मकैकै भात, थोरै मात्रामा गँहुको रोटी, सुवापङ्ख, सामजीरा (कालानमक),

शाठा धानको भात खाने गर्थे । सुख्खा तथा खडेरी परेको बेलामा लहडरा, साँवा आदि घासबाट उत्पादन भएको लहडरा साँवा आदिको भात खानुका साथै जङ्गलबाट ल्याएका विभिन्न किसिमका फलहरू खाने गर्थे । यसका साथै जङ्गली जनवारहरूको सिकार गरी मासुको रूपमा प्रयोग गरी खाने गर्थे । माछा जतातत‌ै पाइन्थ्यो । अहारको रूपमा माछालाई प्रयोग गरी आफ्नो जीवनलाई निर्वाह गर्ने गर्थे । पानी खानाका लागि सुरूसुरूमा ताल पोखरी तथा खोला नालाबाट ल्याई खाने गर्थे । पछि पछि बिस्तारै विकास हुदैं गयो अनि कुँवा (इनार) खनी इनारको पानी खानथाले । यस कालका मान्छेहरू अधिक मात्रामा दही, घ्यु, मह, गुड (कच्ची मिठाई) आदिको सेवन गर्थे । धेरै मान्छेहरूले होली जस्तो पर्वहरूमा भाँग तथा गुडको सर्वतको पानी सेवन गर्थे ।

### पोसाकको अवस्था

पोसाकमा खादी र टराबकल कपडाको पुरूषहरू धोती, कुर्ता, तहमद (लुङ्गी), रूमाल, टोपी, सदरी, जाँघीया तथा महिलाहरूले सारी, ब्लाउज, साया, लेहङ्गा, कुर्ता, बन्नी (डुबट्टा) जस्ता पोसाकको प्रयोग गर्थे ।

### चाडपर्व

हिन्दु समुदायका मानिसहरूले दशैं, दीपावाली (तिहार), करवाचौथ, कृष्णाष्टमी आदि लगायतका पर्वहरू मनाउने गर्थे भने इस्लाम धर्मावलम्बीहरूका मानिसहरूले ईद, बकरईद (इदुल अजह), मोहर्रम, सुबरात, ग्यारवही जस्ता पर्वहरू अतिनै हर्षोल्लासका साथ मनाउने गर्थे ।

**प्राथमिक कालका ऐतिहासिक सामाजिक जानकारी उत्तरार्द्ध चरणको:**

यस चरणको बिस्तारै विकास हुने क्रममा जनसङ्ख्याको पनि वृद्धि हुदैं गयो । चारैतिर रहेका वन जङ्गललाई फडानी गर्दै मान्छेहरू बस्न थाले कुकुर कर्मीले बसालेको गाउँ बिस्तारै बिस्तारै ठुलो हुन थाल्यो र चारैतिर खान परिवारको वर्चस्व फैलिन थाल्यो । पुरै गाउँको नेतृत्व जवाहिर खानले गर्न थाले गाउँमा बासोबास गर्ने अधिकांश मान्छेहरूलाई आफ्नै घर रोजगारीको अवसर उपलब्ध गराए । खजुरा गाउँपालिकाको वडा नं. ५ र ६ को (साविक उढ्रापुर गा.वि.स) चारैतिरको भूमिमाथि आफ्नो कब्जा जमाए । पुरै जग्गा जवाहिर खाँ र तिनको परिवारका अन्य सदस्यहरूको नाममा नामसारी गराए । राजा जस्तै तिनले आफ्नो जीवन निर्वाह गर्न थाले । गाउँमा कसैलाई कुनै पनि किसिमको समस्या पर्थ्यो भने जवाहिर खाँ समक्ष नै जान्थे र तिनले पनि यस क्षेत्रकै ठूलो जमिन्दार भएको नाताले सहयोग पनि गर्थे ।

यस गाउँका धेरैजसो परिवारका मान्छेहरू तिनको घरमा हलिया भएर काम गर्थे । जवाहिर खाँलाई मरकहे खाँको नामले पनि चिनिन्थ्यो । तिनीभित्र रिस र क्रोध धेरै थियो । सामान्य मान्छेहरूले डरले गर्दा कुरा गर्न सक्दैनथे । ती सदैव घोडामा बसेर दुई नली बाराबोर बन्दुक र कम्मरमा कार्तुसको पेटी बाँधेर हिँड्थे । कसैले सुतिरहेको बेलामा यदि गएर ब्युँझाइदियो भने त्यसलाई त्यही बन्दुक लिएर मार्नका लागि लखेट्थे तर मार्न चाहि कसैलाई पनि मारेनन् । यसरी नै तिनले आफ्नो जीवनलाई निर्वाह गरिरहेको थिए ।

समय बित्दै गयो । जवाहिर खान बुढा हुन थाले । आम्दानीको स्रोत पनि कम हुन थाल्यो । परिवार पनि बढदै गयो तर खर्च

त्यस्तै नै थियो । अवश्यक सामग्री नगद वा उधारो भए पनि नेपालगञ्जमा पसल राखेका नारायण बनियाबाट परिवारका सबै सदस्यहरूले ल्याउने गर्थे । धेरै आवश्यक सामग्री उधारो ल्याउने क्रममा ऋण पनि धेरै बढ्न गयो । ऋण बढ्नुका साथै यस क्षेत्रका चारैतिरको जग्गा आफ्नो र आफ्नो परिवारको सदस्यहरूको नाममा नामसारी भएको नाताले सम्पूर्ण जग्गाको लगान (कर) पनि राज्यलाई तिर्नु थियो । जुन न त नारायण बनियाको ऋण र नत राज्यको लगान समयमा तिर्न सके जुन ऋण र लगान जम्मा तत्कालीन समयमा २७०० थियो । त्यो २७०० (दुई हजार सात सय मात्र) तिर्न नसकेपछि पुरै घर तथा जग्गा लिलाम हुन गयो र त्यो घर र जग्गा लिलाम गराउने कार्यमा नारायण बनियाले ठूलो भूमिका खेली राज्यको कर तिरी सारा जग्गा आफ्नो तथा आफ्ना परिवारका सदस्यहरूको नाम राज्यलाई नामसारी गर्न लगायो र सम्पूर्ण जवाहिर खानको घर तथा जग्गालाई आफ्नो अधीनमा लियो ।

जवाहिर खान र तिनका परिवारका सदस्यहरूलाई खाली हात घरबाट निकालियो । घरबाट पुरै परिवारका सदस्यहरू निष्कने क्रममा महिलाहरूले लगाएका अभूषण (गहना) लाई एक/एक गरी नारायण बनियाले प्रहरी मार्फत खोस्न लगायो । घरमै एक जना छिमेकी चमारिन महिलाले काम गरिरहेकी थिइन् जब अचानक पुरै प्रशासनको कब्जा भयो तब घरका महिलाहरूले केही असर्फी, सुनको सिक्का गहना लगायतका मूल्यावान धातुहरू ती चमारिनले लगाएको कपडाको भित्री वस्त्रमा लुकाएर बहिर पठाइन् र तिमीले यो लिएर जाऊ पछि हामीलाई दिनु भनेर घरबाट पठाइन् । ती चमारिन महिला घरबाट बहिर निकल्ने क्रममा मुख्य द्वारमा पुगिन र त्यहाँ पहिलैदेखि प्रशासनका सिपाहीहरूलाई लिई

नारायण बनिया बसेको थियो जसले ती महिलप्रति खोज तथा अनुसन्धान गर्न सिपाहीहरूलाई लगायो र ती चमारिन महिलले लुकाएर ल्याएकी मूल्यवान धातुलाई पुलिस मार्फत खोस्न लगाई आफ्नो अधीनमा लियो ।

घरबाट जवाहिर खान र तिनको परिवारका सदस्यहरू 'कोठार' नाम गरेको घरबाट बाहिर निकल्ने क्रममा लगाएको पोसाक बाहेक अरू कुनै पनि किसिमको सामग्रीहरू थिएनन् । यस्तै खालीहात परिवारका सबैजना सदस्यहरूलाई गाउँमै रहेका आफ्ना आफन्तको घर जानु परेको थियो । राज्यले जवाहिर खानको घर तथा जग्गा लिलाम गर्ने क्रममा जवाहिर खान र तिनको परिवारका सदस्यहरूलाई खेत जोत्नलाई १ (एक) जोडी गोरू तथा ९ (नौ) बिघाहा जग्गा मात्र दिएको थियो ।

जानकार व्यक्तिहरूसँग जानकारी लिँदा, जवाहिर खानको परिवार यति सम्पन्न थियो भने कसरी २७०० (दुई हजार सात सय) रूपैंया तिर्न सकेनन् ? ती यस विषयमा जानकारी राख्ने व्यक्तिको जवाफ थियो । तिर्न त सक्थे तर जवाहिर खानसँग धेरै पैसा थिएन । घरमा रहेका महिलाहरूसँग धेरै पैसा थियो तर ती महिलाहरूले जवाहिर खानलाई एक रूपैंया पनि दिएनन् । जवाहिर खानले घरमा महिलाहरूसँग पैसा त माग्थे तर जेठी महिलाले म सँग छैन माईलीसँग माग्ने क्रममा माइलीको जवाफ पनि त्यही हुन्थ्यो । यस्तै गर्दा गर्दै अचानक घर तथा जग्गा सबै लिलामीमा आयो र सारा बैभवको सर्वनाश भयो । यदि ती सबैजना महिलाहरूले आफूसँग राखेको पैसा दिन्थे भने यो तरिकाले जवाहिर खान र तिनको परिवारको सर्वनाश हुने थिएन । जवाहिर खानको जमिन्दारी शासन सिद्दिसकेपछि नारायण बनिँयाको शासन व्यवस्था सुरू हुन्छ । नारायण बनियाले नेपालगञ्जमा रहेको

व्यापारलाई छोडेर यस खजुरा गाउँपालिकाको वडा नं. ५ र ६ मा (साविक उढ्रापुर गा.वि.स.) जमिन्दारी शासन गर्न थाले । विस्तारै नारायण बनिया पनि बुढो हुँदै गए अनि बुढो भएपछि तिनको पनि मृत्यु भयो ।

नारायण बनियाँको मृत्यु पश्चात् तिनको जेठो छोरो गोमती बनियाँले यस कालको अन्त्य अन्त्यमा आफ्नो हातमा जिमिन्दारीको शासन व्यवस्थालाई लिएका थिए । गोमती बनियाँको अरू जमिन्दारहरूको शासन पद्धतिभन्दा अतिभिन्न थियो । यिनको शासन क्रुर थियो । यिनले एकदमै रौद्र रूप धारण गरेर आफ्नो शासनलाई चलाएका थिए । गाउँका अधिकांश मान्छेलाई आफ्नो दास बनाएका थिए । नोकर चाकर पनि राखेका थिए । आफु सदैव घोडामा रबाफका साथ हिन्ने गर्थे । राखिएका नौकरहरू कोई खेत जोत्ने काम गर्थे, कोई गाई गोरू चराउने गर्थे, कोई भैंसी, राँगा चराउने कार्य गर्थे भने त कोई कोई गोबर फाल्नुका साथै घरको सरसफाई गर्ने कार्य पनि गर्थे । यस गाउँमा बसोबास गर्ने कुनै पनि व्यक्तिलाई बाहिर गएर ज्याला तथा मजदुरी गर्न दिदैनथे । यदि कोई अन्य छिमेकी गाउँमा मजदुरी गर्न गईहाल्यो भने गोमती बनियाले त्यसलाई त्यहीबाट समातेर ल्याउर्थे र एउटा दण्ड दिनका लागि कोडा बनाएका थिए । त्यही कोडाबाट त्यस्ता व्यक्तिलाई दण्ड दिने गर्थे ।

समय बित्दै गयो । समय बित्दै जाँदा यिनले राजनीतिमा पनि आफूलाई प्रवेश गराए । राजनीतिमा तत्कालीन समयमा मत हाल्ने अधिकार थिएन र एउटा चौरमा गाउँभरिका मान्छेलाई बोलाई हात उठाउन लगाइन्थ्यो, जसको पक्षमा बढी हात उठ्थ्यो त्यसैलाई नै गाउँको प्रधान मानिन्थ्यो । अधिकांश मान्छेहरूलाई आफ्नो अधिनस्थमा राखेको हुनाले कसैको हिम्मत नै हुदैनथ्यो । बनियाँको विरूद्धमा

हात उठाउन र यसरी पाँच पटक जति यिनले गाउँका मान्छेहरूलाई आफ्नो पक्षमा हात उठाउन लगाई चुनाव जित्दै आइरहेको थिए । अर्को यिनको नराम्रो विशेषता के थियो भने यिनकै घरको छेउमा इनार (कुँवा) थियो जहाँ गाउँभरिका मान्छेहरू पानी लिन आउँथे । पानी लिनमा पनि धेरै मात्रामा महिलाहरू नै आउँथे । ती महिलहरूलाई हेर्नका लागि आफ्नै घरमा एउटा ठूलो अन्टा (बुख्याँचा) बनाएको थियो । साँझ, बिहान आएर त्यही अन्टामा बस्थ्यो र महिलहरूलाई हेर्ने गर्थ्यो । यो दृश्य छिमेकी माते खान, झिँगुर खान र घुरे खानलाई नराम्रो लाग्यो र रिसाएर त्यही गएर भन्न थाले । हेर गोमती तिमी आजदेखि साँझ र बिहानको समयमा आएर यदि यो अन्टामाथि बस्छौ भने तिम्रो खुट्टा त्यहीबाट समातेर तल फाल्दिने छौँ । त्यसपछि बनिया कहिले पनि त्यो अन्टामा वा बुख्याँचामा बसेनन् । यसरी समयको अन्तरालसँगै जनसङ्ख्याको पनि वृद्धि हुँदै गयो र उढ्रापुर गाउँमा अन्य गाउँहरू पनि थपिए । ती गाउँहरूमा मङ्गलपुर, गिजरा, पुरैना, रझेना, बसन्तपुर, डलाइपुर लगायतका गाउँको पनि विकास भयो । मान्छेहरूमा चेतना फैलिन थाल्यो ।

बिस्तारै बिस्तारै मान्छेहरूमा गोमतीप्रति रहेको डर पनि सिद्धिन थाल्यो । सबै गाउँका मान्छेहरूले परिवर्तन चाहन थाले । यसै क्रममा यस कालको अन्त्य तथा माध्यमिक कालको प्रारम्भ पनि तत्कालीन समयको नायक, माध्यमिक कालको प्रारम्भकर्ता गाउँका हरेक व्यक्तिहरूको सुख र दुःखमा सदैव खटी काम गर्ने व्यक्ति, बनियाको क्रुर तथा जहानिया शासन पद्धतिको घोर विरोधी, सम्पूर्ण जनाहरूको मुटुको टुक्रो, सत्य मार्गमा अहोरात्र लम्कने नायक, हरेक जाति तथा धर्म मान्ने व्यक्तिहरूको सजिलैसँग मनोभाव बुझ्न सक्ने व्यक्तित्व, हरेक भाषा, धर्म तथा संस्कृतिमा

रमाउने असल चरित्र, उमर हयात खानको जेठो सुपुत्र कोइली खान भन्ने महमुद खानको उदयसँगै यस कालको समाप्ति हुन्छ ।

## माध्यमिक काल (वि.स. २०२१ देखि वि.स. २०५० सम्म)

यस कालको प्रारम्भ भर्खरको १८ वर्षीय युवा कोइली भन्ने महमुद खानबाट आरम्भ भएको थियो । तत्कालीन गाउँको ठूलै जमिन्दार तथा प्रधान रहेका गोमती बनियाँलाई चुनावी प्रतिष्पर्धामा हराई गाउँकै प्रधान बन्न सफल भएका थिए । तत्कालीन समयमा गोमती बनियाँको विरूद्ध कोइली खानले निर्वाचन टोली समक्ष आफ्नो नामावली दर्ता गराए । चारैतिर चुनावी माहौल थियो । गोमतीका मान्छेहरूले गोमती बनियाँको पक्षबाट हात उठाउनु पर्दछ भन्ने सम्पूर्ण गाउँबासीसँग अनुरोध गर्नुका साथै बनियाँकै लठैत टोली पनि थियो । जुन टोली यस क्षेत्रका जनताहरूलाई थर्काउने काम पनि गरिरहे थिए र भनिरहेका थिए "तिमीहरूले यदि गोमतीलाई भोट दिएनौं भने धेरै नै नराम्रो हुन्छ" तर भन्छन् नि 'जनता जर्नादन, जनता सबैभन्दा ठूलो हुन्छ । त्यही प्रचार गर्थे । प्रचार प्रसार गर्नका लागि बनियाँले भारतबाट कलाकारहरूलाई पनि बोलाई विभिन्न किसिमका मिठो-मिठो चुनावी गीत सुन्न लगाउनुका साथै नृत्यको पनि व्यवस्था गरेको थियो । कोइली खानका पछाडि थोरै समर्थकहरू थिए । त्यही समर्थकहरूलाई लिई गाउँ/गाउँ, टोल, घर/घरगई प्रचार गरिरहेका थिए । प्रचार गर्ने क्रममा कसैले कोइली खानले चुनाव जित्छन् भनेर भनिरहेका थिएनन् । धेरैले कोइलीमाथि आफ्नो जिज्ञासा पनि प्रकट गर्थे र भन्थे यो मान्छे बौलाएको छ कि क्या हो । यसले बनियाँसँग प्रतिस्पर्धा गरिरहेको छ । बनियाँलाई यसले जति कोसिस गरे तापनि हराउन सक्दैन ।

समयसँगै आफ्नो गाउँको नेता छनोट गर्ने दिन पनि आयो । गाउँका सम्पूर्ण मानिसहरू गाउँको चौर 'हजारा' भन्ने ठाउँमा जम्मा भए । निर्वाचन गराउनेवाला कर्मचारीहरू पनि उपस्थित भए । ती कर्मचारीहरूले सबैजना मानिसहरूलाई शान्तसँग बसालेर निर्वाचनको नियमको बारेमा बुझाइसकेपछि सर्वप्रथम गोमतीको पक्षबाट हात उठाउन लगाए । गोमतीको पक्षबाट केही थोरै मान्छेहरूले हात उठाए । त्यसपछि कर्मचारीहरूले कोइली खानको पक्षबाट हात उठाउन लगाए । गाउँका सोझा साझा जनताहरूले कोइली खानको नाम कर्मचारीहरूबाट सुन्ने बित्तिकै अति नै हर्षोल्लासका साथ सबैले उठाए र कोइली खानको नाम लिएर नाराबाजी गर्न थाले । जुन केही मान्छेहरूले कोइली खानको विपक्षमा र बनियाको पक्षबाट हात उठाएका थिए । तिनीहरू पनि कोइली खानकै पक्षमा आएर कोइली खान जिन्दाबाद, जिन्दाबाद भन्ने नाराबाजी गर्न थाले । यसरी जनताहरूले परिवर्तन चाहिरहेका थिए, जुन परिवर्तन कोइली खान मार्फत भयो ।

यस कालमा सम्पूर्ण जिम्मेवारी कोइली खानले निर्वाह गरे उनले लगातार चुनाव जित्दै गए । वि.स. २०४८ सम्म तिनको नै वर्चस्व कायम रही रहेयो । यस कालमा भएका परिवर्तनहरूलाई निम्नलिखित अवस्थामा विभाजन गरेर पनि इतिहास लेख्न सकिन्छ ।

## आर्थिक अवस्था

यस चरणमा मान्छेहरूको आर्थिक अवस्थामा केही मात्रामा सुधार भयो । मान्छेहरूले व्यापार, व्यवसाय गरेर आफ्नो आर्थिक स्तरलाई उकास्न थाले । व्यापार गर्नका लागि गाउँका मान्छेहरूले बर्दिया जिल्लाको विभिन्न ठाउँमा 'लडिहा' लिएर गई, त्यहाँबाट

तोरी, धान, चामल, मसुरो, गँहु , रहर, धनियाँ ल्याई भारतको रूपाईडिहा तथा नेपालञ्ज बजारमा बेची नाफा कमाई आफ्ना आर्थिक स्तरलाई केही मात्रामा भएपनि सुधार ल्याउने कार्य गरे । यसका साथै `लडिहा` नभएका मान्छेहरूले घोडा पालेका थिए जसबाट आफ्नो व्यापार, व्यवसाय गर्ने गरेका थिए । घरबाट जाने क्रममा घोडामा बसेर जान्थे भने आउने क्रममा माल समान घोडामाथि राख्थे र आफू हिडेर आउँथे । यसरी नै यी सबैजना गाउँबासीहरूको व्यापार व्यवसाय चलिरहेको थियो जसबाट तिनीहरूको आर्थिक स्तरमा धेरै नै सुधार भयो ।

## धार्मिक अवस्था

यस कालमा पनि प्राथमिक काल जस्तै आपसी सहिष्णुता नै रहेको थियो । यस क्षेत्रमा खास गरी दुईवटा धर्म मान्ने मानिसहरूको बसोबास रहेको थियो । ईस्लाम धर्म र हिन्दु धर्म, ईस्लाम धर्मावलम्बीहरूको सङ्ख्या धेरै नै थियो तैपनि कुनै पनि किसिमको धार्मिक विषयलाई लिएर वादविवाद भएको थिएन । एकापसमा अति नै समझदारीका साथ बस्दै आइरहेका थिए ।

## शैक्षिक अवस्था

यस कालमा शिक्षा क्षेत्रमा प्राथमिक कालभन्दा धेरै नै सुधार भएको थियो । प्राथमिक कालमा वि.सं. २०१७ सालमा नेपाल राष्ट्रिय प्राथमिक विद्यालय उढ्रापुरको स्थापना स्व. श्री घसिटे जोलाह र स्व. श्री गोपाल यादवको सक्रियतामा स्थापना गरिए तापनि यस विद्यालयलाई संस्थापन गर्ने कामलको रूपमा माध्यमिक काललाई नै लिइन्छ । माध्यमिक कालमा नै गोमती बनियाँको छोरा मुन्ना बनियाँले विद्यालय खोल्नका लागि जग्गा उपलब्ध

गराएका थिए । जग्गा उपलब्ध गराउनुभन्दा पहिले नै शिक्षकहरूले बालबालिका वा विद्यार्थीहरूलाई जहाँ जसको गोठ खाली हुन्थ्यो, त्यही गोठमा लगेर पढाउँथे ।

यसै कालमा धार्मिक शिक्षा दिनका लागि विभिन्न मदरसाहरूको पनि स्थापना हुन गएको थियो । तत्कालीन गाउँको प्रधान कोइली खान तथा सम्पूर्ण गाउँबासीहरूको सक्रिय सक्रियतामा अंजुमन दारूलउलूम सैदाय मुस्तफा मदरसाको स्थापना गरी उर्दू, अरबी र फारसी शिक्षा दिन थालियो ।

समयको अन्तराल र जनसङ्ख्याको वृद्धिसँगै यसै गाउँमा गुल्शने नूरी दारूल उलूम अंजुमन र इमरानुल उलूम अंजुमनको स्थापना गरी शिक्षा दिन थालियो । यसै क्रममा मङ्गलपुर र रझेना गाउँमा पनि क्रमशः एउटा/एउटा मदरसाको स्थापना गरी धार्मिक शिक्षा दिने कार्य गर्न थालियो ।

वि.स. २०४५ सालमा शिक्षा तथा सामाजप्रेमी दुबर अहिर, मनोहर लाल खटिक र सम्पूर्ण गाउँबासीहरूको मेहनत, परिश्रम र लगनले यसै कालमा बसन्तपुर गाउँमा पनि विद्यार्थीहरूलाई साधारण शिक्षा दिनका लागि श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालयको स्थापना गरिएको थियो ।

### भौतिक अवस्था

यस कालमा पनि भौतिक क्षेत्रमा पनि निकै सुधार भएको थियो । यस कालमा धेरै नै मान्छेहरूको घरको पर्खाल ईट्टा तथा छानामा टायल, खपरा र घाँघीको व्यवस्थापन भइसकेको थियो । गाउँमा एक ठाउँबाट आर्को ठाउँमा जानका लागि कच्ची बाटो भए पनि आवतजावत गर्न सजिलो होस् भनी निर्माण गरेका थिए । केही मात्रामा भौतिक रूपमा सुधार देखिए पनि धेरैजना मान्छेहरूको

घरको पर्खाल माटो र छानाको रूपमा खरलाई नै प्रयोग गरिएको थियो ।

## राजनीतिक अवस्था

राजनीतिक अवस्थाको बारेमा ऐतिहासिक अध्ययन गर्दा यस पुरै कालमा कोइली खानको नै वर्चस्व कायम रही रह्यो तर यसका अतिरिक्त अन्य व्यक्तिहरूले विभिन्न सङ्गठनिक पार्टी जस्तै : नेपाली काङ्ग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाल सद्भावना पार्टी आदि पार्टी सङ्गठित भई राजनीतिमा आफ्नो सक्रियता जनाउन थाले । यसमा मुनन्न खाँ, स्व. श्री घसिटे जोलाह, रियासत खाँ, भग्गन खाँ, गोपाल यादव, भुलन बेहना, सोहराब बेहना, साबिर जोलाह, तसौवर खाँ, घुरे खाँ श्री कृष्मान श्रेष्ठ आदिको सक्रियता रह्यो जसले गाउँलाई विकासको बाटोमा डोऱ्याउन अमूल्य भूमिका निर्वाह गऱ्यो ।

## स्वास्थ्य अवस्था

यस कालमा स्वास्थ्य अवस्थामा खासै सुधार देखिएन । मान्छेहरूमा अन्धविश्वास नै रहेको थियो । मान्छेहरू बिरामी भएको समयमा औषधि उपचार गर्नुभन्दा धामी झाक्रीहरूलाई बोलाई वा तिनकै घर पुगी फुक झार गराउने चलन रहेको थियो । आयुर्वेदिक औषधी उपचार गर्ने चलन पनि थियो । यसका साथै यसै गाउँमा एक जना कबिर डाक्टर आइसकेका थिए जसले औषधी उपचार गर्ने गर्थे । यस कालमा स्वास्थ्यको विषयलाई लिएर सबभन्दा बढी गर्भवती महिला र स-साना बालबालिकाहरू नै पिडित हुन्थे । विभिन्न किसिमका रोग तथा महामारीबाट तिनीहरूलाई आफ्नो ज्यानै गुमाउनु परेको थियो । जसबाट यस क्षेत्रको धेरै ठूलो क्षति

हुन जान्थ्यो । यी समस्याका साथ साथै मान्छेहरू धेरै मात्रामा निरोगी नै हुन्थे । किनकी घरमै उत्पादन गरेका अन्न, तरकारी, दुध, फलफूल आदिकै सेवनले निरोगी नै हुन्थे ।

## यातायातको अवस्था

यातायातको रूपमा यस कालका व्यक्तिहरूले लडिहा, लहड्डु, घोडा तथा हात्तीको प्रयोग गर्ने गर्थे । यस कालको अन्त्यतिर केही मात्रामा सदरमुकाम वा अन्य ठाउँमा जानका लागि बस तथा टाङ्गाको प्रयोग गर्थे । यसै समयमा यसै गाउँमा बस्ने श्री स्व. झिंगुर खानले यातायात साधनको रूपमा पहिलो चोटी साइकल भारतबाट ल्याई प्रयोग गरेका थिए ।

## खानपिन अवस्था

यस समयका मान्छेहरूले खानाको रूपमा मकैको भात, मकैको रोटी, सामजिरा (कालानमक), साठा, सुवापंख, जानकी आदि धानको भात खाने गर्थे । गँहुको रोटीलाई पनि खानाको रूपमा प्रयोग गर्ने गरेका थिए । दुध, दही, घ्यु, फलफुल, मह आदिको पनि आहारको रूपमा प्रयोग गरेका थिए । खडेरी तथा सुख्खा परेको समयमा सावाँ भन्ने घासबाट निस्केको अन्न र लहडरा जस्ता अन्नलाई पनि खाद्य सामग्रीको रूपमा प्रयोग गरेका थिए । पानीको रूपमा अधिक मात्रामा इनार (कुँवा) को पानी खाने गरेका थिए । केही सम्पन्न व्यक्तिहरूको घरमा धारा लगाइएको थियो जसबाट तिनीहरूले पानी खाने गरेका थिए ।

## चाडपर्व:

चाडपर्वमा यस समयमा प्राथमिककाल जस्तै मनाउने गरेका

थिए तर माध्यमिक कालमा आएर केही मात्रामा नयाँ तरिकाले । थप हर्षोल्लासका साथ मनाउन थालेका थिए ।

## माध्यमिक काल

यस कालमा कोइली भन्ने महमुद खानले गोमती शाहलाई चुनावी मैदानमा पराजय गरी गाउँको नेतृत्व आफूले गर्न थालेका थिए । कोइली खान पनि गाउँकै ठुलै जमिन्दार थिए । उनले गाउँका हरेक मानिसहरूलाई सहयोग गर्ने गर्थे । कोइली खानलाई तिनको हरेक कार्यमा सहयोग गर्ने कार्य अमजद अली जोलाह, हग्गन जोलाह, पुत्तन खान, मुसे कुर्मी, कामता धोबी लगायतका व्यक्तिहरूले गर्थे । कोइली खानको घर उढ्रापुर गाउँको छिमेकी गाउँ डलाइपुरमा थियो । त्यहाँ गाउँका मान्छेहरूको भीड नै लाग्थ्यो । धेरैजना मान्छेहरूले खाना पनि त्यही खाने गर्थे । कोइलीको अर्को विशेषता के थियो भने उनी सँधै आफ्ना गाउँका मान्छेहरूलाई लिई जङ्गलमा जङ्गली जनावरहरूको सिकार गर्न जान्थे र ल्याएको सिकार गाउँभरिका मान्छेहरूलाई बाड्ने गर्थे । उनी अति नै निडर प्रवृत्तिका थिए । सत्यको लागि जो सँग लड्न पनि सदैव तयार हुन्थे । यसै कालको अर्को पनि एउटा महत्वपूर्ण घटना रहेको थियो ।

गाउँको चारैतिरका गाउँहरूमा महामारी फैलिएको थियो । धेरै जनाले आफ्नो प्राण त्यागेका थिए तर उढ्रापुर गाउँमा कोई बिरामीसम्म पनि भएका थिएनन् । यस्तो अवस्थामा गाउँभरिका मान्छेहरू आश्चार्य चकित थिए । हरेक गाउँमा महामारी (हैय्या भवाली) फैलेको छ तर हाम्रो गाउँ यसपालिको महामारीबाट किन अछुतो छ भन्ने आ–आफ्नो जिज्ञासा व्यक्त गर्ने गरेका थिए । त्यही समयमा गाउँमा हिन्दु समुदायका व्यक्तिहरूले कथा वाचन गर्नका

लागि बोलाएका थिए । तिनी ठूलै धर्माचार्य थिए । तिनलाई गाउँका मान्छेहरू गएर सोधे गुरूज्यू अन्य गाउँमा महामारी फैलेको छ । धेरैले अकालमै आफ्नो ज्यान गुमाइ रहेका छन् तर हाम्रो गाउँमा किन महामारी आएको छैन ? गुरूज्यूले ध्यान गरेर जवाफ दिए । हजुरहरूको गाउँको पश्चिमतिर एक जना फकिर (देउता) आएर बसेका छन् । त्यो महामारी यस गाउँमा आउने कोसिस त गर्छ तर त्यही फकिरले महामारीलाई लखेटी भगाइ दिन्छन । तसर्थ तपाईँहरू सबैजना गएर उहाँको पूजा प्रार्थना गर्नु पऱ्यो । गुरूज्यूले यो पनि बताउनु भएको थियो । तपाईँहरूले उहाँ फकिरलाई हेर्न सक्नु हुन्न तर पश्चिम तिर हुनुहुन्छ ।

यो जवाफ सुनेर गाउँभरिका मान्छेहरू गाउँको पश्चिम तिर गए । त्यहाँ एक ठाउँमा अति नै सफा ठाउँ देखिनुका साथै मिठो सुगन्ध पनि आइरहेको थियो । त्यही ठाउँलाई गाउँभरिका मान्छेहरूले अवश्य नै बाबा यही आएर बसेका होलान् भन्ने आस्थाका साथ सबैजनाले त्यो ठाउँको चारैतिर बार लगाई पूजा (फातिहा) गर्न थाले । जसको नाम गुरूज्यूको सल्लाह अनुसार सैयदबाबा राखे जुन पुरै नाम सैयद जलालुद्दिन शाह बाबा बन्न गएको थियो । त्यही समयदेखि हरेक धर्मावलम्बीका व्यक्तिहरू आस्थापूर्वक पूजा तथा फतिहा गर्दै आइरहेका थिए र प्रत्येक वर्षमा माघ सप्तमीको दिनदेखि चार दिनका मेला लगाउने र बाबाको मजारमा पुजा तथा फतिहा गर्ने प्रचलनको पनि आरम्भ गरिएको थियो । मेलालाई अझ स्तरीय तथा चर्चित बनाउनका लागि भारतबाट नौटङ्की नाच बोलाई दुई दिन नाच्न लगाउने कार्यको पनि सुरूवात गरिएको थियो । जुन हालसम्म निरन्तर तथा व्यवस्थित रूपमा चल्दै आइरहेको छ । यसरी नै हजरत सैयद जमालुद्दिन शाहबाबाको दरगाहको स्थापना भएको थियो ।

## आधुकि काल (वि.स. २०५१ देखि हालसम्म)

आधुनिक कालको प्रारम्भ यो इतिहास लेखनमा वि.स. २०५१ देखि हालसम्म राखिएको छ ।

यस कालमा यस क्षेत्रको धेरै नै विकास भएको हो । यस कालको प्रारम्भकर्ताका रूपमा प्रशासनिक सेवाबाट निवृत जीवन बिताई रहेका कृष्मान श्रेष्ठको आगमनबाट भएको थियो । उनले प्रशासन सेवामा डि.एस.पि सम्म पदको ग्रहण गरी सफलतापूर्वक जिम्मेवारी निर्वाह गरेका थिए । निवृत भएपछि आफ्नै गाउँमा आएर बस्न थाले । गाउँको सबैपक्षको बारेमा अध्ययन गर्दा उनलाई अति नै नराम्रो लाग्यो र आफूपनि शिक्षा, समाज तथा विकासप्रेमी भएको नाताले यो क्षेत्रमा शिक्षा र विकासको दीप जलाउन चाहेका थिए । फलस्वरू वि.स. २०४८ को आम निर्वाचनमा आफ्नो उम्मेदवारी नेपाली काङ्ग्रेस पार्टीको तर्फबाट गा.वि.स. अध्यक्ष पदको लागि दर्ता गराए र निर्वाचन पछि मतगणना हुँदा आफ्नो घोर प्रतिस्वर्धी नेपाल कम्युनिष्ट पार्टी एमालेका उम्मेदवार श्याम श्रेष्ठलाई भारी मतान्तरले पराजित गरी प्रथम चोटि उढ्रापुर गा.वि.स. को अध्यक्ष बन्न सफल भए ।

अध्यक्ष बनेपछि गाउँमा सडक, बाटो, विद्यालय, स्वास्थ्य चौकी, हुलाक आदिको स्थापना तथा निर्माण गरी सम्पूर्ण गाउँबासीहरूको सेवा गर्न थाले । गाउँभरिका मान्छेहरूले आफ्नै परिवारको मुखिया हो भनी कृष्मान श्रेष्ठज्यूको सम्मान तथा सत्कार गर्न थाले । पुरै गाउँमा असी प्रतिशत भन्दा बढी मुस्लिम तथा मधेसीहरूको बासोबास भए तापनि सम्पूर्ण गाउँबासीहरूले मुस्लिम तथा मधेसी नेतृत्वकर्तालाई मन नपराएर कृष्मान श्रेष्ठलाई नै सबैले मन पराउँथे र अहिले पनि त्यत्ति नै मन पराउँछन् ।

कृष्मान श्रेष्ठले आफ्नो गा.वि.स. अध्यक्षको प्रथम कार्यकालमा नै उढ्रापुर प्रतिक्षालय चौकदेखि बाबा स्थान चौकलाई जोड्ने बाटोको निर्माण गरेका थिए । निर्माण गर्ने क्रममा कच्ची बाटो नै बनाइएको थियो । जुन बाटोले धेरै गाउँ तथा बर्दिया जिल्लाबाट आवतजावत गर्ने व्यक्तिहरूलाई पनि ठूलै सहयोग गरिरहेको थियो । आज पनि त्यो बाटो पिच भई सबैजनालाई सेवा प्रदान गर्दै अइरहेको छ ।

तिनको यो लगनशीलता देखेर वि.स. २०५३ सालको निर्वाचनमा पनि गाउँका सम्पूर्ण बासीहरूले विजयी गराई सेवा प्रदान गर्ने अवसर प्रदान पुनः गरेका थिए । उनको यो दुबै पदावधिमा अहोरात्र खटी सहयोग गर्ने घुरे खाँ, रियासत खाँ, भुलन बेहना, हमिद खाँ, दुबर अहिर, कामता धोबी, हरिराम कुर्मी, घुरे बेहना, जंगी खाँ, जलिल बेहना, विष्णु बमाको परिवारका व्यक्तिहरू लगायतका व्यक्तिहरूले अमूल्य भूमिका निर्वाह गरेका थिए । आधुनिक कालका विकासात्मक अस्थाहरूलाई निम्नलिखितका अवस्थामा पनि वर्गीकरण गर्न सकिन्छ ।

**शैक्षिक अवस्था**

यस कालमा शैक्षिक अवस्थामा पनि धेरै नै सुधार आएको थियो । माध्यमिक कालमा यस क्षेत्रमा तीन जना व्यक्तिहरूले एस.एल.सी वा सो सरहको परीक्षा उर्त्तीण गरेका थिए । जसमा इरफान अहमद खान, डा. फारूक खान, मनोहरलाल खटिक र जगदिश हरिजनले मात्र त्यहाँसम्मको शिक्षा प्राप्त गर्न सफल भएका थिए । अरू केही व्यक्तिहरू सामान्य रूपमा साक्षर भए तापनि बाँकी व्यक्तिहरू निरक्षर नै थिए तर आधुनिक कालमा कृष्णमान श्रेष्ठको नेतृत्वमा शिक्षा क्षेत्रमा पनि यस क्षेत्रका वासीहरूमा

धेरै नै परिवर्तन आएको थियो । सम्पूर्ण अभिभावकहरूले श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय उढ्रापुरको विद्यालय व्यवस्थापन समितिको अध्यक्षको रूपमा देवकी श्रेष्ठलाई अध्यक्ष बनाई विद्यालयलाई गति दिने कार्य गरेका थिए । देवकी श्रेष्ठले आफ्नो जिम्मेवारी अति नै इमान्दारी तथा वफादारिताका साथ निर्वाह गरेकी थिइन् । उनले गाउँभरिका बालबालिकाहरूलाई निम्न माध्यमिक तहको शिक्षा लिन टाढाको विद्यालयमा जाना नपरोस् भन्ने उद्देश्यले वि.स. २०५५ सालमा श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालयको नाम परिवर्तन गरी श्री भानु निम्न माध्यमिक विद्यालय उढ्रापुर बाँके नाम राखी शैक्षिक सत्र २०५५/०५६ सालदेखि निम्न माध्यमिक तहको कक्षा ६ सञ्चालन गर्नका लागि तत्कालीन जिल्ला शिक्षा कार्यालय बाँकेबाट अनुमति लिई कक्षा सञ्चालन गर्नमा अमूल्य भूमिका निर्वाह गरेकी थिइन । तत्कालीन समयमा कक्षाहरूलाई सु–व्यवस्थित रूपमा सञ्चालन गर्नका लागि गा.वि.स. अध्यक्ष श्री कृष्णमान श्रेष्ठले गा.वि.स बाटै एक जना शिक्षकको व्यवस्था गरेका थिए । जुन शिक्षकको रूपमा चेवनप्रसाद पाखरेल सरले विद्यालयमा उपस्थित भई पठन पाठन कार्यलाई सुदृढ गर्ने कार्यमा आफ्नो ठुलो योगदान पुर्‍याउँदै आइरहेका छन् ।

गाउँकै विद्यालयमा निम्न माध्यमिक तहको विद्यालय भइसकेपछि धेरै जना विद्यार्थीहरू नि.मा.वि. तहको शिक्षा पुरा गरी मा. वि. तहमा अन्य छिमेकी विद्यालयमा गई मा.वि. तहमा अध्ययन गर्न थाले र मा.वि. तह उत्तीर्ण गरी माध्यमिक तह हुँदै उच्च तहको शिक्षा पनि प्राप्त गर्न थाले । जसबाट यस क्षेत्रमा शैक्षिक क्षेत्रमा धेरै नै सुधार हुन गयो । वि.स. २०६२ सालमा तत्कालीन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री शहिजाद खाँ तथा प्रधानाध्यापक श्री इरफान अहमद खानको कार्यकालमा कक्षा १ मा नेपाल तथा

विश्व रेकर्ड बनाउँदै ६६२ जना विद्यार्थीहरू भर्ना गर्न र गराउनमा सफल भएका थिए । ती विद्यार्थीहरूलाई पठन पाठन गराउनका लाथि ११ जना स्वयम् सेवक शिक्षक भर्ना गरिएको थियो । जुन स्वयम् सेवक शिक्षकहरूले केही दिनसम्म टिफिनको टाइममा समोसा मात्र खाएर पठन पाठन गराएका थिए । स्वयम् सेवक शिक्षकहरूमा मुख्य योगदान श्री इबरान खान, श्री आरिफ खान, श्री जवाहिर खान, महेश यादव, श्री गणेशदत्त खटिक, श्री स्व. जवाहिरलाल बर्मा, श्री पीमा अर्याल, श्री सीता खडका, श्री दीपना प्याकुरेल, श्री सुस्मा भपलिया, श्री चन्डिका पोखरेलको रहयो । शैक्षिक सत्र २०६५/०६६ सालदेखि तत्कालीन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री निसार अली दर्जी तथा प्रधानाध्यापक श्री इरफान अहमद खानको कार्यकालमा मा.वि. तहको कक्षा ९ सञ्चालन गर्नका लागि तत्कालीन जिल्ला शिक्षा कार्यालयबाट अनुमति पत्र प्राप्त गरी कक्षा ९ सञ्चालन गरेका थिए ।

गाउँको विद्यालयमा माध्यमिक तहकै कक्षा १० सम्म सञ्चालन भइसकेपछि गाउँभरिका बालबालिकाहरूले गाउँमा कक्षा १० सम्म पढ्ने अवसर पाएपछि धेरैले एस.एल.सी. पास गरे । यसका साथै गाउँमा मुस्लिम तथा मधेसी समुदायका छोरीहरू बहिरको विद्यालयमा गई अध्ययन गर्दैनथे । तिनीहरूको लागि यो अति नै स्वर्णीम अवसरको रूपमा भयो । अधिकांश छोरीहरूले पनि यसै विद्यालयबाट एस.एल.सी. को परीक्षा उर्त्तीण गरे । जसबाट गाउँको शैक्षिक अवस्थामा धेरै नै सुधार हुन गयो । यस्तै वि.स. २०७८ सालमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री गरिबे शेष तथा प्रधानाध्यापक श्री वृद्धि महतोको सक्रियता तथा समय र अभिभावकहरूको माग अनुसार खजुरा गा.पा. को शिक्षा तथा खेलकुद शाखाबाट अनुमति पत्र लिई कक्षा ११ को कक्षा सञ्चालन

गरेका थिए । जुन अति नै सह्रानीय कार्यको रूपमा रहेको थियो । वि.स. २०५३ सालमा तत्कालीन गा.वि.स. अध्यक्ष श्री कृष्णमान श्रेष्ठको नेतृत्व तथा समाज र शिक्षा प्रेमी श्री सिपाहीलाल कुर्मीको सक्रियतामा रजनावा गाउँमा श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालयको स्थापना गरी त्यस गाउँका बालबालिकाहरूलाई औपचारिक रूपमा शिक्षा दिने कार्यको थलानी गरियो । वि.स. २०५८ सालमा जनसङ्ख्याको वृद्धिसँगै विद्यालयहरूको सङ्ख्या बढ्ने क्रममा धार्मिक तथा साधारण शिक्षा दिने उद्दश्यले गुल्शने मदिना दारूल अंजुमन उढ्रापुर गा.वि.स. वार्ड न. ६ उढ्रापुर गाउँमा स्थापना गरी शिक्षा दिने कार्यको सुरूवात गरियो । यो मदरसालाई स्थापना गर्ने क्रममा समाज सेवी तथा शिक्षा प्रेमी भुलाई खाँले आफ्नो नाममा नामसारी रहेको ३ का जग्गादान दिए । त्यस्तै भग्गु भन्ने मोहम्मद वकिल खाँ, कमाल अहमद खाँ, रियासत खाँ, भग्गन खाँ, बब्बन खाँ, जलिल बेहना, सफी नाऊ, किराहु बेहना, सुख्खा बेहना, मैकु बेहना, बेचन जोलाह (हाजी), मुस्लिम खाँ, हफिज खाँ, जँगी खाँ, लड्डन शेष लगायत व्यक्तिहरूको अमूल्य योगदान रह्यो । यस मदरसामा कक्षा १ देखि ३ सम्म साधारण शिक्षाको पठन पाठन हुनुका साथै धार्मिक शिक्षाको पनि पठन पाठन हुँदै आइरहेको छ ।

यस क्षेत्रको प्राथमिक तथा माध्यमिक कालमा शिक्षाको स्तर अति नै न्यून रहे तापनि आधुनिक कालमा आएर शिक्षा क्षेत्रले धेरै नै फडको गारेको छ । हाल यस खजुरा गा.पा. को वार्ड नं. ५ र ६ को मधेसी तथा मुस्लिम समुदायमा करिब ८० प्रतिशत घरहरूको व्यक्तिहरूले १० कक्षा उत्तीर्ण गरेका छन् भने धेरै १२ कक्षासम्मको शिक्षा ग्रहण गरी विभिन्न क्षेत्रमा कार्यवृद्धि भई सेवाप्रदान गर्दै आइरहेका छन् । हालसम्म यस क्षेत्रमा सबैभन्दा बढी आरिफ

खानले पढेका छन् । जसले दुई विषयमा स्नातकोत्तर (एम.ए., एम.एड.) गरेका छन् । यसै क्षेत्रमा बसोबास गर्ने नाजिया खातुन र रमेश कुमार पथिकले पनि स्नातकोत्तरसम्मको अध्ययन गरेका छन् । स्नातकतहसम्म अध्ययन गर्नेमा इबरान खान, जुबेर खाँ, सेबु खान, शब्दर अलीशाह, धर्मराज बर्मा, जियाउलहक खाँ, गणेश खटिक रहेका छन् । यसका साथै धेरै जना विद्यार्थीहरूले प्राविधिक शिक्षा प्राप्त गरी सेवा प्रदान गर्दै आइरहेका छन् । यस क्षेत्रको शैक्षिक स्तरलाई उठाउने कार्यमा इरफान अहमद खान, डा. इन्द्रबहादुर भण्डारी, ऋषिराम सापकोटा, शरीफ खाँ, टेकनारायण यादव, बुद्धिप्रसाद बञ्जाडे, कन्हैया लाल कोरी, बृजलाल हरिजन, चेवनप्रसाद पोखरेल, नफिस खाँ, राजकुमार सुनार, यशोदा योगी, मनोहरलाल खटिक आदिको अमूल्य योगदान रहेको छ ।

**आर्थिक अवस्था**

आधुनिक कालमा आएर धेरै सुधार भएको छ । माटोको पर्खाल खरको छानाभन्दा माथि उठी करिब ५० प्रतिशत व्यक्तिहरूको घरको पर्खाल ईँट्टा तथा छानामा टिनको प्रयोग भइसकेको छ भने २५ प्रतिशत जति मान्छेहरूको पक्की घर बनिसकेको छ र बाँकी २५ प्रतिशत मान्छेहरू अहिले पनि गरिबीको रेखामुनि रहेका छन् ।

यस क्षेत्रको आर्थिक स्तर सुधार गर्नमा निम्नलिखित कुराहरूले प्रत्यक्ष प्रभाव पारेका छन् ।

अ) कृषि कार्य

आ)बैदेशिक रोजगार

इ) व्यापार व्यवसाय

ई) जागिर

## कृषिकार्य

परम्परागत खेतीकार्य गर्नुभन्दा वर्तमान समयमा आधुनिक तरिकाले खेती गर्ने ।

## वैदेशिक रोजगार

वि.स. २०५५ सालमा प्रथमचोटि यस क्षेत्रका साबिर खान, जाबिर खान, नेतराम कुर्मी र गब्बन बेहना वैदेशिक रोजगारको सिलसिलामा साउदी अरब गएका थिए, जसबाट तिनीहरूको आर्थिक स्तरमा सुधार हुन गएको थियो । त्यसैलाई हेरेर गाउँका मान्छेहरू ऋण लिएर, जग्गाधनी पुर्जालाई बैंकमा धितो राखेर वैदेशिक रोजगारीका लागि खाडी देशहरूमा जान थालेका थिए । हाल गाउँका करिब ८० प्रतिशत घरका कोई न कोई वैदेशिक रोजगारीको सिलसिलामा विदेशमा नै छन् जसबाट यस क्षेत्रको आर्थिक स्तरमा धेरै नै सुधार भएको छ ।

## व्यापार, व्यवसाय

विभिन्न किसिमका मान्छेहरूले अन्नको व्यापार, तरकारीको व्यापार, काठको व्यापार, ईँट्टाको व्यापार विभिन्न किराना पसलहरूको व्यापार गर्न थालेका हुनाले पनि अर्थिक स्तरमा सुधार ल्याएको हो ।

## जागिर

शिक्षा, स्वास्थ्य, प्रशासन आदि क्षेत्रमा आफूलाई संलग्न हुनाले यसबाट पनि धेरै नै आर्थिक सुधार भएको छ ।

## चाडपर्वः

यस क्षेत्रमा बासोबास गर्ने हिन्दु तथा मुस्लिमहरू आ–आफ्नै रितिरिवाज, संस्कृति तथा परम्परा अनुसार चाड पर्व मनाउँदै

आइरहेका छन् । आपसी समझदारी अनुसार एक समुदायले अर्को समुदायको चाडपर्वमा कुनै पनि किसिमको खलल नपुऱ्याई, आवश्यक सहयोग गरी मनाउँदै आइरहेका छन् । यस कालको चाडपर्वमा प्राथमिक तथा माध्यमिक कालभन्दा धेरै नै परिवर्तन आएको छ । आर्थिक तथा समयको परिवर्तनसँगै यसमा परिवर्तन आएको हो । हाल आएर दशैं, मोहम्मद डे लगायतका पर्वहरूमा धेरै भव्य तथा सभ्यका साथ विभिन्न ठाउँमा दुर्गा देवीको मुर्ति राख्ने गरेका छन् । मोहम्मद डे मा पनि भव्य र सभ्यका साथ ठूलै जुलुस निकाल्ने कार्यको पनि आरम्भ गरेका हुन् ।

## खानपिन, पहिरन

### खाना

यस कालमा खानाको प्रकार पनि फरक भएको छ । विभिन्न किसिमका आधुनिक धान जस्तै : श्यामा, माला, राधाचार, राधा नौ, सामजिरा आदिको भात तथा विभिन्न किसिमका मौसमी तथा बेमौसमी तरकारी, फलफूल ठाउँ ठाउँमा बिक्री वितरण भइरहेका नास्ता, दुध, दही, घ्यु विभिन्न किसिमका अचार आदिलाई खानाको रूपमा प्रयोग गरिरहेका छन् ।

### पेय पदार्थ

अधिकांश मान्छेहरूले पेय पदार्थको रूपमा पानीलाई नै प्रयोग गर्छन । यसका साथै धेरैले विभिन्न किसिमका पेय पदार्थलाई पनि प्रयोग गर्ने गरेका छन् । जस्तै : कोकाकोला, स्पराइट, पेप्सी, डियु, फन्टा, सलाइस आदि ।

## पहिरन (पोसाक)

यस कालको व्यक्तिहरूको पहिरनमा पनि धेरै नै परिवर्तन आएको छ । हाल आएर मौसम अनुसारको पोसाक लगाउन थालेका छन् । जाडोमा पाइन्ट, सर्ट, स्वीटर, जाकेट, मुफरल आदिको प्रयोग गर्छन् भने अन्य सयममा सर्ट, पैन्ट लुङ्गी आदिको प्रयोग गर्छन । महिलाहरूले सारी लगाउनुका साथै कुर्ता, सुरूवाल लगाउन थालेका छन् ।

## राजनीतिक अवस्था

यस कालमा जनयुद्धको समाप्तिपछि राजनीतिक क्षेत्रमा पनि धेरै नै परिवर्तन आएको छ । विभिन्न साङ्गठनिक पार्टीहरूको सदस्य भई राजनीति गरिरहेका छन् । यस क्षेत्रमा सहयोग पुऱ्याउने देवेन्द्रमान श्रेष्ठ, साविर अंसारी, गरिबे शेष, विष्णु बर्मा, फारूक शेष, घुरे खाँ, कमाल अहमद खाँ, सकिल खाँ, देवफल यादव, रामकुमार यादव, लल्लन यादव, बद्दाम खान, रियासत खान, अकबाल खान, अपसर अली बेहना, अकबर अली बेहना लगायतका व्यक्तिहरूले आ–आफ्नो भूमिका निर्वाह गर्दै आइरहेका छन् ।

## यातायात

यातायात साधनको रूपमा साइकल, बाइक, ट्र्याक्टर आदि यातायात साधनको रूपमा प्रयोग गर्दै आइरहेका छन् ।

## स्वास्थ्य अवस्था

यस कालमा सामान्य रोगी भएका व्यक्तिहरूको परीक्षण तथा परामर्श दिनुका साथै प्राथमिक उपचार उपलब्ध गराउनका लागि

गाउँमै स्वास्थ्य चौकी रहेको छ । आफ्नो व्यक्तिगत रूपमा मेडिकल खोली स्वास्थ्य सेवा तर्फ अन्य व्यक्तिहरूले पनि योगदान पुऱ्याउँदै आइरहेका छन् ।

## निष्कर्ष

यो इतिहास लेख्ने क्रममा खास गरी मैले यस खजुरा गा.पा. को वडा न. ५ र ६ लाई मुख्य केन्द्रविन्दु बनाई लेख्ने जमर्को गरेको छु । यो इतिहास लेख्नका लागि यसै क्षेत्रमा बासोबास गर्ने विभिन्न उमेर, वर्ग, जाति, धर्म आदि विशेषता भएका मान्छेहरूबाट आवश्यकता अनुसार प्रश्न सोधी, जानकारी जुटाई त्यसैको आधारमा लेखेको छु । लेख्ने क्रममा यस क्षेत्रमा सत्य तथा तथ्य कुरोलाई उजार गर्ने प्रयत्न गरेको छु । कुनै पनि व्यक्ति धर्म, जाति आदिलाई दुःख पुऱ्याउने उद्देश्यले लेखेका छैन । यदि यो इतिहासबाट कसैलाई कुनै पनि किसिमको दुःख लाग्छ भने त्यस्तो व्यक्तिबाट क्षमा माग्दछु । इतिहास लेख्न आफैमा एउटा जटिल कार्य भए पनि मैले प्राप्त स्रोत तथा जानकारीको आधारमा लेखेको छु । लेख्ने क्रममा अवश्य नै धेरै कुराहरू जानी नजानी छुटेका होलान् । त्यस्ता छुटेका सत्य, तथ्य घटनाहरूको बारेमा पाठकज्यूहरूले अवश्य नै मलाई जानकारी गराउनु हुने छ । जुनमा सबै कुराहरूलाई आत्मसात गरी अर्को संस्करणमा प्रकाशन गरिने छ ।

**लेखकः**
नाम : आरिफ खान
ठेगाना : खजुरा गा.पा-५ उढ्रापुर, बाँके
पेशा : शिक्षण
सम्पर्क नं. : ९८०४५६६९९६

# खजुरा मधेसी समुदायको इतिहास

इमरान खान

## विषय परिचय

हाम्रो देश नेपाल बहुजातीय, बहुधार्मिक, बहुभाषिक र बहुसांस्कृतिक देश भएकोले खजुरा गाउँपालिका पनि विभिन्न धर्म, जातजाति, भेषभूषा, भाषा, संस्कृति र धार्मिक सहिष्णुता भएको पालिका हो । यस खजुरा गाउँपालिकामा ८ ओटा वडाहरू रहेका छन् । यसमा वडा नं. १, २, ३, र ४ मा पहाडी समुदायको बाहुल्यता रहेको छ भने वडा नं. ५, ६, ७ र ८ मा मुस्लिम समुदायको बहुल्यता रहेको छ । तर जे-जस्तो भए तापनि यस खजुरा गा.पा. का वडा नं. १ देखि ८ सम्मकै सम्पूर्ण जनसमुदायहरू एकआपसमा मिलेर धार्मिक सहिष्णुताका साथ वर्षौंदेखि बस्दै आइरहेको इतिहास विदितै छ । विभिन्न समुदायका मानिसहरूको बासस्थान भएकोले तिनीहरूका भेषभुषा, धर्म, सँस्कृति, परम्परामा विविधता रहे तापनि एक आपसमा मिलेर बस्नु खजुरा गाउँपालिकाको सुन्दरता झल्काएको पाइन्छ ।

खजुरा गाउँपालिका बाँके जिल्लाकै राम्रो गाउँपालिका हो जसको प्रमुख कारण यहाँको सामाजिक, सांस्कृतिक, राजनैतिक, आर्थिक, शैक्षिक, धार्मिक, साहित्यक र स्वास्थ्यको दृष्टिकोणले धेरै राम्रो पक्षका रूपमा हेल्थपोस्ट र क्यान्सर हस्पिटल साथै २ ओटा नमुना माध्यामिक विद्यालय हुनु हो । अध्ययन गर्न गइरहेको वडा नं. ५, ६, ७, र ८ को भने शैक्षिक, राजनैतिक, साहित्यिक भौतिक, स्वास्थ्य जस्तो क्षेत्र अलि कमजोर रहेको पाइन्छ ।

खजुरा गाउँपालिकाका वडाहरू वडा नं. ५, ६, ७, र ८ सबैभन्दा पुराना गाउँहरु बस्तीहरु रहको पाइन्छ । नेपालगञ्जको

कुनै नाम निशान नभएको बेला यस क्षेत्रको वडा नं. ८ मा रहेको रनियापुर प्राचीन कालीन गाउँ भएको मान्ने धेरै आधार छन् । यहाँका मानिसहरु रनियापुरमा गनी चौराहा भएको र सो चौराहाबाट भारतको उत्तर प्रदेशमा पर्ने बहराइच र नानपारामा लगेर आफ्नो कारोबार गर्ने गरेको पाइन्छ । रनियापुर बाहेक खजुरा गाउँपालिका र नेपालगञ्ज पुरै वन जङ्गलले ढाकिएको थियो । रनियापुरका मानिसहरु बयलगाडा, लहड, घोडा आदिमा थुप्रै मानिसहरुको जमात बनाई एकआपसमा मिलेर नानपाराको राजाकोठी भन्ने ठाउँमा र बहराइचमा गइ धान, गल्ला, नुन, चिनी जस्ता अति आवश्यक खाद्य पदार्थहरु किनेर ल्याउँथे । रनियापुर गाउँमा बनेका घरहरुमा प्रयोग गरिएका सालका काठहरुको घरले समेत पहिचान गराएको पाइन्छ तर यस क्षेत्रको इतिहास हालसम्म नलेखिएको कारणले र कुनै पनि किसिमको खोज अनुसन्धान नगरिएको कारणले यो मितिमा यो घटना वा अवस्थामा रनियापुर रहेको भन्न कठिन छ । यहाँको ऐतिहासिक पक्षलाई दृष्टिगत गर्दा प्रचीन काल, माध्यामिक काल र आधुनिक काल गरी तीन खण्डमा विभाजन गरी यस क्षेत्रको इतिहास लखनको कार्य थालनी गरिएको छ । खजुरा गा. पा. वडा नं. ५, ६, ७, र ८ को क्षेत्रमा बसोबास गर्दै आइरहेका, वृद्धा अवस्थामा पुगिसकेका र बुद्धिजीवीहरु र अनुभव बटुलेका मानिसहरुसँग विभिन्न किसिमका प्रश्नहरु सोधी प्राप्त उत्तर तथा जानकारीको आधारमा यो इतिहास लेख्ने कार्य थालनी गरिएको छ । यस लेखको क्षेत्र वडा नं. ५, ६, ७, र ८ का विभिन्न गाउँहरुमा पहिलो र पुरानो गाउँ रनियापुर, सोनपुर, बठवा र उढरापुर, सोनबर्षा आदि रहेको जसमा रनियापुर भने सबैभन्दा पुरानो गाउँ रहेको र यसै गाउँबाट निम्न गाउँहरु बनेको इतिहास भेट्न पाइन्छ । जुन निम्नानुसार रहेका छन्ः रनियापुर र

यसका मातहतका गाउँहरु चमकदार, दाहवा, कठ्हवा, घिया, बेलडमरा, छगडीपुर, फुलवारी, नयाँ बस्ती, दङ्गालीपरु, ठाकुरपुर बुधुनापुर, सोल्टीपुर, कान्तिपुर चमारन टोल, सुनौलो टोल आदि ।

**उढरापुर र यसका वरपरका गाउँहरु :**

मङ्गलपुर, पुरैना, गिजरा, बसन्तपुर, डलैपुर, रजनवा, मर्दानपुर्वा, सोनपुर र यसका वरपरका गाउँहरु सोनवर्षा, बठवा, पुर्वा, प्रतिक्षालय, गोदहना, बरगदही, सिंदुरी आदि ।

यी चार वडाका गाउँहरु र तिनका वरपरका गाउँका क्षेत्रको इतिहास कोट्याउदा यहाँको सामाजिक, सांस्कृतिक, ऐतिहासिक, धार्मिक, राजनैतिक आर्थिक, स्वास्थ्य आदि विविध पक्षलाई विभिन्न कालखण्ड सहितको अध्ययनको क्षेत्र बनाई लेख्ने कोसिस गरिएको छ । यस अध्ययनको उद्देश्य यी चारओटा वडाका मधेसी मुस्लिम तथा हिन्दुहरुको इतिहास तयार गर्नु र अबका मितिदेखि लिपिबद्ध गर्नु नै रहेको छ ।

**वि.स. २००० भन्दा पहिलाको कालखण्ड**

हाल खजुरा गाउँपालिकाको वडा नं. ५, ६, ७, र ८ का सबैभन्दा पुराना गाउँहरु रनियापुर, बठवा, सोनपुर, सोनवर्षा, उढरापुर र गोदहना रहेका र यी गाउँहरुमा कहिलेदेखि मानिसहरु बसोवास गरेको भन्ने यकिन प्रमाण नभए तापनि श्री ३ महाराज जङ्गबहादुर राणाको समय सन् १८५७ मा भारतमा भारतीय स्वतन्त्र सेनानी र लखनउका नवाब वाजिद अलि शाह र अय मुसलमान धर्म गुरूहरु (मौलानाहरु) ब्रिटिश सरकार विरुद्ध चलाएको आन्दोलनमा श्री ३ जङ्गबहादुर राणाले गरेको सहयोग वापत इष्ट इण्डिया कम्पनी खुशी भएर सन् १९६५ मा बाँके, बर्दिया, कैलाली,

कञ्चनपुरका भू-भाग फिर्ता गरेको र यी भू-भाग फिर्ता गर्नुभन्दा पहिला नै रनियापुर, सोनपुर, बठवा, घिया, सोनबर्षा, उढररापुर रहेको रनियापुर बासी ९३ वर्षका वृद्ध मिन्नु खाँ र अन्य वृद्धहरूको भनाइ रहेको छ । कही कतै वृद्धहरूको भनाइसँगै भग्नावशेष हेर्दा इ.स. ५६३ तिर भगवान सिद्धार्थ गौतम (गौतम बुद्ध) को समयमा रनियापुर गाउँ पुरानो रहेको छ भन्ने भनाइ समेत रहेको पाइन्छ तर पनि १०/१२ पुस्ता र यी वृद्धहरूको भनाइ मान्ने हो भने नेपालगञ्जको नाम निशान नै नभएको बेला आज भन्दा ६००/७०० वर्ष पुरानो रहेको मान्न सकिन्छ । यी चार ओटै वडा र यी प्रमुख बस्तीहरूमा पनि मधेसी मुस्लिम समुदाय, हिन्दु समुदाय, र पहाडी समुदायको समेत मिश्रित बसोबास रहेको छ । यी चार ओटा वडाहरूमा भने बौद्धिष्ट, क्रिष्चियन, सिया, सिख, जैन आदि धर्मका मानिसहरु नरहेको पाइन्छ । एउटै गाउँ ठाउँमा वर्षौंदेखि बस्दै आइरहेका यी मुस्लिम समुदाय, हिन्दु मधेसी समुदाय, थारु समुदाय र पहाडी समुदाय बिच भने एकआपसी सम्बन्ध एकदमै प्रगाढ रहेको र आ–आफनो धर्म, संस्कृति, रीतिरिवाज, परम्परा मान्दै आइरहेका, सामाजिक सद्भाव रहेको पाइन्छ । हालसम्म पनि कुनै धार्मिक द्वन्द्व नभएको सुनिन्छ । त्यसैले यी मेधेसी मुस्लिम समुदाय, मधेसी हिन्दु समुदाय, थारु समुदाय र पहाडी समुदाय मध्ये सबैभन्दा पुरानो र बढी बाहुल्यता रहेको मुस्लिम समुदायको इतिहास लेखन विभिन्न काल खण्डको अध्ययन गरी लेख्ने प्रयास गरेको छ ।

- वि.सं. २००० सालसम्मको समय
- वि.सं. २००० देखि वि.स. २०४० सालसम्मको समय
- वि.सं. २०४० सालदेखि हालसम्मको समय

## वि.स. २००० सालसम्मको समय

विगत प्राचीन समयदेखि वि.सं. २००० सालसम्म हालको खजुरा गा. पा. वडा ५, ६, ७ र ८ घना जङ्गल र जङ्गली जनावरहरु रहेको ठाउँ थियो जसमा सबैभन्दा पुरानो गाउँ रनियापुर, बठवा, सोनपुर, उढरापुर आदि गाउँहरु रहेकोमा सबैभन्दा पुरानो गाउँ रनियापुर नै भएकोले रनियापुरका बासिन्दाहरु रनियापुर गनी चौराहाबाट भारतको नानपारा, बहराइच, बाराबाकी कारोबार, उपचार र खाद्य पदार्थ नुन, तेल, चिनी लिन जादा हिंस्रक जङ्गली जनावरहरुको समेत सिकार हुनुपर्ने भएकाले समूहमा जाने गरेको र जाने बखत पैदल, लहडु वा गाडा र घोडा प्रयोग गरेका हुन्थे । साथै हात हतियारका रुपमा बन्चरो, खुकुरी, दाउ र आगो बाल्ने सामग्री लगेर जाने गर्थे । त्यसैले त्यतिबेलाका मानिसहरुलाई यस क्षेत्रमा बसोबास गर्नु एकदमै चुनौतीपूर्ण थियो तर समय क्रमको बिस्तारसँगै भारतको उत्तर प्रदेश, नानपारा, बहराइच लगायतका ठाउहरुबाट मानिसहरु नेपालभित्र पुरेत गर्दै वन जङ्गल फँडानी गर्दै हालको बठवा गाउँ, सोनपुर, सोनवर्षा, उढरापुर आदि गाउँहरु बस्दै र यहाँको जनसङ्ख्या वृद्धि हुँदै विभिन्न गाउँहरुको नाम दिंदै बस्ती बढेको थियो । बाढे थारुको नामबाट बठवा गाउँ, सोना अहिरिनको नामबाट सोनपुर र उढरापुर विभिन्न ठाउँबाट मान्छे आएर बसोबास गर्नाले अथवा अन्य ठाउँबाट उठेर यस ठाउँमा आएर बसोबास गर्नाले उढरापुर रहन भएको हो । उढरापुरमा तत्कालीन समयमा ककुर कुर्मी भन्ने व्यक्तिले अरूलाई साथमा लिएर बसोबास गरेको उढरापुरका वृद्ध तथा जानकारहरुको भनाइ रहेको छ ।

सोनपुरका वृद्धहरु अब्दुल आवेश खाँ, अब्दल मजित खाँ र लतिफ खाँको भनाई अनुसार सन् १७१० ताका सोनपुरका कुम्दौरिया

मुसलमानहरु अफगानिस्तानबाट लखनउ र लखनउ हुँदै नेपालको सोनपुर गाँउमा आएको भन्ने भनाइ रहेको छ र तिनीहरु हालसम्म पनि भारतको लखनउ आसपास गाउँहरुमा समेत नातागोता रहेको प्रमाण पुष्टि हुन्छ ।

## आर्थिक अवस्था

यस काल खण्डका मानिसहरुको आर्थिक अवस्था एकदमै कमजोर थियो । कृषि उपजहरु पनि राम्रो नभएर खानलाई समेत गाह्रो पर्न गई भोकमरीका कारण मर्ने अवस्था सिर्जना हुन्थ्यो । समान्य खेतीपाती बाहेक अन्य कुनै व्यापार व्यवसाय नभएका कारण आर्थिक अवस्था जीवन गुजारा गर्ने किसिमको र सामान्य किसिमको खरको छाना र काठको घर बनाई बस्ने गरेको भनाइ १३० वर्षे वृद्ध मिन्नु खाँ र अन्य वृद्धहरु शीर्षराम यादव, अयुब खाँ, रियासत खाँको भनाइ रहेको छ । खेतवारीमा अलि बढी उत्पादन गरिएका र उपभोग्य खाद्यान्न सामग्रीहरु जङ्गल जङ्गल भएको बाटो पार गरी नानपारामा सामान्य किनबेच हुने भएकोले आवत जावत गर्ने गर्थे ।

## समाजिक अवस्था

यस काल खण्डमा यस क्षेत्रका बासिन्दाहरुको समाजिक अवस्था ठिक रहेको र एक अर्कासँग मिलेर सद्भावका साथ बसी एक अर्कालाई सामाजिक कार्यमा सहयोग गर्दथे । सामाजिक संस्कारका रुपमा जन्म, मृत्यु अकिका, मुसलमानी, शादी विवाह, मंगनी, गौना, थौना, व्रत आदि मात्र रहेको थियो ।

### धार्मिक अवस्था

यस काल खण्डमा यस क्षेत्रमा दुई धर्म मान्ने खास गरी मुसलमान (इस्लाम धर्म) र हिन्दु धर्म मान्ने समुदायहरु रहेको जसका मुसलमानहरु माटो, काठ र खरको मस्जिद निर्माण गरी नमाज पढ्थे भने हिन्दुहरु मन्दिर निर्माण गरी मूर्ति बनाई पुजाआजा गर्ने गर्थे । मुसलमानहरु ईद, बकर ईद, मोहर्रम, सुबरात आदि चाडपर्व मनाउने र हिन्दुहरु दशै तिहार, चैते दशै, होली आदि चाडपर्व मनाउने गर्थे । तर जे-जस्तो भए तापनि धार्मिक सहिष्णुताका साथ एक अर्काको धर्मप्रति रिसराग नराखी एकले अर्कालाई सहयोग गर्ने र धार्मिक आँच नआउने कार्य गर्थे ।

### राजनैतिक अवस्था

यस काल खण्डमा राजनैतिक प्रभाव खासै थिएन । गाउँको धनाढ्य वा जमिनदार नै गाउँको अगुवा र मुखिया हुने गर्थे । कुनै पनि किसिमको पार्टीगत प्रणाली र चुनावी प्रक्रिया नभएको भन्ने भनाइ मिन्नु खाँको रहेको छ ।

### भौतिक अवस्था

यस काल खण्डमा भौतिक अवस्था एकदमै कमजोर थियो । प्रायः मानिसहरु खरको छाना, माटोको दिवाल र कोही मानिस खपडा (घौँघी), सालको सेखुवा काठको घर निर्माण गरी जीवन निर्वाह गरेका हुन्थे । व्यवस्थित बाटोघाटोको कुनै व्यवस्था थिएन । जो जहाँ पाउथे त्यही एउटै गाउँमा घर बनाएर बस्ने गर्थे । भएका बाटोघाटो वर्षातको समयमा पानीको डुबानमा पर्नाले मृत्यु किरिया गर्न जाँदा गैरी, ताल तलैया, पार गरेर जानुपर्दा एकदमै गाऱ्हो पर्ने गर्थ्यो । भौतिक अवस्था एकदमै कष्टकर रहेको थियो ।

## स्वास्थ्य अवस्था

यस काल खण्डका मानिसहरु प्रायः स्वस्थ नै हुने गर्थे । आजको जस्तो धुवाँ धुलो थिएन । टि.बि. (क्षयरोग), आँखा सम्बन्धी रोग र मलेरिया रोग लाग्ने गर्थ्यो । कहिले काहीँ हैजा भन्ने रोग आउँदा उपचारको व्यवस्था नभएका कारण पुरै गाउँ नै सखाप हुने गर्थ्यो । औषधीका रुपमा जडीबुटी र झारफुक गर्थे । तर जे जस्तो भए पनि कमै रोग लाग्ने गर्थ्यो । हरियो वन जङ्गल र वैद्यहरुको सोधखोजका रुपमा जडीबुटी र झारफुक गरेर उपचार गर्ने र लामो आयुसम्म जिउँथे । हैजा, मलेरिया र टि.बि. रोगको कारण धेरै मानिस प्रभावित हुने र गाउँ नै सखाप पर्ने, प्रभावित हुने गर्थ्यो । त्यसलाई नै हैजा भन्ने गरिन्थ्यो । अस्पताल वा डाक्टरको कुनै चलनचल्ती नभएकाले घरमै बच्चा जन्माउँथे । कहिले काहीँ समस्या उत्पन्न हुँदा जन्मेको बच्चा अपाङ्ग समेत हुने गर्थे । कुनै चेकजाँच थिएन तर पनि घरायसी र खेतबारीको काममा बढी व्यस्त हुने भएकोले नर्मल डेलिभरी हुने गर्थ्यो र स्वथ्य नै रहन्थे ।

## शैक्षिक अवस्था

शैक्षिक अवस्था एकदमै कमजोर थियो । विद्यालय र शिक्षाको खासै ज्ञान थिएन । धार्मिक शिक्षामा अलिअलि बाबु बाजे र भारतबाट मोल्वी बोलाएर उर्दु/अरबी शिक्षा केही हदसम्ममा हासिल गरेका थिए ।

यस काल खण्डमा गाउँको चारैतिर वन जङ्गलले नै ढाकेको थियो । वन जङ्गलबाट खर, काठ, दाउरा लिएर घर बनाउने, चुल्हो बाल्ने गर्थे । जग्गा भने समथर नै भएको र नदी नाला नभएकाले यताउता सजिलै आउने जाने गर्थे । साधन रुपमा एक

ठाउँबाट आर्को ठाउँ जाँदा बयलगाडा, टाँगा, लढिया, लहडु, घोडा आदिको प्रयोग गर्थे ।

खानेपानीको रुपमा जमिन खनी कुँवा, इनारबाट पानी निकाली पिउने गर्थे । खानपिनको रुपमा धानहरु जस्तै करंगी धान, साढा धान, सुवापंख, सुहावट, तालकंद, सामजिरा, मिही धान आदि ओखरीमा पहरवाले कुटेर चावल निकली चावल पकाएर भात खाने गर्थे । गहुँ, जौ, कोदो, (भात पनि), फापर चकियामा पिसेर रोटी पकाएर खाने गर्थे । सुक्खा कालमा सावा जोधरी (एक किसिमको धासको दानी), बयर, फर्सी समेत उसिनेर खाने गर्थे ।

- तोरी तेल, सरसो तेल, कोलैंदी तेल, भुरी (मुला) को तेल, आलसको तेल प्रयोग गर्थे ।
- फर्सी, कुपिण्डो, लौका, तोराइ (घृमला), खेकसी, करेला, भान्टा आदि प्रयोग गर्थे ।
- भैसी, राँगा, गाई, खसी, बाख्रा, हरिण, चित्तल, चौरीगाई, चराचुरूङ्गी, कुखुरा, हाँस अन्य जङ्गली खान लायकका जनावरको मासु र माछाहरु खाने गर्थे ।
- दुध, दही घ्यु, मही, भेली, मिठाई खाने गर्थे ।
- गाँजा, महुवा भुटेर चनासँग र महुवाको रसको रक्सी (दारू) हुक्का, बिंडी, तम्बाकु पिउने गर्थे । बढवा गाउँमा महुवाको रसको रक्सी अत्याधिक बिक्री हुने गर्थ्यो । बेलुका धेरै नै मान्छे रक्सी खाएर बवाल समेत गर्ने गर्थे ।
- मुसलमानहरु इद, बकरइद, मोहर्रम, ग्यास्र्ही, सुबरात, कुडा, दरिया, मासिया, पैगहा आदि मनाउने गर्थे । हिन्दुहरु दशैं, तिहार, चैते दशैं, होली, करवा चौथ, शिवरात्री आदि मनाउँथे ।

- यस काल खण्डका मानिसहरूमा पुरुषहरु खादी र टरापकलका कपडाहरु कमिज, धोती, लुङ्गी, कुर्ता, पैजामा, सदरी, लगोटी, जाँघिया, समाल, पगडी, टोपी महिलाहरु लेहङ्गा, कुर्ता, कमिज, समिज, धोती, सुरुवाल, ब्लाउज, बन्नी (दुपट्टा) आदिको पहिरन गर्थे । चाँदी र असर्फीका गरगहना लगाउने गर्थे ।
- पहलमानी, कबड्डी, लक्षीडाडी, कौवा फसाउ, सुर्बग्गी, लठ्ठीमार, कुस्ती कौकी डब्ली (लुकामारी) आदि खेल्ने गर्थे । अवधी, फरसी मात्र भाषा बोल्ने गरेको पाइन्छ ।

यस काल खण्डमा बस्ती विस्तार गर्ने क्रममा वन जङ्गल फँडानी गर्दै गाउँको बिस्तार भएको थियो । जहाँ बस्ती बनाउन चाहन्थे त्यहाँको वन फँडानी गरी घर बनाएर बस्थे । वि.स. १९९० सालभन्दा अगाडि रनियापुर गाउँको नाम रनियापुर कसरी रहन गयो भनेर सोध्दा यहाँ १३० वर्षीय वृद्ध मिन्नु खाँको भनाइ र अन्य वृद्धहरूको भनाइ अनुसार यहाँका नाम चलेका एकजना व्यक्तिले बाइसे चौबिसे राज्यभन्दा पनि पहिला एउटी रानी भगाएर बिहे गरेकोले उनकै नामबाट रनियापुर नाम रहन गएको थियो । उनका अनुसार यस काल खण्डमा उनको जानकारीमा रनियापुरका धनाढ्य मुखिया महमुद मुसाहेब खाँ रहेको र उनको पालामा उनले नै शासन गरेको गाउँको मुखिया भएकै कारण न्याय निसाफ उनले नै गर्थे । त्यसपछि फत्तेबहादुर खाँको समय आयो । उनी गाउँका मुखिया भएर गाउँलेहरूको सरसहयोग गर्ने र न्याय निसाफ गर्ने गरेका थिए । यसरी गाउँमा कुनै किसिमको समस्या पर्‍यो भने महमुद मुसाहेब र त्यसपछि फत्तेबहादुर खाँ कहाँ गएर न्याय गर्ने गराउने गर्थे । सुख्खा कालमा वा खान नपुगी उनीहरूले आफ्नो गाउँठाउँको जनताहरूलाई खाना, दाल चामल, कपडा लत्ता दिने गर्थे । जनताका सुख दुःखमा, काज किरियामा समेट

मद्दत गर्नेगर्थे । यी मुखिया भएका कारण गाउँका मान्छेहरूले यिनलाई आफ्नो छोरी बिहे गरिदिने भनेर दुई वा दुई भन्दा बढी विहे गर्न लगाउँथे । साथै उनीहरूलाई पनि मन परेकी महिलासँग दोश्रो /तेश्रो गरी बहुविवाह गर्थे । साथै फत्तेबहादुर खाँ हज गर्न साउदी अरब गएका र त्यहाँबाट फर्की सकेपछि त्यहाँबाट ल्याएको खजुर पुरै गाउँलेहरूलाई बाडेका थिए । उता सोनपुर, बठवा गाउँमा भने नवाब खाँ र उढरापुरका धनाढ्य जवाहिर खाँ को दबदबा रहेको थियो । उनीहरूको दबदबा समाप्तिपछि रनियापुरमा कासिम खाँको, सोनपुरमा असर्फी कुर्मी र उढरापुरमा नारायण बानियाँको शासनको उद्यसँगै यस कालखण्डको समाप्ति भयो ।

## वि.स. २००० देखि २०४० सालसम्मको समय

यस काल खण्डमा विगतमा भन्दा जनसङ्ख्या वृद्धि, वन जङ्गल फँडानी बढ्दै गई रनियापुरमा कासिम खाँको शासन, सोनपुरमा असर्फी कुर्मी र उढरापुरमा नारायण बानियाँको शासन र गाउँको अगुवाका रूपमा यस कालखण्डको सुरूवात भएको थियो । तत्कालीन समयमा गाउँको मुखिया, जमिनदारीमाथि उल्लेखित व्यक्तिहरूको हातमा भएकोले उनीहरु आ–आफ्नो स्वभाव र परिवारिक दबदबाका आधारमा सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक तथा अन्य क्रियाकलापमा समेत पहुँच बनाउँदै कोही कसैले क्रुरताका साथ र कोही कसैले राम्रो असल व्यवहारका साथ आफ्नो शासन व्यवस्था चलाउँदै लगे । जसमा रनियापुरका कासिम खाँको व्यक्तिगत व्यवहार राम्रो थियो । उनले समान व्यवहार गर्ने भएकोले गाउँका रहेक मान्छेहरु समस्या पर्दा समाधानका लागि उनीकहाँ जाने र उनले दिएको समाधानलाई आत्मसाथ गर्ने गर्थे । सोनपुरका असर्फी कुर्मीको बानी व्यवहार त्यस्तै रहेको थियो

भने उढरापुरका नारायण बानियाँ क्रुर स्वभाव र दमन गर्ने व्यवहारका भएकाले उनलाई त्यहाँका बासिन्दाहरु मन नपराएको देखिन्छ । उनको डरले उनका आसेपासेहरु मात्र उनको गुनगान गाउने र पछि भित्रभित्रै रिसाउने गर्थे । यस कालखण्डको प्रारम्भ पश्चात् समाजमा धेरै परिवर्तन आउन थाल्यो । सामाजिक रुपमा गलतको विरोध गर्ने शक्तिको समेत उदय भएको पनि यस काल खण्डलाई मान्न सकिन्छ । बिस्तारै बिस्तारै शिक्षाको विकास र थालनीका कारण राजनैतिक चेतना पनि बढन् थाल्यो ।

उढरापुरमा नारायण बानियाँको शासन व्यवस्थामाथि केही व्यक्तिहरु औंला समेत खडा गर्न थाले र उनलाई महिलाहरुको विषयलाई लिएर पदच्युत पनि गरे भने रनियापुरमा महमुद मुसाहेब खाँ र सोनपुरमा असर्फी खाँ भने लोकप्रिय भए तापनि अन्य व्यक्तिहरुको लोकप्रियताले पनि उनीहरुको शासन व्यवस्थाको अन्त्य भयो । यस्तै ५/७ वर्षको अवधिमा एक अर्को भन्दा ठूलो मान्यजनहरुको उदयसँगै रनियापुरमा कासिम खाँले वि.स. २०१६ सालमा प्रभुत्व जमाउन पुग्छन् र वि.स. २०१७ सालको पञ्चायत कालको उदयसँगै कासिम खाँ रनियापुरका प्रधानपञ्च भई कार्य गर्दै सामाजिक सेवा गरेका थिए । त्यही समयभन्दा ४ वर्ष अगाडि महमुद मुसाहेब खाँको पालामा स्थापना गरिएको वि.स. २०१३ सालमा मदरसा मुस्ताकुल उलूममा उर्दू अरबी शिक्षा समेत पढाउन थालिएको र कासिम खाँको पालामा अझ सुदृढीकरण गरी शिक्षा बिस्तार भयो । उता सोनपुरमा भने गौहर खाँको उदयसँगै बढवा गाउँमा वि.स. २०१४ सालमा कल्लन खाँ, जोर खाँ, गयाप्रसाद कुर्मीहरुको अगुवाइमा हालको जनता मा. वि. बठवाको स्थापना कक्षा ३ सम्म गोदाहनाको हकिमजी भन्ने लतिफ शेष र रामकिशोर पाण्डेको संरक्षकत्वमा स्थापना भई पठनपठन सुरु भएको भनाइ बढवा

गाउँ बस्ने वर्ष ८५ का पीर खाँको रहेको छ । उढरापुरमा उमर हयातका छोरा कोइला खाँ भन्ने मुहमुद खाँ जो १८ वर्षका उमेरमा नै प्रधानपञ्च भएका थिए । उनी एकदमै धनाढ्य जमिन्दार भएको र गोमती बानियाँलाई हराउने प्रमुख व्यक्ति बनेका थिए । उनको वर्चस्व लगभग २५ वर्षसम्म रहेको उढरापुरका जानकारहरु बताउँछन् । उता सोनपुरमा भने यस समयमा गणेश प्रधान, गौहर खाँ प्रधानपञ्च हुँदै र रनियापुरमा कासिम खाँ वि.सं. २०१७ देखि वि.स. २०२२/२०२३ सम्म र मनोनित प्रधानपञ्च रहे ।

२०३३ देखि तत्कालीन रनियापुर राजनैतिक चहल पहल एकदमै बढेकाले पिल्लु भन्ने अब्दुल करिम खाँ र याकुब खाँ समेत गाउँकै मुखियाका रुपमा अगाडि बढ्दै गएका थिए । वि.सं. २०२५ सालमा याकुब खाँ प्रधान मनोनित हुन पुगे र उनको शासन कालमा उनी रनियापुर, सोनपुर र उढरापुर तीन ओटै गाउँका शासकका रुपमा चिनिन थाले । उनको प्रभुत्व एकदमै रहेको थियो । उनको शासन काल एकदमै बलियो भए तापनि उनको शासन कालमा पिल्लु भन्ने अब्दुल करिम खाँका छोरा इस्माइल खाँसँग प्रतिस्पर्धा हुने गर्थ्यो तर पनि गाउँको प्रधान भने याकुब खाँ नै रहे । केही समयको अन्तरालसँगै उनको पाँच वर्ष नपुग्दै वि.स. २०३० साल ताका सकलेन खाँ भन्नेको घरमा मस्लिम खाँ लगायतका केही व्यक्तिहरु उनको हत्या गरेर फरार भई भारतमा गई बसे । याकुब खाँको पालामा उनको जग्गा र सम्पती धेरै भएकाले खेतीपाती गर्नका लागि बर्दिया र कैलालीतिरबाट थारुहरु लिएर घिया गाउँ र चक्ला भन्ने ठाउँमा थारु कमैयाहरु राखेका थियो । याकुब खाँको घरमा चार डेगले भरिभराउ चाँदीका सिक्का र अन्य गरगहना रहेको जुन आजको मितिसम्म अर्थात् मिति २०७९ साल चैत्रसम्म यो इतिहास लेख्दै गर्दा पनि ती डेगहरु

घरमा गाडेर राखेको छ । उनका चार छोरा र नातागोताको अंश भागमा समस्या पर्नाले र दुईवटी श्रीमतीको कारण हालसम्म नखनेकोले गाडेर राखेको छ । याकुब खाँ प्रधान हुँदा उनका उपप्रधान हुकुमदार रहेका थिए । हुकुमदारलाई याकुब खाँले नै उपप्रधानमा नियुक्त गर्न लगाएका थिए । त्यस ताका रनियापुर, टिटिहिरिया र सोनपुर गाउँ हसनापुर पञ्चायत र उढरापुर, सोनपुर गाउँहरु बसन्तपुर पञ्चायतमा पर्दथे । याकुब खाँको हत्यापछि धेरै समय अन्तरालमा २०३४ देखि २०४४ सम्म भई नाता पर्ने भिख्खु भन्ने अहमद खाँ हसनापुर पञ्चायतका प्रधान भएका थिए । बसन्तपुर पञ्चायतका प्रधान भने गणेशप्रसाद उपाध्याय भएका थिए । वि.स. २०३८/३९ मा हसनपुरबाट रनियापुर र टिटिहिरिया छुटै पञ्चायत हुन पुग्यो । नुर इस्लाम खाँ (सचिव) को भनाई अनुसार याकुब खाँ तथा भिख्खु भन्ने अब्दुल अहद खाँको नाता पर्ने मोहम्मद नकी खाँका बुबा मोहम्मद सफी खाँ राजुराजाका पालामा थोरै अवधि (लगभग २/३ महिना) का लागि माननीयमा नियुक्त भएका थिए । त्यसैले उनका नाम पनि माननीयजी भन्ने गरिन्थ्यो । यससँगै यस माध्यमिक कालको अन्त्य हुन पुग्यो ।

## आर्थिक अवस्था

यस चरणका मानिसहरुको आर्थिक अवस्था विगत्को भन्दा धेरै नै सुधार हुँदै गएको थियो जसको प्रमुख कारण रनियापुर याकुब खाँ अर्थात् जमिलको धान मिल र जोत्ने ट्र्याक्टर र गोदहनाको गणेश प्रधानको धान मिलले प्रष्ट पारेको देखिन्छ । धान, गहु, मकै, दलहन र तेलहनको व्यापार पनि नानपारा, रुपैडिया र नेपालगञ्जसँग हुने गरेको पनि यहाँका जानकार

बासिन्दाहरूको भनाइ रहेको छ । उनीहरु बर्दिया, कैलाली भुरी गाँउ आदि ठाँउमा गई अन्नबाली किनमेल गर्ने, थारुहरूलाई रुपैयाँ दिएर तमसुक बनाउने जस्ता प्रमाणहरूले आर्थिक कारोबार राम्रो रहेको देखिन्छ । लडियामा दुई तीन दिन र कहिले काहीँ महिनौ दिन मानखोला तरेर जाने र बर्दिया कैलालीबाट धान, मसुरो, चना, अरहर, तोरी आदि खाद्यान्न र घ्यु, मह आदि ल्याउने अनि नेपालगञ्ज र नानपारा लगेर बेच्ने गर्थे । थोरै पैसा दिएर थारुहरूलाई पैसाको तमसुक बनाई धन आर्जन गर्ने गरेको भनाइ मिन्नु खाँ समेतका वृद्धहरूको रहेको छ । गाउका थुप्रै मानिसहरु मिलेर १०/२२ लडियाहरु लिएर जाने गर्थे । कहिले काहीँ चोरी डकैतीका कारण इण्डियाका डाँकाहरूबाट लुटिने पनि हुन्थ्ये । तर जस्तो भए तापनि आर्थिक सुधार भने भएकै थियो ।

### सामाजिक/साँस्कृतिक पक्ष

खजुरा गाउँपालिका वडा नं. ५, ६, ७ र ८ वडाका सम्पूर्ण मुसलमानका पुर्ख्यौलीहरु प्रायः कल्हंस, चौहान, पठान, शेख, साई, कसाई, नाउँ, लोदी, जोलाह, हल्वाई, तेली, लैकुवार, कुम्हदौरा, भाँट, दर्जी, मियाँ, बहना, मनिहार, मंगता आदि इस्लाम धर्म मान्ने मुसलमानका विभिन्न जातिहरु रहेकोमा परापूर्व कालदेखि यी मुसलमानका जातजातिहरु एक आपसमा मिलेर रहेका थिए । यी जातजातिहरु समाजको विकास र विस्तार हुँदै जाँदा जात समेत बढोत्तरी भई साईहरु - साह, कसाईहरु - कुरेशी, नाउहरु - सल्मानी, हलवाई - सिद्दिकी, जोलाह - अन्सारी जस्ता जातहरूमा परिवर्तन गर्दै आएको पाइन्छ । तर जे-जस्तो भए पनि यी मुसलमानहरु एक अल्लाहमाथि विश्वास गर्ने गरेको र अल्लाहलाई दिनमा पाँच पटक नमाज पढेर आफूलाई मुसलमान भएको साबित

गरेका छन् । तर १५% सम्म मुसलमानहरू मात्र पाँच समयको नमाज पढ्ने र ९०-९५% मुसलमानहरू हप्ताको एक पटक शुक्रबार मस्जिदमा गएर नमाज पढ्ने गरेको पाइन्छ ।

यी मुसलमानहरू एक अल्लाह एक अन्तिम नबि हजरत मोहम्मद (स.) को तरिका अपनाउने र आफ्नो जीवन गुजारा तथा कार्यहरू गर्ने गर्दछन् । जसमा सम्पूर्ण मुसलमानहरू धर्म मान्ने भए तापनि तौर तरिकाहरू भने पूर्ण रूपमा नमान्ने गरेको पाइन्छ । विगत् २०२५ सालसम्मका मुसलमानहरू आफ्नो धर्मका बारेमा खासै जानकार नभए तापनि अहिले धेरै नै जानकार भएका कारण धेरै नै सामाजिक रहन सहन र क्रियाकलापहरू फेरिएका छन् । वि.सं. २०२५ सालभन्दा पहिलाका मुसलमान धर्मका बारेमा जानकार नभएका कारण मस्जिद निर्माण कार्य कम भएको भए तापनि हाल धेरै नै मस्जिद, मदरसाहरू निर्माण गरिएका छन् ।

मुसलमानहरू सुरूमा आफ्ना बाल बालिकाहरूलाई मुस्लिम मदरसाहरूमा पठाउने र त्यसपछि सरकारी विद्यालय पठाउने चलन रहेको थियो । त्यसैले शिक्षा एकदमै कमजोर थियो तर हाल सिधै सरकारी विद्यालयहरूमा ५०% जति पढ्न पठाउने भएकोले शिक्षाको अवस्था बढ्दै गएको पाइन्छ । यी सम्पूर्ण मुसलमान खासगरी ईद, बकर ईद, मोहर्रम, मोहम्मद डे, सुब्रात आदि चाडपर्वहरू भव्य रूपले मनाउने भए तापनि वि.सं. २०६० सालभन्दा अगाडि ईद, बकर ईद, मोहर्रम, मोहम्मद डे, सुब्रात, कुँडा, ग्याराही, दरिया आदि जस्ता चाडपर्व लोप भैसकेको र कुँडा, ग्याराही, मोहर्रम, लोप हुन लागेको पाइन्छ । मोहम्मद डे पहिलाभन्दा अहिले बढी रूपले मनाउने गरेको र बाँकी ईद, बकरईद, सुब्रात निरन्तर रूपले चलिआएको पाइन्छ ।

यस ठाउँको मुसलमानहरूमा धार्मिक र जातीय रूपले विवाहको कुरा गर्दा कल्हंस, चौहान, पठान र शेख, लैकुवार, कुम्हदौरिया जातिहरूमा एक आपसमा पहिलादेखि नै विवाह गरी छोरी दिने चलन चलिआएको तर नाउ जाति नाउमा, कसाई - कसाईमा, साई - साईमा, तेली - तेलीमा, दर्जी - दर्जीमा, हलवाई, बहना आ–आफ्नोमा मात्र गर्ने गरेको इतिहास विदितै छ । विवाह गर्दा सबै चलन एकै किसिमको जस्तै एक रात राज्जागा गर्ने, महिलाहरु मिली मादल बजाउने, गीत मसिया गाउने, बुक्वा (हल्दी) लगाउने मंगनी थाग्नी गर्ने, निकाह गर्ने, निकाह गर्ने समयमा चाँदीको औंठी र रातो रूमाल साटासाट गर्ने, छोकडा (छुहारा) बाँड्ने र त्यसलाई खानपिन गर्ने चलन पुरानै रहेको पाइन्छ । निकाह गर्दा दुलाहा दुलही दुबै पक्षमा २ जना गवाही राखी दुलाहा र दुलही छुट्टाछुट्टै बसी तीन पटक निकाह कबुल किया भनेपछि पूर्ण विवाह हुने र श्रीमान्ले श्रीमतीलाई आफूले सक्ने जति केही न केही नगद रूपैयाँ, सुन, चाँदी मोहरको रूपमा दिने चलन परम्परादेखि नै रही आएको पाइन्छ । विवाह सिद्धिएपछि पहिला पहिला डोली बनाई, गाढा, लड्डुवा, टाँगा आदिमा दुलहीलाई ल्याएर आउने चलन थियो तर हाल उक्त चलन हराएर कार वा अन्य साधनमा लैजाने चलन बढेको पाइन्छ ।

पहिला पहिला विवाहमा महिलाहरु चाँदीका गहनाहरु जस्तै खादुवा, धुर्वा, मोटा मोटा चाँदीको काँडा, पायल लगाउने चलन थियो तर हाल यो सबै लोपोन्मुख अवस्थामा रहेको छ । कपालमा चोटी काट्ने, लामो ओढनी ओढ्ने, प्रायः सेतो दुपट्टा (पछ्यौरी) लगाउने चलन थियो जुन अहिले हराउँदै गएको पाइन्छ । यस्तै गरी महिलाहरु लेहङ्गा, कमिज र पुरुषहरु धोती, कुर्ता, तहमद बढी लगाउँथे जुन अहिले हराइरहेको अवस्थामा छ । आवत

जावतका लागि यात्राका रूपमा घोडा, हात्ती प्रयोग गर्थे । याकुब प्रधान खाँको घरमा हात्ती समेत राखेको थियो । त्यसैगरी शाही विवाह, हकिका, मुसलमानीमा केही चामल कपडा, रूपैयाँ आवश्यकता हेरेर दिने चलन थियो । तर हाल आएर रूपैयाँ कपडा मात्र दिने गरेको पाइन्छ ।

विवाह सानो उमेरमा गर्ने चलन भएकोले गौना थौना गर्ने गर्थे तर हाल ढिलो विवाह वा उमेर पुगेपछि हुने विवाहले गर्दा विवाह भएकै समयमा घर पठाउने चलन चलेकाले सानो उमेरको विवाह गौना र थौना लोप भएको अवस्था रहेको छ । विवाहमा निम्तो दिँदा ल्वाङ र सुपारी दिने चलन थियो, जुन हाल आएर कार्डमा परिणत भई लोप भैसकेको छ ।

मृत्यु संस्कार कार्यक्रममा पहिलाका मानिसहरूको नुहाउने तरिका, कपडा बेर्ने तरिका र गाड्ने तरिका केही फरक थियो तर हाल अध्ययन जानकारीका कारण सही तरिकाहरू प्रयोग गर्ने गरेको पाइन्छ । पहिला मान्छे मर्दा गाड्न जाँदा प्रायः इट्टाको वाल र प्लास्टर बनाएर ठुलो मान्छेको काब्र भन्ने धारणा थियो तर हाल यो प्रणाली पनि हराएर गयो र सही प्रणालीमा मात्र परिणत भयो । मृत्यु कार्यमा सेतो कपडा प्रयोग गर्ने जसमा पुरूषमा १७/१८ मिटर कपडा र महिलामा २०/२२ मिटर कपडा लाग्ने गर्दछ ।

- पुरूषले कुर्ता, लुङ्गी, चादर
- महिलाले कुर्ता, दुपट्टा, सिना बन्द, लुंगी, चादर प्रयोग गर्छन् ।

कबरमा राख्नुभन्दा अगाडि घरबाट कब्रस्तान लग्ने समयमा खाटमा राखेर लैजाने गरिन्छ । सो ठाउँमा लैजाने बेला चार कुनामा चार जना मानिस लागेर मलामीमा जाने प्रायः मानिसहरू

आफ्नो काँधमा चार कुनामा लगाउने भनेर साटासाट गरी लैजाने र गाड्नुभन्दा अगाडि नामाजे जानाजा पढ्ने गरिन्छ । स्वर्गमा (जन्नत) बास होस् भनी दुवा गर्ने गरिन्छ । नामाजे जानाजापछि कबरमा राख्नका लागि लैजाने गरिन्छ । कबरमा राखेपछि सेन्टको रूपमा इतर, केव्डा, कपुर, संदल हाल्ने र खनेको भुइँतलामा राखी माथि पटराले छोपेर गाड्ने गरिन्छ । आन्हारूको प्रमुख अँ भनेको मुसलमानी जसमा बच्चाको लिङ्गको टुप्पोमा छाला काट्ने कार्य गरिन्छ । त्यो बच्चा जन्मेको सातौँ दिनदेखि ३ वर्ष उमेरसम्ममा एक पटक काटेर मुसलमानी गरिन्छ । मुसलमानीका बेला कोही कोही खसी काट्ने, खाना खुवाउने, मिठाइ बाँड्ने गर्छन् भने कोही कोहीले सामान्य तरिकाले पनि यो कार्य गर्ने गर्दछन् । दाह्री पाल्ने, जुँगा सानो राख्ने वा पुरै खुर्कने कार्य, टोपी, कुर्ता, लुङ्गी र पैजामा पुरुषहरूको पहिरन र महिलाहरूको कुर्ता, सुरूवाल, दुपट्टा ओढ्ने कोही कोहीले लेहङ्गा लगाउने चलन प्राचीन कालदेखि नै हालसम्म चली आएको पाइन्छ । अकिकामा बच्चा जन्मेको सातौँ दिनमा गर्ने सुन्नत तेइका रहेको तर अनुकुलता अनुसार छोरामा २ खसी नभए १ खसी, छोरीमा १ खसी वा पोथी काटेर ३ भाग लगाएर १ भाग घर परिवार, १ भाग नातागोता र १ भाग गरिबहरूलाई बाँड्ने वा पकाएर तीनै तहका व्यक्तिहरूलाई बोलाएर खुवाउने चलन छ । यसमा पहिला अकिका हुनेको हजुर बुबा, बाआमा एक दिन व्रत (रोजा) बस्ने चलन थियो जुन हाल आएर लोप भएको छ । यस ठाउँका मुसलमानहरू पहिला धूम्रपानका रूपमा हुक्का पिउने गर्थे । जसमा गुराही राख्ने र तान्ने, बिडी पिउने, खलिल शाही वा किशोरी तम्बाकु बढी खाने, पान खाने गर्थे तर हाल गुराहीवाला हुक्का लोप भैसकेको, बिडी लोपोन्मुखमा रहेको छ भने पान, चुरोट र गुट्खा प्रयोग र प्रचलनमा रहेको

पाइन्छ । खेलकुद र मनोरञ्जनका रूपमा गुल्ली, डण्डा, लीमार, घोडाचढी, पहलमानी, कबयी, लक्षि डँडा (रूखमा चढेर), पुकी ढाप्ली (लुकामारी), कुस्ती, कुवा फसाउ, सुर्बग्गी आदि खेल्ने गर्थे । जुन हाल आएर पूर्ण रूपमा लोप भैसकेको छ । तीमध्ये कबयी मात्र चलन चल्तीमा धेरै मात्रामा रहेको छ । कुस्ती र पहलमानी र लीमारमा जित्ने व्यक्तिहरूलाई बढीभन्दा बढी आफ्नो छोरी दिने गर्थे ।

# खजुरा गाउँपालिकामा नेपाली काङ्ग्रेस

**राजेन्द्र आचार्य**

नेपालमा राणा शासनको उदयपश्चात देशमा व्यापक रूपमा थिचोमिचो, अन्याय, अत्याचार र जनताहरूलाई रैती, दासदासीको रूपमा प्रयोग गर्नुका साथै जनताका छोराछोरीहरूलाई पठन-पाठन लगायत विद्यालय जानसमेत प्रतिबन्ध लगाइएको अवस्थामा त्यो भयावह अवस्थालाई मध्यनजर गर्दै १०४ वर्षीय राणा शासनको अन्त्यको लागि सर्वप्रथम नेपाली काङ्ग्रेसले नै नेतृत्वदायी भूमिका निर्वाह गरी शान्तिपूर्ण आन्दोलनबाट राणा शासनको अन्त भई देशमा प्रजातन्त्रको उदय भएको थियो । त्यसपछि पनि देशमा राजाले एकतन्त्री रूपमा शासन गर्न थालेपछि पुनः नेपाली जनताले प्रजातन्त्रको अनुभव गर्न नपाएको हुँदा उक्त पञ्चायत व्यवस्थाको विरूद्धमा पुनः नेपाली काँग्रेसले देशमा बहुदलीय व्यवस्थाको स्थापनाको शुरूवात गऱ्यो र पञ्चायती व्यवस्थाको विरूद्धमा विभिन्न खाले आन्दोलनका कार्यहरूलाई अगाडि बढाउने क्रममा यस बाँके जिल्लाको पुरानो बस्ती एउटा ऐतिहासिक महत्व बोकेको स्थान २०२३ सालमा पुनर्वास कम्पनीद्वारा बस्ती बसालिएको बहुधार्मिक, बहुसाँस्कृतिक, बहुभाषिक मानिसहरूको बसोबास रहेको यस खजुरा गाउँपालिकामा तत्कालीन अवस्थामा बागेश्वरी, सीतापुर, राधापुर, उढरापुर, सोनपुर र रनियापुर गाउँपञ्चायत गरी जम्मा ६ वटा गाउँहरू रहेका थिए । देशैभरि नेपाली काँग्रेसले पञ्चायत विरूद्धको आन्दोलन अगाडि बढाइरहँदा यस गाउँपालिका पनि अछुतो रहने कुरै भएन तत्कालीन अवस्थामा यस गाउँपालिका भित्र नेपाली काँग्रेसप्रति आस्थावान कार्यकर्ता तथा नेताहरू आफूलाई भूमिगत रूपमै परिचालित हुँदै थुप्रै आन्दोलनका कार्यहरू अगाडि

बढाएको देखिन्छ । तत्कालीन अवस्थामा २०२३ देखि २०३६ एक चरण, २०३६ देखि २०४६ सम्म अर्को चरणको आन्दोलनमा यस गाउँपालिका भित्रका सक्रिय कार्यकर्ता जैसिंह विश्वकर्मा, लालसिंह विश्वकर्मा, गोविन्द श्रेष्ठ, गणेश कर्माचार्य, सिंहवीर सुनार, तीर्थराज गिरी, केशव सापकोटा, शिवलाल गौतम, गन्जबहादुर गुरूङ क्षेत्रबहादुर गुरूङ हरिप्रसाद ढुङ्गाना, रामेश्वर कँडेल, टीकाराम कँडेल, रामनाथ प्याकुरेल, लक्ष्मीबहादुर थापा, पूर्णनाथ योगि, टीकाराम कँडेल, केदार गिरी, जलमु थारू, बाबुराम थारू, रामदुलारे थारू, नन्दलाल कुमाल, बाबुराम कुँवर, होमप्रसाद गिरी, जगन्नाथ बढही, अब्दुल लतिफ शेष, सुकै लोहार, रूपरानी सोनार, झबु राढ, भगत काँदु, हगै चमार, अयोध्याप्रसाद हरिजन, गब्फार बेहना, मोहन राढ, अलि सेर शाह, लज्जिराम धोवी, काली प्रसाद हरिजन, हरिश्चन्द्र कोरी, रसीद मनिहार, खलिल खाँ, कृष्ण पराजुली, ईश्वरबहादुर शाही, नारायणसिँह घिमिरे, आइतराम थापा लगायतका नेता तथा कार्यकर्ता पार्टीको विभिन्न तहमा रहेर जेल नेल खाँदै बहुदल र निर्दलको पक्षको चुनावमा सक्रिय रूपमा भाग लिए । २०३६ सालको जनमत सङ्ग्रहमा पञ्चायत पक्षको विजय पश्चात पुनः यस गाउँपालिकाका सम्पूर्ण नेता तथा कार्यत्रर्ताहरू भूमिगत रूपमा सक्रिय भई आन्दोलनका विभिन्न कार्यहरू जस्तै वृक्षारोपण, भित्ते लेखन, पर्चापम्पलेट वितरण, कृषि आन्दोलन, मजदुर आन्दोलन, जनता सचेतना आन्दोलन, अवेज्ञा आन्दोलनलाई अगाडि बढाउँदै प्रजातन्त्र बाहलीको लागि अनवरत रूपमा लागिरहेकाले देशमा फेरि दोश्रो चोटी २०४६ सालमा जनआन्दोलनको शङ्खघोष भयो जसको नेतृत्व पनि नेपाली काँग्रेसले गरेको थियो ।

यस गाउँपालिकामा पनि नेपाली काङ्ग्रेसकै अगुवाइमा सम्पूर्ण आन्दोलनका कार्यहरू अघि बढेका थिए । २६ दिनको ठूलो सङ्घर्ष र बलिदानीबाट २०४७ सालमा देशमा बहुदलीय व्यवस्थाको उदय भयो । २०४८ सालमा भएको पहिलो स्थानीय तहको निर्वाचनमा यस गाउँपालिकामा नेपाली काँग्रेसकै उम्मेदवारहरू अध्यक्ष, उपाध्यक्ष लगायत पदहरूमा विजय भएका थिए । देशमा बहुदलीय व्यवस्था आए तापनि जनतामा केही परिवर्तन भएन, भ्रष्टचार, बेथिति, बेरोजगार लगायत अन्य विकासका गतिविधिहरूमा निरासाजनक उपलब्धि देखिन थाले जसको परिमाण स्वरूप जनताका छोराछोरी नै राज्यको शासक हुनुपर्छ, जनताबाट नै जनताको नेतृत्व चयन हुँदै राज्य सञ्चालन तहमा पुग्नुपर्छ, आफूले लेखेको संविधान हुनुपर्छ भन्दै २०५२ सालमा ने.क.पा. माओवादी सशस्त्र आन्दोलमा उत्रियो । यसको परिणाम स्वरूप थुप्रै जनधन लगायत विकास संरचनाहरू ध्वस्त भए । देश झन् भन्दा झन् उधोगतितिर लाग्यो । बाह्र वर्षे आन्दोलनले देशमा चरम अशान्ति, बेरोजगार, भयत्रास, आर्थिक संकट लगायतको भयावह अवस्था सृजना भयो । जसको समाधानको लागि फेरि एक चोटि नेपाली काँग्रेसकै नेतृत्वमा शान्तिपूर्ण आन्दोलन शुरू गरे । लाखौं जनताहरू सडकमा उत्रिए । यस गाउँपालिकामा पनि नेपाली काङ्ग्रेसकै नेतृत्वदायी भूमिकामा शान्तिपूर्ण आन्दोलन सुरू भयो । जसको परिणाम स्वरूप देशमा लोकतन्त्रको उदय भयो । संघीय लोकतान्त्रिक व्यवस्थाको पुनस्थापना भयो । जुन व्यवस्था आज हामी उपयोग गर्न पाइरहेका छौं । यसरी खजुरा गाउँपालिकामा हेर्दा चाहे त्यो राणाकालीन अवस्थामा होस्, चाहे बहुदलीय व्यवस्था स्थापनाको लागि होस्, चाहे लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि सम्पूर्ण आन्दोलनमा नेपाली काङ्ग्रेसका नेता तथा कार्यकर्ताहरूले अग्रिणी भूमिका खेलेको देखिन्छ ।

# पञ्चायत कालमै थियो खजुरामा "कम्युन"

**सतिश निरौला**

खजुरा पुनर्वास क्षेत्रका रूपमा परिचित बाँके जिल्लाको नेपालगन्जपछिको पुरानो बजार हो यो लेखिरहँदा अहिलेको अवस्था हेर्दा धेरैलाई पत्यार नलाग्न सक्छ । अहिलेको कोहलपुर देख्दा अहिले कोहलपुर खजुराभन्दा धेरै अगाडि छ तर वास्तविकता यहि हो खजुरा नेपालगन्जपछि बाँकेको दोस्रो पुरानो बजार हुँदा-हुँदै पनि ओझेल पऱ्यो वा पारियो ।

उ बेला, जुन बेला अहिले नेपालगन्ज उपमहानगरको राँझामा विमानस्थल थिएन, त्यो बेला पनि खजुरा बजार जहाँ अहिले क्यान्सर अस्पताल छ त्यहाँ खजुरा विमानस्थल । थियो विविध खाले चलखेल र उ बेला खजुराको पहुँच नहुँदा खजुरा विमानस्थल राँझा सरियो तर अहिले पनि विमानस्थल कोड पउच नै छ ।

२०२३ सालमा देशका विभिन्न ठाउँ आएको बाढि पहिरोको चपेटामा परेका नेपाली जनतालाई तत्कालीन राजा महेन्द्रले अहिलेको खजुरामा पुनर्वास बसाए । ठुलो जङ्गल थियो, जङ्गल फाडेर ४/४ बिगाहाको प्लट दिएर यहाँ बस्ती बसाइयो अनि भारतको सिमाना राधापुरमा पूर्व सैनिकहरूलाई बसोबास गराइयो । नेपालबाट दोश्रो विश्व युद्धका क्रममा र अन्य समयमा विभिन्न बहानाले बर्मा (हालको म्यानामार) पुगेका नेपालीहरूका केही परिवार भारत हुँदै खजुरा आइपुगे । उनीहरूलाई पनि पुनर्वास अन्तर्गत जग्गा दिएर खजुरामा नै बसोबास गराइयो । त्यो समय नेपाल पुनर्वास कम्पनीको म्यानेजर नारायण सिँह घिमिरे हुनुहुन्थ्यो । निकै कडा स्वभावका म्यानेजर घिमिरेले सितापुर गौघाटमा बसेका १२ घर बर्मेली टोलमा सामूहिक खेती र सामूहिक काम र सामूहिक

वितरणको सिस्टम शुरुवात गर्नुभयो । बर्मेली टोलमा उ बेला नै आधुनिक कृषिका लागि रसियन ट्रेक्टरदेखि सबै सुविधा पुनर्वास कम्पनीले उपलब्ध गराएको थियो । १२ घरले सामूहिक रुपमा उत्पादन गर्ने र सामूहिक रुपमा प्राप्त आम्दानी समान रुपमा वितरण अर्थात भागबन्डा गर्ने गर्थे । नभनिए पनी त्यो नेपालकै पहिलो "कम्युन" थियो, सितापुर गौघाट बर्मेली टोलको बसाई प्रणाली ।

अहिलेको गुलरिया नेपालगन्ज सडक खण्ड कच्चा थियो तर तत्कालीन पुनर्वासले हाल कपास विकास समितिको पछाडि हुँदै आदर्श मा.वि. भएर "बि" गाउँ निस्केर सितापुर पुग्ने बाटो धेरै वर्ष अगाडि नै इँट्टापत्रे गरेको थियो जुन म आफैंले जनता स्कुल पढ्न जाँदा देखेको थिए त्यो बेला बनेका २ वटा पुल भत्किएको दशकौदशक भयो तर अझैसम्म सरोकारवालाको ध्यान पुगेको छैन त्यो बनाउनेतर्फ ।

अहिले बसेको खजुरा एक नम्बर आसपास र खजुरा बजार वरपर घनघोर जङ्गल थियो रे । त्यो बेला राति नेपालगन्ज गुलरिया सडकमा यात्रा गर्न समेत मानिसहरु डराउने गरेको स्थानीय अग्रजहरूले सुनाउने गर्छन् । यही जङ्गलमा मारेको हरिणको टाउको तत्कालीन पुनर्वासका म्यानेजर नारायण सिँह घिमिरेको घरमा सजाइएको थियो जुन मैले आफैं देखेको थिए । नाताले उहाँ मेरो हजुरबुबा (मम्मिको मामा) हुनुहुन्छ, स्वर्गीय नारायण घिमिरे । उहाँलाई तत्कालीन पुनर्वासको म्यानेजर हुँदा एक महिना लगाएर हिडाएर काठमाडौ झिकाइएको थियो । त्यसको मुल कारण गौघाटमा सुरू गरिएको सामूहिक खेती नै थियो तर आरोप भ्रष्टाचारको लगाइयो र पछि सफाइ दिइएको थियो । पुनर्वासको म्यानेजर हुँदा रसियाको भ्रमण गरेर आएका तत्कालीन म्यानेजर घिमिरेले त्यो सामूहिक प्रणालीको सुरुवात गर्न खोजेको कुरा पारिवारिक जमघटमा सुनाउने गर्नुहुन्थ्यो र उहाँलाई कम्युनिस्टको शंकामा तत्कालीन पञ्चायती व्यवस्थाले हेरेको थियो ।

# खजुरा गाउँपालिकामा स्नातकोत्तर तह उत्तीर्ण गरेका व्यक्तिहरूको विवरण

# Khajura Gaunpalika, Banke

## Master Degree Holder's List

### Collected By:- Er Bibek Lamichhane

| S. N. | Name | Permanent Address | Highest Degree Name |
|---|---|---|---|
| 1 | Dr. Indra Bahadur Bhandari | Khajura RM -03, Banke | M.A. M.Ed. Ph.D. |
| 2 | Dr. Hari sapkota | Khajura RM-03, Banke | MD. |
| 3 | Dr. Ghanashyam Gautam | Khajura 2, Banke | Ph.D. Science |
| 4 | Dr. Tej prashad Gautam | Khajura RM-05, Banke | Ph.D. Science |
| 5 | Dr. Jeet Bahadur Chand | Khajura RM -02, Banke | Ph.D. Water rec. engineering |
| 6 | Dr. Chandra Bahadur Shahi | Khajura RM -01, Banke | Ph.D. Physics |
| 7 | Sunder Gurung | Khajura RM-02, Banke | M.Ed. Edu. |
| 8 | Madav Sharma | Khajura RM -03, Banke | M.Ed. Math |
| 9 | Bhakta Bahadur k.c. | Khajura RM -03, Banke | M.Ed edu. |
| 10 | Rajendra sapkota | Khajura RM -03, Banke | MA. His. |
| 11 | Gopal nath Yogi | Khajura RM -04, Banke | LLM. MA. |
| 12 | Ganesh bahadur thapalia | Khajura RM -07, Banke | M.A.M.ed Eng |
| 13 | Buddhi prashsd Banjade | Khajura RM -03, Banke | M.A.M.ed |
| 14 | Suresh kumar khattri | Khajura RM -03, Banke | M.A.B.ed. Eng. |
| 15 | Kirparam yadav | Khajura RM -06, Banke | MBS |
| 16 | Arif khan | Khajura RM -06, Banke | MA. M.Ed. |
| 17 | Tasober khan | Khajura RM -07, Banke | M.ed Eng. |
| 18 | Israr khan | Khajura RM -07, Banke | M.ed Eng. |
| 19 | Adhitya Yadav | Khajura RM -07, Banke | MA. eco |
| 20 | Ramesh kumar pathik | Khajura RM -07, Banke | M. Ed. nep |
| 21 | Imran khan | Khajura RM -07, Banke | M.Ed. eng. |
| 22 | Imran khan | Khajura RM -08, Banke | MA. Eng. |
| 23 | Imran khan | Khajura RM -07, Banke | M.Sc. |
| 24 | Mina yadav | Khajura RM -07, Banke | M.Ed. nep. |
| 25 | Arjun kumar yadav | Khajura RM -05, Banke | M.Ed edu. |
| 26 | Mohan pariyar | Khajura RM -06, Banke | M.Ed.eng.. |
| 27 | Khadkadev sharma | Khajura RM -06, Banke | M.Ed. nep. |
| 28 | Shiharaj naupane | Khajura RM -02, Banke | M.Ed.eng.. |
| 29 | Amar chattri | Khajura RM -03, Banke | M.A.M.ed. Eng. |
| 30 | Binood shrevastaV | Khajura RM -03, Banke | M.A.M.ed. Eng. |
| 31 | Laxman sapkota | Khajura RM -03, Banke | M.Ed edu. |
| 32 | Kumar Gurung | Khajura RM -03, Banke | MA |
| 33 | Pratiksha Neupane | Khajura RM -03, Banke | M.Ed.eng.. |
| 34 | Jayanti kshatri | Khajura RM -03, Banke | MA. B.Ed. nep. |
| 35 | Kamal chaudhari | Khajura RM -03, Banke | M.Ed edu. |
| 36 | Saranhari sapkota | Khajura RM -03, Banke | M.Ed. hp. |
| 37 | Surendra kandel 3 | Khajura RM -03, Banke | M.Ed. eng. |
| 38 | Hira Bahadur khattri | Khajura RM -03, Banke | M.Ed. nep. |
| 39 | Khum Bahadur khadka | Khajura RM -04, Banke | M.Ed. nep. |
| 40 | Pramsager paudel | Khajura RM -04, Banke | MA. Soc. |
| 41 | Er. Bibek Lamichhane | Khajura RM -03, Banke | Master in Engineering. BE |

| | | | |
|---|---|---|---|
| 42 | Er. Khim Baral | Khajura RM -03, Banke | Master in Engineering. BE |
| 43 | Jhabi Lal Sharma | Khajura RM -03, Banke | MA. MBS |
| 44 | TS Thakuri | Khajura RM -02, Banke | MA (Journalism) |
| 45 | Binod Lamichhane | Khajura RM -03, Banke | MA. MBS, LLB |
| 46 | Bishal Lamichhane | Khajura RM -03, Banke | Master of Technology |
| 47 | Prem Kharel | Khajura RM -03, Banke | MA (Economics) |
| 48 | Tank Nath Dahal | Khajura RM -04, Banke | M Ed. (EPM) |
| 49 | Narayan dutta acharya | Khajura RM -03, Banke | MBS |
| 50 | Khuma Nanda Acharya | Khajura RM -03, Banke | MA, M Ed English |
| 51 | Bishnu Prasad Paudel | Khajura RM -02, Banke | M Ed. (EPM) |
| 52 | Bhuwan Prasad Gaire | Khajura RM -02, Banke | Master in Sociology |
| 53 | Singh Raj Neupane | Mahabu RM -06, Dailekh | M Ed (English) |
| 54 | Saileja B.C. | Khajura RM -02, Banke | M Ed (English) |
| 55 | Gagan Bahadur Khadka | Khajura RM -03, Banke | Master in Education |
| 56 | Sunu Rijal | Khajura RM -03, Banke | Master in Law |
| 57 | Prachanda Gautam | Khajura RM -03, Banke | MA, Rural Development |
| 58 | Ravin Sharma | Khajura RM -03, Banke | MA, Eng. |
| 59 | Raju paudel | Khajura RM -03, Banke | MA, Eco. |
| 60 | Gagan Bahadur Dadel | Khajura RM -02, Banke | MBS |
| 61 | Top bahadur chattri | Khajura RM -03, Banke | MBS |
| 62 | Prabhakar Sharma | Khajura RM -03, Banke | M. Sc. (Botany) |
| 63 | Jagat Bahadur Thapa | Khajura RM -02, Banke | MBA |
| 64 | Ratna Kumari Karki | Khajura RM -03, Banke | MBS |
| 65 | Pravesh Paudel | Khajura RM -03, Banke | MBA |
| 66 | Basant Kumar Gautam | Khajura RM -02, Banke | M. Ed. |
| 67 | Nikesh Lamichhane | Khajura RM -03, Banke | MBS |
| 68 | Nisha Lamichhane | Khajura RM -03, Banke | MA English |
| 69 | Raj Kumar Chhetri | Khajura RM-03, Banke | MA (RD) |
| 70 | OM Prakash Devkota | Khajura 2, Banke | MA (Political Science) |
| 71 | Prakash Sapkota | Khajura RM-05, Banke | MSC (Ag) |
| 72 | Dev Raj Dhakal | Ratopul , Kathmandu | MA (English) |
| 73 | Saharoom Khan | Khajura RM-07, Banke | MSC (Physics) |
| 74 | Rama Dhakal | Khajura RM-03, Banke | MBS |
| 75 | Mahendra Khatri | Khajura RM-03, Banke | MA (English) |
| 76 | Rishiram Sapkota | Khajura RM-03, Banke | MA (Economics), M ED (EMP) |
| 77 | Shishir Sapkota | Khajura RM-05, Banke | MSC Biochemistry |
| 78 | Yam Narayan Mahato | Khajura RM-02, Banke | M.Ed. (EPM) |
| 79 | Ghan Bahadur Thapa | Khajura RM-03, Banke | MA (Sociology) |
| 80 | Prem Prasad Khanal | Khajura RM-02, Banke | M.Ed. (EPM) |
| 81 | Lek Prasad Pyakurel | Khajura RM-03, Banke | MA. M.Ed. |
| 82 | Sabita Jnawali | Khajura RM-03, Banke | M.Ed. (HEP) |
| 83 | Deepak Dhakal | Khajura RM-02, Banke | M.Ed. (Health) |
| 84 | Bal Krishna Khadka | Khajura RM-01, Banke | M.Sc. |
| 85 | Charitra shah | Khajura RM-03, Banke | M.A. M.Ed. L.L.B. |
| 86 | Deepak Auphadya | Khajura RM-03, Banke | M.Sc. |
| 87 | Rajendra bahadur bhandari | Khajura RM-03, Banke | M.Sc. |
| 88 | Hari bahadur mahataea | Khajura RM-03, Banke | M.Ed Eng. |
| 89 | Lal bahadur bhandari | Khajura RM-03, Banke | M.Ed Hp. |
| 90 | Sisir kumar sapkota | Khajura RM-03, Banke | M.Sc |
| 91 | Paras sharma | Khajura RM-03, Banke | MA.Socio. |
| 92 | Top bahadur godar | Khajura RM-03, Banke | MA. Math |
| 93 | Manisa panday | Khajura RM-03, Banke | M.Ed. Edu. |

| | | | |
|---|---|---|---|
| 94 | Rupa kumari hamal | Khajura RM-03, Banke | MA. Eco. |
| 95 | Nabin kumar karmachaarya | Khajura RM-03, Banke | M.Ed nepali |
| 96 | Sita davi sharma | Khajura RM-03, Banke | MA. Rd. |
| 97 | Kopila kandel | Khajura RM-03, Banke | MA. Nep. |
| 98 | Dhani ram oli | Khajura RM-02, Banke | M.Ed. Edu. |
| 99 | Bhim oli | Khajura RM-02, Banke | MA. poltical. |
| 100 | Ratna Khatri | Khajura RM-02, Banke | MA. poltical. |
| 101 | Gauri hamal | Khajura RM-04, Banke | M.Ed. hp.Ed. |
| 102 | Ramkrishna humagai | Khajura RM-03, Banke | M.Ed Eng. |
| 103 | Anju Sapkota | Khajura RM-03, Banke | M.Ed pop. |
| 104 | Sabita sharma | Khajura RM-03, Banke | M.Ed pop |
| 105 | Gunanidhi Gautam | Ratopul , Kathmandu | MBS |
| 106 | Gunanidhi Gautam | Ratopul , Kathmandu | MBS |
| 107 | Kesabe Gautam | Khajura RM-07, Banke | MBS |
| 108 | Rajkumar Sapkota | Khajura RM-03, Banke | MA. |
| 109 | Kadhan Pathak | Khajura RM-03, Banke | M.Ed. Edu. |
| 110 | Mitralal Sapkota | Khajura RM-03, Banke | MA. LLB |
| 111 | Damodar Sapkota | Khajura RM-03, Banke | MBS |

स्रोत : झबिलाल शर्मा, अध्यक्ष, पूर्व विद्यार्थी समाज,
जनता मा.वि., खजुरा